## BRIEF INTRODUCTIONS OF ORGANIZERS

**Association of District Development Committees of Nepal (ADDCN)**
It is a representative institution of all seventy-five (75) DDCs in Nepal. It was founded in 1995 under the National Directives Act, 1961. It is one of the Co Presidents of UCLG ASPAC since 2006. It has been working in two outputs area such as advocacy and lobby of national policy and capacity development of member DDCs to promote local democracy in Nepal.

**National Association of Village Development Committees of Nepal (NAVIN)**
The National Association of Village Development Committees in Nepal (NAVIN) is the umbrella organization of all 3915 village Development committees (VDCs) in Nepal. It was established in 1995 under the national directives act 1961.

**Freedom Forum**
Freedom Forum is an independent, non-governmental and not-for-profit civil society organization working for the cause of democracy, protection and promotion of human rights, press freedom, freedom of expression and right to information in Nepal. Incepted in February, 2005, Freedom Forum was registered with District Administration Office, Kathmandu and got affiliation with Social Welfare Council (SWC)of Nepal. It has emerged as a prominent national organization in promoting democracy through dialogue, research, training and campaign. Likewise, the Forum has substantial working experience and expertise on media policy reform, press freedom monitoring, media research, good governance. The Forum has brought out numerous books, research, journals, newsletters, periodic reports and analytical papers on various themes and produced and aired different radio programme across the country. Freedom Forum had lead role in charting out "Agenda for Change on Freedom of Expression" that includes long-term plans for the strengthening of freedom of expression in Nepal.

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra


Swiss Confederation

Embassy of Switzerland in Nepal
Swiss Agency for Development and Cooperation SDC

**SDC**
The Swiss Agency for Development and Cooperation (SDC) is Switzerland's international cooperation agency within the Federal Department of Foreign Affairs (FDFA). In operating with other federal offices concerned, SDC is responsible for the overall coordination of development activities and cooperation with Eastern Europe, as well as for the humanitarian aid delivered by the Swiss Confederation.

हाम्रो आवाज

# हाम्रो आवाज




## राज्यको पुन:संरचना सम्बन्धमा ओखलढुङ्गा र रामेछापका सीमान्तकृत जनताको सुझाव

# हाम्रो आवाज

## राज्यको पुनर्संरचना सम्बन्धमा ओखलढुङ्गा र रामेछापका सीमान्तकृत जनताको सुझाव


**परियोजना निर्देशक समिति**

हेमराज लामिछाने, संयोजक
तारानाथ दाहाल, सदस्य
परशुराम उपाध्याय, सदस्य
डा. टोपर, सदस्य
एकबहादुर गुरुङ, सदस्य
लक्ष्मण पाण्डे, सदस्य सचिव

**संयोजनक/सम्पादक**

तारानाथ दाहाल

**कार्यकारी सम्पादक**

रामप्रसाद दाहाल

**सहयोगी**

गोकुल अर्याल (भाषा सम्पादन)
सिद्धिविनोद अधिकारी
अनिता शिवाकोटी
दुर्गाप्रसाद दुलाल

जिविस महासंघ | गाविस राष्ट्रिय महासंघ | फ्रिडम फोरम

**सहयोग**

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Confederation

Embassy of Switzerland in Nepal
Swiss Agency for Development
and Cooperation SDC

सर्वाधिकार © फ्रिडम फोरम (स्वतन्त्रता मञ्च) मा सुरक्षित।

**प्रकाशक : फ्रिडम फोरम**

प्रकाशन मिति : २०६७

प्रति : १०००

लेआउट : श्याम महर्जन **'कोर्पा'**

मुद्रण : नेपाल प्रिन्टिङ सपोर्ट, अनामनगर, काठमाडौं
फोन : ४२६५८२१

ISBN : 978-99946-922-8-6

# मन्तव्य

२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको लक्ष्य सबै जातजाति, भाषाभाषी, वर्ग तथा तप्काका जनताको पक्षमा नयाँ संविधान लेख्ने थियो । र, सोही अनुकूल राज्य व्यवस्था सञ्चालन गरी देशमा अमनचयन, शान्ति-सुरक्षाको स्थापना र मानवअधिकार प्रत्याभूत हुनेछ भनी सबै नेपाली जनताले अपेक्षा गरेको विषय हो । यसैका आधारमा नेपालको अन्तरिम संविधान, २०६३ ले विकेन्द्रीकरणको प्रभावकारी कार्यान्वयनबाट मात्र लोकतन्त्रको अभ्यास संस्थागत हुन सक्ने कुरामा प्रतिबद्धता जाहेर गरेको छ । यसका लागि स्थानीय सरकारहरूको संवैधानिक व्यवस्था गरी नेपाली जनताका आधारभूत आवश्यकता स्थानीय तहबाटै उपलब्ध गराउने सिद्धान्तलाई (Principle of Subsidiarity) आत्मसात् गरेको छ ।

यसै पृष्ठभूमिमा संविधानसभामार्फत संविधान निर्माण प्रक्रियामा सहयोग पुर्‍याउन संविधान निर्माण प्रक्रिया, यसको प्रगति, संघीयता, स्थानीय स्वशासन आदिका बारेमा जनतालाई सुसूचित गर्ने; विभिन्न तहगत सरकारहरूको कार्य विभाजन (स्वशासन र सहभागितात्मक शासन प्रक्रिया) बारे स्थानीय जनतालाई जानकारी गराउने; संविधान निर्माण प्रक्रियामा स्थानीय जनताको धारणा संकलन गर्ने; र स्थानीय सवालमा स्थानीय जनताका आवाज सभासद्हरूलाई जानकारी गराउने उद्देश्यका साथ स्विस सरकार विकास सहयोगको सहयोगमा जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल र फ्रिडम फोरमको संयुक्त पहलमा सञ्चालन गरिएको बहस कार्यक्रमको एक महत्वपूर्ण दस्तावेजका रूपमा यो मोनोग्राफ (Monograph) तयार गरिएको छ । यसले रामेछाप र ओखलढुङ्गा जिल्लाका अतिसीमान्तकृत जनताको भावनाको प्रतिनिधित्व गर्ने कोसिस गरेको छ । यी भावनालाई केन्द्रमा राखी संविधानसभालाई नयाँ संविधान निर्माण गर्न सहयोग पुग्नेछ भन्ने विश्वास हामीले लिएका छौँ ।

यस परियोजना सम्पन्न गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने स्विस सरकार विकास सहयोग (एसडिसी) लाई धन्यवाद दिन चाहन्छौं । समुदाय तथा निर्वाचन क्षेत्रस्तरको बहस कार्यक्रमलाई सफल पार्न सहयोग पुर्‍याउने सम्बन्धित गाउँ विकास समितिहरू र जिल्ला विकास समिति रामेछाप तथा ओखलढुङ्गाप्रति आभार व्यक्त गर्दछौं । बहस कार्यक्रममा सक्रिय सहभागी भई आफ्नो अमूल्य समय र सुझाव उपलब्ध गराउने समुदायका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, पूर्व निर्वाचित स्थानीय निकायका

प्रतिनिधिहरू, नागरिक समाज सबैलाई धन्यवाद दिन चाहन्छौं । साथै, राष्ट्रिय बहस कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुने संविधानसभा जनमत संकलन समितिका सभापति माननीय प्रमोद गुप्तालाई विशेष धन्यवाद दिन चाहन्छौं । यसगरी कार्यक्रममा सहभागी भई जनताका आवाज सुन्नुहुने संविधानसभाका माननीय सदस्यहरू, राजनीतिक दलका केन्द्रीय प्रतिनिधिहरू तथा नागरिक समाजका प्रतिनिधिहरूप्रति विशेष आभार व्यक्त गर्दछौं । यसैगरी बहस कार्यक्रमलाई रेडियो तथा पत्रपत्रिकामार्फत प्रचारप्रसार गरी जनतालाई सुसूचित गर्नुहुने पत्रकार मित्रहरूप्रति कृतज्ञता व्यक्त गर्दछौं । यस कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने जिल्लास्तरीय संयोजक तथा सहजकर्ता साथीहरूको योगदानको उच्च मूल्याङ्कन गर्दछौं । यसैगरी यस कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने जिल्ला विकास समिति महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैसी, सदस्य भरतबहादुर खड्का र कार्यकारी निर्देशक हेमराज लामिछाने, यस्तै गाविस राष्ट्रिय महासंघका कार्यकारी निर्देशक परशुराम उपाध्याय, कार्यक्रम संयोजक लक्ष्मण पाण्डे र केन्द्रीय सदस्य बाबुकाजी कार्की तथा फ्रिडम फोरमका कार्यक्रम संयोजक कृष्ण सापकोटा, सञ्चार अधिकृत शिरोमणि ढुङ्गाना तथा प्रशासकीय अधिकृत अनिरुद्र न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

यस बहस कार्यक्रमलाई सफल पार्न आ-आफ्नो ठाउँबाट प्रत्यक्ष भूमिका निर्वाह गर्नुहुने तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबै संघसंस्था, पदाधिकारी तथा कर्मचारी साथीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं । अन्तमा यस मनोग्राफका लागि अभिमत संकलन, लेखन, सम्पादन र प्रकाशनमा संलग्न मित्रहरूको अथक मेहनेत र जाँगरप्रति हार्दिक धन्यवाद । विश्वास छ, यहाँ समेटिएका जनताका आवाजले मुलुकको संविधान निर्माण र राज्य पुनर्संरचनाका लागि सार्थक सहयोग पुग्नेछ ।

| **तारानाथ दाहाल** | **ऋषिराज लुम्साली** | **महिन लिम्बू** |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| फ्रिडम फोरम | जिविस महासंघ नेपाल | गाविस राष्ट्रिय महासंघ |

# परिचय, उद्देश्य र सारसंक्षेप

संक्रमणमा रहेको नेपालमा संघीय गणतन्त्रतात्मक संविधान निर्माणको महान कार्य भइरहेको छ। अब बन्ने संविधानले नेपाली जनताको अपेक्षा समेट्नुपर्दछ। यो त्यतिबेला सम्भव हुनेछ, जतिबेला विभिन्न पक्षबाट आ-आफ्नो क्षमता र सामर्थ्यअनुसारको पहल हुनेछ ।

नेपाललाई गाउँ नै गाउँले भरिएको देश भनिन्छ, जनसंख्याको ठूलो हिस्सा गाउँमै बसोबास गर्दछन् । देशको सामाजिक, भाषिक, जातीय तथा भौगोलिक विविधतालाई सम्बोधन गर्न र सहज अनि सुलभ रूपमा नजिकै सेवा प्राप्त गर्ने जनताको अधिकारको सुनिश्चितताका लागि देश संघीयतामा प्रवेश गरेको छ। जनताको वास्तविक चाहना समेट्न नसकिए संघीयता घातक र दुर्भाग्यपूर्ण हुने देखिन्छ। तसर्थ, देशका कुनाकाप्चामा रहेका जनताका भावना, आवश्यकता र चाहना प्रतिविम्बित हुने संविधान निर्माण गर्नु अहिलेको अहम् दायित्व हो ।

संविधान निर्माण कार्यसँगै राज्य पुनर्संरचनाको काम पनि हुँदैछ। त्यसमा माथिल्लो तह अर्थात् केन्द्रमा विभिन्न पार्टीहरूले आ-आफ्नो धारणा बनाउँदैछन्, संविधानसभाको राज्य पुनर्संरचना समितिले आफ्नो कार्यको अन्तिम टुंगो लगाएको छ ।

यसै सन्दर्भमा स्विस विकास नियोग (एसडिसी)को सहयोगमा जिविस महासंघ, गाविस राष्ट्रिय महासंघ नेपाल र फ्रिडम फोरमले संयुक्त रूपमा राज्यको पुनर्संरचना कस्तो हुनुपर्ला ? जनताले अधिकार, सेवा-सुविधा सहज रूपमा राज्यको कुन निकायबाट प्राप्त गर्न सक्छन् ? जस्ता सान्दर्भिक विषयमा **ओखलढुङ्गा र रामेछापका १०-१० गाविस एवं दुई/दुईवटा निर्वाचन क्षेत्रमा कार्यमूलक बहस सञ्चालन** गरेका थिए। बसहका लागि समुदायहरूको छनोट (क) अत्यन्त सीमान्तकृत, (ख) सम्बन्धित क्षेत्रमा अल्पसंख्यकका रूपमा रहेका जनजाति र, (ग) बहुसंख्याका जनजाति तथा मिश्रित- आधारमा गरिएको थियो ।

मिश्रित समुदायदेखि राई, गुरुङ, हायु, थामी, कुमाल, माझी, नेवार, भुजेल, तामाङ, शेर्पा र दलित समुदायको बाहुल्य रहेको जनसंख्यालाई लक्षित गरेर २०६६ मंसिर ५ देखि २६ गतेसम्म सञ्चालन गरिएको गाउँस्तरीय **संविधानसभा स्थानीय बहस** कार्यक्रममा लगभग एक हजार तीन सयजना स्थानीय नागरिक सहभागी भएका थिए। चारवटा निर्वाचन क्षेत्रस्तरीय कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि,

सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय पत्रकार, व्यापारी, समाजसेवी, पूर्व स्थानीय जनप्रतिनिधि र स्थानीय गैर-सरकारी संस्थाका प्रतिनिधिको सहभागिता रह्यो । ती बहसबाट आएका सुझावका आधारमा काठमाडौंमा राष्ट्रिय परामर्श कार्यशाला पनि गरियो ।

गाउँस्तरको बहसका क्रममा स्थानीय समुदाय तथा स्थानीय जनप्रतिनिधि एवं नागरिक समाजसमक्ष संविधान निर्माणबारे भइरहेको प्रगति तथा निर्माण प्रक्रिया सम्बन्धमा जानकारी दिइएको थियो । यसैगरी राज्यको पुनर्संरचना हुँदै गरेको र त्यसबारे विभिन्न प्रस्तावहरू छलफलमा रहेको (खासगरी संघीयताका सम्बन्धमा) जानकारी प्रदान गरिएको थियो । यस्तै, अधिकार र सेवाको सहज खोजी जनताको आकांक्षा हो भन्ने सम्झाउँदै जनताले आफ्नो घर-आँगनमा सरकारको उपस्थिति कसरी अनुभूत गर्न सक्छन् भन्ने धारणाबारे प्रकाश पारिएको थियो । सहजीकरणमार्फत स्थानीय समुदायको राय संकलन गरिएको थियो भने व्यापक अन्तर्क्रियात्मक शैलीमा क्षेत्रीय गोष्ठीहरू सम्पन्न गरियो ।

स्थानीय तहमा भएको बहस तथा परामर्शबाट प्राप्त सुझावहरू स्थानीय जनताकै आवाजमा समेत अभिलेखबद्ध गरेर यो मनोग्राफ (प्रकाशन) तयार गरिएको हो ।

बसहबाट निस्केका प्रतिनिधिमूलक आवाज तथा स्थानीय परामर्शबाट प्राप्त केही मुख्य सुझावलाई समेटेर रेडियो कार्यक्रम सुशासन सञ्चालन भइसकेको छ ।

स्थानीय जनतासँग निरन्तर पहुँच स्थापित गर्दै आएका जिविस महासंघ, गाविस राष्ट्रिय महासंघ र फ्रिडम फोरमले संयुक्त रूपमा चलाएको बहस (परियोजना) को उद्देश्य संविधान निर्माणमा सहयोग पुर्‍याउनु, संविधान निर्माण प्रक्रिया, यसको प्रगति, संघीयता, स्थानीय स्वशासन आदिका बारेमा जनतालाई सुसूचित गराउनु, विभिन्न तहगत सरकारहरूको कार्य विभाजन (स्वशासन र सहभागितात्मक शासन प्रक्रिया) बारे स्थानीय जनतालाई जानकारी गराउनु, संविधान निर्माण प्रक्रियामा स्थानीय जनताको धारणा बुझ्नु र स्थानीय सवालमा स्थानीय जनताको आवाज संविधानसभासम्म पुर्‍याउनु हो ।

ती उद्देश्य प्राप्तिका लागि चलाइएका बहस शृंखलाको ध्येय चाहिँ समुदाय तथा निर्वाचन क्षेत्रस्तरीय बहस कार्यक्रमबाट प्राप्त सुझावहरूको प्रस्तुति, सहभागीबाट थप सुझाव संकलन, निष्कर्षको सार संविधानसभाको जनमत संकलन तथा समन्वय समिति र संवैधानिक समितिमा पेस गर्नु हो ।

संविधान निर्माण प्रक्रिया, सुशासन तथा नेतृत्व, राज्य पुनर्संरचना र प्रान्तीय ढाँचा, सामाजिक एकता तथा समावेशीकरण, स्थानीय स्वायत्त शासन र सेवा प्रवाह, प्राकृतिक स्रोतको बाँडफाँड र सामाजिक न्याय तथा विकासमा केन्द्रित रही गरिएको छलफलबाट ती बुँदामा जनताको महत्वपूर्ण सुझाव प्राप्त भएका छन् । जुन संविधानसभाका लागि निकै उपयोगी हुने विश्वास लिइएको छ ।

**निष्कर्षमा प्राप्त सार-संक्षेप**

स्थानीयदेखि केन्द्रसम्म भएका छलफलबाट प्राप्त महत्वपूर्ण सुझावका क्रममा आएका निष्कर्षको सारसंक्षेप यसप्रकार छ :

**संविधान निर्माण प्रक्रिया**

- संविधानबारेको जानकारीका विषयमा मिश्रित स्वरहरू रहेका ( थाहा छैन, छ)
- संविधान केका लागि ? स्थायी शान्ति र दिगो विकासका लागि नयाँ संविधान, संविधानले केही नयाँ दिन्छ र न्याय दिन्छ भन्ने चेतना जनतामा प्रवाह भएको,
- संविधान कस्तो हुनुपर्छ ? सबैका भावना समेटेको, लोकतान्त्रिक न्याय गर्ने, भेदभाव नगर्ने,
- कसरी हेरेका छन् संविधानसभालाई ? काम गराइ ढिला भयो, दलहरूले सरकार निर्माण र विघटनलाई आफ्नो प्राथमिकतामा राखे,
- समयमै संविधान बन्नुपर्छ भन्ने भन्नेमा आमभावना प्रकट भएको,
- संविधान राम्रो भएर मात्र हुँदैन यसको कार्यान्वयन राम्रो हुनुपर्छ भन्ने भावना,
- संविधानको प्रभावकारी कार्यान्वयनका लागि कुशल, इमानदार र प्रतिबद्ध नेतृत्व चाहिन्छ ।

**नेतृत्व तथा सुशासन**

- व्यवहारमा नै जीवनस्तरमा उन्नति भएको देख्न चाहेका, संविधान यस प्रक्रियामा सहायक होस् भन्ने चाहना
- सीमान्तकृत समुदायले राज्यबाट प्राप्त हुने सेवा, विकास जस्तै, शिक्षा, रोजगारी, सिँचाइ,

**समुदाय तथा निर्वाचन क्षेत्रस्तरको सहभागिताको अवस्था**

| क्र. सं. | नामावली | जनजाति | दलित | अन्य (ब्राह्मण, क्षेत्री, नेवार आदि) | जम्मा सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | रामेछापको समुदाय | ४०६ | २८ | २०७ | ६४१ |
| २ | ओखलढुङ्गाको समुदाय | ३९३ | ४९ | १३४ | ५७६ |
| | जम्मा | ७९९ | ७७ | ३४१ | १२१७ |
| ३. | रामेछापको निर्वाचन क्षेत्र | ४२ | ७ | ८८ | १३७ |
| ४. | ओखलढुङ्गाको निर्वाचन क्षेत्र | ३३ | ४ | ७८ | ११५ |
| | जम्मा | ७५ | ११ | १६६ | २५२ |
| | कुल जम्मा | ८७४ | ८२ | ५१३ | १४६९ |

ग्राफ– १


खानेपानी, बिजुली, सडक आपूर्ति होस् भन्ने चाहेका

- स्थानीय तहमा नेतृत्व (जनप्रतिनिधिहरू)को खोजी, त्याग गर्ने नेतृत्वको खोजी
- शान्ति-सुरक्षा, अमनचयन कायम होस् भन्ने चाहना (असुरक्षा महसुस)
- अड्डा अदालतमा काम छिटो हुने र घुस नखाने वातावरणको चाहना
- नयाँ संरचनामा जनतालाई बोझ हुने गरी व्यापक कर उठाउन सक्ने डर व्यक्त, केन्द्रीय कर नीतिको सुझाव प्राप्त
- गाउँमा आएको विकासको पैसा हिनामिना भइरहेकोमा ध्यानाकर्षण, संक्रमणकाललाई अलपत्र पारेर नयाँ संरचनाको चाहनाले जनतालाई केही हुन्न भन्ने भावना व्यक्त ।

**राज्य पुनर्संरचना र प्रान्तीय ढाँचाः**

- *संघीयताका पक्षमा  अधिक स्वरहरू :* संघीय ढाँचामा राज्यको पुनर्संरचनाको समर्थनमा अधिकांश स्वर रहेका छन् । राज्यको पुनर्संरचना भनेकै प्रान्तहरूको गठन हो भन्ने बुझाइ जबरजस्त रहेको छ
- सेवामुखी संरचनाको जबरजस्त माग अधिकांश सहभागीले राज्यको पुनर्संरचना गर्दा छिटो, छरितो, घरदैलोमा राज्यबाट सेवा र सुविधा पाउने गरी गर्नुपर्ने धारणा राखे
- लोकतान्त्रिक संरचना अनिवार्य सर्त : लोकतान्त्रिक वातावरण तथा शान्ति-सुरक्षाको प्रबन्ध राज्यबाट हुनुपर्ने, मानवअधिकारको प्रत्याभूति
- बलियो राज्यका पक्षमा : राज्यको कुनै पनि निकाय बनाउँदा राष्ट्रिय अखण्डता र स्वाभिमानमा आँच पुग्न नहुने, राष्ट्रिय एकता बलियो हुने, सबैमा अपनत्वबोध हुने गरी संरचना हुनुपर्ने

**जिल्लास्तरीय सहभागिताको स्थिति**





ग्राफ– २

- *जातीय राज्य नामाकरण विवादित :* प्रान्त निर्माण र नामाकरण विवादमुक्त होस्, जातीय, भाषिक आधारमा भन्दा भूगोल (हिमाल, पहाड र तराईलाई समेट्ने) का आधारमा प्रान्तीय ढाँचा निर्माण गरियोस् भन्ने चाहना व्यक्त भएको छ
- सबै जातजाति, धर्म समुदायका नागरिकको पहिचान र प्रतिनिधित्वमा ठेस नपुग्ने र सबैको सम्मान हुने खालको नामाकरण गर्दा फरक पर्दैन भन्ने साझा मत प्राप्त भएका
- प्रान्तलाई जातीय नामाकरण गर्दा आफ्नो अस्तित्व गुम्छ भन्ने डरभाव अन्य जातिका समुदायमा र जातीय राज्य नहुँदा देशमा भएको परिवर्तनले फेरि पनि त्यस समुदायका लागि ठोस केही दिने छैन भन्ने शंकाभाव जातीय राज्यका पक्षधरहरूमा रहेको ।

**राज्य पुनर्संरचना र प्रान्तीय ढाँचा :**

- स्थानीय संरचनाको मोडल प्राप्त : राष्ट्रिय बहसमा चर्चामा नरहेको (जस्तै, सुनुवारी) राज्यको  माग
- रामेछापका कुमालले भने आफ्नो जातीय पहिचान परिवर्तन गर्न चाहेको संकेत गरेका प्रधान (नेवार) पहिचान दिन चाहन्छन्, उनीहरूबाट जातीयताका आधारमा कुनै पनि संरचना बन्न नहुनेमा जोड
- हायु, थामी, माझीजस्ता अति सीमान्तकृत जातिले जातीय राज्यभित्र आफ्नो स्वायत्तता कहाँ हुने हो भन्ने त्रास लिएका
- ओखलढुंगाका तामाङ, गुरुङ, मगर, भुजेलजस्ता आदिवासी जनजाति समुदायले नै जातीय पहिचानमुखी राज्यको विरोधमा स्वर निकालेका
- रामेछापका मगर, शेर्पा र माझीले राज्यको जातीय नामाकरणको विरोध गरेका र संघको

**समुदाय तथा निर्वाचन क्षेत्रस्तरको सहभागिताको स्थिति**




ग्राफ– ३

निर्माण भौगोलिक आधारमा हिमाल, पहाड र तराईलाई जोडेर हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

- धेरैले रामेछाप जिल्लाको वर्तमान संरचना भने अत्यन्त अव्यावहारिक रहेकाले सो फेर्नुपर्ने माग राखेका, प्रान्तको संख्याबारे पाँचदेखि नौसम्म हुनुपर्ने धेरै मत आएको
- प्रान्त बनाउँदा कायम गरिने सीमाबारे स्थानीय जनताको राय लिएर मात्र गरियोस् भन्ने माग धेरैको पाइयो ।


**सामाजिक एकता तथा समावेशीकरण**

- जातीय कलह हुने, एकअर्काको पहिचान र आत्मसम्मानमा ठेस पुग्ने सिद्धान्त, संरचना नहोस् भन्ने सबैको साझा चिन्ता र मत
- केन्द्रदेखि समुदायसम्मका सबै निकाय समावेशी होऊन्, महिलाको प्रतिनिधित्व बढाइयोस्, सबैखाले धर्म, संस्कृति र भाषाको सम्मान होस्, त्यसका लागि स्थानीय सरकारलाई धर्म, संस्कृति र भाषासम्बन्धी निर्णय गर्ने, बिदा दिनेजस्ता अधिकार होस् भन्ने धारणा पाइयो
- दलित समुदायले छुवाछूत अन्त्य र विशेष सहुलियतको प्रबन्धनको आशा, दलित समुदायबाट राजनीतिमा जातीय अग्राधिकार नभई समानुपातिक प्रतिनिधित्वको माग
- जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रीय भेदभाव नरहने गरी राज्य पुनर्संरचना हुनुपर्ने, सामाजिक न्याय र समानता सबै समुदायमा प्रत्याभूति हुनुपर्ने
- जन्मका आधारमा कुनै पनि व्यक्ति, जाति वा समुदायलाई विशेषाधिकार हुन नहुने, खास व्यक्ति, जात र समुदायलाई विशेषाधिकार हुँदा सामन्तवाद कायम हुने धारणा प्राप्त
- राज्यका निकायले सुविधा र प्रतिनिधित्वमा विशेष सहायता दिँदा वर्गीय आधारलाई प्रमुखता दिनुपर्ने धारणा ।

**स्थानीय स्वायत्त शासन र सेवा प्रवाह**

- स्वरूप : धेरैजसो अभिमतद्वारा तीनदेखि पाँच गाविस मिलाएर पायक पर्ने नयाँ सदरमुकाम

**रामेछाप जिल्लामा सहभागिताको स्थिति**





ग्राफ– ४

क्षेत्र कायम गरी नयाँ गाउँपालिका खडा गर्नुपर्ने, गाउँपालिकालाई अहिले जिविसले प्रयोग गरेजति सबै अधिकार दिनुपर्ने मत आएको

- सबैले स्थानीय सरकार अधिकारसम्पन्न हुनुपर्छ भन्ने मत राखेका
- समन्वयकारी भूमिकाका लागि जिल्ला तहको संरचना कायमै रहनुपर्ने सुझाव पनि प्राप्त भएको
- सिर्जना : स्थानीय स्वायत्त सरकार बनाउने विषयलाई कुनै पनि हालतमा प्रान्तीय मामिलामा छोड्न नहुने माग अधिकांश पूर्वजनप्रतिनिधिको रहेको
- स्थानीय निकायको स्वायत्ततासहित अधिकार र कार्यजिम्मेवारी संविधानमै किटान हुनुपर्ने विषयमा सर्वसम्मत स्वर रहेका छन्
- वडाभन्दा तल सुमदाय तहको संरचना पनि आवश्यक हुने राय केही ठाउँबाट प्राप्त
- स्थानीय स्वरूप प्रस्ताव : वर्तमान ओखलढुंगामा १३ वटा स्थानीय सरकार र रामेछापमा ७ स्थानीय सरकारका प्रस्तावहरू, राज्य पुनर्संरचनाको सम्बन्धमा जिल्ला र गाउँ तहमा सर्वपक्षीय सम्मेलनको अभियान आवश्यक भएको र सोही सम्मेलनबाट स्थानीय सरकारको ढाँचा विकास गर्ने अभियान पनि सँगसँगै चलाउनुपर्ने धारणा आएको
- अधिकारक्षेत्र : स्थानीय सरकारमा पनि व्यवस्थापिका र कार्यपालिकाको फरक-फरक संरचना हुनुपर्ने आमधारणा पाइयो भने न्यायिक उपचारका लागि स्वतन्त्र न्यायालय नै रहनुपर्ने धारणा पाइयो
- सेवा : नागरिकता लिन, राहदानी बनाउन, घरजग्गा राजिष्ट्रेसन पास गर्न, मालपोत तिर्न, सामाजिक सुरक्षाभत्ता, तलब, पेन्सनको रकम बैंकमा राख्न वा झिक्न गाउँमै पाए हुन्थ्यो, जिल्लामा तीन-चार दिन बिताउन नपरे हुन्थ्यो, यस्ता अधिकार गाविस वा सकेसम्म वडामै पाइयोस् भन्ने चाहना र चेतना व्यक्त भएको छ
- विषयगत कार्य : आमरूपमा प्रशासनिक सेवा सरल-सहज र नजिक हुनुपर्ने, हाल जिल्लाले गरेको जति शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ, सञ्चार, कृषि तथा पशु विकास, पूर्वाधार विकास, वन, खानी खनिज, सामाजिक सेवाका लागि साधन जुटाउने र परिचालन गर्ने

**ओखलढुङ्गा जिल्लामा सहभागिताको स्थिति**




ग्राफ– ५

हक गाउँ सरकारबाटै सम्पादन भएमा सहज र पहुँचयोग्य हुने

- साथै स्रोतमाथि थप अधिकार हुने हो र स्थानीय विकास व्यवस्थापनका लागि नीति एवम् कार्यक्रम बनाउने र परिचालन गर्ने अधिकार भएको भए आफ्नो ठाउँको विकास गर्न सकिन्थ्यो भन्ने अनुमान गर्नुहुन्थ्यो
- समुदायका केही सचेत मानिसलाई आफ्नो भाषामा बालबालिकालाई प्राथमिक शिक्षा दिन र उच्च शिक्षासम्म निःशुल्क र रोजगारीमा विषेश सहुलियतको अपेक्षा ,

**प्राकृतिक स्रोतको बाँडफाँड**

- आफूले बुझाएको करले वा भनौं वनबाट, खोलाबाट, जलजमिनबाट आएको पैसाले आफ्नै धारा बनाउन पाए, बाटो बनाउन पाए, विद्युत् बनाउन पाए धेरै खुसी हुने विचार व्यक्त
- अधिकांश सामुदायिक छलफलमा खानेपानीका मूल, खोला, ढुंगा, खानी र बालुवा, वनजंगल र खर्कजस्ता स्थानीय स्रोतको परिचालन, उपभोग त्यहीँका स्थानीय जनताले गर्न पाउने, लाभको हिस्सा पाउने र बढी भएको वा बाँकी भएका हकमा अन्यलाई पनि बाँड्न सकिने व्यवस्था गर्ने पद्धतिमा सबैको जोड । तर, स्रोतको स्वामित्वमा नै केही निश्चित समुदायको नियन्त्रणको हक भने हुन नहुने सुझाव प्राप्त
- जमिनको स्वामित्व हेरफेर गर्दा आफ्नै समुदायभित्र मात्र किनबेचको सीमा तोकेमा राम्रो हुने धारणा हायु समुदायबाट व्यक्त भएको
- त्यस्ता साधनमाथि समुदाय र स्थानीय सरकारको मात्र हक कायम नभई सहयोगात्मक उपयोग नीति हुनुपर्ने धारणा धेरैजसो पूर्वजनप्रतिनिधिहरूबाट आएको
- प्राकृतिक स्रोत सदुपयोगमा स्थानीय जनतालाई नै जिम्मेवार बनाउने प्रणालीको वकालत
- विकास गतिविधिलाई असर पर्ने गरी प्राकृतिक स्रोत विवाद उठेमा त्यसको निरूपण केन्द्र सरकारले गर्ने व्यवस्था हुनुपर्ने माग
- प्राकृतिक स्रोत-साधनमाथिको भागबन्डा एउटा जटिल मुद्दा बन्ने सम्भावना छलफलमा आएका विचारबाट अनुमान गर्न सकिने ।

**सामाजिक न्याय र विकास**


- छुवाछूत अवस्था अझै विद्यमान छ, यसको अन्त्य होस्
- परम्परादेखि नै विनाकुनै भेदभाव, सामाजिक सद्भावका साथ बसेको समाजमा भोलि कुनै जातजाति, धर्म, वर्ण, लिङ्गका आधारमा भेदभाव हुने कारण नपरोस् । कुनै पनि खालका भेदभाव नरहुन्, सिर्जना नहोऊन्
- महिलालाई ३३ प्रतिशत होइन कि ५० प्रतिशत आरक्षण व्यवस्था होस्
- पछि परेका जनजाति, जातजाति, वर्ग, क्षेत्र र लिंगका समुदायलाई निश्चित अवधिसम्मका लागि समानुपातिक आधारमा राज्यको स्थायी प्रशासनलगायतका सरकारी सेवामा र राजनीतिक हिसाबले निर्णय गर्ने तहमा समानुपातिक प्रतिनिधित्व निश्चित होस् ।

# विषय सूची


| पृष्ठ | विषय |
|---|---|
| १ | नयाँ संविधान र राज्य पुनर्संरचनासम्बन्धी स्थानीय आवाजहरू जिल्ला : रामेछाप |
| २ | जिल्लाको परिचय |
| ३ | बिजुलीकोट |
| १३ | साँघुटार |
| २४ | रस्नालु |
| ३३ | सुकाजोर |
| ४० | प्रिती |
| ४७ | क्षेत्रीय कार्यक्रम : रामेछाप बजार |
| ७८ | दोरम्बा |
| ८७ | भलुवाजोर |
| ९४ | डडुवा |
| १०१ | फुलासी |
| १०९ | खनियाँपानी |
| ११७ | क्षेत्रीय कार्यक्रम : रामेछाप |
| १४३ | नयाँ संविधान र राज्य पुनर्संरचनासम्बन्धी स्थानीय आवाजहरू जिल्ला : ओखलढुङ्गा |
| १४४ | जिल्लाको परिचय |
| १४५ | बिगुटार |
| १५१ | ठूलाछाप |
| १५६ | अँधेरी नारायणस्थान |
| १६५ | प्राप्चा |
| १७० | रुम्जाटार |

१७७ ओखलढुंगा: क्षेत्रीय छलफल
१८९ बलखु
१९६ मोली
२०४ टोक्सेल
२१० उँबु
२१५ सिस्नेरी
२२१ क्षेत्रीय छलफल : ओखलढुंगाको मानेभन्ज्याङ
२४१ जनताका सुझाव संविधानसभालाई

# नयाँ संविधान र
# राज्य पुनर्संरचनासम्बन्धी स्थानीय आवाजहरू
# जिल्ला : रामेछाप




# रामेछाप : बहस

# जिल्लाको परिचय

रामेछाप जिल्लामा दुई निर्वाचन क्षेत्र र ५५ बटा गा.वि.स रहेका छन् । यहाँको कुल जनसंख्या २१००५५ रहेको छ ।  जसमा निर्वाचन क्षेत्र नं. १ मा १०४१८२ र क्षेत्र नं.२ १०५७८३ रहेको छ । यो जिल्ला तथा निर्वाचन क्षेत्रअन्तर्गत जातिगत जनसांख्यिक विवरण निम्नानुसार रहेको छ :

| जातिगत जनसंख्या | रामेछाप जिल्ला | | |
|---|---|---|---|
| | निर्वाचन क्षे.नं.१ | निर्वाचन क्षे.नं.२ | जम्मा |
| क्षेत्री | २३५८५ | २३३२७ | ५५९१२ |
| तामाङ | १५६५० | २६२७६ | ४१९२६ |
| दलित | ९१७१ | ८०२३ | १७१९४ |
| नेवार | १२९९३ | १६८११ | २९८०४ |
| मगर | १०४९२ | १२६६८ | २३१६० |
| बाहुन | ४६७४ | ७२२८ | ११९०२ |
| सुनुवार | ८७४१ | १०८ | ८८४९ |
| माझी | ६४९ | ४८६१ | ५५१० |
| शेर्पा | ४२९७ | ४४४ | ४७४१ |
| घर्ती भुजेल | १८८१ | १०५८ | २९३९ |
| सन्यासी | ३४८ | १३६४ | १७१२ |
| थामी | ५३ | १४५४ | १५०७ |
| पहरी | २१ | ८७९ | ९०० |
| हायु | ६५५ | १७ | ६८२ |
| राई | | | |
| गुरुङ | | | |
| अन्य | १९६२ | १३५५ | ३३१७ |
| **जम्मा** | १०४१८२ | १०५७८३ | २१००५५ |

*स्रोत : राष्ट्रिय जनगणना २०५१, केन्द्रीय तथ्यांक विभाग*

*स्रोत : राष्ट्रिय जनगणना २०५१, केन्द्रीय तथ्यांक विभाग*





# बिजुलीकोट

*रामेछापको बिजुलीकोट गाविस वडा नम्बर- ५ रातामाटामा २०६६ मंसिर १४ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरियो । छलफलमा ५० जना स्थानीय जनता सहभागी थिए ।*

*टारकेराबारी, एसम, पोकली गाविससँग सीमा जोडिएको यो गाविसमा रामेछापकै गोठगाउँ, सैपु गाविससँग पनि सीमा जोडिएको छ । सदरमुकाम मन्थलीदेखि रातमाटा पुग्न झन्डै एक दिन लाग्छ ।*

*ओखलढुङ्गा र रामेछाप जिल्लालाई छुट्टाउने लिखु खोलाको किनारमा झन्डै सय घरधुरी मगर बस्ती छ । यो गाउँमा अहिलेसम्म पनि बिजुली पुगेको छैन । चिराइतो, जटामसी, कुरिलो यहाँ पाइने जडीबुटी हुन् । गाविसको क्षेत्रफल ३२३०.२१ हेक्टर छ ।*

*मगर समुदायमा धेरै चाडपर्व परे पनि उनीहरू हरेक चाडपर्वलाई निकै खर्चिलो र रमाइलो गरेर मनाउँछन् । बौद्धधर्म मान्ने यो जातिको मुख्य चाड भनेको माघे संक्रान्ति हो । यसबाहेक उनीहरू दशैं, तिहारजस्ता चाडपर्व मनाउँछन् ।*

*खेती किसानी नै मगर जातिको मुख्य पेसा हो । पहिले-पहिले बाहुन, क्षेत्रीलाई ब्रिटिस आर्मीमा भर्ना नलिँदा धेरैजसो मगर युवा नै ब्रिटिस आर्मीमा जागिर खान जान्थे ।*

*यस समुदायका केही विशिष्ट सामाजिक परम्परा उल्लेख्य छन् । यहाँ बसोबास गर्ने*

*मगर जातिमा विवाह गर्नका लागि मामाको छोरालाई फुपूकी छोरी हक लाग्छ । मामाको छोराले अर्को केटी विवाह गरेमा फुपूलाई कोसेलीसहित क्षमा माग्न जानुपर्छ ।*

*मगर जातिका पुरुष कछाड, इष्टकोट लगाउँछन् भने महिला फरिया चोली लगाउँछन् ।*

*यो जातिमा कन्या केटी मरेमा उसलाई देवी, कुमार केटा मरेमा सिद्ध र विवाह गरेका मानिस मरेमा वायु हुन्छ भन्ने पुरानो विश्वास छ ।*

*यो समुदायले पितृको नाममा चुलोमा देउता थापना गरेर कुखुराको भोग दिन्छन् । रक्सीलाई सगुनको रूपमा लिँदै पाहुनाको सत्कार पनि रक्सी दिएर नै गर्ने चलन छ । जुन बार बच्चा जन्मियो त्यही बारअनुसार नाम राख्ने चलन भने अहिले विस्तारै हराउँदै गएको छ ।*

**कार्यक्रम सुरु गर्दै रमेश हायु** : हामी स्थानीय स्तरमा संघीयताबारेमा गरिने छलफललाई अगाडि बढाउन लागिरहेका छौं । यो कार्यक्रम चलाउनका लागि यहाँ हामी विभिन्न संघ-संस्थाबाट आएका छौं । त्यसैले सबैभन्दा पहिले हामी परिचयबाट नै कार्यक्रम सुरु गरौं ।

**सहजकर्ता शान्ति लामा** : हामी कार्यक्रम अगाडि बढाउन सक्छौं ?

**सामूहिक स्वर** : सकिन्छ ।

**सहजीकरण गर्दै** : ल ठीकै छ । यहाँहरूलाई संघीयता, संविधानबारेमा सिकाउनुभन्दा पनि यहाँहरूका कुरा सुन्नका लागि हामी यहाँ आएका हौं । हुन त साथीहरूले अघि नै भनिसक्नुभो तपाईंहरूले बोल्नुभएको कुरा हामी रेकर्ड गर्नेछौं । बिजुलीकोटका मगर जातिको कुरा यो छ है भनेर क्षेत्रीय स्तरमा तपाईंहरूका कुरा तपाईंहरूकै आवाजमा सुनाउनेछौं । त्यसपछि हामी केन्द्रमा गर्दछौं र त्यहाँ सभासद्, राजनीतिक नेताहरूलाई राखेर तपाईंहरूका आवाज सुनाउनेछौं । तपाईंहरूले आज भन्नुभएका कुरालाई सकेसम्म संविधानमा लेखाउने प्रयास पनि गर्नेछौं । त्यसैले तपाईंहरूको मनमा भएका सबै कुरा निर्धक्क भएर भन्नुहुनेछ भन्ने आशा गर्दै म आजको यो कार्यक्रम सुरु गर्न लागिरहेको छु । हामीले रेडियो, टिभीमा संविधानका बारेमा धेरै कुरा सुनेका छौं । के हो संविधान भनेको ?

**फत्तबहादुर थापा** : संविधान भनेको देशको मूल कानुन हो । संविाधान बनेपछि नियम विनियम बन्छन् । राष्ट्र चलाउनका लागि तीन चिज हुन्छन् : न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका । मूल कानुन बनेपछि कार्यान्वयन गर्न सजिलो हुन्छ । यो संविधानलाई व्यवहारमा उतार्ने काम कार्यपालिकाले गर्छ । यसरी संविधान कार्यान्वयन हुन्छ ।

**ठूलो चेतबहादुर** : संविधान भनेको केही पनि थाहा छैन ।

**सहजीकरण गर्दै** : भोट माग्न नेताहरू आएका थिएनन् ?

**चेतबहादुर** : आएका थिए नि ।

**सहजीकरण गर्दै** : त्यो बेला सिकाएनन् ?



रामेछाप/बिजुलीकोटः छलफल

**चेतबहादुर** : आए, भोट मागे गए । केही पनि सिकाएनन् ।

**सहजीकरण गर्दै** : ल ठीकै छ, यसका बारेमा अरूले चाहिँ के बुझ्नुभएको छ ?

**दिलबहादुर पुलामीमगर** : संविधान भनेको कानुन हो । नेताहरू आउँछन्, भोट मागेर जान्छन् । हामी पिछडिएका जाति भएकाले हाम्रा लागि पनि विशेष कानुन बनोस्, यति नै हो ।

**अमरबहादुर पुलामीमगर** : संविधान भनेको देशमा शान्ति-सुरक्षा कायम गर्ने चिज हो जस्तो लाग्छ । मगर जातिले पढेका छैनन्, जानेका छैनन् त्यसैले हामीलाई आरक्षण चाहियो ।

**खड्ग पुलामी** : संविधान देशको मूल कानुन हो । त्यो पनि देशका जनतालाई बाँध्नका लागि जेलजस्तै हो । हाम्रो मगर जाति पछि परेको छ । यो ठाउँ विकासका दृष्टिले निकै पछि परेको छ । यो कुरा पनि संविधानमा परोस् । तल लिखु बगेको छ । हामी अँध्यारोमा बस्नुपरेको छ । यसमा विशेष ध्यान जाओस् ।

**सहजीकरण गर्दै** : ठीकै छ । हामी फेरि पनि यी कुरामा आइहाल्छौं । संविधान भनेको देशको मूल कानुन रहेछ । यसले सबैलाई बाँधेर राख्दो रहेछ । देशमा संविधान बनाउनका लागि चुनाव भइसकेको छ । चुनावभन्दा पहिले धेरै पार्टीका धेरै नेताहरू आउनुभएको थियो होला । यो मगर बस्तीको विकासका लागि यस्तो-यस्तो काम गरिदिन्छौं भन्नुभएको होला नि ?

**अमरबहादुर पुलामीमगर** : भनेका थिए । कतिले पूरा गरे, कतिले गरेका छैनन् ।

**सहजीकरण गर्दै** : संविधान निर्माण हुने क्रममा छ, बनिसकेको त छैन । यो विषयमा चाहिँ के सुन्नुभएको छ तपाईंहरूले ?

**दिलबहादुर पुलामीमगर** : हामीजस्ता पिछडिएका जातजातिलाई अब बन्ने संविधानले केही गरिदिए हुन्थ्यो ।

**रमेश हायु** : के-के कुराचाहिँ संविधानमा लेखिनुपर्ला त ?

**दिलबहादुर** : संविधानमा अशिक्षित जातिलाई शिक्षा दिनका लागि विशेष व्यवस्था होस् । सबैको आर्थिक अवस्था राम्रो छैन् । अलि खर्च गर्ने बानीले गर्दा पनि होला । गरिब जनता छन्, उनीहरूको आर्थिक विकासका लागि व्यवस्था होस् । संविधानमा उल्लेख गर्दा, हाम्रो जातिलाई अलि राम्रो हिसाबकिताबले सोच्नुपर्‍यो । पहिले-पहिले बाहुनले मगरलाई हलीको रूपमा हेर्थे । त्यो कुरा विस्तारै हटेर गइसक्यो । खान नपुग्दा त जोत्नु नै पर्‍यो । तर, काम गरेअनुसारको ज्याला पाउने व्यवस्था होस् । हामी मगर जाति पनि माथि उठ्न सक्ने खालको व्यवस्था गर्नुपर्‍यो ।

**खड्ग पुलामीमगर** : चुनाव भइसके पनि अहिले पनि गाउँगाउँमा चन्दा असुली, हत्या-हिंसा, लुटपाट घटेको छैन । योभन्दा अघि पनि धेरैले घरबार छाडेर जानुपर्‍यो । तर, अबका दिनमा भने कसैले पनि आफ्नो घर छाडेर हिँड्नु नपरोस् । कसैले पनि दुःख नपाऊन् । चुनाव जितेर गए पनि जनताले दुःख पाउँछन् भने त्यसको त कुनै मतलब नै भएन नि । सबैले न्याय

पाऊन् । कानुनको पालना होस् ।

**फत्तबहादुर थापामगर** : संविधान बनाउनका लागि भनेर सभासद्हरूलाई निर्वाचित गरेर पठाएका छौं । हामीजस्ता जनजातिको हकहितका लागि सभासद्हरूले काम गरुन् । महिला र बालबालिकाका लागि विशेष दफाको व्यवस्था गरोस् ।

**रमेश हायु** : कस्तो खालको विशेष दफाको व्यवस्था होस् ?

**फत्तबहादुर थापामगर** : हामी मगर जातिलाई चाहिँ शिक्षा र स्वास्थ्य हरेकमा २५ प्रतिशत सहुलियत हुनुपर्छ ।

**रमेश हायु** : तपाईंले छुट्टै आरक्षणको व्यवस्था होस् भन्न खोज्नुभएको हो ?

**फत्तबहादुर** : हो, जनजातिका लागि आरक्षणको व्यवस्था गरिदिनुपर्छ ।

**शेरबहादुर परियार** : देशको मूल कानुन बनिरहेको छ । नयाँ संविधानमा हाम्रो बारेमा पनि केही व्यवस्था होस् भन्ने चाहन्छु ।

**सहजीकरण गर्दै** : के व्यवस्था होस् त ?

**शेरबहादुर** : यसमा दलितका लागि पनि विशेष ध्यान दिए हुने । हामीलाई अझै पनि छुवाछूत गरिन्छ । यो प्रथा पूर्णरूपमा हटेर जाओस् । रोजगारी त काम गर्न सक्नेले पाएका छन्, नसक्नेले पाएका छैनन् ।

**सहजीकरण गर्दै** : भन्नुस् है । यो संविधान भनेको सधैं बन्ने कुरा होइन । यस्तो मौका फेरि-फेरि आउला-नआउला । आफूलाई लागेको कुरा समयमा नै भनेमा मात्र केही हुनसक्छ । हामी जनजातिका लागि यो-यो कुरा चाहिन्छ भनेर तपाईंहरूले माग गर्नुपर्‍यो । अनि मात्र हाम्रो जाति माथि उठ्न सक्छ । महिला बोलिराख्नुभएको छैन । बोल्नुस् न आमाहरू ?

**दिलमाया मस्राङी** : अब बन्ने संविधानमा महिला हकहितका लागि व्यवस्था होस् ।

**सहजीकरण गर्दै** : अनि नि आमा यहाँ काम गर्दा महिला र पुरुषले समान ज्याला पाएका छन् कि छैनन् ?

**दिलमाया** : समान ज्याला छैन । हामीलाई समान ज्याला भइदिए हुने थियो । यो संविधान भन्ने कुरा चाहिँ हाम्रा लागि पहिलोपटक भयो । त्यसैले हामीले त बोलेको पनि छैन । जानेको पनि छैन, अबका दिनमा केही आएदेखि हामी बोल्न सक्ने थियौं ।

**सहजीकरण गर्दै** : मगर समुदायका महिलाका लागि सरकारबाट यो यो चेतनामूलक, सीपमूलक कार्यक्रम ल्याइदिए हुन्थ्यो भन्ने लाग्दैन ?

**दिलमाया** : लागेको छ नि । हामीजस्ता महिलाले पनि कति के-के गरेर गइसके तर हामी भने गाउँघरमा बसिरहेका छौं । केही सिक्ने-बोल्ने-जान्ने हुनका लागि केही सीपमूलक र आयआर्जनमूलक व्यवस्था अब बन्ने संविधानमा भइदिए राम्रो हुन्थ्यो ।





**विमला पुलामीमगर** : महिला सधैं पछाडि परिरहेका थियौं । अहिले महिना-महिना दिनमा मिटिङ हुन थालेको छ । तालिमका लागि मन्थली पनि गयौं । यसले गर्दा अलिकति बोल्नसम्म थालेका छौं । हामी महिला पनि पुरुषसरह अगाडि बढ्न चाहन्छौं । यसका लागि विशेष व्यवस्था होस् ।

**सहजीकरण गर्दै** : के-के चाहियो त पुरुषसरह अगाडि बढ्नका लागि ?

**विमला** : हामीलाई त थाहा छैन । जान्ने सुन्नेहरूले नै यसको व्यवस्था गरिदिनुपर्‍यो ।



*बिजुलीकोटका स्थानीय महिला छलफलमा भाग*

**सहजीकरण गर्दै** : सीपमूलक कार्यक्रम ल्याउनुपर्‍यो कि ? प्रौढशिक्षाको व्यवस्था गर्नुपर्‍यो कि ? के चाहिएको हो तपाईंहरूलाई ?

**मनमाया पुलामीमगर** : महिला र पुरुषको बराबरी अधिकार हुनुपर्‍यो भनेर हामीले तालिम पनि लियौं मन्थलीमा गएर । अरू त यति नै हो । हामीलाई बिजुलीको निकै समस्या छ । दिन्छौं चाहिँ भनेका छन्, दिएका चाहिँ छैनन् । अरू त के भनौं, पछि-पछि भन्दै गरौंला ।

**मानबहादुर पुलामीमगर** : स्वयम्भूमा तामाङ जातिले आफ्नो भाषा पढाउन बोर्डिङ स्कुल खोलेका छन् रे । हाम्रो मगर भाषालाई जोगाउन यस्तै एउटा स्कुल खोल्न पाए हुन्थ्यो । मातृभाषामा पढाइसँगै पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने आदि जस्ता व्यवस्था । पहिले-पहिलेका मानिसले पढेका छैनन् । उनीहरूलाई पनि पढाएर अगाडि बढाउन सकिन्थ्यो ।

**सहजीकरण गर्दै** : यहाँहरूको छुट्टै लिपि छ ?

**मानबहादुर** : लिपि छैन । भाषाचाहिँ छ ।

**सहजीकरण गर्दै** : छुट्टै रूपमा मगर भाषालाई पढाउने हो भने त छुट्टै भाषा र लिपि चाहियो नि त । पढाउन सक्ने खालको शिक्षक पनि चाहियो । किताब चाहियो ।

**मानबहादुर** : सबै सृष्टि नै चाहियो । अघि मगर भाषामा भाषण गर्ने, बोल्ने मानिस चाहियो भन्नुभयो तर मगर भाषाका बारेमा जान्ने हाम्रा बालबच्चा छैनन् । जानेको भए त बोल्न सक्थे होला । हाम्रो भाषा लोप हुन लाग्यो । यसरी लोप हुन नपाओस् । यी कुरालाई पनि संविधानमा उल्लेख गरिदिनुपर्‍यो ।

**सहजीकरण गर्दै** : देशमा विभिन्न जातिहरूले छुट्टै राज्य चाहियो भनिरहेको अवस्था छ । अनि मगरले पनि छुट्टै मगरातको माग गरिरहेका छन् । यसमा तपाईंहरूको विचारचाहिँ

के छ ?

**खड्ग मगर** : मगरात चाहिन्छ भन्ने होइन । हामीले कानुनभन्दा बाहिर गएर कुरा गर्नुहुँदैन । कानुनभित्रै पनि हामीले बोलेका कुराहरू सुनिदिऊन् । अहिले पनि देशमा हालीमुहाली क्षेत्री, बाहुनको नै छ। त्यसको विरोध गर्न खोजेका छैनौं । तर, हामीले भनेको कुरा उहाँहरूले पनि सुनिदिनुपर्‍यो ।

**सहजीकरण गर्दै** : तपाईंले देश जसले चलाए पनि हुन्छ, हामीलाई मतलब भएन तर अधिकारचाहिँ दिनुपर्‍यो भन्न खोज्नुभएको हो ?

**खड्ग** : अब बाहुनको सीधै विरोध गर्दा त....अहिले यहाँ हामीलाई सिकाउन पनि मगर त आएका छैनन् नि । तपाईं बाहुन नै आउनुभएको छ त्यसैले देश संघीयतामा जाँदा राम्रो । हामीलाई छुट्टै मगरात नै चाहिन्छ भन्ने छैन, भएमा राम्रो । राज्य जसले चलाए पनि मगर जातिले अधिकार पाउन्‌ भन्ने विचार छ ।

**फत्तबहादुर पुलामीमगर** : यो विषयमा त म के भनौं र ? जाति तथा भाषाको लोप हुन नदिन संरक्षणको व्यवस्था होस् । १० कक्षासम्म हाम्रो भाषामा पढाइ होस् । पढाउने शिक्षकको व्यवस्था होस् । जसले गर्दा अगामी समयमा पनि हाम्रो अस्तित्व नहराओस् ।

**सहजीकरण गर्दै** : यहाँको भेषभूषाचाहिँ के हो नि ?

**अमरबहादुर मगर** : हाम्रो भेषभूषा त कछाड, इष्टकोट, पेटी नै हो । तर, के गर्नु केटीले पनि पाइन्ट लगाएर हिँड्न थालिसके ।

**फत्तबहादुर** : अरू बेलामा पाइन्ट र सर्ट लगाए पनि साँस्कृतिक कार्यक्रम गर्दाचाहिँ हाम्रो भेषभूषा नै लगाउने गरेका छन् । त्यसैले हाम्रो भेषभूषाको संरक्षण होस् । अनि अर्को कुरा, हाम्रो जागिर खाने सिलसिलामा खुला प्रतियोगिताबाट जान्छ नि त्यसमा चाहिँ हामी मगर जातिलाई अलि ग्राह्यता होस् । अरूले ५ पाउँछ भने हामीले १० पाउनुपर्‍यो ।

**दिलबहादुर पुलामीमगर** : मगर जाति पढेलेखेका छैनन् । अगाडि त अरू जाति नै हुन्छन् । त्यस्तोमा हामीले गरेरै देखाउनुपर्‍यो । अरूले ५ पाउँछ भने त्यसमा ५ थपेर हाम्रो ग्राह्यता दिनुपर्ने भन्ने हाम्रो सोच छ । सकेसम्म हुनैपर्छ ।

**खड्गबहादुर पुलामीमगर** : हामीलाई हाम्रो भाषा चाहिएको पनि यही कारण हो । कार्यालयमा हाम्रो भाषा बोल्ने मान्छे भएमा क्षेत्री-बाहुनको संख्या अलिकति भए पनि घट्छ नि ।

**सहजीकरण गर्दै** : तपाईंले भन्न खोज्नुभएको प्रशासनिक कामका लागि मगर भाषाको प्रयोग होस् भन्ने हो ?

**खड्गबहादुर** : हामीले केही कामका लागि मात्र भन्न खोजेका हौं । एउटा राष्ट्रिय भाषा त चाहियो नै ।

**सहजीकरण गर्दै** : मैले भन्न खोजेको त्यही हो । देश संघीयतामा जाँदा आफ्नो भाषा नै प्रयोगमा ल्याउन पाइयोस् भनेर कराइराखेका छन् । तपाईंहरूको भाषाले नै मान्यता





पाओस् कार्यालयतिर भन्न खोज्नुभएको होइन ?

**खड्गबहादुर** : त्यसलाई मान्यता दिन अलि सक्दिनँ हजुर म । अब न्याय दिने मानिस बाहुन छन् त्यसलाई हाम्रो भाषामा बुझाइदिने कसले ? उसलाई न्याय दिने कसले ? उसले आफ्नो कुरा सुनाउने कसलाई ? त्यही भएर नै मगर भाषालाई कार्यालयमा प्रयोग गर्ने भनेको होइन, नेपाली भाषा नै बोलिनुपर्छ । तर, हाम्रा जातिले पनि ठाउँ पाउनुपर्‍यो भनेको । जस्तै, विद्यालयमा मगर भाषा पढाउने भन्यो भने अरू जाति आउन पाएन । रेडियोमा मगर कार्यक्रम गर्ने भन्यो भने अरू जातिले सिकेन । त्यसका लागि मगर नै चाहियो भन्न खोजेको ।

**विमान गाहामगर** : नयाँ संविधान बन्दैछ । वर्तमानमा भइरहेको दण्डहीनता हटाएर शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्नुपर्‍यो । भविष्यमा त्यस्ता कार्य नहुने कानुनी व्यवस्था होस् । युवा धेरै बेरोजगार भइरहेका छन् । विदेशमा पलायन भइरहेका छन् । त्यसैले युवालाई विदेश पलायन हुनबाट रोक्न स्वदेशमै रोजगारीको व्यवस्था हुनुपर्ने ।

**सहजीकरण गर्दै** : योग्यताअनुसारको रोजगारी देशमा नै हुनुपर्‍यो हैन त ? अरूलाई पनि केही भन्नु छ कि ? यहाँ थुप्रै भाइहरू पनि हुनुहुन्छ ?

**सुकराम पुलामी** : शिक्षा नै चेतनाको मूल आधार हो । त्यसैले डिग्रीसम्म निःशुल्क शिक्षा होस् । महिला हिंसा कायम नै छ । त्यो कम भएर जानुपर्छ । छुवाछूत प्रथा पनि छँदैछ, त्यो पनि घटेर जानुपर्‍यो ।

**दिलमाया** : महिला हिंसा भइरहेको छ । तालिममा यस्तो हुनुहुँदैन भनेका थिए । तर, व्यवहारमा त के नै भएको छ र ?

**सहजीकरण गर्दै** : महिला हिंसा भइरहेको नै छ । कानुनमा पनि धेरै कुरा लेखिएका छन् । तर, त्यसबारेमा यहाँका महिलालाई केही थाहा छैन । त्यसैले शिक्षा दिनुपर्‍यो । कसैले केही गरेमा यो कानुनमा यो लेखिएको छ भनेर गल्ती गर्नेलाई कानमा समाउन सकियोस् भन्न खोज्नुभएको हो आमाले ?

**दिलमाया** : हजुर, त्यस्तै-त्यस्तै भन्न खोजेको ।

**प्रकाश दाहाल** : हिंसा महिला र पुरुषमा हुन्छ । श्रीमान्-श्रीमतीमा पनि त्यो कुरा लागू भइरहेको हुन्छ । श्रीमान्ले पनि हिंसा गर्नुभएन ।

**त्रिविक्रम महत** : मेरुदण्डविना शरीर चल्दैन, संविधानविना देश चल्दैन । चुनावी प्रक्रियाबाट जितेर गएकाहरूले संविधान बनाउने भने । नेताहरूलाई जिताएर पठायौं । तर, किन हो अहिलेसम्म संविधान बन्न सकेको छैन । सबैलाई संविधान चाहिएको छ । केन्द्रमा बसेकाहरूले काम गरिरहेका छैनन् । संविधान बनेमा सबै कानुनमा बाँधिने थिए । संघीयतामा कसैको अधिकार ओझेल नपरोस् । जातजाति, भाषाभाषी, भूगोललगायत अन्य सबैलाई समेट्ने खालको संघीयता चाहिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी तथा उनीहरूको उत्थानका लागि भाषाका आधारमा संघीयतामा जाँदा राम्रो हुन्छ । पिछडिएका जनतालाई माथि

पुऱ्याउने हो भने भाषाका आधारमै संघीयतामा जानुपर्छ ।

**लालबहादुर पुलामी** : जुन खालको संघीयतामा गए पनि पिछडिएकाहरूलाई माथि उठाउने खालको चाहियो । जातीय नै चाहिन्छ भन्ने छैन । अरूको हेपाइमा बस्न नपरोस्, आफ्नो इज्जतमा कसैले पनि धावा बोल्न नपाओस् ।

**खेमबहादुर पुलामी** : मातृभाषा चाहिन्छ तर खसभाषा पनि चाहिन्छ । ५ कक्षासम्म मगर भाषामा पढाइ होस् ।

**सहजीकरण गर्दै** : संविधानमा चाहिँ के उल्लेख होस् त ?

**खेमबहादुर** : त्यो राजनीतिक लाइन हो । हामीलाई ती कुरा थाहा छैन ।

**सहजीकरण गर्दै** : होइन तपाईंलाई चाहिएको चाहिँ के हो ?

**खेमबहादुर** : हामीलाई असुविधा छ । खानेपानी, स्वास्थ्य चौकी, बाटो, विद्यालयको सुविधा सबैले पाऊन् । डोनेसन उठाएर सबै काम गर्न सकिँदैन । त्यसैले यसका लागि माथिबाट नै केही व्यवस्था होस्, जसले हाम्रो जीवनस्तरलाई माथि उठाओस् ।

**फत्तबहादुर पुलामीमगर** : संघीयताबारेमा धेरै कुरा त आए पनि म स्पष्ट भएको छैन । जातीय आधारमा संघीयतामा जाँदा साम्प्रदायिक हुन्छ कि जस्तो लाग्छ । त्यसैले साम्प्रदायिक नहुने खालको संघीयतामा जाँदा राम्रो हुन्छ । हैन जातीयअनुसार जाँदा पनि कसैमा फुट आउँदैन भने त्यो पनि ठीकै छ । संघीयतामा जाँदा आफ्नो क्षेत्र भौगोलिक आधारमा छुट्टै खालको कानुन बनाउने हुँदा त्यो पनि ठीकै छ, राम्रै हुन्छ जस्तो लागेको छ ।

**सहजीकरण गर्दै** : संघीयताबारेमा त कुरा गर्नुभयो । यसमा अहिलेकै अनुसार जुन जुन ठाउँ विभाजन भएका छन्, त्यसरी नै गर्दा ठीक छ कि यसलाई मिलाउनुपर्छ ?

**फत्तबहादुर** : पहिलेको भन्दा फेरबदलका कुरा पनि आइरहेका छन् । त्यो पनि ठीकै छ ।

**मदनबहादुर मगर** : कुर्सीको लोभ गरेर झगडा गर्नका लागि सभासद्हरूलाई हामीले पठाएका होइनौं । काम गर्न भनेर पठाएका हौं । जातीय आधारमा रोजगारीको व्यवस्था गर्नुपर्छ । सबै रोजगार भएमा चोरी-डकैती कम भएर जाने थियो ।

**सहजीकरण गर्दै** : देश संघीयतामा गयो भने जग्गा पास गर्न, नागरिकता बनाउन मन्थली जानुपर्दैन नि ?

**फत्तबहादुर मगर** : त्यो त धेरै राम्रो कुरा हो । ओखलढुङ्गा अनि यहाँका केही क्षेत्रका प्रशासनिक कामका लागि लिखुढल केन्द्रबिन्दु बनोस् ।

**सहजीकरण गर्दै शान्ति** : यहाँ प्राकृतिक कुराहरू त धेरै छन् । तल लिखुखोला बगिरहेको छ । यो कर कहाँ जान्छ, थाहा छ तपाईंहरूलाई ?

**फत्तबहादुर** : यहाँ हाइड्रोपावर खोलिन्छ तर बिजुली सीधै हिन्दुस्थान पुऱ्याएर हामीले





फेरि त्यो बिजुली किन्नुपर्ने व्यवस्था राम्रो हैन । त्यस्तो नहोस् भन्ने चाहन्छु ।

**सहजीकरण गर्दै** : त्यही त अबको संविधानमा यो लिखुखोलाको पानीमा केही काम होस् अनि त्यो पैसाले मगर जातिको विकास होस् भन्ने लाग्दैन ?

**फत्तबहादुर** : त्यही हो । यो लिखु खोलामा गर्ने भनेको जलविद्युत् नै हो । त्यही भएर त्यसको प्रभावित क्षेत्रको रूपमा यहाँका विद्यालय र स्वास्थ्य क्षेत्रमा केही काम भइदिए हुने थियो । यहाँको विकास भइदिए हुने भन्ने हाम्रो चाहना हो । प्रोजेक्ट आउँदा विकृति पनि आउला, त्यो रोक्न दरिलो खालको कानुन बनोस् ।

**मानबहादुर पुलामीमगर** : स्थानीय स्रोत-साधनमा स्थानीयकै पहिलो प्राथमिकताको व्यवस्था होस् । केही अंश यहाँको विकासका लागि र केही केन्द्रीय सरकारले लिएमा राम्रो हुन्थ्यो । पैसा गाविसलाई पनि अलिकता जाओस् भन्ने हाम्रो विचार छ ।

यो लिखुमा हाइड्रोपावर बन्दा पनि सिँचाइ पनि गर्न सकिन्छ । यसो हुँदा कृषिमा पनि राम्रो हुने थियो । हामी मगर जातिलाई मात्र नभएर यसले क्षेत्री-बाहुन सबैका लागि राम्रै हुने थियो नि । विकासका काम हुँदा यहाँका मानिसले रोजगारी पाउने थिए । जग्गा त्यत्तिकै खेर गइरहेको छ । सिँचाइ गरेमा खेती राम्रो हुने थियो । हाइड्रोपावर बन्दा प्रहरी चौकी पनि नजिकै आउने थियो । हामीलाई सुरक्षाको पनि राम्रो व्यवस्था हुने थियो ।

नजिकै विद्यालय छैन । प्राविसम्म मात्र छ । माविसम्म पढ्नका लागि हामी कि त धोबी जानुपऱ्यो, कि त साँगुटार । यो हाम्रा लागि गाह्रो भइरहेको छ । यहाँ नै माविसम्मको पढाइ भइदिए हामीलाई निकै सहयोग हुने थियो ।

जग्गाजमिन पास गर्नलगायतका अन्य सरकारी कामकाजका लागि सदरमुकाम जानु नपर्ने व्यवस्था होस् र गाविसमा नै यो काम गर्न पाए हुने थियो ।

**प्रकाश दाहाल** : जातीय आधारमा संघीयतामा जाँदा पछि परेका जातिहरूले पनि अरूसरह अधिकार पाउने थिए भन्ने मेरो विचार छ । त्यसैले जातीय आधारमा नै देश संघीयतामा जानुपर्छ ।

**सहजीकरण गर्दै** : जातीय आधारमा गर्दा केही समस्या आउँदैन त ?

**प्रकाश** : जातिगत गर्दा पनि केही अप्ठेराहरू त आउँछन् तर ती अप्ठेरालाई विस्तारै कम गर्दै जानुपर्छ । कोही पहाडमा होलान्, कोही ओखलढुङ्गामा होलान् । त्यहाँ भएका अल्पसंख्यक जनतालाई असर पर्ला । तर, उनीहरूको अधिकारलाई सुनिश्चित गराउने खालको संयन्त्र विकास गरिनुपर्छ । योग्यता र सीपको आधारमा अल्पसंख्यकले पनि काम पाऊन् ।

**फत्तबहादुर पुलामीमगर** : संघीयताका कुरा गर्दा चुनावमा पहिले मगरले नै मौका पाओस् । मगरले म उठ्दिनँ भनेपछि मात्र अरू जातिका मानिसले मौका पाऊन् । हामी मगर जाति एउटा पार्टीमा मात्र छैनौं नि । हरेक पार्टीमा छौं त्यसलै हरेक पार्टीमा हामीलाई बढी

मौका दिइयोस् ।

**सहजीकरण गर्दै** : अहिले स्वशासन, स्वायत्तजस्ता कुरा उठिरहेका छन् नि । त्यसबारेमा तपाईंहरूलाई के थाहा छ ?

**फत्तबहादुर** : नेताहरूलाई मात्र हाम्रो बारेमा निर्णय गर्न दिँदा उनीहरूले त सबै बेचेर खाइदिन्छन् । त्यसैले यो ठाउँका बारेमा निर्णय गर्न पाउने अधिकार हामी गाउँलेलाई नै हुनुपर्छ ।

**प्रकाश दाहाल** : यहाँको निर्णय गर्न हामीलाई दिनुपर्छ । हाम्रो बारेमा राम्रो निर्णय गर्लान्, काम गर्लान् भनेर हामीले चुनाव जिताएर पठायौं । तर, उनीहरूले हाम्रो बारेमा राम्रो निर्णय गरेनन् । उनीहरूले जे निर्णय गरे पनि हामीले किन मान्ने ?



*बिजुलीकोटका स्थानीयवासी छलफल सुन्दै*

**मानबहादुर पुलामीमगर** : हाम्रो बारेमा मन्थलीमा बसेर कार्यक्रम गर्ने, राम्रो भएन नि । हामीलाई सोधेपछि हाम्रो सल्लाह सुझावअनुसार काम गर्नुपर्‍यो । जनतालाई भ्रममा पार्नुभएन । उनीहरूबीचमै सबै काम बिगार्ने काम हुनुहुँदैन । अहिलेसम्म नराम्रो काम भएको छैन । तर, अबका दिनमा पनि नहोस् भन्ने हाम्रो चाहना छ । जस्तो, तल्लो लिखु बनाइँदैछ, नेताहरूले नै निर्णय गरे भने त हामी हेरेको हेर्‍यै हुनेछौं । त्यस्तो नहोस् ।

**फत्तबहादुर पुलामीमगर** : हाम्रो सम्पत्ति भन्नु नै यही लिखुखोला र वनजंगल हो । त्यसैले आत्मनिर्णयको अधिकारसहित संघीयतामा जानुपर्‍यो । तल लिखुखोला बगिरहेको छ, त्यसको सदुपयोग हुन सकिरहेको छैन । संघीयतामा जाँदा हामी त्यसको सदुपयोग गर्न सक्ने थियौं । त्यसबाट यहाँका जनतालाई नै रोजगारी दिन सक्ने थियौं । त्यो खोलाको बालुवा, माछाबाट आएको पैसाले हामीले हाम्रो ठाउँको विकास गर्न सक्ने थियौं । हामीलाई पुगेपछि मात्र पैसा बाहिर जाओस् ।

**सहजीकरण गर्दै** : त्यहाँबाट आएको पैसाको विभाजनचाहिँ कसरी होस् ?

**फत्तबहादुर** : २० प्रतिशत सरकारलाई जाओस् र ८० प्रतिशत यहाँको विकासका लागि खर्च होस् । जग्गाको मालपोत नदिए सरकार चल्दैन । सरकारलाई पनि हामीले नै दिने हो । हामीले दिएको पैसाले नै सरकार चल्ने हो । संघ विभाजन गर्दा पिछडिएका वर्ग, जनजाति-आदिवासी आदिलाई प्राथमिकता दिइयोस् अनि अरू भौगोलिक, भाषिकजस्ता आधारमा संघ विभाजन होस् । स्वायत्तताको अधिकार पहिला हामीलाई नै होस् । त्यसो भए स्थानीयवासीलाई सजिलो हुन्छ ।

◆◆◆








# साँघुटार

*रामेछापको साँघुटार गाविसमा २०६६ मंसिर १२ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** भयो । छलफलमा ५८ जनाले भाग लिएका थिए ।*

*यो गाविसको उत्तरमा गोठगाउँ, दक्षिणमा हिमगंगा, पश्चिममा देउराली गाविस पर्छ भने ओखलढुङ्गाको सिंगदेवी, नरमदेश्वर र एसम गाविससँग पनि यसको सिमाना जोडिएको छ । लिखुखोलाबाट झन्डै एक किलोमिटरको उचाइँमा रहेको यो गा.वि.स. मा कुमाल जाति बढी छन्, अरू जातिले होच्याउन थालेपछि कुमालहरूले माटोका भाँडा बनाउने परम्परागत पेसा छोड्दै गएका छन् । अहिले तीनजना मात्र यो काममा संलग्न छन् । अरू कामको खोजीमा विदेशिने क्रम बढेको छ ।*

*कुमाल गाउँमा यो बाहेक बाहुन, विक जातिका मानिस पनि बस्छन् । कुमालको रीतिरिवाज बाहुन-क्षेत्रीसँग नै मिल्छ । दशैं-तिहार, संक्रान्तिबाहेक अरू चाड पनि छन्, कुमाल जातिको ।*

*७६१.१७ हेक्टर क्षेत्रफल रहेको यो गाविसमा तामाखानीको सम्भावना औंल्याइन्छ । लिखुखोला, देउरालीखोला, भ्याकुरेखोला यस गाविसमै पर्छ ।*

**कार्यक्रम सुरु गर्दै रमेश हायु** : हामी स्थानीय स्तरमा संघीयताका बारेमा गरिने छलफललाई अगाडि बढाउन लागिरहेका छौं । यो कार्यक्रम चलाउन विभिन्न संघ-संस्थाबाट आएका छौं । सबैभन्दा पहिले हामी परिचयबाट कार्यक्रम सुरु गरौं ।

**परिचयपछि बद्री नयाँघरे** : व्यस्त समयका बाबजुद पनि तपाईंहरू यस कार्यक्रममा आइदिनुभएकोमा धन्यवाद अनि कार्यक्रममा स्वागत गर्न चाहन्छु। विशेषगरी एनेकपा माओवादी पार्टीका नेताद्वयलाई यस कार्यक्रममा स्वागत गर्न चाहन्छु। व्यानरमा तपाईंहरूले देखिरहनुभएको छ, यहाँनेर तीनवटा आयोजक संस्थाहरू फ्रिडम फोरम, जिविस महासंघ, गाविस राष्ट्रिय महासंघ नेपालको नाम छ। यो कार्यक्रम गर्नका लागि हामीलाई स्विस विकास नियोगले सहयोग गरेको छ। यो छलफलमा उठेका कुराहरूबाट हामी रेडियो कार्यक्रम बनाउँछौं। भिडियो खिचेर डकुमेन्ट्री बनाउँछौं अनि तपाईंहरूले भन्नुभएका कुरालाई जस्ताको तस्तै किताबमा पनि उतार्ने काम गर्छौं। तपाईंहरूले स्थानीय स्तरमा उठाउनुभएका समस्याहरूलाई जस्ताको तस्तै लगेर एउटा क्षेत्रीय स्तरमा अनि एउटा केन्द्रीय स्तरमा कार्यक्रम गर्छौं। केन्द्रीय स्तरका नेताहरू र सभासद्हरूलाई तपाईंहरूका कुरा सुनाउनेछौं। रामेछाप जिल्लाका १० गाविसमा हामीले यस्तै कार्यक्रम गर्दैछौं। हुन त यहाँ मिश्रित समुदाय हुनुहुन्छ। तर पनि हामीले कुमाल जातिलाई लक्षित गरेर कार्यक्रम ल्याएका हौं। हामी केन्द्रमा लगेर सभासद्हरूलाई तपाईंहरूका फोटोसहित यहाँका मानिसका यस्ता चाहना छन् भनेर सुनाउनेछौं। यी कुरालाई संविधानमा उठाइनुपर्छ भन्नका खातिर यो कार्यक्रमको आयोजना गरिएको हो।

साँच्चै भन्नुपर्दा साँघुटारका कुमाल जातिको अवस्था के छ ? उनीहरू के चाहन्छन्, उनीहरूका कस्ता समस्या छन् ? के भयो भने उनीहरूका सन्ततिहरूको भविष्य राम्रो हुन्छ भनेर यो कार्यक्रम ल्याएका हौं। त्यसैले छलफलका क्रममा तपाईंहरूका समस्या, तपाईंहरूले नबुझेका कुरा निर्धक्क भएर राख्नुहोला।

संघीय गणतन्त्र नेपाल भनिएको छ, के होला संघीय गणतन्त्र भनेको ? के काम गर्छ यसले खान दिने हो कि लाउन दिने हो कि ? संविधानसभा भनेको छ, नेताहरूलाई भोट हालेर पठाउनुभयो तपाईंहरूले, ती गएका मानिस कहाँ पुगे, के काम गरिरहेका होलान् ? तिनको काम के हो ? त्यहाँ गएर भत्ता मात्र पचाउने हुन् कि ? यी यावत् विषयमा छलफल हुनेछ। संघीयता भनेको के हो ?, हामीलाई संघीयता किन चाहिन्छ ? भन्नेबारेमा पनि आजको कार्यक्रममा छलफल गर्नेछौं।

त्यसैले यो छलफललाई सार्थक गराउन तपाईंहरूको सहभागिता निकै महत्वपूर्ण रहनेछ। तपाईंहरूले यो कार्यक्रम अवधिभर हामीलाई सहयोग गर्नुहुनेछ भन्ने आशा लिँदै कार्यक्रम अगाडि बढाउनका लागि म यो माइक्रोफोन शान्ति लामालाई दिँदैछु।

**सहजकर्ता शान्ति लामा** : धन्यवाद बद्री दाइलाई। फेरि पनि नमस्कार। हामी कार्यक्रम अगाडि बढाउन सक्छौं ?

**सामूहिक स्वर** : सकिन्छ।

**सहजीकरण गर्दै** : हामीले संघीयता, संविधानबारेमा सिकाउनुभन्दा पनि यहाँहरूका





कुरा सुन्ने हो। यहाँका कुमाल जातिलाई संविधानबारेमा केचाहिँ थाहा रहेछ त ? त्यहीँ कुरा बुझ्न आएका हौं। अब बन्ने संविधानमा के-के कुरा राख्नुपर्छ ती कुरा टिपेर लाने हो। ल म तपाईंहरूलाई एउटा कुरा सोध्छु है त ! संविधान भनेको सुन्नुभएको छ यहाँहरूले ?

**लक्ष्मीदेवी कुमाल** : राम्रो कुरा हुन्छ होला कि, खै के हो भन्न पनि जान्दिनँ म त।

**सहजीकरण गर्दै** : जे जान्नुभएको छ, तपाईंलाई जे थाहा छ, त्यहीँ भन्नु न।

**लक्ष्मीदेवी** : संविधान भनेको भन्न अलि जान्दिनँ, बुझ्न त बुझेजस्तो लाग्छ। शब्द रेडियोमा सुनेको हो तर यसले के गर्छ भन्नेचाहिँ थाहा छैन। संविधान भनेको देश चलाउने सबैभन्दा ठूलो कानुन हो कि ?

**खडानन्द सुवेदी** : संविधान संविधान भन्छन्। तर, यसले के गर्छ ? कसरी बनाउँछन् भन्नेबारेमा चाहिँ केही थाहा छैन।

**सहजीकरण गर्दै** : अस्ति भोट हाल्नुभएन ?

**खडानन्द** : भोट त हाल्यौं नि। संविधान बनाउँछौं भन्थे। तर, खै कहिले बन्छ ? कसरी बन्छ ? के हो केही थाहा छैन।

**सहजीकरण गर्दै** : भोट माग्न आउदा संविधान भनेको यो हो भनेर सिकाएनन् ?

**खडानन्द** : खै त्यो बेलामा त भनेको जस्तो लाग्छ, बिर्सिहालियो।

**इन्द्रलक्ष्मी कुमाल** : संविधान भनेको सुन्न त सुनेको हो। हामी नपढेकालाई जे भने पनि के भयो र ?। कानले सुन्यो छोडिदियो। चाहिने कुरा भए पो याद गर्नु। भोट माग्छन्, यो ऊ गर्छु भन्छन्। आश देखाउँछन् तर गर्नचाहिँ केही गर्दैनन्। केही गरेका पनि छैनन्। धारा ल्याउँछौं भन्थे तर अहिलेसम्म पनि पानी आएको छैन। घाँस-दाउरा नगरी खान पाइँदैन।

**सहजीकरण गर्दै** : संविधानका बारेमा अरूलाई के-के थाहा छ ? यहाँका पुरुष दाजुभाइलाई के लाग्छ ?

**भक्तबहादुर कामी** : म त बुढो मानिस हजूर, मलाई केही पनि थाहा छैन। मैले जाने-सुनेको केही छैन।

**सहजीकरण गर्दै** : चुनावमा अस्ति भोट माग्न आएका थिएनन् ? भोट माग्न आउँदा संविधान भनेको यो हो ? यसले यो काम गर्छ भनेर नेताहरूले भनेनन् ?

**भक्तबहादुर** : चुनावमा भोट माग्न आए, भोट दिएर पठायौं, अरू केही थाहा छैन। चुनावमा भोट माग्न आउँदा पनि केही सिकाएनन्।

**सहजीकरण गर्दै** : अरूलाई केही थाहा छ कि ?

**कमलराज सुवेदी** : संविधान भनेको देशको मूल कानुन हो जस्तो लाग्छ। अर्थोक केही पनि थाहा छैन।

**सहजीकरण गर्दै** : अब त तपाईंहरूलाई थाहा भयो होला नि, संविधान भनेको देशको मूल कानुन रहेछ भनेर । त्यसो भए कुमाल समुदायका कुन-कुन कुरा संविधानमा राखिनुपर्ला त ? कि केही चाहिँदैन तपाईंहरूलाई ?

**भक्तबहादुर कामी** : चाहिएर के गर्नु कसले दिन्छ र हामीलाई ?

**सहजीकरण गर्दै** : अबको संविधानले दिन्छ नि । के चाहिएको छ तपाईंलाई भन्नुस् त ?

**भक्तबहादुर** : पहिले-पहिले चुनावमा भोट माग्न आउँदा धारा बनाइदिन्छौं, विकास निर्माणका काम गर्छु भन्थें । अहिले केही पनि गरेका छैनन् । यो जस्तो विकास नभएको ठाउँ कहीँ पनि छैन । दलितका छोरीछोरीलाई निःशुल्क शिक्षाको कुरा भनेको मात्रै छ । त्यसैले अब बन्ने संविधानमा यसको राम्रो व्यवस्था गर्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : तपाईंहरूले भनेका यी कुरा लगेर हामी जस्ताको तस्तै यहीका



*साँघटारका स्थानीय बासिन्दा छलफलमा भाग लिँदै*

नेताहरूलाई सुनाइदिन्छौं । ल भन्नुस् त अरूलाई लागेको/चाहिएका कुरा ?

**देवीमाया विक** : चाहिन त सबैथोक चाहिएको छ । खेती पनि छैन । अलिकति भएको जग्गा डोजरले खनेर सकियो । दैनिक रोजगारी गरेर छोराछोरी पालिरहेकी छु। कमाउने मानिस कोही छैन । त्यसैले हामीजस्ता गरिबलाई सरकारले केही गरिदिए हुने थियो । काम नगरी खान पाइँदैन । छोराछोरी साना छन् ।

**सहजीकरण गर्दै** : सरकारले गरिदिनुपर्‍यो भन्नुभयो, तर केचाहिँ गरिदिनुपर्‍यो ?

**देवीमाया** : यसो छोराछोरीलाई पढाउन र खान सरकारले सहयोग गरे हुने थियो । जागिर पनि मिलाइदिनुपर्‍यो ।

**सहजीकरण गर्दै** : पढाउन त सरकारले पैसा लिएको छैन नि, निःशुल्क पढाएको छ





हैन र ?

**देवीमाया विक** : निःशुल्क भनेको छ तर जाँच फिस तिर्न परिहाल्छ । गरिबका लागि विशेष व्यवस्था गरिनुपर्छ ।

**होतराज ढकाल (नेकपा एमाले, जिल्ला कमिटी सदस्य)** : हाम्रो यो ठाउँमा अभाव नै अभाव छ । राज्यले अब बन्ने संविधानमा हाम्रा बस्ती विकास हुने, शिक्षामा अगाडि बढाउने खालका कार्यक्रम राख्नुपर्‍यो । अब बन्ने संविधानमा गुणस्तरीय शिक्षा र सैद्धान्तिक ज्ञान नभएर प्रयोगात्मक शिक्षाको व्यवस्था गर्नुपर्‍यो । कुमालहरू आफ्नो पेसा छाडेर अरू पेसा गर्न लागिपरेका छन् । कुमालेको पेसा दिनप्रतिदिन संकटमा परेको छ । जुद्धशमशेरको पालामा चलेको जस्तो चर्खा नभएर यो ठाउँमा आधुनिक चर्खाको व्यवस्था होस् । आधुनिक भट्टीको व्यवस्था होस् । यहाँ ज्वरो आएर कोही बिरामी भए भने सिटामोल पाइने अवस्था छैन । स्वास्थ्य चौकीको व्यवस्था गरिनुपर्छ । हामीमा चेतना र शिक्षाको कमीले गर्दा केही पनि बोल्न सकिरहेका छैनौं । त्यसैले हामीले भनेको कुरा थाहा पाउन गुणस्तरीय शिक्षाको व्यवस्था पहिले हुनुपर्ने हो । सिटामोल कहाँ पाइन्छ भन्ने पनि हामीलाई थाहा छैन । सिटामोल पाइहाले पनि त्यो कसरी खाने हामीलाई थाहा छैन । त्यसैले यस्ता चेतना दिने र ज्ञान दिने कार्यक्रम सरकारले हाम्रा लागि व्यवस्था गरोस् ।

कुमाल अहिले लोपोन्मुख जातिको रूपमा रहेका छन् । उनीहरूको उत्थानको व्यवस्था सरकारले गर्नुपर्‍यो । रोजगारीको व्यवस्था सरकारले गर्नुपर्ने । स्वास्थ्य चौकीको व्यवस्था पनि निक्कै खाँचो छ कुमाल बस्तीमा । हामी कुमाल जातिको पेसा माटाका भाँडा बनाउने हो त्यो पेसा अहिले हराइसकेको छ, त्यसैले सो पेसा-व्यवसायको संरक्षणका लागि अब बन्ने संविधानमा सीपमूलक शिक्षाको व्यवस्था र आधुनिक चर्खाको व्यवस्था गरिदिए हुन्थ्यो ।

**सहजीकरण गर्दै** : के साँच्चै तपाईंहरूलाई प्रयोगात्मक शिक्षा, स्वास्थ्य सेवा, रोजगारी आदि चाहिएको हो त ?

**भक्तबहादुर** : चाहिएको त छ नि, एउटा हेल्थपोष्ट छ, त्यहाँ गयो भने पैसा ले भन्छन् । अब हामी दलित जाति पढालेखा छैनम । दलित जातिलाई पढाउने भनेका छन्, पाउनु केही छैन । घरबारी बेचेर छोराछोरी पढाएका छौं । पढाउने बेलामा पढायो पढायो, पाउने बेलामा केही छैन । दलित जातिलाई के-के दिने रे भनेर रेडियो क्यासेटमा भन्न त भन्छ तर हामीले चाहिँ केही पाएका छैनौं ।

**सहजीकरण गर्दै** : तपाईंका छोराछोरीले कति पढ्नुभएको छ ?

**भक्तबहादुर** : छोराछोरीले त होइन, नातिहरू पढिरहेका छन् । एउटा ८ मा र अर्को ९ मा ।

**बद्री नयाँघरे** : अघि यहाँ उठेका समस्या तपाईंहरूका वास्तविक समस्या हुन् कि

होइनन् ?

**लक्ष्मीदेवी कुमाल** : सीपमूलक कार्यक्रमको व्यवस्था भइदिए राम्रो हुन्थ्यो होला ।

**नयाँघरे** : महिलाका लागि कुरा गरिरहनुभएको हो तपाईंले ?

**लक्ष्मीदेवी कुमाल** : महिलाको कुरा गर्न त आउँदैन कहाँ पुरुषका लागि पनि बोल्नु ? हामीलाई सीपमूलक कार्यक्रम आइदिए धेरै राम्रो हुने थियो किनकि हामी महिला पछाडि छौं । शिक्षा नभएका कारण बोल्न सकिरहेका छैनौं । संविधानमा रोजगारी व्यवस्था गर्नुपर्‍यो ।

**शान्ति लामा** : योग्यताअनुसारको रोजगारीको व्यवस्था गर्नुपर्‍यो हैन त ?

**लक्ष्मीदेवी कुमाल** : हो । योग्यताअनुसारको रोजगारी व्यवस्था गर्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : अरूचाहिँ के-के चाहियो ? यति मात्र भए पुग्ला त ?

**धनहरि सुवेदी** : स्थानीय स्तरमा उत्पादित हुने कच्चा पदार्थलाई सुहाउने खालको स्थानीय उद्योगको व्यवस्था गरिदिए राम्रो हुन्थ्यो । किसान लाभान्वित भई सबैले रोजगारी पाउने थिए ।

**सहजीकरण गर्दै** : के उद्योग खोल्दा राम्रो हुन्छ ?

**धनहरि** : जुनारको जुस, साबुन फ्याक्ट्री, खेतीपातीका निम्ति सिँचाइ व्यवस्था होस् । लिखुको पानी त्यत्तिकै खेर गइरहेको छ । त्यो पानीलाई व्यवस्थित गरेर त्यहाँ माछापालन गर्न सकिन्छ । यति भइदिएदेखि साँघुटारका कृषक धेरै नै लाभान्वित हुने थिए ।

**आशा थापा** : बाटो खनेको छ । यातायातको राम्रो व्यवस्था भइदिए हुन्थ्यो कि । अब पिच भए राम्रो हुने थियो । यातायात व्यवस्था नभएको कारण यहाँ प्रतिभा बाहिर जान सकिरहेको छैन ।

**कमलराज सुवेदी** : कृषि व्यवसायलाई अगाडि बढाउने व्यवस्था गरिदिए हुन्थ्यो । खेती किसानी नै हाम्रो मुख्य पेसा हो । कृषिका लागि चाहिने मल, बीउ सस्तो मूल्यमा व्यवस्था गरिदिए हामी कृषक धेरै नै लाभान्वित हुने थियौं । धेरै उत्पादन गर्नका लागि तालिमको व्यवस्था गर्नुपर्ने । पशुपालन गर्नेलाई राम्रो तालिम दिनुपर्ने । शिक्षा पाएकाहरू यत्तिकै बसेका छन्, उनीहरूलाई पनि रोजगारीमूलक शिक्षाको व्यवस्था गर्नुपर्ने । त्यसैले अब बन्ने संविधानमा यसका लागि केही व्यवस्था गरिदिए हुन्थ्यो ।

**चन्द्रप्रसाद कुमाल** : अलिकति जग्गा थियो त्यो पनि बाटोले लगिदियो । भएको थोरै जग्गाले खान पुग्दैन । हात अपांग छ । अपांगले पनि केही पाउँछन् भन्थे तर केही पाएको छैन । भारी बोकेर खान्थे, खुट्टा बिरामी भएका कारण अब सक्दिनँ । केही पनि छैन । ६० वर्ष भए पैसा पाउँछ भन्थे तर अहिलेसम्म पाएको छैन ।

**सहजीकरण गर्दै** : सरकारले काम गर्न नसक्नेलाई भत्ताको व्यवस्था गर्नुपर्‍यो भन्न खोजनुभएको हो ?





**चन्द्रप्रसाद** : भनेको त हो नि खै ।

**सहजीकरण गर्दै** : यहाँका कुमाल जातिको भाँडा बनाउने प्रमुख काम हो, त्यसको एउटा फ्याक्ट्री खोल्न पाएदेखि हुन्थ्यो भन्न खोज्नुभएको हो ?

**चन्द्रप्रसाद** : हैन भाँडा बनाउन म जान्दिनँ । हातले हुँदैन ।

**सहजीकरण गर्दै** : तपाईंले भाँडा बनाउन नजाने पनि अरू काम गर्न त हुन्छ नि । कसैले माटो मुछ्न, कसैले भाँडा सुकाउछन् । यस्तै-यस्तै ?

**चन्द्रप्रसाद** : भनेको त हो नि, त्यस्तो भए त राम्रो हुने थियो । सबैले काम पाउने थिए ।

**लक्ष्मीदेवी प्रधान** : हामी कुमाल जातिका लागि रोजगारीको व्यवस्था हुनुपर्छ । सीपमूलक तालिमको पनि व्यवस्था गरिनुपर्छ । सरकारले अबको संविधानमा काम गर्न नसक्नेहरूका लागि वृद्धभत्ताको व्यवस्था गर्नुपर्‍यो । नयाँ-नयाँ बीउबिजनको व्यवस्था गरिदिए अझ राम्रो हुने थियो ।

**सहजीकरण गर्दै** : अरू कुरा भए सबैले यही मौकामा राख्नु होला है । एक दुईजनाले मात्र बोलिराख्नुभएको छ । सबैले बोल्नुपर्‍यो ।

**लक्ष्मीदेवी कुमाल** : थाहा भएको जानेको कुरा त हामी भन्थ्यौं । अरू तपाईंहरूले नै मिलाएर राखिदिनुपर्‍यो । हामीलाई थाहा छैन ।

**सहजीकरण गर्दै** : हामीले नै राख्ने भए त किन यति दुःख गरेर तपाईंहरूको गाउँमा आउनुपर्थ्यो र । कुनै एउटा ठाउँमा बसेर लेखेको भए भइहाल्थ्यो नि । तपाईंहरूलाई के समस्या छ ? के गाह्रो छ भन्ने कुरा एकछिन आउने हामीलाई कसरी थाहा हुन्छ र ? तपाईंहरूले नै भन्नुपर्‍यो नि तपाईंहरूलाई के आवश्यक छ, कस्तो समस्या छ भनेर ?

**आशा थापा** : यस्ता खालका कार्यक्रमचाहिँ बेलाबेलामा आइराखे राम्रो हुने थियो । हामी कार्यक्रम सुरु गर्छौं तर निरन्तरता दिँदैनौं त्यसैले कार्यक्रमको फलोअप पनि गरिरहनुपर्‍यो । यहाँका स्थानीय जनतालाई बुझ्ने भाषामा सिकाइनुपर्छ । हामीले कार्यक्रममा लगानी गरेका छौं । एकपटक कार्यक्रम गर्‍यौं, अब सक्यौं भन्ने होइन । प्याकेजको रूपमा नै कार्यक्रम ल्याइदिनुभए झन् राम्रो हुने थियो ।

**सहजीकरण गर्दै** : यो कुमालको छुट्टै भाषा छ हैन त ? नेवारी भाषा नै बोल्नुहुन्छ कि कुन हो तपाईंहरूको भाषा ?

**सामूहिक स्वर** : नेवारी भाषा नै हो । तर, कसैले पनि जानेका छैनन् ।

**सहजीकरण गर्दै** : हाम्रो पिँढीलाई हाम्रो भाषा आउँदैन भने भोलिका सन्ततिलाई के आउला र ? यो भाषाको जर्गेना होस् । यसको संरक्षण होस् भन्ने लाग्दैन तपाईंहरूलाई ?

**लक्ष्मीदेवी कुमाल** : एक दुई शब्द त आउँछ । दिदीलाई निनी भन्छन्, हजुरबा हजुरआमालाई अजाअजी भन्छन् । मकैलाई लाउजा, यस्तैयस्तै मात्र हो । मलाई भन्दा बढी

बरु तपाईंहरूलाई नै थाहा होला ।

**सहजीकरण गर्दै** : तपाईंहरूलाई भाषा संरक्षण होस् भन्ने लाग्दैन ?

**लक्ष्मीदेवी** : लाग्छ नि हामीलाई त । पहिलेपहिले हाम्रा बुबाले नेवारी भाषा बोल्थे तर अहिले कसैले पनि बोल्दैनन् । भाषा विस्तारै लोप हुँदै गएको छ । हामीलाई हाम्रो भाषा बोल्न मन लाग्छ । बाआमासम्मले बोलेका हुन् तर विस्तारै खसभाषा मात्र बोल्न थालियो ।

**सहजीकरण गर्दै** : टिभी, रेडियोमा, हामीले पटक-पटक सुनेका छौँ कि यो देश संघीयतामा जाँदैछ भनेर । के होला संघीयता भनेको ?

**सामूहिक स्वर** : सुन्न त सुनेको हो तर के हो थाहा छैन ।

**सहजीकरण गर्दै** : हामी नागरिकता बनाउनका लागि मन्थली जान्छौं नि । तर, देश संघीयता भएको खण्डमा नागरिकता बनाउन, जग्गा पास गर्न साँघुटारमा नै गए पुग्छ भन्ने कुरा हो क्या । एउटा जग्गा पास गर्न मन्थली धाउनुपरेन । साँघुटारको केन्द्र साँघुटारमा बनाउने हो कि, यही कुमाल बस्तीमा बनाउने हो कि, देउरालीमा बनाउने हो कि भन्ने कुरा नै संघीयता हो ?

**लक्ष्मीदेवी कुमाल** : आवश्यकताचाहिँ चौपट्टै थियो । यसो बुझ्दा राम्रो भन्ने लाग्यो नि, सुविधा पाए त कसले पो नाइ भन्छ र ?

**इन्द्रलक्ष्मी प्रधान** : साँघुटारमा नै नागरिकता बनाउने, जग्गा पास गर्न मिल्ने भइदिएदेखि सरकारलाई हामी धन्यवाद दिने थियौं । विकासका काम यही आइदिए हुनसम्म हुने थियो ।

**बुद्धिबहादुर कुमाल** : नजिकै भए राम्रो हुने थियो । बूढाबूढीले दुःख पाउने थिएनन् । गाडीभाडा तिर्ने पैसा पनि बच्ने थियो । घरको भात खाएर सबै काम गर्न पाए त त्योभन्दा सुविधा हामीलाई के नै चाहियो र ?

**सहजीकरण गर्दै** : हामीलाई संघीयता चाहियो हैन त ?

**सामूहिक स्वर** : चाहियो-चाहियो ।

**सहजीकरण गर्दै** : यहाँ पढेलेखेका दिदीबहिनी पनि हुनुहुन्छ । के जस्तो लाग्छ, संघीयता ?

**आशा श्रेष्ठ** : संघीयता भएमा देशले अझ धेरै अग्रगामी विकास गर्ने थियो । मन्थलीको सट्टामा साँघुटारमा नै सबै काम हुने भयो भने धेरै फाइदा हुने थियो । समयको र पैसाको बचत हुने थियो ।

**सहजीकरण गर्दै** : हामीलाई संघीयता चाहिएको रहेछ । अनि यहाँको कुमाल बस्तीको प्राकृतिक स्रोत के छ होला ? यहाँ तल खोला बगिरहेको छ, बाक्लो वन देखिरहेको छु । प्राकृतिक स्रोतबाट आएको पैसा के होस् जस्तो लाग्छ ? जस्तै, खोलाको बालुवा बेचेको पैसा ।





सबै सरकारले नै लगोस भन्ने लाग्छ कि हैन कुमाल समुदायले नै राख्नुपर्छ भन्नुहुन्छ ? यो सामुदायिक वनको पैसा हामीले नै चलाउन पाइयोस् भन्ने लाग्दैन ? आफै विकास गरौं जस्तो लाग्दैन् ? सामुदायिक वन छ कि छैन यहाँ ?

**लक्ष्मीदेवी प्रधान** : समिति छ, त्यसले पैसा उठाउँछौं । त्यो पैसा सस्तो व्याजमा बाहिरका मानिसलाई पनि दिने गरेका छौं । ४/६ महिनामा उठाउने गरेका छौं ।

**सहजीकरण गर्दै** : त्यो पैसाले के गर्नुभएको छ ?

**लक्ष्मीदेवी** : त्यो पैसाले बाटो बनाउने, साँस्कृतिक कार्यक्रम गर्ने गरेका छौं ।

**सहजीकरण गर्दै** : समितिमा कतिजना कुमाल हुनुहुन्छ ?

**लक्ष्मीदेवी** : समितिमा हामी कुमाल जाति नै छौं धेरैजसो ।

**सहजीकरण गर्दै** : त्यो पैसाले कुमाल जातिका लागि के गर्नुभएको छ नि ?

**लक्ष्मीदेवी** : लोप हुन लागेकाले कुमालको हितका लागि कार्यक्रम भएको छैन । समुदायको हितका लागि कार्यक्रम भइरहेको छ । कसैलाई पैसा चाहिएमा हामी सस्तो व्याजदरमा दिन्छौं ।

**रामकुमारी विक** : सामुदायिक वनले यस्तो लगानी गऱ्यौं भनेका छन् तर हामीलाई थाहा छैन । दिलकुमारी विक समितिमा हुनुहुन्छ । दाउरा-घाँस सबैले पाएका छन् । यति पैसा चाहियो भन्दा अहिलेसम्म पाएका छैनौं ।

**लक्ष्मीदेवी** : मिटिङमा उपस्थित हुनुपऱ्यो । आफूलाई चाहिएको बेलामा भन्नुपऱ्यो । भन्दै नभनेपछि त कसरी थाहा हुन्छ र ? फेरि यो कुरा उहाँहरूलाई सुनाउनुपर्ने जरुरी नै छैन । हाम्रो कुरा हो । बोलाको बेलामा मिटिङमा भेला हुनुपर्छ ।

**सहजीकरण गर्दै** : ल ठीकै छ, यो कुरामा पछि तपाईंहरू छलफल गर्नुस् । अनि यो वनबाट आएको पैसा अहिले तपाईंहरूले जसरी चलाइरहनुभएको छ, त्यसरी नै चलाउन पाइयोस् भन्ने लागेको छ कि हैन सरकारले सबै पैसा लगोस् भन्ने लागेको छ ?

**नीलबहादुर प्रधान** : उपभोक्ताले नै पैसा चलाउन पाए राम्रो नि । आफ्नो गाविसभन्दा बाहिर पैसा नजाओस् । स्थानीय स्रोत-साधनमा स्थानीय जनताले पहिलो प्राथमिकता पाऊन् । राज्यले यसको प्रयोग गर्न नपाओस् । यहाँका जनताले नै प्रयोग गर्दा धेरै राम्रो हुने थियो । सबै जातजातिको उत्थानका लागि केही व्यवस्था गर्नुपऱ्यो ।

**बुद्धिबहादुर कुमाल** : हाम्रो वनबाट आएको पैसा राज्यलाई किन दिने ? हामीलाई नै चाहिन्छ । यहाँको सुविधा त हाम्रो हो । जनता गरिब छन् त्यसैले जनताले प्रयोग गर्न पाउनुपर्छ ।

**खडानन्द सुवेदी** : चाहिने घाँसदाउरा सबै त्यही वनबाट नै ल्याउने गरेका छौं । त्यही भएको वन पनि सरकारलाई दिएपछि त हामीले चलाउनै पाउँदैनौं । अरू त के भनौं, गरिब

छ, ६/७ जना छोराछोरी छन् । छोराछोरीलाई बल्लबल्ल पढाएको थिएँ । रोगजार पाएका छैनन् । सिलाङ गएका छन् । सबैले रोजगार पाऊन् । ११, १२ कक्षा पास गरिसके ।

**सहजीकरण गर्दै** : विभिन्न जातिले हामीलाई छुट्टै राज्य चाहिन्छ भनेर आवाज उठाइरहेका छन् । नेवार जातिले पनि नेवाः गणराज्य चाहिन्छ भनेर आवाज उठाइरहेका



*छलफलमा साँघुटारका स्थानीय बासिन्दा*

छन् । यदि उनीहरूले माग गरेको जस्तै जातीय आधारमा देश संघीयतामा गयो भने तपाईंहरू त नेवाः राज्यमा पर्नुभयो । त्यो राज्यमा प्रशासनिक कामका लागि हाम्रो आफ्नै भाषा चाहिन्छ भनेर भनिरहेका छन् । त्यस्तो भयो भने त गाह्रो पर्ने भयो नि तपाईंहरूको त भाषा नै रहेनछ ?

**खडानन्द** : प्रशासनिक कामका लागि नेपाली भाषा नै बोल्नुपर्छ । अरू भाषा हामीलाई आउँदैन । कुमाललाई पनि उनीहरूको भाषा आउँदैन । त्यसैले नेपालीमै कुरा गरे सबैले बुझ्ने थिए ।

**नीलबहादुर प्रधान** : सबै जातजाति र भाषाभाषी भइदिए राम्रो । लोप हुन लागेको भाषाको पनि उत्थान हुनुपर्‍यो । जानेका छैनौँ त सिकाउनुपर्‍यो । आफ्नै भाषा र भेष भएको राम्रो ।

**संगीता प्रधान (कुमाल)** : आफ्नै भाषामा किताब पढ्न पाए हुने थियो ।

**सहजीकरण गर्दै** : पढाउने मान्छे छन् त ?

**संगीता** : नेवारी भाषाबारेमा तालिम दिनुपर्‍यो नि । नेवारी भाषामा नै पढ्न पाएदेखि धेरै राम्रो हुने थियो ।

**सहजीकरण गर्दै** : सुशासन, स्वायत्त राज्य भन्ने कुरा उठिरहेको छ नि । के बुझ्नुभएको छ यसका बारेमा ?





**आशा थापा** : स्वायत्त शासन भनेको मलाई स्पष्ट रूपमा भन्न त आएन तर पनि स्थानीय जनताले आफ्नो छुट्टै राज्यको माग गर्ने, स्थानीय स्तरमा आफै हर्ताकर्ता भएर काम गर्न पाइने होला, आफ्ना लागि आफै काम गर्न पाइयोस् भनेर माग गर्ने कुरा होला जस्तो लाग्छ ।

**नीलबहादुर प्रधान** : हामी त कृषक हौं । खेती गर्नबाहेक केही पनि जानेका छैनौं । यसो एक दुईवटा कुरा तपाईंहरूले बताइदिनुभएमा हामीलाई थाहा हुने थियो । जानेका मानिसले पहिले सिकाउनुपर्‍यो नि ।

**नीरमाया कुमाल** : जानेका छैनौं । कतै हिँडेका छैनौं । बाहिर गए, कार्यक्रममा भाग लिए पो थाहा हुन्थ्यो । यही बसेका छौं, भातपानी गरेका छौं, काम बित्यो भनेको छ । सधैं घाँसदाउरामा नै लागिपरेका छौं के थाहा हुन्छ र ? यो कुरा भन भनेर सिकाउने कोही छैन । सधैं बाख्रा, गाईवस्तु भन्यो काम गर्‍यो ।

**सहजीकरण गर्दै** : चुनावमा भोट माग्न आए ?

**नीरमाया कुमाल** : आउँछन् नि, उनीहरूको काम नै भोट माग्नु हो ।

**सहजीकरण गर्दै** : भोट माग्न आउँदा केही सोध्नुभएन त ?

**नीरमाया** : भोट दिनुस् भने हामीले दियौं । बुझाएर बस्ने फुर्सद कसको ? जसलाई भोट दिए पनि हामी के ?

**सहजीकरण गर्दै** : तिम्रो पार्टीलाई भोट दिए हामीले के पाउँछौं भनेर सोध्नुभएन ?

**नीरमाया** : हामीले त सोधेनौं ।

**सहजीकरण गर्दै** : ल ठीकै छ । सुशासन भनेको हाम्रा लागि अरूले शासन गर्ने होइन कि आफैँ शासन गर्ने कुरा हो ।

**लक्ष्मीदेवी प्रधान** : हामीलाई चाहिँ सुशासन नै होस् । सुशासन भएर छुट्टै राज्य भयो भने आफूले गर्न खोजेको काम गर्न सकिन्छ ।

◆◆◆




# रस्नालु

*रामेछापको रस्नालु गाविसमा २०६६ मंसिर १९ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** भयो । छलफलमा ५० जना सहभागी रहे ।*

*रस्नालुको पूर्वमा ठोसे, पश्चिममा बेताली, दक्षिणमा प्रिती र गुप्तेश्वर गाविस पर्छ भने उत्तरमा दोलखाको मालि, ठूलो पातल र जिरी गाविस पर्छ ।*

*समुद्री सतहबाट १७ देखि १८ हजार फिट उचाइँमा रहेको यो ठाउँमा कोदो, मकै गहुँ उत्पादन हुन्छ । माग बढ्न थालेपछि अहिले यहाँका कृषक आलु खेतीतिर आकर्षित भएका छन् । चिराइतो, मजिटो, लोठसल्लाजस्ता जडीबुटी यस क्षेत्रमा प्रशस्त पाइन्छ । यो गाविसको क्षेत्रफल ३२६६.१८ हेक्टर रहेको छ ।*

*जाडो महिनामा यहाँ तुषारो पर्छ, पानी पर्न थालेपछि हिउँ पनि पर्छ । गर्मी महिनामा पनि यहाँ चिसो नै हुन्छ । यो ठाउँमा शेर्पा जातिबाहेक विश्वकर्मा, क्षेत्री, सुनुवार, तामाङको बसोबास छ । यहाँका अधिकांश मानिस कृषि पेसा गर्छन् । यसबाहेक कोहीकोही ज्यामी काम गर्छन् ।*

*बुद्धधर्म मान्ने शेर्पा जाति गौतम बुद्धको पूजा गर्छन् । यहाँका शेर्पा ह्याल्मो ल्होसार मनाउँछन् । विवाह, ब्रतबन्धमा लामा पढाउँछन् । यसबाहेक दशैं, तिहारजस्ता चाड उनीहरू मनाउँछन् । सँस्कृति झल्काउन पुरुष बक्खु, टोपी लगाउँछन भने महिला दरमिल, मटिल लगाउँछन् । ५०-६० घरधुरी रहेको शेर्पा जातिको भाषा भने विस्तारै लोप हुँदै गएको छ ।*

**कार्यक्रम सुरु गर्दै टीका भट्ट** : संघीयता र नयाँ संविधानका बारेमा रस्नालुका शेर्पा जाति के चाहन्छन् ?, उनीहरूको बुझाइ के छ, अबको संविधानमा यहाँका शेर्पाका के कस्ता





कुरा भइदिए हुने थियो, संघीयता कस्तो हुनुपर्छ ? संघीयताको स्वरूप कस्तो हुनुपर्छ ? लगायतका कुरा थाहा पाउन हामी हाम्रा कुरा भन्ने भन्दा पनि तपाईंहरूका कुरा सुन्न आएका हौं । तपाईंहरूका कुरा हामी रेकर्ड गरेर लानेछौं र जस्ताको तस्तै यहाँका सभासद् नेताहरूलाई सुनाउने काम गर्छौं । एउटा जिल्ला सदरमुकाम र केन्द्रमा मानिस राखेर कार्यक्रम गर्छौं । कार्यक्रममा विधायक, प्रशासक, नागरिक समाजका अगुवा, पत्रकार बसेर यहाँका जनजातिको आवाज यस्तो छ, उनीहरू संघीयताका बारेमा यस्तो चाहन्छन् भन्ने कुरा तपाईंहरूकै आवाजमा सुनाउँछौं । त्यसपछि त्यो कार्यक्रममा एउटा निचोड निकाल्ने प्रयास गर्नेछौं । यो कार्यक्रम र त्यसबेला हुने छलफलबाट आएको निचोडलाई मिलाएर एउटा डकुमेन्ट्री, रेडियो कार्यक्रम र मनोग्राफ बनाएर सभासद्हरूलाई दिनेछौं । संविधानसभाको भइसकेपछि नेताहरू तपाईंका गाउँघरमा आउनुभयो । तपाई हामी नागरिकलाई भेट्नुभयो । कतिलाई भेट्न पाउनुभएन । त्यसपछि विधायकहरू संविधानमा राख्नुपर्ने कुराका लागि प्रश्नावली लिएर गाउँगाउँ जानुभयो । कतिले त्यो प्रश्नपत्र भर्न पाउनुभयो कतिले पाउनुभएन । त्यो बेलामा छुटेका कुराहरूलाई भन्ने ठाउँको रूपमा पनि यो कार्यक्रमलाई लिन सकिन्छ । त्यसकारण हामीले रामेछापका पिछडिएका जनजाति भएका १० ठाउँमा कार्यक्रम गर्ने निधो गरेका थियौं ।

अबको संविधानमा तपाईंहरूका बढीभन्दा बढी कुरा समेटिऊन् भन्ने हामी चाहन्छौं । अहिलेको संविधानमा के कुरा कमी छ, कस्ता-कस्ता क्षेत्रीय, जातीय, वर्गीय अधिकार संविधानले ग्यारेन्टी गर्नुपर्छ, यी कुराहरू तपाईंहरूले भनिदिनुहोला । त्यसैले तपाईंहरूको मनमा भएका कुरा हामीलाई निर्धक्क भएर भन्न सक्नुहुनेछ । अब यो कार्यक्रमलाई सहजीकरण गरिदिनुहुन म शान्ति लामालाई अनुरोध गर्छु ।

**सहजकर्ता शान्ति लामा** : धन्यवाद टीका सरलाई । अब म कार्यक्रम अगाडि बढाउन लागिरहेकी छु । के अनुमति छ ?

**सामूहिक स्वर** : छ, छ ।

**सहजीकरण गर्दै** : यहाँहरूले भोट दिएर नेताहरूलाई संविधान बनाउन पठाइसक्नुभएको छ । संविधान निर्माण हुँदैछ । नयाँ संविधान बनाउनका लागि सबैजना लागिपरेका छन् । तपाईंहरूको विचारमा संविधान भनेको के होला ?

**डोमा शेर्पा** : के होला, के होला पढेलेखेकी छैन । थाहा छैन ।

**सहजीकरण गर्दै** : जानेको त भनिदिनुस् न ?

**डोमा** : जान्दै जान्दैन । त्यति भनी त हाल्यो, सक्किई त हाल्यो ।

**मिङ्गु शेर्पा** : संविधान भनेको नियम कानुन बनेर आउने कुरा हो जस्तो लाग्छ । शिक्षाका लागि, पीडित महिला र जनजातिका लागि राम्रै संविधान बनेर आइदिए हुने थियो ।

**श्याम शेर्पा** : देश चलाउन नियम कानुन बनाउनैपर्ने हुन्छ । त्यसैले यो नियम कानुन

बनाउने कुरा नै संविधान हो ।

**मिङ्मा शेर्पा** : शेर्पा समाजमा कमजोरी छ । यहाँका मानिस हाइ (माथिल्लो) स्तरमा छैनन् । त्यसैले संविधान हामी शेर्पा जातिलाई हित हुने खालको बने हुने । हामी जनजाति सधैं पछाडि छौं, अगाडि बढ्न सकेका छैनौं । रोजगारी पाउने, सबैको हित हुने खालको संविधान बनोस् । संविधान जता पायो उता उछिट्टिएर नजाओस् ।

**सूर्यबहादुर बस्नेत** : संविधान देशको मुख्य कानुन हो । यो कानुन जनताले मान्नुपर्छ । जनताले चाहेको जस्तो कानुन बन्नुपर्छ । संविधानमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका हुन्छ । यिनैले चलाउने हो । संविधान दुई किसिमको हुन्छ । एउटा, लिखित र अर्को मौखिक । हाम्रो देशको संविधान लिखित संविधान हो ।

**सहजीकरण गर्दै** : संविधान भनेको देशको मूल कानुन हो । हाम्रो देशमा सबैजना संविधान बनाउन लागिपरेका छन् । यो संविधान कहिलेसम्म हाम्रो हातमा पर्नुपर्ने हो ?

**पेम्बा शेर्पा** : रेडियो, पत्रिका अनि विज्ञापनमा सुनेअनुसार, जनताले आन्दोलन गरेर उनीहरूलाई (नेताहरू) कराउँदाकराउँदा बल्ल अहिले आएर जेठ १४ गते संविधान घोषणा गर्छु भनेका छन् । हुने हो होइन त्यो पनि थाहा छैन । संविधानको खाका कोरिँदाखेरी गरिब, बेरोजगारी, भोकानाङ्गा, पछि परेका जनताको हितमा हुनुपर्ने हो । तर, सरकारले पनि वास्ता गर्न सकेको छैन । हामीले हेर्दा सरकार नै भ्रष्टाचारी देखिरहेका छौं । कठपुतली जस्तो भएर सरकार बसेको छ । यसको हामी विरोध पनि गरिरहेका छौं । कुन किसिमले विरोध गरिरहेका छौं भन्दाखेरी ऊ किन जनताको छोरापट्टि दृष्टि लगाउँदैन । जनतालाई वास्ता नगरेर खाल्डोमा हाल्ने विचार छ कि ? जमिनदार, सामन्तीका लागि संविधान बन्दैन, गरिब जनताका लागि संविधान बन्छ भने उनीहरूका कुरा सुनिनुपर्छ । मतवाली दलितका कुरालाई ध्यान दिनुपर्छ । हामी नाङ्गोले लगाउन पाउनुपर्छ, भोकाले खान पाउनुपर्छ, बेरोजगारीले रोजगारी पाउनुपर्छ भनेर दाबीविरोध गर्दै गाउँगाउँ हिँडिरहेका छौं । हाम्रा यी कुरा पूरा हुनैपर्छ ।

**सहजीकरण गर्दै** : विगतमा पनि धेरै संविधान बने, अहिले नयाँ संविधान बन्न लागिरहेको छ । विगतको संविधान र अहिलेको संविधानमा के कुराचाहिँ फरक पाउनुभएको छ तपाईंहरूले ?

**निम्लेकी शेर्पा** : तर कहिले पनि गरिब जनजातिका लागि संविधान बनेको जस्तो लाग्दैन । त्यही भएर जहिले पनि निसाफ कोल्टेको कोल्टेई जस्तो लाग्छ । त्यही भएर अब आउने संविधानले चाहिँ जनजाति, सबै गरिब जनतालाई निसाफ दिएमा हामीलाई धेरै खुसी लाग्छ ।

**सहजीकरण गर्दै** : के फरक पाउनुभएको छ, पहिले र अहिलेको संविधानमा ?

**मिङ्गेलु शेर्पा** : हामीजस्ता पछाडि परेका जनजाति र गरिबलाई कहिल्यै पनि सरकारले





हेर्न सकेन त्यसैले अब बन्ने संविधान सबैलाई समान खालको व्यवहार गर्ने खालको हुनुपर्‍यो

**आङ्गनिमा शेर्पा** : २००७, २०१५, २०४७ को संविधानमा पनि हामी जस्तो सामान्य जनतालाई आधार बनाएर यसो गर्छौं, उसो गर्छौं भनेर हकहितका कुरा, अधिकारका कुरा बोल्दै नेताहरू हाम्रो नजिकमा आएका थिए । तर, नेपाली जनता जहानियाँ राणा शासनदेखि पिल्सिँदै आइरहका छन् । अहिलेको अवस्थासम्म पनि कुनै परिवर्तन आएको छैन । २०६४ सालमा संविधानसभाको निर्वाचन भएको छ । अबको संविधानमा सबै साधारण जनता, भाषाभाषी, वर्गबारेमा कुरा लेखिन्छन् भनेर नेताहरूलाई हामीले भोट दिएर पठाएका छौं । सभासद्हरू संविधान लेख्ने काममा लागिपरेका पनि होलान् तर पनि सरकार सञ्चालन गर्ने काममा, कुर्सी ओगट्ने होडबाजीमै उनीहरू अल्मलिएको हामी देखिरहेका छौं । त्यही भएर समयमै संविधान बन्छ कि बन्दैन, हाम्रो हातमा पर्छ कि पर्दैन भन्ने निकै गम्भीर विषय हो । संविधान बन्दाखेरी हामीजस्तो पिछडिएका, गाउँमा बस्ने जनताका कुरा कसरी लेखिन्छन् भनेर हेर्न बाँकी नै छ । औंला ठड्याउन बाँकी नै छ । हामी अशिक्षित छौं । हामीलाई केही पनि थाहा छैन । संविधानका बारेमा हामीहरूलाई सोधिएको छ । तर, यसका बारेमा हामी बोल्न नसक्ने अवस्थामा छौं ।

यहाँ संघीयताको कुरा आएको छ । अब हामीले कसरी भन्न सक्छौं कि संघीयता भनेको के हो ? संविधानमा के कुरा लेखिएको छ ? हामी कसरी भन्न सक्छौं ? संघीयताको कुरालाई हामीले स्पष्टसँग बुझ्नुपर्छ । जेठ १४ गतेभित्र संविधान हाम्रो हातमा परिसक्नुपर्छ । २०४७ सालमा जस्तै सामन्ती संस्कार भएका मानिसलाई सहज हुने खालको संविधान बनाएर पुग्दैन । अबचाहिँ हामीजस्ता सर्वहारालाई काम लाग्ने खालको संविधान बन्नुपर्छ भन्ने हाम्रो मान्यता हो । हामीले गास बास, कपास, रोजगारी, शिक्षा, स्वास्थ्य सेवा पाउन सकौं, ग्यारेन्टी संविधानमा नै होस् ।

**संकिपा शेर्पा** : २०५८ को जनगणनाअनुसार हाम्रो जनसंख्या ०.६६७ प्रतिशत छ । पहिलेको संविधानमा जातीयदेखि लिएर विभिन्न वर्गका कुरालाई उठाइएको थिएन जस्तो लाग्छ । त्यही भएर आज बन्ने संविधानमा चाहिँ जातीय मात्र नभएर वर्गीय कुरालाई उठाइयोस् ।

सबै शेर्पा एकैखालका छैनन् । कोही करोडपति छन्, कोही दलित पनि करोडपति छन् । कोही भारी बोकेर हिँड्ने केही नभएका पनि छन् । त्यस्तै, कोही बाहुन भारी बोकेर हिँडेको पनि हामीले देखेका छौं । त्यसैले अहिलेसम्म वर्गीय हिसाबले संविधान बनेको देखिँदैन । सबैले जाति, नाक हेरेर नै संविधान बनाएका छन् । यसका लागि भन्नुपर्दा जात हेर्नुभएन, वर्ग हेर्नुपर्‍यो । यहाँ हामीले हेर्दा जो गरिब छ, जो निमुखा छ, त्यस्तो व्यक्तिलाई मात्र कानुन लागेको देखिरहेका छौं । त्यसैले सबैलाई समान रूपमा कानुन लाग्ने खालको संविधान बनिनुपर्छ । हिजो भर्खरै हामीले समाचारमा सुन्यौं, जिल्लाको सिडियोलाई मन्त्रीले

कुटेको छ। त्यो मन्त्रीलाई पनि कारबाही गरिनुपर्छ। गरिबका छोराछोरीलाई मन्त्रीका छोराछोरी पढ्ने विद्यालयमा पढ्न पाउनुपर्ने वातावरण अहिलेको संविधानले तयार पार्नुपर्छ। अब कस्तो बन्छ त हेर्न बाँकी नै छ, यदि फेरि पनि गरिब जनताको पक्षमा संविधान बनेन भने त्यो संविधान पनि धेरै दिन टिक्दैन भन्न चाहन्छु।

**फुर्गेल शेर्पा** : २०६७ जेठसम्ममा नयाँ संविधान बन्नुपर्छ भनेर थाहा पाएका छौं।



*छलफलमा आफ्नो आवाज राख्दै रस्नालुका स्थानीय बासिन्दा*

अबको संविधान बन्दाखेरी हामीजस्ता पछि परेका जातिको शिक्षामा जोड दिइनुपर्छ। यसका साथै दलित, मधेसी, पछि परेका सबै जातजाति, वर्गलाई माथि उठाउने खालको संविधान बनाउनुपर्‍यो। जस्तोसुकै व्यक्तिले पनि कानुनको उल्लंघन गरेमा उनीहरूले सजाय पाउने व्यवस्था हुनुपर्छ। यदि जेठ १४ गतेसम्ममा संविधान तयार भएन भने हामीले चुनेर पठाएका विधायकलाई उच्शृंखल शव्द प्रयोग हुनजान्छ। जसरी लोकतन्त्र प्राप्तिका लागि जनता २०६२⁄२०६३ मा सडकमा उत्रिएका थिए त्यसरी नै जनता पुनः सडकमा उत्रिन बाध्य हुनेछन्। अबको संविधान जनतामुखी हुनुपर्छ।

**सहजीकरण गर्दै** : संघीय भनेको के होला जस्तो लाग्छ ?

**फुर्गेल शेर्पा** : संघीयता भनेको कुनै पनि काम केन्द्रीय स्तरमा नभई स्थानीय जनताले नै गर्ने हो जस्तो लाग्छ।

**सोमछिरिङ शेर्पा** : आफ्ना जातजातिलाई माथि उठाउने चिज नै संघीयता हो जस्तो लाग्छ। हामीलाई अहिलेसम्म पनि शव्दका बारेमा थाहा छैन। हामीलाई शिक्षाको कमी छ । हामी राजनीतिमा पनि हिँडेका छैनौँ। गाउँमा कुटोकोदालो गरेको मान्छेलाई के नै थाहा हुन्छ र ? हामी गरिब जनतालाई, हाम्रो जातिलाई माथि उठाउने खालको संविधान लेखिनुपर्छ।

**दानिमा शेर्पा** : हाम्रो अनुहार हेर्नुस् त, हामीले बिहान-बेलुका के खायौं होला, हामीले के काम गर्‍यौं होला। हेर्दा पनि थाहा हुने कुरा हो। आज पनि ढुङ्गागिटी बोकेको छ, भोलि





पनि त्यही काम गर्नु छ। यति काम गर्दा पनि हाम्रा जहान, छोराछोरी भोकै बस्न बाध्य छन्। बेरोजगार भएपछि कसले पाल्छ हामीलाई ? त्यसैले रोजगारी पाउनुपर्छ। छोराछोरी, नातिनातिना धेरै छन्, स्कुलमा पढाइरहेका छौं। फिस नउठाई स्कुल चल्दैन। सबैले पैसा कसरी दिन सक्छन् ? स्कुल आउँदा घरमा खान केही नहुँदा असिना टिपेर खाएर पनि स्कुल आएका छन् हाम्रा छोराछोरी। त्यसैले हाम्रा छोराछेरीले पैसा नतिरी स्कुल पढ्न पाऊन्। जसरी तपाईंहरू हामीलाई सिकाउन आउनुभयो हाम्रा छोराछेरी पनि त्यही ठाउँमा पुगुन् भन्ने लागेको छ।

जहाँसम्म संघीयताको कुरा आयो, यो पनि गरिबको नै हो। गरिबको गास, बास, कपासमा गएर संघीयता जोडिन्छ जस्तो लाग्छ। अबको संविधानमा १२ कक्षासम्म निःशुल्क पढाइ हुन्छ कि ? सबै मिलेर करायौं भने पक्का हुन्छ।

**तेन्जी शेर्पा** : देश कसरी चल्छ, देशले जनतालाई के गर्छ भन्ने कुरा त हामीले जानेको छैन। हुन त यो नेताले गर्छ ऊ नेताले गर्छ भनेर कुरा धेरै सुन्यौं। तर, सबै जनताले चाहेको भनेको गोलमेच सम्मेलन र संविधान रहेछ। त्यो पनि माओवादीले १० वर्ष युद्ध गरेर र सबै ७ दलले नै मिलेर ल्यायो। हामीले भन्न त भन्छौं सबैलाई कानुनको फन्दामा पार्ने खालको संविधान बनोस्। कस्तो बन्छ भन्ने कुरा त बनेर कार्यान्वयन भएपछि नै थाहा होला। जे भए पनि संविधान चाँडोभन्दा चाँडो बनिनुपर्‍यो। विश्वलाई नै अहिले नेपालमा संविधान छैन भन्ने लागिरहेको छ। नेताहरू पार्टी फुटाएर बस्नमै लागिपरेका छन्। यो स्थितिले संविधान बन्दैन। नेताहरू यहाँ आए भने रुखबाट कराएको चराको बोलीको मान्यता होला, हाम्रो बोलीको मान्यता हुँदैन। देशका जनताले सुख पाऊन्। राम्रो नीति बनोस्, घुसपैठ नहोस्।

**आङ्गनिमा शेर्पा** : संघीयताको कुरा आयो। सबैभन्दा पहिले यसका बारेमा नै सबै थाहा पाउनुपर्छ। के हो यो ? भारतमा भएको जस्तो प्रान्त हो कि ? अमेरिकाको जस्तो संघीयता चाहेको हो कि ? संघीयताका बारेमा कुरा गर्दा यो संघीयता भन्ने शव्दलाई नै विश्लेषण गरेर हेरिनु जरुरी छ।

नेपालजस्तो सानो मुलुकमा संघीयता कसरी अगाडि बढ्ने हो ? भूगोलको हिसाबकिताबले हेर्ने हो भने जनताका हकहितका कुरा पुग्थे कि। केन्द्रीय काम स्थानीय स्तरमा गर्ने कुरा हो कि संघीयता ? जातीय आधारमा देश संघीयतामा जाने भन्ने कुरा आइरहेको छ। कतै शेर्पा स्वायत्त राज्यको कुरा आएको छ कतै नेवाः रे, कतै लिम्बुवान रे, कतै खुम्बुवानका कुरा आइरहेका छन्। संघीयता आफैँमा नराम्रो कुरा होइन तर यसलाई बुझ्नु जरुरी छ। शेर्पा स्वायत्त हुँदा सोलुखुम्बुमा हुने, यहाँ रस्नालुमा भएका शेर्पालाई यसको उपलब्धि नै कति हुन्छ ? रस्नालुको भागलाई सोलुमा जोड्ने हो कि ? मैले यो बुझेकी छैन। नेवार यहाँ पनि छन्, दोलखामा पनि छन्, काठमाडौंलाई नेवाः राज्य बनाएर यहाँका जनताले के पाए ? त्यसैले यो कुरालाई कसरी मिलाउने ?

विगतका संविधानका कुरा गर्दा हाम्रो अवस्थाको पहिचान भएन, हाम्रा कुराहरू कहाँ

राख्ने त्यो थाहा थिएन । यसरी बोल्न पनि पाएका थिएनौं । बल्ल हाम्रो भाषा, सँस्कृति, भेषभूषा, रहनसहनको पहिचान भएर संविधानमा लेखिन्छ होला । अनिमात्र हामीले हिस्सा पाउँछौं भन्ने लागेको छ । त्यो मानेमा संघीयता राम्रो होला ।

संघीयताको कुरा गर्दा पृथ्वीनारायण शाहको पालाभन्दा अगाडि जस्तो देश टुक्रिने त होइन भन्ने पनि लागेको छ । कस्तो खालको बन्ने हो ? यहाँ जे-जति बाहुन, क्षेत्री, जातजाति छन्, सबै मिलेर यहाँको विकास गर्ने, यहाँका स्रोत-साधनको पहिचान गरेर त्यसको उचित सदुपयोग गरेर देशलाई अग्रगतिमा लाँदा राम्रो हुन्थ्यो होला । तर, यहाँ सबैको होड चलिरहेको छ । कांग्रेसको छुट्टै धारणा छ, एमालेको छुट्टै धारणा छ । जुन पार्टी आए पनि हामीहरूले पाउनुपर्ने सुविधा पाएका छैनौं । त्यसैले हामीले पाउनुपर्ने कुरा पाउनुपर्‍यो ।

शिक्षामा निकै पछि छौं, यो ठाउँमा १० जना पनि एसएलसी पास गरेका मान्छे छैनन् । सामान्य जागिरमा ६-७ जना मात्र छन् । त्यसैले यो कुरालाई राज्यले निकै गम्भीरताका साथ लिनुपर्छ । देश हाँक्छौ भनेर हिँडेका नेताहरूले हामीलाई संघीयताका बारेमा जानकारी दिनुपर्छ । संघीयता ठीकै छ भनिदिउँला यसको रिजल्ट भोलि अर्कै आइदेला त्यो बेलामा के हुने ?

**सहजीकरण गर्दै टीका भट्ट** : देश संघीयतामा जाने निर्णय भइसकेको छ । अब देश संघीयतामा जाँदा कसरी जाओस् भन्ने तपाईंलाई लागेको छ ? जातीय आधारमा कि, भूगोलको आधारमा कि, जनसंख्याको आधारमा कि ?

**आङ्गनिमा शेर्पा** : ठ्याक्कै भन्दा भूगोलको आधारमा मान्दा हिमाल, पहाड, तराई । खोलानालालाई आधार मानेर विभाजन गर्दा फेरि पनि त्यहाँका अल्पसंख्यक पछाडि नै पर्ने भए । जातजातिको हिसाबले हेर्दा पनि अलि अप्ठेरो नै पर्छ । गुप्तेश्वरका शेर्पा, भुजीका शेर्पा कहाँ जाने, उनीहरूको अधिकार कहाँ सुनिश्चित हुने भन्ने प्रश्न आउला । त्यसैले जनसंख्याको आधारमा संघीयतामा जाँदा मुलुकलाई राम्रो हुन्छ जस्तो लाग्छ ।

बहुसंख्यकलाई अग्राधिकार दिने तर अल्पसंख्यकको अधिकार पनि खोस्न नपाओस् । त्यस्तो खालको संघीयतामा जानुपर्छ ।

**पासाङ्ग शेर्पा** : हामीलाई केही थाहा छैन । वर्ष दिन उब्जाएको अन्न ४-५ महिनामै सकिन्छ । हाम्रो जहानपरिवारमा अहिले खाए भरे के खाने भन्ने हुन्छ । त्यही भएर नै हामीले शिर ठाडो बनाएर हिँड्न पाएका छैनौं । हाम्रो पनि रोजगारी हुन्थ्यो भने छोराछोरीलाई आईए, बिएसम्म पढाउन पाउँथ्यौं । एउटा संविधानले गर्ला कि, अर्को संविधानले गर्ला कि भनेर पर्खिंदापर्खिंदा हाम्रो जीवन यत्तिकै बित्न लाग्यो । पढ्न पाए यो जीवन पनि राम्रोसँग बिताउन पाउँथ्यौं होला, सफासुग्घर हुन्थ्यौं होला । हामीले शान्ति सुव्यवस्थासँग जीवन बिताउन पाऊँ । डरत्रासमा जीवन बिताउन नपरोस् भनी तपाईंहरूसँग बिन्ती गर्छु ।

**सहजीकरण गर्दै** : विकास निर्माणको हिसाबले हेर्दा यहाँको स्थितिचाहिँ कस्तो छ ?





**गिली शेर्पा** : एकदमै नाजुक अवस्थामा छौं । स्कुल छ, बत्ती छ, बाटो पनि छ । यसले गर्दा तपाईंहरूलाई विकास भएको छ भन्ने लाग्ला तर यसको अवस्था राम्रो छैन । शेर्पा जातिको मात्र होइन क्षेत्री, बाहुन सबैले यहाँ दुःख पाएका छन् । यहाँ विभिन्न पार्टी आउँछन् । कुरा मात्र गरेर जान्छन् । संघीयता भन्छन्, मंगोलियन रे, यो भनेको के हो हामीलाई थाहा छैन ।

**सहजीकरण गर्दै लामा** : विकास निर्माणको माग गर्न तपाईंहरू कहाँ जानुहुन्छ ?

**गिली शेर्पा** : त्यो त जिल्ला प्रशासन कार्यालयमा नै जानुपर्छ । अरू त कहाँ जानु र ? जिल्लामा गएर पनि त्यहाँ हामीले भनेका कुरा उनीहरूले सुन्दैनन् । त्यहाँ पनि पार्टीका कुरा नै पहिले आउँछन् । पार्टी हिसाबमा पनि जसको बहुमत आएको छ, त्यो पार्टीले भनेका कुरा नै मान्छन् । नेताहरूले गर्लान् कि भनेर जिताएर पठायौं । चुनावमा भोट माग्न आउँदा यो गर्छु ऊ गर्छु भन्छन् । जितेर गएपछि भेट भएको बेलामा सर नमस्कार भन्दा पनि भाइको घर कहाँ पर्‍यो भन्छन् । शिक्षामा कमी छ । रस्नालुमा पनि सबैभन्दा विकास नभएको ठाउँ नै १ र २ वडा हो । गाविसमा पनि विकासका काम माग्न जाँदा ७ र ८ वडाका तामाङ लट्ठी बोकेर बसेका हुन्छन् ।

**पेम्बा शेर्पा** : रस्नालु गाविसमा सुनुवार जातिले ढाकेको छ । उनीहरूको नै हालिमुहाली छ । विकासका काम पनि सुनुवारको हातमै पर्छन् । शेर्पालाई त उनीहरूले वास्ता गर्दैनन् । ठाउँको व्यवस्था हेर्दा राम्रो त यहाँ देखिन्छ तर खोतलेर हेर्ने हो भने निकै नाजुक अवस्था छ । सुनार पहिलो, क्षेत्री दोस्रो र शेर्पा तेस्रो स्थानमा छन् यहाँ । वृद्धभत्ता पनि यहाँका वृद्धहरूले पाएका छैनन् । अपाङ्गले पनि पैसा पाएका छैनन् । यी सबैको व्यवस्था बेलैमा होस् ।

**सहजीकरण गर्दै** : अहिले हामी नागरिकता बनाउन, जग्गा पास गर्न सदरमुकाम जानुपर्छ । यदि देश संघीयतामा गयो भने यसरी दुःख पाउनुपर्दैन भन्छन् नि । यहाँको केन्द्रचाहिँ कहाँ होस् त ?

**पेम्बा शेर्पा** : प्रान्तीय सरकार भन्छन्, केन्द्रीय सरकार भन्छन्, त्यो सरकार चिन्नु नै परको कुरा हो । कहाँ जानुपर्ने भन्ने थाहा भएन ।

**श्याम शेर्पा** : सबै काम स्थानीय निकायमै भइदिए हुने थियो ।

**सहजीकरण गर्दै** : यहाँ प्राकृतिक स्रोत-साधन धेरै देखें मैले, यसको कर कहाँ जाओस् भन्ने लाग्छ ?

**श्याम शेर्पा** : कर त गाविसमा नै जम्मा होस् । त्यो पैसा यहाँका जनताको विकासका काममा लगाउन सकिन्थ्यो ।

**पेम्बा शेर्पा** : आफूले कमायो कमायो त्यो पैसा अरूलाई दिन त हामी चाहदैनौं । तर, बाध्यातवश कर अरूलाई दिइरहेका हुन्छौं । हामी त वनबाट, खोलाबाट आएको पैसाबाट आफ्नै धारा बनाउन पाए, बाटो नभएको ठाउँमा बाटो बनाउन पाए, विद्युत् नभएको ठाउँमा

विद्युत् लान पाए-पाए धेरै राम्रो हुने थियो । यो भइदिए हामी धेरै खुसी हुने थियौं ।

**सहजीकरण गर्दै** : आत्मनिर्णयको अधिकारका कुरा पनि आइरहेका छन्, के होला यो भनेको ?

**श्याम शेर्पा** : हाम्राबारेमा हामी आफैंले निर्णय गर्न पाउनुपर्छ । यहाँ खोलाको बालुवाको कर लिन ठोसेका मानिस आएका हुन्छन् । यहाँको जडीबुटीको कर अरू गाविसका मानिसले उठाइरहेका हुन्छन् । त्यसैले यो कर हामीले नै उठाएर त्यो पैसा कहाँ खर्च गर्ने भन्ने निर्णय पनि हामी आफैँले गर्न पाउनुपर्‍यो ।

**सहजीकरण गर्दै** : भाषाको संरक्षण गर्नुपर्छ जस्तो लाग्दैन ?

**पेम्बा शेर्पा** : भाषा त हाम्रा पुर्खाहरूले बोल्थे । तर, अहिले अरू जातिको बाहुल्य भएका कारण एउटा कुरा गर्दा अर्को पो बोलेको हो कि जस्तो लागेर विस्तारै हाम्रो भाषा बोल्न छाडिसकेका छौं । हाम्रो भाषा बोल्न हामी आफैंलाई लाज लागेजस्तो हुन थालेको छ । सधैं हामी हाम्रा दाजुभाइसँग मात्र हुँदैन । विभिन्न भाषाका मानिससँग काम परिरहेको हुन्छ । त्यही भएर नै कम हुँदै गएको छ ।

**आङ्गनिमा शेपा** : एक हिसाबले भन्ने भने हाम्रा भाषा, भेषभूषा, सभ्यता संस्कृति लोप हुने अवस्थामा पुगिसकेका छन् । त्यसैले हाम्रो भाषा, भेषभूषा आदि संरक्षणका लागि संविधानमा व्यवस्था होस् । हिजोको दिनमा के भएर हाम्रो भाषा ओझेलमा पर्‍यो हामी त्यो थाहा पाउन चाहन्छौं । त्यसका बारेमा अनुसन्धान गर्न चाहन्छौं । अहिले प्राथमिक शिक्षासम्म मातृभाषामा दिने कुरा आइरहेको छ । तर, व्यवहारमा सबै ठाउँमा त्यो लागू भइरहेको छैन । त्यो पनि लागू होस् भन्ने चाहन्छौं हामी ।

**गिली शेर्पा** : संघीयताको प्रश्नमा हामी अन्योलमा छौं, विकासको क्रममा पछाडि छौं । शिक्षाको राम्रो अवसर नभएकाले यस्ता कुरा अलि जान्दैनौं ।

**श्याम शेर्पा** : भौगोलिक विकटताले गर्दा केन्द्रीय तहमा सरकारी कामकाज गर्न जान गाह्रो भइरहेको छ । त्यसैले अब बन्ने संघीय राज्यमा त्यस्ता काम स्थानीय निकायमै हुने व्यवस्था हुनुपर्‍यो ।

**पेमा शेर्पा** : आफूले कमाएको अर्कालाई दिनु राम्रो होइन, त्यसैले स्थानीय स्रोत-साधनमा स्थानीयकै पहिलो अधिकार हुनुपर्दछ । आत्मनिर्णयको अधिकार चाहिन्छ किनकि आफ्नो क्षेत्रको स्थानीय स्रोत-साधनलगायतका अन्य कुराको निर्णय गर्न पाइन्छ ।

शेर्पा भाषा लोप हुन लागेको छ, यसको संरक्षणका लागि केही व्यवस्था हुनुपर्‍यो । हामी शेर्पा जातिका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका अन्य ठाउँमा आरक्षण कोटाको व्यवस्था होस् ।

◆◆◆







# सुकाजोर

*रामेछापको सुकाजोर गा.वि.स.मा २०६६ मंसिर १० गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** भएको थियो । छलफलमा ५० जनाको सहभागिता थियो । पालीगाउँको आदिवासी लोपोन्मुख जाति मानिने हायु बस्तीमा भएको छलफलमा स्थानीय जनतासँग अन्तर्क्रिया भएको थियो ।*

*हायु जातिको उत्पत्तिको थलोका रूपमा पहिचान बनाएको तामाकोसीको किनारभन्दा केही माथि अवस्थित यो गाउँको सीमा रामेछाप, ओखेनी र सिन्धुली जिल्लाको भुवनेश्वरी गा.वि.स.सँग जोडिएको छ । वारिपारि हरिया डाँडा र छेउमा सुनकोशी खोला एकतमासले सुसाइरहेको स्पष्टसँग सुन्न सकिन्छ ।*

*परापूर्वकालमा सिकारी र घुमन्ते किराँत जातिको रूपमा उत्पत्ति भएको यस जातिको मुख्य पेसा परापूर्वकालमा धनुषकाँड खेल्ने, गुलेलीले सिकार गर्ने थियो, तर आधुनिकतासँगै यस जातिका मानिस अन्य मानिसझैं कृषि पेसा नै गर्छन् ।*

*हिन्दु वर्णाश्रममा आधारित भए पनि यो जातिका आफ्नै रीतिरिवाज र चाडपर्व रहेका छन् । मुख्य रूपमा जेठ महिनामा भूमिपूजा गर्ने, श्रीपञ्चमीदेखि १० दिनसम्म पूजा गर्ने आदिजस्ता चाडपर्व मनाउने गर्छन् । आर्थिक रूपमा सम्पन्न नभएका हुनाले कोही रोजगारीका लागि विदेशिने गरेका पनि पाइयो । खासगरी विदेश पलायन भएकाहरू नफर्किने र काठमाडौंलगायतका अन्य क्षेत्रमा जाने गरेको पाइयो । ४७ धुरीघर र ५ सय १८ जनसंख्या*

*रहेको यस क्षेत्रमा एउटा नि.मा.वि स्कुल मात्र छ ।*

**कार्यक्रम सुरु गर्दै बद्री नयाँघरे** : यो ठाउँमा संघीयताबारे जानकारी दिन गाविस राष्ट्रिय महासंघ नेपाल, जिविस महासंघ र फ्रिडम फोरम मिलेर यो कार्यक्रम गर्न लागेका छौं । नयाँ संविधानमा के कुरा राखिनुपर्ला, के भएर हामी पछि परेका हौं भन्ने कुरा तपाईंहरूका आवाजमा नै यहाँका जनताको माग यो छ भनेर हामी क्षेत्रीय स्तरमा लगेर सुनाउँछौं । हामीले यहाँको भिडियो खिचिरहेका छौं, आवाजलाई रेकर्ड गरिरहेका छौँ । क्षेत्रीय स्तरको कार्यक्रम सकिएपछि तपाईंका आवाजलाई हामी केन्द्रमा लगेर केन्द्रीय स्तरका नेताहरू र सभासद्हरूलाई पनि सुनाउनेछौं । तपाईंहरूका आवाज सुनेपछि उहाँहरूले ती कुरालाई संविधानमा लेख्नुहुनेछ ।

त्यसैले तपाईंहरूलाई लागेको कुरा, संविधानमा लेखिनुपर्ने कुरा निर्धक्कसँग भनिदिनुहोला । यसमा पनि विशेषगरी महिलाका कुरा आऊन् भन्न चाहन्छु । आफ्ना कुरा नदोहोऱ्याई भनिदिनुहोला । तपाईंहरूले नबुझेका कुरालाई हामी बीचबीचमा बुझाउने प्रयास गर्नेछौं । कार्यक्रममा भाग लिन यहाँ आइदिनुभएकोमा धन्यवाद दिँदै आजको यो कार्यक्रम अगाडि बढाउन शान्ति लामालाई अनुरोध गर्छु ।

**सहजकर्ता शान्ति लामा** : संविधानसभाको निर्वाचनमार्फत हामीले हाम्रा सभासद्हरूलाई पठाइसकेका छौँ । उहाँहरू संविधान लेख्न व्यस्त हुनहुन्छ त्यसैले तपाईंहरूको विचारमा संविधान भनेको के होला ?

**चूडाबहादुर कार्की** : संविधान भनेको देशको मूल कानुन हो जस्तो लाग्छ ।

**रामबहादुर भुजेल** : देशको मूल कानुन हो, जसको सेरोफेरोमा मौलिक अधिकार, जातीय अधिकार र मानवअधिकार हुन्छन् । यसलाई कानुनको माउभन्दा फरक पर्दैन ।

**अनिता हायु** : संविधान भनेको देशको मूल कानुन हो । यसले देशको नीति निर्माण गर्दछ जस्तो लाग्छ मलाई ।

**कमली हायु** : संविधान भनेको केही थाहा थिएन, अब बल्ल देशको मूल कानुन हो भन्ने जानियो ।

**भरत हायु** : संविधान भनेको हामीलाई केही थाहा छैन । हामी पढ्न लेख्न जान्दैनौं, त्यसैले यस्ता कुरा केही थाहा नभएको होला ? हामी सबै जनता मिलेर बनाउने चिज नै संविधान हो ।

**ढालविक्रम कार्की** : संविधान भनेको देशको मूल कानुन हो । यसैले देश सही ढङ्गले चल्न सक्छ जस्तो लाग्छ ।

**रामबहादुर तामाङ** : मेरो विचारमा संविधान भनेको देशको मूल कानुन हो । यसैको सेरोफेरोमा देशका अन्य व्यवस्था चल्छन् जस्तो लाग्छ ।





**कमली हायु** : हामीलाई केही थाहा छैन । यसका बारेमा कुनै छलफल नै गरेका छैनौं ।

**बद्री हायु** : यो देशको मूल कानुन हो भन्ने बुझेका छौँ । यसैको सेरोफेरोमा संविधानसभाको निर्वाचन भएको हो कि जस्तो लाग्छ ।

**विचारीबहादुर कार्की** : जनताले चुनेका प्रतिनिधिले बनाउने राज्यको मूल कानुन नै संविधान हो । अन्य शाखा कानुन हुन्छन् । अहिले नेपाल संविधान बनाउने चरणमै छ । संविधानसभामा हामीले चुनेका प्रतिनिधिले यो लेख्दैछन् र यसलाई जारी पनि गर्नेछन् भन्ने आशा गरौं । राज्यले लोपोन्मुख जातिका रूपमा सूचीकृत गरेको सीमान्तीकृत यो जातिको अब बन्ने संविधानमा स्पष्ट रूपमा व्यवस्था गरिदिए राम्रो हुन्थ्यो । राज्यको पुनर्संरचना हुँदा हामी हायु जातिलाई सरकारले उचित शिक्षा, स्वास्थ्य, रोजगारलगायतको व्यवस्था स्पष्ट रूपमा गरियोस् ।

**सहजीकरण गर्दै** : हामी जताततै सुन्छौं संघीय-संघीय भनेर । यो संघीय राज्य भनेको, राज्य पुनर्संरचना भनेको के हो जस्तो लाग्छ यहाँहरूलाई ? अनि स्वायत्तता र आत्मनिर्णयको अधिकारसहितको संघीय राज्यहरू चाहिन्छ भन्ने आवाज सुनिँदै आएको छ, यसका बारेमा के जान्नुभएको छ ?

**ढालविक्रम कार्की** : निकट भविष्यमा हुन गइरहेको राज्यको पुनर्संरचना सँगसँगै संघीयतामा जाँदा हायुको उत्पत्तिथलो र राज्यको अति सीमान्तीकृत वर्गको रूपमा रहेको हायु जातिको परम्परा, संस्कृति, चालचलन, भेषभूषा आदि कुरा संरक्षणका लागि स्पष्ट नीति हुनुपर्दछ । युगौँयुगदेखि जुन तरिकाले हातेमालो गरी अगाडि बढिरहेका विभिन्न जाति, जनजातिलगायतका अन्यको सुमधुर सम्बन्ध हुनुपर्दछ । स्थानीय स्तरमा हाम्रो पनि पहुँच हुनुपर्दछ भन्ने कुरा सही हो । प्राकृतिक स्रोत-साधनलगायतका अन्य सम्पूर्ण कुरामा सबैको समान पहुँच होस् । संघीयता विखण्डकारी नहोस्, हिमाल, पहाड, तराई कोहीबाट वञ्चित हुन नपरोस् । हायु जाति लोपोन्मुख जाति हो त्यसैले त्यसको संरक्षण सम्वर्धन होस्, त्यसको ग्यारेन्टी राज्यले गरोस् ।

संघीयतालाई शक्ति बाँडफाँडको रूपमा लिनुपर्दछ जस्तो लाग्छ । संघीयता भयो भने रामेछापमा वा मन्थलीमा हुने काम यही सुकाजोरमा वा यही नजिकमै हुने व्यवस्था हुन्छ । नजिकमा भन्दा पनि नजिकमा सेवा-सुविधा आउने भन्ने सवाल हो कि जस्तो लाग्छ । सबैले मिलेर जान सक्ने समानुपातिक रूपको संघीयता आओस् । हिजो पनि हातेमालो थियो भोलि पनि हुनुपर्दछ, जातीय विखण्डन नआओस् । पिछडिएका हायुका लागि राज्यले पुनर्वास या संरक्षण गर्ने स्पष्ट व्यवस्था हुनुपर्दछ ।

**रामबहादुर तामाङ** : अहिलेसम्म केन्द्रको निगाहामै सबै कुरा हुँदै आएको छ । अहिले भइरहेको शासनव्यवस्था केन्द्रीकृत छ । संघीयता भनेको केन्द्रको र स्थानीय स्तरको अथवा

प्रान्तबीचको शक्ति बाँडफाँड वा शक्ति पृथकीकरण हो जस्तो लाग्छ । त्यसमा कसले के-कति अधिकार प्रयोग गर्ने भन्ने कुरा आउँछ । संघ राज्यलाई कुन-कुन अधिकार दिने, कति केन्द्रले लिने, कुन-कुन अधिकार स्थानीय निकायलाई दिने, कुन-कुन अधिकार केन्द्रले लिने, पछि केन्द्रले प्रान्तको अधिकार खिच्न पाउने/नपाउने, आत्मनिर्णयसहितको कुरा आएको छ । प्रान्तलाई स्वायत्तता हुँदा अग्राधिकारसहितको संघीयता दियो भने के खराबी आउँछ, आत्मनिर्णयसहितको अधिकार दिँदा के हुन्छ, भोलि एउटा नेपाली नागरिकता बोकेको मानिसले एउटा प्रान्तबाट अर्को प्रान्तमा वा संघ राज्यमा जाँदा प्रवासी जस्तो महसुस हुने पो हो कि ? म एउटा तामाङ हुँ । तामसालिङ राज्यमा ४२ प्रतिशतबाहेकका अरू मिश्रित बसोबास हुन्छ । यसरी त्यो तामसालिङ राज्यमा बसेका तामाङले अझ भनौं निर्णय गर्ने ठाउँमा बसेका ८ /१० जना सीमित मानिसले अरू जातिका मानिसलाई बस्न नपाउने वा प्रतिबन्ध लगाउने निर्णय गरेमा मुलुक विखण्डन हुन्छ त्यसैले आत्मनिर्णयसहितको संघीयता राम्रो हुँदैन जस्तो लाग्छ । सबै मिलेर बसेको ठाउँमा अरू जातिलाई बस्न दिनुहुँदैन भन्ने कुरा



*छलफलमा आफ्नो विचार राख्दै सुकाजोरका बासिन्दा*

आयो भने अनेकतामा एकता भन्ने कुरा रहँदैन । अनेक जातजाति मिलेर बनेको यो देशमा जातीय विखण्डन आउने त होइन ? सुरक्षा नीति, आर्थिक नीतिलगायतका स्थानीयलाई आवश्यक पर्ने अधिकार दिनुपर्छ जसले राज्यलाई विखण्डन गर्न नसकोस् । त्यसैले आत्मनिर्णयसहितको संघीयता दिनुहुँदैन ।

**छत्रबहादुर हायु** : संघीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार भनेको सुनेका छौं तर बुझेका छैनौं ।





**रितबहादुर हायु** : संघीयता भनेको केन्द्रीय र स्थानीय स्तरको शक्ति बाँडफाँड गर्ने हो जस्तो लाग्छ । प्रान्त, संघ, केन्द्र आदि जस्ता कुरा त्यहाँ हुन्छन् । हायुलाई अगाडि बढाउन योग्यताअनुसारको रोजगारी व्यवस्था गर्नुपर्‍यो, आत्मनिर्णयको अधिकारसहितको संघीयताले विखण्डन ल्याउँछ । केन्द्रले सबै अधिकार स्थानीय स्तरमा नदिई नियन्त्रण गरिदिए राम्रो । पहिले-पहिले आफैं लुगा बुन्दै लगाउँदै गर्थे तर त्यो पेसाका अन्त्य हुँदै गइरहेको छ । त्यसको संरक्षणका लागि केही व्यवस्था गर्नुपर्‍यो । हामीलाई थिचोमिचो अन्त्य गराइदिनका लागि केही व्यवस्था गर्नुपर्‍यो अझ भनौं हामीमाथि भइरहेको अन्याय अन्त्य हुनुपर्‍यो ।

**तेजबहादुर हायु** : राज्यको नयाँ संरचना हुँदा सरकारले हायु जातिलाई बढी प्राथमिकता दिनुपर्छ ।

**दिनेश हायु** : अरू जातजातिलाई हामीलाई पनि छुट्टै राज्यको व्यवस्था भइदिए राम्रो हुन्थ्यो होला ।

**सहजीकरण गर्दै** : विकास, सरकारी कामकाजलगायतका नागरिकता बनाउने, जग्गा पास गर्ने आदि अन्य जनतासँग प्रत्यक्ष सम्बन्ध हुने काम अब राज्य पुनर्संरचना हुँदा कुन स्थानमा भइदिए राम्रो हुथ्यो ? केन्द्रीय तहमा वा स्थानीय तहमा ?

**कविता हायु** : नजिकै यस्ता कुरा गर्न पाए त सजिलै हुन्थ्यो नि किनकि बूढाबूढीलाई बोकेर, हिँडाएर त्यति टाढा (सदरमुकाम) जानुपर्दैन । समय, खर्चको पनि बचत हुन्थ्यो होला ।

**रमेशकुमार हायु** : नयाँ नेपालमा यस्ता कार्य गाउँलेको घरआँगनमै हुने व्यवस्था हुनुपर्दछ अनिमात्र आमजनताले आफ्नो सरकार हो भन्ने महसुस गर्न सक्छन् । नत्र यो केन्द्रीय र अब बन्ने संघीय राज्यबीच केही फरक हुँदैन । त्यसैले यस्ता अधिकार दिनेगरी २-३ गाविसलाई मिलाएर एउटा केन्द्र निर्माण भए पनि हुन्छ ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा यो सुकाजोर गा.वि.स.का हायु समुदायका लागि के-के कुरा उल्लेख गराउनुपर्ला ?

**मदनकुमार हायु** : हामीले उच्चशिक्षा पाएका छैनौं । राम्रो रोजगारीको अवसर पाएका छैनौं । हामीलाई जागिर खान गाह्रो छ । त्यसैले गर्दा अलिअलि पढेलेखेकाहरू पनि बरालिएर हिँडेका छन्, सरकारले अगामी संविधानमा केही व्यवस्था गर्नुपर्‍यो । हामीलाई सानोसानो नोकरी गर्न पनि गाह्रो छ, त्यसैले हामी पिछडिएका छौं । हामीलाई रोजगारीमा आरक्षणको व्यवस्था गर्नुपर्‍यो किनकि हामी राज्यको लोपोन्मुख सीमान्तकृत वर्ग हौं, हाम्रो अस्तित्व नहराउने व्यवस्था हुनुपर्‍यो ।

**छत्रबहादुर हायु** : शिक्षा राम्रो छैन, बल्लबल्ल पढेकाले पनि राम्रो रोजगारी पाउन सकेका छैनन् । सकेसम्म सरकारले हामी हायु जातिका छोराछोरीलाई जागिरका लागि छुट्टै व्यवस्था आगामी संविधानमा गरिदिनुपर्‍यो । हाम्रा छोराछोरीलाई शिक्षा निःशुल्क गर्नुपर्‍यो ।

**अनिता हायु** : महिला र पुरुषको ज्यालामा असमानता अन्त्य गर्न केही व्यवस्था

गर्नुपऱ्यो । दिनभरि सँगै काम गर्छौं तर पुरुषले २०० र महिलाले १०० पाउँछन् । महिलाका लागि विशेष र सीपमूलक तालिमको व्यवस्था होस् ।

सम्पूर्ण हायु जातिलाई उच्चशिक्षासम्म निःशुल्क व्यवस्था होस् । घरका एकजनालाई रोजगारी ग्यारेन्टी होस् । माथिल्लो जातकाले हामी हायु जातिलाई पेल्ने गरेको पाइएको छ ।

**कविता हायु** : हामी हरेक कुरामा धेरै पछाडि छौं । हामीलाई बोल्न पनि राम्रोसँग दिइँदैन । त्यति जान्दा पनि जान्दैनौं । त्यसैले अब बन्ने संविधानमा हामी हायु महिलाका लागि विशेष व्यवस्था हुनुपऱ्यो । माथिल्लो जातिकाले हामीलाई पेलेका छन् त्यसैले हामीलाई बोल्न सक्ने बनाउनका लागि केही व्यवस्था गर्नुपऱ्यो ।

**मनमाया हायु** : हामी पछाडि पऱ्यौं तर हाम्रा बच्चाहरूलाई सरकारले केही व्यवस्था गरिदिए हुन्थ्यो जस्तो लाग्छ । पहिले-पहिले आफैं कपडा बनाउने र डोकानाम्ला बुनेर बेच्ने गर्दथे तर त्यो हराउँदै गइरहेको छ, अहिले नकिनी केही चल्दैन ।

**रमेश हायु** : शिक्षामा उच्चशिक्षासम्म निशुल्क गरिदिए राम्रो हुन्थ्यो । हायुको उत्थान गर्न सरकारले एक घर एक रोजगारीको ग्यारेन्टी अब बन्ने संविधानमा गर्नुपऱ्यो ।

संघीयतामा जाँदा र स्वायत्तताको कुरा गर्दा मिश्रित तर स्थानीय स्तरमा अधिकार भएको स्वायत्तता दिँदा राम्रो हुन्छ । स्थानीय स्तरमा मिश्रित राज्यप्रणाली चाहिन्छ । स्थानीय प्राकृतिक स्रोत-साधन संरक्षण गर्ने अधिकार स्थानीयमै हुनुपर्दछ । जस्तो, हाम्रो ओछ्मी रानीको पूजा अरूले त गर्दैनन्, त्यसैले त्यस्ता कुराको संरक्षण गर्न पनि स्थानीय पहुँचको आधारमा संघीयता विभाजन हुनुपर्दछ । परापूर्वकालमा यहाँ हाम्रो बिर्ता थियो त्यो किपट जग्गा सरकारले कटाउँदै लगेको छ । यसले गर्दा हाम्रो अस्तित्व लोप हुनसक्छ त्यसैले सरकारले संरक्षणका लागि विशेष व्यवस्था गर्नुपर्छ । नागरिकता बनाउनेलगायतका अन्य कार्यका लागि सदरमुकाम जाँदा गाह्रो भयो त्यसका लागि नजिक उचित व्यवस्था गर्नुपऱ्यो । जि.वि.स.मा हुने काम स्थानीय स्तरमै हुने जस्तो, गा.वि.स.ले त्यस्तो काम गर्ने, केन्द्रीय स्तरमा हुने काम पनि पायक हुने स्थानमा हुनु नै स्वायत्तता हो जस्तो लाग्छ । आफ्नो प्रदेशले गर्ने कार्यको निर्णय सोही प्रदेशलाई दिनु नै आत्मनिर्णयको अधिकार हो ।

**रामकुमार हायु** : हायु जातिका लागि सरकारले मा.वि.सम्म निःशुल्क शिक्षा, पाठ्यपुस्तक दिने ग्यारेन्टी गरोस् । आयआर्जनका लागि अरू थप व्यवस्था गरोस्, सीपमूलक तालिमको व्यवस्था होस् । स्वाथ्यको कुरामा पनि हामी लोपोन्मुख जातिलाई विशेष व्यवस्था होस् । हुनसक्छ भने निःशुल्क गरिदिए हुन्थ्यो किनकि हामी समाजका अरू मानिसका तुलनामा पछाडि परेका छौं । हाम्रा मानिस खर्चको अभावले गर्दा अकालमै मर्ने गरेका छन् । राज्यले केही सुविधा त दिएको छ तर त्यतिले पुगेको छैन, अझ वृद्धि गर्नुपऱ्यो । आर्थिक अवस्था एकदम कमजोर छ त्यसैले रोजगारीका अवसर खोज्न गाह्रो भइरहेको छ । राज्य कोषबाट दिइएको लोपोन्मुख भत्ता वृद्धि गरियोस् । छुट्टै राज्यको सम्भावना छैन किनकि सबै मिलेर बस्ने






खालको संघ बने राम्रो हुन्थ्यो ।

**शान्ति हायु** : पहिले हाम्रो आफ्नै राज्य थियो, यहाँका क्षेत्री, बाहुन आदि हाम्रा मझियालाई कर बुझाउँथे । तर, पछि भूमिसुधार आएपछि हामी सोझा हायुलाई थोरै र अरू बाठाटाठाले धेरै राखे त्यसैले हामी आर्थिक रूपमा पछाडि पऱ्यौं । आज हामी लोप हुने अवस्थामा छौं, यसमा सरकारले केही गर्नुपऱ्यो । हाम्रो संस्कृति र भाषाको संरक्षण गर्न केही गर्नुपऱ्यो ।

**थीरबहादुर हायु** : हामी हायु जाति लोपोन्मुख हौं । नयाँ नेपाल बन्दैछ भन्छन् त्यसैले अब बन्ने संविधानमा हायु जातिलाई दिँदै आएको भत्ता वृद्धिको व्यवस्था गर्नुपऱ्यो र हाम्रो जातिको संरक्षणका लागि केही व्यवस्था गरिदिनुपऱ्यो । पहिला हाम्रो यस ठाउँमा नै सबै कार्य



*छलफलमा सुन्दै सुकाजोरका बासिन्दा*

हुन्थे जस्तो, अपराधीलाई सजाय दिन्थे अब बन्ने संघीय राज्यमा त्यस्तै होस् ।

**हरिबहादुर हायु** : अगाडि हामी सोझा थियौं, नापी आउँदा हाम्रा बाबुबाजेले एक छेउमा नापेर अरू सबै टाठाबाठालाई दिए, ऐलानी गराइदिए । त्यसलाई हेरेर अघि जसको हो उसैले पाउनुपर्छ । हामी धेरै हेपिएका छौं, अरू जातिले पेलेका कारण हामी पछाडि परेका छौं । त्यसैले सरकारले केही व्यवस्था गर्नुपऱ्यो । उच्चशिक्षासम्म निःशुल्क हुने भन्ने कुरा मात्र भएको छ, अब बन्ने संघीय राज्यमा कुरामात्र नहोस् ।

◆◆◆



# प्रिती

*रामेछापको प्रिती गाविसमा २०६६ मंसिर १८ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरियो । छलफलमा ५८ जनाको सहभागिता थियो ।*

*यो गाविसको पश्चिममा ठोसे, गुप्तेश्वर, दक्षिणमा फुजी र उत्तरमा कुँभुकास्थली गाविस पर्छ भने पूर्वमा ओखलढुङ्गाको फलाटे, राहदोलु, खिजी गाविस छ । ३४०८.२ हेक्टर क्षेत्रफल रहेको यो गाविसमा सिसा, फलाम र चुनढुङ्गाखानी रहेको बताइन्छ । समुद्री सतहदेखि १२ देखि १४ हजार फिट माथि रहेको यो गाविसमा जाडोमा निकै जाडो हुन्छ भने पानी परेपछि यहाँ बाक्लो हिउँ पर्छ । दिउँसो निकै हावा चल्छ । यहाँबाट अन्नपूर्ण, गौरीशंकर हिमशृंखला देख्न सकिन्छ । भौगोलिक विकटतामा बाँचिरहेका यहाँका वासिन्दालाई सदमुकामसम्म पुग्न दुई दिनको पैदल यात्रा गर्नुपर्छ । गाडीबाट यात्रा गर्ने हो भने दोलखाको जिरी हुँदै सदरमुकाम पुग्नुपर्ने हुन्छ । यो गाविसमा भर्खरै कच्ची सडक बनेको छ । यहाँ बिजुली छैन ।*

*यहाँका मानिसको मुख्य पेसा कृषि हो । यहाँ आलु र गहुँबाहेक अरू खाद्यान्न उत्पादन हुँदैन । बेंसीतिर झर्न थालेपछि भने मकै कोदो, फापर फल्न थाल्छ । पदमचाल, चिराइतो, ठूलो ओखतीजस्ता बहुमूल्य जडीबुटी यहाँ पाइन्छ । तामाङ, क्षेत्री, शेर्पा, सुनुवार जातिको बसोबास भए पनि विशेषगरी सुनुवारको नै बाहुल्यता छ । सुनुवार जाति प्रकृति पूजा गर्छन् । किराँत धर्म मान्ने यहाँका सुनुवार जाति श्रीपञ्चमीको दिनमा संसारीमाईको पूजा गर्छन् । संसारीमाईको पूजा गर्दा ३ सय ६० वटा राँगा, बोका, भाले कुखुराको बलि दिइन्छ । संसारीमाईको पूजाको दिन त्यस ठाउँमा तीन चार जिल्लाका मानिस भेला हुन्छन् ।*

*सुनुवार जातिका मानिस आफ्नो संस्कृति झल्काउने किसिमका भेषभूषा, पुरुष दौरासुरुवाल, ढाकाटोपी, पेटी, भोटो, जालीरुमाल, कम्मरी लगाउँछन् भने महिला रातो गुन्यु, पहेलो पटुका, ढाकाको चौबन्दी चोलो, थैली, सियोको खोल, लाछा लगाउँछन् ।*

**कार्यक्रम सुरु गर्दै टीका भट्ट** : मेरो पेसा पत्रकार हो, कान्तिपुर दैनिकमा काम गर्छु । हामी आज स्थानीय स्तरमा संघीयताका बारेमा छलफल गर्दैछौं । नेपाली जनताले कस्तो खालको संविधान, संघीय राज्य चाहन्छन् भन्ने कुरा बुझ्न आएका छौं । रामेछापमा छानिएका १० वटामध्ये हामी आज यस गाउँमा आएका छौं । हामी रामेछाप जिल्लाका विभिन्न वस्तीमा छलफल गर्दै हिँडिरहेका छौं । संविधानसभासम्म तपाईंहरूका आवाज पुऱ्याउनु नै हाम्रो मुख्य उद्देश्य हो । पहिलो कार्यक्रम भलुवाजोरको माझी वस्ती, दोस्रो हायु वस्तीको सुकाजोरमा, तेस्रो कार्यक्रम साँघुटारको कुमाल वस्ती र चौथो कार्यक्रम बिजुलीकोटको मगर वस्ती, पाँचौं कार्यक्रम फुलासीको देवीटारमा मिश्रित वस्ती हुँदै आज हामी यो प्रितीको सुनुवार वस्तीमा आइपुगेका छौं । अब ४ वस्तीमा हुनेछ । रस्नालु, डडुवाको सुर्के, दोरम्बा र खनियापानी गरी जिल्लाका दस ठाउँपछि कार्यक्रम अन्त्य हुन्छ । अनि हामी क्षेत्रीय भेला मन्थली र रामेछापमा गर्छौं । त्यहाँ विभिन्न दलका सभासद्, नेता, प्रशासकहरू, नागरिक समाजका अगुवालगायत विज्ञहरू हुनेछन् । तपाईंहरूका आवाजलाई संविधानसभासम्म पुऱ्याउने हाम्रो लक्ष्य हो । तपाईंहरूका धारणा संकलन गर्नु नै हाम्रो मुख्य उद्देश्य हो । यहाँ तपाईंहरूको दृष्टिकोण महत्वपूर्ण छ । तपाईंहरूका आवाज रेकर्ड गर्ने अनि भिजुअलसहित संविधानसभामा जनता यस्तो संविधान चाहन्छन् भनेर तपाईंहरूका आवाज पुऱ्याउँछौं । संघीयताको विभाजन के-कस्ता आधारमा हुन सक्छन् ? कसरी संघको विभाजन हुनुपर्ला ? अब बन्ने संविधानमा के-कस्ता कुरा यस ठाउँका लागि आवश्यक पर्ला ? जस्ता कुरामा आ-आफ्ना विचार राख्न म तपाईहरूलाई अनुरोध गर्दछु । अब यो कार्यक्रमलाई सुरु गर्न म शान्ति लामाजीलाई आग्रह गर्दछु ।

**सहजकर्ता शान्ति लामा** : संविधानसभाको निर्वाचन भएको धेरै भइसकेको छ । हामीले हाम्रा सभासद्हरूलाई मत दिएर पठाइसकेका छौं । उहाँहरू संविधान लेख्न व्यस्त हुनहुन्छ, त्यसैले तपाईंहरूको विचारमा संविधान भनेको के हो ?

**चन्द्रकुमार सुनुवार** : संविधान भनेको देशको मूल कानुन हो । हाम्रो प्रिती गा.वि.समा रहेका जनजातिलाई माथि उठाउन, हाम्रो भाषा, भेषभूषा, संस्कृति संरक्षणका लागि अब बन्ने संविधानमा केही व्यवस्था गर्नुपऱ्यो ।

**सूर्यबहादुर सुनुवार** : संविधान भनेको देशको मूल कानुन नै हो जस्तो लाग्छ ।

**श्रीबहादुर सुनुवार** : देशको मूल कानुनलाई संविधान भनिन्छ ।

**सञ्जीतकुमार सुनुवार** : संविधानसभा भनेको संविधान बनाउने प्रक्रिया हो । ठूलासाना, सबै जातजाति, भाषाभाषी, धर्म संस्कृति अटाउने खालको संविधान बन्नुपर्छ ।

**सहजीकरण गर्दै** : हाम्रो देशमा संविधान निर्माण कार्य हुँदैछ, कहिलेसम्म संविधान बनिसक्नुपर्ने हो ?

**लोकबहादुर सुनुवार** : कानुन बनाएर कुन ठीक कुन बेठीक छ भनेर छुट्ट्याउने चिज संविधान हो जस्तो लाग्छ । आउँदो जेठ मसान्तसम्म संविधान जारी गर्नुपर्ने हुन्छ ।

**छलफल सहज पार्दै टीका भट्ट** : यहाँ धेरैजना उपस्थित हुनुहुन्छ, तर बोल्न लाज मानिरहनुभएको छ, बोल्न सकिरहनुभएको छैन, आफ्नो कुरा लाज नमानी राख्नुभयो भने राम्रो हुन्छ । विभिन्न राजनीतिक दलका उम्मेदवारहरू तपाईंहरूको टोलछिमेक या गा.वि.स.को केन्द्रमा त पक्कै पनि आउनुभयो होला । त्यहाँ तपाईंहरूले आफ्नो जातजाति, भाषा, अधिकार, रोजगारी, खानेपानीलगायतका कुरामा सोध्नुभयो होला । त्यो बेलामा संविधान भनेको कुरा सुन्नुभयो होला । त्यहाँ आउनुभएका राजनीतिक दलका नेताहरूले हाम्रो खाका यस्तो हुन्छ भनेर भन्नुभयो होला त्यो बेलामा पनि । रेडियो, टेलिभिजन आदिमा सुनिरहनुभएको छ । तपाईंहरूको मनबाट संविधान यस्तो हुनुपर्छ भनेर तपाईंलाई लागेको कुरा भन्नुहोस्, तपाईंले भनेका कुरा हामी जस्ताको तस्तै रामेछाप जिल्लाको प्रिती गा.वि.स.को आवाज यस्तो छ भनेर संविधानसभासम्म पुर्‍याउनेछौं ।

**सञ्जीतकुमार सुनुवार** : संविधानसभा भनेको पुराना कानुनलाई तोडेर नयाँ कानुन बनाउने हो जस्तो लाग्छ । गरिब-धनी, ठूलासाना, जनजाति सबैलाई एकै किसिमको कानुनमा अटाउने र सबैलाई चित्त बुझाउने कानुन बन्नुपर्छ ।

**सहजीकरण गर्दै भट्ट** : उहाँले भनेको जस्तो संविधानमा धनी, गरिब सबैलाई अटाउनुपर्छ, सबैलाई समान हुने खालको संविधान बन्नुपर्छ । तपाईंहरू भन्नुस् त अरू के-के हुन्छन् ?

**जितबहादुर सुनुवार** : गरिबलाई माथि उठाउने खालको अर्थात जाति, जनजाति सबैलाई समान हुने खालको हुनुपर्दछ ।

**भूममाया सुनुवार** : हामी महिलालगायत सबैलाई बराबर हुने खालको संविधान बन्नुपर्‍यो । महिला पछाडि छन्, तिनीहरूलाई अगाडि बढाउन केही व्यवस्था हुनुपर्छ ।

**अन्जु सुनुवार** : अब बन्ने संविधान सम्पूर्ण जातजातिका मानिसलाई, ग्रामीण क्षेत्रमा रहेका हामी जस्तालाई एकरूपता हुने खालको र माथि उठाउने खालको बनाउनुपर्‍यो ।

**सहजीकरण गर्दै लामा** : यहाँको विकास निर्माणको अवस्था के-कस्तो छ ? जस्तो सिंचाइ, मोटरबाटो, खानेपानी, स्वास्थ्यचौकी, विद्यालयलगायतका विकास कार्य भएका छन् कि छैनन् ?

**हेमराज सुनुवार** : यो गा.वि.स.को विकास निर्माणको अवस्था नाजुक छ । स्वास्थ्यचौकी





छ, त्यति काम लागेको छैन । शिक्षा, सिंचाइलगायतका कुरामा अलि पछाडि छ । सडक भर्खर आएको छ । १३ वटा विद्यालय छन् तर त्यति सम्पन्न छैनन् । उच्च मावि एउटा मात्रै छ, त्यति अगाडि बढेको छैन ।

**रत्नमाया सुनुवार** : पहिलाको जस्तो त्यति धेरै दुःख त छैन, अहिले ठीकै छ । अझ विकास गर्नका लागि महिलाका लागि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्‍यो । गा.वि.स.बाट केही कार्यक्रम चलिरहेका छन् तर त्यतिले मात्र पुग्दैन, अरू थप पनि व्यवस्था गर्नुपर्‍यो ।

**रेनुका सुनुवार** : महिलालाई अगाडि बढाउन सीपमूलक शिक्षाको अवसरमा वृद्धि गर्नुपर्‍यो ।

**तक्मा सुनुवार** : हाम्रो प्रिती गा.वि.स. पछाडि नै छ । सडक आयो तर स्याउला हालेर सडक बनाउँछन् अनि हिउँ र पानी आएपछि चल्दैन । अस्पताल गयो, औषधी पाइँदैन, अहिले छैन भन्छन्, कहिले पो आउने हो । बिरामी हुँदा डोकोमा बोकेर जिरी पुर्‍याउनुपर्छ ।

**प्रेमकुमारी वि.क.** : महिला गर्भवती हुँदा समस्या हुन्छ, त्यसका लागि विशेष व्यवस्था हुनुपर्‍यो । कोही महिला बिरामी भए भने जिरी बोकेर लानुपर्दछ । यसले गर्दा कतिको अकालमै मृत्यु हुने गरेको छ ।

**सन्जीतकुमार सुनुवार** : हाम्रो प्रिती गा.वि.स.मा विकास निर्माणका कार्य लथालिङ्ग भएका छन् । विद्युतीकरण हुन सकेको छैन, खानेपानीको राम्रो व्यवस्था छैन । पञ्चायतकालदेखि



*छलफल सुन्दै प्रितीका स्थानीय बासिन्दा*

नै टुक्रा पाइप जोडेर खानेपानी व्यवस्था गर्ने गरे पनि त्यसका लागि केही हुनसकेको छैन । स्वास्थ्यको कुरा गर्दा हेल्थपोष्ट छ तर टाढा छ र औषधीको सुविधा छैन, कोही बिरामी हुँदा जिरी पुग्नुपर्छ । बेलामा कोही पनि हुँदैन, महिलालगायतका बिरामीलाई समस्या हुन्छ, स्वास्थ्य सेवालाई अलि सुलभ बनाइदिए राम्रो हुन्थ्यो ।

**कृष्णकुमारी सुनुवार** : स्वास्थ्य संस्थामा जाँदा औषधी पाइँदैन । टाढाबाट जाने बिरामीलाई अप्ठ्यारो भइराखेको छ । यस्ता चिज गाउँमै हुने व्यवस्था हुनुपर्‍यो । हाम्रो भाषा लोप हुँदै गइरहेको छ । हामी अरूको भाषा नेपाली मात्र बोल्न जान्दछौं, छोराछोरीलाई हाम्रो

आफ्नै भाषामा पढ्न पाउने व्यवस्था हुनुपर्‍यो । आर्थिक अवस्था कमजोर भएका कारणले गर्दा सबैले पढाउन र पढ्न सकेका छैनन् ।

**सहजीकरण गर्दै भट्ट** : यहाँका अधिकांश युवाले पढ्दापढ्दै बीचमै विद्यालय छाड्ने गरेका छन् । छोरालाई विद्यालय पठाउने अनि छोरीलाई विद्यालय नपठाउने आदि जस्ता कुरामा के-कस्तो अवस्था छ ? महिला हिंसा अन्त्य गर्न अब बन्ने संविधानमा के व्यवस्था गर्नुपर्ला ?

**सञ्जीतकुमार सुनुवार** : सुरु-सुरुमा ब्रिटिस सेनामा कार्यरत थिए तर त्यो पनि क्रमश: हराउँदै गइरहेको छ । पढ्न जाने तर बीचमै पढाइ छोड्ने गरेका छन् त्यसैले त्यस्ता कार्य रोक्नका लागि जनचेतनामूलक कार्यक्रम हुनुपर्‍यो ।

**सहजीकरण गर्दै शान्ति लामा** : विकास कार्य, नागरिकता बनाउने, जन्मदर्ता गर्ने, जग्गापास गर्नेलगायतका अन्य जनतासँग प्रत्यक्ष सम्बन्ध हुने काम अब बन्ने राज्य पुनर्संरचनामा कुन स्थानमा भइदिए राम्रो हुन्थ्यो ? केन्द्रीय, स्थानीय वा क्षेत्रीय तहमा अधिकार दिनुपर्छ ?

**लोककहादुर सुनुवार** : मन्थली जान २ दिन लाग्छ । फर्किन २ दिन गरी चार दिन लाग्छ । समय पनि उत्तिकै, खर्च पनि उत्तिकै भइरहेको छ । गा.वि.स. सचिव मन्थलीमा भएको कारण जन्मदर्तालगायतका अन्य सरकारी काम काजका लागि सदरमुकाम जानुपर्दछ । गा.वि.स. जस्तै नजिकका ठाउँमा यस्ता कार्य गर्ने व्यवस्था हुनुपर्‍यो । यसले गर्दा हामीजस्ता सर्वसाधारणलाई सजिलो हुन्छ । हाम्रो प्रिती गा.वि.स. भनेको सबै जातजाति मिलेर बसेको ठाउँ हो । हामी सुनुवार जातिको संस्कृति अरूको भन्दा छुट्टै र फरक छ, त्यसको संरक्षणका लागि केही व्यवस्था गर्नुपर्छ ।

**चन्द्रकुमार सुनुवार** : जनजातिलाई भनेर सरकारले बजेट छुट्टाउँछ तर त्यसमा एकरूपता छैन । हामी यस गा.वि.स.मा धेरैथरीका जातिको बसोबास छ । यसले गर्दा सबैलाई दिन त्यो सम्भव नहुने हुनाले यस्तो भएको हो । अब बन्ने संविधानमा चाहिँ हामीजस्ता जनजाति आदिवासीलगायतको परम्परा, धर्मसंस्कृति संरक्षणका लागि बजेट व्यवस्था गर्नुपर्‍यो ।

**सञ्जीतकुमार सुनुवार** : सरकारले जनजातिका लागि भनेर बजेट विनियोजन गर्छ । गा.वि.स.बाट बजेट आउँछ तर विकास योजनाका लागि बजेट नपुग्ने हुनाले हामीले यसका लागि बजेट पाउन सकिरहेका छैनौं । यहाँ तामाङ, शेर्पा, थामी, सुनुवारलगायतका धेरै जातजातिलाई परम्परा चलाउन गाह्रो भइरहेको छ । त्यसका लागि केही व्यवस्था अब बन्ने संविधानमा गर्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : अहिले हामीले संघीयताको कुरा सुनिरहेका छौं । संघीय राज्य भनेको के हो जस्तो लाग्छ यहाँहरूलाई ?

**चन्द्रकुमार सुनुवार** : संघीयता भनेको सम्पूर्ण जातजाति, वर्ग, परिवार, समूह मिलेर





बन्ने राज्य नै हो जस्तो लाग्छ ।

**हेमराज सुनुवार** : सुनुवार जातिको बसोबास ५-६ जिल्लामा छ । हामी आदिवासी नै हौं । हाम्रो पनि छुट्टै राज्य हुनुपर्दछ । थोरै भए पनि पूर्व दूधकोशीदेखि पश्चिममा सुनकोशीसम्म फैलिएका छौं । अब संघीय राज्य विभाजन गर्दा हामी सुनुवारलाई पनि एउटा राज्य दिइनुपर्दछ । मल्लकालमा हामी बसोबास गरेको राज्यलाई विभिन्न किरात प्रदेशमा विभाजन गरिएको थियो । वल्लो किराँत, माझ किराँत र पल्लो किराँत गरी विभाजन गरिएको थियो । वल्लो किराँतमा हामी सुनुवार जाति, माझ किराँतमा राई र पल्लो किराँतमा लिम्बू जातिको वस्ती थियो । किराँत जाति भएकाले हाम्रो राज्य माझ किराँतमा थियो । पछि त्यो १९औं शताब्दीमा लोप भएर गयो । अब संघीयतामा जाँदा हामी सुनुवारका लागि किराँत राज्य भनेर विभाजन हुनुपर्दछ ।

**सञ्जीतकुमार सुनुवार** : सबैले जातीय आधारमा मागिरहेका बेलामा हामी सुनुवार जातिको पनि सुनुवारी राज्य हुनुपर्दछ । भाषा, संस्कृति र परम्पराको आधारमा यस क्षेत्रलाई सुनुवारी राज्य बनाइनुपर्दछ ।

**सहजीकरण गर्दै** : देश केन्द्रीय राज्यबाट विकेन्द्रीकरण हुँदैछ ? यहाँ भएका स्रोत-साधनलगायतका चिजहरूको निर्णय कसले गर्ने, स्थानीय सरकार वा प्रान्तीय सरकार कुन ठाउँमा भए हुन्थ्यो होला ?

**हेमराज सुनुवार** : संघीय राज्य विभाजन स्थानीय स्रोत-साधनको अधिकार स्थानीय सरकारमा हुने गरी हुनुपर्दछ । प्रशासनिक, नागरिकता बनाउने लगायतका अन्य कार्य पनि स्थानीय निकायमा हुने व्यवस्था गर्नुपर्दछ । आत्मनिर्णयको अधिकार सहितको संघीयता चाहिन्छ ।

**चन्द्रकुमार सुनुवार** : जातीय राज्यको कुरा गर्दा सुनुवार राज्य हुनुपर्दछ जस्तो लाग्छ । भाषाभाषी, संस्कृति सबै कुरालाई समेटेर एउटा जनसंख्याको आधारले पनि हाम्रो राज्य हुनुपर्दछ जस्तो लाग्छ । स्थानीय स्तरमै सबै काम हुनुपर्छ । २ दिन लगाएर सदरमुकाम धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्दछ । नजिकका अरू गा.वि.स. जस्तै, कुम्भुकास्तली, गुम्देल, रस्नालु, चचुरे, बेताली, बाम्तीभण्डार, भुजी, गुप्तेश्वरलगायतका क्षेत्रलाई मिलाई यस क्षेत्रलाई केन्द्र बनाएर स्थानीय सरकार बनाइए राम्रो हुन्छ । यसले गर्दा सबै गा.वि.स.लाई राम्रो हुन्छ ।

**जितकुमार सुनुवार** : अब बन्ने संघीय राज्यमा २-३ दिन लगाएर सदरमुकाम जाने बाध्यताको अन्त्य गरिनुपर्दछ । नजिकका गाउँ अथवा गा.वि.स.लाई मिलाएर एउटा केन्द्रबिन्दु बनाएर संघीय प्रान्त वा राज्यको विभाजन होस् ।

**प्रेमकुमारी वि.क.** : प्रितीलाई केन्द्रबिन्दु बनाएर राज्य निर्माण हुनुपर्‍यो । सरकारी कामकाज गर्न सदरमुकाम पुग्दा गाह्रो भयो । प्रिती गा.वि.स. मा केन्द्रबिन्दु बनाएर वरिपरि

नजिकका ठाउँलाई मिलाएर एउटा राज्य बनाएदिए राम्रो हुन्थ्यो । बच्चा, वृद्ध मानिसलाई बोकेर सदरमुकामसम्म पुग्न गाह्रो छ । एउटा नागरिकता बनाउन, थोरै जग्गापास गर्न, बाखा र कुखुरा बेचेर जानुपर्ने बाध्यता अब अन्त्य हुनुपर्दछ । छुवाछूत अन्त्यका लागि केही व्यवस्था होस्, अब बन्ने संविधानमा छुवाछूतको पूर्ण अन्त्यको व्यवस्था हुनुपऱ्यो ।

**दुर्गादेवी सुनुवार** : अब बन्ने संघीय राज्यमा स्थानीय निकायलाई सबै अधिकार दिइनुर्पदछ । आत्मनिर्णयको अधिकार संघमै भइदिए सजिलो हुन्थ्यो जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा यो प्रिती गा.वि.स.का के-कस्ता कुरा, समस्या उल्लेख हुनुपर्ला ? विशेषगरी महिला, जनजाति, पछाडि परेका वर्गलाई माथि उठाउनका लागि अब बन्ने संविधानमा कस्तो व्यवस्था गर्नुपर्ला ?

**मनिराज सुनुवार** : अब बन्ने संविधानमा शिक्षा, जनचेतना, महिलाका लागि केही सीपमूलक तालिम र आयआर्जनका लागि विशेष व्यवस्था होस् । महिला विकास कार्यालय मन्थलीमा छ तर यहाँ महिला पिछडिएका छन् त्यसैले अब बन्ने संघीय राज्यमा यस्ता कुरा दिने निकाय स्थानीय नै हुनुपर्दछ ।

**दुर्गादेवी सुनुवार** : महिला र पुरुष बीचमा रहेको भेदभाव अन्त्यका लागि केही व्यवस्था हुनुपऱ्यो जसले गर्दा महिला अलि अगाडि बढ्न सक्थे कि ?

**चन्द्रकुमार सुनुवार** : रोजगारीको अवस्था नाजुक छ । सुरु-सुरुमा ब्रिटिस सेनामा केही मानिस कार्यरत थिए तर नेपाली सेनामा कार्यरत एकदम न्यून छन् । सरकारी कार्यालयमा कम मात्र मानिस छन् । धेरैजसो मानिस कृषि पेसामा आश्रित छन् भने कोही वैदेशिक रोजगारीमा जाने प्रचलन छ । यहाँको शिक्षाको विकासका लागि जनचेतनाका कार्यक्रम चाहिए किनकि बीचमै विद्यालय छोड्ने कार्य यहाँ भइरहेको छ । यसलाई अन्त्य नगराएसम्म यस्तै हो । दण्डहीनता अन्त्यका लागि विशेष व्यवस्था हुनुपर्दछ ।

◆◆◆





# क्षेत्रीय कार्यक्रम : रामेछाप बजार




**स्थान** : *रामेछाप बजार*

**मिति** : *२०६६ पुस, २०*

**विषय** : *संविधान निर्माण, राज्य पुनर्संरचना तथा संघीयतासम्बन्धी क्षेत्रीय स्तरमा छलफल कार्यक्रम (क्षेत्र नं.१)*

**कार्यक्रम सुरु गर्दै बद्री नयाँघरे** : संविधान लेख्ने प्रक्रियामा छौं । संविधान लेख्ने क्रममा संविधान निर्माण प्रक्रिया कस्तो हुनुपर्छ ? गाउँका पिछडिएका जनताले संविधानमा के कस्तो अपेक्षा राखेका छन् ? संघीयता के हो ? संघीयताका बारेमा रामेछाप जिल्लाको क्षेत्र नं १ का पाँच वटा गाविस र क्षेत्र नं २ का ५ वटा गाविसका जनतामाभ्र गएर हामीले छलफल गरिरहेका छौं । आज भने हामी क्षेत्रीय स्तरको छलफलमा छौं ।

**कार्यक्रमको उद्देश्य प्रष्ट्याउँदै हेमराज लामिछाने, जिविस महासंघ** : संविधानसभाको निर्वाचन भइसकेको छ । नयाँ संविधान बनाउने प्रक्रियामा लागिपरेका छौं । छोटो समयमा नै नयाँ संविधान बनाउँछौ भनेर राजनीतिक पार्टीका नेताहरूले प्रतिबद्धता जनाइसकेका

छन् । जेठ १४ आउन अब धेरै दिन बाँकी छैन । निर्वाचन भइसकेपछि संविधानसभाका सदस्यहरूले संविधान बनाउने प्रक्रियामा प्रश्नावली बनाएर गाउँगाउँमा पुगी जनताले कस्तो संविधान चाहेका छन् भन्नेबारेमा जनताका विचार बुझ्ने काम गरिसक्नुभएको छ । फेरि पनि जिविस महासंघ, गाविस राष्ट्रिय महासंघ र फ्रिडम फोरमलाई जनताको आवाज खड्कियो । लोकतन्त्र र प्रजातन्त्रलाई बलियो बनाउनुपर्छ । यसका लागि जनताका आवाजलाई संविधानमा लेखिनुपर्छ भन्ने कुरालाई साथमा लिएर हामी तीनवटै संस्था एक भयौं र यो कार्यक्रमका लागि स्विस विकास नियोगसँग आर्थिक सहयोग माग्यौं । त्यही सहयोगले हामीले रामेछाप र ओखलढुङ्गा जिल्लामा कार्यक्रम गर्‍यौ ।

समुदायमा बस्ने दाजुभाइ, दिदीबहिनीले के चाहनुभएको छ ? कस्तो किसिमको नयाँ सरकार, नयाँ नेपाल र परिवर्तन चाहनुभएको छ भन्ने कुरा सुनाउन हामीले केही जनप्रतिनिधि बोलाएका छौं । उहाँहरूले पनि केही भन्नुहुनेछ । हामीले जिल्लास्तरीय केही नेताहरूलाई पनि बोलाएका छौं, उहाँहरूले तपाईंहरूका कुरा सधैं सुनिरहनुभएको छ । तैपनि अबको नयाँ परिवेशमा जनताले के भन्नुहुन्छ, उहाँहरूलाई पनि सुनाउने, अस्तिको छलफल र आजको छलफलबाट आएका निष्कर्षलाई राष्ट्रिय नेताहरू, रामेछापका अरू विधायकहरू, नागरिक समाजका मानिसलाई बुझाउनेछौ । आजको छलफललाई समेत जोडेर भिडियो क्लिप्स, प्रतिवेदन, केन्द्रमा यस्तै कार्यक्रम गरेर जनताले के कुरा चाहेका छन् भनेर सुनाएर दबाबमूलक कार्य गर्नु नै यो कार्यक्रमको उद्देश्य हो ।

**परशुराम उपाध्याय** : हामी यहाँ तपाईंहरूका धेरैभन्दा धेरै कुरा सुन्न आएका हौं । आजको कार्यक्रममा मूलतः दुईवटा कुरा गर्नेछौं । पहिलो, तलका कुरा सुन्दै-सुन्दैनौं नसुने पनि लागू गरिँदैन भन्ने गरिन्छ । त्यही भएर तपाईंका आवाज प्रत्यक्ष रूपमा लिन्छौं र यी आवाजलाई हामी संविधानसभासम्म जोडिदिने काम गर्छौं । दोस्रो, फेरि पनि संविधानसभाका सभासद्‌हरू तपाईंहरूमाझ आउने कार्यतालिका राखेका छन् । अझै त्यो समय आउन बाँकी छ । हाम्रो संविधान के बन्यो, कस्ता कुरा लेखिँदैछन् भनेर हेर्ने अवसर हामीले पाउने नै छौं । विगतमा संविधानबारे हामीले थाहा नपाएर हो वा हामीलाई नबुझाएका कारण हाम्रो सक्रिय सहभागिता रहन सकेन ।

संविधानसभाका सदस्यहरू अहिले पनि ३८ लाख प्रश्नावली लिएर तपाईंहरूसामु आउनुभएको थियो । तर, फर्किंदा ४ लाख प्रश्नावली पनि लिएर जान भ्याउनुभएन । त्यसको एउटा कारण के हो भने के मुद्दा हुन् र के कुरा कसरी अगाडि बढिरहेको छ भन्ने जानकारी हामी नागरिकलाई नहुनु । यस अर्थमा एउटा स्थानीय स्वायत्त शासन र स्थानीय सरोकारका विषयमा के गर्दा हितकर हुन्छन् र के ट्रेन्ड छन् भन्नेबारेमा पनि तपाईंहरूसँग कुरा राखौं । तपाईंहरूका आवाज, तपाईंहरूका मुद्दालाई लिएर जान सकौं भनेर यहाँ आएका हौं ।

हामी स्थानीय सरकारको कुरा गर्छौं, स्थानीय स्वायत्त शासनको कुरा गर्छौं, जनताको





सबैभन्दा नजिकको सरकार भनेको गाउँ सरकार, नगर सरकार, जिल्ला सरकार नै हो । अहिले धेरै बहस भएको हामी देखिरहेका छौं, तपाईंहरू पनि भुक्तभोगी नै हुनुहुन्छ । संघबाहेक तलका त कुरै गर्दैनन् कसैले । स्थानीय सरकारका कुरा ओझेल परिरहेका छन् । स्थानीय तहमा पनि ती कुरा उठ्ने संयन्त्र भएन, केन्द्रीय स्तरमा गएका हाम्रा माननीयहरूले ती कुरालाई कमजोर रूपमा उठाइरहेको अवस्था छ । जब स्थानीय स्वायत्त सरकारका कुरा कमजोर हुन्छन्, त्यतिबेला हामी जनताका मुद्दा नै दबिन्छन् । त्यही भएर नै हामी यसको पक्षमा वकालत गर्छौं ।

त्यसकारण अहिले स्थानीय सरकारका पनि के कुराचाहिँ विश्वव्यापी मान्यता, लोकतान्त्रिक मान्यता हो, हामीले के कुरा उठाउनुपर्छ भन्नेबारेमा हाम्रा कुरा यहाँहरूलाई निवेदन गर्नेछौं ।

स्थानीय स्वायत्त सरकार त हामी भनिरहेका छौं के भयो भने स्थानीय सरकार बन्ला ? स्थानीय स्वायत्त सरकार भयो भने कस्ता युनिटहरू बन्लान् ? यी सरकारहरू पनि हामीलाई सेवा दिने निकायका रूपमा नै हामीले लिने हो कि । सेवा दिने निकायहरूले आफैंमा कति अधिकार राख्नुपर्छ ? तिनको राजनीतिक अधिकार क्षेत्र कस्तो हुनुपर्ला ? म निवेदन गरौं, हिजो हाम्रो गाउँ सरकारको रूपमा गाउँ विकास समितिहरू थिए । तर, अधिकारका हिसावले यति सीमित र साँघुरो बनाइएका थिए कि एउटा गाविस अध्यक्षले भूमिसुधार र वनको हाकिमको निर्देशनमा काम गर्नुपर्ने बाध्यता थियो । हामीले स्वायत्तताको कमजोर अभ्यास गर्‍यौं । अबका दिनमा त्यस्तो स्वायत्तताले काम दिँदैन भन्ने कुरा पनि उठ्नुपर्छ कि ? त्यो नै व्यावहारिक होला कि भन्ने कुरा पनि चर्चामा आइरहेको छ । तर, यी कुरा उठाउने कसले ? प्रशासनिक स्वायत्तताको कुरा मैले गरें । लगभग ४ हजार गाविसमा यस समयमा लगभग ११ सय ६० गाविसमा त सचिव नै नराखेको स्थिति छ ।

गाविस सचिवले गाविसलाई चलाउने कि एउटा राजनीतिक निकायअन्तर्गत कर्मचारी संयन्त्र हुने भन्ने कुरा अझै पनि निर्क्योल हुनसकेको छैन । जनप्रतिनिधिमूलक संस्थाअन्तर्गत नरहेको कर्मचारीतन्त्रले के काम गर्छ भन्ने कुरा आफैंमा सोचनीय छ । जसले स्थानीय स्वायत्त सरकारलाई प्रत्याभूत गर्दैन भन्ने कुरा आएका छन् । काम मात्र दिएर पुग्दैन, उनीहरूको अधिकार क्षेत्र पनि विस्तार गरिनुपर्छ । कामचाहिँ दिने तर रिसोर्स स्थानीय सरकालाई नदिने जस्ता कुराले पनि स्थानीय शासन गर्न स्वतन्त्रता रहँदैन भन्ने मान्यता अगाडि आएको छ । स्वायत्तताका विश्वव्यापी मान्यता यिनै हुन्, लोकतन्त्रका विश्वव्यापी मान्यता पनि यही हो । तर, हाम्रा राजनीतिक दलहरूले अन्योलपूर्वक व्यवहार गरिरहेको अवस्था छ । हाम्रा १० वटा विषयगत समिति थिए, समितिहरूले भदौ मसान्तसम्मा पहिलो मस्यौदा संवैधानिक समितिलाई बुझाइसक्नुपर्ने थियो । आठचोटी त्यो समयसीमा फेरियो, अब त माघ ८ गते बुझाउँछौं भनेर कार्यतालिका पेस गरिएको छ । आन्तरिक होमवर्कमा

नै संविधान अल्झिरहेको अवस्था छ । जनताका कुरा बुझ्नै पाएको अवस्था छैन । जेठ १४ मा हामीलाई संविधान दिन्छौं नै भनेर प्रतिबद्धता गरेको विषय हो । उता जाने अवस्था छैन । तर, राजनीतिक दलहरू सत्तापक्ष र प्रतिपक्ष दुवै सरकारको दौडमा मात्र अगाडि बढेका हुन् कि भन्ने जनतालाई लागेको छ । यति हुँदाहुँदै पनि हामी के विश्वास गर्न सक्छौं भने जाने ठाउँ कतै छैन । संविधान नदिई धरै छैन् । यस्तो अवस्थामा संविधान बनेर मात्र पनि त भएन नि । संविधान बन्दाखेरी हाम्रा भावना प्रतिविम्बित गरेन भने यो संविधान बोकिदिने कसले ? यसको पक्षपोषण गर्ने पनि हामीले नै हो । त्यसैले यो प्रक्रियामा नागरिक समाज र हामी जनताको सहभागिता निकै महत्वपूर्ण छ । यहाँ धेरै कुरा चुकेका छन्, स्थानीय स्वायत्त शासनका कुरा धेरै गौण र छायाँमा परेको स्थिति छ । ती कुरा तपाईंहरूले उठाइदिनुभयो भने हामी जस्ताको तस्तै रङ नलगाई माथि पनि लगिदिनेछौं ।

**सकजकर्ता तारानाथ दाहाल** : उठेर छलफल थाल्दा भाषण गरे जस्तो हुने भएकाले बसेर नै सुरु गरौं । भाषणमा नक्कली कुरा र छलफलमा सक्कली कुरा आउँछन् रे । हामी मनभित्रका कुरा अन्तर्क्रिया गर्न आएकाले सहज रूपमा धक नमानी आफ्ना विचार, सुझाव, दृष्टिकोण राखौं । त्यसका लागि यहाँहरूलाई पनि सहज होस् । यहाँ धेरै साथी भए पनि उहाँहरूले पनि छलफलका क्रममा नै आफ्ना विचार दिनुहुनेछ र अन्तमा केही महत्वपूर्ण सुझाव म उहाँहरूबाट खोतल्नेछु । हामी संस्थागत रूपमा पछि विचार राख्नेछौं ।

अहिले संविधान निर्माण प्रक्रिया अगाडि बढिरहेको छ । हामीले चुनेर पठाएका जनप्रतिनिधि त्यो काममा लागिपरेका छन् । के-के भइरहेको छ, त्यो तपाईंहरूलाई थाहा छ । ४-५ महिनामा त्यो संविधान हाम्रो हात पर्ला भनी आश गरेका छौं । आउला नआउला, त्यहाँभित्रको संकटको पक्षमा हामी नजाऔं । संविधान आएन भने मुलुकमा के होला ? कहाँ पुग्ला भन्ने कुरा नगरौं । यो संविधान हामीले दुईवटा जगमा निर्माण गर्दैछौं । एउटा नेपाली जनताले दिगो शान्ति खोजे । लामो युद्ध र अन्तर्कलहपछि नेपाली समाजले एउटा शान्तिको मार्ग अवलम्बन गऱ्यो, र त्यो शान्ति, दिगो शान्तिको रूपमा परिणत गर्न नेपाली जनता आफैंले चुनेका जनप्रतिनिधिद्वारा बन्ने नयाँ संविधानः जुन संविधानका आधारमा मुलुकले आर्थिक, सामाजिक, राजनीतिक, विकास, उन्नतिको हाम्रो सपना छ । त्यो लक्ष्य हासिल गर्ने आकांक्षाका साथ दिगो शान्तिमा रुपान्तरण गर्न नेपाललाई कस्तो बनाउने भन्ने क्रममा हामीले गणतन्त्र स्थापना गरिसक्यौं । गणतन्त्रलाई अझ बढी लोकतान्त्रिक संविधान निर्माण गरेर नेपाललाई संघीय गणतन्त्रात्मक लोकतान्त्रिक नेपाल बनाउने भनेर २०६५ जेठ १५ गते संविधानसभाले पहिलो निर्णय गऱ्यो । जतिबेला नेपालको राजसंस्थालाई बिदाइ गर्नका लागि हामीले चुनेका नेताहरूले अब नेपाल गणतान्त्रिक नेपाल हुनेछ भन्ने निर्णय गर्नुभयो । योसँगै अबको नेपाल संघीय गणतन्त्रात्मक लोकतान्त्रिक नेपाल हुनेछ भन्ने घोषणा गर्नुभयो । यसको अर्थ के हो भने नेपाल संघीय हुनेछ, नेपाल लोकतान्त्रिक हुनेछ ।





र, अन्तरिम संविधानमा नै लेखिएको छ- संविधानसभाले काम थालेको २ वर्षमा संविधान लेखेर सिध्याउने । सकिएला, नसकिएला त्यो आफ्नो ठाउँमा छ । यसका बारेमा छलफल भइरहेको छ । अहिले हामी पनि दुई वर्षभित्र संविधानमा लेखिनुपर्ने कुरामा छलफल गरिरहेका छौं । यो भन्दा पहिले पनि यस्ता छलफल भए होलान्, विभिन्न माध्यममार्फत आफ्ना विचार/चाहना व्यक्त गरिनैराखेका छन् जनताले ।

हामी तीनवटै संस्थालाई के लाग्यो भने विभिन्न विषयमा छलफल भए पनि संघीय नेपाल भनेको राज्य पुनर्संरचना गर्ने हो । अहिलेसम्म राज्यको ढाँचा केन्द्रमा न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका थियो । अनि स्थानीय सरकारको रूपमा ७५ जिल्लामा जिल्ला विकास र तल्लो तहमा गाविस र नरपालिका थियो । यसलाई केन्द्रीकृत विकासका सबै काम केन्द्रीय सरकारले गर्थ्यो भनियो । हामीले यहाँबाट हाम्रा जनप्रतिनिधिहरू चुनेर पठाउँथ्यौं अनि उनीहरूले त्यहाँ बसेर काम गर्थे । सबै अधिकार केन्द्रीय स्तरमा मात्र थियो । यो ढाँचा केन्द्रीकृत भयो । यो ढाँचाले नीतिनिर्माण र हामीले तिरेको करको विनियोजन गर्ने थलो सिंहदरबार मात्रै भयो । जनताका चाहिने कुरा, विकास निर्माणका कुरा त्यहाँ मात्र सोचियो । यसले जनताको आर्थिक, सामाजिक विकास र चाहना परिपूर्ति गर्न सक्दैन, त्यसैले राज्य पुनर्संरचना गर्नुपर्छ भनियो । पुनर्संरचना गर्दा संघीय बनाउने भन्ने घोषणा भयो । त्यसपछि हामीलाई के लाग्यो भने, राज्य पुनर्संरचना गर्ने भन्ने कुरा ज्यादै महत्वपूर्ण हो । किनभने, यो मेरो सरकार हो, मैले बनाएको सरकार हो, सरकारले बनाएको कार्यक्रम मेरा लागि बनाएको हो, सरकारमा मेरो उपस्थिति छ, मेरो विकासका लागि नै सरकारले कार्यक्रम बनाउँछ भन्ने भावना जनतामा हुनु जरुरी छ । लोकतन्त्रमा जनता आफ्नो आँगनमा सरकार चाहन्छन् । यसले सेवा दिन्छ, सुरक्षा दिन्छ, जनताको संरक्षण गर्छ, देश र समाज विकासको जिम्मा लिन्छ । नजिकको सरकार बनाउन राज्य पुनर्संरचना हुँदैछ र हाम्रो भाषा, पहिचानलाई बुझेर हाम्रो विकास गर्न सक्ने खालको प्रान्तको निर्माण हुनुपर्छ भन्ने माग भइरहेको छ । यो केन्द्रको सरकारलाई तल-तल राखेर नयाँ सरकार बनाउने अभियानको सुरुवात गरौं भन्ने ढङ्गबाट देशभर संघीयता परिकल्पना भएको हो । विभिन्न पार्टीले आ-आफ्नो संघीयताको मोडेलहरू प्रस्तुत गरिरहेका छन् । कतिपय ठाउँमा गणराज्यको अभ्यास पनि सुरु भएको छ । यसले के देखियो भने यो सबै प्रान्त बनाउने कुरा मात्र हो । प्रान्त बनाउने होडले स्थानीय सरकारको सेवालाई प्रत्याभूत गर्न सकिँदैन । सिंहदरबारको सट्टा मन्थलीमा त आउला तर हायुहरूको बस्तीमा पुऱ्याउन सक्दैन । त्यसकारण राज्य पुनर्संरचना भनेको जनताले नजिकभन्दा नजिक सेवा-सुविधा पाऊन्, यो मेरो सरकार हो भनेर महसुस गर्न सकुन् । यस्तो सरकार जहाँ मेरो उपस्थिति छ भनेर जनताले भन्न सकुन् । यो राज्यले मैले राज्यबाट पाउनुपर्ने सेवा-सुविधा प्रत्याभूत गर्न सक्छ भन्ने सरकारको ढाँचा प्रस्तुत गर्ने जनताको चाहना हो । हिजोदेखि हामीले अभ्यास गरिरहेका वडाहरू, जिल्ला, गाविस यी पनि राज्यका ढाँचा हुन् । यी

नजिकको सरकारको अभ्यास केही हदसम्म यो संरचनाले पनि पूरा गरेको छ । भोलिको राज्य संरचनामा उनीहरूले पाउने सेवा, अधिकार र विकासका अवसर अझ नजिकबाट कसरी पाउन सक्छन् भन्ने छलफल व्यापक रूपमा हुनुपर्छ । यो खालि केन्द्रमा, नीति नियम बनाउने ठाउँमा मात्र भएर भएन, सीमान्तकृत, पछि पारिएका जनताका घरदैलोमा गएर यस्ता किसिमका छलफल गर्ने कुरा हो । तिम्रो सरकार निर्माण हुँदैछ, तिम्रो सरकार किन निर्माण हुँदैछ भने तिमीलाई सेवा, सुविधा र विकास चाहिएको छ र यसमा तिम्रो सहभागिता चाहिन्छ भनेर यो छलफल भइरहेको छ ।

यसैक्रममा आज हामी क्षेत्रीय स्तरको छलफलमा छौं । तपाईंहरू कुनै न कुनै रूपमा यस्ता छलफलमा भाग लिइराख्नुभएको छ । यहाँ सीमान्तीकृत समुदायका साथीहरू पनि आउनुभएको छ । हामीले रामेछाप जिल्ला क्षेत्र नं १ का ५ गाविसका सीमान्तकृत समुदायमा छलफल चलाएका थियौं । त्यस्तै तपाईंहरूको भावना हामी माथि लगेर सुनाउनेछौं । आज यहाँ तीन किसिमका मानिस सहभागी छौ, पहिलो जो आफैं छलफलमा भाग लिनुभएको थियो । अर्कोथरी साथीहरू यहाँ गाविस सचिवहरू, जनप्रतिनिधि हुनुहुन्छ, जसले प्रत्यक्ष रूपमा जनतालाई सेवा दिने काम गरिरहनुभएको छ र अर्को थरिका नागरिक समाज, राजनीतिक नेताहरू हुनुहुन्छ, जसले कुनै न कुनै रूपमा आफ्ना आवाजलाई माथि पुऱ्याउन सक्नुहुन्छ । आजको छलफलमा हामी यी तीनैथरीका मानिसको विचार सुन्नेछौं तर त्योभन्दा पहिलो हामी गाउँमा गएर त्यहाँका मानिसले भन्नुभएका कुरालाई छोटकरीमा सुन्नेछौं ।

**जनताको आवाज सुनाएपछि सहजीकरण गर्दै तारानाथ दाहाल** : हामीले जनताका कुरा सुन्यौं । यसबाट के थाहा हुन्छ भने पहिलो त उनीहरू संविधानसभाबारेमा अनभिज्ञ छन् । उनीहरूमा ज्ञानको अभाव छ । दोस्रो, संविधान लेखिँदैछ भन्ने कुरा थाहा त छ तर के कुरा भन्नेमा उनीहरू अनभिज्ञ छन् । यी-यी कुरा लेखिनुपर्छ भनेर ठ्याक्कठ्याक्क आफ्ना विचार दिन उनीहरू असमर्थ छन् । तर, उनीहरूका भावना छन् । उनीहरू राज्यबाट पाउनुपर्ने सेवा- खानेपानी, सिंचाइ, सामाजिक सुरक्षा चाहन्छन् । बाटो नभएको ठाउँमा बाटो चाहन्छन्, विद्यालय चाहन्छन्, आफ्नै गाउँघरमा । जनतालाई सेवा सुरक्षा चाहिएको छ । आफ्ना कुरा निर्धक्क भएर भन्ने, भनेका कुरा सुनिदिने, अनि सम्मानपूर्वक बाँच्ने जनताका विभिन्न मत हामीले भर्खरै सुन्यौं ।

अब हामी छलफलमा जाँदैछौं । हामीले यहाँ संविधान, संघीयताबारे ब्यानरमा देख्यौं । यी सबै विषयमा जाँदा कुरा छरिन्छन् । आउनुपर्ने कुरा नआउन सक्छन् । त्यसैले आजको छलफलमा हामी मुख्य रूपमा राज्य संरचनाका बारेमा नै छलफल गर्नेछौं । मैले अघि पनि भनेको थिएँ, राज्य संरचनाको कुरा गर्दा अहिले मुख्य रूपमा दुई किसिमका बहस अगाडि आइरहेका छन् । राष्ट्रपति, प्रधानमन्त्रीलाई कुन-कुन अधिकार हुने, केन्द्रमा कस्ता अधिकार हुने, प्रधानमन्त्रीलाई बढी अधिकार कि राष्ट्रपतिलाई, संसद्को चुनाव कसरी गर्ने ?





राष्ट्रपतिको चयन कसरी गर्ने, प्रधानमन्त्री कसरी चुन्नेजस्ता विविध कुरामा बहस चलिरहेको छ भने अर्कोथरीमा प्रान्तहरूको प्रदेश बनाउने कुरा भइरहेको छ । यसमा पनि कसैले जातिगत पहिचानका आधारमा प्रान्त बनाउने कुरा गरिरहेका छन् भने कसैले भूगोलको आधारमा प्रान्त बनाउने कुरा गरिरहेका छन् । क्षेत्रीय, भाषाका आधारमा, आर्थिक संभाव्यताका आधारमा प्रान्त बनाउने भन्ने कुराको बहस भइरहेको छ । मैले अघि पनि भनेँ देशको पुनर्संरचना भनेको खालि प्रान्तीय र केन्द्रीय सरकारको कुरा मात्र होइन । प्रान्त नयाँ



*रामेछाप बजारमा भएको क्षेत्रीय छलफलमा भाग लिएका स्थानीय बासिन्दा*

बनाइँदैछ, त्यो मुख्य बहस त भइहाल्यो, त्योभन्दा पनि तल राज्यको संरचना कस्तो हुने भन्ने कुरा हो । कुनै पनि सरकारको गठन जनताको अधिकार, उनीहरूले पाउनुपर्ने सेवा, त्यहाँभित्र रहेका जनताको हितमा अधिकार प्रयोग गर्न सक्ने क्षमता, स्वायत्तताका लागि हो । स्वायत्त सरकारलाई कति अधिकार हुने भन्नेबारेमा कुरा गर्छौं । हिजो हामीले स्थानीय सरकारको रूपमा रहेको जिल्लालाई कति अधिकार दिने, वडालाई कति दिने, गाविसले कति पाउने भन्नेबारेमा छलफल गऱ्यौं । अहिले भोलि बनाईने सरकारमा कति अधिकार हुने ? जस्तै, कुरा आयो हाम्रो जंगलको कर हामीले नै उठाउन पाऊँ, त्यो विकास निर्माणमा प्रयोग गर्न पाऊँ । त्यस्तै, हाम्रा खोलाबाट बिजुली निकालिन्छ भने त्यो पैसा हामीले नै पाऊँ, हाम्रो खोलाबाट पानी अन्यत्र लगिन्छ भने हामीले नै कर उठाउन पाऊँ, हाम्रा गिट्टीबालुवाबाट आएको पैसा हामीले नै पाऊँ भन्नेजस्ता थुप्रै कुरा आए यहाँ । स्रोतमाथिको अधिकार किन खोजियो भने विकास गर्नका लागि पैसा चाहिन्छ । हामीले तिरेको करबाट नै पैसा उठ्ने हो । कर हाम्रो

साधन-स्रोतबाट उठ्छ । पैसा कसरी उठाउने, कसरी खर्च गर्ने, के-केमा कति कर लगाउने जस्ता अधिकारका कुरा भए । दोस्रो कुनै पनि व्यक्तिलाई पदमा पुऱ्याउनका लागि हामीले सरकार बनाएका हुँदैनौं । त्यो सरकारले हामीलाई सेवा प्रदान गर्छ । जस्तै, नागरिकता बनाउने, जग्गा पास गर्ने, नामसारी गर्ने देखि लिएर राज्यले हामीलाई दिने सुरक्षासम्मका कुरा । यहाँ भलुवाजोरकी एउटी मझिनीले कस्तो राम्रो कुरा भन्नुभयो भने बल हुनेहरूले भारी बोकेर खान्छन्, भारी बोक्न नसक्नेहरू त्यत्तिकै भोकै बस्नुपर्ने अवस्था छ, त्यत्तिकै मरिन्छ । बिरामी भए मरिन्छ, आँखा नहुने, अपांग भएका व्यक्तिलाई हेर्ने कोही पनि छैनन् । उनीहरूले एउटा पशुजस्तो जिन्दगी बाँच्नुपरेको छ । यसले के देखाउँछ भने यहाँ सामाजिक सुरक्षाको अवस्था राम्रो छैन । राज्य छ भन्ने कुरा जनताले अनुभव गर्न पाएका छैनन् । सबै जनतालाई कल्याण गर्ने खालको सेवा छैनन् । कस्ता-कस्ता सेवा राज्यले देओस्, त्यस्ता कुराहरू कुन सरकारले दिनुपर्छ ? त्यो पनि राज्य संरचनाको कुरा हो । अनि बल्ल संरचनाको कुरा आउँछ । म यी तीनै कुरामा तपाईंहरूको विचार माग्न चाहन्छु । हाम्रो राज्यको स्वरूप कस्तो हुनुपर्छ ? अनि ती राज्यलाई कस्तो र कति अधिकार हुनुपर्छ ? स्थानीय सरकारलाई कति, प्रान्तीय सरकारलाई कति अनि केन्द्रीय सरकारलाई कति अधिकार दिने ? जनताले पाउने सेवा कहाँ कहाँबाट प्राप्त होस् । जनतालाई अधिकतम सेवा कसरी प्राप्त हुन्छ ।

हिजो जनतालाई सेवा दिने निकायमा बस्नुभएका अनुभवी साथीहरू पनि यहाँ हुनुहुन्छ । हामी उहाँहरूका कुरा सुन्नेछौं । यहाँ अरू साथीहरू पनि हुनुहुन्छ । म पालैपालो तपाईंहरूका सुझाव संकलन गर्छु । सबैभन्दा पहिले हामीले जुन-जुन समुदायका साथीहरूका विचार सुनेका थियौं ती समुदायका साथी यहाँ आउनुभएको छ । त्यहाँ भएका छलफलमा के निष्कर्ष निस्किएका थिए, अथवा अधिकतम साथीहरूले के कुरा गरेका थिए । हिजोको छलफलमा निस्किएका कुरा र आज उहाँलाई कस्तो लागिरहेको छ, उहाँहरूका कुरा सुन्नेछौं । सबैभन्दा पहिले हामी प्रितीबाट आउनुभएका साथी डिल्लीराम सुनुवारको कुरा सुनौं ।

**डिल्लीराम सुनुवार** (**प्रिती गाविस**) : संविधान निर्माण प्रक्रिया कस्तो हुनुपर्छ भने, गाँस-बास-कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी सरकारले गर्नुपर्छ । आत्मनिर्णयको अधिकारसहितको राज्य बनाइनुपर्छ । जहाँ अपांग, महिला, जनजाति, बालबालिका सबैको प्रतिनिधित्वसहितको किराँत उपस्वायत्त राज्य बनाइनुपर्छ । यसमा वैज्ञानिक आधारका सिद्धान्त छन्- ऐतिहासिक पृष्ठभूमि तथा बसोबासका आधारमा । ऐतिहासिक आधारलाई हेर्ने हो भने, यहाँका सुनुवार जाति आदिम कालदेखि बसिरहेका छन् । यहाँका जमिन, पानी, बस्ती, टोल सुनुवार भाषाबाट नामाकरण गरिएको छ । प्राकृतिक स्रोतलाई उनीहरूले नै भोगचलन गरिरहेका छन् । हुन त यहाँ अरू जातिको पनि विस्तारै बसोबास हुन थालेको छ । प्रिती तथा अन्य वरपरका गाविस तथा अन्य जिल्लाहरूका सम्पूर्ण भू-भाग स्थानीय सरकार तथा अन्य कुन ढंगबाट प्रान्तीय सरकार बन्छ, त्योचाहिँ किराँत उपराज्यभित्र पर्नुपर्छ भन्ने मेरो





मान्यता छ ।

**सहजीकरण गर्दै** : डिल्लीजी बीचमै एउटा कुरा सोधिहालौं, प्रितीलगायतका वरपरका भू-भाग ऐतिहासिकताका आधारमा तथा जातीय सघनताका आधारमा किराँत उपराज्यभित्र परिनुपर्छ भनेर भन्नुभयो, फेरि अर्कोतिर के भन्नुभयो भने रामेछाप जिल्ला किराँत उपराज्यभित्र पर्नुपर्छ भन्नुभयो । यहाँनिर तपाईंले कुन प्रान्तभित्रको उपराज्यको कल्पना गर्नुभएको हो ? अनि प्रान्त र उपराज्यमा अधिकारको बाँडफाँड कसरी गरिनुपर्छ ? प्रान्तलाई कति अधिकार दिनुपर्ला अनि उपराज्यलाई कस्ता-कस्ता अधिकार दिने, यसबारेमा केही सोच्नुभएको छ ?

दोस्रो कुरा, त्यो उपराज्यभित्र समग्र रामेछाप पर्नुपर्छ कि प्रितीभित्र र वरिपरिका केही भाग मात्र पर्नुपर्छ ?

**डिल्लीराम** : किराँत उपराज्यभित्र समग्र रामेछाप पर्ने होइन कि, क्षेत्र नं १ का बस्तीहरू समग्रमा सुनुवारको बसोबास भएकाले त्यो सबै क्षेत्र किराँत उपराज्यभित्र पर्नुपर्छ भन्ने मेरो भनाइ हो ।

**सहजीकरण गर्दै** : त्यो नै स्थानीय सरकार हो कि त्यहाँभित्र पनि अरू जस्तै, गाविसजस्ता स्थानीय सरकार हुने ?

**डिल्लीराम** : गाविस चाहिन्छ । त्यसैका आधारमा अरू कुरा बन्दै जानुपर्छ ।

**सहजीकरण गर्दै** : अहिले भइरहेको गाविस नै ठीक छ कि त्यसलाई पनि विघटन गरेर अरू गाविस बनाइनुपर्छ ?

**डिल्लीराम** : अहिले भइरहेकोलाई बढी मान्यता दिनुपर्छ ।

**सहजीकरण गर्दै** : यसले जातीय अधिकार सुनिश्चित गर्छ त ?

**डिल्लीराम** : प्रतिनिधित्वको आधारमा सुनिश्चित गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : अनि तपाईंलाई के लाग्छ, यसलाई कुन-कुन अधिकार होस् ?

**डिल्लीराम** : जल, जमिनलगायत अन्य प्राकृतिक अधिकार उसको मातहतमा चल्नुपऱ्यो ।

**सहजीकरण गर्दै** : जस्तै, त्यहाँको खोलामा जलविद्युत् परियोजना बनाउन लागियो भने त्यसको लाइसेन्स कसले देओस् ?

**डिल्लीराम** : स्थानीय प्रतिनिधि, स्थानीय जनतालाई नसोधी त्यहाँ कसैले पनि केही गर्न पाइँदैन । किनभने, टाठाबाठाले हाम्रा खोलानाला बेचेर खाइसके । आजका दिनमा हामीले बिजुली निकाल्नुपऱ्यो भने पहिले उनीहरूसँग सम्झौता गर्नुपर्छ । हामी जनतालाई थाहा नहुने समस्या भोगिरहेका छौं ।

**सहजीकरण गर्दै** : यो किराँत उपराज्य कुन प्रदेशभित्र पर्नुपर्छ ?

**डिल्लीराम** : यो किराँत उपराज्यचाहिँ तामसालिङ राज्य भनेर माओवादीले घोषणा

गरेको छ तर हामी राई, लिम्बूलाई छुट्टै राज्य बनाउनुपर्छ। हैन भने त फेरि पनि हामी ओभेल परिहाल्छौं नि । त्यसैले हामी किराँत प्रदेशभित्र पर्नुपऱ्यो ।

**सहजीकरण गर्दै** : रामेछाप पूरै कि ?

**डिल्लीराम** : होइन क्षेत्र नं १ मात्र। यसभित्र सुनुवारलाई किराँत उपराज्यभित्र पारिनुपर्छ।

**सहजीकरण गर्दै** : धन्यवाद, प्रितीका डिल्लीराम सुनुवारलाई। अब रातमाटाबाट आउनुभएका भक्तबहादुर मगरलाई आफ्ना सुझाव दिनुहुन अनुरोध गर्छु।

**भक्तबहादुर मगर** : नयाँ संविधान बनाउने ठूलो अवसर हामीले पाएका छौं। यसका लागि निर्वाचन गरेर हामीले सभासद्हरूलाई पठाइसकेका छौं। संविधान समयमा बन्ला कि नबन्ला भन्ने धरमर छ। तर पनि संविधान बन्दाखेरी आत्मनिर्णयसहितको अधिकार, आफ्नो क्षेत्रको सुशासनको अधिकार दिइनुपर्छ। आदिवासी जनताका हकहितलाई मौलिक हक दिएर सुनिश्चित गरिनुपर्छ। साँस्कृतिक, सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्यजस्ता कुरामा आदिवासी जनजातिलाई प्राथमिकतामा पारेर संविधान बनाइनुपर्छ। सार्वभौमसत्ता, बहुराष्ट्रिय, भाषिक, साँस्कृतिक, धर्मनिरपेक्ष, लोकतान्त्रिक संघीय गणतन्त्र हुनुपर्छ नेपालमा ।

**भरतबहादुर खड्का** : तपाईंले यहाँ निकै राम्रो कुरा गर्नुभयो, आत्मनिर्णयको अधिकार भनेको चाहिँ के होला ?

**भक्तबहादुर** : आत्मनिर्णयको अधिकार भनेको स्थानीय जनताको निर्णय सुनिश्चित हुनुपऱ्यो। जस्तै, स्थानीय सरकार हुन्छ, त्यसले जनताका बारेमा काम गर्दा जनतालाई नै सोध्ने कुरा।

**सहजीकरण गर्दै** : तपाईं त मगर समुदायको पर्नुभयो, यहाँ जातीय आधारमा राज्य विभाजन गर्ने कुरा भइरहेको छ, यस हिसाबले हेर्ने हो भने रामेछाप जिल्ला कि त तामसालिङ राज्यमा पर्ने भयो कि त किराँत प्रदेशमा पर्ने भयो। यदि त्यसरी जातीय आधारमा देश विभाजन भयो भने रामेछापमा बसेका मगरले आफ्नो पहिचान सुनिश्चित भएको ठान्लान् कि नठान्लान् ?

**भक्तबहादुर** : जातीय आधारमा संघीय छुट्याउँदा साम्प्रदायिक हुनसक्छ, त्यसैले कुनै पनि जातीय आधारमा होइन, समानताका आधारमा हुनुपर्छ। यहाँ मगरको संख्या बढी छ, हामी मगराँत खोज्छौं। सुनुवार किराँत राज्य खोज्छन्, तामाङ तामसालिङ राज्य खोज्लान्। सबैले छुट्टै राज्य खोज्न थाले भने यसले झन् ठूलो समस्या ल्याउन सक्छ। त्यसैले समानताका आधारमा संघीय राज्य, प्रान्त बनाए राम्रो हुन्छ।

**सहजीकरण गर्दै** : सुनकोशी प्रदेशको प्रस्ताव छ, अर्को रामेछापदेखि काठमाडौंसम्मको मध्यमाञ्चल प्रदेश बनाउने भन्ने प्रस्ताव छ, यसलाई तामसालिङ राज्य बनाइनुपर्छ भन्ने कुरा पनि छ, कोही यसलाई किराँत प्रदेशको रूपमा विकास गराउन चाहन्छन्। यी विभिन्न





किसिमका मोडल आएका छन्। यसमा तपाईंलाई रामेछाप ठाउँमा परोस् अनि यसको केन्द्र कहाँ होस् भन्ने लागेको छ ?

**भक्तबहादुर** : रामेछापलाई तामसालिङ बनाउने अनि त्यसको राजधानी धुलिखेल बनाउने भन्ने कुरा सुनेको छु तर त्यसो गर्दा हामीलाई धेरै नै टाढा हुन्छ र गाह्रो पनि। ओखलढुङ्गा र रामेछापलाई मिलाएर लिखु बेल्टमा केन्द्र बनाए हामीलाई धेरै सजिलो हुने थियो।

**सहजीकरण गर्दै** : नयाँ राज्य बनाउने, राज्यको पुनर्संरचना भनेको प्रान्त बनाउने मात्र होइन, लिखुढलको कुरा आयो, अहिले भइरहेका ७५ जिल्ला र ४ हजार गाविसको पनि पुनर्संरचनाका कुरा भइरहेको छ। तपाईंलाई के लाग्छ, अहिले भइरहेका गाविस, जिल्ला उही होस् कि फेरि त्यसको पनि पुनर्संरचना होस् ?

**भक्तबहादुर** : पुनर्संरचना त हुनुपर्छ। फेरि पहिलेको जस्तै भए त के नै अर्थ भयो र नयाँ संविधान बनेको ? केही त परिवतर्न हुनुपऱ्यो नि। रामेछाप जिल्ला अहिलेको जस्तो हुनुपर्छ भन्ने पनि छैन। यसको पनि पुनर्संरचना गर्न सकिन्छ। त्यसमा क्षेत्रीय, संघीय राज्य बन्दा भौगोलिक आधारमा देश विभाजन हुँदा राम्रो हुन्छ।

**सहजीकरण गर्दै** : तपाईंले लिखुढल, स्थानीय सरकारको प्रस्ताव गर्नुभएको हो ?

**भक्तबहादुर** : हो-हो ।

**सहजीकरण गर्दै** : स्थानीय सरकार बन्दा ओखलढुङ्गाका कुन-कुन गाविस परुन् त ?

**भक्तबहादुर** : ओखलढुङ्गाका एसम, गाम्नाङ, सिंहदेवी, नरमदेश्वरी, केराबारी अनि रामेछापका हिमगंगा, गोठगाउँ, साँगुटार, बिजुलीकोट, प्रिती, सैपु, दरागाउँ, भुजी। यी सबैको सेन्टर यहाँ बनाइनुपर्छ। १४-१५ गाविसको एउटा छुट्टै जिल्ला पनि बनाउन सकिन्छ। यसको सदरमुकाम लिखुढल, सिरिसे वा रातमाटा हुनुपर्छ।

**सहजीकरण गर्दै** : यी स्थानीय सरकारलाई चाहिँ कस्तो अधिकार दिइनुपर्छ त ? त्यसले के-के सेवा जनतालाई दिनुपर्ला ?

**भक्तबहादुर** : वन्यजन्तु, बनजंगल, ढुङ्गामाटो, त्यहाँ आम्दानीको स्रोत धेरै छ, त्यसको कर उठाउने अनि जनतालाई सेवा गर्ने। शान्ति-सुरक्षाको व्यवस्था, आर्थिक, स्वास्थ्य, शिक्षा आदि सबैको अधिकार उनीहरूलाई दिने।

**सहजीकरण गर्दै** : अहिले ४-५ वटा कुरा आएका छन्, यस्ता स्थानीय सरकारलाई नागरिकता, मालपोत, विद्यालय स्वीकृती, रोड बनाउने, कस्ता अधिकार दिने ?

**भक्तबहादुर** : हो, यी सबै कुराको अधिकार स्थानीय सरकारलाई दिनुपर्छ।

**सहजीकरण गर्दै** : स्रोत के त यी काम गर्नका लागि ?

**भक्तबहादुर** : यसका लागि केन्द्रले पनि सहयोग गर्नुपर्छ नै। साथै तल भएका

आयआर्जनबाट आएको पैसा केन्द्रमा पनि जान्छ ।

**सहजीकरण गर्दै** : भनेपछि केन्द्र र स्थानीय सरकार भए पुग्छ ?

**भक्तबहादुर** : अहिलेको अवस्थामा क्षेत्र भनेका छौं, अञ्चल भनेका छौं, जिल्ला भनेका छौं, मलाई लाग्छ, यी सबै आवश्यक छैन । अधिकारसम्पन्न स्थानीय सरकार बनाउने, प्रान्त छँदैछ अनि केन्द्र भयो भने डाइरेक्ट सम्पर्क हुनसक्छ नि ।

**सहजीकरण गर्दै** : भनेपछि तीन तह हुने भयो होइन ? ल ठीकै छ, अब यहाँ साँघुटारबाट आउनुभएका कमलराज सुवेदीलाई आफ्ना कुरा राख्न अनुरोध गर्छु ।

**कमलराज सुवेदी** : आफूलाई कुमाल भनेर चिनाउन नचाहेका कारण साँघुटारका कुनै पनि कुमाल जाति यहाँ आउन मानेनन् र उनीहरूको प्रतिनिधित्व गरी म आएको हुँ ।

**सहजीकरण गर्दै** : त्यसो भए तपाईंले नै उनीहरूका कुरा राखिदिनुहोस् न त ?

**कमलराज** : संघीयताका बारेमा मलाई केही पनि थाहा छैन ।

**सहजीकरण गर्दै** : रस्नालुबाट आउनुभएको छ आङनिमाजी, उहाँका कुरा त हामीले अघि दृश्यमा पनि हेर्‍यौं । फेरि पनि उहाँले आफ्ना कुरा राख्नुहुनेछ ।

**आङ्गनिमा शेर्पा** : हामीजस्ता जनतालाई भाषा नै बुझ्न नसकेर अप्ठेरो भएको छ । गाउँ-गाउँमा पनि प्रान्तको कुरा, संविधानका कुरा प्रष्ट पार्नुपर्नेछ । त्यसपछि मात्र जनताबाट खुलेर विचार आउने थियो ।

**सहजीकरण गर्दै** : यसका लागि छलफल अझै धेरै हुनुपर्छ ?

**आङ्गनिमा** : धेरै नै छलफल गर्नु आवश्यक छ, जनतामाझमा छलफल पुगेकै छैन । यहाँ धेरैखाले संघीयताका कुरा आएका छन् । रामेछापमा तम्बुवान, लिम्बुवान, शेर्पा स्वायत्तको कुरा आएको छ । शेर्पाकै कुरा गर्ने हो भने २१ जिल्लामा छन् । शेर्पाको स्वायत्त राज्य भनेर सोलुखुम्बुलाई भनेको छ । त्यसो भए रस्नालुमा बस्ने शेर्पा, प्रितीका शेर्पा कहाँ जाने ? उनीहरूका अधिकार कहाँ सुनिश्चित हुने भन्नेजस्ता कुरा पनि जनतालाई बुझाउन जरुरी छ ।

**सहजीकरण गर्दै** : सुविधा नजिक पाइएला भनेको त झन् टाढा पो जाने भयो , होइन ?

**आङ्गनिमा** : त्यही त । बुझ्दै जाँदा हामीलाई सेवा-सुविधा पाउनका लागि संघीयता निकै आवश्यक रहेछ भन्ने थाहा भयो । संघीयता भएपछि मात्र हामीले पाउनैपर्ने कुराहरू जस्तै, गास, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार, स्वतन्त्रताका कुर्रा उपभोग गर्न पाउने रहेछौं भन्ने लाग्यो । अघि यहाँ एकजना सरले भन्नुभयो-सुनुवारको छुट्टै प्रान्त चाहिन्छ भनेर । भोलि शेर्पाले पनि त्यही भन्लान् । त्यसो भयो भने के सम्भव होला ? त्यसो भन्दा स्थानीय निकायलाई नै बलियो पारौं, उसले जनतालाई अधिकार दिन सकोस्, यसो भए जनताले राम्रो





र छिटोछरितो ढंगले सेवा पाउने थिए भन्ने मलाई लाग्छ । जस्तै, गुम्देल अनि गैसराका मान्छे नागरिकता बनाउनका लागि सिफारिस लिन मन्थली नै पुग्नुपर्ने कुराले जनतालाई निकै दुःख भइरहेको छ । त्यसैले जनतालाई सेवा दिन प्रान्त नै बनाएर अधिकार दिन सकिन्छ । गाविसलाई नै विद्यालय स्वीकृत गर्ने, बाटो बनाउने, नागरिकता बनाउने अधिकार दिने हो भने गुम्लेदको मान्छेले गाविसमा नै सेवा पाउने भए, उनीहरू मन्थली झर्नैपरेन । यस्तो भए किन प्रान्त आवश्यक पर्‍यो ? त्यति अधिकार गाविसलाई दिन सकिँदैन भने, अहिलेको संरचनालाई नै हेर्दा जिल्ला अनि केन्द्रमा नै अधिकार केन्द्रित गर्ने हो भने प्रान्त निर्माण गर्नैपर्ला, रामेछापको भूगोललाई हेर्दा पनि । २ नं. क्षेत्र म घुमेको छैन । क्षेत्र नं. १ लाई नै हेर्ने हो भने भित्रीखानी भन्ने डाँडातिर सेन्टर हुन्थ्यो कि ? यता प्रिती, भुजी, बाम्ती, कुभुकास्थली, ठोसजस्ता गाविसलाई पनि त्यहाँ सेन्टर हुँदा सजिलो हुन्थ्यो जस्तो मलाई लाग्छ । त्यहाँ विद्युत् पुगिसकेको छ, बाटोको पनि सुविधा छ । स्वच्छ वातावरण छ, मन्थलीको जस्तो पंखा लगाइराख्नुपर्दैन् । हैन प्रान्त बनाइराख्नुपर्दैन भन्ने लाग्छ भने गाविसलाई नै सबै अधिकार दिएर स्थानीय सरकारलाई नै बलियो बनायो भने जनताले धेरैभन्दा धेरै सुविधा पाउछन् भन्ने मेरो बुझाइ छ ।

**सहजीकरण गर्दै** : मेरो अगाडि दुईजना भूतपूर्व सभापति हुनुहुन्छ, जसले स्थानीय सरकालाई नै बलियो बनाउनुपर्छ, जनताका सबैभन्दा बढी अधिकार स्थानीय निकायले नै पूरा गर्न सक्छ भनेर आवाज उठाइराख्नुभएको छ । यहाँनिर गाविसको संख्या घटाऊँ अनि गाविसलाई बरु अलि ठूलो बनाएर जिल्लामा भएको अधिकार गाविसलाई नै दिऊँ भन्ने कुरा पनि आइरहेको छ । त्यति भयो भने जनतालाई चाहिएको त सेवा हो, प्रान्त बनाएर पदमात्र किन बढाउने भन्ने कुरा पनि आइरहेको छ । यो कुरा तपाईंलाई कस्तो लाग्छ ?

**आङ्गनिमा** : जनताले पाउनुपर्ने सेवा-सुविधा, रोजगारीको कुरा अहिलेको गाविसले गर्छ भने त हामीलाई भइहाल्यो नि । किनभने, रस्नालु र गैसराको मानिस मन्थली पुग्दाको पीडा दुखद छ । हिजोको दिनमा कसरी भूगोलको विभाजन गरेर सदरमुकाम बनाइयो, जिल्ला छुट्याइयो थाहा छैन । सदरमुकाम जान निकै नै गाह्रो छ ।

**सहजीकरण गर्दै** : तपाईंले सोचेको त्यस्तो स्थानीय सरकारमा प्रतिनिधित्वको स्वरूप चाहिँ कस्तो होस् । संसद् चाहिएला-नचाहिएला ? सबै जातिको, भाषाको चुनाव कसरी गराउने ? कसरी काम गर्ने ? कसरी यसलाई प्रभावकारी बनाउने भन्नेबारेमा केही सोच्नुभएको छ ?

**आङ्गनिमा** : त्यसका बारेमा मैले त्यति धेरै सोचेकी छैन । म पछि सोच्नेछु । मोटो दिमाग भएका शेर्पा जाति त्यसै पनि पछाडि नै छन् । सबै जाति, वर्ग, महिला सबैको प्रतिनिधित्व हुने गरी एउटा सञ्चालक बढी बनाउँदा नै राम्रो होला ।

**सहजीकरण गर्दै** : भनेको समानुपातिक सञ्चालक परिषद् जस्तो बनाउने ?

**आङ्गनिमा** : हो-हो, एकजनाको मात्र हालिमुहाली भएर भएन । सबैको सहभागिता त्यहाँ पूर्णरूपले हुनुपर्‍यो ।

**हेमराज लामिछाने** : स्थानीय निकायमा नै अधिकार भयो भने जनताले बढीभन्दा बढी अधिकार पाउँछन् भन्नेबारेमा पहिलेदेखि नै आवाज उठाउँदै आएको नाताले अहिले तपाईंहरूले यहाँ जुन कुरा गर्नुभयो, त्यसपछि मलाई के लाग्यो भने हामीले उठाएका कुरा नराम्रो होइन रहेछ । अझै पनि स्थानीय सरकारभन्दा पनि तल गएर सोच्ने अनि बोल्ने बेला आइसकेको छ । यसका लागि बोल्ने जमात पनि विस्तारै अगाडि आउँदैछ । स्थानीय सरकारका कुरा गर्दा अहिले अभ्यासमा आएको गाविस, वडा अनि समुदायका कुरा छन् । अहिले तपाईंहरूले भन्नुभयो जल, जमिनका कुरा त्यो धेरै राम्रो कुरा हो । हामीले सोचेकै कुरा तपाईंहरूले पनि सोचिरहनुभएको रहेछ । खुसी लागेको छ । अबचाहिँ स्थानीय सरकार र जनसमुदायबीचको रिलेसनको कुरा पनि यहाँ आइदिए, तपाईंहरूले आफ्ना अनुभव हामीलाई सुनाइदिए अझ राम्रो हुने थियो ।

**सहजीकरण गर्दै** : म यसलाई अझ प्रष्ट पारौं, स्थानीय सरकार बलियो हुनुपर्छ, यसले गर्दा जनतालाई सहज हुन्छ, तर त्यसभित्र वडा पनि हुन्छ, समुदाय पनि हुन्छ । जनतालाई बढीभन्दा बढी सुविधा दिन त्यसभित्र अझ तल समुदायसम्म गएर आन्तरिक संरचना पनि बनाउन सकिन्छ कि भनेर उहाँले भन्न खोज्नुभएको हो ।

**आङ्गनिमा** : भित्रीखानीको कुरा त अहिलेको समय, खर्चलाई बचाउनका लागि मात्र भनेकी हुँ । हामीले पाउने सुविधा त टोलटोलमा, वडावडामा भए झनै राम्रो हुन्थ्यो ।

**सहजीकरण गर्दै** : जनतालाई सबैभन्दा नजिकको सरकार चाहियो, सबैभन्दा बढी सेवा दिने सरकार चाहियो, अधिकार दिने सरकार चाहियो, आर्थिक, सामाजिक विकास गराउने खालको सरकार चाहियो । संघीयताको स्वरूप जनताको आवश्यकताअनुसार पनि हुन सक्छन् । भित्रीखानीको कुरा गर्दा यसमा रामेछापका गाविस मात्र हो कि दोलखाका गाविस पनि जोड्न सकिन्छ ?

**आङ्गनिमा** : मानिस जातैले लोभी हुन्छ, हामीलाई मन्थलीभन्दा यसको केही भाग अनि दोलखाको केही भाग काटेर लगेर जिरी नै सदरमुकाम बनाउन पाए काइदा हुने थियो । जिरी भयो भने त पूर्वाधार पनि विकास भइसकेको ठाउँ छ । जिरीमा हुँदा रामेछापका उत्तरी बेल्टमा भएका १२/१४ वटा गाविसलाई नै सजिलो हुने थियो ।

स्थानीय स्तरको कुरा विशेषगरी शिक्षाको पहुँचका लागि उठाइए । विद्यालयका लागि ब्लगहरू ल्याएको हुन्छ तर सदमुकामतिर थन्किएको हुन्छ । विद्यालयमा दरबन्दी नै हुँदैन । जर्मन सरकारले सहयोग नगरेको भए हाम्रा माथिका स्कुलहरू अहिले छानो उडेर पूरै पानी चुहिने अवस्थामा हुन्थ्यो । किनभने, स्कुल विकासमा आएको पैसा त यतै बाँडीचुँडी सकिँदो रहेछ । दलहरूमा भागबन्डा लगाउँदालगाउँदै र राजनीतिले गर्दा स्कुलमा शिक्षक नै नहुने





अवस्था थियो । पहुँच भएकाहरू सबै सुगम नै खोज्ने अनि त्यो दुर्गम ठाउँमा पढाउन को जाने ? शारदादय बहुमुखी क्याम्पस खुलेको छ ठोसेमा, त्यहाँको ६ बजेको कक्षा भ्याउनका बिहान ३ बजेदेखि जंगलको बाटो हिँड्नुपर्ने अवस्था छ । राति जंगलको बाटो जाँदा बाटोमा केही भए जिम्मा कसले लिने ? आफ्नै ठाउँमा विद्यालय भए त उनीहरूको समय बच्ने थियो, सुरक्षित महसुस गर्न सक्ने थिए । यी समस्या समाधान गर्न संघीयतामा जानु आवश्यक छ ।

**सहजीकरण गर्दै** : अघि तपाईंले भित्रीखानीको कुरा गर्नुभयो नि, त्यो ठाउँको नाम पनि सोच्नुभएको छ कि ?

**आङ्गनिमा** : खोइ नाम त सोचेकी छैन । तर पनि जातीय आधारमा भन्दा पनि प्राकृतिक स्रोतको नामलाई आधार मानेर जस्तै तामेडाँडा, लिखुखोला राख्दा राम्रो हुन्छ । हुन त अरूले आफ्नो भाषाको आधारमा राख्न खोज्लान् तर पनि प्राकृतिक स्रोतको आधारमा राख्दा नै राम्रो हुन्छ । त्यहाँ जटापोखरी, पाँचपोखरी, लिखुखोला तावे, गौरीशंकर हिमालजस्ता धेरै नै प्राकृतिक स्रोत छन् । यसको आधारमा नाम राख्न सकिन्छ ।

**सहजीकरण गर्दै** : धन्यवाद आङ्गनिमाजीलाई । अब सुकाजोरबाट रमेश हायु हुनुहुन्छ, उहाँ यो स्थानीय स्तरमा संघीयताका बारेमा छलफल गर्ने क्रममा सहजीकरण गर्न गाउँगाउँमा पनि जानुभएको थियो ।

**रमेश हायु** : हायु लोपोन्मुख जातिको रूपमा रहेका छन् । संविधानमा हामीहरूको गास, बास, कपासको ग्यारेन्टी हुनुपर्छ । यसका साथै शिक्षा, स्वास्थ्य, रोजगारी, स्वतन्त्र मौलिक अधिकार, भूमिमाथिको अधिकार, स्वायत्त स्वतन्त्रताका कुरा संविधानमा सुनिश्चित भएमात्र हायु जातिको अधिकार सुनिश्चित हुने थियो ।

**सहजीकरण गर्दै** : हायुको भूमिसम्बन्धी अधिकार र साँस्कृतिक अधिकार भनेको के हो ?

**रमेश** : हायु जाति आफ्नै भूमिमा पनि सुकुम्बासी भएर बस्नुपरेको छ । हायुको आफ्नै बिर्ता प्रणाली थियो । जमिनमा अरूले एकाधिकार कायम गरेर उनीहरूलाई नै सुकुम्बासी बनाइराखेको अवस्था छ । उनीहरूको बिर्ता प्रणाली फेरि पनि कायम गरेदेखि हायुको गास, वास, कपासको समस्या समाधान हुने थियो ।

**सहजीकरण गर्दै** : बिर्ता पुनः ब्युँताउदा सामान्तवाद ब्युँताउने जस्तो होला नि ?

**रमेश** : त्यस्तो पनि हुनसक्ला तर पनि जमिन नभइरहेको अवस्था छ । जमिन त पाउनुपर्‍यो नि ।

**सहजीकरण गर्दै** : भनेको जमिनमाथिको विशेषाधिकार हुनुपर्‍यो ?

**रमेश** : हो-हो ।

**सहजीकरण गर्दै** : कुन-कुन ठाउँमा उनीहरूलाई यो अधिकार दिनुपर्ला त ?

**रमेश** : विशेष गरेर हाम्रो त्यो ठाउँमा हेर्दा, तल्तो बेल्ट छ बिर्ता भन्ने जहाँ प्लटिङ पनि हुन लागेको छ। त्यो ठाउँका हायुलाई यो विशेषाधिकार दिनुपर्ने देखिन्छ।

**सहजीकरण गर्दै** : लोकतन्त्रमा के भनिन्छ भने कानुनका नजरमा सबै समान हुन्छन्। कसैलाई बढी अधिकार कसैलाई कम अधिकार दिइनुहुँदैन। तपाईंले भनेको जस्तो सुनकोशीको किनारमा बसेका हायुलाई विशेष अधिकार दिँदा त्यही ठाउँमा बस्ने अरू जातिलाई फेरि छुट्याएजस्तो लाग्न सक्ला नि त ?

**रमेश** : भेदभाव भन्दा पनि उनीहरूको जमिन थियो। उनीहरूको जमिन नै नभएको त होइन नि। यदि त्यस्तो नगर्ने हो भने फेरि पनि त्यहाँका हायु त सुकुम्बासी हुने नै भए नि त।

**सहजीकरण गर्दै** : भनेपछि त्यहाँ सुरक्षाको अधिकार चाहियो ?

**रमेश** : हामी त्यहाँभित्र सुरक्षित हुनुपर्‍यो।

**सहजीकरण गर्दै** : त्यो अधिकार कसले दिन्छ ? प्रान्तले दिने कि स्थानीय सरकारले दिने ?

**रमेश** : स्थानीय सरकारले नै दिनुपर्छ।

**सहजीकरण गर्दै** : कस्तो स्थानीय सरकार होस् ?

**रमेश** : स्थानीय सरकारमा हायु समुदायलगायत अरू समुदाय पनि छन्। त्यसमा पनि मिश्रित प्रणालीको संघीय प्रणाली आइदिएमा प्राकृतिक स्रोत-साधनमा उनीहरूको अधिकार सुनिश्चित हुने थियो।

**सहजीकरण गर्दै** : त्यही वरिपरिको ३-४ वटा ठाउँको संघीयता खोज्नुभएको हो कि कस्तो संघीयता भन्न खोज्नुभएको हो ?

**रमेश** : भौगोलिक विकटताको देश छ, जसले गर्दा त्यहाँ कुनै पनि भूगोलमा पानीको अभाव हुनसक्छ। कहाँ केको अभाव हुनसक्छ जसले गर्दा यहाँको बस्तीलाई नै स्तरीकरण गरिनुपर्छ। बस्ती स्तरीकरण गरेपछि मात्र संघीयता गर्दा राम्रो हुन्छ भन्ने लाग्छ।

**सहजीकरण गर्दै** : हायु जातिलाई कहाँ लगेर राख्ने त ? कुन प्रान्तमा राख्ने ?

**रमेश** : हायुको आदिम थलो भनेको सीमित क्षेत्र छ, त्यही ठाउँमा राखे राम्रो हुन्छ।

**सहजीकरण गर्दै** : त्यो कुन प्रान्तमा परोस् ? अहिले त विभिन्न मोडल आइरहेका छन्।

**रमेश** : किराँत धर्मलाई नै आधार मान्ने हो भने यो माझ किराँतमा नै पर्छ। वल्लो किराँत स्वायत्त प्रदेश नै भए राम्रो।

**सहजीकरण गर्दै** : यसको केन्द्र कहाँ होस् ?

**रमेश** : लिखु तल पनि हायुको बस्ती छ, सिन्धुलीमा पनि हायुको बस्ती छ, त्यसैले





पालीगाउँलाई नै केन्द्र बनाउँदा राम्रो हुने थियो।

**सहजीकरण गर्दै** : वल्लो किराँतको राजधानी नै त्यहीँ बनाउँदा सुनुवारले मान्लान् त ?

**रमेश** : सुनुवार जातिको पल्लो किराँतमा पर्छ।

**सहजीकरण गर्दै** : हायु जाति कति गाविसमा छरिएर रहेका छन् ?

**रमेश** : रामेछाप गाविसको ८, सुकाजोरका १, २, ३, ४ र ओखेनीको ७ वडामा सीमित हुन्छ।

**सहजीकरण गर्दै** : हायु बस्ती तीन गाविसमा छरिएका छन्, तिनलाई एउटा गाविस बनाए हुन्छ कि हुँदैन ?

**रमेश** : यस्तो भएमा त हायु जातिको पनि उत्थान हुने थियो। यसको केन्द्र कहाँ हुन्छ त्यहीलाई मिलाउन सकिन्छ। अनि यसलाई स्वायत्त बनाउन पनि सकिन्छ।

**सहजीकरण गर्दै** : हायु जातिको समस्या त्यही गाविसले मिलाउन सक्छ त ?

**रमेश** : सक्छ नि।

**सहजीकरण गर्दै** : त्यसलाई चाहिँ के-के अधिकार दिनुपर्छ त ?

**रमेश** : स्वायत्त सरकारको आफ्नै अधिकार छन्। ती अधिकार भएमा हुन्छ। स्रोत-साधनको प्रयोग, जमिन किन्न पाउने/नपाउने भन्ने अधिकार गाविसमा नै होस्।

**पर्शुराम उपाध्याय** : केन्द्र र प्रदेशमा जाँदा फेरि पछि परेका जाति तथा अल्पसंख्यक जातिको प्रतिनिधित्व सुनिश्चित नहुन सक्छ। यस्ता समुदायको प्रतिनिधित्वलाई कसरी सुनिश्चित गर्न सकिएला ?

**रमेश** : सबै जातिको प्रतिनिधित्व गराउन सबैको समानुपातिक उपस्थिति गराउनुपर्छ।

**सहजीकरण गर्दै** : हायुको जनसंख्या कति छ ?

**रमेश** : २ हजार जति छन्।

**सहजीकरण गर्दै** : रामेछापमा मात्र हो ?

**रमेश** : रामेछापमा मात्र त एक हजारको हाराहारीमा छ।

**सहजीकरण गर्दै** : यो जनसंख्याको एउटा गाविस बन्ने भयो। ५-६ वटा गाविसको ग्रामपालिका बनाउँदा यो एउटा वडा बन्ने भयो। होइन त ?

**रमेश** : अँ बन्ने भयो।

**सहजीकरण गर्दै** : हामीले समुदायका कुरा सुन्यौं। यहाँ धेरै अनुभवी साथीहरू हुनुहुन्छ। यसका साथै विभिन्न संघसंस्थाका प्रतिनिधि हुनुहुन्छ। तपाईंहरू अब आफ्ना सुझाव छोटकरीमा राख्न सक्नुहुन्छ।

**रामविष्णु बस्नेत (पूर्वअध्यक्ष, सुकाजोर गाविस)** : स्थानीय तहमा जनतासँग प्रत्यक्ष

रूपमा सरोकार राख्ने रजिस्ट्रेसन, जग्गा पास गर्ने, नागरिकता त्यही बनाउने अधिकार हुनुपर्छ । साना-साना मुद्दाको फैसला गर्ने अधिकार मात्र गाविसलाई दिइएको थियो, पहिला । तर, स्थानीय तहले जति मुद्दाको राम्रो फैसला अरू कसैले गर्न सक्दैन् । त्यसैले यो अधिकार स्थानीय तहलाई नै दिनुपर्छ । यसो भएमा स्थानीय जनताले धेरै दुःख पाउने थिएनन् । समयको पनि बचत हुने थियो । विकास पनि स्थानीय जनताले माग गरेअनुसार गरिनुपर्छ । राज्य छुट्याउँदा वर्गको हिसाबले छुट्याउनुपर्छ । जमिन हेर्दा कुनै उर्बरा शक्ति ज्यादा छन् भने कति ठाउँमा कम छ । समान रूपमा विकास गर्ने हो भने कुनै झन् धनी हुने भए कुनै कम हुने भए । अहिले पहुँच भएकाहरूका ठाउँमा मात्र विकास भएको छ । जहाँ आवश्यक छ, त्यहाँ त पुग्न सकेकै छैन् । त्यहाँका मानिस झन् गरिब भइरहेका छन् । त्यसैले गर्दा जमिन, स्रोत-साधनलाई संविधानले नै व्यवस्थित गर्नुपर्छ । न्यायिक अधिकार पनि स्थानीय स्तरमा नै दिनुपर्छ ।

**सहजीकरण गर्दै** : न्यायिक अधिकार पनि स्थानीय स्तरमा नै दिनुपर्छ भन्ने कुरा गर्नुभयो, त्यसलाई मैले अझ विस्तृत गर्न खोजें । योभन्दा पहिले पनि १० किसिमका मुद्दा स्थानीय निकायले नै गर्ने भन्ने कुरा भएको थियो । कतिपय ठाउँमा यी कुरा राम्रोसँग लागू भए होलान्, कतिपय ठाउँमा लागू भएनन् होला । तपाईंको विचारमा चाहिँ कस्ता न्यायिक अधिकार स्थानीय स्तरमा दिनुपर्ला ? अनि न्याय गर्ने मानिसको छनोट कसरी गर्ने वा कसले गर्ने ?

**रामविष्णु** : जनप्रतिनिधिले नै वास्तविकता बुझेर न्याय दिने व्यवस्था गर्नुपर्छ । तर, त्यसलाई पनि छाडा छोड्नुचाहिँ हुँदैन । छाडा छाड्दा फेरि ऊ पनि मात्तिन सक्छ । सम्बन्धविच्छेद, कुटपिट, लुटपाट, ठगी मुद्दा, झैझगडा, ज्यान केसमा सिफारिससम्म भए पनि सुनिने व्यवस्था गर्न सकिन्छ ।

**सहजीकरण गर्दै** : अघि यहाँ छलफल भएको थियो नि गाविसको संख्या घटाउने, अधिकार थप्ने भन्ने । यसमा तपाईंलाई के लाग्छ ?

**रामविष्णु** : गाविस घटाइनुहुँदैन । बस्ती विस्तार गर्नुपर्ने हुन्छ । बस्ती विकास भएन भने गाविस घटाएमा झन् दुःख पाउनेछन् जनताले ।

**सहजीकरण गर्दै** : गाविसको अधिकार वडालाई दिइयो भने नि ?

**रामविष्णु** : वडालाई दिँदा राम्रो, तर पनि ती वडालाई हेर्ने निकायको रूपमा गाविस नै हुन्छ । अर्को कुरा, स्थानीय स्रोत वल्लो गाविस, पल्लो गाविसमा प्रयोग गर्न पाउने व्यवस्था हुनुपर्छ नत्र त्यसमा पनि ठूलो झैझगडा हुनसक्छ । स्थानीयलाई पूर्णरूपमा अधिकार दिइए सुविधा नभएका गाविसहरूमाझ झैझगडा हुनसक्छ ।

**सहजीकरण गर्दै** : प्राकृतिक स्रोतलाई कसरी बाँडफाँड गरिनुपर्छ त ?

**रामविष्णु** : प्राकृतिक स्रोत जुन ठाउँको हो त्यसलाई बढी ग्राह्यता दिने, अनि अरूले





पनि त्यसको उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : मान्लान् त ?

**रामविष्णु** : जुन गाउँको पानी हो उनीहरूले कर उठाउन पाउने तर पानी अर्को गाउँले पनि प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

**ढालविक्रम कार्की (सुकाजोर गाविस)** : राज्यले उपेक्षा गरेकाले हिजोका दिनमा हायु, सुनुवार, मगर, तामाङ, पहरी यस्ता थुप्रै जातिको अधिकार सुनिश्चित हुन सकेन । उनीहरूको मात्र नभएर सबैको अधिकार सुनिश्चित गर्न देश संघीयतामा जानुपर्छ । यसो भए मात्र जातजातिको उत्थान हुने थियो । तर, देश संघीयतामा जाँदा हिजोका भाइभाइमा फुट नहोस् । जातीय आधारलाई पहिचान गराउँदै, समानुपातिक ढंगबाट प्रतिनिधित्व गराउँदै अहिलेको अवस्थालाई माथि उठाउन संघीयतामा जानुपर्ने देखिन्छ ।

दोस्रो, यहाँ कोही माथि होलान्, कोही तल होलान्, त्यसैले उनीहरूलाई ठीक ठाउँमा ल्याउन हालको संरचना परिवर्तन गर्नुपर्छ । तर, आफ्नै देशमा कोही पनि प्रवासीचाहिँ हुनुहुँदैन । जातीय, भौगोलिक, भाषिक आधारमा संघीयतामा जाने भन्ने विभिन्न पार्टीका विभिन्न मोडल छन्, यसले गर्दा जनतालाई सबै कुरा थाहा नभएका कारण कतै आफ्नै देशमा आप्रवासी हुनुपर्ने त होइन भन्ने शंका मनमा पलाएको छ, त्यो शंका मेट्नुचाहिँ आवश्यक छ ।

गाविसपिच्छे विशेष जाति रहेको स्थानमा उसलाई अघि बढाउनुपर्छ । जस्तै, हायु धेरै भएको ठाउँमा हायुलाई नै अगाडि बढाउने । उनीहरूलाई नै विशेषधिकार दिने । तर, क्षमतावान मानिस अरू आए भने र त्यहाँका मानिसले चाहे भने उनीहरूलाई पनि अगाडि बढ्ने अधिकार दिन सकिन्छ । जातीय रूपमा पछि परेका जातिलाई अगाडि बढाउने हो भने त उनीहरूलाई विशेषाधिकार दिनैपर्छ । स्थानीय निकायले त्यसको व्यवस्था गर्नुपर्छ । सबैले अधिकार त पाउनुपर्छ तर मागलाई सम्बोधन गर्दा कसैको पनि जातीय अधिकार गुम्नुहुँदैन ।

**गंगा कार्की (कुभुकास्थली गाविस)** : जातीयता, संघीयता, क्षेत्रीयतालगायतका कुरा आइरहेका छन् । यहाँ सबैले यी कुरालाई विशेष रूपमा उठाइरहेका छन् । तर, जातीयताका कुरा गर्दा, संघीयतामा जाँदा महिलालाई कसरी अगाडि बढाउने, समावेशी कसरी हुन्छ भन्नेबारेमा कसैले पनि बोलेको पाइनँ । जातीयता मात्र भने हुन्छ कि, त्यसमा पुरुष मात्र अगाडि बढ्ने हो कि ? सबैलाई समेट्ने खालको हुनुपर्छ । महिला अधिकार सुनिश्चित हुनुपर्छ । पछाडि परेका महिलाका कुरा ओझेल परेका छन् । महिलालाई ३३ प्रतशित भनेका छन् तर कहीँ पनि महिलाको ३३ प्रतिशतको पहुँच पुगिरहेको छैन । त्यसैले केन्द्रीय स्तरदेखि गाविस, वडास्तरसम्म पनि महिलाको प्रतिनिधित्व, सहभागिताको अधिकार सुनिश्चित गर्नुपर्छ । यो अधिकार हरेक स्थानमा रहनुपर्छ । संघीयता, प्रान्तलगायतको स्थानमा ३३ प्रतिशतबाट घटाउने हैन, बढाउँदै लग्नुपर्छ ।

संविधानमा महिलाको ५० प्रतिशत सुनिश्चितता रहनुपर्छ । समग्र रूपमा हेर्दा जातीय आधारमा नभई मिश्रित प्रणालीमा संघीयता रहनुपर्छ । आ-आफ्ना खालको संघीयताले द्वन्द्व बढ्छ ।

**चित्रबहादुर कार्की** (**पूर्वगाविस अध्यक्ष, कुभुकास्थली**) : कस्तो संरचना बनाउने भन्ने छ । संरचना ४ तहको हुनुपर्छ भन्ने लाग्छ, गाउँ-नगर, जिल्ला, प्रान्त र केन्द्र । यसो गर्दा गाउँ घटाउनुपर्छ । ४ हजारको हाराहारीमा भएका गाविसलाई १ हजारमा झार्नुपर्छ । गाविसको न्यूनतम् जनसंख्या २० हजार बनाउनुपर्छ । नगरपालिकालाई ३० हजार जनसंख्या बनाउनुपर्छ । १ सय ५० नगरपालिका हुनुपर्छ । राजनीतिक, प्रशासनिक रूपले जिल्लाको संख्या बढाएर ९० र प्रान्त १२ देखि १५ बनाउनुपर्छ ।

गाउँ विकासदेखि केन्द्रसम्म नै आर्थिक, साँस्कृतिक, सामाजिक, राजनीतिक अधिकार समान रूपले दिनुपर्छ । स्थानीय सरकारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्छ । समानुपातिक प्रतिनिधित्व जातीय र वर्गीय अधिकारका आधारमा हुनुपर्छ । उत्पीडित, महिला, जनजातिको अधिकार समान रूपले हेरिनुपर्छ । त्यसमा वर्गको कुरा कसै-कसैले छुटाएजस्तो लाग्छ, यसलाई नछुटाई समेटेर जानुपर्छ । जातको आधारमा सधैं सुकुम्वासी भएर कोही पनि बस्न सक्दैन ।

**सहजीकरण गर्दै** : समानुपातिकको आवाज यहाँ राम्रोसँग उठ्यो । त्यसलाई सम्बोधन संविधानसभाले पनि गर्‍यो र यसको आधार ५ वटा खिचियो । त्यसमा मूलतः जातीय आधार नै थियो । अलिकति दुर्गम स्थान मानेर ८ वटा जिल्लालाई समेटियो । समानुपातिक प्रणाली भन्नेबित्तिकै जातीय आधारको प्रतिनिधित्व भन्ने बुझियो । यसलाई समाजशास्त्रीहरूले अर्को सामन्तवादको जन्म भन्ने गरेका छन् । त्यसैले कुनै पनि भावनामा नबगी वर्गीयताबारेमा कुरा गर्दा के-केलाई आधार मान्न सकिएला त ? जस्तै, गरिबीको रेखामुनि, यति कमाइ भएका के-के हुनसक्ला ?

**चित्रबहादुर** : वर्गीयताको कुरा गर्दा शिक्षा, स्वास्थ्य सबै सुविधाले वञ्चित नागरिक जुनसुकै जातको होस्, आर्थिक स्तरका कारण राज्यले दिएको सुविधासमेत लिन नसकेको पंक्तिलाई पनि सँगै लिएर जानुपर्छ ।

प्रान्त धेरै बनाउँदा राज्यले धान्न सक्दैन । जातको नामले प्रान्तको नामाकरण गरिनुहुँदैन । जातको नामले राज्य बनाउँदैमा केही हुँदैन । यो भ्रम मात्रै हो । नाममा विवाद गर्नु बेकार छ । चर्चित प्राकृतिक सम्पदाको नामबाट प्रान्तको नाम रहनुपर्छ ।

**पर्शुराम उपाध्याय** : एउटा प्रसंग यहाँ के आयो भने गाविसको संख्या घटाउनुपर्छ । अरू व्यवस्था राम्रो भए मात्र गाविसको संख्या घट्ने भयो । त्यसैले तपाईंले उदाहरण नै दिएर मलाई भनिदिनुपर्‍यो कि कुन आधारमा वा कुन प्रक्रियाबाट गाविसको संख्या घटाउन सकिन्छ ?





**चित्रबहादुर** : अहिले गाविसले गरेको कामको अधिकार वडामा जानुपर्छ । न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकासमेतको व्यवस्था गाविस स्तरमा गरिनुपर्छ । जिल्लाले आफूभित्र परेका गाविसको नेतृत्व गर्छ । स्थानीय सरकारअन्तर्गत स्थानीय अदालत चाहिन्छ । प्राकृतिक स्रोत, जातजाति र भूगोलसमेतलाई आधार बनाएर गाविसको सीमा निर्धारण गरिनुपर्छ ।

**सहजीकरण गर्दै** : केको आधारमा गाविस घटाउने त ?

**चित्रबहादुर** : गाविसको सिफारिसको आधारमा संघले निर्णय गरी सीमा निर्धारण गरिनुपर्छ ।

**पर्शुराम उपाध्याय** : जनता भनेको को हो त ?

**चित्रबहादुर** : सबैको प्रतिनिधित्व हुने गरी एउटा समिति बनाउनुपर्छ । त्यसले नै सिफारिस गर्छ ।

**लक्ष्मण पाण्डे** : नगरपालिकामा ३० हजार र गाविसमा २० हजार जनसंख्या हुनुपर्छ भन्ने कुरा गर्नुभयो । नगरपालिकामा त बाक्लो बस्ती हुन्छ, ३० हजार ठीकै होला । तर, गाविसको कुरा गर्दा छरिएर रहेको जनसंख्या हुन्छ, यहाँ नगरपालिकाले दिने सेवा र गाविसले दिने सेवामा असमानता भएका कारण त्यही नै झैझगडा हुने अवस्था आउने हो कि ? अनि गरिबलाई पनि सहभागी गराउने कुरा आयो, अहिले वन उपभोक्ताको कुरा गर्दा पनि जो गरिब छ, ऊ हातमुख जोर्नका लागि नै दौडिरहेको हुन्छ, बैठक भनेर बसेको त हामीले देखेका छैनौं । त्यस्तो अवस्थामा उसको उपस्थितिको सुनिश्चतता कसरी गर्न सकिन्छ अनि उसको प्रभावकारी प्रतिनिधित्व कसरी हुने ?

**चित्रबहादुर** : २० हजार र ३० हजारको कुराले सुविधा भोग्ने कुरामा असमानता आउँछ भन्ने कुरा आयो, सबै नगरपालिकाको कुरा सरले भनेको जस्तो लागू हुँदैन । विकास निर्माणको हिसाबले देशलाई अगाडि बढाउन नै मैले नगर विकासको कुरा गरेको हुँ । ५० हजार मात्र भन्ने हो भने पहाडमा त विकास नै नपुग्ने भयो तर १५० भन्ने बित्तिकै पहाडमा पनि विकास पुग्ने भयो । मेरो आशय यतिमात्र हो ।

अर्को कुरा, विपन्नको सहभागिताको । यहाँ शब्द परिवर्तन भएर टाठाबाठा भन्ने गरिएको छ, उनीहरूले गरिब जनतालाई यो त भ्याउँदैन नि, साहूको भारी पुर्‍याउनुपर्छ भन्ने कुरा आधा सत्य हो, अनि आफैंले नभ्याएर नआउने सत्य आधा हो । त्यसकारण उसलाई समेटेर लैजानका लागि विपन्न को त भन्ने पहिचान गर्न सक्नुपर्छ । सरकारले पहिचान गरेकामध्ये सबैजना त भारी बोक्न जाँदैनन् । कोही न कोही त बाँकी होलान् नि, उनीहरूलाई सहभागी गराउन सकिन्छ भन्ने मलाई लाग्छ ।

**लीलाबहादुर मगर** (**पूर्वउपाध्यक्ष, सुकाजोर गाविस**) : महिला, जनजाति, पिछडिएका, लोपोन्मुख जातिलाई समानुपातिकमा जाँदा उनीहरू-उनीहरूबीचमै चुनाव गराउने कानुन बनाउनुपर्छ । अरूले त्यहाँ भोट हाल्ने अनि लड्न पाउने अधिकार दिनुहुँदैन । जस्तै, ५० घर

क्षेत्रीको छ, ५ घर मगरको छ भने ५० घर क्षेत्रीसँग जुधेर ५ घरका मगर अगाडि बढ्न सक्दैनन् । त्यसैले ५ घर मगरबीचमै चुनाव गराएर समान रूपले प्रतिनिधित्व गराउनुपर्छ । यसो गरे मात्र प्रतिनिधित्वको अधिकार सुनिश्चित हुनसक्छ अन्यथा सक्दैन भन्ने लाग्छ । यसो गर्दा सहभागिता बढ्नेछ विस्तारै ।

**सहजीकरण गर्दै** : गाविसलाई कुन-कुन अधिकार दिनुपर्ला, तपाईंको विचारमा ?

**लीलाबहादुर** : नागरिकता बनाउने, चोरीडकैती मुद्दालगायतका अधिकार पनि गाविसमा नै दिनुपर्छ भन्ने मेरो विचार छ ।

**शिशिर खड्गी (नेकपा माओवादी, जिल्ला समिति सदस्य)** : मूलरूपमा हामी नयाँ संविधानको कुरा गरिरहेका छौं, राज्य संरचनाको कुरा गरिरहेका छौं । विगतका राज्यव्यवस्थामा जातीय, वर्गीय, क्षेत्रीय, लैंगिक अन्तरविरोधले गर्दा द्वन्द्व भयो । यी अन्तरविरोध अन्त्य गर्न हामीले १९ दिने जनआन्दोलन गरिसकेका छौं । नयाँ संविधानमा समेटिने हाम्रा पार्टीका कुरा तपाईंहरूलाई थाहा छँदैछ । यसबारेमा म यहाँ त्यति नबोलौं ।

राज्य संरचनाका बारेमा यहाँ आएका कुरामा मेरो समर्थन छ । जातीय गणराज्यको अभ्यासको कुरा हिजो पछि परेका सबैको अधिकार सुनिश्चित गर्न नै गरेका हौं । हामीले कुनै जातिलाई पछि पार्न र कुनै जातिलाई अगाडि ल्याउन त्यसो गरेका होइनौं । हामीले तामसालिङ भन्यौं, तर तामाङ बाहुल्य भएको कारणले मात्र तामसालिङ भनिएको होइन । यो त आदिवासी भूमिपुत्रका आधारमा नामाकरण गरिएको हो । तामसालिङ भन्दैमा अरू जातिलाई खेदाउने भनेको होइन । यहाँका आदिवासी, इतिहासदेखि बसोबास गर्दै आएका जाति तामाङ हुन् त्यसैले यो क्षेत्रमा विशेषाधिकार, अग्राधिकार तामाङको हुनुपर्छ मात्र भन्न खोजेका हौं । अरूलाई पनि समानुपातिक रूपमा राज्य सञ्चालन तथा हरेक क्षेत्रमा उनीहरूको सहभागिता गराउने हो । हिजोको शासनसत्तामा बाहुन र क्षेत्रीको कुरामात्र आयो । जनजाति जो हिजो त्यो ठाउँमा हारेका थिए, उनीहरूको आर्थिक स्थिति खस्कँदै गयो । यसले गर्दा नै वर्गीयताको कुरा आयो । सबै जातजातिलाई समेटेर लान सकेमा सबै वर्गीय मुद्दा हटेर जानेछ ।

संघीयतामा जाने कुराले गर्दा जनतामा निराशा आइरहेको छ, कतै सीमाको कुरा, अधिकारको कुरा, स्रोतको कुराले गर्दा कुस्ताकुस्ती पो खेल्ने हुन् कि भनेर । जीवनस्तरमा परिवर्तन नआएका कारण जनता निराशा भइरहेका छन् । तर, यो सबै संघीयताले गर्दा होइन । नेपालमा जुन परिवर्नत आयो यसले जनताको जीवनस्तरमा परिवर्तन आएन, उनीहरूको जनजीवनमा यसको प्रभाव पर्न नसकेको कारणले हो ।

संरचनाको कुरा आयो, हामीले केन्द्र, संघात्मक राज्य, त्यसपछि स्थानीय निकायको कुरा गरेका छौं । जिल्लाको कुरा पनि गरिरहेका छौं । स्थानीय निकायमा जाँदा संघभन्दा मुनि जिल्लाको कुरा गर्‍यौं । त्यहाँभन्दा मुनि जातीय सघनताका आधारमा जसको बाहुल्य छ,





त्यसलाई अग्राधिकार दिँदै अरू जातिलाई समानुपातिक रूपमा प्रतिनिधित्व गराउँदै स्वशासित इकाइ बनाउन सकिन्छ । जस्तै, हायुको संख्या बढी भएको ठाउँमा हायुलाई निर्णय गर्ने अधिकार दिने कुरा हो । तर, अरूलाई त्यहाँबाट हटाउने भन्ने होइन । पछि परेका जातिहरूको समान बुझाइ, अवसर भएपछि संघात्मक भन्दा माथि उठेर अरू कुरामा बहस गर्न सकिन्छ ।

**सहजीकरण गर्दै** : जसरी अरू प्रदेशहरूका बारेमा तपाईंहरूले भनिरहनुभएको छ, त्यस्तै रामेछापभित्र पर्ने स्वशासित इकाइहरूका बारेमा तपाईंहरूले खाका तयार पार्नुभएको छ कि छैन ?

**शिशिर** : हामीले छलफल गरेका छैनौं, यसका बारेमा । हामीले जिल्ला कमिटीमा उठाएका कुरा भनेको शेर्पाको सघन बस्ती भएको ठाउँ शेर्पाको इकाइमा पर्नसक्ने सम्भावना, प्रितीदेखि तल हिमगंगा जहाँ किराँतको बसोबास बढी छ, त्यो किराँत गणराज्यमा पर्नसक्ने सम्भावना । सैद्धान्तिक रूपमा हेर्दा ऐतिहासिकताका आधारमा, जातीयताका आधारमा संघीयतामा जाने भन्ने कुरा पनि हो ।

मूलरूपमा हामीले अहिले महिला, जनजाति, पिछडिएका जनताका अधिकारका बारेमा आवाज उठाइरहेका छौं । उनीहरूलाई केन्द्र स्तरसम्म पहुँच पुर्‍याउन विशेष अधिकारका कुरा गरिरहेका छौं । उनीहरूलाई राजनीतिक रूपमा सबल बनाउन विशेष अधिकार दिन खोजिएको हो । त्यसपछि प्रशासनिक, सामाजिक सुरक्षा, अरू धेरै क्षेत्रमा अग्राधिकारको कुरा गरेका छौं ।

**सहजीकरण गर्दै** : अनुदान र कर विशेषाधिकार हुनसक्ला कि नसक्ला ? हायुको विकासका लागि कम कर लाग्ने अनि अरूलाई अलि बढी कर लाग्ने ?

**शिशिर** : हुनसक्छ यो पनि । तर, यसबारेमा हामीले त्यति गृहकार्य गरेका छैनौं । मैले यहाँ बोलिरहेका विषय लिखित रूपमा गरिएका कुरा मात्र हुन् । पछि परेका जातिलाई विशेष सुविधा दिन सकिन्छ, जसले गर्दा उनीहरूलाई अरूको तुलनामा पुर्‍याउन सकियोस् ।

**सहजीकरण गर्दै** : केन्द्रमा के बहस चलिरहेको छ भने, स्थानीय निकाय बनाउने कुरा प्रान्तको हो त्यसैले यो प्रान्तले बनाउँछ भनेर संविधानमा लेखिदिने र छाडिदिने भन्ने एकथरी छन् भने अर्कोथरी हैन, यसलाई त्यत्तिकै छाडिनुहुँदैन, अहिले नै छलफल गर्नुपर्छ भन्नेहरू पनि छन् । अहिले यत्तिकै छाडिदिएमा भोलिका दिनमा प्रान्तले स्थानीय निकायलाई अधिकार दिन चाहँदैनन् । विशेषगरी यो समस्या मधेसमा रहेछ । मधेसमा स्थानीय निकायभन्दा पनि प्रान्त नै बलियो हुनुपर्छ भन्ने चाहँदारहेछन् । त्यो स्थितिमा खास निकाय, कुरा पुर्‍याउने निकाय बलियो हुन नपाउने भयो । स्थानीय निकाय बलियो नहुनेबित्तिकै लोकतन्त्रको अर्थ भएन । तपाईंहरूलाई अनुरोध छ कि जनताले बढीभन्दा बढी अधिकार पाउने, सेवा पाउने मोडलका बारेमा धेरै नै बहस चलोस् । तपाईंलाई पनि मैले यही सोधेँ जनताले पाउने सेवा प्रान्तले नै निर्णय गर्छ भनेर छाडियोस् कि अहिले नै यसबारेमा छलफल होस् ?

**शिशिर** : जातीय सघनताका आधारमा विशेष अधिकार दिने कुरा संविधानमा नै उल्लेख गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : तपाईंलाई बीचैमा रोकेँ । पिताम्बर शर्माको अध्ययनले के देखाएको छ भने नेपालमा ५१ प्रतिशत सघन बसोबास भएको गाविस छानेर अध्ययन गर्दा पनि २३-२४ प्रतिशत मात्र जातीय सघनता भएको गाविस पाइयो । अरूमा मिश्रित नै पाइयो । ५० प्रतिशतभन्दा पनि कम बसोबास भएको देखियो । तपाईंले भनेजस्तो गर्ने हो भने त २५ प्रतिशतका लागि मात्र हुने भयो, बाँकी ७५ का लागि के गर्ने ?

**शिशिर** : सघनता भनेको हामीले संख्यालाई भन्दा पनि आदिवासी भूमिपुत्रलाई भन्न खोजेका हौं । यहाँका भूमिपुत्रलाई अगाडि बढाउन खोजेका हौं ।

**सहजीकरण गर्दै** : स्वशासित इकाइले कस्ता-कस्ता अधिकार लिने त ?

**शिशिर** : अहिले प्रचलनमा रहेका अधिकार दिने, तर ठूला जस्तै, सिमानासम्मका कुरा यसले निर्णय गर्न सक्दैन । यो निर्णय संघले गर्छ ।

**सहजीकरण गर्दै** : नेपालमा हामी भूमिपुत्रको कुरा गर्छौं, आदिवासीका कुरा गर्छौं तर धेरै मानवशास्त्रीहरू के कुरा भन्छन् भने यहाँ सबैजसो मानिस बसाइसराइँ गरी आएका हुन् । त्यसैले कति वर्षदेखि बसोबास गर्नेलाई मान्यता दिने हो ? दुई सय वर्ष, चार सय वर्ष कतिलाई आधार मान्ने ?

**शिशिर** : पृथ्वीनारायण शाहको पालामा नेपालको एकीकरणको अवस्था भन्दा पछि जुन रूपमा यहाँका मानिस विक्षिप्त भए । त्योभन्दा पहिलेको बसाइलाई नै मान्यता दिने ।

**सहजीकरण गर्दै** : भनेपछि पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा पहिले कुनै कार्की रामेछापमा बसोबास गरेको थियो भने ऊ त्यहाँको आदिवासी भयो, हैन त ?

**शिशिर** : यसका बारेमा म त्यति प्रष्ट भइनँ । यसबारेमा मैले त्यति अध्ययन गरेको पनि छैन ।

**सहजीकरण गर्दै** : एउटा समझदारी बनाऊँ न त यहाँ हामी नै मिलेर ?

**शिशिर** : यसबारेमा सबैले सोच्नु, विचार र मन्थन गर्नुपर्छ । जो हामीले पढेका छौं, जसको इतिहास हामीलाई थाहा छ, त्यसलाई नै अगाडि बढाऊँ न अहिलेलाई । मन्थलीको कुरा गरौं, जसको नाम नै माझी जातिको भाषाबाट आयो तर आज हामीले हेर्ने हो भने माझी आज सुकुम्बासी भएर बस्नुपरेको छ । विस्तारै लोप हुँदै गइरहेका छन् । हामीले उनीहरूलाई पनि अगाडि बढाउनुपर्छ भनेको मात्र हो । उनीहरूले पाउने अधिकार पाउनुपर्छ भन्न खोजेका हौं । जातीय अधिकार नदिई वर्गीयताले समस्या समाधान हुँदैन भन्न खोजिएको मात्र हो ।

**कृष्णबहादुर महत (पूर्वअध्यक्ष, बिजुलीकोट गाविस)** : राज्य पुनर्संरचना अत्यन्त जटिल





विषय हो । यो असाध्यै महत्वपूर्ण विषय हो। राज्य लोकतान्त्रिक संघीय गणतन्त्रमा गइसकेको छ । यो अवस्थामा सबैले गहन रूपमा गृहकार्य गरेर अगाडि बढेमा राम्रो संविधान बनी देश अगाडि बढ्नेछ । राजनीतिक दलहरू सहकार्यमा हिँडिरहेको अवस्थामा गणराज्य घोषणाले दलहरूमा विखण्डन ल्याउँछ । संविधान निर्माण भएन भने पार्टीले मात्र होइन सबै जनताले दुःख पाउँछन् । संघीयताको कुरा गर्दा, प्रान्तीय सरकारका लागि भूगोल, जनसंख्या, जाति, भाषालाई आधार लिएर कतिवटा प्रान्त बनाउन सकिन्छ, त्यसमा काम गरे मात्र राम्रो हुनेछ । पहिलेको विकास क्षेत्रमा पहाड, हिमाल र तराई परेजस्तै सबैमा सबै कुरा पर्नुपर्छ । त्यसरी नै अगाडि बढ्नुपर्छ । भूगोलको आधारमा गणराज्य, ५-१० कतिवटा हुन्छ बनाइनुपर्छ, जसले गर्दा भोलिका दिनमा विखण्डन आउँदैन । जस्तै, मेलम्चीको पानी काठमाडौं नपुऱ्याए काठमाडौंका जनताले पानी खान पाउँदैनन् । यी कुरालाई पनि विचार गरिनुपर्छ । यी कुराको ग्यारेन्टी राज्यले दिनुपर्छ । सम्पूर्ण जनताको अधिकार शिक्षा, स्वास्थ्य, खाना आदि कुराको ग्यारेन्टी केन्द्रीय सरकारले गर्नुपर्छ । प्रान्तीय सरकारले आम्दानीको स्रोत भएन भने केन्द्रसँग माग्ने हो । आधारभूत कुरा प्रान्तले गर्न नसके केन्द्रले सहयोग गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : स्थानीय सरकारलाई विकास गर्न स्रोत भएन भने केन्द्रले दिनुपर्छ, प्रान्तहरू तराई, पहाड र हिमाल मिलेर बन्नुपर्छ भन्ने कुरा गर्नुभयो । स्थानीय निकायचाहिँ केको आधारमा बन्नुपर्छ ?

**कृष्णबहादुर** : प्रान्तीय सरकार ८-९ वटा बनाउने इच्छा छ भने, निर्वाचन क्षेत्रलाई जिल्लामा परिणत गर्ने । अहिले भएका निर्वाचन क्षेत्रलाई नबढाउने । शिक्षा, स्वास्थ्य, मालपोत तिर्ने, नागरिकता स्थानीय स्तरमा बनाउन पाउने व्यवस्था गर्नुपर्छ । २-३ घन्टामै जिल्ला सदरमुकाम पुग्न सकियोस् । यसो भयो भने प्रान्तले जिल्लालाई हेर्न सक्ने भयो । जनताले सेवा-सुविधा पाएका छन्/ छैनन्, याद गर्न सकिने भयो ।

**सहजीकरण गर्दै** : जिल्लाभन्दा तलको सरकारचाहिँ कस्तो हुने त ?

**कृष्णबहादुर** : एउटा गाविसबाट अर्को गाविसमा जान एक दिन लाग्छ । यी सबैलाई सेवा चाहिएको छ । त्यहाँ सबैलाई सेवा दिन सकिँदैन त्यसैले गर्दा बस्ती विकास गरिनुपर्छ ।

**सहजीकरण गर्दै** : यसो गर्दा फेरि उनीहरूको संस्कृति र रहनसहनका कुरामा असर पर्ला नि त ?

**कृष्णबहादुर** : संस्कृति र भूमिपुत्रका कुरा आउन सक्छन्, तिनलाई विस्तारै छाड्दै जानुपर्छ । तल आउँदा सबै सुविधा पाइन्छ भने माथि हिमालमा नै बस्छु भन्नुहुँदैन । ती बस्तीमा सरकारले सबै सुविधा दिनुपऱ्यो अनि बाँकी रहेको जग्गामा नगदेबाली लगाउनुपर्छ । परम्परागत खेतीले मात्र केही हुनेवाला छैन् अब । आर्थिक विकास गर्ने हो भने माटोको अध्ययन गरेर त्यसको प्रचुर मात्रामा उपभोग गर्नैपर्छ । ५५ गाविसलाई १० गाविसमा झार्न सकिन्छ ।

**सहजीकरण गर्दै** : यी गाविसलाई चाहिँ के-कस्ता अधिकार दिनुपर्छ त ?

**कृष्णबहादुर** : कर उठाउने, न्याय दिने अधिकार स्थानीय सरकारमै रहनुपर्छ । एउटा गाविसमा पनि धेरै पैसा उठिरहेको हुन्छ । ठूलो-ठूलो आयोजनाका आर्थिक स्रोत त्यहीको विकासमा लगाउन सकिन्छ र केही अंश सरकारलाई अर्थात् केन्द्रलाई दिने कुरा संविधानमा नै लेखियोस् ।

**उषा हायु (सुकाजोर गाविस)** : उच्चशिक्षा निःशुल्क हुने सुनिश्चितता हुनुपर्‍यो । जातीय, भाषिक रूपमा फुट नल्याउने खालको संविधान बनोस् ।

**बाबुकाजी कार्की (गाविस राष्ट्रिय महासंघ)** : २०५१ सालमा एमाले सरकारमा पुगेपछि गाविस विकासका लागि भनेर छुट्याउन थालेको ३ लाख रुपैयाँ बढेर आज ३० लाख भएको छ । अरू घुमाउरो पारालो जाने पैसासमेत हेर्दा एउटा गाविसलाई झन्डै ५० लाखजति जान्छ । ०६३ सालमा जनआन्दोलन गरेर लोकतान्त्रिक सरकार स्थापना भयो तर आजसम्म स्थानीय तहलाई व्यवस्थित गर्नतिर कसैको ध्यान जान सकेन । यो दुःखको कुरा हो । सामाजिक सुरक्षाको कुरा पनि हो । यति भद्रगोल भइरहेको छ । भद्रगोल भएकै कारण धेरै पैसा त्यत्तिकै खेर गइरहेको छ त्यसैले उचित ध्यान दिए हुन्थ्यो । निर्वाचन गरेरै नभए समझदारीमै पनि एउटा निकाय स्थापना गरेर जान पाएको भए हुने थियो । त्यस्तो हुनसकेको छैन । अन्तमा प्रान्तले अधिकार दिँदैन भन्ने अहिलेको अभ्यासले देखाएको हुनाले सबै अधिकार स्थानीय स्तरमै दिइनुपर्छ भन्ने मेरो भनाइ छ ।

**कैलाश ढुङ्गेल (पूर्वसभापति, रामेछाप जिविस)** : देश संविधान निर्माणको प्रशवपीडामा छ । संविधान निर्माण हुने दिन हिजोअस्तिसम्म त वर्ष भन्न सकिन्थ्यो भने अहिले महिनामा भन्नुपर्ने अवस्था छ । नेपाली जनताको लामो संघर्षले ल्याएको चिनोलाई संस्थागत गर्ने माध्यम भनेको संविधान निर्माण हो । संविधान निर्माण गर्ने काम गोलचक्करमा घुमिरहेको छ । संविधान निर्माण गर्ने पार्टी तथा अन्य अधिकारकर्मीहरूले इच्छाशक्ति भए त निर्माण गर्न कुनै गाह्रो कुरा होइन भनेका कारण आशा लागिरहेको छ । संविधानसभाबाट सबैका अधिकार सुनिश्चित गर्ने कुरा आइरहेको छ, यसमा हाम्रो देश र अरू देशमा निकै फरक छ । १०० भन्दा बढी भाषा छन्, लगभग १०० को हाराहारीमा जाति छन् । हिमाल पनि छ, तराई पनि छ । यति धेरै विविधता भएको हुनाले यहाँ काम गर्न निकै गाह्रो भएको छ । गाडीको स्टेरिङ अलिकता मात्र तलमाथि गर्नेबित्तिकै गाडी दुर्घटना हुन्छ । यो गाडीको स्टेरिङ यतिखेर माधवकुमार नेपालसँग छ, ६०१ सँग पनि छ, प्रचण्डसँग पनि छ, गिरिजाबाबुसँग पनि छ । हामी कामना गर्छौं, यो गाडी सुरक्षित स्थानमा पुगोस् । राज्यको पुनर्संरचना भनेको विशेषगरी अधिकारको क्षेत्रसँग जोडिएको छ । हिजोसम्म हामी सेवा लिन अन्यत्र जान्थ्यौं भने अहिले सेवा हाम्रो घरआँगनमा आउँदैछ । यी कुरा संविधानमा लेखिँदैछन् । अधिकार स्थानीय तहलाई दिने गरी संविधान बनाउनुपर्छ भन्ने निर्णयमा मेरो सहमति छ ।





यहाँ विभिन्न जाति र सम्प्रदायका छौं । यो क्षेत्र अलि भाग्यमानी पनि छ । लिखु खोलादेखि यता काभ्रेसम्म २२ सय मेगावाट विद्युत्को भण्डार छ । एउटै एरियामा हामी प्रान्तको के नाम राख्नेभन्दा पनि बिरालो कालो, खैरो वा सेतो छ भनी भन्नुभन्दा मुसा मर्छ कि मर्दैन भन्ने कुरा ठूलो हो ।

बिरालोले मुसा मार्न सकेमा खाँटी कुरा आयो नत्र तर दूध खाएर मात्र बस्ने भयो । हामीसँग तामसालिङको नाम छ, शैलुङको नाम छ, नाममा हामी झगडा गर्दैगर्दैनौं । तर, जनताले सेवा पाउने कुरामा भने हामीले चासो राख्नुपर्छ । यो संरचना वास्तवमा यही हुन्छ भनेर सबै पार्टीका मानिसलाई राखेर घोषणा गरेका पनि छैनौं । हिजो गरेका कुरा आज परिवर्तन हुन्छ भने हामी त अध्ययन गर्दैछौं, विचार-विर्मश गरिरहेका छौं । पानी नभएका गाविस पनि छन्, जंगल नभएका अनि बालुवा नभएका गाविस पनि छन् । यो भूगोलभित्र भाषा, सम्पदा, स्रोत सबैलाई मिलाएर एउटा भूगोल त बन्ला नि । हामीले खोजेको त यो हो नि । गाविस निचोर्ने कुरा गर्दा यहाँ खतरा हुने भयो । सुकाजोर र रामेछाप छुट्टाछुट्टै राज्यले चल्दा पानीको समस्या हुन्छ भन्ने कुरा आयो नि यहाँ । यसले के देखाउँछ भने हामीलाई विशेषज्ञ पनि आवश्यक पर्ने रहेछ । हामीमा स्वार्थ छ, कोही हाम्रो ठाउँलाई सेन्टर बनाउनुपर्छ भनेर कराउलान्, कोही हाम्रो । यस्तो बेलामा राष्ट्रिय हितलाई हेरेर बोल्ने मान्छे त चाहियो । गाविसको संख्या घटाउनैपर्छ । गाविसको संख्या घटाएमा स्रोत, अधिकार, सम्भावना बाँडिने छ । त्यसो भएमात्र सबैलाई बराबरी बनाउन सकिन्छ । विगतमा एकीकृत राज्यप्रणालीले अवसर दिएन, किनभने राजनीतिमा उनीहरूको सहभागिता भएन । महिला, अपांग व्यक्ति, जनजातिलगायतका व्यक्तिको समान सहभागिता गराउने कुरा छ, किनभने हरेक समस्याको समाधान राजनीतिले खोज्ने हाम्रो अभ्यास छ, नीति निर्णय पनि राजनीतिले नै गरिरहेको छ । त्यसैले राजनीतिमा उनीहरूको सहभागिता बढाउने कुरा प्रमुख हो । सँगै उसलाई हकअधिकार पनि त्यहीअनुसार दिनुपर्ने हुन्छ । सबैको साझा सहमतिको अवधारणा बन्दै गयो भने राष्ट्रियता पनि बलियो हुँदै जान्छ । त्यसैले स्थानीय निकायलाई बलियो बनाउन हामीले २०५५ सालमा पनि खोजेकै हो । केही बजेटका कुरा, केही कानुनी कुरा, केही जनसहभागिताको कुरामा हामीले काम गर्‍यौं । जनसहभागिता पनि बढ्यो तर हामीलाई त्यतिले पुगेन । त्योभन्दा बढी गर्ने क्रममा हामीले अधिकार, सहभागिता र आफूले गरेको कामको पारदर्शिता, अधिकार र जिम्मेवारीलाई पनि सँगै लग्नु जरुरी छ । मुढो चिर भन्ने तर बन्चरो नदिने, चिरेको कुरालाई थन्क्याउन नजान्ने यस्तो परम्परा छ । हामीले व्यवहारमा देखेका कुरा हो नि, हामीसँग पीठो छ, ताउ पनि छ तर परिकार बनाउन नजानेका कारण हामीले मीठो नखाएको त हो नि । सीप भनेको कुरा सापेक्ष हुन्छ । एक वर्ष पहिले जानेको कुरा अहिले आएर फेरि अपडेट गर्नुपर्ने अवस्था छ । महिलाको ३३ प्रतिशतको कुरा होइन, महिला पुरुषभन्दा धेरै छन् । महिला अन्दोलनको जग नै ५० बाट सुरु हुनुपर्छ । यी कुरा कानुनमा मात्र लेखिएर

उनीहरूको क्षमता बढाउन अनि स्कुलिङ गर्न सकिएन भने के नै हुन्छ र ? खोजेको लक्षित कार्यकुशलता पूरा नहुन सक्छ ।

रामेछाप कस्तो छ भनेर मैले चित्रमा देखाउन पाइनँ, हलीले जोत्ने हलोजस्तो, आर्मीले लगाउने बुटजुत्ता सम्झँदा रामेछाप हुन्छ । टुप्पो सोलुखुम्बुसँग जोडिएको छ भने एउटा टुप्पो रोसीखोलासँग जोडिएको छ । तामाकोसीको किनारमा बस्ने माझी र हिमालमा बस्ने शेर्पाबीचमा के साइनो छ ? एउटै बाध्यता के छ भने उनीहरू नागरिकता लिनका लागि मन्थली आउनुपर्छ । त्यस्तो भूगोलमा बसेका छौं हामी । त्यसैले पनि राज्यको पुनर्संरचना आवश्यक छ । राज्यको पुनर्संरचनामा पनि रामेछापको नक्सा यस्तै राखियो भने, त्यो चाहिँ पुरानो भयो । यहाँ के भएको रहेछ भने, सबै जिल्ला बनेछ, बाँकी रहेको लिखुभन्दा पश्चिम, खिम्तीभन्दा उता, तामाकोसीभन्दा यता, सुनकोशीले घेरेको भागलाई रामेछाप भनिदिनु भनेछन् । मोटरबाटो थिएन त्यो बेला जति फनफनी घुमे पनि त भयो । अहिले त पुल बनिसक्यो । अहिले पनि रसनालु, बेतालिका मानिसलाई सेवा-सुविधाका हिसाबले जिरी नजिक छ । बसाइसराइँ, भौतिक सुविधाले मानिसको जीवनस्तर र बसोबासको पनि कुरा आएको छ । गुम्देलको मानिस अन्यत्र जान मान्छ ? भन्नुभयो । आर्थिक र सुविधाको हिसाबले जातीयता चाहिँदैन । मलाई नै काठमाडौंमा घर दिन्छु भन्यो भने अहिले नै कुँद्छु । त्यो तामसालिङ होस् या नेवाः राज्य । यसले मलाई केही फरक पार्दैन । त्यसैले स्वार्थसिद्ध होइन कि शान्ति-सुरक्षा राम्रो हुन्छ भन्ने कुरामा एउटा गाउँमा दिने प्रशासनिक कुरा, नागरिकताको कुरा, विद्यालयको कुरा, प्लस टु पढ्ने विद्यार्थीले सर्टिफिकेट लिनका लागि भक्तपुर जानुपर्ने नियम एक-दुई साताअघि मात्र खारेज भयो । अहिले नयाँ नियम बनेको छ, सर्टिफिकेट स्कुल-स्कुलमा आउँछ । रामेछापका विद्यार्थीलाई त काठमाडौं जान एक दिन मात्र लाग्छ तर दुई-तीन दिन लाग्ने ठाउँ पनि छन् यहाँ । त्यस्तो व्यवस्था अब काम छैन है भनेपछि अब सर्भिस हाम्रै गाउँमा आउँदैछ । त्यसैले अहिले पनि सबैलाई राज्य, कानुन, संविधान मेरो हो भन्ने अपनत्व हुने गरी विश्वास दिन सकिएन भने भोलि फेरि आन्दोलनको कुरा उठ्नेछ । त्यसैले स्थानीय सरकार होस् या केन्द्रीय सरकार, सबै नागरिकलाई बराबर अधिकारसहितको संविधान जारी गर्न सक्नुपर्छ । यसका लागि मोडेल के हुनसक्छ, समानुपातिक, विशेषाधिकार दिएर हुन्छ कि, आरक्षण दिएर हुन्छ कि सबैको अधिकार सुनिश्चित हुनुपर्‍यो । आरक्षण दिने कुरा त केही समयका लागि न हो । ९ मा कमजोर विद्यार्थीलाई ट्युसन राखिदिँदा ऊ पास भएर १० मा गयो भने फेरि ट्युसन आवश्यक नपर्न सक्छ ।

भूमिपुत्रको कुरा आएको छ, यो धर्तीमा जन्मिएका सबै भूमिपुत्र हुन् । तर, उहिल्यै जन्मिएकाले धेरै जमिन पाउने, अनि एउटाचाँहि भर्खरै जन्मिएको भएर उसले जमिन नै नपाउने भन्ने कुरा हुँदैन । त्यो मानवअधिकारको कुरा हो । यसरी एउटै आमाका सन्तानबीचमा पहिले र पछि जन्मिएको भनेर भेदभाव गर्न पाइँदैन । मानवताको हिसाबले हेर्दा जातजाति,






भाषाभाषीका कुरा आउँदैनन् । सबैले समान अवसर पाउनुपर्छ । जनता भनेपछि महिला, दलित, बाहुन पनि परे । नागरिकको क्षमताअनुसारका सेवा-सुविधा दिन सकियो भने मात्र अधिकारको कुरा राम्रोसँग परिभाषित हुनसक्छ । जातको आधारमा मात्र सबै कुरा हेर्ने हो भने अन्याय हुन्छ । बाहुन पनि लामाको घरमा गोठालो बसेका छन् । क्षेत्री, बाहुन पनि सुकुम्बासी छन् । त्यसैले एकलाई अधिकार दिँदा अर्कोलाई असर नपरोस् । भुइँको टिप्दा खल्तीको नझरोस् । यस्ता खालका नियम-कानुन बनाइनुपर्छ, व्यवस्था गरिनुपर्छ । यसका लागि धेरै मानिसका दिमाग खिइनुपर्छ । यतिखेर मुलुकको पालुवा फेरिने क्रममा छ । राज्यका निकाय थोरै बनाउने हो भने राज्यको प्रशासनिक खर्च कम हुन्छ र त्यसले विकास निर्माणका काम प्रशस्त मात्रामा गर्न सकिन्छ । स्थानीय निकायअन्तर्गत न्याय र कर्मचारी सेवा आयोगसमेत बनाउनुपर्छ । अनि स्थानीय स्तरमा कर्मचारी छनोट गर्ने अधिकार पनि दिइनुपर्छ । स्थानीय निकाय र न्याय प्रशासनसँग तालमेल भएन भने राम्रो हुँदैन । यस हिसाबले तपाईंहरूले दिनुभएका सुझाव त मेरा लागि पिएचडी गरेको भन्दा पनि ठूलो भयो ।

**भरतबहादुर खड्का** (**केन्द्रीय सदस्य, जि.वि.स. महासंघ**) : लोकतान्त्रिक संविधान निर्माण गर्न लागिपरेका छौं । यसमा राज्यका तह, पुनर्संरचना र समष्टिगत रूपमा भन्नुपर्दा राष्ट्रिय एकताको हिसाबले मुलुकलाई कसरी सबलीकरण गर्न सक्छौं ? त्यसको रक्षा गर्न अनि लोकतान्त्रिक पद्धतिलाई कसरी सुरक्षित गर्न सक्छौं, भाषाको हिसाबले, धर्मका हिसाबले क्षेत्रका हिसाबले एउटा सूत्रमा बाँध्न सक्छौं कि सक्दैनौं भन्नेजस्ता अहम् चुनौती हाम्रासामु छन् । आज हामीले क्रान्ति गर्‍यौं सिर्जनाका लागि । क्रान्ति गर्नु नराम्रो कुरा होइन, यो त सिर्जनाका लागि हो । तर, यसलाई सही तरिकाले मिलाउन सकिएन भने विनासतिर पनि जान सकिन्छ । त्यो पक्षलाई ध्यानपूर्वक सोच्नुपर्ने अवस्था छ । हिजो किन क्रान्ति भयो भने सबै जातजातिको सुविधामा पहुँच हुन सकेन । हिजो सबैले अवसर पाएनन् । बहुसंख्यक मानिसले सुविधा लिन पाएनन् । आज हरेक दूरदराजका मानिस, पछि परेका मानिसले न्याय, सेवा-सुविधा पाउनुपर्छ भनेर लागिपरेका छौं । त्यसका लागि सबैले बहस केन्द्रित गर्नुपर्छ । सबैको अधिकारका लागि हामी संघात्मक-संघात्मक भनिरहेका छौं । तर, संघात्मक आफैँमा कुनै साध्य होइन । साधनको समुचित व्यवस्थापन र प्रयोग राम्रोसँग भएन भने त्यसले राम्रो रिजल्ट दिन सक्दैन ।

संघात्मक नौलो चिज हो । त्यसैले संघात्मक आएपछि हाम्रा सबै समस्या समाधान हुन्छन्, हामीले सेवा-सुविधा पाउँछौं भनेर मानिसले धेरै ठूलो अपेक्षा राखेका छन्- कसैले बुझेर कसैले नबुझी पनि । त्यो मात्र होइन, संघात्मकमा जानैपर्ने बाध्यता हामीसँग छ । तर, त्यसलाई व्यवस्थापन गर्ने चुनौती पनि छ । हामीले सोच्नुपर्ने कुरा राज्यका तह कति हुने ? केन्द्र, प्रान्त, जिल्ला, गाउँनगर । स्थानीय सरकार मजबुत नभएसम्म जनताका अधिकार सुनिश्चित हुन सक्दैनन् । स्थानीय सरकारमा साधारण जनताको पहुँच पनि होस् । भेटिने

मात्र होइन, जवाफदेहिताका साथ जनताका सेवामा लागिपर्ने सरकार बनाउनुपर्छ । यदि अहिले पनि त्यो काम गर्न सकिएन भने परिवर्तनको पनि कुनै अर्थ छैन । सेन्टर गभर्मेन्ट पनि उत्तिकै बलियो हुनुपर्छ राष्ट्रियतालाई बलियो बनाउन । सामरिक, मौद्रिक, परराष्ट्र, रेलवे र हाइवेका कुरालगायतका केही अधिकारबाहेक अरू अधिकार स्थानीय सरकारलाई दिनुपर्छ । प्रान्तीय सरकारलाई नै स्थानीय सरकारका काम, अधिकार अनि जिम्मेवारी दिने हो भने त्योभन्दा विषाक्त केही पनि हुन सक्दैन । संघीयताको अवधारणा के हो भने अधिकार र सुविधालाई तलसम्म र छिटोछरितो रूपमा दिने भन्ने राम्रो नियतका साथ पनि आएको छ । अर्कोथरी यहाँ नयाँ प्रदेशहरूको निर्माण गरेर शासन गर्ने, शासकहरू उत्पादन गर्ने भन्ने सोच भएकाहरू पनि छन् । त्यसैले यो विषाक्त हुनसक्छ ।



*रामेछाप बजारमा भएको क्षेत्रीय छलफलमा भाग लिँदै स्थानीय बासिन्दा*

राज्यको पुनर्संरचना कुनै जाति र पार्टीविशेषका लागि होइन । यो त सम्पूर्ण नेपाली जनताको हो । त्यसैले संकीर्णताभन्दा माथि उठेर जनतालाई केन्द्रमा राखेर काम गर्नु जरुरी छ । कुनै जात धर्म, लिङ्ग, क्षेत्र, प्रदेशजस्ता कुराभन्दा माथि उठ्नुपर्छ अनिमात्र राष्ट्रिय हितका लागि काम गर्न सकिन्छ ।

नेपालको राष्ट्रिय र आर्थिक सबलीकरणका लागि काम गर्ने भनेको साधारण कुरा होइन । सानो दिमागले काम गर्न सकिँदैन । यो सवाल निकै संवेदनशील हो । प्राविधिक कुरा पनि हो । हल्का ढंगले सीमा र संविधानको धाराका कुरा गर्ने हो भने यो विषाक्त हुनसक्छ । हिजोका दिनमा हामीले क्रान्ति केका लागि गर्‍यौं त्यो याद नगर्ने हो भने ठूलो दुर्घटना हुनसक्छ ।

जिविस महासंघ, गाविस महासंघ, नगर विकासले जहिले पनि स्थानीय सरकार सबल र जिम्मेवार हुनुपर्छ । स्थानीय सरकारलाई कर र सुरक्षानीति बनाउने अधिकार दिनुपर्छ ।





त्यहाँका मानिसको विकास कसरी गर्ने, आर्थिक र सामाजिक सबलीकरण कसरी गर्ने भन्ने कुरा त्यहीँका मानिसले गरुन् न । यो सक्दैन भनिए कहिले पनि सक्दैनन् । कुन अधिकार किन दिइएको छैन भन्ने कुरा स्पष्टसँग संविधानमै उल्लेख हुनुपर्छ । हैन भने कुनै किसिमको उपलब्धि हुनेवाला छैन । लोकतान्त्रिक मूल्य-मान्यताको आधारमा संविधान लेखिनुपर्छ । मानवीय मूल्यको कुरामा हामी केन्द्रित हुनुपर्छ । केवल महिला र पुरुषमा केन्द्रित रहनुहुँदैन । विश्व त ग्लोबलाइजेसनमा गइसक्यो । हामी किन माथि उठ्न सकिरहेका छैनौं भने शिक्षा, गरिबीका कारण । हाम्रो प्रमुख शत्रु प्रवृत्ति हो । प्रवृत्तिका कारण पनि हामी तल परेका हौं । नेपाल जति सम्भावना भएको देश अरू कहीं पनि छैन । त्यसैले नेपाललाई माथि उठाउन पार्टीगत हारजितभन्दा माथि उठ्न सक्नुपर्छ । जनताको कुराले हार्नुभएन । कुनै पनि सर्तमा जनताले सेवा पाउनुपर्‍यो ।

**सहजीकरण गर्दै :** आजको छलफलबाट रामेछापका जनता परिपक्व भएको बुझियो । उनीहरूले राज्य संरचनाका बारेमा, राज्यले दिने सेवा, उनीहरूले पाउनुपर्ने अधिकारका बारेमा निकै गहन रूपमा अध्ययन, विचार निर्माण गरिराखेका छन्, यसका बारेमा सोचिरहेका छन् भन्ने देखियो । आजको छलफल सानो अभ्यास मात्र हो । यसलाई तल्लो स्तरसम्म लैजानु निकै आवश्यक छ । आग्रह गर्छु यो छलफललाई अझ घनिभूत रूपमा अझ तल्लो तहसम्म लानुहोस् । तपाईंहरू एमाले, कांग्रेस, माओवादी वा अरू कुनै पार्टीको भएर होइन कि स्वतन्त्र रूपमा सबैको साझा मत निर्माण गर्नुस् । तपाईंलाई चाहिने संरचना तपाईंहरू नै निर्माण गर्नुस् । अहिले केन्द्रीय रूपमा विभिन्न विमति आइरहेका छन् । तपाईंहरूले जिल्लास्तरमा निर्माण गर्नुभएका साझा विचारले केन्द्रलाई पनि सहयोग पुग्न सक्छ । तपाईंहरूलाई निष्कर्षमा पुग्नका लागि आजको यो छलफलले निकै सहयोग पुग्छ भन्ने मलाई लागेको छ । अब म यो कार्यक्रमलाई समापन गरिदिनुहुनका लागि कार्यक्रमका सभापतिलाई अनुरोध गर्दै बिदा हुन्छु ।

**कार्यक्रमको अध्यक्षता गरिरहनुभएका कृष्णहरि अधिकारी :** यस्तो कार्यक्रम लगभग ५५ वटै गाविसमा गरिनुपर्छ । त्यसका लागि के सहयोग गर्नुपर्छ, हामी तयार छौं । यति भन्दै आजको कार्यक्रम टुंग्याउन चाहन्छु ।

◆◆◆



# दोरम्बा

*रामेछापको दोरम्बा गाविसको दोरम्बा बजारमा २०६६ मंसिर २२ गते **स्थानीय स्तरमा संघीय राज्य पुनःसंरचनासम्बन्धी छलफल** गरियो । छलफलमा ७० जनाको सहभागिता रह्यो ।*

*दोरम्बा गाविस उत्तरमा डडुवा, पश्चिममा टोकरपुर, पूर्वमा खाँडादेवी र दक्षिणमा दिमिपोखरीसँग सीमा जोडिएको छ । भौगोलिक हिसाबले दुर्गम रहेको यो गाविसबाट सदरमुकाम जान दुई दिन लाग्छ । माओवादी सशस्त्र द्वन्द्वको समयमा निकै पीडा खेपेको दोरम्बाको घाउ विस्तारै कम हुँदैछ । एक हजार ५ सय घरधुरी तामाङ जातिको बसोबास रहेको यो ठाँउ समुद्री सतहदेखि ९ हजार मिटरको उचाइमा पर्छ । यहाँ कामी, दमाईं, नेवार, पहरी, थामी जातिको पनि एक-दुई घर छ ।*

*यहाँका तामाङ बुद्ध धर्म मान्छन् । सोनाम ल्होसार उनीहरूको मुख्य चाड हो । योबाहेक दसैंतिहारजस्ता चाडपर्व पनि मनाउँछन् । तामाङहरूको आफ्नै भाषा, आफ्नै भेषभूषा छ । आफ्नो संस्कृति झल्काउन तामाङ महिला गोइला, पटुका, दोर्जे लामा, कोमेन्दो, डम्फु भएको टोपी, लुंगी, भीरु लगाउँछन् भने पुरुष भोटो, इस्टकोट, टोपी लगाउँछन् । यहाँका तामाङ जातिको मुख्य पेसा भनेको कृषि नै हो । प्रशासनिक तथा अन्य काममा यहाँका तामाङको सहभागिता निकै कम छ । पछिल्लो समयमा भने वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढ्न थालेको छ ।*





*२२७५.९१ हेक्टर क्षेत्रफल रहेको यो गाविस लेकमा पर्ने भएकाले मुख्य गरेर गहुँ, मकै, कोदो, आलु उब्जाउ हुन्छ । सुगन्धवाल, नागबेली, चिराइतो यो ठाउँमा पाइने जडीबुटी हुन् । यहाँका जनता बिजुलीबाट वञ्चित छन् ।*

**कार्यक्रम सुरु गर्दै टीका भट्ट** : हामी यो जिल्लाकै दुर्गम तर क्षेत्रकै केन्द्र मानिने दोरम्बामा उपस्थित भएका छौं । अब बन्ने संविधानका विषयमा हामी छलफल गर्दैछौं । यहाँ हामी एकअर्कामा आरोप-प्रत्यारोप गर्दैनौं । विगतको संविधानमा हाम्रो के त्रुटि थियो, अब कस्तो बन्नुपर्ला ? अब बन्ने संघीय स्वरूप कस्तो हुने, यहाँको यो बस्तीलाई कस्तो संघीयतामा जाँदा राम्रो हुन्छ आदि कुरामा छलफल गर्नेछौं । यहाँ कोही विशिष्ट वक्ता छैनन्, सबै समान छन् । आफूलाई मनमा लागेका कुरा निर्धक्कसँग भन्नुभए हुन्छ । हामीसँग भएको रेकर्डरले रेकर्ड गर्छ अनि क्यामेराले खिचेर लैजान्छौं र त्यो रामेछापको रेडियो हजुरको रेडियो र काठमाडौंको एउटा रेडियोबाट बजाउनेछौं र क्यामेराले खिचेका चिजलाई आधा घन्टाको डकुमेन्ट्री बनाएर देखाउनेछौं । त्यस्तै यहाँको बोली टिपेर किताब बनाउनेछौं र, त्यसलाई विज्ञहरूमाझ अनि संविधानसम्म पुऱ्याउनेछौं । अनि रामेछाप र मन्थलीमा दुईवटा क्षेत्रीय कार्यक्रम गर्नेछौं, त्यहाँ राजनीतिक दलका प्रतिनिधि, सभासद्हरू, नागरिकसमाजका प्रतिनिधि, संविधान विज्ञहरू, प्रशासकहरू हुनेछन् । उहाँहरूका बीचमा नागरिकका आवाज सुनाउनेछौं, उहाँहरूको सुझावसमेत माथि जान्छ । तपाईंहरूका तर्फबाट दुईजना प्रतिनिधि त्यहाँ जानुहुनेछ र उहाँहरूले यहाँको आवाजको प्रतिनिधित्व गर्नुहुनेछ । यहाँ हामी कोही दलविशेषका छैनौं त्यसैले सर्वसाधारण नागरिकको धारणा लिन्छौं, आफ्ना कुराहरू राख्नुहोला भन्ने आश गर्दै यो कार्यक्रमको औपचारिक सुरुवात गर्दछौं ।

**सहजकर्ता शान्ति लामा** : संविधानसभाको चुनावबाट सभासद्लाई संविधान बनाउन पठाइसकेका छौं । यहाँहरूको विचारमा संविधान भनेको के होला ?

**रीता लामा** : संविधान भनेको त्यति धेरै जानेको छैन, बुझेको पनि छैन तर यो कानुन बनाउने कुरो हो जस्तो लाग्छ ।

**मविन थिङ** : संविधान भनेको देशको मूल कानुन हो । यसअन्तर्गत ऐननियम बन्नेछन् । जनताका प्रतिनिधिद्वारा जनताकै निम्ति बनाउने चिज नै संविधान हो ।

**तारा मोक्तान** : संविधान पहिले पनि बनेको थियो । संविधान भनेको कानुन हो । यो सबैलाई समेट्ने र सबै अटाउने खालको हुनुपर्छ । यो बहुमार्गी हुनुपर्छ ।

**मीनबहादुर योञ्जन** : संविधान भनेको देशको मूल कानुन हो, यो छिट्टै बनोस् ।

**इमानसिंह तामाङ** : संविधानविना राज्य परिचालन हुन सक्तैन त्यसैले यो बन्न नितान्त जरुरी छ ।

**बमबहादुर तामाङ** : संविधान नबनी शान्तिसुरक्षा कायम हुन्न, त्यसैले संविधान समयमा बन्नुपर्छ ।

**सहजीकरण गर्दै** : हाम्रो देशमा संविधान निर्माण कार्य हुँदैछ, तपाईंहरूले के सुन्नुभएको छ ?

**मविन थिङ** : अहिले राजनीतिक दल गाउँगाउँमा छैनन् । मिडियाबाट सुन्दाखेरि विभिन्न समितिहरू बनेका छन् र तिनीहरूले आफ्नो क्षेत्राधिकार तोक्ने काम र मस्यौदा तयार गर्दैछन् भन्ने सुनिएको छ ।

**भुवन रानामगर** : संविधान भ्यागुता जति उफ्रिए पनि कान्लामुनिको कान्लामुनि भनेझैँ हुने हो कि जस्तो लाग्छ ।

**बुद्धमाया लामा** : यो संविधान बन्नैपर्छ किनकि यो सधैं बन्ने कुरा होइन ।

**सहजीकरण गर्दै** : संघीयता भनेको के होला ?

**इमानसिंह लामा** : संविधान निर्माण हुँदा संघीयता आवश्यक छ किनभने बहुजाति, बहुभाषी भएको मुलुक हो यो । केही बच्चाहरूले स्कुलको ढोका टेक्न पाएका छैनन्, केही अमेरिका र लन्डनमा सुखसुविधा भोगिरहेका छन् । कोही यहाँ गरिबीका कारण भौंतारिइरहेका छन्, कोही महलमा सुखसुविधा भोगिरहेका छन् । त्यसैले समानुपातिक रूपले सबैलाई विभाजन गर्ने खालको संविधान हुनुपर्छ र संघीयता आवश्यक छ । ११ वटा समिति (संविधानसभाका) आएका थिए, हामीले लेखेर दिएका थियौं तर अहिले ती सबैजसो समिति निष्क्रियझैं छन् । संविधानसभाको चुनावमा जनताको चाहना पूरा गर्ने भनेर चुनाव जितेर गए पनि दलहरू अहिले ती दल संघीयता दिन चाहँदैनन् । त्यसैले अब नेपाल संघीयतामा जानुपर्छ, संघीय गणराज्य आवश्यक छ । यो नभई मुलुक चल्दैन ।

**ज्ञानबहादुर विक** : संघीयता भनेको सबै समान हुनुपर्छ । म र तँ भन्ने भावना हुनुहुँदैन । हामी दलित अलिकति मर्कामा परेका छौँ । सबै पार्टी-पार्टी भन्छन्, के पार्टी क्षेत्रपाटी वा अरू कुनै बास बस्ने पाटी , दलितका छोराछोरीलाई छात्रवृत्तिलगायतका सुविधा हुनुपर्‍यो ।

**केबी योञ्जन** : हामी जनजाति हौं, मूलबासी हौं । हाम्रा नाममा यहाँका ठूल्ठूला मानिस अमेरिका, बेलायत गएका छन् । अब संविधान बन्दा त्यस्तो नहोस्, हामी दोरम्बाका मानिसलाई डडुवा जान पासपोर्ट बोक्ने अवस्था नआओस् । स्वतन्त्र रूपको संघीयता चाहिन्छ, जुन हामी जनजातिलाई माथि उठाउने खालको हनुपर्छ ।

**मविन थिङ** : २४० वर्ष नेपालमा एकात्मक शासन थियो, त्यो शासनले थिचेर वर्गीय, जातीय, लिंगीय रूपमा पछाडि पारिएको वर्गलाई राज्यले समान हक दिने कार्यमा पिछडिएकाहरूले स्वतन्त्र रूपले अधिकार उपभोग गर्न पाउने कुरा संघमा हुन्छ जस्तो लाग्छ । संघको कुरा गर्दा अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालगायतका जल, जमिन, सेनाबाहेक अरू जातीय रूपमा र क्षेत्रीय, प्रादेशिक रूपमा आत्मनिर्णयको अधिकार दिनुपर्छ । एकात्मक राज्यको अन्त्य गरिनुपर्छ जस्तो लाग्छ ।





**प्रमोदनारायण झा** : संघीयताको मुख्य आधार भूगोल मात्र होइन कि स्वशासित हुनुपर्छ । यो ठाउँका सम्पूर्ण स्रोतमा यहाँका स्थानीयको पहुँच हुनुपर्छ नत्र मन्थलीको माझीजस्तो जाल बोकेको फोटोमा मात्र देख्न सकिन्छ । यसरी गइएन भने अमेरिकाजस्तो भयो भने सबै जाति पलायन भएर जाने सम्भावना हुन सक्छ । नत्र मजदुरका रूपमा पन्जाब जाने र अन्य ठाउँ जाने हुन्छ त्यति हो ।

**रीता लामा** : हामीलाई तामाङ जाति भनेर हेपिएको छ । राणाको पालामा भारी बोक्ने भनेर राखेका रहेछन् । यसरी हामीलाई हेपेर पिछडिएका हौं । अब बन्ने संविधानमा त्यस्तो नहोस् । हाम्रो छुट्टै तामाङ भाषा छ, त्यसैले हामीलाई अब नहेपियोस्- यत्ति नै हो ।

**सहजीकरण गर्दै** : आजभन्दा पहिला बनेका र अब बन्ने संविधानमा के फरक छ ?

**परेश योञ्जन** : हिजोको संविधान राजा र तिनका दुई/चारजना आसेपासेले बनाएका थिए, त्यो उनीहरूको हितमा थियो । अहिलेको संविधान १९ दिने जनअन्दोलन र १० वर्षे जनयुद्धले ल्याउने हो । हामी पीडित वर्गको हितमा बनोस् अहिलेको संविधान । संघीयताको कुरा आएको छ, त्यो संघमा जुन बजेट आउँछ, त्यो संघले नै चलाउन पाओस् । केन्द्रबाट अधिकार विकेन्द्रीकरण हुने खालको र शासनमा स्थानीयको पहुँच हुने खालको संविधान बनोस् ।

**इमान सिंह** : आजभन्दा अघिका सबै संविधान असफल भइसके । किन र कसरी भने हिजो राणा, शाहका पालामा हुकुमी शासनव्यवस्था थियो । पञ्चायतकालमा पनि त्यस्तै संविधान थियो । अब जनताले शासन चलाउने खालको संविधान बनोस् । जनताको प्रतिनिधि भएर जाने तर जनताका लागि केही नगर्ने नहोस् । अब त्यस्तो संविधान बनेन भने हुरीबतास आइरहन्छन् । जनतालाई मालिक बनाउने संविधान बनोस् ।

**लालमाया मोक्तान** : संघीयता भनेको पहिले थिएन । पहिले राजाको मात्र देश जस्तो थियो । अब कार्यान्वयन हुने खालको संविधान बन्छ जस्तो लाग्छ ।

**प्रकाश नेपाली** : योभन्दा अगाडिको संविधानमा कतिपय कुरा लेखिन्थ्यो तर त्यो व्यवहारमा उत्रिँदैनथ्यो । अब त्यो व्यवहारमा उत्रिन्छ कि जस्तो लाग्छ ।

**मविन थिङ** : विगतका संविधान मुठीभरका निरंकुश शासकले बनाएकाले उनीहरूकै अनुकूलको थियो । अहिले हामीले मत दिएर जनप्रतिनिधि पठाएका छौं । २४० वर्षको दौरानमा जो पछाडि पारिएका वा हिजो पछाडि पारेका वर्ग, लिंग, क्षेत्र, समुदाय र जातिले पाउने अधिकार अब दिइनुपर्छ, आत्मनिर्णयको अधिकारसहित । अब बन्ने संविधानमा जातीय, क्षेत्रीय, लिंगीय रूपमा पछाडि परेका वर्गलाई अगाडि नबढाई केही हुँदैन । तर, अहिले दलहरू आफ्नो अनुकूलको संविधान बनाउन लागेको सुनिएको छ । यी सबै पछाडि परेको वर्गलाई अगाडि बढाउने कुनै प्रयास नगरी दलहरू निरंकुश हुने संविधान बन्दै छ भन्ने सुनिएको छ, त्यस्तो नहोस् । पछाडि परेका जाति, वर्ग, क्षेत्र, लिंगले राज्यबाट पाउने अधिकार समान रूपले

पाउनुपर्छ । अधिकार सुनिश्चित हुने खालको संविधान बन्नुपर्छ ।

**तारा मोक्तान** : मलाई संविधान फरक हुन्छ हुँदैन भन्ने दोधार लाग्छ । कुनै कम्प्युटरको प्रोग्राममा संविधान बनिसकेको त होइन भन्ने लागेको छ । जनताको मर्म बुझ्ने हो भने अब संविधान बनाउन समयको अभाव हुने हो कि जस्तो लाग्छ ।

**श्यामबहादुर विश्वकर्मा** : पहिला र अहिलेको संविधानमा के फरक छ भन्ने कुराको बारेमा त्यति धेरै थाहा त छैन । तर, अब बन्ने नयाँ संविधानमा कुनै जातपात, मिचिएका वर्ग, पेलेर राखेका वर्ग नहोऊन्, सबैलाई समान रूपमा अधिकार दिइयोस् । हामी दलितहरू पिछडिएका हौँ । हामी लोग्नेमान्छे र आइमाई मात्र जात हौँ, अब बन्ने संविधानमा जातपात भन्ने कुराको अन्त्य होस् ।

**भुवन थापामगर** : पहिले पनि विभिन्न नियम थिए होलान् । कतिपय लागू भए होलान्, कतिपय लागू भएनन् होला । अब म यो जात, तँ ऊ जात भन्ने विभेद नहुने, सबैलाई समान हुने खालको संविधान बन्छ कि जस्तो लाग्छ । तर, खोइ त्यो सम्भव होला कि नहोला ? परिवर्तन भएको छैन, सबैलाई समान हुने खालको बनोस् ।

**ज्ञानबहादुर विक** : हाम्रो देशमा संविधान बन्नैपर्छ । यदि बनेन भने मार खाने दिन



*दोरम्बाका स्थानीय बासिन्दा छलफलमा सरिक हुँदै*

आउँछन् । उता नेपाल बन्द भइरहेको छ, युद्ध चलिरहेको छ, भन्छन् । आन्दोलनजस्ता कुरा अब बन्द हुनुपर्छ । केन्द्रमा बस्ने नेताले आफ्ना मात्र कुरा गर्ने नभएर सबैलाई विचार गर्नुपर्‍यो । दलितलगायतका जुनसुकै मानिसको चुनाव नलडे पनि प्रतिनिधित्व गर्न पाउने हुनुपर्छ किनकि सबैले चुनावमा लड्न सक्दैनन् । त्यसैले अब बन्ने संविधानमा यस्ता कुराहरू हुनुपर्छ ।

**सहजीकरण गर्दै** : विभिन्न पार्टीका आ-आफ्ना तर्क-अवधारणा आइरहेका छन्, जातीय, भाषिकलगायतका कुरा आइरहेका छन् त्यसैले यहाँहरूको विचारमा कुन बाटोबाट





संघीयतामा जाँदा राम्रो हुन्छ होला ?

**मविन थिङ** : नेपाल विविधताले भरिएको देश हो । बहुभाषिक, बहुजाति, बहुधर्मी मुलुक भएकाले यहाँको हरेक क्षेत्रको परिवेश आफ्नै खालको छ । पश्चिमी, तराई, पहाडीमूललगायतको आफ्नै खालको छ । संघीयता जातीय, भाषिक रूपमा बनाउनुपर्ने हो । प्रादेशिक रूपमा पछाडि परेका जातिको सवालमा क्षेत्र वा वर्गहरू, अल्पसंख्यक जातलाई समेटेर भूगोल, जात, भाषा, क्षेत्रलगाययतलाई समेटेर संघीयता बनाउनुपर्छ र ती केन्द्रमा एकाधिकार गर्ने होइन कि त्यो प्रदेशले सबै अधिकार आफैं प्रयोग गर्न सक्ने हुनुपर्छ, अन्तर्राष्ट्रिय सन्धिसम्झौताबाहेकका कुरा । आफ्नो जंगल, जमिन, आफ्नो भाषा, आफ्नो जडीबुटी त्यही ठाउँले प्रयोग गर्ने खालको संघीयता हुनुपर्छ ।

**इमानसिंह लामा** : मूल कुरा नेपालीको राष्ट्रियता हो । त्यसलाई जोगाउन भौगोलिक हिसाबमा जानु उपयुक्त छ । हिमाल, पहाड तराईलाई मिलाएर विभाजन गरी संघीयता बनाएको खण्डमा राम्रो हुन्छ । जाति, भेषभूषा, भाषा, धर्मलाई समेटेर जानु राम्रो हो । तराईलाई मात्र दिँदा त्यो पनि एउटा शंकाको कुरा आयो, पहाडलाई मात्र दिँदा पनि मुलुक टुक्रिन्छ कि भन्ने कुरा आयो । यी तीनै कुरालाई मिलाएर संघीयतामा जानुपर्छ ।

**श्यामबहादुर विक** : संघीयता सबै अधिकार जनतामा हुने खालको चाहिन्छ ।

**तारा मोक्तान** : हाम्रो क्षेत्रमा सबै जाति तामाङ, मगर, भोटे, थामीलगायतका धेरै छौँ । यदि जातीयमा जाने हो भने बस्तीलाई मिलाउनुपर्छ । बस्ती नमिलाई जाने हो भने जातीय आधारमा संघीयतामा जान सम्भव छैन । जिल्लामा ७४-७५ जातिको बसोबास भएको हुनाले सबैलाई मिल्ने गरी भौगोलिक आधारमा संघीयतामा जानुपर्छ जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : यहाँको विकासको अवस्था कस्तो छ ? यातायात, विकास निर्माण, विद्यालयलगायतका चिजको अवस्था कस्तो छ ?

**मविन थिङ** : दोरम्बा हिजो पञ्चायतले पछाडि पारेको ठाउँ अनि अहिले पनि दलहरूलाई मन नपरेको ठाउँ हो यो । भूगोलले साथ दिएको ठाउँ हो । यहाँ पुलिस चौकी, स्वास्थ्य चौकीलगायतका अन्य कुरा क्रमशः विकास हुँदैछ । भर्खर-भर्खर कच्ची सडक आएको छ । काठमाडौंबाट हाम्रो दूरी २ घन्टाको भएको छ । यहाँ विभिन्न जातजातिका मानिस छन्- थामी, पहरी, कामी, दमाई, बगर, बाहुनलगायत वर्गको बसोबास छ, मुख्यतः तमाङ बस्ती हो । राजनीतिक निर्णयको कुरामा यहाँका मानिसको प्रतिनिधित्व छैन । राज्यको स्थायी सरकारमा, कर्मचारीतन्त्रमा हाम्रा मानिसको प्रतिनिधित्व नभएका कारणले यहाँको विकास निर्माण पछि परेको छ । राजनीतिक दलका नेताहरू त आफ्ना भाषा बोल्छन् । २४० वर्षीय इतिहासले यहाँका मानिस जातीय रूपमा, वर्गीय रूपमा पछाडि पारिए । अब हुने संविधानमा जो लक्षित वर्गलाई माथि लाने मात्र होइन कि राज्यले समान दृष्टिले समान रूपमा उपभोग गर्न पाउने र आफू पनि त्यो अवसरमा पुग्नका लागि अग्राधिकार दिइनुपर्छ ।

**केबी योञ्जन** : विकासको सन्दर्भमा यो क्षेत्र अगाडि आउनुपर्ने हो । तर, राजनीति हावी भएको कारणले विकास भएको छैन । केही अगाडि यहाँ सेवाकेन्द्रको प्रस्ताव आएको थियो । तर, विभिन्न दलका नेताले हुँदैन भन्नुभयो ।

**सहजीकरण गर्दै** : विकासको कुरा कस्तो रहेछ हामीले जानिसक्यौँ ? अब हाम्रो देश संघीयतामा जान्छ, त्यहाँ विभिन्न तहका सरकारहरू हुनेछन् । त्यसैले त्यो अवस्थामा कुन निकायमा विकास-निर्माण कार्यलगायतका अधिकार दिइनुपर्छ जस्तो लाग्छ ?

**तारा मोक्तान** : राज्य विभाजन गर्दा तीन चरणमा हुनुपर्छ । बढी विकासको कार्य केन्द्रीय स्तरमा हुँदा आजसम्म पछाडि परेकाहरू पछाडि नै छन् । स्थानीय स्तरमै सबै विकास निर्माणलगायतका अन्य अधिकार दिइए सजिलो हुन्छ । जस्तो, कुन ठाउँमा कस्तो विकास गर्ने भन्ने कुरा स्थानीय जनतालाई थाहा हुन्छ । यदि केन्द्रलाई दिइए यसले आफ्नो इच्छाअनुसार गर्छ, फेरि पनि पछाडि परेकाहरू सधैं पछाडि नै हुन्छन् । त्यसैले अब बन्ने संघीय राज्यमा सबै अधिकारहरू स्थानीय तहमै जिम्मा दिइनुपर्छ । त्यसैले गर्दा जनताले छिट्टै आफ्नो जीवनस्तर उकास्न सक्छन् ।

**मविन थिङ** : विकेन्द्रीकरणको सिद्धान्त अथवा संघको कुरा गर्दा सम्पूर्ण अधिकार संघलाई दिनुपर्छ । संघमध्येको पनि क्षेत्रलाई, क्षेत्रमध्ये पनि स्थानीय स्तरलाई दिइनुपर्छ । अन्तर्राष्ट्रिय सन्धिसम्झौताको कुराबाहेकका अरू सबै अधिकार दिनुपर्छ । बजेटको बाँडफाँड गर्दा स्थानीय स्तरमै दिइनुपर्छ र राज्यले दिने बजेट क्षेत्र हेरेर समानुपातिक रूपमा दिइनुपर्छ । स्थानीय विकासको हामीले केही प्रयास गरी हेरेका छौँ, जस्तो, सैलुङ-मुडे सडक, सैलुङ-कुखुरेआल सडक डडुवा- दोरम्बाको मात्र पैसाले हामीले त्यो सडक बनायौँ । त्यसैले स्थानीय स्तरमा सबै अधिकार दिएमा विकास निर्माण गर्न सकिन्छ ।

**भीमाकुमारी मोक्तान** : संघीयता जातीय, भौगोलिक आधारमा गरिनुपर्छ जस्तो लाग्छ । हत्या, हिंसा अन्त्यका लागि न्यायालयको व्यवस्था स्थानीय स्तरमै हुनपर्छ ।

**धनमाया लामा** : हामी महिला अगाडि जाने कार्यक्रम चाहियो । महिला हिंसाको अन्त्यका लागि केही व्यवस्था होस् ।

**भुवन थापामगर** : सानो देश विभिन्न प्रदेशमा विभाजन हुँदा विकास निर्माण कसरी हुने हो, विचार गरेर संघीयतामा जानुपर्छ । विकसित ठाउँ र अन्य क्षेत्र मिलाएर विभाजन गरियोस् ।

**कुमार कँडेल** : भौगोलिकलगायत प्राकृतिक स्रोत धेरै भएको क्षेत्र हो हाम्रो । सदरमुकामबाट नजिक भएको क्षेत्र अलि बढी विकास हुने र टाढाको क्षेत्र अलि कम विकास हुने क्रम छ । यो क्षेत्र त्यो कुरामा पनि पछाडि नै छ । अब बन्ने संघीय राज्यमा यस क्षेत्रको प्राकृतिक स्रोतको ख्याल गरी सैलुङ प्रदेश नामाकरण गरियोस् ।





**सहजीकरण गर्दै** : हामी नागरिकता बनाउन, जग्गा पास गर्न, प्रशासनलगायतका कार्य गर्न कुन निकायमा जाँदा सजिलो हुन्छ ? क्षेत्र, केन्द्र वा स्थानीय निकायमा ?

**अष्टलक्ष्मी लामा** : सरकारी कामलगायतका कार्य गर्न राजधानी सदरमुकाम जानु धेरै गाह्रो भएकाले त्यसको अधिकार स्थानीय स्तरमै भइदिए राम्रो हुन्थ्यो । पैसाको पनि बचत हुन्थ्यो होला ।

**धनमाया लामा** : स्थानीय स्तरमा सबै अधिकार भए रोजगारीको व्यवस्था हुन सक्थ्यो । सदरमुकामसम्म जाने खर्च बचत हुन्छ ।

**मविन थिङ** : यहाँबाट अलि पर ग्याल्पा भन्ने ठाउँ छ, त्यहाँ राजनीतिक दलका नेताले सेवाकेन्द्र राख्ने भन्ने कुरा आएको छ । त्यसो नभएर त्यो केन्द्र यही दोरम्बामा हुनुपर्छ । पानी, भूगोललगायत अन्य सुविधाका कारण ।

**सहजीकरण गर्दै** : हामी विभिन्न जातजाति, भाषाभाषी मिलेर बसेका छौँ, अब बन्ने राज्यमा सरकारी कामकाजका लागि कस्तो भाषाको प्रयोग भइदिए राम्रो हुन्थ्यो होला ? स्थानीय भाषाको प्रयोग हुनुपर्छ या नेपाली भाषाको प्रयोग भएमा हुन्छ ?

**मविन थिङ** : मलाई लाग्छ, माध्यम भाषाको रूपमा नेपाली ठीकै छ । तर, संघको विभाजन गर्दा भाषाको कुरामा जुन संघमा जुन जातिको बाहुल्य छ, त्यहाँ त्यहीँको स्थानीय



*छलफल सुन्दै दोरम्बाका स्थानीय बासिन्दा*

भाषाको प्रयोग हुनुपर्छ । सरकारी कामकाजका लागि जहाँ जसको बाहुल्य छ, त्यसको भाषा सरकारी कामकाजमा आउनुपर्छ । यसले गर्दा त्यहाँका स्थानीय जनतालाई सहयोग पुग्छ । प्रान्तीय र स्थानीय सरकारको निर्माण भूगोल र जातीय आधारमा तथा निर्वाचन समानुपातिक र प्रत्यक्ष चुनाबबाट गर्दा राम्रो हुन्छ । यसो गर्दा त्यहाँ भएका जातजातिको पनि उचित

सहभागिता हुन्छ होला ।

**भुवन थापामगर** : जातीयताको आधारमा मात्र गर्दा भोलि अल्पसंख्यक र कम जनसंख्या भएका जातिले भाषा नबुझ्ने वा उनीहरू फेरि पनि पछाडि पर्ने हुन्छ कि ? त्यसैले साझा खालको हुनुपर्छ, यसले गर्दा सबैलाई सजिलो हुन्छ ।

● **गोपीलाल थकोर** : मेरो विचारमा क्षेत्रीय र प्रान्तीय सरकारको निर्माण जातीय र भाषाको आधारमा गर्दा राम्रो हुन्छ ।

**शशी घिसिङ** : जातीय र भाषिक आधारमा संघीय राज्य गर्दा भोलि जातीय र भाषिक द्वन्द्व आउन सक्ने हुनाले स्थानीय स्रोत, साधन र भूगोललाई आधार मानेर संघीयताको विभाजन हुँदा राम्रो हुन्छ ।

**गोपीलाल** : मैले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा परिचित गराउनका लागि पनि जातीय र भाषिक आधारमा राज्यको विभाजन हुनुपर्छ भनेको हो ।

**मविन थिङ** : अब बन्ने संघीय राज्यमा हाम्रा जनजाति, पछाडि परेका वर्ग, जाति, लिंगलाई समानुपातिक हिसाबमा ल्याउनुपर्‍यो, पुलिस प्रशासनमा, राज्यको स्थायी प्रशासनलगायतका सरकारी सेवामा कर्मचारीतन्त्र र राजनीतिक हिसाबले । निर्णय गर्ने तहमा समानुपातिक हिसाबले सहभागी गराउने व्यवस्था हुनुपर्‍यो ।

**गोपीलाल थकोर** : लोप हुन लागेका भाषा, भेषभूषा, संस्कृतिलगायत अन्य कुराको संरक्षण गर्ने स्पष्ट व्यवस्था हुनुपर्‍यो । संघीय राज्य बनेपछि आ-आफ्ना भाषाको विश्वविद्यालय होस् । त्यसले भाषाको संरक्षण हुन्छ ।

**लालमाया मोक्तान** : यहाँका महिला पछाडि परेका छन् । शिक्षित भए पनि बेरोजगार छन्, गाउँमा डोकोनाम्लो गरेर मात्र बसेका छन् । त्यसैले महिलालाई अगाडि बढाउन केही व्यवस्था गर्नुपर्‍यो ।

◆◆◆








# भलुवाजोर

*रामेछापको भलुवाजोर गाविसमा २०६६ मंसिर ८ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** सम्पन्न भयो । छलफलमा ५२ जनाको सहभागिता थियो ।*

*सिन्धुलीको खुर्कोटसँग सीमा जोडिएको यो गाउँ रामेछापको सदरमुकाम मन्थलीदेखि दक्षिणपट्टि पर्छ । सदरमुकामबाट झन्डै दुई घन्टाको पैदल यात्रापछि पुगिने यो गाउँको तामाकोसी र सुनकोशी नदीको किनारमा माझी जातिको बसोबास छ ।*

*जाडोमा खासै जाडो नहुने र गर्मीमा त्यति गर्मी नहुने विशेषता बोकेको यो गाविस भौगोलिक विकटतामा बाँचिरहेको छ । यहाँका बासिन्दालाई प्रशासनिक र अन्य कामका लागि रामेछापभन्दा सिन्धुली जान सजिलो पर्छ ।*

*माझी जातिको मुख्य पेसा माछा मार्ने, डुङ्गा खियाउने र बालुवा चाल्ने हो । तर, आधुनिकीकरणले गर्दा अरू जातिले पनि माछा मार्ने र पुल बनेपछि डुङ्गा खियाउने काम थालेपछि उनीहरूको पेसा संकटमा पर्न थालेको छ, त्यसैले माझीहरू विस्तारै कृषि पेसातिर आकर्षित हुन थालेका छन् । यो गाविसमा ढुङ्गाखानी रहेको विश्वास गरिन्छ । चिराइतो, टिम्मुरजस्ता जडीबुटी यहाँ प्रशस्त पाइन्छन् । यो गाविसको क्षेत्रफल २७८१.९५ हेक्टर छ ।*

*हिन्दु धर्म मान्ने भए पनि उनीहरूको संस्कार तथा चालचलन हिन्दु धर्म मान्नेहरूको भन्दा निकै भिन्न छ । यो जातिको मुख्य चाड भनेको कोशीपूजा र सुँगुरपूजा हो । कोशीपुजालाई उनीहरू डुङ्गापूजा पनि भन्छन् । भलुवाजोर गाविसमा मात्र सय घरधुरी रहेको यो जातिको*

*जनसंख्या ११ सय १५ छ । माझी समुदायको शिक्षाका लागि एउटा मात्र प्राथमिक विद्यालय छ । निमावि र मावि शिक्षाका लागि उनीहरू रामेछाप बजार पुग्नुपर्छ कि त मन्थली ।*

**कार्यक्रम सुरु गर्दै लक्ष्मण पाण्डे (गा.वि.स राष्ट्रिय महासंघ)** : हामी जुगमा एकचोटि हुने काम गर्न गइरहेका छौँ- संविधान निर्माण । देशका सबै जनताको भावना समेट्नुपर्नेछ, अबको संविधानमा । अब बन्ने संविधानमा जनताका के-कस्तो भावना समेटिनुपर्ने हो ? यसैको सेरोफेरोमा रहेर आज हामी तपाईंहरूका बीचमा छलफल गर्दैछौँ । अगामी संविधानमा तपाईंहरूका विचार के-कस्ता छन् भन्ने विषयमा रहेर हामी छलफल सुरु गर्दछौँ ।

**सहजकर्ता तारानाथ दाहाल** : एक जुगमा एकचोटि लेखिने संविधान मुलुकमा लेखिँदैछ । त्यसका बारेमा तपाईंहरूका बीचमा छलफल गर्न आएका छौँ । त्यसैले संविधान लेखिँदैछ, बन्दैछ, संविधान भनेको के हो भन्ने तपाईंहरू कतिजनालाई थाहा छ ?

**माने माझी** : यो पार्टीको कुरा हो । राजनीतिक दलहरूसँग यो कुरा जोडिएको छ । यस विषयमा हामीकहाँ कुनै छलफल भएको छैन । क, ख नै राम्रोसँग नजान्नेहरू छन् त्यसैले संविधान भन्ने कुरा के जान्ने ? कमसेकम एसएलसीसम्म पास भएमात्र केही जान्ने बुझ्ने थिए कि ? घरको ढिँडो खाएर केही जान्न पाए हुन्थ्यो ।

**सहजीकरण गर्दै** : माने दाइले भनेजस्तै यहाँका जनतालाई आफ्नो घरको ढिँडो खाएर एसएलसीसम्म पढ्ने स्कुल भए हुन्थ्यो, संविधान भनेको त्यही हो, होइन त ? कतिलाई आफ्नो गाउँमा सिंचाइ आइदिए हुन्थ्यो, नजिकै विद्यालय भइदिए हुन्थ्यो, कतिलाई नागरिकता बनाउने जस्ता काम मन्थली नगई यही आइदिए राम्रो हुन्थ्यो, कतिलाई आफ्नो अधिकार पाए हुन्थ्यो भन्ने जस्ता विभिन्न किसिमका अधिकारका कुरा छन्, तपाईंहरूलाई चाहिँ यो संविधानमा आफ्नाबारेमा के भइदिए हुन्थ्यो जस्तो लाग्छ, के लेखियोस् जस्तो लाग्छ ?

**सुरवीर माझी** : स्वास्थ्यचौकी टाढा छन्, समस्या भयो । हाम्रा बालबच्चा पढाउन विद्यालय नजिक छैनन् । त्यसैले अब बन्ने संविधानमा विद्यालय र स्वास्थ्यको राम्रो व्यवस्था भए हुन्थ्यो ।

**विश्वमान माझी** : संविधानसभाको निर्वाचनका बेलामा एक दिन नेताहरू आए/गए तर हामीलाई केही बुझाएनन् । चुनावपछि फर्केर आउँदैनन् । सबैलाई सरकार चाहिएको छ, पिछडिएका जातको उद्धार कसरी गर्ने भन्ने कुरा कसैले उठाउँदैन । जातीय उद्धार कसरी गर्ने भनेर चुनावका बेला उठ्छ, पछि विस्तार हराउँदै जान्छ । सधैँ सबै घरकै काममा व्यस्त हुन्छन् । एक त हामीमा शिक्षा नै छैन, जान्दा पनि जान्दैनौं । अलि बुझ्नेकाहरू आर्थिक अभावले सबै गाउँलेलाई बुझाएर बस्न सकिँदैन । त्यसैले हामी पनि सरहरूसँग सिक्न चाहन्छौ । हामी जस्ताको उद्धारका लागि केही हुन्छ कि हुँदैन ?

**सहजीकरण गर्दै** : हामी त्यति जान्दा पनि जान्दैनौं, आर्थिक अभावले गर्दा त्यस्ता कुरामा ध्यान दिन सकेका छैनौं भन्नुभयो । यतिबेला देशमा संविधान लेखिँदैछ । ६०१ जनाले





काठमाडौँमा विभिन्न समितिमा बसेर संविधान लेख्दैछन् । जेठ १४ गतेसम्म संविधान लेखिसक्नुपर्नेछ । त्यसपछि हाम्रो देशमा कस्तो सरकार हुने, न्यायको व्यवस्था कस्तो हुने, कस्तो विकासको व्यवस्था हुने, कस्तो स्थानीय सरकार, प्रान्त, जिल्लालगायतका कुरा बनाउने भन्ने कुरा त्यसबेलासम्म बनाइसक्नुपर्नेछ । त्यसका लागि विभिन्न विषयमा काम भइरहेका बेलामा तलका जनता के चाहन्छन्, नेताहरू के सोच्दैछन्, तल्ला तहका जनताको चाहना के छ, बुझौँ र उनीहरूकामा पुऱ्याऔं भनेर तपाईंहरूका माझ हामी आएका हौँ । पहिला हाम्रो देशमा केन्द्रमा सरकार हुने, जिल्लामा जिल्ला विकास समिति, गा.वि.स हुने, अबचाहिँ त्यस्तो नभएर देशलाई विभिन्न सरकार बनाउने, प्रान्त-प्रान्त बनाउने भन्ने छलफल भएको छ, यसलाई संघीय भनिन्छ । काठमाडौँको निर्णय कुरेर भएन अब नजिकै सबै कुरा हुने भन्ने कुरा आएको छ । विभिन्न नाममा अहिले जातीय, भाषाको कुरा छ । यो क्षेत्रको नाम सुनकोशी, तामाकोसी, तामसालिङ आदि आएका छन् । प्रान्त भएमा राजधानी कहाँ हुने छलफल भइरहेका छन् । सबै कुरा सहज चाहिएकाले सरकारका विभिन्न रूप बनाउन हामी छलफल गर्न यहाँ आएका छौँ ?

**शान्तमाया माझी** : सम्पत्ति हुने बाँच्छन्, सम्पत्ति नहुने मर्छन् । ६ महिना पनि खाना पुग्दैन । सक्नेले खान्छन्, लाटा, लंगडा, अपाङ्ग, कसरी, के गरेर खाने ? गर्न सकुन्जेल त गरिखाने नसकेपछि के खाने ? पाखुरीमा बल हुन्जेल मात्र सबैथोक बल नभएपछि के गर्ने ? हेरचाह गर्न कोही नभएकालाई हेरचाह गर्ने सरकार चाहियो ।



*आफ्नो आवाज राख्दै भलुवाजोरका स्थानीय बासिन्दा*

**काले माझी** : अंग्रेजीमा त्यति लेखापढी छैन । छोराछोरी स्कुलमा सिक्छन्, घर आएपछि बिर्सन्छन् । घाँस छैन, दाउरा छैन, घर आएपछि फेरि काममा जानुपर्छ, घरधन्दा गर्नुपर्छ । सबै एमाले, कांग्रेस, माओवादी भनेर हिँड्छन् तर हामी त्यति बुझ्दैनौँ । सबै काठमाडौ जाने, सुख-सुविधा खोज्ने भएका छन्, दुःख बढेको छ । शिक्षा नै ठूलो कुरा हो त्यसैले यसको राम्रो व्यवस्था गर्ने सरकार आओस् ।

**सहजीकरण गर्दै** : संविधान भनेको के बुझ्नुभएको छ ? कस्तो बनाउनुपर्ला ? सरकार कुन रूपको हुने, सेवा पाउने, सुविधा पाउने, के-कस्तो हुने हो, विद्यालयलगायतका विकासका कार्य कहाँ गएर माग्ने भन्ने कुराहरू यसमा जोडिएको छ । यिनै कुरा व्यवस्था गर्नका लागि राज्यको संविधान लेखिँदैछ, त्यसमा तपाईंहरूका के के कुरा लेखिनुपर्ला ?

**घनश्याम श्रेष्ठ** : संविधान भनेको देशको मूल कानुन हो । हाम्रो गाउँघरमा धेरै बेरोजगार छन् । व्यवहारमा काम हुने शिक्षा चाहियो । नीति नियम भनेको सहरबजारमा मात्रै हो कि गाउँमा पनि हो ?

बालश्रम नगरौँ भन्छौँ तर काम नगरी खान पुग्दैन । आर्थिक अवस्था कमजोर भएकाले आफ्ना बालबच्चाहरूलाई अरूको घरमा काम गर्न राख्नुपरेको छ । यदि त्यसले काम गरेन भने अरू परिवारले समेत खान पाउँदैनन् । त्यस्तो अवस्थामा काम गर्ने कि नगर्ने भन्ने कुरा छ, अहिले भइरहेको शिक्षालाई बदल्नुपर्‍यो । सीपमूलक शिक्षा, रोजगारमुलक शिक्षाको कुरा संविधानमा स्पष्ट लेख्नुपर्‍यो । बालश्रमका बारेमा स्पष्ट व्यवस्था र सुधार गर्नुपर्‍यो । गाउँ-गाउँमा चेतनामूलक कार्यक्रम भएका छैनन् । अहिलेसम्म हाम्रो गाउँमा संविधान निर्माणका बारेमा कुनै कार्यक्रम कुनै राजनीतिक दलले सञ्चालन गरेका छैनन् । यस्ता कार्यक्रम बेलाबेलामा हुनुपर्‍यो ।

**धनबहादुर माझी** : हामीलाई धेरै दुःख छ । खेती किसानी गर्न गाह्रो छ । पढाइ मात्र छ, रोजगारी छैन । उचित व्यवस्था हुनुपर्‍यो ।

**माने माझी** : अपराधीलाई कारबाही हुँदैन । हामी सधैँ हलो जोतेर खान्छौँ तर केही जान्दैनौँ । यहाँ आउने विदेशीहरू त कमसेकम हाम्रो बारेमा धेरै ज्ञान लिएर आउनुहुन्छ तर हामी त्यति पनि जान्दैनौँ । त्यसैले शिक्षा अलि काम लाग्ने खालको चाहियो ।

**हर्के माझी** : बेरोजगारका कारणले धेरै दाजुभाइ विदेश जानुभएको छ । विदेशमा गएर दुःख पाउनुभएको छ । पिछडिएका हामीजस्ता जातिका प्रत्येक घरका एकजनालाई रोजगारीको ग्यारेन्टी अब बन्ने संविधानमा होस् ।

**लछुमन माझी** : महिला पुरुषले बराबर हक पाउनुपर्‍यो । शिक्षकको छोरो सधैँ शिक्षक हुन्छ तर हामी माझीको छोरी सधैँ नै गरिबै मात्रै । हामीले धेरै दुःख पाएका छौँ । आफ्नो क्षमताअनुसार जागिर पाउनुपर्‍यो । कर्मचारीले घुस खाने गरेका छन्, केही काम गर्न पनि घुस खुवाउनुपर्दछ ।





संविधान भनेको हामीलाई के थाहा ? गाउँमा संविधान भनेको के, संविधान घाँस काट्ने, हलो जोत्ने संविधान त्यसैले सबैलाई यसका बारेमा बुझाउनुपर्‍यो । विकासका निम्ति संविधान हुनुपर्दछ, सबैले चुन्न पाउने हक हुनुपर्दछ, सबैलाई क्षमताअनुसारको हक पाउने व्यवस्था हुनुपर्दछ । सचेतना कार्यक्रम गाउँगाउँमा आए हामीहरू बोल्न सक्ने हुन्छौं । हामीजस्ता पिछडिएका जातिलाई अब बन्ने संविधानमा विशेष व्यवस्था गर्नुपर्‍यो । संविधान भनेको यहाँका जनतालाई केही थाहा छैन । संविधान भनेको विकासका लागि हो । त्यहाँ पार्टी हुन्छ, चुनाव हुन्छ । राम्रो काम गर्नेलाई छान्न पाउने हक हुन्छ । त्यही नै संविधान हो । क्षमताअनुसारको हक पाउने संविधान हुनुपर्‍यो ।

**सहजीकरण गर्दै** : उहाँले के भन्नुभयो भने सबै मानिसले क्षमताअनुसारको काम पाउने व्यवस्था हुनुपर्दछ, अधिकारको रूपमा । सबै मानिस बराबर हुन्, सबैको सुविधा पाउने हक बराबर हुन्छ, राम्रो मान्छेलाई चुन्न पाउने हक संविधानमा हुनुपर्दछ, चुनाव गर्ने अधिकार हुनुपर्दछ भन्नुभयो । तपाईंहरूको भनाइ के छ ?

**सिरबहादुर माझी** : संविधान भनेको मूल कानुन हो । यो सधै बन्दैन, यो कति वर्षमा एकचोटि बन्छ । हामी पिछडिएका माझी जातिको त्यहाँ प्रतिनिधित्व हुँदैन । हामी माझी जातिको मुख्य पेसा माछा मार्ने, डुङ्गा चलाउने हो । हामीजस्ता सीमान्तकृत जाति, पिछडिएका जातिको आवाज माथिसम्म पुग्दैन । पहिला माछा मार्ने र डुंगा चलाउने हाम्रो पेसा थियो । ठाउँ-ठाउँमा पुल बने, त्यो पेसा हराउँदै गयो । यहाँका आदिवासी माझी हुन् । पहिला धनी थिए । यहाँका मानिस गरिब हुनुका कारण धेरै छन् । अरू जातिले पेलेर र अशिक्षाको कारणले गर्दा पनि माझी पछाडि परेका छन् । सधैँ पिछडिएकै रूपमा रहिरहेका माझी जातिका युवाले बल्लबल्ल एसएलसीसम्म पास गरेका हुन्छन् । तिनीहरूले कहाँ अवसर पाउने, कसले अवसर दिलाइदिने भन्ने कुरा छ । हामीजस्ता पिछडिएकालाई अझ भनौँ माझीलाई आरक्षण कोटा चाहियो । यस्तो कुरा आगामी संविधानमा स्पष्ट व्यवस्था भइदिएमा हामी जस्ता पिछडिएका जनताका लागि केही हुन्थ्यो कि ? हाम्रा भाषाको संरक्षण होस्, स्थानीय भाषामा पढाइ होस् । त्यसो भएमा यहाँ सानासाना बालबालिकाले राम्रोसँग जान्न पाउँथे ।

सबै जातजातिले आ-आफ्नो पहिचानका लागि छुट्टै राज्यको माग गरिरहेको समयमा हामी माझी जातिको पनि आफ्नै छुट्टै राज्यव्यवस्था होस् । हामी माझीको बसोबास कोशी किनारामा छ । त्यहाँको बालुवा, माछालगायतका चिजमा माझीको पहिलो प्राथमिकता होस् ।

**सहजीकरण गर्दै** : तपाईंहरूले सुन्नुभयो । यो संविधान हरेक वर्ष लेखिँदैन त्यसैले लेखिँदा माझी जातिलाई जागिरमा आरक्षण होस्, सबै जाति राज्य माग्दैछन्, हामी किन नमाग्ने भनेर भन्नुभयो र, त्यो कहाँसम्म हुने, कहाँ बनाउने हो ? सिन्धुली, रामेछाप आदि ठाउँका खोला किनारामा माझी बस्ती छन्, भाषा पनि छ । प्राथमिक शिक्षासम्म हाम्रै

भाषामा पढाइ होस् । माछा मार्ने, डुङ्गा चलाउने पेसा हराउँदै गयो । खोलामा माछा पाउन छाडिसक्यो, बालुवा पनि अरूले उठाएर लगे, विभिन्न ठाउँमा पुल बन्दै गए त्यसैले त्यो हाम्रो हुनुपर्‍यो भन्नुभयो । अरू के-के कुरा राख्नुपर्‍यो ?

**विश्वमान माझी** : सामुदायिक वनजस्ता स्थानीय स्रोत-साधनमा स्थानीय व्यक्तिको पहुँच हुनुपर्‍यो । त्यसको अधिकार पनि स्थानीय तहमै हुनुपर्‍यो । अहिले भएको जस्तो अस्पष्ट नभई त्यसमा राज्यको हुने हो कि जि.वि.स. को हुने हो स्पष्ट हुनुपर्‍यो । गा.वि.स.लाई नै यो अधिकार दिइयो भने राम्रो हुन्थ्यो होला । सम्बन्धित समुदायले हेरविचार गर्नुपर्ने अनि भोगचलनचाहिँ अर्कोले गर्ने भन्ने कुरा भएन । त्यसको अधिकार स्थानीय निकायमा हुनुपर्‍यो । जस्तो, जि.वि.स.ले कति प्रतिशत पाउने, कति स्थानीयले भोगचलन गर्न पाउने भन्ने कुरा स्पष्ट रूपमा आउनुपर्‍यो । विभिन्न कार्यक्रमका लागि दिइएमा राम्रो हुन्थ्यो जस्तो, बाटो बनाउने, बाढीपहिरो आदि संरक्षणमा लगानी होस् । अब भुसुनालाई पनि उपियाँ बनाउने व्यवस्था आउनुपर्‍यो ।

**मीठु माझी** : हामी सधैँ हेपिएर बसेका छौँ । पहिले हामीलाई माछा मार्ने व्यक्तिका



*आफ्नो आवाज राख्दै भलुवाजोरका स्थानीय बासिन्दा*

रूपमा मात्र हेर्दथे । अहिले पनि कतिपयले त्यही रूपमा हेर्ने गर्छन् । त्यसैले अब बन्ने संविधानमा हामी माझी महिला स्वास्थ्य, शिक्षालगायत अन्य कुरामा अगाडि बढ्न, समाजमा रहेका अन्य महिला समान हुनका लागि सरकारले स्पष्ट व्यवस्था गर्नुपर्छ । अशिक्षितलाई व्यवसायमूलक सीप, शिक्षाको उचित व्यवस्था होस् । हामी माझी महिलालाई हरेक अवसरमा वञ्चित नगरियोस् । संविधानमा त्यो व्यवस्था स्पष्ट गर्नुपर्‍यो । आर्थिकस्थिति कमजोर छ । अरूसरह अवसर पाउन आरक्षणको व्यवस्था गरी अगाडि बढ्नका लागि सरकारले अब बन्ने संविधानमा स्पष्ट व्यवस्था गरोस् ।





**फूलमाया माझी** : हामी सधैँ पछाडि परेका छौँ । अलिकति अगाडि बढ्नका लागि केही व्यवस्था होस् । घरमा खाने अन्न छैन, त्यसका छोराछोरीले कसरी पढ्न पाऊन् । बाबु सखारै जाल बोकेर खोलामा लाग्छन्, आमा केही जान्दिनन्, बच्चा स्कुल जाँदैन । के गर्ने, बुझ्ने कोही छैन त्यसैले सरकारले यसका लागि उचित व्यवस्था गरोस् ।

**विश्वमान माझी** : मातृभाषामा पढाउन सरकारले पहल गरेको सुनेका थियौँ तर त्यो त्यसै हरायो । हाम्रो भाषा लोप हुँदैछ । राज्यले त्यसको संरक्षण गर्ने नीति ल्याओस् ।

**बिन्दा श्रेष्ठ** : महिला सधैँ अशिक्षित भएका कारणले पछाडि परेका छन् । महिलालाई शिक्षा निःशुल्क होस् । ज्यालाको सन्दर्भमा पनि विभेद छ । त्यो पनि अन्त्य होस् । महिलालाई अगाडि बढाउन जनचेतनामूलक, साक्षरतामूलक सीप र तालिमको व्यवस्था सरकारले गरोस् ।

**कटक माझी** : हामी माझीमा धेरै जाति छन् । मलाय माझी, थारु माझी, दनुवार माझी आदिको राज्यले राम्ररी पहिचान गरोस् । र, उचित संरक्षणको व्यवस्था गरोस् ।

**माने माझी** : हामीलाई कामकाजका लागि नजिकै अझ गा.वि.स. स्तरमा नभए जि.वि.स. स्तरमै होस् किनकि हामी केही जान्दैनौँ । काठमाडौँ जस्तो ठूला ठाउँमा गएर हामी काम गर्न सक्दैनौँ किनकि हाम्रो त्यहाँ चिनजान छैन, चिनजान नभएको टाढाको ठाउँमा गएर काम गर्न नसकिने हुनाले पायक पर्ने ठाउँमै यसको उचित व्यवस्था हुनुपर्छ ।

**मंगले माझी** : प्रान्तको कुरा हामीले सुनेकै छैनौँ । के-कसरी निर्माण हुन्छ, के-कस्ता किसिमले प्रान्त बनाइन्छ, हामीलाई केही थाहा छैन । आजसम्म कुनै पार्टीले यसका बारेमा कुनै किसिमको जानकारी दिएका छैनन् ।

**बिन्दा माझी** : प्रदेशहरूको विभाजन गर्दा उययुक्त स्थानको छनोट भइदिए राम्रो किनकि हामीलाई समस्या हल गर्न र काम गर्न सजिलो हुन्थ्यो ।

**काले माझी** : ज्यान मारे पनि कुनै कानुन छैन, गरिबी बढेको बढ्यै छ । कानुनको पालना हुने राज्य चाहियो जसले गर्दा हामीजस्ता जनतालाई सजिलो होस् । योग्यताअनुसारको रोजगारी सुनिश्चित गरियोस् , पहिला-पहिला हामी माझी महिलालाई हेपिएको थियो । अब नहेप्ने संविधान बनोस् ।

**विश्वमान माझी** : अब बन्ने संविधानमा अधिकार बाँडफाँड हुँदा विशेष ध्यान दिइयोस् । जि.वि.स., गाउँ विकास समितिजस्ता ठाउँलाई धेरै काम गर्न सक्ने अधिकार दिइयोस् किनकि त्यसले गर्दा हामीजस्ता केही नजानेका जनताले सजिलै काम गर्न सकौँ । नागरिकता बनाउने, जग्गाका काम-कारबाही गर्दा हामीलाई समस्या नपरोस् । यसो भयो भने हामीले राज्यबाट फाइदा लिन सक्छौँ नत्र हामी जनता सधैँ पछाडि नै पर्छौं । त्यसैले अब बन्ने संविधानमा ख्याल गरी यस्ता कुरामा ध्यान जाओस् ।

◆◆◆



# डडुवा

*रामेछापको डडुवा गाविस मजुवाको थामी बस्तीमा पनि २०६६ मंसिर २१ गते* ***स्थानीय स्तरमा संघीय/राज्यपुनर्संरचनासम्बन्धी छलफल*** *भएको थियो । छलफलमा ७३ जनाको सहभागिता रह्यो ।*

*रामेछापकै फुलासी, दोरम्बा, टोकरपुर, गावलभदौरेसँग सीमा जोडिएको यो गाविसको सीमा दोलखाको डाँडाखर्क, सैलुंगसँग पनि जोडिएको छ । मजुवामा चार/पाँच सय घरधुरी थामी बस्छन् । यसबाहेक मगर, तामाङ, नेवार, क्षेत्रीहरूको बसोबास छ । यहाँका अधिकांश मानिस कृषिमा निर्भर छन् । मकै, कोदो, आलु, गहुँ यहाँको मुख्य खाद्यान्न हो ।*

*थामी जाति बुद्ध धर्म मान्छन् । साउनमा पर्ने लोसार उनीहरूको मुख्य चाड हो । योबाहेक भूमि पूजा, दसैं-तिहारजस्ता चाड पनि उनीहरू मनाउँछन् । तामाङ जातिसँग मिल्दोजुल्दो यो जातिको आफ्नै भाषा, भेषभूषा छ । आफ्नो संस्कृति झल्काउन उनीहरू भांग्रा, आरंग्री, सोली लगाउँछन् ।*

*पहिले-पहिले थामी जातिहरू अल्लोको बोक्राबाट धागो निकालेर आफैं लुगा बनाएर लगाउने तथा बेच्ने काम गर्थे । तर, बिस्तारै माग हुन छाडेपछि उनीहरूले त्यो पेसा छाडे । सानो उमेरमा नै अरूको घरमा काम गर्न जानुपर्ने, खेतको काम गर्नुपर्ने भएकाले यहाँका*





*थामी जाति शिक्षा, स्वास्थ्यजस्ता कुराबाट निकै टाढा छन् । थामी बस्तीमा अहिले पनि एसएलसी पास गर्नेको संख्या ६/७ जनाभन्दा बढी छैन ।*

*१३४४.२५ हेक्टर क्षेत्रफल रहेको यो गाविसमा अझै बिजुली पुगेको छैन । ग्राभेल सडक भने छ ।*

**सहजकर्ता शान्ति लामा** : हाम्रो कार्यक्रमको मुख्य उद्देश्य स्थानीयस्तरमा आएर छलफल गरी अब बन्ने संविधानमा उल्लेख गर्नुपर्ने तपाईंहरूका कुराहरू तपाईंहरूले नै भनेअनुसार टिपेर लाने हो । अब बन्ने संविधानमा ती कुरालाई लेखाउने कोसिस गर्दछौं । साथै मन्थलीमा बसेका प्रशासनका मानिस, तपाईंहरूले भोट दिएर जिताउनुभएका सभासद्हरूसमक्ष पनि हामी यी कुरा पुऱ्याउनेछौं । यो डडुवा गाविसको थामी बस्तीका समस्याका साथै अब बन्ने संविधानमा तपाईंहरू कस्तो शासन चाहनुहुन्छ भन्नेबारे हामी आज छलफल गर्दछौं । यहाँ तपाईंहरूले बोल्नुभएका कुराहरू हामी सुन्छौं, टिपोट गर्छौं, रेकर्ड गर्छौं र क्यामेराले खिचेर लैजान्छौं । त्यसैले यो थामी बस्तीका थामी जातिका लागि अबको राज्य पुनर्संरचना हुँदा के कस्तो होस्, के-कस्तो कुरा अब बन्ने संविधानमा लेखिनुपर्छजस्ता कुरामा छलफल गर्छौं । प्रत्येकले आफ्नो कुरा राख्दा नामसहित बोल्नुहोला । संविधानसभाको निर्वाचनमा यहाँहरूले भोट हालेर आफ्ना सभासद्लाई जिताएर पठाइसक्नुभएको छ । *यहाँ उपस्थित तपाईंहरू कतिलाई थाहा छ संविधान भनेको ?*

**नयनबहादुर वैद्य** : संविधान भनेको देशको मूल कानुन हो, राज्यको प्राण हो । यसले राज्यलाई अग्रगमनतिर लैजान्छ । संविधान नहुने हो भने देश चल्दैन, कानुनी समस्या आउँछ त्यसैले त्यस्ता समस्या सुल्झाउने चिज नै संविधान हो ।

**रवीन्द्र राना** : संविधान भनेको के हो, केही थाहा छैन । अब गाँस, बास र कपासका कुरालाई समेटने खालको संविधान बन्नुपर्छ । संविधान भनेको मेरो विचारमा सायद कानुन होला । अहिले भइरहेको कानुन जनतालाई मात्र भएको छ, अब त्यस्तो नहोस् ।

**चन्द्रज्योति श्रेष्ठ** : संविधान भनेको देशको मूल कानुन हो भन्ने बुझेको छु ।। संविधानका आधारमा नै न्यायपालिका, कार्यपालिक, व्यवस्थापिका चलेको हुन्छ ।

**सिंहकुमार श्रेष्ठ** : मलाई लाग्छ, संविधान हामी सम्पूर्ण नागरिकको मूल कानुन हो । यसविना हामी रहन सक्दैनौं । यो संविधानभित्र मौलिक अधिकारजस्ता कुरा उल्लेख भएको हुनुपर्छ, यो कुण्ठित हुनुहुँदैन, यी सबै चिज समेटिएको हुन्छ । संविधानलाई देशको मूल कानुन पनि भनिन्छ ।

**कालुमान थामी** : संविधान भनेको ठूलो नियम-कानुन हो । यसले हामी थामी, राईलगायतका अन्य सबैलाई समेट्नुपर्छ । संविधान सबैलाई समान हुने खालको बन्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : संविधानसभाको निर्वाचन भइसकेको छ । संविधान निर्माणको चरणमा हामी छौं । कहिलेसम्म संविधान जारी भइसक्नुपर्ने हो, यसका बारेमा तपाईंहरूले

के सुन्नुभएको छ ?

**नयनबहादुर वैद्य** : संविधान ०६७ साल जेठ १४ गतेसम्म जारी हुनुपर्ने हो । हामीले ०६४ सालमा मतदानमा सहभागी भएर सभासद्हरूलाई जिताएर पठाइसकेका छौँ । अहिले ती सभासद्बीच कुर्सीका लागि मात्र लडाइँ भइरहेको छ । कतिखेर म सत्तामा पुग्छु भनेर लागिरहेका छन् । ठाउँठाउँमा बैठक बसिरहेका छन् तर केही निष्कर्ष निकाल्न सकेका छैनन् । यसले गर्दा समयमै संविधान जारी हुन्छ भन्नेमा आशंका उत्पन्न भइरहेको छ । उहाँहरूको आचरणमाथि शंका गर्नुपर्ने अवस्था आएको छ । यसरी जाने हो भने संविधान जारी हुँदैन ।

**सहजीकरण गर्दै** : विगतमा पनि हाम्रो देशमा पटकपटक संविधान बने । विगतका संविधान र अब बन्ने संविधानमा के फरक छ जस्तो लाग्छ ?

**सिंहकुमार श्रेष्ठ** : विगतको संविधान दरबारिया र पदमा बसेका सीमित व्यक्तिले बनाएका थिए तर अहिले जनताको मत लिएर जनताको प्रत्यक्ष संलग्नतामा बन्ने संविधान हो जस्तो लाग्छ । विगतमा हाम्रा आवाज लिन सभासद् आएका बेलामा त्यत्तिकै पर्चा छाडेर गए, त्यसले कसरी हाम्रो आवाज त्यहाँसम्म पुग्ला ? कोही अविकसित छन्, कोही लोपोन्मुख जाति छन्, कोही गरिब पनि छन्, तिनीहरूका आवाज त्यहाँ अट्नुपर्‍यो ।

**रवीन्द्र रानामगर** : विगतमा शासन गर्ने उद्देश्यले बनाइएको थियो । त्यहीअनुसार शासन भयो । अहिलेको संविधान जनताको मत लिएर बनाइने हो, पहिलेपहिले त्यस्तो थिएन । तर, खोइ जनताका पक्षमा अहिले पनि बन्छ जस्तो लाग्दैन ।

**नयनबहादुर वैद्य** : पहिलेको संविधान संसद्बाट छलफल गरी कमिटी बनाएर बनाइएको थियो । तर, अहिलेको संविधान गाउँगाउँमा पुगी जनताको मत लिएर बनाइँदैछ । त्यसैले बनाइए राम्रै बन्छ भन्ने मलाई लागेको छ ।

**सहजीकरण गर्दै** : हाम्रा राजनीतिक दलहरूले औपचारिक रूपमै देश अब संघीय गणतन्त्रात्मक हुने निर्णय गरिसकेका छन् । त्यही सवालमा हामी आज यस बस्तीमा संघीय स्वरूपका बारेमा कुरा गर्दछौँ । तपाईंहरूको विचारमा संघीयता भनेको के हो ?

**रवीन्द्र राना** : पहिला पनि क्षेत्रीय प्रशासक भएर चलाएका थिए । हामी जुनसुकै पार्टीका समर्थक हौँ । मंगोलियनलाई लडाएर, जुधाएर राज्य गर्ने त होइन भन्ने जस्तो लाग्न थालेको छ । जातीय राज्यहरू बनाइँदै र त्यसका राज्य गर्ने मानिस देखापर्दै गएका छन् । नेपालमा अझै पनि बाहुनवादले राज गर्ने चाल त होइन भन्ने लागेको छ । यसरी जातीय आधारमा राज्य विभाजन गर्नुहुँदैन । राज्य विभाजन गर्दा भौगोलिक आधारमा गरिनुपर्छ ।

**अरुण कार्की** : संघीयता भनेको केन्द्रीकृत राज्य विकेन्द्रीकृत हुने प्रक्रिया हो । यसलाई अंग्रेजीमा फेडरल सिस्टम अफ गभरमेन्टस् भन्छन् । यसका फाइदाचाहिँ केन्द्रमा भएका स्रोत विकेन्द्रीकरण हुन्छ । स्थानीय निकायमा पनि जनताको काम हुन्छन् यसले गर्दा सानोसानो कामका लागि हामी सदरमुकाम पुग्नुपर्दैन । यदि संघीयतामा गएमा टाढा





धाउनुपर्ने दुःख अन्त्य हुन्छ । संघीयताका पनि दुई धार हुन्छन् । यसका बेफाइदा छन् । कति देश संघीयतामा गएर राम्रो पनि भएको छ र, कति देशहरू टुक्रिएका पनि छन् । जस्तो, युगोस्लाभाकिया, चेकोस्लोभाकियाजस्ता उदाहरण भए । त्यसैले यसको निर्माण गर्दा हरेक पक्ष समेटिनुपर्दछ । अतः नेपालजस्तो सानो देशमा संघीयता चाहिएको पो थिएन कि ? पहिला जुन-जुन देशमा संघीयता निर्माण भएको थियो त्यहाँ विभिन्न जातजाति एकै ठाउँमा बसोबास गरेकाले सजिलो भएको थियो तर हाम्रो देशमा त्यो अवस्था छैन । नेपाल विभिन्न जातजाति, भाषा, धर्म मान्ने मानिसको बसोबास भएको देश हो । तराईमा मधेसको, लिम्बुवानमा लिम्बूको, किराँतमा किराँतीको जुन खालको लडाइँ भइरहेको छ, यसले गर्दा मुलुक विखण्डन हुने त होइन ? त्यसैले हिजो निर्णय गर्दा मजस्ता जनताको प्रतिनिधित्वका लागि जनमतसंग्रह गरिनुपर्दथ्यो, त्यसो गरिएन । हिजो यस मानेमा हामीलाई नेताहरूले धोका दिएका छन् ।

**सिंहबहादुर श्रेष्ठ** : केन्द्रीय सरकारको अन्त्य र भौगोलिक र प्रशासनिक हिसाबले देशको पुनर्संरचना गरी क्षेत्रीय अथवा प्रान्तीय स्थानीय स्तरमा शासन चलाउने पद्धति नै



*छलफलमा आफ्नो आवाज राख्दै डडुवाका स्थानीय बासिन्दा*


संघीय हो जस्तो लाग्छ । यसरी जाने हो भने मुलुक केही अगाडि बढ्थ्यो होला । विकासको क्रम अगाडि बढ्थ्यो होला । तर, जातीय आधारमा प्रान्त-प्रान्त छुट्टाउने हो भने एकआपसमा मारामार भएर अशान्ति आउँछ जस्तो लाग्छ । माथि केन्द्रीय तहमा मात्र नभएर स्थानीय स्तरमा वा प्रान्तमा शासन चलाउन मिल्ने तर हस्तक्षेप नगर्ने र स्थानीय स्रोत-साधन उपयोग गरेर विकास क्रममा जाने प्रक्रिया हो जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : विभिन्न पार्टीहरूले विभिन्न आधारमा संघीयतामा जानुपर्छ भनिरहेको

अवस्थामा यहाँका थामी जातिको विचारमा कुन आधारमा जाँदा राम्रो हुन्छ होला ? कसैले जातीय, भाषिक, धार्मिक आदिबाट जानुपर्दछ भनेर आ-आफ्ना मोडेल दिइरहेको अवस्थामा तपाईंहरूको विचार के छ ?

**नयनबहादुर श्रेष्ठ** : साँस्कृतिक आधारमा जाँदा साँस्कृतिक युद्ध, धार्मिक आधारमा जाँदा धार्मिक युद्ध, भाषाका आधारमा जाँदा भाषिक युद्ध आउन सक्छन् । त्यसैले भौगोलिक आधारमा संघीयतामा जाँदा मुलुकलाई राम्रो हुन्छ । यी सबैले गर्दा भोलि अरू समस्या आउन सक्छ, त्यसैले भौगोलिक आधारमा जानुपर्छ । भोलि जातीयमा जाँदा तँ नेवार म बाहुन, तँ थामी आदि कुराले युद्ध हुनसक्छ । भाषिक आधारमा जाँदा पनि तँ नेपाली भाषा बोल्ने, म नेवारी बोल्ने, म मगर भाषा बोल्ने भनेर भाषिक युद्ध हुन पनि सक्छ ।

**ओम कार्की** : भौगोलिक आधारमा संघीयतामा जाँदा पनि सबै समस्या समाधान हुँदैनन् । स्रोत-साधनको आधारमा राज्य विभाजन हुनुपर्दछ । यस्तो तरिकाले क्षेत्र विभाजन हुनुपर्‍यो । नदीनाला, खानी, वनजङ्गल आदिको समानुपातिक रूपमा विभाजन हुनुपर्दछ । सबै चिज एकै ठाउँमा हुन्छ भन्ने छैन तर कुनै पनि क्षेत्र नठगिऊन् । नेपाल विश्वकै स्रोत-साधनमा धनी देश हो । त्यसकारण स्रोत-साधनको आधारमा जानुपर्दछ । भोलि जातीय र भौगोलिक आधारमा जाँदा स्रोत भएन भने त्यो चल्न मुस्किल पर्दछ ।



*छलफलमा सुन्दै डडुवाका स्थानीय बासिन्दा*

**लालबहादुर थामी** : राज्य नै खोज्न हामीलाई गाह्रो जस्तो लाग्छ किनकि हाम्रा बालबच्चाले पढेका, जानेका छैनन्, कसरी राज्य गर्लान् र ? सबै जातजाति मिलेर बसेको यो ठाउँमा भोलिका दिनमा पनि मिलेर बस्न पाइयोस् । सबै जातिले आ-आफ्नै प्रदेश मागिरहेको वर्तमान सन्दर्भमा सबैलाई छुट्टाछुट्टै राज्य दिइने सम्भावना छैन त्यसैले सबै जातजाति अटाउने खालको संघीयतामा जाँदा राम्रो हुन्छ । हामी थामी जाति शिक्षामा पछाडि छौं । हाम्रो आर्थिक अवस्था कमजोर छ त्यसैले हाम्रा बालबच्चाका लागि निःशुल्क उच्चशिक्षा र स्वास्थ्य सेवाको उचित व्यवस्था गर्नुपर्‍यो । थामी जातिलाई पनि माथि उठाउनेखाले कार्यक्रम ल्याउनुपर्‍यो ।





**चिनीमाया थामी** : हामी थामी एकदम पिछडिएका जाति हौँ । सुरुमा आर्थिक अवस्था कमजोर हुनाले शिक्षामा पछाडि परेका हामी थामी बल्लबल्ल अध्ययन गर्ने कुरामा अगाडि बढ्न लागेका छौँ । बल्लबल्ल ३/४ जनाले एस.एल.सी.सम्म गरेका छौँ । हामी थामी जाति आफ्नै कारणले पछाडि परेका हौं । यस गाउँमा अरू मगर, तामाङ, क्षेत्रीलगायतका अन्य थुप्रै जातिको बसोबास छ । हामी थामी जातिलाई छुट्टै राज्य दिएर पनि राज्य चलाउन सक्दैनौं । थामी धेरै कुरामा पछाडि छन् । थामी महिला धेरै पछाडि छौं । स्वास्थ्य, सरसफाइलगायतका कुरामा केही जानकारी छैन, त्यसैले अब बन्ने संविधानमा हामीजस्तालाई केही सीपमूलक, चेतनामूलक जस्तै, प्रौढशिक्षाजस्ता कुराको व्यवस्था होस् । हामी थामी जाति लोपोन्मुख अवस्थामा पुगेका छौं, त्यसैले आरक्षणको व्यवस्था होस् ।

**सिंहबहादुर श्रेष्ठ** : यहाँका थामी जातिलाई सीपमूलक कार्यक्रममा अग्रसर गराइदिने र केही उच्चशिक्षा अध्ययनका लागि पाठ्यपुस्तकलगायतका अन्य कुराको व्यवस्था भएमा पढ्ने वातावरण बन्थ्यो होला । पढिसकेपछि रोजगारीको व्यवस्था गरिदिनुपर्दछ । यहाँका लोपोन्मुख थामी जातिलाई रोजगारीमा आरक्षण व्यवस्था गरिदिए अब बन्ने संविधानमा थामीजस्ता अल्पविकसित जाति अगाडि बढ्थे होला । कुनै सरकारी रोजगारीमा विज्ञापन खुल्छ तर टाठाबाठाले खान्छन् । पछाडि परेका पछाडि नै छन्, उनीहरूको पहुँच त्यहाँसम्म छैन । त्यसैले जनचेतना जगाउने खालको कार्यक्रम ल्याए राम्रो हुन्थ्यो ।

**सचेत घिसिङ** : यहाँ बिहान-बेलुका छाक टार्न मुस्किल छ । विद्यालय जाने कि मेलामा जाने भन्ने समस्या छ, त्यसैले अब बन्ने संविधानमा त्यस्ता वर्गका लागि विशेष व्यवस्था हुनुपर्‍यो । रोजगारमूलक कार्यक्रम ल्याएर अगाडि बढाउनुपर्‍यो ।

**अरुण कार्की** : यहाँ थामी जाति मात्र नभएर अरू जाति पनि पिछडिएका छन् । थामी हुन् वा कामी सबै पछाडि परेका वर्गलाई अगाडि बढाउन सशक्तीकरणका कार्यक्रमको अब बन्ने संविधानमा स्पष्ट व्यवस्था हुनुपर्‍यो ।

**सन्ते थामी** : हामी थामी धेरै पिछडिएका छौं । स्वास्थ्य, शिक्षा, जनचेतनाका कुरामा पछाडि छौं । हामी थामी जनतालाई चुनावमा यो दिन्छु भनेर फकाए, हामीलाई किनेर चुनाव जित्छन् तर पछि उस्तै । त्यसैले हामी जस्तालाई केही विशेष व्यवस्था हुनुपर्‍यो ।

**सहजीकरण गर्दै** : यहाँको बस्तीको वा गा.वि.स.को जनसंख्या कति छ ? यहाँको विकास निर्माणको अवस्था कस्तो छ ?

**रवीन्द्र राना** : ५/७ वर्ष अगाडि त केही थिएन तर अहिले विद्यालय छ, सडक विकास हुँदै आएको छ । मन्थलीजस्ता ठाउँलाई भन्दा यस्ता ठाउँलाई प्राथमिकता दिनुपर्दछ । पछाडि परेका जनजातिलाई अगाडि बढाउनेखाले कार्यक्रम आउनुपर्छ ।

**सिंहकुमार श्रेष्ठ** : विद्यालय छ । भौगोलिक हिसाबले बीच केन्द्र नपर्ने एउटा स्वास्थ्यचौकी छ । यातायातको विकास भर्खरै सुरु भएको छ । विभिन्न सीपमूलक कार्यक्रम सुरु भएको

छ जस्तो, सिलाइ-बुनाइ आदि । विकट भएकाले विद्युत्, स्वास्थ्य, सञ्चार, सडकलगायतका कुरामा हामी पछाडि छौं । यस गा.वि.स.को शैलुङ्गमा जडीबुटी संकलन केन्द्र बनेको थियो तर के भएको छ अहिले थाहा छैन । यसलाई माथि उठाउन केही व्यवस्था हुनुपर्छ ।

**सहजीकरण गर्दै** : विकास निर्माणलगायतका अन्य कार्य, सरकारी कामकाजका लागि हामीलाई कुन ठाउँमा जान सजिलो होला- स्थानीय स्तरमा वा केन्द्रीय तहमा वा क्षेत्रीय तहमा ? अब बन्ने राज्य पुनर्संरचनामा त्यस्ता अधिकार कहाँ भइदिए राम्रो हुन्थ्यो होला ?

**नयनबहादुर वैद्य** : विकास निर्माणलगायत अन्य कार्य गर्न केन्द्रीय तहमा जाँदा हाम्रो पहुँच नहुन सक्छ, त्यहाँ सुनुवाइ नहुन सक्छ । क्षेत्रीयमा पनि त्यस्तै समस्या हुनसक्छ । आर्थिक हिसाबले पनि स्थानीय स्तरमा गर्न सजिलो हुन्छ र चिनजान, पहुँचलगायतका कुरा र समयको बचत पनि हुने हुँदा यस्ता काय गर्न सजिलो हुन्छ । त्यसैले अब बन्ने संघीय राज्यमा स्थानीय स्तरमै सबै अधिकार दिइनुपर्दछ ।

नजिकमै सुविधा भए राम्रो हुन्थ्यो । अहिले हरेक सरकारी कार्यका लागि मन्थली जानुपर्छ । सबै कुरा स्थानीय स्तरमा भइदिए हामी जनतालाई सजिलो हुन्थ्यो ।

**सहजीकरण गर्दै** : यहाँका स्रोत-साधनको अवस्था कस्तो छ ? के-के स्रोत-साधन छन् ? भोलि राज्य विभाजन हुँदा ती स्रोत-साधनको प्रयोगमा कसले प्राथमिकता पाओस् भन्ने तपाईंहरूको विचार छ ?

**डम्बरसिंह श्रेष्ठ** : यहाँको प्रमुख स्रोत-साधन पानी हो । यहाँ जडीबुटी धेरै छन्, वनजङ्गललगायतका कुरा छन् । राज्यको पुनर्संरचना हुँदा वा संघीय राज्यको विभाजनमा यस्ता स्थानीय स्रोत-साधनको उपयोगमा पहिलो प्राथमिकता स्थानीय सरकारलाई दिइनुपर्दछ । उठेको करले यहाँको विकास गरिनुपर्दछ । यदि त्यस्ता कुरा परिचालनमा स्थानीय निकायलाई अधिकार दिइयो भने स्थानीय स्तरको विकासमा उपयोगी हुन्छ ।

**वाला थामी** : हामी जस्ता पछाडि परेकालाई उत्थान हुने खालको संविधान बन्नुपर्‍यो ।

**लालबहादुर थामी** : अरू सबै कुरामा हामी पछाडि छौं, असुविधा छ तर पानीलगायतका स्रोत-साधनमा हामीलाई राम्रै छ ।

**सन्ते थामी** : यहाँ हामी थामी मात्र नभएर अरू जाति मगर, तामाङ, क्षेत्री बाहुन, नेवार आदि बसोबास गरेका छन् । हामी सबै मिलेर सबैलाई जातीय हिसाबले समानुपातिक रूपमा विकासका कार्यमा सहभागिता गराउनुपर्‍यो भन्ने मेरो धारणा छ ।

◆◆◆







# फुलासी

*दोलखाको फुलासी गा.वि.स.मा पनि २०६६ मंसिर १६ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरिएको थियो । छलफलमा ९१ जनाको सहभागिता रह्यो । मेलुङसँग सीमा जोडिएको यो गाविस रामेछापकै खिम्ती, गेलु, डडुवा गाविससँग जोडिएको छ । खिम्ती खोलाको किनारमा रहेको यो गाविस गौरीशंकर हिमालको आमनेसामने पर्छ । त्यही भएर नै यहाँ गर्मी महिनामा पनि खासै गर्मी हुँदैन, जाडोमा निकै जाडो हुन्छ ।*

*मगर, क्षेत्री, तामाङ, कामी, नेवार, बाहुनको मिश्रित बसोबास भएको यो गाविसमा कहीँ झुरुप्प परेको बस्ती छ भने कहीँ छरिएको बस्ती ।*

*२०५१ सालमा खिम्ती जलविद्युत् परियोजना आएपछि यहाँ विकास निमार्णका काम सुरु हुन थाले । परियोजनाकै कारण यो गाविसमा पहिलोपटक सडक बन्यो । सबैले बिजुली बत्ती बाल्न पाए । बाटोले गर्दा यहाँका खाद्यान्न बजारसम्म पुग्न थाले र, फुलासीका जनता बिस्तारै आर्थिक रूपले पनि सबल हुँदै जान थाले ।*

*यहाँका मानिसको मुख्य पेसा खेती किसानी नै हो । धान, गहुँ, मकै यहाँको मुख्य बाली हो । यो ठाउँ बेंसीमा पर्ने भएकाले तराईमा पाइने सबै खालका बाली यहाँ लगाइन्छ । २७०३.४८ हेक्टर क्षेत्रफल रहेको यो गाविसमा खोकरखोला, लप्सेखोलो, घाँडेखोला र मिल्तीखोला गरी ४ वटा खोला छन् ।*

**कार्यक्रम सुरु गर्दै टीका भट्ट** : हामी आज स्थानीय स्तरमा संघीयताका बारेमा छलफल

गर्दैछौँ । नेपाली जनताले कस्तो खालको संविधान, संघीय राज्य चाहन्छन् भन्ने कुरा बुझ्न आएका छौँ ।

संविधानसभासम्म तपाईंहरूका आवाज पुऱ्याउनु नै हाम्रो मुख्य उद्देश्य हो । तपाईंहरूका धारणा संकलन गर्ने हाम्रो मुख्य उद्देश्य हो । तपाईंहरूको दृष्टिकोण महत्वपूर्ण छ । तपाईंहरूका आवाज भिजुअलसहित जनता यस्तो संविधान चाहन्छन्, संघीयता चाहन्छन् भनेर संविधानसभामा पुऱ्याउँछौँ । संघीयताको विभाजन के-कस्ता आधारमा हुनसक्छ ? कसरी संघको विभाजन हुनुपर्ला ? अब बन्ने संविधानमा के-कस्ता कुरा यस ठाउँका लागि आवश्यक पर्ला ? संघीयताको कुरा तपाईंहरूले सुनिरहनुभएको छ ? तपाईंहरूको अधिकार रक्षाका लागि कस्तो खालको बनाउनुपर्ला जस्ता विषयमा आ-आफ्ना विचार राख्न म अनुरोध गर्दछु । यसमा धेरै कुरा हुन सक्छन् । जातीय, भौगोलिक, भाषिक, धार्मिकलगायतका अन्य धेरै हुन सक्छन् । त्यस्ता कुरामा तपाईंहरूका विचार आऊन् भन्ने अपेक्षा गर्दछु ।

**सहजकर्ता शान्ति लामा** : यहाँ हामी हाम्रा धारणाभन्दा पनि तपाईंहरूका विचार लिन आएका हौँ । यहाँ प्रश्न-उत्तरको शृंखला हुने छैन । तपाईंहरूका बुझाइ सुनेर रेकर्ड गर्नेछौँ । यहाँका स्थानीय जनतालाई कस्तो संविधान चाहिएको छ, कस्तो संघीय राज्य बनाउनुपर्ला भन्ने कुरा यहाँहरूले के भन्नुहुन्छ, त्यो लाने हो ? संविधानसभाको चुनाव भइसकेको सन्दर्भमा यहाँहरूको विचारमा संविधान भनेको के होला ?

**शिवहरि भण्डारी** : मुलुक चलाउनका लागि विधिविधान चाहिन्छ त्यही नै संविधान हो । अझ स्पष्ट भन्नुपर्दा कानुनी राज्य हुने चिज वा सबैलाई कानुन शिरोधार्य हुनुपर्छ र, सबैलाई कानुनले बाँध्ने काम नै संविधान हो जस्तो लाग्छ ।

**केशवराज उपाध्याय** : संविधान भनेको देशको मूल कानुन हो । संविधानले कानुनको रूपमा कार्य गर्ने हो ।

**इन्दु कार्की** : संविधान भनेको मूल कानुन हो । संविधान विभिन्न जनजाति, दलितलगायतका विभिन्न क्षेत्रलाई समेटेर बनाइएको नियम हो ।

**मनमाया खड्का** : महिलाले के जानेका हुन्छन् र ? बुझेअनुसार एउटा नियम-कानुन नभई केही गर्न सकिँदैन जस्तो लाग्छ । अहिले नयाँ नेपाल भनेका छन्, कुनै काम गर्न कानुन नभइहुँदैन । यसैले यो मूल कानुनलाई कडाभन्दा कडा बनाउनुपर्छ । सबैको हकअधिकार जोडिएको चिज नै संविधान हो । बहुविवाहमा कडा सजायको व्यवस्था हुनुपऱ्यो ।

**मोतीलाल तामाङ** : संविधान भनेको नेपालको मात्र नभएर विश्वकै मूल कानुन हो, मूल विधि हो त्यसैले अहिले विधि नभएको सन्दर्भमा यो चाँडो बनोस् र यसले हरेक जातजाति, भाषाभाषी, वर्गलगायतलाई समेटोस् ।

**बलबहादुर थापामगर** : संविधान भनेको राष्ट्रका सम्पूर्ण जनतालाई दायरामा राख्ने चिज हो ।





**रामकृष्ण गिरी** : देशको मूल कानुन भनेर संविधानलाई चिनिन्छ ।

**सुशीला थापामगर** : हामीलाई छुवाछूत गर्ने गर्छन् । अब बन्ने संविधानमा त्यस्तो नहोस्, तँ मगर, तँ तल्लो जात, म माथिल्लो जात भनेर भेदभाव अन्त्य गर्ने खालको संविधान बनोस् ।

**रत्नराज गिरी** : संविधान भनेको देश सञ्चालन गर्न बनाइएको कानुन हो । यो सबैलाई समान हुने किसिमले लागू होओस् ।

**सहजीकरण गर्दै** : संविधान निर्माणको क्रममा छ । त्यसैले तपाईंहरूले संविधान निर्माणबारे के कुरा सुन्नुभएको छ ? संविधानको मस्यौदा कहिलेसम्म जारी हुने सुन्नुभएको छ ?

**मनमाया खड्का** : सबैजनाको सहमति नभएरै ढिलो होला कि जस्तो लाग्छ । सबै आ-आफ्नै कुरामा मात्र छन् । सबै मिले भने संविधान समयमै बन्ला ।

**कल्पना गिरी** : संविधान बन्छ भनेको धेरै भइसक्यो । सबै राजनीतिक दलहरूको कुरा नमिलेर पनि ढिलो भएको होला ।

**दीपेन्द्र गिरी** : अहिले कानुन नभएकाले पैसा तिरेर अपराधी उम्कने गरेका छन् । पैसा मात्र सबैथोक भएको छ । कानुन किनबेच भएको जस्तो भइरहेको छ, अब त्यस्तो कानुन नबनोस् । अब कानुनको पालना हुने खालको राज्य व्यवस्था हुनुपऱ्यो, जसले सबैलाई समान न्याय दिओस् ।

**सावित्रा कार्की** : अब बन्ने संविधान पहिलेको भन्दा छुट्टै हुन्छ भनिन्छ । तर, खोइ कहिले हो ? हामी जनताले भोट दिएर पठाएका छौँ । संविधान सबै जातजातिलाई समेट्ने खालको हुनुपऱ्यो ।

**शान्तिदेवी थापामगर** : संविधानमा महिला र पुरुष बराबर हुने व्यवस्था हुनुपऱ्यो । महिला हिंसा अन्त्य गर्न कडा कानुनको व्यवस्था गर्नुपऱ्यो ।

**केशवराज उपाध्याय** : संविधान बन्ने भो भनेर ठूलो आश लाग्छ, तर सबै राजनीतिक दलका नेताहरू आ-आफ्नै मागमा मात्र अल्झिरहेका छन् । भोलि नागरिक समाजले हस्तक्षेप गरेर संविधान बनाउनुपर्ने त होइन ? भन्ने आशंका छ । संविधान नलेखिने अवस्था आएमा नागरिक समाजले हस्तक्षेप गरेर पनि संविधान बनाउनुपर्छ ।

**सहजीकरण गर्दै** : पहिलाको र अहिलेको संविधानबीच के फरक होला ?

**केशवराज उपाध्यय** : पहिलाको संविधान र अहिलेको संविधानमा धेरै फरक छ । अब बन्दा सबै जातजातिलाई समेटेर कुनै भेदभाव नराखी बनाउनुपर्दछ जस्तो लाग्छ ।

**सावित्रा कार्की** : पहिलाको भन्दा छुट्टै संविधान बनाउने भरेर सधैँ टिभीले भनिनै रहेको छ, हामी सर्वसाधारणलाई सधैँ आशमात्र छ । संविधान बनाउनेहरू सधैँ भत्ता खाएर बसेका

छन् । अहिले जातजाति, भाषाभाषी सबैलाई समेटेर लैजानुपर्दछ ।

**बलबहादुर थापामगर** : पहिलाको संविधानमा हिन्दु राज्यको कुरा थियो त्यो अब क्रमशः हराउँदै गइरहेको छ । अब सबै जातजातिलाई समान हुने खालको संविधान बन्नुपर्‍यो । अब सबै जातजाति, भाषाभाषी, समुदायलाई समान हुने खालको राज्य निर्माण हुनुपर्‍यो । अहिले जातीय आरक्षणको कुरा आएको छ, जातीय आरक्षण नभएर अवसर र अधिकार दिनुपर्दछ अनि मात्र देशको विकास हुन्छ ।

**केशवराज उपाध्याय** : राजनीतिक दलको खिचातानीले गर्दा संविधान बन्लाजस्तो लाग्न छाडिसक्यो । संविधान जनतालाई ढाँट्ने कुरा मात्र हो कि जस्तो लाग्न थालेको छ । यो नारा मात्रै हुने हो कि ?

**मनमाया खड्का** : संविधान बनाउने उखानजस्तो भएको छ । हामीलाई भोक लागेको छ, खान पाउँदैनौँ, संविधान बनाउनेहरू अघाएका छन्, उनीहरू खाँदैनन् भन्ने जस्तो भएको छ । नेताहरूलाई सुधार्न कडाभन्दा कडा कानुन बनाउनुपर्दछ ।

**रत्नराज गिरी** : समयमै संविधान बन्लाजस्तो छैन । देशको भलो गर्ने भनेर कुर्सीमा पुग्छन् र कुर्सीकै लागि लागिपरेका कारण संविधान बन्लाजस्तो छैन । खाली नातागोता मात्रै भन्छन्, यदि बेलैमा संविधान बन्दैन भने सभासद्ले खाएको भत्ता फिर्ता गर्नुपर्छ । सर्वसाधारणलाई मात्र होइन कि मन्त्री, नेताहरूलाई पनि बाँध्ने कानुन बन्नुपर्दछ । मन्त्री पद सधैँ कमाउने ठाउँ भएको छ, त्यसैले त्यस्ता पदमा हुनेलाई सबभन्दा कम पारिश्रमिक दिइनुपर्दछ । यसले गर्दा कुर्सीमा गएर कमाउने प्रथा अन्त्य हुन्छ कि ?

**सहजीकरण गर्दै** : संघीय राज्य भनेको के हो जस्तो लाग्छ यहाँहरूलाई ?

**रामबहादुर मगर** : मन्त्रीले कानुन पालना नगर्ने प्रथा अन्त्य हुनुपर्दछ । मन्त्री पदका लागि सबैभन्दा थोरै भत्ता राख्ने व्यवस्था गर्नुपर्‍यो किनकि त्यो पद त राष्ट्रको सेवा गर्नका लागि हो । जसले गर्दा मन्त्रीका लागि लुछाचुँडी गर्ने अवस्था नआओस् ।

**केशवराज उपाध्याय** : संघीयता भनेको सबैको आ-आफ्नै टुक्रा-टुक्रा राज्य विभाजन हो । केन्द्रीय सरकारले चलाउने खालको हो जस्तो लाग्छ । यसमा विभिन्न संघ र एउटा मात्र केन्द्र हुन्छ । संघीय भए पनि देश विभाजन नहोस् । सबै जातजातिको प्रतिनिधित्व होस् ।

**मोतीलाल तामाङ** : जातीय र भौगोलिक आधारमा संघीयता हुनुपर्दछ । यदि यसो नभएमा भोलि देश टुक्रिन सक्छ । भोलि मधेसलाई एक मधेसको अधिकार दिइयो भने आत्मनिर्णयको अधिकारसहितको माग्नुभएको छ, त्यसरी दिएमा भोलि हिमालसम्म पुग्ने सामानको मूल्य किन्न नसकिने अवस्था आउला । जातीय आधारमा पनि संघीयता हुनुपर्दछ र भूगोललाई पनि आधार बनाउनुपर्दछ ।

**बलबहादुर थापामगर** : संघीय राज्य विभाजन गर्दा उत्तर दक्षिण गरेर भौगोलिक हिसाबले तराई, पहाड, हिमाल सबैलाई समेट्ने खालको होस् । एउटै राज्यमा हिमाल, पहाड,





तराई तीनै क्षेत्र पर्छ । यसो गर्दा राम्रो हुन्छ ।

**रामकृष्ण गिरी** : संघको विभाजन गर्दा सबै जातजाति, भाषाभाषीलाई समेट्ने भन्ने कुरा बुझियो तर दलहरूबीचमै एकरूपता छैन भने कसरी सबैलाई समेटिन्छ ? यसले जातीय विखण्डन ल्याउँदैन ? हिमाली भन्नाले हिमाल मात्रै पहाडी भन्नाले पहाडी मात्रै र तराईमा भन्दा तराईलाई मात्र बुझियो । जातीय, धार्मिक, भाषिक भनियो तर सबै एकै धर्म मान्ने, एकै जाति, एकै भाषाका मानिसको बसोबास छैन । त्यसैले संघ विभाजन गर्दा सबैलाई मिलाएर बनाउनुपर्दछ ।

**इन्दु कार्की** : संघीय प्रणाली भन्नाले सबै धर्म, जाति, जनजाति, वर्ग मिलेर बनेको देश हो । सबैलाई मिलाएर बनाए राम्रो हुन्थ्यो ।

**केशवराज उपाध्याय** : जसरी विभाजन भए पनि देश विखण्डन नभइदिए राम्रो हुन्थ्यो ।

**दिलमाया मगर** : सदरमुकाम टाढा छ । मन्थलीसम्म हिँडेर जान गाह्रो छ । त्यसैले नजिकै सरकारीलगायतका कामकाज गर्न पाए राम्रो हुन्थ्यो कि ?

**सहजीकरण गर्दै** : विकास कार्यहरू, नागरिकता बनाउने, जग्गा पास गर्ने आदि जनतासँग प्रत्यक्ष सम्बन्ध हुने काम अब बन्ने राज्य पुनर्संरचनामा केन्द्रीय, स्थानीय वा



*छलफलमा आफ्नो आवाज राख्दै फुलासीका स्थानीय बासिन्दा*

क्षेत्रीय तहमा- अधिकार दिए सजिलो हुन्थ्यो जस्तो लाग्छ ? अनि यहाँका स्रोत-साधन के-के छन् ? त्यसको प्रयोगको अधिकार कुन निकायलाई दिइनुपर्दछ जस्तो लाग्छ ?

**केशवराज उपाध्याय** : हामी विकासका कार्यलगायतका काम र योजना माग गर्न सदरमुकाम जाने गरेका छौँ । अब राज्य पुनर्संरचना हुँदा स्थानीय स्तरमा कार्य गर्न पाइए राम्रो हुन्थ्यो । नजिकै भइदिए राम्रो हुन्थ्यो ।

**दिलमाया जर्घामगर** : सरकारी कामकाजलगायत कार्य गर्न मन्थलीसम्म पुग्न गाह्रो भइरहेको छ। आर्थिक हिसाबले मुस्किल भइरहेको छ। स्थानीय स्तरमै यस्ता कार्य गर्न पाएमा समय बचत हुन्थ्यो । यहाँको स्रोत-साधनमा पानी, ढुंगा, बालुवा, वनजंगललगायतका वस्तु छन् । अब बन्ने संघीय राज्यमा यस्ता स्रोतसाधनमा स्थानीयको पहिलो अधिकार होस् । अनि मात्र अरूको पहुँच हुनुपऱ्यो । यसले गर्दा यो क्षेत्रको विकास क्रम अगाडि बढ्थ्यो कि ?

**केशवराज उपाध्याय** : भोलिको राज्य पुनर्संरचना हुँदा हाम्रो जस्तो मिश्रित बसोबास भएको ठाउँमा सबैलाई उपयुक्त हुने खालको सबैले जानेको, बुझेको भाषा प्रयोग हुनुपर्दछ । उनीहरूको घरव्यवहारमा जे भए पनि सार्वजनिक वा सरकारी कामकाजमा नेपाली भाषा नै प्रयोग हुनुपर्छ जस्तो लाग्छ । हामीजस्ता नेपाली मात्र जान्नेहरूलाई अप्ठ्यारो नहोस् भन्ने लाग्छ ।

**सावित्री कार्की** : संघीय राज्य विभाजन हुँदा स्थानीय स्रोत-साधनमा हाम्रो पहिलो पहुँच होस् ।

**बलहादुर मगर** : संघीय राज्यको विभाजन गर्दा स्थानीय स्रोत-साधनमा स्थानीय सरकारको पहिलो पहुँच हुनुपर्दछ, त्यसपछि मात्र केन्द्रीय वा अन्यको पहुँच हुने व्यवस्था गर्नुपर्दछ ।

**मोतीलाल तामाङ** : स्थानीय भाषा लागू भएन भने संघीयतामा गएको कुनै अर्थ हुँदैन । जो जसको पहुँच छ त्यहाँ त्यही भाषाको अधिकार हुनुपर्दछ, बरु केही प्रतिशत मात्र लागू गर्न सकिन्छ । पछि विस्तारै सिक्दै जानु राम्रो हुन्छ । नेपाली भाषालाई पनि सँगै लैजानुपर्छ ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा यो फुलासी गा.वि.स.का लागि के-के कुरा उल्लेख गराउनुपर्ला ?

**जानुका कार्की** : सबैजना एकजुट भएर जानुपर्दछ । हिजो जसरी मिलेर बसेका थियौं भोलि त्यसैगरी मिलेर बस्नुपर्दछ । जतिवटा गाँठा पारे पनि आखिर पोको एउटै हो ।

**ज्ञानकुमारी गिरी** : अब बन्ने संविधानमा महिलाको अधिकार सुनिश्चित होस् ।

**हितकुमारी कार्की** : भेदभाव हुने कार्य नहोस्, त्यसका लागि अब बन्ने संविधानमा त्यस्तो व्यवस्था गर्नुपऱ्यो । अब त्यस्ता कानुनको राम्रो कार्यान्वयन गर्ने निकाय चाहियो ।

**सावित्री कार्की** : अब बन्ने संविधानमा सबैलाई बराबर हुनुपऱ्यो । भेदभाव अन्त्य हुनुपऱ्यो । महिलालाई ३३ प्रतिशत होइन कि ५० प्रतिशत दिने व्यवस्था हुनुपऱ्यो । महिलालाई दबाउने झुक्याउने कार्यको अन्त्य हुने कानुन बन्नुपऱ्यो ।

**बलबहादुर कार्की** : महिला घरको कामधन्दालाई मिलाएर अग्रसर हुने क्रियामा संलग्न भइदिए राम्रो हुन्थ्यो । त्यति भए उनीहरू अगाडि बढ्थे कि ? र, अब बन्ने संघीय राज्यमा केन्द्रीय शक्ति विकेन्द्रीकरण भई रहनुपऱ्यो । जिल्लामा गएर ३-४ दिन बसेर काम गर्नुपर्ने







*छलफलमा भाग लिँदै फुलासीका स्थानीय बासिन्दा*

जस्तो दुःख नहोस् । शक्ति सधैँ केन्द्रमा मात्र हुने नहोस् । कम खर्चमा सरकारी कामकाज हुने गरी स्थानीयको पहुँच हुने ठाउँमा यस्ता कार्यालय भए राम्रो हुन्छ ।

शक्ति विकेन्द्रीकरण भएर गाउँगाउँमा पुग्नुपर्छ । किनकि, मैले पहिला एकचोटी काम गर्दा रामेछापमा ३ दिनसम्म जाडो खाएर दुःख पाएको छु । कहिले को नहुने कहिले को नहुने कार्य केन्द्रमा हुनाले काम समयमा नहुँदा रित्तो हात फर्कनुपर्छ । स्थानीय तहमा कम खर्चमा, अनि समयको बचत गर्ने गरी गाउँ-गाउँमा प्रशासनिक कार्य गर्ने खालको हुनुपऱ्यो ।

**मनमाया खड्का** : सम्पत्तिमा महिलाको पनि पुरुषसरहको अधिकारको व्यवस्था अब बन्ने संविधानमा हुनुपऱ्यो ।

**रत्नराज गिरी** : मैले आठ-दसवटा बुदाँ टिपेको छु । धनी र गरिबका छोराछोरीले पढ्ने फरक-फरक शिक्षा भएको छ । त्यसले गर्दा भोलि उनीहरूको कमाउने क्षमता पनि फरक हुनसक्छ । शिक्षामा एकरूपता होस्, यस्ता भेदभाव अन्त्य हुनुपर्दछ । सरकारको तर्फबाट निःशुल्क शिक्षाको व्यवस्था होस्, शिक्षकलाई अहिले तल्लो स्तरमा राखिएको छ, अब त्यस्तो नभई शिक्षाका कर्मचारीलाई माथिल्लो स्तरमा राखियोस् । पहिला कमजोर शिक्षा भएका शिक्षक हुने व्यवस्था थियो । अलि पढे-लेखेकाहरू डक्टर इन्जिनियरलगायतका पेसामा जान्छन् । अब त्यस्तो नभई शिक्षामा धेरै दखल राख्ने शिक्षकको व्यवस्था होस् ।

लागूपदार्थ, मादकपदार्थजस्ता चिजमा राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लगानी गर्दै आएको छ । यस्ता चिज निर्माण गर्ने उद्योग पूर्णरूपले बन्द होस् । बरु क्षतिपूर्ति दिएर बन्द गरियोस् । त्यस्ता चिजहरू बिक्री-वितरण गर्नेमाथि कडा कानुनको व्यवस्था गरियोस् ।

यसबाट समाजमा अपराध अन्त्य हुनसक्छ । कृषि पेसामा सरकारको पूर्ण सहयोग होस्, नमुना कृषि योजनाजस्ता विभिन्न खालका कार्यक्रम ल्याइनुपर्‍यो । कृषि प्रणालीलाई आधुनिकीकरण गर्ने कार्यका लागि केही व्यवस्था हुनुपर्‍यो । कृषि पेसामा आकर्षण बढाउन विशेष व्यवस्था गर्नुपर्‍यो, कृषि पेसामा लाग्नेहरू निरास हुन नपरोस् । दोहोरो अर्थ नलाग्ने खालको कानुन बनाउनुपर्‍यो जसले गर्दा आफ्नो अनुकूल व्याख्या नहोस् । भौगोलिक र आर्थिक हिसाबमा संघीयताको विभाजन होस् । भौगोलिक मात्र हुँदा कोही भौगोलिक विकट भएकालाई अप्ठ्यारो हुन्छ कि जस्तो लाग्छ । जातीय हिसाबले राज्यको विभाजन गर्दा अन्य जातिलाई अप्ठ्यारो पर्छ कि जस्तो लाग्छ ।

**प्रेमराज गिरी** : संघीय राज्य त बन्ने नै भयो । जातीय, साँस्कृतिक, भौगोलिक बनाबटजस्ता कुरालाई मिलाएर राज्यको विभाजन होस् । शिक्षामा विकास भए पनि बेरोजगारी समस्याका कारण नेपाली जनतालाई सताएको छ । त्यसैले संघीय राज्यमार्फत स्थानीय स्तरमा स्वरोजगार कार्यक्रम चाहियो, रोजगारमूलक शिक्षा चाहियो । आजभन्दा अगाडि कानुन पैसा र बलमा मात्र बिक्ने भइरहेको छ । अब संविधान बन्दा त्यस्तो नभई कडा कानुन बन्नुपर्‍यो ।

**केशवराज उपाध्याय** : अब कुनै व्यक्ति समूहले हतियार उठाउने अवस्था नआओस् । पहिलाको संविधान विश्वकै उत्कृष्ट संविधान भन्थे तर त्यसका धेरै कमी-कमजोरी रहेछन् । अब कुनै तानाशाह नजन्मिओस् । हाम्रो आश यति नै हो ।

**रामकृष्ण गिरी** : संघीय राज्यको शिक्षामा सबैलाई एकरूपता होस् । एउटै विद्यालयमा स्तरअनुसारको पढाइ हुने व्यवस्था अन्त्य गरिनुपर्दछ । पहिला भइरहेका बूढापाका शिक्षकलाई केही व्यवस्था गरी युवा पिँढीलाई अवसर दिइयोस् । यसले गर्दा शैक्षिक अभिवृद्धि हुन्थ्यो होला । अब बन्ने संघीय राज्यमा रोजगारी पाउने शिक्षाको व्यवस्था गरियोस् ।

**मनमाया खड्का** : महिलाका लागि स्वास्थ्यमा केही छुट दिने व्यवस्था गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : सुशासन, स्वायत्तता भनेको के हो ? तपाईंहरूको विचारमा ?

**केशवराज उपाध्याय** : सबैलाई राम्रो हुने खालको शासनलाई सुशासन भनिन्छ । सबैलाई मान्य हुने खालको शासन हो जस्तो लाग्छ ।

**इन्दु कार्की** : युवा वर्ग रोजगारीका लागि खाडी मुलुकमा जान नपरोस् । सानोतिनो रोजगारीमा नातावाद र कृपावाद अन्त्य होस् । महिला, दलित, पिछडिएका आदि अन्य वर्गलाई रोजगारी र अन्य कुरामा प्राथमिकता दिनुपर्‍यो ।

◆◆◆








# खनियाँपानी

*रामेछापको खनियाँपानी गा.वि.स. मा पनि २०६६ मंसिर २४ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरिएको थियो । छलफलमा ५८ जनाको सहभागिता रह्यो । यो गाविसको डाँसेमा ५५ घरधुरी मगर छन् भने १५-१६ घरधुरी क्षेत्री छन् । खनियाँपानीको पश्चिममा बेथान, पूर्वमा राकाथुम, उत्तरमा हिलेदेवी गाविस पर्छन् भने दक्षिणमा काभ्रेको मेच्छे गाविस पर्छ । भौगोलिक तथा विकास निर्माणका हिसाबले सबैभन्दा विकट गाविस मानिने यहाँका मानिसलाई सदरमुकाम जान झन्डै दुई दिन लाग्छ ।*

*डाँसेका मगर जातिलाई आफ्नै भाषाका बारेमा थाहा छैन । हिन्दु धर्म मान्ने यहाँका मगर जाति आफ्नो संस्कृति झल्काउने खालका भेषभूषाका बारेमा पनि अनभिज्ञ छन् । यहाँका पुरुष दौरासुरुवाल लगाउँछन् भने महिला फरिया-चोली लगाउँछन् । यहाँका मानिसको मुख्य पेसा कृषि हो । सुनकोसी नदीको किनारमा रहेको यो ठाउँमा विशेषगरी मकै, जुनार, गहुँ, सुन्तला, नासपाती, आँप र कटहर उत्पादन हुन्छ । यो ठाउँमा अहिलेसम्म पनि बिजुली सेवा पुगेको छैन । क्षेत्रीको तुलनामा शिक्षा, स्वास्थ्य, चेतनाका हिसाबले यहाँका मगर जाति निकै नै पछाडि देखिन्छन् ।*

*२०१५.९ हेक्टर क्षेत्रफल रहेको यो गाविसमा जटामसी, चिराइतो, कुकुरडाइनुलगायतका जडीबुटी पाइन्छन् ।*

**कार्यक्रम सुरु गर्दै बद्री नयाँघरे** : संघीयताका बारेमा जानकारी दिन गाविस राष्ट्रिय महासंघ नेपाल, जिविस महासंघ र फ्रिडम फोरम मिलेर यो कार्यक्रम गर्न लागेका छौँ । नयाँ संविधानमा के कुरा राखिनुपर्ला ? के भएर हामी पछि परेका हौँ भन्ने तपाईंहरूका कुरा हामी क्षेत्रीयस्तरमा लगेर सुनाउँछौँ । हामीले यहाँ भिडियो खिचिरहेका छौँ, आवाजलाई रेकर्ड गरिरहेका छौँ । क्षेत्रीय स्तरको कार्यक्रम सकिएपछि तपाईंका आवाजलाई हामी केन्द्रमा लगेर केन्द्रीयस्तरका नेता र सभासद्लाई पनि सुनाउनेछौँ । तपाईंहरूको भावनालाई हामी त्यहाँ पुऱ्याउने काम गर्छौं । सुनेपछि ती कुरालाई उहाँहरूले संविधानमा लेख्नुहुनेछ । त्यसैले तपाईंहरूलाई लागेको कुरा, संविधानमा लेखिनुपर्ने कुरा निर्धक्क भनिदिनुहोला । यसमा पनि विशेषगरी महिलाका कुरा आऊन् भन्ने चाहन्छौँ । छोरीलाई छोरासरह किन विद्यालय पठाइँदैन ? के कारणले होला भन्ने तपाईंहरूलाई लागेको छ, त्यो कुरा पनि तपाईंहरूले भनिदिनुहोला । आफ्ना कुरा नदोहोऱ्याई भनिदिनुहोला । तपाईंहरूले नबुझेका कुरा हामी पनि बीचबीचमा बुझाउने प्रयास गर्नेछौँ । तपाईंहरू यहाँ कार्यक्रममा भाग लिन आइदिनुभएकोमा धन्यवाद दिँदै आजको यो कार्यक्रम अगाडि बढाउन म शान्ति लामालाई अनुरोध गर्छु ।

**सहजकर्ता शान्ति लामा** : धन्यवाद बद्री दाइलाई । तपाईंहरूलाई नमस्कार । हामी कार्यक्रम अगाडि बढाउन सक्छौं ?

**सामूहिक स्वर** : सकिन्छ ।

**सहजीकरण गर्दै** : ल, ठीकै छ । हाम्रो देशमा संविधान बनाउन भनेर चुनाव भयो । नयाँ संविधान बनाउनका लागि सबैजना लागिपरेका छन् । तपाईंहरूको विचारमा के होला त संविधान भनेको ?

**चित्रबहादुर यसमाली** : संविधान भनेको देशको जग हो । जग नभई जोकोही पनि बाँच्न सक्दैन । संविधानविनाको देश जगविनाको घरजस्तै हुन्छ । सबैले बाँच्न पाउने अधिकार नै संविधान हो ।

**सहजीकरण गर्दै** : ल धन्यवाद । यसमा अरूको के विचार छ ?

**भुवन खड्का** : संविधान भनेको देशको मूल कानुन हो । यही मूल कानुनअनुसार देशको मुलुकी ऐन बन्छ । अब महिला, दलित, जनजातिलाई विशेष प्राथमिकता दिएर संविधान बनाइनुपर्छ । तर, दलीय खिचातानीले गर्दा संविधान बन्छ कि बन्दैन भन्ने शंका लागिरहेको छ ।

**कृष्णबहादुर जर्गामगर** : भ्रष्टाचार गरेर राजनीति गर्नेहरूले समयमा संविधान हामीलाई दिने कि नदिने ? जनताले दुःख पाउने, नेताहरूले ऐसआराम गर्न पाइँदैन ।

**सहजीकरण गर्दै** : कहिलेसम्म संविधान हाम्रो हातमा पर्ला ?

**मोहनबहादुर यसमाली** : हामीजस्ता आदिवासी जनजातिको इतिहास, अझ भनौँ मगर जातिको इतिहास थाहा छैन । त्यसैले त्यसको संरक्षणका लागि अब बन्ने संविधानमा केही





व्यवस्था होस् । अबको ६ महिनापछि संविधान जारी हुनुपर्छ ।

मतवाली जात पछि परेको हामीले नपढेर हो । त्यही भएर हामीलाई केही पनि थाहा छैन । तपाईंहरू हामीलाई सोधिरहनुभएको छ । पहिला त हामीलाई सिकाउनुपऱ्यो अनि बल्ल बोल्न सक्छन् ।

**सहजीकरण गर्दै** : नेताहरू चुनावमा भोट माग्न आएका थिएनन् ?

**मोहनबहादुर यसमाली** : नेताहरू आएका थिए, भोट मागे । हामीलाई विभिन्न आशा देखाए । धारा बनाइदिन्छौँ भन्थे, अहिलेसम्म बनेका छैनन् । मगर जाति सोझो, भनेको कुरा पूरा गर्लान् भनेर भोट दिइयो तर उनीहरू फर्किएर पनि आएका छैनन् यस ठाउँमा । भेट्न गयो भने पनि को हो तपाईंहरू ? मैले चिनेको छैन भन्छन् । यस्तो छ हाम्रो गाउँको स्थिति । उनीहरू कुर्सीमा बस्ने आराम गर्ने, हामी जनताले दुःख पाउने यस्तो त भएन नि !

**सहजीकरण गर्दै** : विगतमा बनेको संविधान र अहिले बन्ने संविधानमा के फरक होला ?

**हेमविक्रम खड्का** : जातिका आधारमा संघीयता बनाउनुहुँदैन । अहिलेको जस्तै पाँच विकास क्षेत्रका आधारमा नै देशलाई विभाजन गरिनुपर्छ ।

**सहजीकरण गर्दै** : त्यस विषयमा हामी फेरि कुरा गर्नेछौँ । अहिलेचाहिँ पहिलेको र अहिलेको संविधानमा तपाईंले के फरक पाउनुभएको छ ? यसबारेमा कुरा गरौँ न ?

**हेमविक्रम** : अब बन्ने संविधानले जनतालाई थिचोमिचोमा पार्नु हुँदैन । कानुन स्वच्छ बन्नुपऱ्यो । कसैले मान्छे माऱ्यो भने ती मानिस मरेकामऱ्यै भएका छन् । यसका लागि कसैले चासो लिएर काम गरेका छैनन् । शान्तिसम्झौता, संविधानसभाको चुनाव भइसकेपछि आजभोलि पनि हाम्रो ठाउँमा आएर मान्छे मारिरहेका छन्, घरमा आगो लगाइदिएका छन् । कसैले पनि आवाज उठाएका छैनन् । अब यस्तो नहोस् । अबको संविधानमा गल्ती गर्नेलाई कडाभन्दा कडा सजायको व्यवस्था होस् । सोझा जनताले अनाहकमा दुःख नपाऊन् । आगामी जेठ १५ गतेभित्रमा कानुन बनिसक्नुपऱ्यो ।

**सहजीकरण गर्दै** : संघीयतामा कसरी जाने भन्नेबारेमा यहाँ कुरा आइरहेको छ । योभन्दा पहिले के होला त संघीयता भनेको ?

**हेमविक्रम** : संघीय भनेको भारतमा प्रान्तीय सरकार बनाएजस्तै हो । त्यसमा छुट्टै कानुन हुन्छ कि हुँदैन, कसरी सरकार चलाउँछन् भन्नेचाहिँ थाहा छैन । कतै तामसालिङ, कतै मगरात भनेर देशलाई जातका आधारमा विभाजन गर्ने कुरा भइरहेको छ । यसले देशमा विवाद उत्पन्न गराउँछ । जातिका आधारमा देश विभाजन गर्नुहुँदैन ।

**सहजीकरण गर्दै** : यहाँको विचारमा चाहिँ संघीयता भनेको केन्द्रीकृत राज्यलाई विकेन्द्रीकृत गराउने कुरा हो ?


**हेमविक्रम** : हो, त्यही हो ।

**सहजीकरण गर्दै** : यहाँ उपस्थित अरूको विचारमा चाहिँ के होला ?

**चित्रबहादुर यसमाली** : संघीयता भनेको सबैले मिलेर स्थानीय स्तरको विकास गर्ने राज्य हो जस्तो लाग्छ। सबै मिलेपछि जे काम पनि गर्न सकिन्छ। तर, जातीय आधारमा संघीयता हुनुहुँदैन। दलित, जनजाति, पछाडि परेका जाति सबैलाई मिलाएर जाने खालको संघीयतामा जानुपर्छ। एक्लै गर्छु भनेर हुँदैन। एउटा लट्ठी भएमा जसले पनि भाँच्न सक्छ। १० वटा लट्ठी भएमा कसैले पनि भाँच्न सक्दैन। यो दह्रो हुन्छ।

**सहजीकरण गर्दै** : कसैले जातीय, कसैले भौगोलिक, कसैले प्रदेशको आधारमा संघीयतामा जानुपर्छ भन्ने कुरा आइरहेको छ। यहाँहरूको विचारमा केका आधारमा संघीयतामा जाँदा राम्रो हुन्छ ?

**चित्रबहादुर** : सबै जातजाति मिलेर जानुपर्छ अनि मात्र देश राम्रो हुन्छ।



*छलफलमा आफ्नो आवाज राख्दै खनियाँपानीका स्थानीय बासिन्दा*

**सहजीकरण गर्दै** : जातिगत आधारमा देश संघीयतामा जानुपर्छ भन्न खोज्नुभएको हो ?

**चित्रबहादुर** : होइन, सबै जातजाति मिलेर जानुपर्छ। एउटा मात्र जातिको यो, अर्को जातिको अर्को संघ बनाउनुहुँदैन।

**भुवन खड्का** : साम्प्रदायिक रूपमा संघीयता हुनुहुँदैन। यो तामाङ, यो मगर, यो क्षेत्री नभनी सबै मिलेर जानुपर्छ। देश अहिले साम्प्रदायिकतामा जान खोजिरहेको छ। कोही लिम्बुवान, कोही खुम्बुवान, कोही मगरात, कोही थारुवान, कोही के, कोही के भनिरहेका छन्। यसले गर्दा देशमा ठूलो विखण्डन ल्याउँछ। साम्प्रदायिक रूपमा नगई सम्पूर्ण जातजातिलाई माथि उठाउने खालको र भौगोलिक आधारमा संघीयताको विभाजन गर्दा





राम्रो हुन्छ।

**सहजीकरण गर्दै** : यस गाविसमा बाटोघाटो, पुलपुलेसो, सिँचाइ, विद्यालय, स्वास्थ्यचौकीजस्ता कुराको अवस्था कस्तो छ ?

**भुवन** : विकासक्रमको कुरा गर्दा राजनीति जोडिएर आउँछ। यो गाउँ कांग्रेस भएकाले अरू पार्टीले चुनाव जितेर जाँदा १० वर्षसम्म पनि हामीले थोरै रकम पाउन सकेनौँ। ५ लाख प्रतिवर्ष रकम आउँदा पनि हामीले विद्यालयका लागि १० वर्षमा जम्मा ५ हजार रुपैयाँ मात्र पायौँ। पछि गाउँपरिषद्ले विकास निर्माणका काममा निर्णय गर्न पाउने नियम बनेपछि बल्ल यो गाउँमा मोटरबाटो बन्यो।

**सहजीकरण गर्दै** : विकास कार्य चाहियो भनेर माग्न कहाँ जाने गर्नुभएको छ ?

**भुवन** : सरकारले विकेन्द्रीकरणको सिद्धान्त लिएको छ, त्यो सिद्धान्तअनुसार गाउँमै स्वायत्त सरकार भएपछि विकास निर्माणका कुरा माग गर्न सकिन्छ र गाउँको विकास गर्न सकिन्छ।

**सहजीकरण गर्दै** : भनेपछि स्थानीय सरकारमा नै यहाँहरूलाई सबै सुविधा चाहियो ?

**भुवन** : हामीलाई विकास-निर्माण गर्न केन्द्रीय सरकार पनि चाहिँदैन, जिल्ला सरकार पनि चाहिँदैन। स्थानीय स्तरमा नै सबै काम गर्न पाइयोस्।

**सहजीकरण गर्दै** : महिला दिदीबहिनीहरू केही पनि बोलिरहनुभएको छैन। बोल्नुस् न, केही त के चाहिएको छ होला नि तपाईंहरूलाई ?

**सीता यसमाली** : हामीले पढे-लेखेका छैनौँ, केही जान्दैनौँ। संविधान भनेको के हो हामीलाई थाहा छैन। हामी त घाँस-दाउरा गर्ने हो, भैँसी पाल्ने हो, भकारो सोर्ने हो, खाना बनाउने खाने– हामीलाई यति मात्र थाहा छ।

**सहजीकरण गर्दै** : अबको संविधानमा घाँस-दाउरा काट्नुबाहेक पढाउने व्यवस्था होस् भन्ने कुरा राखिदिए हुन्थ्यो जस्तो लाग्दैन त ?

**सीता** : विशेष गरेर हामीजस्ता महिलाका लागि प्रौढशिक्षा, सीपमूलक कार्यक्रम आइदिए हुन्थ्यो जस्तो लागेको छ। प्रौढशिक्षा मात्र आइदिए पनि आफ्नो नाम आफैँ लेख्न सकिन्थ्यो। पढेका छैनौँ, कार्यक्रम चाहियो भनेर कसलाई भन्न जानुपर्ने हो ? त्यो थाहा छैन। आफ्नो भाषा छ तर हामीलाई आफ्नैं भाषाबारेमा पनि थाहा छैन। हामीलाई हाम्रा बालबच्चालाई आफ्नो भाषा सिकाउने मन छ, त्यसका लागि अब बन्ने संविधानमा केही व्यवस्था हुनुपर्‍यो।

**सहजीकरण गर्दै** : हो, यसरी भन्नुपर्‍यो नि। अनि पो दिनेले पनि दिन्छन्। भन्दै नभने त कसले के देला र ?

**मोहनबहादुर यसमाली** : प्रौढशिक्षा आयो तर हामी जनजातिका लागि, अझ महिलाका

लागि केही भएन । झोला, रुमाल बनाउनेलगायतका अन्य सीपमूलक कार्यक्रम अरू सबै ठाउँमा आइसकेका छन् तर हाम्रो गाउँमा अहिलेसम्म यस्ता कार्यक्रम आइपुगेका छैनन् । अबका दिनमा हाम्रो गाउँमा पनि घरेलु उद्योग र कलकारखानाको व्यवस्था भए राम्रो हुन्थ्यो ।

**सरस्वती जर्घामगर** : चुनावमा हामीले भोट हाल्यौँ तर हाम्रा लागि केही भएन । हामी महिलालाई अरूथोक मागेर पनि केही फाइदा छैन । त्यसैले सीपमूलक तालिम, शिक्षामूलक कार्यक्रम आइदिए फाइदा हुने थियो । अब बन्ने संविधानमा यस्तो व्यवस्था भए हुने थियो ।

**मोहनबहादुर** : यो ठाउँमा बाटो बन्यो । खानेपानीको व्यवस्था गर्न पाए हामीलाई निकै सजिलो हुने थियो । जिल्ला विकासबाट १ लाख बजेट माग्दा ६० हजार पनि आइपुग्दैन । त्यसैले जति माथिबाट छुट्याएको छ त्यति नै हामीले पाउनुपर्‍यो ।

**सहजीकरण गर्दै** : अहिले हामी नागरिकता बनाउन, जग्गा पास गर्नुपर्‍यो भने कहाँ जान्छौँ ?

**सामूहिक स्वर** : मन्थली जानुपर्छ ।

**सहजीकरण गर्दै** : अबचाहिँ यो कुराका लागि कहाँ जाँदा सजिलो हुन्छ तपाईंहरूलाई ?

**मोहनबहादुर** : अहिलेसम्म हामीले सानो कामका लागि पनि मन्थली बजारसम्म पुग्नुपर्छ । धेरै दुःख पाएका छौँ । एउटा नागरिकता बनाउन, जग्गा पास गर्न, मालपोतको काम गर्न, जेका लागि पनि हामीले ५/६ दिनको समय मिलाएर जानुपर्छ । खानेकुरा, पैसा बोकेर जानुपर्छ । तैपनि भनेका बेलामा काम हुँदैन । फेरि यत्रो बाटो हिँडेर आऊ, फेरि जाऊ । समयको पनि बर्बाद, हामीले दुःख पाएका कुरा त हिसाबै छैन । यसैले यस्ता सानातिना कामका लागि हामीले दुःख पाउनु नपरोस् । हाम्रो घरछेउमा नै, वडामा नै यी सबै काम गर्न पाए धेरै सजिलो हुने थियो ।

**सहजीकरण गर्दै** : ल ठीकै छ, यो ठाउँमा वनजंगल मैले देखेँ, तल खोला पनि बगिरहेको छ । यसबाहेक यहाँको प्राकृतिक स्रोत-साधन के-के छन् होला ?

**यमबहादुर यसमाली** : तल सुनकोसी नदी बगेको छ, माथि हाम्रा जमिन बाँझै छन् । सरकारले जेनेरेटरको व्यवस्था गरिदिए हाम्रो जमिनमा सिंचाइ गरेर धेरै उब्जाउ हुने थियो । अब बन्ने संविधानमा कृषकका लागि केही विशेष व्यवस्था गर्नुपर्‍यो । नमुना कृषि कार्यक्रम व्यवस्था गर्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : हाम्रो सामुदायिक वनबाट उठेको पैसा के गर्नुहुन्छ नि ?

**सामूहिक स्वर** : हामीले त्यो पैसा कोषमा राखेका छौँ ।

**यमबहादुर** : त्यसको व्यवस्थापन हामीले नै गरिरहेका छौँ । सामुदायिक वन समितिमा उठेको पैसा हामीले सस्तोमा ऋण दिने गरेका छौँ । गाउँमा चाहिने हार्मोनियम, मादल, भोजभतेर गर्नका लागि पाल-त्रिपाल, भाँडाकुँडा सबै सामान किनेका छौँ । सामुदायिक





वनलाई हामीले राम्ररी सञ्चालन गरिराखेका छौँ । यसले गर्दा गाउँलेलाई धेरै सजिलो भएको छ ।

**सहजीकरण गर्दै** : कर स्थानीय सरकारलाई नै तिर्ने व्यवस्था होस् भन्ने चाहनुहुन्छ ?

**भुवन खड्का** : अब बन्ने संविधानमा न्याय प्रणालीदेखि सबै काम स्थानीय स्तरमा नै होस् । अदालतको कामका लागि मन्थली पुग्न नपरोस् । सानो कामका लागि पनि हामीले दुःख पाउनु नपरोस् । अबको संविधानमा यी सबै कुराको व्यवस्था होस् ।

**सहजीकरण गर्दै** : अब बन्ने स्थानीय सरकारमा मातृभाषाबाट कामकाज होस् भन्ने यहाँहरूको चाहना छ कि छैन ?

**भुवन** : यहाँ मगर जातिको बाहुल्य छ, तर क्षमता छैन । क्षेत्री अल्पसंख्यक छन् तर उनीहरूको क्षमता छ । सरकारी काममा बौद्धिकतालाई ध्यान दिइनुपर्छ । मगरको बाहुल्य छ भन्दैमा क्षमता नै नहेरी काम दिने, त्यो कुरा त भएन । त्यसैले बाहुल्यका आधारमा होइन कि क्षमताका आधारमा अवसर दिइनुपर्छ ।

**हेमबहादुर यसमाली** : हामी पिछडिएका छौँ । त्यसैले हाम्रो नाममा पैसा ल्याउँदै अरूले नै खाइरहेका छन् । बजेट हाम्रो गाउँको विकासका लागि आउँछ, मगर जातिको विकासका लागि आउँछ, खाने बेलामा अरू नै हुन्छन् । त्यसरी पैसा खान पाइँदैन । हामी पछि परेको जात भनेर हेप्न पाइँदैन । त्यसैले हामी अगाडि बढ्न अब बन्ने संविधानमा निःशुल्क शिक्षाको



*छलफलमा आफ्नो आवाज राख्दै खनियाँपानीका स्थानीय बासिन्दा*

व्यवस्था होस् । आर्थिक अवस्थामा पनि हामी पछाडि छौँ । हामीलाई अगाडि बढाउन केही योजनाको व्यवस्था अब बन्ने संविधानमा ग्यारेन्टी गरियोस् । निःशुल्क स्वास्थ्यसेवाको व्यवस्था होस् ।

**भुवन** : निःशुल्क शिक्षाको व्यवस्था त सरकारले गरेको छ। तर, उहाँहरूले चेतना विकास गर्नुभएन। आफ्ना छोराछोरीलाई कामको लोभमा परेर पढ्नभन्दा पनि काममा लगाउनुभयो। सबैभन्दा पहिले त चेतनामा विकास गर्नुपर्‍यो नि।

**सहजीकरण गर्दै** : मगरबस्ती पछि परेको छ। यसको कारण थाहा भयो- शिक्षाको कमी भएर। त्यसो भए सरकारले के गरिदिनुपर्‍यो त ?

**हेमबहादुर** : हामीसँग आयस्ता छैन। छोराछोरी त छन् तर हामीले गर्ने के ? छोराछोरीलाई पढाउनैपर्‍यो, खुवाउनैपर्‍यो। आर्थिक विकास हुने खालका कुरा गरिदिए राम्रो हुने थियो।

**सहजीकरण गर्दै** : पढाउने कुरा त भयो तर स्वास्थ्यको अवस्था के छ ?

**सुनिता यसमाली** : यस ठाउँमा स्वाथ्यचौकीको अभाव छ। त्यसैले गर्दा महिला गर्भवती हुँदा, बालबच्चा बिरामी हुँदा बोकेर लिएर जान धेरै गाह्रो भइरहेको छ। त्यसैले स्वास्थ्य चौकीलगायतका आधारभूत चिजको व्यवस्था गाउँमै भइदिए हुने थियो।

**सहजीकरण गर्दै** : केका आधारमा राज्य विभाजन होस् भन्ने लाग्छ त ?

**हेमविक्रम खड्का** : सबै नेपाली बराबर हुनुपर्‍यो। जसको शक्ति उसको भक्ति हुनुभएन। पहिले यहीँ नै गाविस भवन थियो। पछि माथिका मानिसले चुनाव जितेपछि गाविस भवन पनि भत्काएर माथि नै लिएर गए। हामीलाई स्वास्थ्य सेवाको पनि निकै अभाव छ। स्वास्थ्य सेवा हामीले पाउनुपर्‍यो। बाटो राम्रो हुनुपर्‍यो। गाउँमा बिजुली बत्तीको व्यवस्था हुनुपर्‍यो। हामीले चाहेको यति नै हो। अरू केही छैन।

◆◆◆





# क्षेत्रीय कार्यक्रम : रामेछाप




**स्थान** : *रामेछापको मन्थली*

**मिति** : *२०६६ पुस २१*

**विषय** : *संविधान निर्माण, राज्य पुनर्संरचना तथा संघीयतासम्बन्धी क्षेत्रीय स्तरमा छलफल कार्यक्रम (क्षेत्र नं.२)*

**छलफल सुरु गर्दै बद्री नयाँघरे** : संविधान बन्नुपर्छ भनेर विभिन्न तह र तप्कामा कुरा उठिरहेको छ। यसै सिलसिलामा जि.वि.स महासंघ, गा.वि.स महासंघ र फ्रिडम फोरमले रामेछापका १० वटा गा.वि.स मा गरेको संघीयतासम्बन्धी स्थानीय जनताको छलफलका आधारमा यहाँका तीन गा.वि.स.का प्रतिनिधिका बीचमा मन्थलीमा अब बन्ने संविधानमा के-कस्ता कुरा हुनुपर्दछ ? भन्नेबारेमा छलफल गर्दैछौं।

हामीले गाउँबस्तीमा गरेका छलफलका सहभागीको आवाजसहितको भिजुअल पनि देखाउनेछौँ । म आजको यस कार्यक्रमको प्रमुख अतिथिको आसन ग्रहण गर्न कैलाश ढुंगेलजीलाई आग्रह गर्दछु ।

**प्रमुख अतिथि कैलाश ढुंगेल** : नयाँ दस्तावेज बन्दैछ । यहाँ संस्थाका प्रतिनिधि आउनुभएको छ । तपाईंहरूको सहभागिता कार्यक्रममा हुनेछ । गहकिला विचार आउनेछन् । यतिबेला देश संविधान निर्माण गर्ने क्रममा छ । अब ५-६ महिनाको अवधि मात्र बाँकी छ । नयाँ नेपाल निर्माण गर्ने यो एउटा खुट्किलो हो । विभिन्न ठाउँबाट शंका उत्पन्न भएका छन् तर संविधान नबनी हुँदैन र बन्छ भन्ने आश पनि छ । हामीले जिताएर पठाएका सभासद्हरूले पनि बन्छ भनेका छन् । यो जनमास पनि संविधान बन्छ भनेर यहाँसम्म आएको हो । एकता कायम नगरी संविधान बन्दैन र त्यो एकता बनोस् । राज्य पुनर्संरचना हुँदा हिजाको जनआन्दोलनको भावना, संघीयता, जनजाति, पछाडि परेका वर्गलाई माथि उठाउने खालको होस्, संविधान पनि त्यस्तै बन्नुपर्छ । यो सधैँ आउने कुरा होइन, स्थानीय स्रोत-साधनलगायतका वस्तुको कसरी विभाजन गर्ने, कसको कति अधिकार, कुन विधिबाट संघीयताको विभाजन गर्नेलगायतका धेरै कुरा छन् । नयाँ नेपाल अर्थात् समृद्ध नेपाल बनाउन यस हलले सुझाव दिनेछ । यहाँ आएका आवाज संविधानसभासम्म पुऱ्याउने प्रतिबद्धता यसअघि नै जनाइसक्नुभएको छ । यसले गर्दा यो सभामा आएका कुराले यस रामेछाप जिल्लाका विभिन्न समुदायका कुरा अब बन्ने संविधानमा र राज्य पुनर्संरचना हुँदा लेखिन्छन् भन्ने आशा राख्दछु ।

**हेमराज लामिछाने** : यो कार्यक्रमको मुख्य उद्देश्य भनेको १० वटा समुदायबाट प्राप्त अब बन्ने राज्य पुनर्संरचनामा के-कस्ता कुरा आउनुपर्ने हो भन्ने सुझाव र ती कुरा कसरी सभासद्समक्ष पुऱ्याउने भन्ने नै हो । सीमान्तकृत वर्गका के कुरा अब बन्ने संविधानमा लेखिनुपर्दछ भनेर लेखाउन कोसिस गर्ने हो । यहाँका समुदायबाट आएका आवाज हामी अहिले यहाँ उपस्थित सभासद्लाई देखाउनेछौं र अब बन्ने संविधानमा उहाँहरूले त्यो कुरा समेट्नुहुनेछ । अन्तिम समयसम्म यहाँहरूको सक्रिय सहभागिता हुनेछ भन्ने अपेक्षा गर्दछु ।

**परशुराम उपाध्याय** : संविधान निर्माण, संघीयता, स्थानीय स्वायत्त शासनलगायतका कुरामा के भइरहेको छ भन्ने विषयमा म केही जानकारी प्रस्तुत गर्दैछु । संविधानसभाबाट संविधान बनाउने जस्तो धेरै कम मुलुकहरूले गरेका अभ्यासमा हामी प्रवेश गरेका छौं । समय छिटोछिटो जाँदैछ, अब संविधान बन्न १३३ दिन बाँकी छ । विषयगत समितिले आ-आफ्नो प्रारम्भिक प्रतिवेदन बुझाइरहेको अवस्था छ । माघ ७ गतेसम्म यी समितिहरूले आफ्नो प्रतिवेदन बुझाउनेछन् । अहिलेसम्मको अवस्थामा १० वटामध्ये आठवटाले आफ्नो प्रतिवेदन बुझाएका छन् । विषयगत समितिले बुझाएको प्रतिवेदनलाई एकीकृत गरी साझा बनाएर संवैधानिक समितिले निकाल्नुपर्नेछ । संविधानसभा मूल समिति आफैं फरक मतसहित अगाडि गएको अवस्था छ । त्यो कसरी सहमतिको दस्तावेज बन्ने हो हेर्न बाँकी नै छ । पहिलो





मस्यौदा प्रकाशन भइसकेपछि हाम्रो स्थानीय स्वायत्त सरकार, संघीयताका विषयमा के-कस्तो व्यवस्था गरियो र के हुनुपर्छ भनेर प्रश्न राख्न सजिलो हुन्छ होला ।

अहिले संविधान निर्माणको कुरा ओझेल परेको हो कि जस्तो लाग्छ । संविधान बनाउनभन्दा सत्ता चलाउनै सबै व्यस्त भएको जस्तो लाग्छ । तथापि हामीलाई समयमै संविधान नदिई सुखै छैन । त्यसको उत्तम विकल्प छैन । संघीयता र स्थानीय स्वायत्तताको कुरामा हेर्दा संघीयताका आधारहरूमा अझै राजनीतिक सहमति जरुरी देखिन्छ । जातीय आधारमा, स्रोत-साधनको आधारमा, ऐतिहासिकताका आधारमा- केलाई संघीयताको आधार बनाउने भन्ने कुरा छ । स्थानीय सरकार एक संघीय मामला हो कि प्रान्तीय मामला हो भन्ने कुरामा सहमति देखिन्न । कोही प्रान्तलाई स्थानीय सरकार भन्छन्, कोही संघमा स्थानीय सरकारसम्बन्धी अधिकार रहने कुरा गर्छन् । सिंहदरबारबाट आएको अधिकार बीचैमा पो बस्ने हो कि स्थानीय निकायमा आउने हो भन्ने डर छ ? यदि स्थानीय निकायमा अधिकार आएन भने त्यसले केही गर्दैन । स्थानीय सरकारको पुनर्संरचना गर्दा अहिलेका गाउँलाई मिलाएर ठूलो एकाइ बनाउनुपर्दछ र त्यसलाई अधिकार पनि दिनुपर्दछ । नगर इलाकामा नगर विकासलाई त्यस्तै गर्नुपर्दछ भन्ने सुनिएको छ । तर, त्यो कति संख्यामा गर्ने, कुन विधि हो भन्ने कुरा ठोस रूपमा आएका छैनन् । स्थानीय सरकारको पुनर्संरचना प्रक्रियामा स्थानीय नागरिक सामेल हुन पाउँछन् कि पाउँदैनन् भन्ने कुरा ठूलो हो । निर्वाचित सरकारको कसरी सुनिश्चितता गर्ने भन्ने कुरा छ । हाल निर्वाचित संविधानसभाले अनिर्वाचित स्थानीय निकायलाई कर तिरिरहेको अवस्था छ । स्वायत्त स्थानीय सरकार भन्नेबित्तिकै राजनीतिक, आर्थिक, वित्तीय, विधायिकी, कार्यपालिका प्रशासनिक जस्ता के-कस्ता अधिकार उपयोग गर्न पाउँछन् ? यसको बाँडफाँड कसरी हुन्छ, कसरी गर्दा नागरिकका हक सुनिश्चित गर्छ, के गर्दा लोकतान्त्रिक सरकार हुने हो ? यी विषय अनिर्णित छन्, यसको निर्णय कसरी गर्ने भन्ने कुरा हुन्छ । यहाँहरूले राख्ने विचारले यी कुरालाई दिशानिर्देश गर्दछ भन्ने लाग्छ ।

आफूले पाउने अनुदान कहाँबाट पाउने ? प्रान्त, संघ वा कहाँबाट कर लगाउने भन्ने कुरा छ । केही समिति छन् जो स्थानीय स्वायत्त शासनप्रति निकै संवेदनशील छन्, जसले निकै राम्रा कुरा निकालेका छन् भने केही समितिहरूले यी सबै प्रान्तीय कुरा हुन् भनेका छन् । यसले गर्दा भोलि स्थानीय निकायमा केही नहुने पो कि भन्ने आशंका बढेको छ । यस विषयमा पनि यहाँहरूको विचार आउनेछ ।

न्याय समितिले चार तहको न्यायालय विभाजन गरेको छ । संघीय, प्रदेश, प्रान्त र स्थानीय गरिएको छ । यसमा पनि प्रदेश वा प्रान्त भनी झगडा त छँदैछ । यस्ता कुरामा तपाईंहरूका आवाज आउनेछन् भन्ने अपेक्षा गर्दछु ।

**सहजकर्ता तारानाथ दाहाल** : हामी मुख्यतः राज्य संरचनामा नै केन्द्रित छौं । संविधान निर्माणको यो क्रममा छलफल गर्नुपर्ने तमाम विषय छन् । संविधान निर्माणको क्रममा

सबैभन्दा जटिल विषयको रूपमा रहेको राज्यको पुनर्संरचनाबारे छलफल गर्दैछौं । नेपाल गणतान्त्रिक मुलुकको रूपमा संविधानमा किटान भइसकेको छ । २०६५ जेठ १५ गते मुलुकलाई गणतान्त्रिक मुलुकको रूपमा घोषणा गरियो । यसबाहेक अरू ५ वटा निर्णय पनि भएको थियो । हाम्रो नेपाल गणतान्त्रात्मक र लोकतान्त्रिक हुनेछ भनेर निर्णय गर्नु नै नेपालको ठूलो उपलब्धि हो । त्यसपछि नेपाल संघीय गणतान्त्रिक मुलुक भएको छ ।

सबै जनतालाई कुनै न कुनै रूपमा सन्तुष्ट पार्नुपर्दछ, फेरि अशान्ति नआओस् । अहिलेसम्म हाम्रो आर्थिक, राजनीतिक, आर्थिकलगायतका अधिकार केन्द्रीय सरकारले चलाइरहेको थियो । तर, त्यो अधिकार स्थानीय निकायमा ल्याउन संघीय स्वरूपमा जाने निर्णय भएको हो । जनताले सुशासन पाउन सकेनन्, अधिकार पाउन सकेनन् त्यसैले राज्य पुनर्संरचना गर्ने सहमति भएको हो । यसै सन्दर्भमा विभिन्न राजनीतिक दलहरूले आफ्ना तरिकाबाट प्रचार गरिरहेका छन् । कसैले विभिन्न आफ्ना प्रदेशको मोडेल दिएका छन्, कसैले १२, कसैले ५ प्रदेश भनिरहेका छन् । राज्य संरचनाको मुद्दा प्रान्त निर्माणमा मात्र केन्द्रित भएको देखिन्छ । केन्द्रमा भएको अधिकार प्रान्तमा पुग्नेबित्तिकै सबैले सुशासन प्राप्त गर्छन् त ? स्वायत्तताको अधिकार पाउँछन् त ? के प्रान्त निर्माणले मात्र जनताको आफ्नै आँगनमा आफ्नो सरकार प्राप्त हुन्छ त ? यो आवाज वडा, समुदायसम्म पुग्न सक्नुपर्दछ । नत्र जनताले आफ्नो आवाज राख्न सक्दैनन् त्यसैले हामीले क्षेत्र नं. १ र २ गरी ५/५ वटा सीमान्त समुदायको आवाजका लागि यो छलफल चलाएका हौं । यो निष्कर्ष होइन, विचार-चिन्तन मात्र हो । संविधान निर्माण हुन्छ कि हुँदैन भन्ने विषयमा विभिन्न पार्टी तथा व्यक्तिले अनेक किसिमका दाबी गरिरहेका छन् । जनताले संविधानमार्फत आफ्ना सबै अधिकार पूरा हुन्छ भन्ने आश गरिरहेका छन् ।

केन्द्रमा रहेको अधिकार प्रान्तमा जानेबित्तिकै जनताले यो मेरो हो भन्ने कुरा पूरा हुन्छ त ? त्यसलाई अझ बढी सेवा प्रदान गर्न वास्तविक अधिकार र स्वायत्तलाई जनतामा पुऱ्याउन जनतासँग छलफल हुनेछ । सीमान्त समुदायका आवाज समेट्न सीमान्त समुदायमा पुगेर उनीहरूका भावना, चाहना संकलन गरिएको हो । हामी कस्तो किसिमको स्थानीय सरकार चाहन्छौं, कसरी ? बहस व्यापक हुनुपर्छ ।

राज्य संरचना कति तहमा हुनुपर्छ ? सहज रूपमा अधिकार पाउन वा सेवा पाइरहेको छु भन्ने अनुभूति गर्न कस्तो सरकार आवश्यक पर्छ ? अब बन्ने संरचनाले कस्ता-कस्ता सेवा दिऊन् भन्ने चाहना छ भन्नेबारेमा बहस गर्नेछौं । आज हामी राज्यको संरचना गर्दा कति तहमा हुनुपर्दछ, राज्यको संरचनामध्ये कुन तहमा कस्ता अधिकार दिइनुपर्दछ ? जनताले राज्यबाट प्राप्त गर्ने सेवा, सुविधालगायतका कुरा कसरी सहज रूपमा प्राप्त गर्न सक्छन् ? भन्नेबारे छलफल गर्नेछौ । यहाँ आएका सुझाव संविधानसभासम्म पुऱ्याउनेछौं ।

**अनिता शिवाकोटी** : हामीले मंसिर ८ देखि मंसिर २४ गतेसम्म स्थानीय स्तरमा





संघीयताबारेमा छलफल गरेका छौं- क्षेत्र नं १ र २ मा । क्षेत्र नम्बर २ को रामेछाप बजारमा छलफल गर्दैछौं । *मंसिर ८ गते सेलेघाटको भलुवाजोर भन्ने ठाउँमा भएको छलफलमा निम्न निष्कर्ष आएको थियो :*

- माझी समुदाय अशिक्षित छन्, उनीहरूमा चेतनाको कमी छ । वडा, जि.वि.स, गा.वि.स जस्ता कुरा बुझ्ने छैनन् त्यसैले त्यस्ता सेवा-सुविधालगायतका कुरा नजिकै सबैलाई पायक पर्ने ठाउँमा हुनुपर्दछ
- राज्यले सुरक्षा अनुभूति गराउनुपऱ्यो, सुरक्षित जीवन बाँच्न पाउनुपऱ्यो भन्ने कुरा आएको थियो
- जातीय, भौगोलिक आधारमा प्रान्तीय सरकार बनाउनुपर्ने कुरा आएको थियो
- संघीयतामा जाँदा देशलाई टुक्र्याउनुहुँदैन । देशको सबै ठाउँमा मिश्रित बसोबास भएकोले नेपाली भाषा नै मुख्य भाषाको रूपमा रहनुपर्ने कुरा आयो
- अहिले केन्द्रीय स्तरमा मात्र शक्ति केन्द्रित भएको र अब राज्य पुनर्संरचना हुदाँ त्यस्तो नभएर स्थानीय स्तरमा आउनुपऱ्यो । भोलि संघीयतामा जाँदा कुनै तानाशाहको जन्म नहोस् र एकदलीय शासनव्यवस्था नआयोस् । जनताको इच्छा बुझेर पुनर्संरचना हुनुपर्दछ ।

त्यस्तै, *हामीले मंसिर २१ गते डडुवाको सुर्केको थामी बस्तीमा गरेको छलफल निम्न निष्कर्ष आयो :*

- जातीय आधारमा संघीयतामा जाँदा भोलि जातीय द्वन्द्व हुन्छ, त्यसैले भौगोलिक आधारमा संघीयतामा जानुपर्दछ र, प्राकृतिक स्रोत-साधन बाँडफाँडमा ख्याल गरिनुपर्दछ
- स्वास्थ्य, शिक्षा चेतनाजस्ता कुरामा धेरै पछाडि छौं त्यसैले क्षमता अभिवृद्धिका कार्यक्रम ल्याउनुपर्छ
- जडीबुटी, वन, खोलानालालगायतका प्राकृतिक स्रोत-साधनलाई त्यहींको विकासमा लगाइनुपर्दछ भन्ने कुरा आएको थियो
- प्रशासनिकलगायतका कार्यका लागि देउरालीलाई केन्द्रबिन्दु बनाइनुपर्दछ भन्ने कुरा आएको थियो ।

त्यस्तै, *हामीले मंसिर २२ गते दोरम्बाको तामाङ बस्तीमा कार्यक्रम गरेका थियौं ।*

- संघीयतामा जानु राम्रो हो तर एक ठाउँबाट अर्को ठाउँमा जाँदा पासपोर्ट चाहिने अवस्था नआओस् भन्ने कुरा आएको थियो
- शक्ति विकेन्द्रीकरण गरिनुपर्दछ भन्ने कुरा आएको थियो
- आत्मनिर्णयको अधिकारसहितको संघीयतामा जानुपर्दछ भन्ने कुरा आएको थियो

तर, जातीय, भूगोल, भाषा यी सबै कुरालाई विचार गरेर मात्र जानुपर्दछ अन्तर्राष्ट्रिय अनुभव हेरेर नेपाललाई सुहाउने संघीयतामा जानुपर्दछ भन्ने कुरा आएको थियो

- ❑ राष्ट्रियतालाई बचाइराख्न राज्यको पुनर्संरचना गर्दा हामीले हिमाल, पहाड, तराई यी सबै कुरालाई विचार गर्नुपर्दछ भन्ने कुरा आएको थियो ।

त्यस्तै, *हामीले मंसिर २४ गते खनियापानीको डाँसेस्थित मगर बस्तीमा कार्यक्रम गरेका थियौं । त्यहाँ थोरैलाई मात्र राज्य पुनर्संरचना, संघीयता, संविधानसभालगायत कुरा थाहा रहेछ । त्यहाँ पनि निम्न सुझाव आयो :*

- ❑ राज्य पुनर्संरचना गर्दा एउटा जातिलाई मात्र आधार बनाएर जानुहुँदैन, यसले विभाजन ल्याउँछ भन्ने कुरा आएको थियो । मिश्रित रूपमा संघीयतामा जानुपर्दछ
- ❑ विकास निर्माणका कामका लागि केन्द्रसम्म जान नपरोस् । यस्ता कार्यहरू स्थानीय स्तरमा हुनुपर्दछ भन्ने कुरा आएको थियो
- ❑ काम विभाजन गर्दा क्षमतालाई आधार मानिनुपर्ने कुरा आयो ।

**सहजीकरण गर्दै** : समुदायको सुझाव हामीले यहाँ सुन्यौं र समुदायका साथीहरू पनि



*मन्थली बजारमा भएको छलफलमा आफ्नो विचार राख्दै स्थानीय बासिन्दा*





यहाँ हुनुहुन्छ । उहाँको कुरा पनि सुन्छौं । हिजोको राज्यको ढाँचा फेर्दैछौं । विभिन्न प्रदेशमा विभाजन गर्नेछौं । राज्य पुनर्संरचना भनेको केवल प्रान्त बनाउने कुरामात्र होइन यो त स्थानीय निकायसम्म आफ्नो आँगनमा आफ्नो वडासम्म ल्याउने कुरा हो । भोलि रामेछाप रहने/नरहने, वडा, गा.वि.स.लगायतका कुरा रहने/नरहनेलगायत विभिन्न कुरा छन् । अधिकारहरू के-कस्ता पाइयोस् ? पाउनका लागि के गर्नुपर्ला ? कुन-कुन निकायमा के-कस्ता अधिकार रहने भन्ने विभिन्न कुरा नै राज्य पुनर्संरचना हो । केन्द्रलाई के अधिकार, स्थानीय निकालाई कति अधिकार कुन तरिकाले कुन निकायका रूपमा पाउने भन्ने कुराको निष्कर्षका लागि हामी छलफल गर्नेछौं । अब म समुदायको रूपमा जान्छु । भलुवाजोरको माझी बस्तीका प्रतिनिधिलाई आफ्ना कुरा राख्न आग्रह गर्दछु ।

**सिरबहादुर माझी (भलुवाजोर)** : माझी अशिक्षित छन् । बल्लबल्ल पढे पनि रोजगारी पाउन सकिएको छैन । राज्यका सबै तहमा रोजगारीको ग्यारेन्टी गरिनुपर्दछ । राज्यले शिक्षा, स्वास्थ्य, रोजगारीलगायतमा माझी जातिलाई अगाडि बढाउन केही गर्नुपर्छ भन्ने निष्कर्ष निक्लिएको थियो ।

**शिवहरि भण्डारी (फुलासी)** : संघीयताको नाममा देशलाई टुक्राटुक्रा पार्ने काम नहोस् । सबै जातजाति मिलेर बस्न सक्ने खालको होस् । भोलि एक ठाउँबाट अर्को ठाउँमा जाँदा पासपोर्ट, चुङ्गी करलगायत समस्या भोग्न नपरोस् भन्ने नै हो । जनतालाई संविधान चाहिन्छ । प्रशासनिकलगायतका अन्य सेवासुविधा नजिक र अझ गाउँगाउँमै हुनुपर्दछ ।

**भुवन थापामगर (दोरम्बा)** : संविधानमा उल्लेख भएका नियम सबै ठाउँमा लागू भइरहेका छैनन् । प्राकृतिक स्रोत-साधन प्रयोग स्थानीय जनताले नै गर्न पाउनुपर्‍यो । कम जनसंख्या भएको जातिले पनि बाहुल्य भएका जातिको जति नै अधिकार पाउनुपर्छ । यति सानो देशमा विविधता छ । जसको बाहुल्य छ, उनीहरूले नै राज्य सञ्चालन गर्न पाउनुपर्छ भन्ने कुरा आइरहेका छन्, त्यस्तो गरिनुहुँदैन । पहिलेको तुलनामा विस्तारै विकास निर्माण कार्य हुँदैछन् । राज्यको प्रत्येक निकायमा प्रत्येक नागरिकको हकअधिकार हुनुपर्दछ । यहाँ धेरै जातका भाषाभाषी छन् । भोलि उनीहरूको पहिचान र जान्नेबुझ्ने कुरामा समस्या आउनेछ, त्यसैले साझा भाषाको रूपमा नेपाली नै होस् ।

**भुवन खड्का (खनियापानी)** : जातीय, भाषिक, धार्मिक आधारमा राज्य पुनर्संरचना गरिनुहुँदैन । भूगोलको आधारमा गरिनुपर्दछ । क्षमताको आधारमा राज्य सञ्चालनमा अधिकार हुनुपर्दछ । अब बन्ने संविधानमा महिला, पछाडि परेका वर्गलाई विशेष जोड दिनुपर्दछ ।

मालपोल, नागरिकता, विकास निर्माणका कार्यहरू गाउँस्तरमा होस्, बजेटको बाँडफाँडको हक स्थानीयलाई दिइयोस् । सबै काम स्थानीय सरकारमा नै हुनुपर्छ । राज्य संरचना गर्दा भूगोलको आधारमा कति अप्ठ्यारा छन्, उनीहरूलाई मिलाइनुपर्छ । जनताले सकेसम्म चाँडो सेवा पाउनुपर्‍यो । जिल्लाबाट प्राप्त सुविधा सबै इलाकास्तरमै होस् ।

सुनकोशी किनाराबाट यहाँ मन्थलीसम्म आइपुग्नुपर्छ । हिजो चुनावको हिसाबले बनाइएका वडा अब त्यसरी नै चल्दैनन् । कही १० घरका एक वडा छन् । भोलि यसरी नै गएमा कसरी राज्यले सेवा र सुविधा उपलब्ध गराउन सक्छ ? रामेछापको पुनर्संरचना गर्दा पल्लो लखनपुरलाई अथवा गुम्देललाई दोलखा वा काभ्रे- जता नजिक पर्छ त्यतै हाल्नुपर्छ । भूगोलको पुनर्संरचना गरिनुपर्दछ । यस्ता कुरामा जनताको भावना बुझेर लेखिन्छ जस्तो लाग्छ । संरचनाको कुरा गर्दा सुविधा जनतामा पुग्ने गरी हुनुपर्दछ । नजिकैको भूगोलमा सुविधा पाए त झन् खुसीको कुरा हो । दुःख पाउन कसलाई रहर छ र ?

**सहजीकरण गर्दै** : अब हामी अगाडि समुदायका मानिसको आवाजमा जान्छौं, तपाईंहरूका विचार के छन् ? पालैपालो भन्नुहोला ?

**जगन्नाथ दाहाल (जिल्ला उद्योग वाणिज्य संघ, प्रथम उपाध्यक्ष)** : राज्य पुनर्संरचनाका बारेमा सबैले सबै खालका कुरा गरिहेका छन् । कसैले जातीय, कसैले तराई मात्र, कसैले हिमाल मात्र भन्ने कुरो आइरहेको छ ।

तर, व्यवसायको छुट्टै राज्य छ । उत्पादन र वितरणलाई पनि महत्व दिने हो कि भन्ने कुरा छ । झापामा उत्पादन भएका धानचामल काठमाडौँ हुँदै दोलखा, रामेछापका जनताले प्रयोग गर्छन् । सुनौलीबाट पसेको सामान काठमाडौँ हुँदै रामेछाप आइपुग्छ । यसले उत्पादन कहाँ हुन्छ, कसरी वितरण हुन्छ भन्ने कुरामा भूगोललाई हिसाब गरिनुपर्दछ । भोलि धेरै प्रदेशबाट ती सामान ल्याउँदा विभिन्न ठाउँमा कर तिरेर यहाँसम्म आइपुग्दा कति मूल्य पर्छ होला ? ५ रूपैयाँमा उत्पादन भएको कुरा २० रूपैयाँभन्दा बढी कर तिर्नुपर्‍यो भने यसको कुनै अर्थ छैन । त्यसैले देशको विभाजन गर्दा यी कुरालाई पनि याद गरिनुपर्‍यो । ओखलढुङ्गाको मानिस रामेछाप हुँदै काठमाडौँ जान्छ । काठमाडौँमा धेरै अवसर छन्, त्यहाँ जाने मानिसको उपभोगको कुरालाई पनि याद गरिनुपर्छ । जस्तो, लिखुको पानीढलो जसले रामेछाप र ओखलढुङ्गा छुट्टाएको छ तर सबै थोक रामेछापमा छ । रामेछापमा बजार छ, उपभोगका सबै बजार रामेछापमा छन् । यसैले उपभोगको आधारमा पनि राज्य विभाजन हुनसक्छ । प्राकृतिक स्रोतसाधनका नाममा जस्तो तामाकोसी प्रदेश अथवा शैलुङ प्रदेश अथवा गौरीशंकर प्रदेश आदिको नामाकरण गरियो भने कुनै पनि अल्पसंख्यक जातिले नाक खुम्च्याउनुपर्ने अवस्था रहँदैन अथवा सबैले त्यसलाई गौरवको हिसाबले हेर्नेछन् । भोलि तामसालिङ प्रदेशमा गैरतामाङ, किराँतमा गैरकिराँत हाययुलगायतका अन्य जातिका लागि हीनताबोध नहोस् । कतिपय ठाउँमा प्राकृतिक स्रोत छैनन् र कतिपय ठाउँमा धेरै छन् यो असमानता कसरी मिलाउने ? जस्तो, हिमाली क्षेत्रको जडीबुटी देशका विभिन्न भागमा र तराईको चामल हिमालसम्म पुग्नुपर्‍यो । उपभोगका आधारमा जाँदा राम्रो हुन्छ । कतिपय ठाउँमा नदीनाला धेरै छन्, कतै खानेपानी नै नभएको अवस्था छ । नेपाल विषम धरातलीय देश हो । जस्तो हिमाल क्षेत्र भनेको छ, त्यहाँ बाटोघाटो छैन । उसले त भोलि बाटो निर्माण गर्नमै केन्द्रित





हुनुपर्‍यो । ऊ अरू विकासका कार्यमा अगाडि बढ्न सक्दैन । पहिला विभाजन हुँदा भोट आउने खालको मिलाएर गा.वि.स बनाइएको थियो तर अब बन्दा जनतालाई केन्द्रबिन्दु पर्ने गरी त्यो डाँडो परोस् या खोलाको किनारमा परोस्-बनोस् । सबै जनतालाई केन्द्र पर्ने गरी त्यस्ता स्थानहरूको विभाजन गरिनुपर्दछ र, स्थानीय जनताले सेवा सुविधा लिन सक्ने ठाउँमा हुनुपर्दछ । राज्य स्थानीय तहमा हुनुपर्दछ । केन्द्रीकृत राज्यव्यवस्था पूर्णरूपमा विकेन्द्रीकरण हुनुपर्दछ । जनताप्रति पूर्ण उत्तरदायीपूर्ण र स्थानीय जनताको प्रत्यक्ष सम्बन्ध भएको सरकार हुनुपर्दछ ।

राज्य पुनर्संरचना हुँदा राज्यका सेवा स्थानीय स्तरमा नै हुनुपर्छ, गाउँ तहसम्म सेवा पुग्नुपर्छ । पहिले-पहिले आफूलाई पायक परेका स्थानलाई केन्द्रबिन्दु बनाइएको थियो । खोलामा पुल नहुँदा खोलालाई आधार मानेर गाउँ बनाएको अवस्था थियो भने अहिले त्यसको पुनर्संरचना हुनुपर्छ । चाँडोभन्दा चाँडो जनताले सुविधा पाऊन् । यसरी पुनर्संरचना गर्दा पहिलाको गा.वि.स.को संख्या घटाएर बनाउन सकिन्छ तर अधिकार स्थानीय निकायमा बढाउनुपर्दछ ।

**विचारसिंह तामाङ : (आदिवासी जनजाति महासंघ)** : संघीयता अन्तरिम संविधानले व्यवस्था गरेको आधारमा अर्थात् जातीय, क्षेत्रीय र भाषिक आधारमा हुनुपर्दछ । शासन संरचनामा जातीय स्वायत्त तथा स्वशासन स्वायत्तभित्रको स्वायत्त शासन चाहिन्छ । त्यसमा पनि सीमान्तकृत वर्ग, अल्पसंख्यक जातजाति छन्, तिनीहरूका लागि कोटा हुनुपर्दछ । बहुदलीय प्रतिस्पर्धाविना सहभागिता हुने व्यवस्था हुनुपर्दछ । अबको संरचना हुँदा राज्यको स्वरूप केन्द्र, प्रान्त, क्षेत्र, इलाका र स्थानीय निकाय हुनुपर्दछ । अहिले भइरहेका गा.वि.स. वडा इलाकालाई जनताको पहुँचमा हुने गरी सेवासुविधा टाढा भयो भन्ने महँगो महसुस नहोस् । अधिकारसम्पन्न गराइदिनुपर्दछ । जनताका लागि विशेष अधिकार दिइनुपर्छ ।

यहाँ प्रस्तुत कार्यपत्रले उठाएको जस्तै विशेष अधिकार प्राकृतिक स्रोत-साधन-आदिवासी, जनजातिले विशेष रूपमा प्रयोग गर्न पाउनुपर्छ । आइएलओ महासन्धिको १६९ ले उठाएको जस्तै, आदिवासी जनजाति, समुदायका मानिसको हक हितका अधिकतम उपयोग गर्ने अधिकार हुनुपर्दछ । यसैगरी स्थानीय निकायले त्यहाँको करलगायतका कुरा आफैँले लिन पाउने व्यवस्था हुनुपर्दछ ।

समानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुन्छ, त्यो पनि जातीय जनसंख्याको आधारमा हुनुपर्छ । न्यायिक, प्रशासनिक निकाय, कार्यपालिकामा जातीय जनसंख्याको आधारमा हामीलाई विशिष्ट स्थानमा राखिनुपर्छ । समुदायको हकहितका लागि सन्धि-अभिसन्धिमा भएका कुरालाई ध्यान दिनुपर्‍यो । आदिवासी घोषणापत्र, २००७ को ३ मा आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकारसहितको अग्राधिकार हुनुपर्दछ भनेको छ, त्यहीअनुसार हुनुपर्दछ । हाम्रो समुदायको हकहितका लागि अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिअनुसार व्यवस्था

हुनुपर्दछ ।

संघीय राज्यमा भाषिक अधिकारका कुरा पनि उठाइनुपर्छ । संघीय राज्यमा जनजातिको भाषिक अधिकार हुनुपर्दछ । संघीय राज्यमा त्रिभाषिक नीति हुनुपर्दछ । कामकाजी भाषा स्थानीय, अन्तर्राष्ट्रिय अंग्रेजी र जुन ठाउँमा जसको बाहुल्य छ त्यहीको स्थानीय भाषाको प्रयोग हुनुपर्दछ र प्रशासनिक कार्यका लागि नेपालीभाषाको नीति ल्याउनुपर्दछ ।

**सहजीकरण गर्दै** : तपाईंको विचारमा रामेछापको पुनर्संरचना गर्दा के-कसरी विभाजन गर्दा हुन्छ होला ? केही मोडेल छ तपाईंसँग ?

**विचारसिंह** : हामी आदिवासी जनजातिबीच कुनै छलफल भएको छैन । अब हामी छलफल गर्दैछौं । अहिले केही छैन ।

**सहजीकरण गर्दै** : रामेछापको साँघुटारको कुमाल बस्तीका कुरा गर्दा उहाँहरूले आफूलाई कुमाल मान्नुभएन । हामी कुमाल होइनौं, हाम्रो पेसा कुमाल हो त्यसैले हामीलाई दिएको पहिचान हामीलाई चाहिँदैन भन्ने कुरा पनि आएको थियो । त्यसैले सीमान्तकृत जनताको पहिचानबारेमा केही कुरा छ ? जातीय राज्यभित्र पहिचानको कुरा गर्दा अल्पसंख्यक जनताका आवाजलाई कसरी उठाउने र सम्बोधन गर्ने ?

**विचारसिंह** : जातीय राज्यमा जातीय समानुपातिक आधारमा हुनेछ तर अग्राधिकार हुने छैन । स्वायत्तभित्रको पनि स्वायत्त जातीय राज्य हुनेछ । अल्पसंख्यकलाई अनि बहुसंख्यक सबैलाई निर्णय गर्ने अधिकार त्यहाँ दिइन्छ । समुदायको हितका लागि यी काम गरिनुपर्छ । आत्मनिर्णयसहितको अधिकार दिने भन्ने कुरामा सही गरेपछि अधिकार दिनुपर्छ ।

**मोतीलाल तामाङ (ओखेनी)** : जातीय हिसाबले राज्यको पुनर्संरचना गरिनुहुँदैन, भौगोलिक हिसाबले बाँडफाँड गरिनुपर्दछ भन्ने कुरा आएको छ । हिजोदेखि थिचोमिचोमा परेका जनतालाई माथि ल्याउन भौगोलिक आधारमा राज्यको संरचना गर्दा अधिकार सुनिश्चित हुन सक्दैन । स्थानीय स्तरमा कस्ता अधिकार दिने भन्ने कुरामा विशेष जोड दिनुपर्ने देखिन्छ जस्तो, मालपोत, कृषि, न्याय, सुरक्षाका कुराजस्ता अधिकार कहाँ, कसलाई दिइनुपर्छ भन्ने कुराको स्पष्ट व्यवस्था गरिनुपर्दछ । तामसालिङ राज्यभित्रमा अरू जनताको अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ भन्नेबारेमा अल्पससंख्यक जनतालाई पनि अग्रस्थानमा राखिनुपर्छ ।

उत्पादनको भूमि पहिचान गरिनुपर्छ । त्यसको आधारमा पनि देशलाई विभाजन गर्न सकिन्छ । प्राकृतिक स्रोत-साधनमा आदिवासी जनजातिको अग्राधिकारको कुरा आईएलओले भनेको छ, त्यसलाई लागू गर्नुपर्छ । यसका साथै अरू जातजातिलाई पनि समान रूपमा सहभागिता गराउनुपर्छ ।

राज्य पुनर्संरचना गर्दा अहिले नेपालको दक्षिणी भूभाग जुन उत्पादनको स्रोत हो र पहाडी क्षेत्रमा उत्पादन कम हुने हुनाले यी सबै क्षेत्रलाई मिलाउनु आवश्यक छ । जनसंख्याको





आधारमा रामेछापका केही भागलाई अरू जिल्लामा गाभ्ने कुरा भइरहेको छ । नमिलेका ठाउँलाई अरू जिल्लामा मिलाउन सकिन्छ । तर, यसरी मिलाउँदाखेरी त्यहाँका प्राकृतिक स्रोतसाधन याद गरिनुपर्छ । यसबाहेक जनतालाई कहाँ सुविधा हुन्छ भन्ने कुराको पनि याद गरिनुपर्छ । गुम्देल, बेथान, रामपुरसम्मका कुरा छन्, त्यहाँको भौगोलिकतालाई पनि ध्यान दिइनुपर्दछ ।

**सहजीकरण गर्दै** : रामेछापको कार्यक्रममा प्रिती, गुम्देल, वाम्तीभण्डारजस्ता गाविसलाई रामेछापमा राख्नुको कुनै आधार र उपयोगिता नभएको कुरा आएको थियो । कि त दोलखा वा यी सबैलाई मिलाएर जिरी वा अन्य कुनै क्षेत्रमा जसमा केन्द्र परोस् भन्ने कुरा आएको थियो, यसमा के भन्नुहुन्छ ?

**मोतीलाल** : क्षेत्रीयताका हिसाबले प्रितीभन्दा माथिका गाविसलाई पायक पर्ने ठाउँमा केन्द्र गठन गर्न सकिन्छ । किनकि, कसरी हुन्छ नजिकमा जनतालाई सुविधा उपलब्ध हुनुपर्‍यो ।



*मन्थली बजारमा भएको छलफलमा आफ्नो विचार राख्दै स्थानीय बासिन्दा*

**झम्क कँडेल (बार एसोसिएसन)** : अहिले जनताबाट गएका प्रतिनिधिलाई संविधान लेख्ने सुनौलो अवसर छ । संघीय गणराज्य नेपाललाई राज्य पुनर्संरचना गर्दा पहिचानको आधार लिन सकिन्छ होला । जातीय, आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, ऐतिहासिक,

भाषिक र साँस्कृतिक, प्राकृतिक स्रोत-साधनका आधारमा पनि राज्य सञ्चालन गर्न सकिन्छ। प्राकृतिक स्रोत-साधनको सामर्थ्यको कुराले गर्न सकिन्छ। जातीय आधारको कुरामा आइएलओ १६९ को कुरा गर्दा जातीय स्वशासन र अग्राधिकारका कुरा आए। यसमा आइएलओ १६९ कुरा गर्दा जल, जमिन र प्राकृतिक स्रोत-साधनमाथि जनताको पहुँच हुनुपर्दछ भन्ने कुरा हो। यो सधैँ सम्भ्रान्त वर्गको हातमै रह्यो जो गरिखाने वर्ग हो ऊ सधैँ पछाडि नै रह्यो। किसानले खेत जोत्छ, खेत उसैको नाममा हुनुपर्दछ। जंगल उसैको नाममा हुनुपर्‍यो।

**सहजीकरण गर्दै** : जल, जमिन, जंगललगायतका प्राकृतिक साधन-स्रोतका कुरा सबैभन्दा महत्वपूर्ण श्रम हो भन्नुभयो। यो बीचमा कुनै सन्तुलनका उपाय छन् ?

**झम्क** : मूल कुरो त श्रम गर्ने श्रमिकको सम्मान हुनुपर्दछ। स्रोत-साधनमा श्रमिकको जो आदिवासी धेरै छन्, जो गरिखानका लागि साधनविहीन छन्, त्यही उद्देश्यले नै यो अभिसन्धि आएको हो। त्यसमा राजनीतिक अग्राधिकारको कुराचाहिँ अलिकति घातक लागिरहेको छ। तामसालिङमा तामाङको छोरो मात्र मुख्यमन्त्री हुने भन्ने कुरा मानवअधिकारको विश्वव्यापी घोषणापत्रसँग बाभ्भिन गएको छ। भोलि त्यहाँ जन्मिएको पहरीको छोरो, हायुको छोरो, थामीको छोरो पनि त्यो प्रदेशको मुख्यमन्त्री हुन पाउनुपर्छ। केही राजनीतिक पार्टीले जातीय राज्यको घोषणा गर्दै हिँडेका छन्। यसले संविधानको अपव्याख्या गरेको छ। कुनै पनि जिल्लामा कुनै एक जातको बहुमत छैन। नेपाल १०२ जातिको राष्ट्र हो, सबैलाई दिने हो भने कति राज्य बनाउने ? जातीय आधारमा जानु एकदमै घातक छ। माओवादीले जातीय राज्यको सुरुवात गरेपछि एमाले पनि सातवटा जातीय राज्य बनाउने कुरा गरेको छ। सबैले गल्ती गरेका छन्। जातीय आधारमा नामाकरण गरिनुहुँदैन। यो देश नौवटा जातिको मात्र देश हो र ? फेरि हामी त्यही जातको गुलामी गर्न जाने ? त्यसैले जातीय अधिकारको कुराले भोलि द्वन्द्व निम्त्याउँछ। प्रत्येक जातिको सहभागिताको कुरो छ, जातीय समानुपातिक आधारमा प्रतिनिधित्व गर्न सकिन्छ। प्रतिस्पर्धाका आधारमा नेतृत्व गर्छ, क्षमता हुनेले काम गर्छ। सबैले न्याय पाऊन्, समानतामा आधारित जनउत्तरदायी सरकार बनाउनुपर्‍यो।

**सहजीकरण गर्दै** : यो कुरा गर्नका लागि तपाईंसँग केही उपाय छन् ?

**झम्क** : लोकतान्त्रिक गणतन्त्रलाई प्रत्याभूत गर्न, लोकतान्त्रिक शासनव्यवस्था सञ्चालन गर्न स्वतन्त्र प्रेस, स्वतन्त्र एवं सक्षम न्यायालय, बहुदलीय प्रतिस्पर्धालगायतका कुरा लोकतान्त्रिक राज्यले व्यवस्था गर्न सक्छ। लोकतान्त्रिक व्यवस्था नागरिकबाट निर्वाचित जनउत्तरदायी सरकार, जुन जनताबाट चुनिएका विधायिकाले बनाउँछन्। राज्यको स्वरूप बनाउँदा केन्द्रीय सरकार, प्रान्तीय सरकार, स्थानीय सरकार हुनुपर्दछ। स्थानीय सरकारमा सबै कार्य गर्ने अधिकार दिइनुपर्दछ। स्थानीय जनतालाई अधिकार दिइनुपर्दछ। स्थानीय स्तरमा अदालत हुनुपर्छ। मैले मेरो गाउँमा कालो कोट लगाएर बहस गर्न पाउने हुनुपर्दछ। गा.वि.स.मा पासपोर्ट बनाउन पाइयोस्। यसले गर्दा जनतालाई सेवा-सुविधा नजिकै उपलब्ध





हुँदा राम्रो हुन्छ। ८०० जिल्लाको अवधारणा पनि मलाई मन परेको छ। केही गा.वि.स.लाई सरकारी केन्द्र बनाइनु राम्रो हो।

रामेछाप प्राकृतिक स्रोत-साधनले भरिपूर्ण छ। लिखु, खिम्ती, तामाकोसीलगायतका जल, जमिन, जंगल आदिले भरिपूर्ण छ। राज्यको पूर्वाधार सबै गाउँमा पुर्‍याइनुपर्‍यो। अब नयाँ नेपाल बनाउन नयाँ खनियाँपानी, नयाँ फुलासी बनाउनुपर्‍यो। त्यसका लागि स्थानीय सरकार क्रियाशील हुनुपर्‍यो। टोकरपुरमा बस्ने, दोरम्बामा बस्ने र डडुवामा बस्ने थामी दाइलाई सिंहदरबारको सरकार जसले बनाए पनि त्यो देख्न नपाउँदा रहेछन्।

बाठामात्र त्यहाँ पुग्दा रहेछन्। प्रान्त र केन्द्र त भयो तर स्थानीय तह कस्तो बनाउने भन्ने कुरामा बहस पुगेको छैन। स्थानीय सरकारमा सबै जातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्दछ। रक्षा, सन्धि-सम्झौतालगायतका कुरा केन्द्रले गर्नुपर्छ। अरू अधिकार स्थानीय निकायमा हुनुपर्दछ। जस्तो, स्थानीय स्रोत-साधनमा पहिलो अधिकार स्थानीय निकायको हुनुपर्दछ। स्रोतमाथिको पहुँचमा श्रमिक अधिकार हुनुपर्दछ। म त यो प्रदेशको नाम शैलुङ प्रदेश वा शैलुङ राज्य बनोस् भन्छु। यसै वरपरका काभ्रे, दोलखा, सिन्धुपाल्चोकलगायत जिल्लालाई मिलाउनुपर्दछ र त्यसका लागि दोरम्बा केन्द्रबिन्दु बनाइनुपर्दछ।

**तारानारायण श्रेष्ठ, (सभासद्, रामेछाप–१)** : यहाँ जुन विषयवस्तुमा छलफल भएको छ, यो राम्रो छ। यो भोलि कतिसम्म माथि पुग्छ र यसले के-कति स्थान पाउँछ भन्ने भोलिको कुरा हो। यो बहसलाई सूक्ष्म ढङ्गले हेर्दा हामीबीचमा धेरै अन्तरविरोध छ। यो हटाउन जसले कुरा उठाए पनि समर्थन गर्नुपर्छ। गलत काम जसले गरे पनि विरोध गर्नुपर्छ। सही कामको उचित मूल्यांकन गर्नुपर्दछ।

हिजो संविधानसभादेखि गणतन्त्रको मागसम्म माओवादी एक्लो थियो तर आज एक्लो छैन। सबैले त्यो स्वीकारिसकेको अवस्था छ। पहिलो कुरो, संविधान निर्माण गर्ने हो तर कसरी गर्ने भन्ने मूल हो। हामीले आज यी कुरा उठाउन सकेनौं भने सयौँ वर्ष पछाडि पर्छौं। यो देशको अन्तरविरोधलाई पहिला हल गरिनुपर्दछ अनि मात्र अरू अन्तरविरोध हल गर्न सकिन्छ। अहिलेसम्म देखिएका अर्न्तविरोध ६ वटा छन्। जातीय, लैंगिक, भाषिक, वर्गीय, क्षेत्रीय र वर्णाश्रमका आधार र क्षेत्रीय अन्तरविरोधको अन्त्य गरेमा ९० प्रतिशत समस्या समाधान गर्न सकिन्छ। यो अन्तरविरोध हल गर्न सकिन्छ कि सकिँदैन, यहाँ पुरुषको सम्पत्तिमाथिको हक, महिलाले सम्पत्तिमाथिको अधिकार पाउने कि नपाउने ? केही टाठाबाठाले शासन गर्ने, अरूले गर्न पाउने कि नपाउने ? केही यही बसेर शासनव्यवस्था चलाउने अरू टाढाकाले त्यो कार्य नजिकै गर्न पाउने कि नपाउने ? कोही यही मन्थली बसेर प्रशासनिक कार्य गर्ने कोही चार दिनसम्म हिँडेर आउनुपर्ने यो अन्तरविरोध हल गर्ने हो भने अरू कुरा छैन जस्तो लाग्छ मलाई।

अहिले राज्य पुनर्संरचनाबारेमा तीनवटा कोणबाट कुरा आइरहेको छ। एउटा,

यथास्थितिवादी कोण जसले अहिले जे छ त्यो ठीकै छ, यसलाई चलाउँदा जाति लड्ने भो, भूगोल लड्ने भो, क्षेत्र लड्ने भो, प्राकृतिक सम्पदा बाँडफाँड गर्न गाह्रो हुने भो भन्ने छ। हिजो जे थियो त्यो ठीक भएको भए त नयाँ ढङ्गबाट जान आवश्यक नै पर्दैनथ्यो। त्यसैले पुराना कुराले काम नगरेका कारण नयाँ कोणबाट हेर्नुपर्ने भइरहेको छ। यसैमा केन्द्रित भएर यो कार्यक्रम भइरहेको छ।

मेलै भनेका पाँचवटा कुराको सम्बोधन हुनुपऱ्यो। सेवा-सुविधा टाढाबाट नजिक कसरी ल्याउने, तल्लो जातिलाई कसरी उपल्लो स्तरमा ल्याउने, कम आम्दानी हुनेलाई र बढी आम्दानी हुनेलाई कसरी समान बनाउने भन्ने हो। दुई खुट्टा भएको र एक खुट्टा भएको मानिसबीचमा सँगै दौड गराएर कहीँ प्रजातन्त्र हुन्छ, कहीँ प्रतिस्पर्धा हुन्छ ? त्यो त समानता भएन। असमान होइन, समान जातिका बीचमा मात्र प्रतिस्पर्धा हुनुपऱ्यो। कमजोर जाति र उच्च जातिका बीचमा प्रतिस्पर्धा गराएर आइज, चुनाव लडौँ भनेर मात्र जाति, जनजाति, महिला, पछाडि परेका वर्ग आउँछन्/आउँदैनन् ? आज पनि हिजोजस्तो बुर्जुवा प्रजातन्त्र जस्तो गरेर आउँछन् त ? आउँदैनन्, अबचाहिँ आउने होइन ल्याउन खोजिएको हो। त्यो ल्याउने कसरी भन्ने कुरा हो। अन्तरविरोधको हक हो। पुरुषको सम्पत्तिमाथि हक हुने, महिलालाई नहुने, कोहीका छोरा सबै डिग्री पास गर्ने कोहीका छोराछोरी पढ्न नपाउने, कोहीको घरमा ५ वटा जागिर भएको कोही बेरोजगारी भएको। यस्तै अन्तरविरोध हल गर्ने कुरा नै हो। त्यसैले यस्ता अन्तरविरोध अन्त्य नभएका कारण समान गराउन र अन्त्य गराउनका लागि गरिरहेको प्रक्रिया नै यो हो ।

राज्य पुनर्संरचना गर्ने कुरामा संघ, प्रदेश र स्थानीय निकाय तीनवटा तह हुने सैद्धान्तिक सहमति राजनीतिक पार्टीहरूबीचमा भएको छ। अरू कुरामा सहमति भइसकेको छैन। यी सबै अन्तरविरोधको हल के गरी हुन्छ भने १०५ देखि १०२० सम्म इलाका बनाउने, करिब १०५ देखि ११५ जति जातीय स्वायत्त इलाका दिने किनकि कसैले खाली पाखोलाई दुःख गरेर खेत बनाउँछ भने किन त्यो खेतको नाम रामबहादुर खेत नराख्ने भन्ने हो तर त्यहाँ निर्वाचन पूर्ण समानुपातिकका कुरा उठाएकाले नाम जे भए पनि केही भएन नि। जस्तै, तामाङ ५०० छन्, बाहुन २०० छन्, नेवार ३०० छन् भने ५०० हुनेको ५ जना, २०० हुनेको २ जना, १०० हुनेको १ जना गरी सबैको प्रतिनिधित्व सुनिश्चित हुन्छ । त्यहाँ बहुमतकै निर्णय हुन्छ। निर्वाचन हुँदा बहुपदीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली। राजनीतिक अग्राधिकारका कुरा गर्दा असमान हुन्जेलसम्म मात्र हो। समान स्थानमा आएपछि त उनीहरूलाई अग्राधिकार दिनुपर्दैन ऊ आफैँ सक्षम भइहाल्छ नि। हामीले भनेको जातीय राज्यमा अग्राधिकार त अरूको स्तरसम्म नआउन्जेलसम्मका लागि मात्र हो। यसमा विखण्डन हुन्छ, अनेक हुन्छ भनेर डराउनुपर्ने कुनै कारण छैन।

अल्पसंख्यक, सीमान्तकृत जातिलाई माथि पुऱ्याउन उसलाई आरक्षणको कुरा पनि





छ। जसले गर्दा बोल्न नसके पनि ऊ निर्णय गर्ने तहमा पुग्छ भन्ने हो।

**सहजीकरण गर्दै** : कुन समय बसोबास गरेकोलाई आदिवासी भनेर निर्धारण गर्ने र कसरी भन्ने हो। निर्धारण गर्ने तरिका र पद्धति केही छन् ?

**तारानारायण** : सुरुदेखि बसोबास गर्दै आएका जनता नै आदिवासी भन्ने चलन छ। तथ्य र प्रमाणका आधारमा फेरि पनि बहस गर्न सकिने भयो। परिभाषाले समेटेका कुरालाई मात्र समेट्छ।।

**सहजीकरण गर्दै** : तामसालिङमा बसेका खस आदिवासी हुन् कि होइनन्, मगराँतमा बसेका तामाङ, किराँतमा बसेका मधेसीलगायत आदिवासी हुन् कि होइनन् भन्ने कुरा आएको छ ? किनकि, नेपाल भनेको बसाइसराइँबाट बनेको देश हो भनिन्छ। यसमा के हुन्छ ?

**तारानारायण** : इतिहास र समयसीमाको स्पष्ट व्याख्या भएपछि यस्तो कुराको निर्णय हुन्छ। मेरो विचारमा ती सबै आदिवासी हुन्। स्थानीय सरकारको कुरा गर्दा भाषिक, जातीय, क्षेत्र, प्राकृतिक सम्पदालगायतका कुरालाई र सामीप्यताका आधारमा स्वायत्त इलाका बनाउन सकिन्छ। मानौँ, वरपर माझीको ५/७ वटा गाविसमा बहुमत छ भने उसले चलाउँछ, अरूले मरिहत्ते गर्नुपर्छजस्तो लाग्दैन किनकि त्यसको पहिचान पनि हुन्छ र अरूको अधिकार पनि आफ्नै ठाउँमा छदै छ। स्थानीय निकायलाई इलाका भन्ने कि वडा भन्ने कि गाविस भन्ने कि भन्ने कुरामा राजनीतिक दलका बीचमा निर्णय भएको छैन, यो सबैको सरसल्लाहले मात्र हुन्छ। स्थानीय निकायमा सबै अधिकार हुनुपर्दछ भन्ने हाम्रो पार्टीको धारणा हो। मानौँ यो माझी स्वायत्त इलाका भयो, यसको पुलिसलगायतका कुरामा माथिको आदेशले चल्नुपर्दछ तर स्थानीय निकायको अधिकार भएमा ऊ स्थानीय जनताप्रति उत्तरदायी हुन्छ। यहाँ पुलिस कसले चलाउँछ ? माथिको आदेश आउँछ, नमानेमा जागिरको सवाल छ। स्थानीय सरकारलाई त्यो परिचालन गर्ने अधिकार दिइएमा भोलि ऊ स्थानीय निकायप्रति उत्तरदायी हन्छ।

नियुक्ति गर्ने अधिकार प्रान्तमा दिइनुपर्छ। राम्रो र सक्षम छान्नका लागि लोकसेवा आयोगजस्ता स्वतन्त्र आयोग बनाएर नियुक्ति गर्ने व्यवस्था गर्न सकिन्छ। लेकमा हिउँ पर्छ, तर मन्थलीमा त्यो शिक्षा दिएर के गर्ने ? काठमाडौँमा हलो बनाउने सीप सिकाएर के काम ? त्यसैले यस्ता कुराहरूको व्यवस्था गर्ने काम स्थानीय निकायलाई दिनुपर्दछ। शैक्षिक नीति, प्रहरी परिचालन, कर्मचारीको नियुक्ति, यहाँ उठेको कर कति प्रतिशत दिने ? यो कुरा संविधानसभामा पनि उठेको थियो। यहाँको स्रोतसाधनबाट उठेको पैसा कसले कति पाउने भन्ने कुरा पहिलो अधिकार स्थानीय निकायलाई दिइनुपर्छ। पुनर्संरचनाका विषयमा केन्द्र, संघ , प्रदेश, स्थानीय निकाय भए पुग्छ। केही सीमित अधिकार केन्द्रमा राखेर स्थानीय निकायलाई विशेष अधिकार दिइनुपर्छ।

तलका निर्णयलाई माथिकाले अनुमोदन गर्ने हुनुपर्छ। सबै अधिकार स्थानीयस्तरमा

मात्र नराख्ने केही अधिकार केन्द्रमा पनि हुनुपर्छ । देश टुक्रिने अवस्था, युद्ध नै हुन लागेमा वा संकट परेमा निर्णय केन्द्रीय सरकारले गर्न पाउने व्यवस्था हुनुपर्छ ।

मेरो निजी विचारमा यो मन्थली गाउँमा प्रत्येक जातिले आफूले आफ्नो नेता आफैँले चुन्ने जस्तो महिलाका लागि महिलालाई नै चुन्न दिने । यसरी ९ वडाबाट १८ जना आउँछन् । ती महिला गाउँ सरकारमा पठाउने नेतृत्व चुन्ने र ती संघमा भएका महिलाले क्षेत्रीयमा पठाउने निर्णय र क्षेत्रीयले केन्द्रमा पठाउने यसले गर्दा महिलाको नेता महिलाले नै चुन्ने, दलितका लागि दलितले नै चुन्ने व्यवस्था हुन्छ । यदि पदमा पुगेर काम नगरेमा त्यसलाई फिर्ता बोलाउन पाउने अधिकार हुने व्यवस्था हुन्छ, त्यहाँभित्र जनजाति, दलितलाई अग्राधिकार हुन्छ । यसरी सबैको प्रतिनिधित्व सुनिश्चित हुन्छ जस्तो लाग्छ ।

**टंकप्रसाद दाहाल (जिल्ला शिक्षक युनियन, अध्यक्ष)** : संविधान निर्माण हुनुभन्दा पहिला, अहिले राजनीतिक दलले सिमानाका बारेमा जेजति खेल खेलिरहेका छन्, त्यसलाई समाप्त गरिनुपर्छ । पूरै नेपाल सिंगो हुँदा त दुईतिरका सीमाको कुरा मिलाउन सकेका छैनन् भने भोलि १०२० वटा इलाका भएमा त्यसको सीमा रक्षा कसले गर्ने ? कालापानीको रक्षा कसले गर्ने भन्ने कुरा आउँछ ।

यो कार्यक्रम राज्य पुनर्संरचनाका बारेमा छ । मलाई लाग्छ, प्रान्त, इलाका, केन्द्र र गाउँ भए हुन्छ । राज्यको नामकरण गर्ने कुरामा यहाँ धेरै कुरा आए । यदि जातिको चाहिन्छ भने अघि नै आएको शैलुङ प्रदेशको पछाडि वा ब्राकेटमा हायु, तामाङ, मगरलगायतका विभिन्न जातिको स्वायत्त लेखौँ न, नाम नै राख्नका लागि के भो र ? भाषाको कुरामा मिश्रित बसोबास भएको कारण नेपाली नै उपयुक्त हुन्छ जस्तो लाग्छ ।

अघि नै खनियाँपानीका एक महिलाले भनेझैं संविधान भनेको हामीलाई केही थाहा छैन । बिहान-बेलुका खान पाए पुग्छ । उहाँहरूलाई शिक्षा चाहिएको छ । राज्यको विभाजन भएपछि एक राज्यबाट अर्को राज्यमा जान भोलि पासपोर्ट चाहिने अवस्था नहोस् । अहिले युरोपभरि जुन देशमा गए पनि पासपोर्ट नचाहिने भएको छ । राज्यको सीमांकन गर्ने कुरामा खोलालाई सिमाना गराउँदा बर्सेनी सीमा परिवर्तन हुने खतरा हुन्छ, र छ पनि । तामाकोसीलाई सीमा मानेर राज्य विभाजन गर्दा भोलि तामाकोसी यता र उता जाने हुँदा सीमाको कुरामा झगडा हुन्छ । इन्डियाको काबेरी नदीको कथा सुनिरहेका छौँ । हिमाल, पहाड र तराई हुने गरी राज्यको पुनर्संरचना हुनुपर्दछ, किनकि हामीले तराई आन्दोलन भोगिरहेका छौँ । किन यसले पोल्यो भने इन्डियाबाट आउने सामानको नाका छ । महेन्द्र राजमार्गभन्दा दक्षिण बन्द गरेपछि कसरी चल्छ हेरौँ न भनेर यस्तो गर्दछन् । त्यसैले सबै प्रान्तमा तराई, हिमाल र पहाड परोस् । जनतालाई विश्वासमा लिन उनीहरूका कुरा बिझिदिनुपर्‍यो, उनीहरूका कुरालाई मान्यता दिनुपर्‍यो ।

राजनीतिक दलको काम गराइको गति बढाउनुपर्‍यो । यही तालमा संविधान बन्न





सक्दैन । तपाईंहरूले पालना गर्ने खालको संविधान ल्याउनुस्, खनियाँपानीकी महिलाले त सधैं मानिरहेकी नै छन् । शिक्षा, स्वास्थ्य, मौलिक अधिकारमा नै पर्छ । स्वायत्त राज्यमा कस्तो शिक्षा पाउन सक्ने भन्ने कुरा स्थानीयस्तरमा नै निर्णय गर्न पाइन्छ । तर, यसका लागि आवश्यक निर्णयचाहिँ केन्द्रमा होस् । यसले गर्दा निश्चित कुरा समान हुनेछ । पाठ्यक्रमको कुरामा केन्द्रले एउटा साझा बनाउनुपर्दछ र प्रान्त र स्थानीयस्तरमा कसैले प्रयोग गर्न चाहन्छ भने दिइनुपर्दछ । त्यो अधिकार प्रान्त वा स्थानीय निकायलाई दिइनुपर्दछ । भोलि नेपाल रहन्छ, नेपाली हुन के-के हुनुपर्दछ भन्ने जानेपछि मात्र शेर्पा हुन के-के हुर्नुपर्दछ भन्ने जान्ने कुरा हो । अहिले पनि स्थानीय भाषामा पठनपाठन गराउन पाउने अधिकार दिइएको छ । एउटा माझीको लिपि छ, त्यो आउँदैछ ।

**सहजीकरण गर्दै** : तपाईं रामेछाप जिल्लाका शिक्षकको प्रतिनिधित्व गर्दै हुनुहुन्छ, त्यस हिसाबले हेर्दा भोलि शिक्षकको कुरा गर्दा माध्यमिक शिक्षासम्म स्थानीय तहलाई दिने हो कि ग्र्याजुएसनसम्म प्रान्तलाई दिने हो कि वा विश्वविद्यालय केन्द्रमा रहने हो कि ? शिक्षकको



*मन्थली बजारमा भएको छलफलमा आफ्नो सुझाव दिँदै स्थानीय बासिन्दा*

सेवाको अधिकार स्थानीय निकायलाई दिने हो कि, के हुने ?

**टंकप्रसाद** : प्रान्तलाई नियुक्त गर्ने अधिकार दिइएन भने सक्षम शिक्षक नियुक्ति नहुन सक्छ । किनकि, अहिले देखिरहेको छ कि आफ्नो समुदायमा जस्ता मानिस भेटिन्छन्, त्यही राख्ने चलन हुन्छ, नत्र साइन्स पढाउने शिक्षक नपाइने हुन्छ । आफ्नी बुहारी जनसंख्या पढेकी छ भने त्यही नियुक्त हुने हुन्छ । त्यसले गर्दा सक्षम साइन्स पढाउने शिक्षकको अभाव सधैं भइरहने भयो । त्यसैले शिक्षक नियुक्ति गर्नेलगायतका अधिकार प्रान्तमै हुनुपर्दछ । कहाँ

कस्तो शिक्षक खटाउने हो ? उसैले गर्छ । स्थानीय निकायलाई मनिटरिङ गर्ने जिम्मा दिनुपर्दछ । विद्यालयको स्वीकृति दिने अधिकार इलाका वा जिल्ला तहमा हुनुपर्दछ ।

**टीका भट्ट** : (**सभापति, नेपाल पत्रकार महासंघ**) : खासगरी राज्य पुनर्संरचना गर्दा ४ तह हुनुपर्दछ जस्तो लाग्छ । केन्द्र, प्रान्त, जिल्ला र सेवा केन्द्रजस्तो हुनुपर्दछ, त्यसलाई स्थानीय सत्ताको नामाकरण गरेर प्राकृतिक सम्पदाजस्ता कुराको अधिकार त्यसलाई दिइनुपर्दछ । ठूला आयोजनाका कर राज्यले लिने र साना घरेलु र अन्य उद्योगका कर स्थानीयले उठाएर विकासमा लगाउन पाउने व्यवस्था हुनपर्दछ । राज्य पुनर्संरचना हुँदा भूगोलका आधारमा गरिनुपर्दछ, जातीय आधारमा नामांकन गर्नुहुँदैन । किनकि राजा-महाराजाका पालामा बिर्ता दिएजस्तो हुन्छ कि जस्तो लाग्छ । उतिबेला यहाँदेखि यहाँसम्म दिए भनेर दिन्थे र त्यो उसैको हुन्थ्यो । कुनै जातिको नाममा जाने हो भने भोलि त्यही अवस्था नआउला भन्ने छैन । सबै जनतालाई समान अवसर दिइनुपर्दछ । स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता कुरा मौलिक अधिकारका रूपमा ग्यारेन्टी गर्ने व्यवस्था सरकारले नै गर्नुपर्दछ ।

रामेछापको पुनर्संरचनाको कुरा गर्दा, सेवासुविधाका बारे कुरा गर्दा, ७ ठाउँलाई केन्द्र बनाइनुपर्छ । यसले गर्दा यहाँका नागरिकलाई सेवासुविधा हुन सक्छ । मेरो विचारमा उत्तरी बेल्टमा गुम्दे, बाम्ती, रसनालु, प्रीति, नामाडी, चचुरे, कुम्भुकास्तली, ठेसे, भुजी र गुप्तेश्वरलाई मिलाएर तामेडाँडामा केन्द्र बनाई सबै कुराको अधिकार दिए राम्रो हुन्छ । दोस्रो सैपु, दुरागाउँ, बिजुलीकोट, गोठगाउँ, खिम्ती, फर्पु, तिलपुङ, नागदहको भू-भागलाई धोबी क्षेत्रमा, देउराली, साँघुटार, हिमगंगा, रामपुर, ओखेनी, सालु, सुकाजो, रामेछापलाई ओखेनीमा, भलुवाजोर, मन्थली, सुनारपानी, कठजोर, चिसापानी, भटैली, पकरवास र भीरपानीलाई मन्थली वा भटैली क्षेत्रमा, मझौला, राकाथुम, खनियापानी, माकाथुम, बेथान, दोरम्बा, खाँडादेवी, हिलेदेवी, दिमेपोखरीलाई गाल्पा क्षेत्रमा, चनखु, पिंखुरी, फुलासी, गागल, डुडुवा, पुरानागाउँ, गेलुलाई, पुरानागाउँ बांगेसिमल क्षेत्रमा, टोकरपुर, लखनपुर, गौसरा र गुन्सीलाई लखनपुरको गुन्से क्षेत्रमा राख्न सकियो भनेर सबै जिल्लामा हुने सेवासुविधा त्यहाँ भएमा अहिलेको गाविसलाई दिने अधिकार वडामा दिँदा हुन्छ । यसमा पानी वा प्राकृतिक स्रोतमा जान सकिन्छ । भोलि राज्यको पुनर्संरचना गर्दा प्राकृतिक स्रोतको बाँडफाँडमा झगडा हुन्छ । रामेछापको मान्छे दोलखाको वनमा निर्भर छ भने मन्थलीको मानिस रामेछापको सामुदायिक वनमा निर्भर छ । मन्थलीको बासिन्दा मुगीटारको खेतमा निर्भर रहन्छ । यसले गर्दा भोलि सिमानाको कुरामा झगडा हुनसक्छ, ठूलो विद्रोह हुन्छ । भोलि कर्णालीलाई मात्र एउटा राज्य दिँदा त्यहाँका मानिसले के खाने ? कसले हेलिकोप्टर लगिदिने ? त्यसले गर्दा संघीयताको विभाजन गर्दा जातीय आधारमा होइन कि भौगोलिक आधारमा, त्यो पनि हिमाल, पहाड र तराईलाई मिलाएर गर्नुपर्छ ।

**विनोद पौडेल** (**नेपाल बुद्धिजीवी संगठन, अध्यक्ष**) : मलाई यहाँको यो छलफल





सुनिरहँदा के याद आयो भने मदनकृण-हरिवंशको टेलिसिरियलको स्कन्दजस्तो लाग्यो, जसमा डाकु हुँदाको फाइदाको कुराजस्तो भयो । यहाँ राष्ट्रिय स्वाधीनताका कुरा र अरू कुरा आइसकेका छन् । सबै कुराको छिनोफानो राज्यको स्वरूप के हुने भन्ने कुरामा भर पर्छ । केन्द्रीकृत प्रशासनलाई विकेन्द्रीकृत स्थानीय स्वायत्त शासन, समानुपातिकसहितको स्थानीय स्वायत्त शासन आदि कुनै शब्दप्रतिको वितृष्णा र आकर्षण नगरौं ।

कोही तामसालिङ नै चाहिन्छ भन्ने नगरौं, त्यसको कुनै अर्थ छैन, यो छलफलको कुरा हो ।

**रामबहादुर कार्की** (**सुनारपानी**) : नेपालमा नयाँ संविधान निर्माण हुँदैन । कसैको दुई तिहाइ हुने अवस्था छैन । सबै दल चारतिर फर्केका छन् । तर, पनि संविधान जनपक्षीय बन्नुपर्छ । सबै जनतालाई समेट्ने र अधिकार सुनिश्चित हुने, विभेदको अन्त्य, सबैलाई न्याय हुने महिला टाठाबाठा सबैलाई बराबर हुने सबैलाई न्यायमा पहुँच पुग्ने खालको हुनुपर्दछ । सबै जातिलाई समान हुनुपर्दछ । जातको कुराले फेरि विवाद निम्त्याउँछ । आदिवासी भनेको बाहुन-क्षेत्री पनि हुन् । सबै नागरिकलाई राज्यले समान व्यवहार गर्नुपर्छ । सबै अधिकार स्थानीय निकायलाई दिनुपर्छ ।

**चिनीमाया बल** (**स्वास्थ्यकर्मी, दोरम्बा**) : म पूर्णरूपमा आदिवासी जनजाति महासंघका अध्यक्षसँग सहमत छु । जातीय अग्राधिकारको कुरालाई संकीर्ण दायरामा नबुझ्नुहोला । उत्पीडनमा परेका वर्गलाई अधिकार दिनु राम्रो हो जस्तो लाग्छ । सक्षमले नेतृत्व गर्नुपर्ने कुराले द्वन्द्व घट्दैन, नयाँ हुँदैन किनकि हिजोको टाठाबाठा सधैं नै पहुँचमा हुने भए, फेरि पिछडिएका वर्ग सधैं पछाडि नै रहने भए । यसले त नयाँ कसरी बन्छ ? रोजगार, स्वास्थ्य, शिक्षा, गाँस, बास, कपासको व्यवस्था सबै नागरिकलाई अनिवार्य हुनुपर्छ । आजको द्वन्द्वको मुख्य कारण जातीय विभेद हो । अवसर नभएकाले द्वन्द्व बढेको हुँदा कसैलाई पनि विभेद गर्नु हुँदैन । यहाँ सोमालियामा जस्तो नहोस् । अग्राधिकार उत्पीडित वर्गलाई हुनुपर्छ भन्ने कुरा हो । उत्पीडित महिला र जनजातिले अग्राधिकार पाउनुपर्छ ।

**मनमाया खड्का** (**फुलासी**) : महिलाले बोल्दा कसैले नसुन्ने देखिन्छ । यसरी हेर्दा राजनीतिक दलमा पनि कमजोरी छन् । आफ्नो अनुहार ऐनामा हेरेपछि मात्र अरूको अनुहारबारे बोल्नुपर्छ । तीनवटा ढुंगा मिलेर मात्र चुलो बन्छ, चुलो भएपछि मात्र पकाएर खान पाइन्छ । त्यसैले सबै मिल्दैन भने तीन दल मिलेर पनि संविधान बनाउनुपर्दछ । राजनीतिक दर्शन आमासरह हो । आमाले आफ्ना बालबच्चालाई जसरी स्याहारसुसार गर्छिन्, त्यसैगरी संविधानले मात्र हाम्रो रक्षा गर्न सक्छ, नत्र भोलि समस्या आउँछ । आफूले आफैंलाई सोचेर दलले संविधान बनाउनुपर्छ । तीन चम्का भएनन् भने संविधान जारी हुन सक्दैन । हान-थापले संविधान बन्दैन । जसले रूख चढ्छ उसले खाने बानी गर्नुभएन, सबैले बाँडेर खानुपर्छ । देशको लालपुर्जा भनेको देशको संविधान हो, त्यो नभई केही गर्न पाइँदैन । सबैले

भनेको कुरा नअटाउन सक्छ । तर, सबैलाई समान हुने खालको संविधान लेखिनुपर्दछ । महिला धेरै पीडित छन् । उनीहरूलाई अगाडि बढाउनका लागि केही अवसर दिनुपर्दछ । अधिकारको कुरा गर्दा वर्ग छुट्याएर दिइनुपर्छ अनि मात्र अगाडि बढ्न सक्छन् ।

**खड्गबहादुर आलेमगर** (**नेपाल मगर संघ, अध्यक्ष**) : राज्यका आदिवासी-उत्पीडितलगायतका सबैलाई राज्यको सबै तहमा आर्थिक, राजनीतिक, सामाजिक क्षेत्रमा पहिलाको संविधानमा अवसर दिएका भए नागरिकले अहिले अधिकार खोजी गर्दैनथे । पञ्चायतकालदेखि प्रजातन्त्रकालसम्म आइपुग्दा पछाडि नै पारियो । अहिले हामी जनजातिका कुरालाई उठान गर्दैछौं, त्यसैले जातीय अधिकारका आधारमा राज्य संरचना गर्दा टुक्रिने हैन कि मजबुत हुँदै जानेछ । देश टुक्रिने कुराको विवाद हिजैको संरचना कायम राख्न आइराखेको हो कि भन्ने आशंका छ । जातीय संरचना माग्दैमा सर्वेसर्वा हुने होइन । सबैको अपनत्व हुने संरचना हुनुपर्छ । समावेशी, आरक्षण, विशेष आरक्षणलगायतका कुराहरू- अल्पसंख्यकलाई राज्यको नीतिनिर्माणमा समावेश गर्न ल्याइएको हो । संविधान नबने द्वन्द्व हुन्छ ।

संविधान बन्छ, कुनै विकल्प छैन । राज्यको नीतिनिर्माण र संरचनामा जाति, जनजातिलाई बाइपास गरियो भने फेरि विद्रोहको जन्म हुन्छ । बेलैमा सचेत हुनुपर्दछ ।

**कल्पना श्रेष्ठ** (**चिसापानी**) : संविधान निर्माणमा देखिएको खिचातानी खतरनाक छ । कतै विदेशीले हस्तक्षेप गरेर नेपाल नै नरहने अवस्था आउने बेलासम्म हामी झगडा नै गरिरहने त होइनौं ? हामी सधैं जातजाति भनेर हिँडिरहेका छौं, मलाई लाग्छ, दुई जात मात्र छौं- महिला र पुरुष । पहिला हामी सबै नेपाली हौं । त्यसो भयो भने मात्र हामीले खोजेको जस्तै संविधान निर्माण हुन सक्छ । अहिलेदेखि नै महिला सहभागिता बढाउँदै लान सक्नुपर्छ । एउटै परिवारमा पनि छोरा र छोरीमा विभेद जारी छ । महिलाप्रतिको व्यवहारमा सुधार गरे मात्र महिला परिवर्तन हुन सक्छन् । अधिकार दिएर मात्र महिलाको उत्थान हुन सक्दैन । कानुनमा लेखिएको कुराले मात्र परिवर्तन सम्भव छैन ।

**कमला थापा** (**शिक्षक युनियन, मन्थली**) : हामी घाँस काट्छौं, हाम्रा लागि त्यही नै संविधान हो । त्यसैले महिलालाई अगाडि बढाउन आफ्नो अधिकार माग्न सक्ने हुनका लागि जनचेतना आवश्यक छ । हामी यत्तिको बहस गरिरहँदा धेरै महिलालाई थाहा नै छैन । कानुनमा जेसुकै लेखिए पनि महिला सहभागिता बढाउन शिक्षामा जोड दिनुपर्छ । महिला बलात्कार र बालबालिका अपहरणलाई रोक्न कानुनमा स्पष्ट व्यवस्था हुनुपर्दछ ।

**रामबहादुर रोका** (**सुनारपानी, नेपाल राष्ट्रिय दलित कल्याण संघ**) : संविधान निर्माण गर्दा दलितको सवालमा प्राथमिक तहदेखि डिग्रीसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था हुनुपर्दछ । रोजगारी, समानुपातिक प्रतिनिधित्व, प्राकृतिक स्रोतमा समान हक र दलितलाई अग्राधिकार उल्लेख हुनुपर्छ ।

**कुमार श्रेष्ठ** (**मन्थली, विद्यार्थी**) : यो विकट क्षेत्रमा कार्यक्रम ल्याएर यति जनचेतना





जगाइदिनुभयो यसका लागि यस क्षेत्रका मानिस आभारी छौं । नेपाल विविधताले भरिएको देश हो । यहाँ विभिन्न भूगोल छ, जाति छ, भाषा छ, त्यसैले संघ निर्माण गर्दा हिमाल, पहाड, तराई मिलाएर बनाउनुपर्छ । सबै क्षेत्रलाई समान हुने खालको भएमा भोलि झगडा हुँदैन । जातजाति, भाषाभाषीभन्दा पनि भौगोलिक रूपमा सीमा निर्धारण हुनुपर्छ । राज्यमा शासन ४ प्रकारको हुनुपर्छ । तल्लो निकायले प्रावि तहसम्मको शिक्षाको सबै अधिकार पाउनुपर्छ, शिक्षक नियुक्ति, तलबलगायतका कुरा जिल्लाले वा प्रान्तले निमाविसम्म, स्नातक र डिग्रीसम्म केन्द्रको अधिकार राख्न सक्छ । त्यो संविधानमा किटान गरिनुपर्छ । केन्द्रमा कति, क्षेत्रमा कति र प्रान्तमा कति भनेर किटान गरिनुपर्दछ ।

**विशुमान माझी** (**भलुवाजोर, माझी समुदाय**) : दलका नेताहरूले सोझा मूर्खलाई उचालेर भाँडभैलो मच्चाउँदैछन् । अहिले यस्तो नहोस् । जातीय हिसाबमा जाँदा नेपाल टुक्रिने कुरा आएको छ, नेपाल टुक्रिनुहुँदैन, सबैलाई घाटा छ । कुनै पनि नेताहरू साना जातका छैनन् । उनीहरूले अरूलाई छुवाछूत हुँदैन भने भने पनि साना जातका मानिसलाई आफ्नो घरमा छिर्न दिँदैनन् । यसरी पनि छुवाछूत अन्त्य हुन्छ र ? नेताहरूले जनतालाई आफू-आफूमा लडाउने काम मात्र गरिरहेका छन् । विकास गर्दा रहेनछन्, कुरामात्र गर्ने क्रम धेरै भयो, अब कार्यमा लाग्नुपर्‍यो । अहिले राज्यको कानुन छैन, जताजतै गुन्डागर्दी, दादागिरी मात्र छ । अहिले नेपाल सरकार आएपछि झन अशान्ति बढेको छ । नयाँ नेपाल बनाउने हो भने शान्त हुनुपर्छ । त्यसपछि मात्र अरू कुरा हुन्छ । जनजातिले विकासमा अवसर पाएका छैनन्, अवसरमा सहभागिता कसरी बढाउने भन्ने हो । दलले स्वार्थ हेरेर काम गर्छन्, आफ्नो मात्र स्वार्थमा हेरेर काम गर्ने हो भने नयाँ नेपाल बन्दैन । संविधान लेख्ने काममा बाहुन माथि छन्, के लेख्छन् थाहा छैन ।

**हिमाल ढुंगेल** (**मानवअधिकारकर्मी**) : अहिलेसम्म संघीयता जातीय वा क्षेत्रीय कुन आधारमा ठीक भन्ने कुरा आएको छ । जातीय नारा र जातीयतामा जानु सबैभन्दा घातक हुन्छ । पछाडि पारिएका जाति, जनजातिलाई राज्यका निकायमा सहभागिताको सुनिश्चितता गराइनुपर्दछ । उनीहरूको अधिकार सुनिश्चित गर्नु जरुरी छ । जातीय आधारमा संघीयता भयो भने त्यसले गृहयुद्ध निम्त्याउँछ । केही समयअघि रसनालु गा.वि.स.मा सुनुवार जातिको बीचमा बाहुन र क्षेत्री जातिलाई नकाटे, नसकेसम्म जनजातिको हक सुनिश्चित हुँदैन भनेर भाषण गर्नुभयो । यसले भोलि हामी एकआपसमा लड्ने भन्दा अरू केही हुँदैन, त्यस्तो नहोस् । क्षेत्रीयताको नेपालको संरचना अहिले नै सुन्दर रहेको छ । स्वास्थ्य, शिक्षाको मोडेल हेर्दा अहिलेको संरचना राम्रै छ । यद्यपि सेवा-सुविधा प्रभावकारी बनाउन केही कमजोरी छन् ।

अधिकार विकेन्द्रित भयो भने अरू कुरालाई ठूलो मान्नुपर्दैन । अहिले भइरहेका वडा, गा.वि.स. जस्ता निकायलाई अधिकार अरू बढाइदिए राम्रो हुन्छ । अघि नै टीकाजीले भनेजस्तै

गरी खास-खास क्षेत्रमा सेवाकेन्द्र राख्न पाए हुन्छ। संघीयताको अर्को खतरनाक पाटो प्राकृतिक स्रोतको बाँडफाँडमा छ, भोलि ठूलो समस्या आउन सक्छ। सुझाव संकलन गर्न आएका सभासद् गाउँ पुग्दा विशेष-विशेष बुँदामा राजनीतिक कार्यकर्ताले हस्तक्षेप गरे। आफैँ फर्म भरेर पठाएको अवस्था पाइयो । त्यसैले त्यो सुझाव ठीक छैन। जो सुझाव संकलन गर्न गएका हुन् उनीहरूले आफ्ना कार्यकर्तालाई फर्म छाडेर आए अनि समग्र गाउँको त्यही व्यक्तिले भरेर पठाएको पाइएको छ। यसले सबै जनताको रायसुझाव त्यहाँ (संविधानसभामा) पुगेको जस्तो मलाई लाग्दैन।

**पदमबहादुर लामा (रामेछाप अध्यक्ष, राप्रपा)** : अहिले जसले आफूलाई ठूला भने पनि राजनीतिक दल कुनै प्रमुख हैनन्। तीन दलले मात्र अभ्यास गरे भने अर्को तानाशाह जन्मिन्छ। त्यसैले सबै दल एक भएर जानुपर्छ। अहिले उठेको जनजाति, अल्पसंख्यक आदिको सवाल उठाइएन भने भोलि त्यही चतुर व्यक्तिले खेल्ने मौका पाउनेछन्। संविधान निर्माणमा अहिले उठेका सवाल सम्बोधन गरिए ५० वर्षसम्म जाला।

अन्तरिम संविधान जारी भएको ३ वर्षमा सातौँपटक संशोधन भएबाट स्वार्थ तीव्र छ भन्ने देखिन्छ। यही जमातले संविधान बनायो भने भोलि फेरि विवाद हुन्छ। जातजातिको अधिकार सुनिश्चित भएन भने १० वर्ष पनि संविधान टिक्न सक्दैन। भोलि अरूले खेल्न नपाउने गरी संविधान बनाउनुपर्छ। राज्य पुनर्संरचना गर्दा निर्णायक तहमा पहुँच नपुगेकाका लागि आरक्षणको व्यवस्था गरिनुपर्छ।

संघीयतामा जाँदा शासकीय स्वरूप ३ तहको हुनुपर्छ- केन्द्र, प्रान्त र स्थानीय निकाय। स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाइनुपर्दछ। जातीय आधारमा संघीयताभन्दा पनि पछाडि परेका जातिलाई राज्यको निर्णायक क्षेत्रमा जाने निश्चित कोटा हुनुपर्दछ किनकि उनीहरू प्रतिस्पर्धा गर्न सक्दैनन्। ३-४ गा.वि.स. मिलाएर स्थानीय सत्ता बनाउनुपर्छ, जहाँ सबै प्रशासनिक काम हुन सकोस्।

प्रमुख दल सत्ताको होडबाजीमा लागेकाले संविधान निर्माणमा शंका गरिँदैछ। सत्ता र निर्णायक तहमा नपुगेका वर्ग, जातजातिलाई आरक्षण व्यवस्था भए राम्रो हुन्छ।

**कृष्णबहादुर महत, (नेपाली कांग्रेस, जिल्ला कोषाध्यक्ष)** : संविधान बन्ने हो कि होइन भन्ने शंका यहाँ धेरै उठेको छ। संविधान बन्नु नै पर्छ र बन्छ भन्ने लाग्छ। शान्ति प्रक्रियालाई टुंगोमा लाने, दण्डहीनता अन्त्य गर्ने, विस्थापितलाई स्थापित गर्ने, लडाकु व्यवस्थापन गर्ने काम संविधान निर्माण हुनुअगावै हुनुपर्छ।

जातीय आधारमा राज्य निर्माण गर्दा जातीय विद्रोह हुन्छ। भौगोलिक आधारमा राज्यको निर्धारण हुनुपर्छ तर त्यसका लागि पनि साधनस्रोतको आधार मुख्य हुनुपर्छ। केन्द्र, प्रान्त, जिल्ला र गाउँ सरकार बनाइनुपर्दछ। पिछडिएका वर्गको विशेष अधिकार हुने कुरा लेखिनुपर्दछ। आदिवासी, लोपोन्मुख जातिको शिक्षा, स्वास्थ्यमा विशेष अधिकार हुने कुराको





ग्यारेन्टी गरिनुपर्छ। लोप हुन लागेको संस्कृति, भेषभूषा जगेर्ना गर्नुपर्छ। विशेषाधिकारको व्यवस्था गरिनुपर्छ। यो रामेछापको तल्लो वर्गको आवाज हो भनेर संविधानसभासम्म पुऱ्याइदिनुहोला।

**दिलीप चापागाईं, (स्थानीय विकास अधिकारी, रामेछाप)** : अब बन्ने संविधानप्रति विमति आएका छन्। राष्ट्रिय अस्मिता, अखण्डतालगायतका कुरामा आँच नआओस्। यहाँ सबैको आवाज हाम्रो संविधान बनोस्, राम्रो संविधान बनोस् भन्ने आएको पाइएको छ। संघीयतामा आवश्यक कुरा नागरिकले सपना देखेपछि डिजाइन गर्ने काम सांसदको हो। सबै नागरिक र जातजातिले आफ्नो संघीयता हो भन्ने अपनत्वबोध हुने खालको संघ हुनुपर्छ। कसैले मेरो अग्राधिकार मेरो नामको हो भन्ने नभई सबैको हो भन्ने हो। सार्वभौमसत्ता, अखण्डता आदिमा आँच आउनुहुँदैन। प्राकृतिक स्रोतको पहुँचमा सुनिश्चितता हुनुपर्छ। मेलमिलाप, सद्भाव संघीयतामा अटाउनुपर्छ। राज्य, केन्द्र, प्रदेश वा प्रान्त र स्थानीय निकाय गरेर बनाए हुन्छ। पुनर्संरचनाको सवाल हिजो पछाडि परेकालाई अगाडि ल्याउनुपऱ्यो भनेर आएको हो। त्यसैले प्रादेशिक सरकारभन्दा पनि स्थानीय सरकारलाई सबल बनाउनुपर्छ। अनि नागरिक हक सुनिश्चित हुन्छ।

समन्वय, अनुगमन, प्रणाली बनाउने, सुरक्षा आदि केन्द्रलाई र स्रोत-साधनलगायत शिक्षा, स्वास्थ्यको अधिकार आदि विकासका कुरा गर्ने अधिकार प्रदेशलाई हुनुपर्छ। स्थानीय सरकार केवल सेवा दिने कुरामा केन्द्रित हुनुपर्छ। राष्ट्रिय प्राथमिकताका आयोजनामा केन्द्रको अधिकार हुनुपर्छ तर अधिकारमा लाभ स्थानीयको हुनुपर्छ। यद्यपि मुहान मेरो हो भनेर रोक्न स्थानीय सत्ताले पाउनुहुँदैन। मुहानमा होइन कि लाभमा स्थानीयको पहिलो अधिकार हुनुपर्दछ।

**दिलीप लामिछाने (कामु प्रजिअ, रामेछाप)** : मैले दिनभरि कुरा सुनेँ, केही कुरा बुझ्ने मौकाँ पाएँ र मैले भन्ने कुरा यहाँ सबै आइसकेको छ। यी सबै कुरा सम्बन्धित ठाउँमा पुऱ्याउनुहुन अनुरोध गर्दछु।

**बाबुकाजी कार्की (गा.वि.स राष्ट्रिय महासंघ, केन्द्रीय सदस्य)** : गाविस राष्ट्रिय महासंघ कहाँनेर चिन्तित छ भने आजसम्म स्थानीय निकायको गठन हुनसकेको छैन। जनताले सरकार जनताको घरदैलोमा पाउने कुराको ग्यारेन्टी संविधानमा हुनुपर्दछ। भोलि प्रान्तले देला, क्षेत्रले देला भनेर पन्छ्याउनुहुँदैन त्यसैले यस्ता कुराको स्पष्ट व्यवस्था हुनुपर्दछ। स्थानीय निकायमा आउने स्रोतको उपयोगमा उचित ध्यान जानु जरुरी छ। जनताले सरकार घरदैलोमै पाउनुपर्छ भन्ने हाम्रो धारणा छ।

**भरतबहादुर खड्का (डोटी जिल्लाका पूर्वसभापति तथा जिविस महासंघ नेपालका केन्द्रीय सदस्य)** : परिपक्व ढंगले राष्ट्रिय एकता, अखण्डतालाई असर नपारी राज्य पुनर्संरचना कायम गरिनुपर्छ भन्नुभयो। सामाजिक सद्भाव नबिगारी पुनर्संरचना गर्ने विचार परिपक्व छन्।



मन्थली बजारमा भएको छलफलमा आफ्नो सुझाव दिँदै स्थानीय बासिन्दा

राज्य पुनर्संरचना परिपक्व ढंगले व्यवस्थापन गर्न सकियो भने सहज ढंगले हामीले कल्पना गरेको कुरामा पुग्न सक्छौं । सबै जातमा मेरो जातको सुनिश्चितता हुन्छ कि हुँदैन भन्ने चिन्ता छ, त्यो स्वाभाविक छ, त्यसलाई नेतृत्वले सोच्नुपर्छ । कसैलाई राज्य टुक्रा पार्ने इच्छा छैन । नेतृत्व गर्नेहरूले यी दूरदराजका आवाजलाई दृष्टिगत गरी कार्य अगाडि बढाएमा अवश्य पनि हामी सफल नेतृत्व दिन र सबल लोकतान्त्रिक संविधान तथा सबल राज्य निर्माण गर्न सक्छौ ।

हिजो हामीले लोकतन्त्रका लागि लडाइँ गरेका हौं । लोकतन्त्रमा सबै चिज आफैं समावेशी हुन्छ, त्यहाँ सबैको हक निश्चित हुन्छ । हामीलाई पनि त्यस्तै शासनव्यवस्था चाहिएको हो । यहाँ कोही पनि विखण्डन चाहनुहुन्न । सबैको चाहना नेपाललाई कसरी अगाडि बढाउने भन्ने नै हो जस्तो मलाई लाग्छ । लोकतन्त्रभित्र सबैलाई अधिकार र अवसर हुन्छ । संघात्मक परिवर्तनका लागि मात्र होइन त्यो सिर्जना र उत्पादनका लागि हुनुपर्छ । परिवर्तन प्रगतिका लागि हुनुपर्दछ । क्रान्ति त्यसै गरिँदैन ।

नेपाल संघात्मकमा जाने कुरा निश्चित भइसकेको छ, हामी त्यसलाई रोक्न सक्दैनौं । स्थानीय सरकार मजबुत बनाएनौं भने संघात्मकमा गएर मात्र केही हुँदैन । नेपालजस्तो गरिब मुलुकमा १५-२० प्रदेश बनाउँदा त्यसलाई थेग्न सक्छौं कि सक्दैनौं त्यो एउटा पाटो





छ । त्यसैले बरु ५-७ वटामा मात्र जाऔं । त्यसलाई सन्तुलित तरिकाले मिलाएर लैजाऊँ । सामान्यभन्दा सामान्य जनताको सरकारसँग सम्बन्ध हुनुपर्दछ । गरिब, किसान, जनजाति, पिछडिएका वर्गले सम्मानित तरिकाले बाँच्न पाउने आश गरेका छन् । स्थानीय निकायलाई मजबुत बनाउन सकेनौं भने त्यो आजको भन्दा भोलि दुर्दशा भोग्नुपर्नेछ । स्थानीय सरकारलाई संवैधानिक रूपमा मजबुत जनताको सरकार, जवाफदेही सरकार र जिम्मेदारी सरकारको ग्यारेन्टी हुने गरी गएनौं भने जनताले पाउने सेवा-सुविधालगायतका कुरा, भोलि शिक्षाको कुरा, पहिचानको कुरा, गरिबी न्यूनीकरण, आर्थिक सबलीकरण नगरी कुनै जातजाति प्रतिस्पर्धामा आउनै सक्दैनन् । एकचोटि कुनै जातलाई प्रधानमन्त्री दिएर मात्र उसको जात माथि आउँदैन होला । व्यक्तिविशेषको उन्नति होला तर समग्र सबैको उन्नति नभई कुनै पनि जातजाति अगाडि बढ्न सक्दैनन् । त्यसैले रुपान्तरणका लागि गुणस्तरीय शिक्षा र आर्थिक सबलीकरण गर्नका लागि स्थानीय निकायलाई संवैधान ग्यारेन्टी गरिनुपर्दछ । अहिले संविधान बनिसकेको छैन, त्यसैले खुला हृदयले छलफल गरौं, पछि आउने कुरामा संशोधन गर्दै जाऔं । अवश्य पनि नयाँ नेपाल बन्नेछ ।

**सहजीकरण गर्दै** : तपाईंहरूले दिनुभएका सुझाव हामी माथि लैजानेछौं । यसमा तपाईंहरू सशंकित नभए हुन्छ । अहिले नै सभासद्ले भनेझैं हाम्रा बीचमा ५ वटा अन्तरविरोध छन् भन्नुभयो । यी अन्तरविरोध एकआपसमा सम्बन्धित छन् । एकलाई समाधान नगरी अर्कोलाई समाधान गर्न सकिँदैन । कालो पनि मन पर्छ, सेतो पनि मन पर्छ तर कालो र सेतोलाई मिलाएमा खैरो बन्छ । कतै हामी खैरोतर्फ त जाँदैछैनौं भन्ने कुरा आएको छ । कालो आफैंमा राम्रो छ, सेतो आफैंमा राम्रो छ । यसको आफ्नै विशेषता छ, यो मर्नुहुँदैन, हराउनुहुँदैन । विषय कसरी आए भने सशक्तीकरण पहिला कि समावेशी पहिला, वर्ग ठूलो कि जाति, विचार मुख्य कि पहिचान बन्धुत्व महत्वपूर्ण हो कि पहिचान, समानताचाहिँ लोकतन्त्र हो कि विशेषाधिकार हो जस्ता धेरै अन्तरविरोध आए । आखिरमा जानेचाहिँ लोकतन्त्रमै हो । राज्य संरचनाको छलफल यतिले पुग्दैन, अरू धेरै गर्न आवश्यक छ । यस्ता छलफल भइरहनुपर्दछ ।

**कैलाश ढुंगेल** (**पूर्व जिविस सभापति, रामेछाप**) : रामेछाप सदरमुकाम मन्थलीमा आएर छलफल गरिदिनुहुने तीनैवटा संस्थाका प्रतिनिधिलाई धन्यवाद दिन चाहन्छु । यो सभामा जिल्लाका प्रशासकदेखि सबैजनाको उपस्थिति छ, राम्रो हो ।

संविधान बन्छ, नबनी सुखै छैन त्यसैले चिन्ताको कुनै अवस्था छैन । कसैको मत के छ कसैको के छ ? गाई राम्रो कि गधा राम्रो भन्दाभन्दै गाई गधा बनेजस्तै हो । अघि नै कुरा आइसक्यो संविधान, पुनर्संरचना केका लागि भन्दा नेपाली जनताको समृद्धिका लागि हो । आमनेपाली जनताले यो मेरो हो भन्ने होस् । जन्मको आधार, जातको आधारमा विशेष अधिकार नभनी मेरो संविधान हो भन्ने सबैलाई समानुपातिक रूपको होस्, त्यो भलुवाजोरको

माझी समुदाय होस् या डडुवाको थामी समुदाय होस्, सबैलाई हुने खालको संविधान बनेर आओस्, हामीलाई पुग्छ । संघीयताबारेमा बहस जरुरी छ । आ-आफ्ना अभिव्यक्ति आएका छन् । त्यो नेपाली जनताको अधिकारका लागि होस् । अपनत्वको भावना सबैको होस् । सबैले मेरो संविधान भन्न सके भने पुग्छ । तर, हामी अलमलिएका छौं, लुकामारी र छक्कापन्जा भइरहेको छ । यसरी नै जाने हो भने टुंगोमा पुगिँदैन ।

संघीयताको नाम के दिने मुख्य कुरा होइन, नागरिकको हितमा छ कि छैन भन्ने हो । उखान जस्तै बिरालो कालो भए पनि सेतो भए पनि त्यसले मुसो मार्छ कि मार्दैन भन्ने कुरा हो । हामी मुसो मार्ने बिरोलाको खोजीमा लागौं, कालो र सेतोको झगडामा होइन । यहाँ तामसालिङ, मगराँत वा शैलुङ जे राखे पनि हुन्छ त्यसले केही फरक पार्ने छैन । नागरिकको हितमा संविधान बन्यो भने संघीयताको नामले केही फरक हुँदैन । अपनत्व हुने खालको संघीयता हुनुपर्छ । सेवा-सुविधा लिन नागरिक सदरमुकाममा हैन कि सदरमुकामको मानिसले नागरिकको घरदैलोमा सेवा दिन सक्यो भने मात्र नयाँ नेपाल हुन्छ । गौसराको मानिस अब नागरिकता बनाउन, पासपोर्ट बनाउन मन्थली आउने होइन मन्थलीबाट गौसरको नजिकै यस्ता कार्य गर्ने व्यवस्था हुनुपर्दछ । स्थानीय सरकारलाई बलियो बनाउनु आवश्यक छ । फलाम तातेको बेलामा ओदान बनाए पनि हुन्छ, खुकुरी बनाए पनि हुन्छ त्यसैले कस्तो बनाउने हो त्यो खुकुरी सेलाएपछि बनाउन सकिँदैन । यस्ता विषयमा धेरै छलफल, बहस भयो भने मात्र संघीयताले सही स्वरूप लिन सक्छ भन्दै यो सभा यही अन्त्य भएको घोषणा गर्दछु, धन्यवाद ।

◆◆◆



# नयाँ संविधान र राज्य पुनर्संरचनासम्बन्धी स्थानीय आवाजहरू जिल्ला : ओखलढुङ्गा




## ओखलढुङ्गा : बहस

# जिल्लाको परिचय

ओखलढुङ्गा जिल्लामा दुई वटा निर्वाचन क्षेत्र छन् । यहाँको कुल जनसंख्या १५७२३० रहेको छ । जसमा निर्वाचन क्षेत्र नं. १मा ७८६१४ र क्षेत्र नं.२ ७८७५६ रहेको छ । यो जिल्ला तथा निर्वाचन क्षेत्रअन्तर्गत जातिगत जनसांख्यिक विवरण निम्नानुसार छ :

| जातिगत जनसंख्या | ओखलढुंगा जिल्ला | | |
|---|---|---|---|
| | निर्वाचन क्षे.नं.१ | निर्वाचन क्षे.नं.२ | जम्मा |
| क्षेत्री | १४७१८ | २३५१६ | ३८३३३ |
| तामाङ | ६४४४ | ७९१० | १४३५४ |
| दलित | ७७५७ | ६५२८ | १४२८५ |
| नेवार | ५०१३ | ५००३ | १००१६ |
| मगर | ६१२९ | १००८४ | १६२१३ |
| वाहुन | १०४१२ | ८१७१ | १८५८३ |
| सुनुवार | ३९२५ | १६६७ | ५५९२ |
| माझी | २६० | ६८७ | ९४७ |
| शेर्पा | ८९५७ | ४७८ | ९४३५ |
| घर्ती भुजेल | ३१६० | ११२४ | ४२८२ |
| सन्यासी | ५६४ | ६६४ | १२२८ |
| थामी | | | |
| पहरी | १०७ | ० | १०७ |
| हायु | | | |
| राई | ७५०४ | १११५७ | १८६६१ |
| गुरुङ | २४५४ | ५१३ | २९६७७ |
| अन्य | ११११ | १२५४ | २३६५ |
| **जम्मा** | ७८६१४ | ७८७५६ | १५७२३० |

*स्रोत : राष्ट्रिय जनगणना २०५१, केन्द्रीय तथ्यांक विभाग*





# बिगुटार

*ओखलढुङ्गा सदरमुकामबाट उत्तरमा रहेको बिगुटार गाविसमा २०६६ मंसिर ५ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरियो । कार्यक्रममा ४० जना स्थानीयवासीको सहभागिता थियो ।*

*शेर्पा र भुजेल जातिको बाक्लो उपस्थिति रहेको यो गाविसमा राई, मगर, ब्राह्मण, क्षेत्री, नेवार, विश्वकर्मालगायतका अन्य जातजातिको पनि बसोबास रहेको छ । यो गाविस समुद्री सतहबाट करिब २ हजार मिटरको उचाइँमा छ । यो गाउँ पूर्वबाट पश्चिमतिर समथर हुँदै तलतिर झरेर टार बनेको छ । उत्पादनका हिसाबले यस ठाउँमा धान, मकै, गहुँ, जौलगायतका खाद्यान्न बाली हुन्छन् भने अम्बा, जुनार, सुन्तला, उखु, केरा नासापाती, आरु, आरुबखडा, खुसार्नीलगायतका फलफूल पनि मौसमअनुसार उत्पादन हुन्छ ।*

*यहाँका बासिन्दा मुख्य रूपमा दसैं-तिहार, ल्होसार चण्डीपूर्णिमा मान्छन् । शेर्पा र राई जातिले आफ्नै भाषा प्रयोग गर्छन् र अन्य जातजातिले नेपाली भाषाकै प्रयोग गर्छन् ।*

**सहजकर्ता प्रमोद कटुवाल** : यहाँका आवश्यकता के-कस्ता छन्, कसरी सेवा-सुविधा यहाँसम्म ल्याउन सकिन्छ । दैनिक जीवन कसरी सहज गराउन सकिन्छ । अब बन्ने संविधानमा के-कस्ता कुराहरू समावेश गर्न सकिन्छ । अब बन्ने संघीय राज्यको विभाजन कसरी गर्दा यस क्षेत्रलाई राम्रो हुन्छ, यहाँका जनताको जीवनस्तरलाई कसरी माथि उठाउन

सकिन्छ भनेर यो छलफल हुँदैछ । यहाँहरूले आफ्ना कुरा राख्दा अब बन्ने संविधानमा राज्य पुनर्संरचना हुँदा के-कस्तो हुनुपर्दछ भन्नेमा ध्यान दिनुहोला । हामी तपाईंहरूले बोलेका कुरा रेकर्ड गरेर लैजान्छौँ र संविधानसभासम्म पुऱ्याउँछौँ । हाम्रो मुख्य उद्देश्य यहाँका जनताले अब बन्ने संविधानमा के-कस्ता कुरा उल्लेख हुनुपर्दछ भन्छन् भनेर थाहा पाउने हो ।

छलफलमा सुरुमा हामी परिचयको कार्यक्रम गर्नेछौँ । त्यसपछि तपाईंहरूले यहाँ के-कस्ता सेवा-सुविधा छन् ? स्वास्थ्य चौकी, विद्यालय व्यवस्था, यातायात, सिंचाइ आदिबारे आफ्नो भनाइ राख्न सक्नुहुनेछ ।

संविधानसभाको निर्वाचन भएको धेरै समय भइसकेको छ । संविधान बन्ने क्रममा छ । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के होला ?

**वेदनिधि दाहाल** : संविधान भनेको देशको मूल कानुन हो ।

**भोलानाथ दाहाल** : यो कुरा गर्नुहन्छ यो कुरा गर्नुहुँदैन भनेर लेखेर देशलाई चलाउने मूल कानुन नै संविधान हो ।

**सहजीकरण गर्दै** : संविधान देशको मूल कानुन हो भनेर तपाईंहरूले भनिसक्नुभएको छ । यो निर्माणको चरणमा छ भन्ने कुराबारेमा तपाईंहरूलाई थाहा भएको हामीले बुझ्यौँ । हामी के चाहन्छौँ भने यहाँ उपस्थित हुनुभएका तपाईंहरू सबैले बोल्नुहोला । त्यसो भए मात्र तपाईंहरूका आवाज जस्ताको तस्तै लान पाउँछौँ । अहिलेको संरचना एकीकृत छ । केन्द्र काठमाडौँमा छ अनि जिल्ला र गाविस छ । अब संघीयतामा देश जाँदैछ । देश विभिन्न प्रदेशमा विभाजन हुँदैछ । केको आधारमा कसरी विभाजन गर्ने भन्ने कुरा पनि छ र तपाईंहरूको विचारमा संघीयता भनेको के होला जस्तो लाग्छ ? कसरी संघीयतामा जानुपर्ला ?

**तुमबहादुर कार्की** : देश संघीयतामा जानु राम्रो कुरा हो । हिजोको शासनव्यवस्था केन्द्रीकृत थियो । सबै वर्ग, जातजातिको पहुँचमा थिएन, त्यसैले संघीयताको कुरा आएको हो । मेरो विचारमा संघीयता भनेको राज्यका सेवा-सुविधालाई विकेन्द्रीकरण गर्ने प्रक्रिया हो । तर, यी सबै विचारलाई पहिला समेटिएको थिएन । अब बन्ने संघीय राज्यमा समेटिनुपर्दछ ।

**गोरखबहादुर भुजेल** : मुलुक संघीयतामा जानुपर्दछ । तर, सबै राजनीतिक दलहरूले आ-आफ्नै किसिमले संघीयताको घोषणा गर्दै हिँडेका छन् । यसले गर्दा भोलि समस्या आउँछ कि जस्तो लाग्छ । सबै राजनीतिक दल मिलेर यो देशलाई एकजुट बनाएर जानुपर्छ जस्तो लाग्छ ।

**खुलबहादुर भुजेल** : संघीय भएपछि यो क्षेत्र शिक्षालगायत विकासका कार्यमा अलि अगाडि पक्कै आउँछ होला ।

**पीताम्बर दाहाल** : जात, भाषा र धर्मको आधारमा संघीयता आवश्यक छैन । जुन क्षेत्रमा जसको बसोबास भए पनि त्यहाँका जनताले स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्न पाउने खालको संघीय राज्य बन्नुपर्दछ ।





**फुर्तेम्बा शेर्पा** : राज्य पुनर्संरचना गर्दा हिमालदेखि पहाडसम्म जोडिने संघीयता भएन भने भोलि जनताले कर तिर्न सक्दैनन् किनकि भारतबाट कर तिर्दै आएको नुन हिमालसम्म पुग्दा त्यो किन्नै नसक्ने हुन्छ । भोलि तराई र पहाडबीचको दूरी पनि बढ्न जान्छ । म पहाडी, तँ मधेसी भनेर एक राज्य र अर्को राज्यबीचका जनताबीच फाटो आउँछ । कुनै राज्यले अर्को राज्यलाई कर तिर्दै जाँदा भारतबाट आउने सामग्री कसरी हामी उपभोग गर्न सक्छौँ होला ? यसैले संघीयताको विभाजन गर्दा हिमाल, पहाड र तराई सबैलाई मिलाउन आवश्यक छ । स्वायत्तताको कुरा आएको छ । यो अवधारणा विकेन्द्रीकरणको सिद्धान्तअनुसार आएको हो । राज्य पुनर्संरचना हुँदा स्थानीय निकायलाई स्वायत्तता दिइनुपर्दछ । यदि मेलमिलापको कुरामा जाने हो भने पहाडका जनताले मधेसका जनताको भोट लिन पाउने गरी विभाजन गर्नुपर्दछ । यसरी सामाजिक सद्भाव पनि बिग्रिँदैन ।

**सहजीकरण गर्दै** : संघीयतामा जाने निश्चित भइसकेको छ । यो कुराको निर्णय भइसकेको अवस्थामा यहाँको आवश्यकता के हो ? सेवा सुविधालगायतमा कसरी सहजता दिन सकिन्छ ? अब बन्ने संघीय राज्यमा कसरी ती कुरामा स्थानीय जनतालाई नजिक र भरपर्दो सेवा दिन सकिन्छ भन्नेबारेमा तपाईंहरूको विचार के छ ?

**थीरकुमार दाहाल** : प्रान्तीय सरकार बनेपछि सहर केन्द्रित सेवा र सुविधा केही गाउँमा पाइन्छ होला । स्थानीय सरकारलाई स्वायत्तता दिइएमा राज्य विभाजन हुनसक्छ । संघीय राज्यको पहिचान भएपछि ठाउँ पहिचान गरेर सेवा-सुविधा दिनुपर्छ । यसले गर्दा सही रूपमा स्थानीय जनताले सेवा पाउँछन् जस्तो लाग्छ ।

**तुमबहादुर कार्की** : सरकारले शान्ति-सुरक्षा दिन सकेको छैन । यदि संघीयतामा राज्य भयो भने शान्ति-सुरक्षा दिन सक्छ, सेवा-सुविधा स्थानीय जनताको पहुँच हुने ठाउँमा राखिनुपर्दछ । यसले गर्दा जनताले सही रूपमा सेवा-सुविधा पाउँछन् र उपभोग गर्न सक्छन् ।

**पासाङतेन्जी शेर्पा** : हामीले प्रशासनिक कार्यहरू गर्ने जस्तै, नागरिकता बनाउने, जग्गा पास गर्ने, पासपोर्ट बनाउने अनि विकास निर्माण र सेवा-सुविधा समान रूपले जनताको पहुँच हुने ठाउँमा व्यवस्था हुनुपर्छ । अहिले यस्ता कार्य गर्न सदरमुकामसम्म धाउनुपर्छ । त्यहाँ पढेलेखेको मानिस गएमा छिटो सेवा पाउने तर बोल्न नसक्ने हामीजस्ता सोझा मानिस गएमा काम ढिलाइ गरिदिने र घुस माग्ने चलन छ । त्यसैले अबको राज्य पुनर्संरचना हुँदा स्थानीय स्तरमा जहाँ जनताको प्रत्यक्ष सम्बन्ध हुनसक्छ, त्यही यस्ता सेवा उपलब्ध हुनुपर्दछ ।

**तुमबहादुर कार्की** : यहाँ केही सेवा सुविधा छैन । एउटा भेटेनरी पनि चार गाविसलाई भनेर दिइएको छ । हुलाक छ, त्यसले जनताको चिठीपत्र पठाउनेबाहेक अरू केही गर्दैन । यो बिगुटार गा.वि.स.मा शेर्पा जातिको बाहुल्य छ । तर, उनीहरूको जनजीवन अन्धकारमा परेको अवस्था छ । न मोटरबाटो छ न खानेपानीको राम्रो व्यवस्था छ न बिजुलीको व्यवस्था

छ, त्यसैले यस्ता विकट र पछाडि परेका वर्गको उन्नतिका लागि सेवा-सुविधा यही वर्गलाई प्रत्यक्ष र नजिक हुने गरी दिएमा केही माथि उठ्न सकिन्छ कि जस्तो लाग्छ ।

**वेदनिधि दाहाल** : सेवा-सुविधा कसरी जनतासँग प्रत्यक्ष वा नजिकमा पुऱ्याउने भन्ने कुरामा अब बन्ने संघीय राज्यमा ध्यान दिनुपर्दछ । जनताले मागेको स्थानमा केन्द्र बनाएर धेरै सेवा सुविधा दिने हो भने जनताको दैनिकी सहज हुन्छ ।

**सहजीकरण गर्दै** : हामीले संघीयताबारेमा कुरा गरिसक्यौँ, सेवा-सुविधा कुन निकायमा र कहाँ राख्ने भन्ने कुरामा छलफल गरिसक्यौँ । अब बन्ने संघीय राज्यमा अहिले केन्द्रमा भएको शक्ति स्थानीय स्तरमा ल्याइनुपर्दछ भन्नेमा तपाईंहरू सबैको एकमत छ भन्ने कुरा आयो ? अबको संघीय राज्यमा स्थानीय स्रोत-साधनको कसरी प्रयोग गर्ने ? त्यो स्रोत-साधनमा कसको अधिकार हुनुपर्छ ? जस्तो भोलि यो देश विभिन्न प्रदेशमा विभाजन हुँदैछ ।




*छलफलमा भाग लिँदै बिगुटारका स्थानीय बासिन्दा*

त्यस अवस्थामा स्थानीय स्रोत-साधनमा केन्द्रको अधिकार हुनुपर्छ कि स्थानीय निकायको हुनुपर्दछ वा अन्य कुनै निकायको भएमा हुन्छ ?

**फुर्तेम्बा शेर्पा** : स्थानीय स्रोत-साधन स्थानीय स्तरमै प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ । जस्तै, कर उठाउने, ढुंगाखानी, पानी आदि सञ्चालन गर्ने, व्यवस्थापन गर्ने र त्यसलाई प्रयोग गरी आफ्नो क्षेत्रको विकास गर्नेजस्ता अधिकार स्थानीय निकायमा दिनुपर्दछ ।

**जितबहादुर भुजेल** : राजनीतिक नेताहरू जनताको पक्षमा नलागेर कुर्सीको खेलमा सीमित छन् । यसले गर्दा अहिलेको यो बहस फेरि पनि केन्द्रीकृत राज्यमै अड्कने हो कि जस्तो लाग्छ । यदि स्थानीय स्रोत-साधनमा स्थानीयको पहुँच नहुने व्यवस्था आएमा त्यो पहिलेकै राज्यसरह हुने हुँदा सबै अधिकार स्थानीय निकायमै हुनुपर्दछ ।





**रणमान भुजेल** : अबको राज्यमा हिमालदेखि तराईसम्म एउटै किसिमको करको व्यवस्था हुनुपर्छ । स्थानीय निकायलाई धेरै अधिकार दिइनुपर्दछ ।

**सहजीकरण गर्दै** : शक्ति बाँडफाँड गर्ने कुरा छ । अहिले सेवा-सुविधा दिने काठमाडौं वा सदरमुकाममा मात्र रहेको निकायका अधिकार स्थानीय सरकारमा आएपछि के होला जस्तो लाग्छ ? अबको राज्यमा यस्ता कुराको अधिकार कुन निकायलाई दिनुपर्ला ?

**मित्रलाल दाहाल** : केन्द्रको शक्तिलाई गाउँमा ल्याउनु भनेको माथिको सिफारिस नलागेर यही स्थानीय निकायको सिफारिस लाग्नु हो जस्तो लाग्छ । आजसम्म केन्द्रले तलका कुरा सुनेको छैन । बसेर बोले कसैले नसुन्ने, उठेर बोले हावाले लैजाने भनेझैँ भएको छ । त्यसैले अबको राज्य पुनर्संरचना हुँदा यस्तो हुनुहुँदैन । स्थानीयको कुरा स्थानीयलाई मात्र थाहा हुन्छ, त्यसैले शक्ति स्थानीय निकायलाई नै दिनुपर्छ जस्तो लाग्छ ।

**दोर्जे शेर्पा** : केन्द्रीय स्तरबाट भएका जति पनि निर्णय अपारदर्शी छन । अनि त्यो निकायले यहाँको कुरा कसरी गर्न सक्छ र ? वल्लो घरको कुरा पल्लो घरको मानिसलाई थाहा नहुने अवस्था हुन्छ भने त्यो त धेरै टाढा छ । विकटको आवाजलाई कसरी समेट्न सक्छ र ? त्यसैले अबको राज्यमा स्थानीय निकायलाई सबै कार्य गर्ने अधिकार दिनुपर्दछ । स्थानीय निकायलाई अधिकार दिनु नै संघीयताको मर्म हो ।

**खुलबहादुर भुजेल** : अबको राज्यमा केन्द्रमा हुने कुनै पनि काम चाहे त्यो प्रशासनिक होस् चाहे त्यो विकास निर्माणको कार्य विभाजन गर्ने अधिकार होस्, चाहे अरू नै कुरा हुन्, सबै स्थानीय स्तरमा नै हुनुपर्छ ।

**सहजीकरण गर्दै** : देश संघीयतामा जाने निश्चित भइसकेको छ र, यहाँको यो बस्तीका तपाईंहरूको विचारमा संघीयतामा कुन आधारमा जानुपर्दछ ?

**भोलानाथ दाहाल** : अबको राज्य विभाजनका क्रममा यसको स्वरूप हिमाल, पहाड, मधेस सम्पूर्ण भूगोल अनि जातजाति, भाषाभाषी, जनजाति अलपसंख्यकलाई समेटिनुपर्दछ । कुन ठाउँमा कुन जातिको बढी बाहुल्य छ त्यो जातिको संघीयता हुनुपर्दछ । यसले गर्दा राज्यमा उनीहरूको प्रतिनिधित्व सुनिश्चित हुन्छ । छुवाछूत, भेदभाव भन्ने सामन्तवादको स्वरूप हो, यसको अन्त्य हुनुपर्दछ ।

**पासाङदाबा शेर्पा** : संघीयताको विभाजन गर्दा भौगोलिक र प्राकृतिक स्वरूपलाई प्रमुख आधार मानिएमा राम्रो हुन्छ । किनकि, कहीं धेरै प्राकृतिक स्रोत छन्, कहीं केही पनि छैन । यसले गर्दा भोलि स्रोत-साधन नभएका क्षेत्रको आम्दानी नहुँदा क्षेत्र सधैँ नै पछाडि रहन्छ, अनि राज्य विभाजनको कुनै अर्थ हुँदैन त्यसैले सबैलाई समान हुने खालको भए मात्र राम्रो हुन्छ ।

**बाबुराम भुजेल** : बिगुटार गा.वि.स.मा हुने प्राकृतिक स्रोत- ढुंगा, वनजंगल, विद्युत्, खानेपानी, यहाँका वासिन्दाले मात्रै उपभोग गर्न पाउनुपर्छ ।

**दोर्ची शेर्पा** : अहिले किराँत राज्य, लिम्बुवान, खुम्बुवान भनेर जुन जातीय युद्ध हुने खालका कुरा आइरहेको छ, यसले भोलि देशलाई विभाजन गर्ने स्पष्ट छ । भोलि किराँत राज्यमा बस्ने गैरकिराँत, लिम्बुवानमा बस्ने गैरलिम्बूबीचमा द्वन्द्व हुन्छ । त्यसैले अब बन्ने राज्य जातीय वा अरू कुनै हिसाबले नभई द्वन्द्व नहुने खालको हुनुपर्दछ किनकि यो १० वर्षको द्वन्द्वले देश धेरै पछाडि परेको छ । फेरि पनि द्वन्द्व भएमा देशको हालत के होला ? त्यसैले सबैलाई अटाएर लैजाने खालको राज्य पुनर्संरचना हुनुपर्दछ ।

**सहजीकरण गर्दै** : यहाँ धेरै किसिमका स्रोत-साधन छन्, जस्तै- वन, पानी, खनिज पदार्थ, जडीबुटी । भोलि राज्यको विभाजन हुँदा त्यहाँ केन्द्र हुन्छ, प्रान्त वा अन्य निकाय हुन्छ र स्थानीय निकाय हुन्छ । त्यो प्राकृतिक स्रोत- साधानको हक कसलाई दिने, त्यहाँबाट उपलव्ध हुने कर कसले लिने भन्ने कुरा हुन्छ र त्यो उठेको कर कुन निकायमा जाने- केन्द्रमा कि स्थानीय निकायमा वा अन्य कुनै निकायमा जाने ?

**कृष्णमाया घिमिरे** : स्थानीय स्तरमा भएका स्रोत-साधनको पहिचान भएपछि त्यसको उपभोग गाउँमा गर्न पाउनु पर्दछ, त्यसपछि मात्र अन्य निकायमा लाने व्यवस्था हुनुपर्दछ । स्रोत-साधनको उपयोग भएमा विकास सम्भव हुनेछ नत्र पछाडि परेको क्षेत्र सधैं नै पछाडि पर्छ ।

**कर्मा शेर्पा** : स्थानीय स्तरको विकास निर्माणमा बाहिरी हस्तक्षेप हुनुहुँदैन । पूर्णरूपमा स्थानीय स्तरमा नै अधिकार दिनुपर्छ । यसो गरिएमा स्रोत-साधनको उचित संरक्षण र रेखदेख हुन्छ । आफ्नो क्षेत्रका बारेमा त्यहाँका स्थानीयलाई मात्र माया हुन्छ, बाहिरका मानिसलाई हुँदैन । त्यसैले स्थानीय स्रोत-साधनको पहिलो प्रयोगको अधिकार स्थानीय निकायलाई नै दिइनुपर्दछ ।

**गोरखबहादुर राई** : स्रोत-साधन ९० प्रतिशत उपभोग गर्ने अधिकार स्थानीय स्तरमा दिइनुपर्दछ र १० प्रतिशत केन्द्रले लिनुपर्ने हुन्छ किनकि केन्द्रले पनि केही त पाउनैपर्छ । उसले पनि अन्य निकायमा त्यो दिनुपर्छ । केन्द्र आफैं पनि चल्नुपर्दछ ।

**शिवशेखर दाहाल** : सबै स्रोत-साधनको अधिकार स्थानीय निकायमा मात्र भएर पनि हुँदैन । साना स्रोत-साधनको प्रयोग स्थानीय निकायले गर्ला तर ठूला-ठूला विद्युत् निकाल्ने जस्ता कार्य गर्न पुँजी जुटाउन सक्दैन । जस्तै, कोशीमा जलविद्युत् निर्माण गर्नुपरे जनताले मात्रै सक्दैनन् । यस्तो अवस्थामा चाहिँ केन्द्रले सहयोग गर्ने, निश्चित प्रतिशत स्थानीय निकायलाई दिने र बाँकी केन्द्रले लाने गरेमा स्थानीय निकायको पनि अवस्था मजबुत हुन्छ र केन्द्रले पनि आफ्नो अपनत्व महसुस गरेर त्यसको संरक्षण गर्दछ ।

◆◆◆







# ठूलाछाप

ओखलढुंगा सदरमुकामबाट पूर्वतिर अवस्थित ठूलाछाप गाविसको निशंखेमा पनि २०६६ मंसिर १५ गते ***स्थानीय स्तरमा संघीय ⁄ राज्य पुनर्संरचनासम्बन्धी छलफल*** गरियो । छलफलमा ५० जना स्थानीयको सहभागिता थियो । नेवार, मगर, तामाङ, दमाई, ब्राह्मण, क्षेत्री, कामी, सार्की जातिको बसोबास रहेको यो गाविसमा कटुवाल क्षेत्रीको बाहुल्य छ ।

समुद्री सतहबाट करिब १५०० मिटरको उचाइँमा रहेको यो गाविसमा खाद्यबालीमा धान, गहुँ, मकै, कोदो, फापर, भटमास आदिको उत्पादन हुन्छ । फलफूलमा सुन्तला, जुनार, कागती, केरा, कटहर, जुनार, निबुवा, आरुबखडा, नासपाति, अम्बा, आँप आदि मौसमअनुसार पाइन्छ । तरकारीमा साग, फर्सी, मूला, कोबी, बन्दाकोबी, भान्टा, लौका, करेला, आलु, चिचिन्डो आदि उत्पादन हुन्छ । चाडवाडमा दशैं-तिहार, कात्तिकेपूर्णे, भदौपूर्णे, तीज, माघेसंक्रान्ति, देवाली, चैतेदशैं, ल्होसार मान्छन् । तामाङ र मगर जातिले आफ्नै भाषाको प्रयोग गर्छन् भने अन्य जातिले नेपाली भाषा प्रयोग गर्छन् ।

**सहजीकरण गर्दै प्रमोद कटुवाल** : यहाँका आवश्यकता के-कस्ता छन्, कसरी सेवा-सुविधा यहाँसम्म ल्याउन सकिन्छ । दैनिक जीवन कसरी सहज गराउन सकिन्छ । अब बन्ने संविधानमा के-कस्ता कुरा समावेश गर्न सकिन्छ । अब बन्ने संघीय राज्यको विभाजन कसरी गर्दा यस क्षेत्रलाई राम्रो हुन्छ, यहाँका जनतालाई कसरी माथि उठाउन सकिन्छ भनेर यहाँ छलफल गर्न आएका छौं । यहाँहरूले आफ्ना कुरा अब बन्ने संविधानमा राज्य पुनर्संरचना हुँदा

के-कस्तो हुनुपर्दछ भन्ने कुरा राख्नुहुनेछ र ती कुरा रेकर्ड गरेर, खिचेर लैजान्छौँ र त्यो संविधानसभासम्म पुऱ्याउँछौँ। हाम्रो मुख्य उद्देश्य भनेको यहाँका जनताको अब बन्ने संविधानमा के-कस्ता कुरा उल्लेख हुनुपर्दछ भन्ने र, त्यो लेखाउने नै हो। सर्वप्रथम हामी परिचयको कार्यक्रम गर्नेछौँ। त्यसपछि यहाँ के-कस्ता सेवा-सुविधा छन् ? स्वास्थ्य चौकी, विद्यालय व्यवस्था, यातायात, सिंचाइलगायतका अन्य व्यवस्था, के-कस्ता छन् ? आदि विषयमा यहाँहरूसँग छलफल गर्नेछौँ। म यो कार्यक्रमलाई अगाडि बढाउँछु। संविधानसभाको निर्वाचन भएको धेरै समय भइसकेको छ। संविधान बन्ने क्रममा छ। यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के होला ?

**लाल सार्की** : संविधान भनेको देशको मूल कानुन हो।

**व्यानुमाया सार्की** : संविधान भनेको केही पनि थाहा छैन।

**कुमारी सार्की** : संविधान भनेको केही पनि थाहा छैन।

**बद्री कटुवाल** : संविधान भनेको देशको मूल कानुन हो, संविधानले एउटा न्यायपूर्ण रूपमा देशलाई चलाउने गर्दछ।

**संगीता चर्मकार** : संविधान भनेको देशको मूल कानुन हो।

**संगीता मगराती** : संविधान भनेको देशको मूल कानुन हो।

**टीकाराम परियार** : संविधान भनेको देशको मूल कानुन हो।

**सहजीकरण गर्दै** : संविधान भनेको देशको मूल कानुन हो भनेर तपाईंहरूले भनिसक्नुभएको छ। यो निर्माणको चरणमा छ भन्ने कुरा तपाईंहरूलाई थाहा भएको हामीले बुझ्यौँ र हामी के चाहन्छौँ भने यहाँ उपस्थित हुनुभएका तपाईंहरू सबैले बोल्नुहोला। तपाईंहरूले बोल्नुभयो भनेमात्र तपाईंहरूका आवाज जस्ताको तस्तै लैजान पाउँछौँ। पहिला नेपालमा केन्द्रीकृत शासनव्यवस्था थियो। राज्यका सबै काम-कारबाही केन्द्रबाट गर्नुपर्थ्यो तर अब राज्य विकेन्द्रीकरण हुँदैछ। तपाईं-हाम्रो गाउँघरमै सेवा-सुविधाको पहुँच दिने कुरा आइरहेको छ। त्यसैले यहाँ अहिले के-कस्ता सेवा-सुविधा छन् ? जस्तै, सिंचाइ, खानेपानी मोटरबाटो, सञ्चार, स्वास्थ्य, शिक्षालगायतका विभिन्न कुराको अवस्था कस्तो छ ?

**कुमारी सार्की** : यहाँ सबै कुराको अभाव छ। नजिकै स्वास्थ्यचौकी छैन, बिरामी भएमा धाएर जानुपर्छ। विद्यालयको संख्या कम छ, खानेपानीको राम्रो सुविधा छैन।

**हरिराम परियार** : यो ठाउँमा केही पनि सुविधा छैन। एक त यो दलित बस्ती त्यसै पनि पछाडि छ, अर्को कसैले यसलाई हेर्दैन, यस्तै छ।

**मीठुमाया आहाले** : केही पनि सुविधा छैन, खानेपानीको चाहिँ एकदमै आवश्यकता छ। आधा घन्टा धाएर जानुपर्दछ त्यसले गर्दा धेरै गाह्रो भएको छ।

**बद्री कटुवाल** : अरू त गाउँठाउँमा यस्तै हो तर खानेपानीको व्यवस्था छैन। सिंचाइका लागि कुलोको व्यवस्था छैन। त्यसले गर्दा खेतीपाती गर्न आकाशेपानीको





भर पर्नुपर्दछ।

**टेकबहादुर वि.क.** : पानीको आवश्यकताप्रति कसैले वास्ता गरेनन्। माथि पहुँचमा हामी दलितको कोही छैन, कसैले ल्याएर दिँदैन त्यसैले गर्दा यो ठाउँ एकदम पछाडि छ।।

**टीकाराम परियार** : दलितको नाममा विभिन्न कोटा आउँछ तर दलितलाई दिइँदैन। जस्तो विद्यालयमा विकास निर्माणमा कोटा आउँछ रे भन्ने सुनिन्छ, तर खोइ हामीले पाएका छैनौँ। अरू टाठाबाठाले खान्छन्। हामी दलित सधैँ नै शोषित, पीडित र पछाडि नै त हो नि।

**मेखबहादुर परियार** : गाउँमा टेलिफोन हुने कुरा भएन नै, हुलाक पनि नजिक छैन, चिठीपत्र पठाउन मुस्किल छ। खानेपानी पाउन मुस्किल छ। जहाँ पनि पानी थाप्न दिँदैनन्। तिमीहरू तल्लो जात एकछिन पर्ख भन्छन्। त्यसो गर्दा एकगाग्री पानी लिन बिहान जान्छ। अरू घरको काम कहिले गर्नु ? हामी दुःखी, अरूको ज्याला नगरी खान पुग्दैन।

**डाकेन्द्र चर्मकार** : यहाँ बिजुलीको असुविधा छ, सधैँ अन्धकारमा बस्नुपर्छ।

**पार्वती रोक्का** : सुविधा त केही छैन। तर, खानेपानी र हुलाकको सुविधा छैन।

**व्यानुमाया सर्की** : सेवा-सुविधाका आवश्यकता त धेरै नै छन्। खानेपानी, बिजुली, चर्पी आवश्यक छ। छोराछोरीलाई नसकीनसकी पढाउँदैछु। आर्थिक अवस्था कमजोर भएका हामीजस्ता दलितलाई कसले हेर्ने ? हुनेखानेका छोरा छोरीले पढ्छन्, माथि जान्छन्, हामी गरिबका छोराछोरी कसरी पढाउने र उनीहरूसरह बनाउने ?

**मेखबहादुर परियार** : खानेपानी, बिजुली र शिक्षाको अभाव छ।

**वीरबहादुर चर्मकार** : दुःख गरेर खान रोजगार पाइयोस्। गरेर खान पुग्ने जग्गाजमिन छैन। अरूको मेलापात नगरी हातमुख जोर्न पुग्दैन। त्यसैले अबको संविधानमा त्यस्ताका लागि केही व्यवस्था हुनुपऱ्यो।

**संगीता चर्मकार** : पढ्नका लागि फिस अलि कम भए हुन्थ्यो। हामी कम आम्दानी हुनेले पनि पढाउन सकिने भए छोराछोरीले पनि केही उन्नति गर्थे कि ?

**धनबहादुर सार्की** : बिजुलीको खम्बा बारीबारीमा गाडेको छ, तर बिजुली दिएको छैन। बिरामी भएमा स्वास्थ्यचौकी छैन। बिरामी बोकेर सदरमुकाम वा अन्तै जानुपर्छ। बिरामी जाँदाजाँदै बाटैमा मर्ने अवस्था आउँछ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा यस ठाउँमा राज्यले के-कस्ता सेवा-सुविधा उपलब्ध गराउनुपर्ला र कुन निकायमा यस्ता सेवा सुविधा दिदाँ उपयुक्त हुन्छ होला ?

**महन रम्तेल** : सडक, बिजुली, शिक्षा आदि सेवा नजिकै पाइयोस्।

**हरिबहादुर परियार** : जनतालाई सेवा-सुविधा पायक पर्ने ठाउँमा हुनुपर्छ, दलित भएका कारण तेस्रो स्थानमा राखिने गरिएको छ, यस्तो भेदभाव हुनुहुँदैन। सबैलाई समानुपातिक रूपमा हुनुपर्छ।

**धनबहादुर सार्की** : हामी दलित र गरिबका छोराछोरीलाई निःशुल्क पढाइदिने व्यवस्था हुनुपर्छ ।

**मेखबहादुर परियार** : अहिले हामीले जिल्लामा गर्ने सम्पूर्ण काम स्थानीय स्तरमा नै भइदिए राम्रो हुन्थ्यो ।

**जोकप्रसाद फुँयाल** : गा.वि.स. ले सेवा-सुविधा नदिएका कारण अब बन्ने संविधानमा चाहिँ सेवा-सुविधा नजिकै गाउँ वा गाविसमा हुने व्यवस्था गर्नुपर्छ । गाविस सचिव गाउँमै



*आफ्नो आवाज राख्दै ठूलाछापका स्थानीय बासिन्दा*

बसेर काम गर्नुपर्‍यो ।

**दुर्गा परियार** : पानी आवश्यक छ । पानी २ नम्बर वडाबाट दिए राम्रो हुन्छ, । यस क्षेत्रमा चर्पी छैन, जताततै फोहोर छ त्यसैले चर्पी बनाउने केही कार्यक्रम यहाँ ल्याउनुपर्‍यो । यहाँको दलितलले केही जानेबुझेका छैनन् । जनचेतनाका केही कार्यक्रम आवश्यक छ ।

**हरि परियार** : गा.वि.स. स्तरमा नै नागरिकता बनाइदिए हुन्थ्यो । दलितले पाउने अधिकार पाएका छैनन्, पाउनुपर्‍यो ।

**टीका परियार** : पासपोर्ट गा.वि.स.मा नै बनाइदिए जिल्लामा जाने खर्च कम हुन्थ्यो ।

**धनबहादुर चर्मकार** : गरिबको बोल्ने अधिकार हुनुपर्‍यो ।

**पार्वती रोक्का** : सेवा सुविधा गा.वि.स. स्तरमा नै भइदिए राम्रो हुन्थ्यो ।

**सहजीकरण गर्दै** :अहिलेको संरचना केन्द्रीकृत छ । अब देश संघीयतामा जाँदैछ, देश विभिन्न प्रदेशमा विभाजन हुँदैछ । के को आधारमा, कसरी विभाजन गर्ने भन्ने कुरा छ । तपाईंहरूको विचारमा संघीयता भनेको के होला ? कसरी संघीयतामा जानुपर्ला ?

**टीकाराम कार्की** : संघीयता भनेको देशलाई विभिन्न प्रदेशमा बाँडेर सबैलाई नजिक हुने गरी सेवा-सुविधाको बाँडफाँड गर्ने कुरा हो । त्यसैले संघीयतामा जाँदा के कसरी जाने





भन्ने कुरा छ । यो धेरै जटिल छ । त्यसैले संघीयताको विभाजन गर्दा एउटा मात्र आधार लिएर होइन कि सबैथोक जस्तो नेपाल भनेको विभिन्न जातजाति, भाषाभाषी, धर्म भएको देश हो, त्यसैले धनी, गरिब, जाति, धर्मको आधारमा नछुट्याई भौगोलिक आधारमा संघीय राज्य हुनु आवश्यक छ ।

**पार्वती रोक्का** : यसले गर्दा एउटै प्रदेशमा हिमाल, पहाड र तराई हुनु आवश्यक छ किनकी सबै क्षेत्र सबैलाई आवश्यक छ । हामीलाई हिमाल नभए पनि हुँदैन तराई नभए पनि हुँदैन र पहाड पनि चाहिन्छ । त्यसैले संघीय राज्य बनाउँदा सबैलाई समेटेर लैजानुपर्दछ, अनि मात्र समानता हुन्छ जस्तो लाग्दछ ।

**सहजीकरण गर्दै** : हामीले संघीयताबारेमा कुरा गरिसक्यौं, सेवा-सुविधा कुन निकायमा र कहाँ राख्ने भन्ने कुरामा पनि छलफल गरिसक्यौं । अब बन्ने संघीय राज्यमा अहिले केन्द्रमा भएका– शक्ति स्थानीय स्तरमा ल्याइनुपर्दछ भन्ने कुरामा तपाईंहरू सबैको एकमत छ भन्ने कुरा आयो ? अबको संघीय राज्यमा यहाँ भएका स्थानीय स्रोत-साधनको कसरी प्रयोग गर्ने ? त्यो स्रोत-साधनमा कसको अधिकार होस् ? जस्तो भोलि यो देश विभिन्न प्रदेशमा विभाजन हुँदैछ । त्यस अवस्थामा स्थानीय स्रोत-साधनमा केन्द्रको अधिकार हुनुपर्छ कि स्थानीय निकायको हुनुपर्दछ कि वा अन्य कुनै निकायको भएमा हुन्छ ?

**गोपाल वि.क.** : स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत-साधन जस्तै, वनजंगल, पानी स्थानीय स्तरमै प्रयोग भइदियोस् । यहाँको विकासमा प्रयोग भए यो क्षेत्र विकासमा केही अगाडि बढ्दथ्यो कि भन्ने लाग्छ ।

**हितमान कटुवाल** : स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत-साधनको अधिकार गाउँमा नै सदुपयोग गर्न पाइयोस् । तर, सबै गाउँमै राख्दा पनि त हुँदैन होला त्यसैले पहिलो अधिकार गाउँमा होस् अनि केन्द्र वा अन्य निकायमा भए राम्रो हुन्छ ।

**रामकुमारी परियार** : स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत-साधन हामी आफै चलाउन सक्दैनौं, हामीलाई केही पनि थाहा छैन । त्यसैले यहाँको विकासका लागि केन्द्रको सहयोगमा कार्य होस् ।

**टीकाराम परियार** : स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत-साधन केन्द्रको अधीनमा रहेर गाउँका दलितलाई पनि केही अधिकार दिइयो भने यो गाउँ र यहाँका दलित जाति अलि माथिल्लो स्तरमा पुग्थे होला ।

◆◆◆



# अँधेरी नारायणस्थान

*ओखलढुंगा सदरमुकामबाट पूर्वतिर अवस्थित निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गतको अँधेरी नारायणस्थान गा.वि.स.मा २०६६ मंसिर १६ गते* ***स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचना सम्बन्धी छलफल*** *गरियो । छलफलमा ५४ जना स्थानीय नागरिकको सहभागिता रह्यो ।*

*मगर, भुजेल, तामाङ, दमाई, ब्राह्मण, क्षेत्री, कामी, सार्की जातिको बसोबास रहेको यो गा.वि.स. मा दमाई जातिको बाहुल्य छ । समुद्री सतहबाट करिब १६०० मिटरको उचाइँमा रहेको गा.वि.स.मा अन्नबालीमा धान, गहुँ, मकै, जौ, कोदो, फापर आदि उत्पादन हुन्छ । फलफूलमा सुन्तला, जुनार, कागती, केरा, भुइँकटर, जुनार, निमुवा, आरुबखडा, नासपाती, अम्बा, आँप उत्पादन हुन्छ । तरकारीमा मास, मस्याङ, गोलभेडा, केराउ, स्कुस, भिन्डी, साग, फर्सी, मूला, कोबी, बन्दाकोबी, भान्टा, लौका करेला, आलु, चिचिन्डो उत्पादन हुन्छ ।*

*चाडवाडमा दसैं, तिहार, कात्तिकेपूर्णे, भदौपूर्णे, तीज, माघेसंक्रान्ति, देवाली, चैतेदसैं, उधौली,उभौली, ठूलो एकादशी, ल्होसार मानिन्छ, यहाँ । यहाँका राई र तामाङ जातिको आफ्नै भाषा छ भने अन्य जाति नेपाली भाषा बोल्छन् ।*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई :** आज हामी यो नारायणस्थान गाविसमा राज्य पुनर्संरचनाका बारेमा छलफल गर्न आएका छौँ । यो कार्यक्रम जिविस महासंघ, फ्रिडम फोरम र गाविस महासंघको संयुक्त प्रयासमा स्विस विकास नियोगको सहयोगमा यहाँसम्म आइपुगेको छ ।





आज हामी यो गाउँ, बस्तीमा अब बन्ने राज्य कस्तो हुनुपर्दछ ? राज्यको पुनर्संरचना गर्दा कसरी गरिनुपर्दछ, के गर्दा यस बस्तीका मानिसलाई सेवा र सुविधामा पहुँच पुऱ्याउन सकिन्छ भन्ने हो र, हामी आज तपाईहरूका विचारमा मात्र केन्द्रित हुनेछौँ । यहाँ हाम्रो विचारभन्दा पनि तपाईंहरूको विचार महत्वपूर्ण हुनेछ । अरू बाँकी कुरा बोल्न र यो कार्यक्रमको सहजीकरण गर्न म साथी प्रमोद कटुवाललाई आग्रह गर्दछु ।

**सहजीकरण गर्दै प्रमोद कटुवाल :** आज यो बस्तीमा राज्यको पुनर्संरचनाका बारेमा छलफल गर्न आएका हौं । हाम्रो मुख्य उद्देश्य भनेको यहाँको आवाजलाई जस्ताको तस्तै संविधान लेखिने ठाउँ- संविधानसभासम्म पुऱ्याउने हो । तपाईंहरूले बोल्नुभएका कुरा हामी रेकर्ड गर्छौं, क्यामेराले खिच्छौं र त्यो लगेर संविधानसभामा देखाएर यो बस्तीको आवश्यकता अब बन्ने संविधानमा लेखिनुपर्दछ भन्छौं । त्यसैले यहाँ उपस्थित हुनुभएका सबैले आफ्ना कुराहरू राख्नुहोला । यहाँहरूले भन्नुभयो भने मात्र हामी बुझ्दछौं, त्यसैले सबैले बोलौं भन्ने आग्रह गर्दछु । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के हो ?

**रमेश खनाल :** संविधान भनेको देशको मूल कानुन हो ।

**धर्मप्रसाद दाहाल :** मलाई पनि त्यही लाग्छ ।

**तोयानाथ दाहाल :** राज्य सञ्चालन गर्न आधिकारिक कानुन नै संविधान हो ।

**रामप्रसाद दाहाल :** संविधान भनेको देशको मूल कानुन हो ।

**सीता परियार :** खोइ मलाई केही आउँदैन । संविधान भनेको केही थाहा छैन ।

**जानुका राई :** संविधान भनेको देशको मूल कानुन हो ।

**अन्जना राई :** संविधान भनेको देशको मूल कानुन नै हो ।

**इलि राई :** संविधान भनेको देशको मूल कानुन हो ।

**खड्ग कटुवाल :** संविधान भनेको देशको मूल कानुन हो ।

**श्यामबहादुर खत्री :** संविधान भनेको देशको मूल कानुन हो ।

**पद्मबहादुर राई :** संविधान भनेको देशको मूल कानुन हो ।

**नवराज राई :** संविधान ४ अक्षरको हुन्छ, जुन यो राष्ट्रको मूल कानुन हो ।

**दिनेश झा :** संविधान भनेको एउटा दस्तावेज हो, जसले राज्य सञ्चालन गर्दछ ।

**भेषनाथ खनाल :** संविधान भनेको राष्ट्रलाई निश्चित दिशातिर लाने दस्तावेज हो ।

**सुभद्रा खनाल :** संविधान भनेको देशको मूल कानुन हो ।

**सहजीकरण गर्दै :** संविधानसभाको निर्वाचन भइसकेको छ । हामीले भोट दिएर जितेका सभासद्हरू संविधान लेख्नमा व्यस्त हुनुहुन्छ । यसै सन्दर्भमा तपाईंहरूले पहिलेको संविधान र अहिले बन्दै गरेको संविधानमा के फरक हुन्छ भन्ने ठान्नुभएको छ र, संविधान निर्माणका क्रममा के भइरहेको छ भन्ने थाहा छ ?

**तोयानाथ काफ्ले** : पहिलेको संविधान खोइ कसले बनायो थाहा थिएन तर अहिलेको संविधान जनताबाट निर्वाचित जनप्रतिनिधिबाट बन्ने हो । त्यसैले यो जनताको हितमा बन्नुपर्दछ भन्ने लाग्दछ ।

**रामबाबु खनाल** : पहिला हामीलाई केही थाहा थिएन, कानुनको पालना गर्नुपर्छ भन्थे । अहिले संविधान बनाउन निर्वाचन भयो, जनताको भोट पाएर गएकाहरूले बनाउँदा पक्कै पनि जनताको हितका निम्ति नै बनाउलान् भन्ने लागेको छ ।

**गुरुमान राई** : संविधान बन्नेबारेमा केही थाहा छैन । चुनावमा भोट हालियो त्यत्ति हो ।

**तेजेन्द्र दाहाल** : हिजोको संविधान माथि बसेका सीमित व्यक्तिहरूले बनाएका थिए, अहिलेको संविधान भने १० वर्षको जनयुद्ध र जनआन्दोलनको उपलब्धि हो । २०६४ चैत्र २८ गते भएको संविधानसभाको निर्वाचनमा विजयी सभासद्ले बनाउने नीति नियम संविधान हो भन्ने लाग्दछ, त्यसैले यो संविधान पहिलेको भन्दा फरक हुन्छ जस्तो लाग्छ ।

**शुभद्रा खनाल** : अहिले जुन राजनीतिक खिचातानी झै-झगडा भइरहेको छ, यस्तो नगरी सबै पार्टीको सहमतिबाट देशको कानुनबमोजिम र जनताको सहमतिबाट संविधान बनोस्, त्यही नै राम्रो हुन्छ ।

**महाप्रसाद खनाल** : संविधानसभा निर्वाचन भयो, तर सभासद्बाट जातीय, धार्मिक कुरामा जनता भड्काउने कुरा मात्र गरिएको छ । उनीहरू सुखभोगी भएका छन् । संविधान बन्ला जस्तो लागेको छैन । फेरि संविधान बनाउने मौका आउँदैन, त्यसैले यो मौका जान नदिन सबै राजनीतिक दलका नेताहरू मिल्नुपर्दछ जस्तो लाग्दछ ।

**डाकेन्द्रप्रसाद खत्री** : संविधान बनाउँदा जनतालाई असर पर्ने काम नहोस् र सदन चल्नुपर्छ । सभासद्हरू सत्ता-भत्ताको भोग गर्ने होइन, संविधान बनाउने काममा लाग्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : अब हामी यहाँ उपलब्ध सेवा-सुविधाका बबारेमा चर्चा गर्दछौं । यहाँको यो बस्तीमा हाल के कस्ता सेवा-सुविधा उपलब्ध छन् ? भएका सेवा-सुविधाको अवस्था कस्तो छ ? जस्तो, विद्युत्, खानेपानी, स्वास्थ्य, सिंचाइ, मोटरबाटो, सञ्चारलगायतका विभिन्न साधनको अवस्था कस्तो छ ?

**रामबाबु खनाल** : खानेपानीको पाइप छ, तर पानी पर्याप्त छैन । विद्युत्, यातायातजस्ता पूर्वाधारका काम भएका छैनन् । यस्ता कुरामा विशेष प्राथमिकता दिनुपर्छ ।

**कुन्तादेवी खत्री** : साधारण सुविधा छ, पर्याप्त मात्रामा छैन । कुलो भत्केर गएको छ, बनाउने कोही छैन । सेवा सुविधा बनाएर मात्र नहुने रैछ, त्यसको अनुगमन गर्ने निकाय पनि जरुरी पर्दोरहेछ । त्यस्तो निकाय गठन होस् ।

**रीता खत्री** : बाटो छैन, हिँडेर जानुपर्छ । फोहोर पानी प्रयोग गर्नुपर्दा रोग लागिरहेको छ ।





**फणिन्द्र दाहाल** : केही सेवा-सुविधा छन्, तर अधुरा छन् । विद्यालय छ, शिक्षक छैन । सिंचाइको व्यवस्था समानुपातिक छैन, स्वास्थ्यचौकी छ, औषधी छैन । तसर्थ, सेवा पूर्ण हुनुपर्‍यो ।

**विदुरकुमार बस्नेत** : जनचेतनाको अभावले विकास निर्माणमा बाधा भइरहेको छ । अलिअलि विकास हुँदैछ, ठीकै छ ।

**भेषनाथ खनाल** : विकासका पूर्वाधार तयार भए पनि अनुगमन अभावमा बिग्रिँदै गएको छ ।

**नवराज राई** : विकासको पूर्वाधारमा नातावाद-कृपावाद छ । पहुँच हुनेले आफ्नो नजिकै सेवा सुविधा लिन्छ, नहुने हेरेर बसेको छ ।

**नारनकाजी राई** : बाटो छ, मोटर गुड्दैन । तार छ, बिजुली छैन । धारा छ, खानेपानी छैन- यस्तै छ हाल ।

**डाकेन्द्र खत्री** : बाटो र बत्तीमा समेत नातावाद-कृपावादका कारण पक्षपात भएको छ । पहुँच हुनेले पाएका छन्, हामी अन्धकारमा छौं ।

**महाप्रसाद खनाल** : पिछडिएका जनताको सेवा-सुविधा उपभोग गर्ने कुरामा क्रमिक वृद्धि हुनुपर्छ ।

**धनकुमारी राई** : मोटर नचल्दा दुई दिन धाएर सदरमुकाम जानुपर्छ । बिरामी बोकेर लानुपर्छ ।

**सीता परियार** : गरिब दलितले रोजगारी नपाएको स्थिति छ ।

**जानुका राई** : स्रोत हुँदा पनि खानेपानीको अभाव छ ।

**रामप्रसाद दाहाल** : सेवा सुविधा समानुपातिक छैन ।

**तोयानाथ काफ्ले** : बाटो र खानेपानी समस्या छ ।

**मोतीराज राई** : बाटो र खानेपानी कहिले पाइएला ?

**दोर्जे राई** : बाटो र बिजुली चाहियो ।

**कृष्ण गुरुङ** : मन्त्री भएकी करिमा वेगम जस्तालाई ठूला गाडी चाहिने रे, नेपाली गरिब जनतालाई पनि समान सुविधा चाहियो ।

**रमेश खनाल** : उच्चशिक्षाका लागि २/३ घन्टा हिँडेर जानुपरेको छ ।

**धर्मप्रसाद दाहाल** : सहरभन्दा गाउँको विकासको स्तर वृद्धि होस् ।

**शान्तिराम खनाल** : टेलिफोनका लागि केन्द्रमा पहल गरियोस् ।

**तेजेन्द्र दाहाल** : बाटो र पानीका लागि केन्द्रमा पहल गर्नुपर्‍यो ।

**शुभद्रा खनाल** : अरूले भनेजस्तै समस्या छ ।

**जसीलाल यादव** : सदरमुकामबाट नजिक रहेको यो नमुना गाविसमा पनि शिक्षा,

स्वास्थ्य, बाटोको सुविधा छैन ।

**गुणराज** : स्वास्थ्य, शिक्षा, खानेपानी, यातायातको विकास हुनुपर्दछ ।

**सहजीकरण गर्दै** : यहाँको जीवनस्तर माथि उठाउन के कस्ता सेवा-सुविधा थप हुनुपर्ला ?

**महाप्रसाद खनाल** : स्वास्थ्य केन्द्रहरूमा डाक्टरको व्यवस्था हुनुपर्ने, दलित र पिछडिएका वर्गलाई प्रा.वि.देखि नै कम्प्युटर सिकाउनुपर्ने देखिन्छ ।

**रुद्रप्रसाद खनाल** : यहाँका अधिकांश जनता कृषक छन् । तिनका लागि आधुनिक कृषि औजारको व्यवस्था गर्नुपर्‍यो, तालिम दिनुपर्‍यो ।



*अँधेरी नारायणस्थानका आफ्नो विचार राख्दै स्थानीय बासिन्दा*

**डाकेन्द्र खत्री** : गाविसमा रहेका मा.वि.लाई उच्च मा.वि.बनाउनुपर्‍यो । दलित र पिछडिएका वर्गलाई उकास्ने काम गर्नुपर्छ ।

**भेषनाथ खनाल** : विकासका संरचना प्रभावकारी र समानुपातिक बनाउनुपर्‍यो । स्थानीयलाई प्रत्यक्ष लाभ हुने नयाँ काम गर्नुपर्दछ । यहाँ भएका खानीको सदुपयोग गरियोस् । त्यसो गरे रोजगारीका अवसर खुल्ने थिए ।

**विदुरकुमार बस्नेत** : भ्रष्टाचार उन्मूलन हुनुपर्‍यो । हाम्रो सुरक्षा हुनुपर्‍यो ।

**नवराज राई** : सरकारले दलित र जनजातिको विशेष आरक्षण गर्नुपर्छ ।

**जनककुमार के.सी.** : विकासमा पारदर्शिता हुनुपर्छ, विकासका लागि आएको बजेट सार्वजनिक गर्नुपर्छ ।

**सहजीकरण गर्दै** : अब बन्ने नयाँ राज्यमा अधिकारको बाँडफाँड कसरी गर्ने, सेवा-सुविधाको अधिकार कुन निकायमा दिने, कतिवटा निकाय बनाउने भन्ने कुरा छ । यसबारेमा





तपाईंहरूलाई के थाहा छ ? अब राज्यको पुनर्संरचना हुँदा प्रशासनिक कार्यहरू जस्तै, नागरिकता, पासपोर्ट बनाउने, जग्गा पास गर्ने काम केन्द्र, स्थानीय निकाय, क्षेत्रमध्ये कुन निकायमा सहज हुन्छ ?

**तोयानाथ काफ्ले** : भौगोलिक विकटता भएकाले स्थानीय स्तरबाटै सेवा सुविधा पाउनुपर्छ । यसो गरे स्थानीय जनताले लाभ पाउँछन् ।

**मोती राई** : टोलटोलबाटै सेवा-सुविधा दिने व्यवस्था हुनुपर्दछ । त्यसो भएन भने फेरि दूरदराजका जनता सेवा-सुविधा उपभोग गर्नबाट वञ्चित नै रहन्छन् ।

**धर्मप्रसाद दाहाल** : गाउँमा सेवा-सुविधा दिँदा पहुँचको आधारमा होइन, भूगोलको आधारमा दिनुपर्दछ । हिजो जस्तै जसको पहुँच छ, उसको आँगनमा सेवा-सुविधा हुने, अरूले नपाउने अवस्था अन्त्य हुनुपर्दछ । नेताहरू भोट माग्न आए, सेवा विकास दिन पनि गाउँगाउँमा आउनुपर्ने व्यवस्था होस् । यसो गरे नेतालाई जनताप्रति उत्तरदायी बनाउन सहयोग पुग्छ । स्वास्थ्य, शिक्षा, खानेपानीलगायतका विकास कार्य स्थानीय स्तरबाटै हुनुपर्दछ । हाम्रो ठाउँमा कस्तो विकास निर्माण गर्ने भन्ने कुरा केन्द्रलाई थाहा हुँदैन ।

शिक्षामा पनि समानता हुनुपर्दछ । पैसा हुनेका छोराछोरी बोर्डिङमा पढाउने हामीजस्ता नहुनेले सरकारी विद्यालयमा पढाउने चलन छ । यसले पढाइको स्तर फरक भएर एकै ठाउँमा गएर प्रतिस्पर्धा गर्न गाह्रो परेको छ ।

**रामबाबु खनाल** : केन्द्रमा रहेका सबै अधिकार गाउँस्तरमा दिनुपर्छ ।

**गुरुमान राई** : यो गा.वि.स.को टोलटोलमा कृषि, शिक्षा, स्वास्थ्य सेवामा विशेष जोड दिनुपर्छ । राहदानी, नागरिकता बनाउने काम स्थानीयस्तरमै होस् ।

**तेजेन्द्र दाहाल** : अबको नेपालमा सम्पूर्ण सुविधा स्थानीय तबरबाट दिनुपर्छ ।

**कुन्तादेवी खत्री** : सके त वडा-वडाबाटै सुविधा दिइयोस् ।

**सुशीला दाहाल** : भौगोलिक आधारमा सेवा-सुविधा दिने व्यवस्था हुनुपर्छ ।

**रिता खत्री** : वडा कार्यालयबाटै सुविधा दिएमा राम्रो हुन्छ ।

**चरनकाजी राई** : नेपाल संघीयतामा जाने भएकाले वडा-वडाबाट सुविधा पाउनुपर्छ ।

**जनककुमार खत्री** : वडामै सेवा-सुविधा होस् । कृषिमा केही समस्या भए सदरमुकाम जानुपरेको छ, बढी खर्च हुन्छ, अब यस्तो नहोस् ।

**नवराज राई** : पशु सम्बन्धि सेवा गा.वि.स.बाट पाइयोस् ।

**गुणराज दाहाल** : वडाबाट भन्दा गा.वि.स.बाट राम्रो हुन्छ । वडामा जाँदा चाहिने धेरै जनशक्ति सरकारले दिन सक्दैन होला ।

**महाप्रसाद खनाल** : गाविसबाट सेवा-सुविधा समान वितरण हुनुपर्छ ।

**बुद्धकुमारी राई** : गा.वि.स.बाटै ठीक । बोर्डिङ हटाएर सबैलाई समान शिक्षा दिनु

पऱ्यो ।

**सहजीकरण गर्दै** : देश एकात्मकबाट संघात्मक राज्यमा जाँदैछौँ । संघीय राज्यको विभाजन कसरी गर्नुपर्ला ? केका आधारमा संघ बनाउनुपर्ला ?

**धर्मप्रसाद दाहाल** : संघीयता जातिको आधारमा हुनुहुन्न । नेपाल भनेको धेरै जात-जाति भएको देश हो । यहाँको कुनै पनि क्षेत्रमा एक जातिको बाहुल्य छैन, त्यसैले भौगोलिक आधारमा संघीयता हुनुपर्दछ ।

**रामबाबु खनाल** : जातीय होइन, भौगोलिक हिसाबले संघ बन्नुपर्छ ।

**गुरुमान राई** : आ-आफ्नो ठाउँमा रहेका जनताको विचारबाट सबैलाई समेट्ने किसिमले संघीयतामा जानुपर्दछ ।

**मोतीलाल गुरुङ** : संविधान बनाउँदा सरकार हेरफेर भइरहन्छ, सरकारलाई ४-५ वर्ष चल्न दिनुपर्छ ।

**जानुका राई** : संघीयतामा जाँदा स्थान हेरेर भौगोलिक, जातीय दुवै आधारमा टेक्न सकिन्छ । पछाडि परेको वर्गलाई माथि उठ्न दिइएन भने फेरि पनि द्वन्द्व अन्त्य हुँदैन ।

**खड्गबहादुर कट्वाल** : संघीयताको विभाजन भौगोलिक आधारमा गर्नुपर्छ । हिमाल, पहाड, तराई सबै भागलाई मिलाए मात्र राम्रो हुन्छ, नत्र फेरि कर्णालीका जनता पछाडि नै पर्दछन् ।

**श्यामलाल खत्री** : भौगोलिक आधारमा संघीयता हुनुपर्छ ।

**महाप्रसाद खनाल** : संघीयता देश टुक्र्याउने खेल हो कि जस्तो लाग्दैछ । जातीय, क्षेत्रीय राज्य दिँदै जाने हो भने बाइसे/चौबीसे राज्यको दिशातिर देश जान्छ । गोर्खाबाट मनाङमा यार्सागुम्बा टिप्न जाँदा ७ जना मानिस मारिए । भोलि एक राज्यबाट अर्को राज्यमा जाँदा पासपोर्ट चाहिने, कर तिर्नुपर्ने अवस्था आउने र यस्तै झगडा हुने त होइन ? मानौँ हाम्रो क्षेत्रलाई मगर राज्य घोषणा गर्दा जातीय हिसाबले विकराल समस्या आउँछ । यहाँ मगरको मात्र बसोबास छैन, मगर राज्य बनाए दलितजस्ता अल्पसंख्यकको हकअधिकार कसले दिने ? हामी राई, ब्राह्मण, क्षेत्री, दमाई एक छौँ, त्यसकारण तराई, पहाड, हिमाल क्षेत्र समेटेर संघीय संरचना बनाउनुपर्छ ।

**जसीलाल यादव** : सबैलाई मान्य भएको पुरानो संरचना तराई, पहाड, हिमाल भनेर नै छुट्याउनुपर्छ ।

**डाकेन्द्र खत्री** : जातैपिच्छे राज्य दिँदै जाने हो भने देश चीन र भारततिर जाने खतरा हुन्छ । तसर्थ भूगोलको आधारमा संघ बन्नुपर्छ ।

**भेषनाथ खनाल** : संघीयतामा जाने बेलामा भूगोल र जातजातिलाई भेदभाव नगरियोस् ।

**विदुरकुमार बस्नेत** : संघीयता भूगोलको आधारमा बन्नुपर्दछ । धेरै राज्य बनाए हाम्रो



ओखलढुङ्गा/अधेरी नारायणस्थान : छलफल

देशले नथेग्ने भएकाले २/३ वटा राज्य बनाउनुपर्छ ।

**नवराज राई** : जातीय बहुल्यको कारण माओवादीले भनेजस्तो किराँत, मगर, गुरुङ, ब्राह्मण राज्य नभई सबै जात समेटिने गरी राज्य बन्नुपर्छ ।

**जनक खत्री** : धर्मका आधारमा संघ बन्नुहुन्न ।

**नारनकाजी राई** : संविधान होइन, नेपाली जनतालाई पहिला विकास चाहिएको छ । किराँत र तराई राज्य भनेर हुँदैन, सबै जातजाति समेटिनु पर्छ ।

**सुशीला दाहाल** : भौगोलिक आधारमा संघ बन्नुपर्छ ।

**उर्मिला कोइराला** : भौगोलिक आधारमा बन्नुपर्छ ।

**तेजेन्द्र दाहाल** : भौगोलिक र जनसंख्याको आधारमा संघ बन्नुपर्छ ।

**सहजीकरण गर्दै** : संघ विभाजनको आधारबारे हामीले छलफल गऱ्यौँ । अब संघीय राज्यमा स्रोत-साधन बनाएर दिने सेवाको अधिकार केन्द्र, प्रान्त वा स्थानीय निकाय कसको होस् भन्ने लाग्दछ ?

**धर्मप्रसाद दाहाल** : जुनसुकै स्रोत बनाउँदा केन्द्रले हेर्नुपर्छ, गाउँमा अपुग स्रोत केन्द्रले दिनुपर्छ ।

**गीता खत्री** : स्थानीय स्तरमा समूह गठन गरेर सेवा-सुविधा दिइयोस् ।

**रीता खत्री** : स्थानीय स्तरको सेवा-सुविधा आफै उपभोग गर्नुपऱ्यो ।

**जसीलाल यादव** : स्थानीय निकायले केही छाड्नुपर्छ र केन्द्रले पनि गा.वि.स.



*छलफलमा भाग लिँदै अँधेरी नारायणस्थानका स्थानीय बासिन्दा*

लाई हेर्नुपर्छ।

**श्यामलाल खत्री** : रक्षा, परराष्ट्र, उद्योगलाई केन्द्र सरकारले हेर्नुपर्छ।

**बिर्खबहादुर दर्जी** : हामीलाई समान रूपमा सेवा-सुविधा हुनुपर्छ।

**बुद्धकुमारी राई** : स्थानीय निकायको अधिनमा होस् कर।

**चुडामणि दाहाल** : स्थानीय निकायबारे केन्द्रले ठोस नीति-नियम बनाउनुपर्छ।

**नवराज राई** : सरकारले जनताका घर-घरमा पुगेर यसबारे राय लिनुपर्छ।

**डाकेन्द्र खत्री** : निर्वाचनबाट सभासद् जानुभएको छ, अब जनताको घर-घरमा सभासद् पुगून्, मत बुझून्।

**खड्गबहादुर कट्वाल** : घरदैलोमा पुगेर समस्या बुझियोस्।

**जनक के.सी.** : सभासद्लाई जनताले घचघच्याउनुपर्छ।

**नवराज राई** : हाम्रो गा.वि.स. लाई नै प्रान्त मानियोस्।

**नारनकाजी राई** : विकास र अरू अधिकार प्रान्तमा दिएपछि जनता चनाखो हुनुपर्छ।

**प्रमोद मेहता** : सबै मिलेर समस्याको समाधान खोज्नुपर्छ।

**महाप्रसाद खनाल** : अहिले संविधान मूल कुरो हो।

**सिता परियार** : जनताले सरकारलाई र सरकारले जनतालाई सहयोग गर्नुपर्छ।

**रामवावु खनाल** : समुदायले देशको मूल नीतिलाई सहयोग गर्नुपर्छ।

**विदुरकुमार बस्नेत** : जनतालाई सहयोग गर्नुपर्छ।

◆◆◆







# प्राप्चा

*ओखलढुगां सदरमुकामबाट पश्चिम उत्तरमा अवस्थित निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गतको प्राप्चा गाविसको वडानम्बर ६ मा २०६६ मंसिर ६ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरियो। छलफलमा ४६ जनाको सहभागिता थियो।*

*सुनुवार, ब्राह्मण, क्षेत्री, कामी, मगर, दमाई, तामाङ जातिको मिश्रित बसोबास रहेको यो गाविसको नाम सुनुवार जातिको थर 'रापच' बाट लिइएको मानिन्छ। रापच अपभ्रंश हुँदै अहिले प्राप्चा भएको बताइन्छ।*

*समुद्री सतहबाट करिब १८ सय मिटरको उचाइँमा रहेको यो गाविस क्षेत्रमा धान, मकै, कोदो, गहुँ, तोरी, आलु, जौ उत्पादन हुन्छ। फलफूलमा सुन्तला, आँप, केरा, मेवा, नासपाती, आरु, आरुबखडा फल्छन्।*

*चाडवाडमा यहाँका वासिन्दा मुख्य रूपमा दसैं-तिहार, माघेसंक्रान्ति, साउनेसंक्रान्ति र चैतेदशैं मनाउँछन्। यसबाहेक विशेषगरी सुनुवार जातिले चण्डी, पूर्णिमा र तामाङ जातिले ल्होसार मनाउँछन्। सुनुवार, मगर र तामाङ जातिको आफ्नै भाषा छ भने अन्य जातजातिले नेपाली भाषा प्रयोग गर्छन्।*

**सहजकर्ता प्रमोद कटुवाल** : यहाँका आवश्यकता के-कस्ता छन्, कसरी सेवा-सुविधा यहाँसम्म ल्याउन सकिन्छ। दैनिक जीवन कसरी सहज गराउन सकिन्छ। अब बन्ने संविधानमा के-कस्ता कुराहरू समावेश गर्न सकिन्छ। अब बन्ने संघीय राज्यको विभाजन कसरी गर्दा यस क्षेत्रलाई राम्रो हुन्छ, यहाँका जनतालाई कसरी माथि उठाउन सकिन्छ भनेर यो गा.वि.स.मा छलफल गर्न आएका छौँ। यहाँहरूले आफ्ना कुरा अब बन्ने संविधानमा राज्य पुनर्संरचना हुँदा के-कस्तो हुनुपर्दछ भन्ने कुरा राख्नुहुनेछ। हामी तपाईंहरूले बोलेका कुरा लैजान्छौँ र त्यो संविधानसभासम्म पुर्‍याउँछौँ। हाम्रो मुख्य उद्देश्य भनेको यहाँका जनताको अब बन्ने संविधानमा के-कस्ता कुरा उल्लेख हुनुपर्दछ भन्छन् भनेर मत लिएर त्यो संविधानमा लेखाउने नै हो। सर्वप्रथम हामी परिचयको कार्यक्रम गर्नेछौँ। आदि विषयमा यहाँहरूसँग छलफल गर्नेछौँ। तपाईंहरूको विचारमा संविधान भनेको के होला ?

**खड्गबहादुर सुनुवार** : संविधान भनेको देशको मूल कानुन हो।

**सन्तोष सुनुवार** : संविधान भनेको देशको मूल कानुन हो। यसले देशलाई कसरी चलाउने भन्ने कुरा गर्दछ।

**विनोद सुनुवार** : संविधान भनेको देशको मूल कानुन नै होला।

**चित्रकुमार सुनुवार** : संविधान भनेको देशको मूल कानुन हो। यसैअन्तर्गत बनाइएका ऐन नियमबाट देश चल्छ।

**सहजीकरण गर्दै** : हामीले सुनिरहेका छौँ, अब देश संघीय हुँदैछ। पहिले हाम्रो देश एकात्मक थियो अर्थात पहिला शक्ति केन्द्रमा हुन्थ्यो ? सबै कार्य गर्न हामी सदरमुकाम वा अन्य कुनै निकायमा पुग्नुपर्थ्यो ? तर संघीय भनेको अधिकार र सेवा सुविधा आम जनताको पहुँचमा ल्याउने कार्य हो। अधिकार सेवा सुविधालाई केन्द्रीकृतबाट विकेन्द्रीकृत गराउने प्रक्रिया नै संघीयता हो। त्यसैले यसको विभाजन हुँदा कसरी र कुन आधारमा गरिनुपर्दछ जस्तो तपाईंहरूलाई लाग्छ ?

**खड्गबहादुर सुनुवार** : नेपाल भनेको धेरै जातजाति, भाषाभाषी, धर्मसंस्कृति भएको देश हो। त्यसैले कुनै व्यक्ति, जातविशेषलाई राज्य दिँदा भोलि अरू जातिले पनि राज्य माग्छन्। सबैलाई बाँड्ने हो भने त यो राज्य कति टुक्रा लगाउने ? त्यसैले संघीयताको विभाजन गर्दा/राज्य पुनर्संरचना हुँदा हिमाल, पहाड, तराई नछुट्याई हुनुपर्छ। यसले गर्दा भोलि हामी सबै नेपाली एक हौँ भन्ने भावना हुन्छ जस्तो लाग्छ।

**सन्तोष सुनुवार** : संघीयताको विभाजन हुँदा भौगोलिक स्थितिलाई प्राथमिकता दिनुपर्छ।

**विनोद सुनुवार** : ओझेल परेका कुराहरूलाई संघीयतामा लानुपर्छ। जस्तो, अल्पसंख्यक जातका नाममा, साँस्कृतिक सम्पदाको नाममा संघीयताको विभाजन र नामाकरण हुनुपर्दछ।

**चित्रकुमार सुनुवार** : जातीय, क्षेत्रीय, लिंगका आधारमा राज्य पुनर्संरचना हुनुपर्छ।





**सहजीकरण गर्दै** : अबको संघीय राज्यमा यहाँ भएका स्थानीय स्रोत-साधन कसरी प्रयोग गर्ने ? ती स्रोत-साधनमा कसको अधिकार होस् ? जस्तो, भोलि यो देश विभिन्न प्रदेशमा विभाजन हुँदैछ। त्यस अवस्थामा स्थानीय स्रोत-साधनमा केन्द्रको अधिकार हुनुपर्छ कि स्थानीय निकायको हुनुपर्दछ वा अन्य कुनै निकायको भएमा हुन्छ ?

**कमल सुनुवार** : यो प्राप्चा गाविसमा स्रोत-साधन धेरै छन्। पानी, जमिन, वनजंगललगायतका विभिन्न प्रकारका स्रोत-साधन यहाँ छन्। यस कारणले संघीयता हुनु राम्रो छ। यहाँका यी साधनको उपयोग गरेर यस क्षेत्रको धेरै विकास गर्न सकिन्छ।

**सञ्जीव सुनुवार** : अरू विकासको अवस्था ठीकै छ। सिंचाइ, खानेपानी कही छन्, कही विकास हुने क्रममा छ, यस्तै छ तर मोटरबाटोको समस्या छ। बाटो छैन त्यसले गर्दा काम गर्न अप्ठेरो भइरहेको छ।

**धनबहादुर सुनुवार** : विद्यालयको अवस्था अलि कमजोर छ। एउटा विद्यालयलाई +२ बनाउने लक्ष्य राखेका छौँ। तर, पूरा हुनसकेको छैन।

**भीमकुमारी सुनुवार** : बिजुली सबैतिर राम्रोसँग पुगेको छैन। यो प्राप्चा गाविसमा सिंचाइको राम्रो व्यवस्था छैन।

**मित्रबहादुर सुनुवार** : अहिले नेपाल नयाँ बनाउने कुरा चलिरहेको छ । तर, नयाँ बनाउने भनेर पुराना सबैलाई मास्नुहुँदैन। पुराना राम्रा कुरा छन् भने तिनको संरक्षण गरिनुपर्दछ र नयाँ कुराको निर्माण गरिँदै लैजानुपर्दछ। जस्तै, धर्म, भाषा र संस्कृति आदिको संरक्षण हुनुपर्दछ।

**ज्ञानकुमारी सुनुवार** : भएको एउटा स्वास्थ्यचौकी भवन पनि भत्किएको अवस्था छ। यसलाई बनाउने क्रम जारी छ।

**युवराज सुनुवार** : स्वास्थ्यचौकीको ठाउँमा हस्पिटल भइदिए राम्रो हुन्थ्यो। किनकि, अलि ठूलो रोग लाग्दा सदरमुकाम वा काठमाडौँ नै धाउनुपर्छ।

**सहजीकरण गर्दै** : हामीले संघीयताको कुरा गर्‍यौं र राज्यमा भाषाको कुरा गर्‍यौं। अब हामी स्थानीय स्रोत-साधनको कसरी बाँडफाँड हुनुपर्दछ भन्ने विषयमा छलफल गर्दैछौं। राज्य पुनर्संरचना हुँदा स्थानीय स्रोत-साधनमा कसको अधिकार हुनुपर्दछ जस्तो लाग्छ ? जस्तो, यहाँ खोला छ, वन, खनिज पदार्थलगायत धेरै स्रोत-साधन छन्। त्यसको उपयोग कसले गरोस्, स्थानीय सरकारले वा केन्द्रले वा अन्य कुनै निकाय कसले गरोस् जस्तो लाग्छ ?

**प्रकाश नेपाल** : पहिचान गरेर स्थानीय स्तरमा नै स्रोत-साधनको प्रयोग र परिचालन गर्नुपर्छ, केन्द्रलाई दिनुहुँदैन।

**ललितबहादुर दाहाल** : नयाँ संविधान बन्दैछ। विगतका संविधानमा लेखिएको कुरा कार्यान्वयन भएनन्, अब त्यस्तो नहोस्। संविधान कानुनको उचित कार्यान्वयन नभएमा केही हुँदैन। अबको संघीय राज्यमा स्थानीय स्रोत-साधनमा स्थानीयको पहिलो पहुँच हुने

त्यसपछि मात्र अरूको हुने व्यवस्था हुनुपर्दछ ।

**लेखमाया सुनुवार** : कानुनी रूपमा छुवाछूत अन्त्य गर्ने प्रावधान भए पनि कार्यान्वयन



*छलफलमा भाग लिँदै प्राप्चाका स्थानीय बासिन्दा*

हुनसकेको छैन । अबको संविधानमा त्यो कार्यान्वयन हुने व्यवस्था हुनुपर्दछ ।

**घनश्याम दाहाल** : पहिलो कुरा त स्रोत-साधनको पहिचान गर्नुपर्छ । अनिमात्र त्यसको विभाजन गर्नुपर्दछ । सबै स्थानीय स्तरमा मात्र राख्दा पनि क्षेत्र र प्रान्तको वा केन्द्र राज्य केले चलाउने भन्ने कुरा आउँछ ।

**अमर सुनुवार** : स्थानीय स्रोत-साधनबाट भएका आम्दानीलाई गाउँमै लगानी गर्नुपर्छ ।

**भोलानाथ पोखरेल** : स्थानीय निकायमा सबै स्थानीय स्रोत-साधन परिचालन गर्ने र केही प्रतिशत अन्य निकायलाई पनि बाँडफाँड गर्ने व्यवस्था हुनुपर्छ । जनताको निगरानीमा प्रशासन सञ्चालन हुनुपर्छ ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा यहाँका के कुरा समेटिनुपर्ला ?

**लालबहादुर सुनुवार** : नयाँ संविधान बन्दैछ । अब बन्ने संविधान, कानुन जनपक्षीय हुनुपर्छ । सबै जनतालाई समान हुने खालको संविधान बन्नुपर्दछ ।





**कर्मासिंह सुनुवार** : अबको संघीय राज्यमा स्थानीय स्रोत-साधनबाट उठाइने कर स्थानीय स्तरको विकासमा लगाइनुपर्दछ । स्थानीय स्रोत-साधन परिचालन, उपभोग गर्ने कर उठाउने स्थानीय स्तरमा व्यवस्था गरिनुपर्दछ ।

**खड्गबहादुर सुनुवार** : अबको संविधानमा जाति, लिङ्ग, धर्म आदि समेटिनुपर्छ । यदि यी समस्याको समाधान नगरिए त्यसले केही हुँदैन । फेरि पनि विद्रोह हुन्छ, द्वन्द्व जारी नै रहन्छ । देश कहिल्यै शान्त हुँदैन ।

**तृष्णा सुनुवार** : अबको राज्य पुनर्संरचना हुँदा सदरमुकाम भौगोलिक दृष्टिले सबैलाई पायक पर्ने ठाउँमा हुनुपर्दछ । अहिलेको जस्तै राज्यको विभाजन हुने हो भने केही हुँदैन किनकि दुई दिन लगाएर सदरमुकाम गयो काम हुँदैन । चिनजान छैन, भोलि आउनुस् भनी कर्मचारी भन्छन् । यो यो पुगेन भनेर भन्छन्, काम गर्दैनन् घुस माग्छन् । यस्तो नेपाल बन्ने हो भने केही हुँदैन । घरआँगनमा सेवा-सुविधा सहज ढङ्गले उपभोग गर्न नपाएसम्म जनताले कसैलाई विश्वास गर्ने छैनन् ।

**सन्तोष सुनुवार** : अबको संविधानमा सरकार जनताप्रति उत्तरदायी हुनुपर्ने भन्ने व्यवस्था हुनपर्‍यो । अहिलेसम्म जनतामात्र राज्यप्रति उत्तरदायी भएको पाइयो किनकि हामी राज्यलाई कर दिन्छौँ तर सरकारले हामीलाई विकास कार्य पनि दिन सकेको छैन । सेवा-सुविधा सहज ढङ्गले दिन सकेको छैन ।

◆◆◆



# रुम्जाटार

*ओलखढुङ्गा जिल्ला सदरमुकामबाट पूर्वतिर अवस्थित निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गतको रुम्जाटार गाविसमा २०६६ मंसिर १८ गते* ***स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल*** *गरियो । छलफलमा ५८ जनाको सहभागिता थियो ।*

*ब्राह्मण, क्षेत्री, गुरुङ, नेवार, राई, दमाई, कामी, सार्की, तामाङ, मगर, भुजेल र शेर्पा लगायतका जातजातिको बसोबास रहेको यो गाविसमा गुरुङ जातिको बाहुल्य छ । यो गाविसमा बुनिने राडीपाखी नेपालमै प्रख्यात छ ।*

*समुद्री सतहबाट करिब १४ मिटरको उचाइँमा रहेको यस गाविस क्षेत्रमा धान, मकै, गहुँ, कोदो, फापर आदि अन्नबाली उत्पादन हुन्छ । फलफूलमा केरा, जुनार, सुन्तला, अनार, हलुवावेद, नासपाती, कटहर, भुँइकटहर, लिची, मेवा आदि मौसमअनुसार पाइन्छ । तरकारीमा साग, काउली, बन्दाकोबी, फर्सी, बोडी, घिरौंला आदि उत्पादन हुन्छ । अन्य चाडबाडसँगै उधौलीउभौली, ल्होसार यहाँका तामाङ र शेर्पाको चाड हो । यस गाविसमा बसोबास गर्ने सम्पूर्ण जातजातिले नेपाली भाषाकै प्रयोग गर्छन् ।*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई** : आज हामी यो गाविसमा राज्य पुनर्संरचनाबारेमा छलफल गर्न आएका छौं । हामी यो गाउँबस्तीमा अब बन्ने राज्य कस्तो हुनुपर्दछ ? राज्यको





पुनर्संरचना गर्दा कसरी गरिनुपर्दछ, के गर्दा यहाँका यस बस्तीमा मानिसलाई सेवा-सुविधामा पहुँच पुऱ्याउन सकिन्छ भन्ने विचार तपाईंहरूबाट ग्रहण गर्नेछौं । यहाँ हाम्रो भन्दा तपाईंहरूको विचार महत्वपूर्ण हुनेछ । अरू बाँकी कुरा बोल्नका लागि र यो कार्यक्रमको सहजीकरण गर्न म साथी प्रमोद कटुवाललाई आग्रह गर्दछु ।

**सहजकर्ता प्रमोद कटुवाल** : हाम्रो मुख्य उद्देश्य भनेको यहाँको आवाजलाई जस्ताको तस्तै संविधान लेखिने ठाउँ, संविधानसभासम्म पुऱ्याउने हो । तपाईंहरूले बोल्नुभएका कुरा हामी रेकर्ड गर्छौं, क्यामेराले खिच्छौं र त्यो लगेर संविधानसभामा देखाएर यो बस्तीको आवश्यकता अब बन्ने संविधानमा लेखाउने कोसिस गर्नेछौं । त्यसैले यहाँ उपस्थित हुनुभएका सबैले आफ्ना कुरा राख्नुहोला । यहाँहरूले भन्नुभयो भने मात्र हामी बुझ्छौं त्यसैले सबैले भनौं भन्ने आग्रह गर्दछु । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ संविधान भनेको के हो ?

**प्रेमबहादुर गुरुङ** : संविधान भनेको देशको मूल कानुन हो । तर, जनताको पीरमर्का हट्ने र थिचोमिचो नहुने खालको संविधान बन्नुपर्छ ।

**इच्क्षा गुरुङ** : देश र जनतालाई एउटै सूत्रमा बाँध्ने नियम कानुन नै संविधान हो ।

**सानुमाया गुरुङ** : संविधान भनेको थाहा छैन ।

**चित्रकुमारी गुरुङ** : संविधान भनेको देशको मूल कानुन हो ।

**सहजीकरण गर्दै** : संविधान भनेको देशको मूल कानुन हो भन्ने कुरा लगभग सबैलाई थाहा भएको हामीले पायौँ र संविधान निर्माण हुँदैछ भन्ने कुरा पनि यहाँहरूलाई थाहा नै होला । अब बन्ने संविधानमा यहाँका तपाईंहरूको के आवाज लेखिनुपर्दछ जस्तो लाग्दछ ?

**राधा गुरुङ** : हामी गुरुङलाई रोजगारी चाहियो, किनकि यहाँका गुरुङ रोजगारीमा पछाडि छन् । सबै जाति, जनजातिलाई समेटेर केन्द्रीय स्तरमा गएका सभासदहरूले संविधान लेख्नुपर्छ ।

**रामलीला गुरुङ** : जनजाति पिछडिएका छन्, पिछडिएका जनतालाई समटेर र सबै जातजातिका कुरा समेटेर संविधान लेखिनुपर्छ ।

**अनिरुद्ध गुरुङ** : राज्यका निर्णायक तहमा कहिल्यै पनि हामीजस्ता जनजाति पुग्न सकिरहेका छैनौं त्यसैले हामीहरूको उत्थान हुने खालका नियम-कानुन बन्नुपर्छ ।

**सहजीकरण गर्दै** : संविधानमा अबको राज्य पुनर्संरचना हुँदा, संघीय राज्य निर्माण गर्दा के कसरी गरिनुपर्दछ होला ? संघीय राज्य भनेको के होला ?

**भीमराज गुरुङ** : संघीय गणतन्त्र छुट्याउँदा वा व्यवस्था गर्दा देश कुनै हालतमा टुक्रिनुहुँदैन । अहिले विभिन्न जातीय राज्यको कुरा आएको छ । जातीय, धार्मिक, भाषिकलगायतका कुरामा गए देशमा द्वन्द्व भइरहन्छ त्यसैले देश नटुक्रिने गरी संघीयतामा जानुपर्दछ ।

**प्रेमबहादुर गुरुङ** : अबको संघीय राज्य बनाउँदा अहिले भएका ठाउँ र अन्य सबैलाई केन्द्रबिन्दु पर्ने ठाउँमा जनताका काम हुने व्यवस्था सरकारले बनाएदेखि राम्रो हुन्छ । यसो गरेमा राज्यका सेवा-सुविधा जनतामा सहज रूपले पुग्छ ।

**शिवकुमार गुरुङ** : संघीयता बनाउँदा मुख्य अधिकार केन्द्रलाई नै हुनुपर्छ । यसो गर्दा प्रान्त वा स्थानीय सरकार नियन्त्रणमा राख्न सक्छ जस्तो मलाई लाग्छ ।

**मछेन्द्र गुरुङ** : राज्यको पुनर्संरचना गर्दा सबै जनतालाई समानताको महसुस गराउनु पर्छ । कसो गर्दा राम्रो हुन्छ त्यसै गर्नुपर्‍यो ।

**गिता गुरुङ** : यति राम्रो सुन्दर नेपाललाई किन विभिन्न प्रान्तमा बाँड्ने ? एउटै प्रान्त नेपाल भए राम्रो हुन्छ ।

**सरस्वती गुरुङ** : यदि पुनर्संरचना गर्दा योभन्दा नयाँ र राम्रो हुन्छ भने बनाउनुपर्दछ होइन भने यही नै ठीक छ जस्तो मलाई लाग्छ ।

**सानोमाया गुरुङ** : जनताका रायसुझावअनुसार नै संघीयता विभाजन हुनुपर्दछ । त्यसो हुन सकेन भने फेरि पनि हत्या-हिंसा भइनैरहन्छ । जनतालाई सर्वोपरी ठानिनुपर्‍यो ।

**महालक्ष्मी गुरुङ** : विकास क्षेत्रको आधारमा पुनर्संरचना हुन आवश्यक छ । नेपालजस्तो सानो देशलाई धेरैवटा राज्य बनाउन आवश्यक छैन ।

**बेलकुमार गुरुङ** : हिमाल, पहाड र तराईलाई मिलाएर भौगोलिक आधारमा संघीय राज्य हुनु आवश्यक छ ।

**पद्मा गुरुङ** : जनताले चुनेर पठाएका सभासद्हरू अहिलेसम्म के हेरेर बसिरहेका छन् ? उनीहरूले संविधान राम्रो बनाउनुपर्छ ।

**गीता गुरुङ** : जातीय, भाषिक र धार्मिक आधारमा संघीय राज्य विभाजन गर्नुहुँदैन । जातीय राष्ट्रले समस्या ल्याउन सक्छ । भोलि जातिजातिबीचमा लडाइँ हुन्छ । यसो भएमा फाइदा कसैलाई हुँदैन । यसले नेपाललाई नै घाटा हुन्छ ।

**रत्नकुमार गुरुङ** : एकदमै सिरियस भएर सोच्नुपर्छ, संघीयता छुट्याउँदा । विखण्डन हुनुभएन । अहिले आइरहेको जातीय राज्य अनि मधेसको छुट्टै राज्य दिँदा भोलि अरू प्रदेश वा क्षेत्रलाई समस्या पर्छ । त्यसैले सबैलाई मिलाएर भौगोलिक आधारमा संघीयताको विभाजन हुनुपर्दछ ।

**सावित्री गुरुङ** : अहिले के भइरहेको छ भने दलितलाई मात्र अघि सार्ने गरिएको छ । पछाडि परेका दलित मात्र छैनन् । सबै पछाडि परेका जातजाति, जनजाति, अल्पसंख्यक लगायतलाई पनि अगाडि सार्नुपर्‍यो ।

**मातृका गुरुङ** : अहिले यहाँ रोजगारी अभाव भएको छ । पढेकाहरूले पनि सहजै काम पाएका छैनन् । विदेशमा जस्तै नेपालमा पनि ठूला ठूला कलकारखाना खोल्नुपर्‍यो । त्यसो





भयो भने यहाँका जनताले रोजगार पाउँथे कि ?

**सहजीकरण गर्दै** : यहाँ अहिलेको अवस्थामा के-कस्ता सेवा-सुविधा उपलब्ध छन् ?

**पद्मा गुरुङ** : मोटरबाटो छ, एयरपोर्ट छ । त्यसलाई पिच गर्छु भनेर नेताले भाषण मात्रै गर्ने गरेका छन्, काम पनि गरे हुन्थ्यो ।

**प्रेमबहादुर गुरुङ** : अहिलेका नेताहरू कुर्सीका लागि मात्र लड्ने गर्छन्, जनताचाहिँ मरिराखेका छन्, नेता हेरिरहेका छन् । पार्टीका नेताहरूले चाहिँ पेट भर्ने र जनताले हेरिरहने अवस्था छ । यस्तो नहोस्, सेवा-सुविधा समान रूपमा सबै क्षेत्रमा पुग्नुपर्दछ ।

**शिवकुमार गुरुङ** : कुनै कुराको पनि सुविधा राम्रो छैन । सबै विकास निर्माणका कार्य अधुरा छन् । कहीँ बाटो खनेको छ मोटर जाँदैन, खानेपानीको धारा बनाएको छ तर पानी आउँदैन, बिजुलीको पोल छ तर बत्ती छैन, यस्तै छ ।

**सानुमाया गुरुङ** : सिंचाइ, बत्तीको सुविधा छैन नेताहरूले चाहिँ आशा मात्र देखाइरहन्छन् । काम कहिल्यै गर्दैनन् ।

**गीता गुरुङ** : बाटो पनि छ, बिजुली पनि छ, एयरपोर्ट सुविधा पनि छ तर पूर्णरूपमा सुविधा छैन । बत्ती पनि त्यति बल्दैन, स्वास्थ्यचौकी छ तर त्यहाँ स्वास्थ्यकर्मी छैनन् । जनतालाई छारो हाल्ने काम मात्र भइरहेको छ । जसरी एक भोटका लागि गाउँमा जानुहुन्छ त्यसरी नै नेताहरूले काम गरेर देखाउनुपर्‍यो । जनताका आवाज सुनिदिनुपर्‍यो । सही ठाउँमा सही तरिकाले काम गर्नुपर्‍यो ।

**महालक्ष्मी गुरुङ** : सरकारी तबरबाट बि.एड. सञ्चालन हुनुपर्‍यो । यातायात पनि छ, सिंचाइ सुविधा छैन, लोडसेडिङ कम होस्, एयरपोर्ट मर्मत गरिएको छ तर प्लेन उड्दा धुलो उडिराखेको देखिन्छ । राम्रोसँग मर्मत हुनुपर्‍यो ।

**बेलकुमारी गुरुङ** : बत्ती आउँदैन मट्टीतेल बाल्नुपर्छ । उता पेट्रोलमा पनि खर्च, बिजुलीको बिल पनि तिर्नुपर्छ । हामी जनता दोहोरो मारमा परेका छौँ त्यसैले बत्ती दिनैपर्छ आओस् ।

**केशरी गुरुङ** : सिंचाइ सुविधा पर्याप्त छैन । यदि सिंचाइ सुविधा भयो भने तरकारी लाउन पाइन्छ । त्यसलाई बेचेर केही आम्दानी हुन्थ्यो ।

**गंगा गुरुङ** : पानी, बत्ती सबै कुराको सुविधा भयो भने राम्रो हुन्छ, नेताहरू भोट माग्न मात्र आउँछन् तर कामचाहिँ गर्दैनन् ।

**मेनुका गुरुङ** : जनताले पाउनुपर्ने सुविधा पाएका छैनन् । अलि लेखापढी गरेका मान्छे पनि रोजगारी खोज्न काठमाडौं जाने गरेका छन् । पढेलेखेका मानिस गाउँमा बस्ने व्यवस्था गर्नुपर्‍यो ।

**गंगा गुरुङ** : मल लिन ४ घन्टा हिँडेर जानुपर्छ । ४ माना मल लिन जानुपर्‍यो भने

त्योभन्दा बढी खर्च लाग्ने हुन्छ त्यसैले यो सुविधाचाहिँ गा.वि.स.मा दियो भने राम्रो हुन्छ ।

**सहजीकरण गर्दै** : अब हामी राज्य पुनर्संरचना हुँदाखेरी यस्ता सेवा-सुविधालगायतका अधिकार बाँडफाँड गर्ने, जनताका काम गर्ने निकायको अधिकार कहाँ हुनुपर्दछ भन्नेबारेमा छलफल गर्दैछौं । देश एउटा राज्यबाट विभिन्न राज्यमा तहमा विभाजन हुँदैछ, यसरी विभाजन हुँदा कुन निकायमा हामीजस्ता जनतालाई काम गर्न सहज हुन्छ होला ? जस्तो संघीय राज्यमा केन्द्र हुन्छ, प्रदेश वा प्रान्त र स्थानीय निकाय आदि हुन्छन् । कुन निकायमा जनताका काम गर्ने अधिकार दिनुपर्छ होला ?



*छलफलमा आफ्नो आवाज राख्दै रुम्जादारका स्थानीय बासिन्दा*

**प्रेमबहादुर गुरुङ** : अबको राज्य पुनर्संरचना हुँदा सबै अधिकार गाउँमा नै दियो भने राम्रो हुन्छ । यसले गर्दा गाउँको विकास हुन्छ जस्तो लाग्छ ।

**दीर्घलक्ष्मी गुरुङ** : कुनै कार्य गर्ने अनुमति लिँदाचाहिँ केन्द्रमा र करलगायत स्थानीय स्रोत-साधन परिचालन, हेरचाह आदि गर्ने अधिकारचाहिँ गा.वि.स.मै दिइनुपर्छ ।

**गायत्री गुरुङ** : वन, पानीलगायत स्रोतको अधिकारचाहिँ गा.वि.स.मा नै दिइनुपर्छ । स्थानीय निकायलाई अधिकार दिँदा जनतासँग प्रत्यक्ष सम्बन्ध हुनगई त्यसको संरक्षण हुन्छ जस्तो लाग्छ ।

**अनिरुद्र गुरुङ** : केन्द्रको पनि अधिकार होस् र स्थानीय स्रोत-साधनको उपभोग





यहीँका जनताले गर्न पाउनुपर्छ ।

**मीना गुरुङ** : स्थानीय स्रोतको प्रयोग आफ्नो हातमा रहे स्थानीय जनताले त्यसको उचित संरक्षण गर्दछन् किनकि त्यो आफ्नो भन्ने हुन्छ । यदि त्यो केन्द्र, प्रान्तको अधिकारमा भएमा त्यसको संरक्षण गर्ने जिम्मा पनि अरूको नै हुने हुँदा त्यसमा अतिक्रमण हुने, विनास गर्ने प्रवृत्ति हुनसक्छ ।

**चित्रकुमारी गुरुङ** : स्थानीय निकायलाई मात्र स्रोत-साधनको अधिकार दिँदा अन्य निकायमा के गर्ने ? अनि स्थानीय निकायले दुरुपयोग गर्न पनि सक्छन् त्यसैले केन्द्रमा पनि यस्तो अधिकार होस् र गाउँमा पनि हकअधिकार उपभोग गर्न पाओस् । त्यही नै राम्रो हुन्छ ।

**रेणुका गुरुङ** : गाउँबाट नै हुनुपर्‍यो । केन्द्रमा पनि अधिकार हुनुपर्‍यो र नीति-नियम पनि राम्रा बन्नुपर्‍यो ।

**रूपा गुरुङ** : अरूको अधीनमा बस्न नपरोस्, महिलाको अधीन हुनुपर्‍यो ।

**तुलसी गुरुङ** : केन्द्रमा पनि अधिकार होस् र स्थानीय स्तरका मानिसलाई पनि हक अधिकार होस् । यी दुवैको बीचमा निश्चित अधिकार स्थानीय निकायले पाउने अरू केन्द्रको हुने नियम बनाइएमा राम्रो हुन्छ । नत्र भोलि प्राकृतिक स्रोत-साधनका नाममा द्वन्द्व नहोला भन्ने छैन ।

**पद्मकुमार गुरुङ** : हामीलाई अधिकार आफ्नै ठाउँमा होस् जस्तो लाग्छ । जस्तो, एउटा नागरिकता बनाउन, कर तिर्न, जग्गा पास गर्न सदरमुकाम ओखलढुंगा जानुपर्छ । त्यहाँ पुग्दा लाग्ने खर्च, समय र दुःख धेरै छन् । केटाकेटी, बूढाबूढीलाई लिएर जान समस्या हुन्छ त्यसैले यस्ता अधिकार गा.वि.स. वा नजिकै हुने व्यवस्था होस् ।

**गीता गुरुङ** : अहिले पनि विकेन्द्रीकरणको सिद्धान्तमा अधिकार गाविसमा दिइएको छ तर ठाउँमा पुग्न सकेको छैन । त्यसैले अधिकार दिएर सही ठाउँमा सदुपयोग होस् । हाम्रो यस क्षेत्रमा पुस्तौंपुस्तादेखि राडीपाखी बुनिँदै आएको छ । त्यसको कसरी बेचबिखन गर्ने, बजार कता छ जस्ता कुरा थाहा छैन । यदि स्थानीय निकाय बलियो भएमा त्यसले बजार खोज्ने व्यवस्था गर्छ जस्तो लाग्छ । हरेक कुराको आय कर तिर्नुपर्ने हुन्छ त्यसरी तिरिएका जनताको सही ठाउँमा सदुपयोग होस् ।

**राधा गुरुङ** : गाउँमा उठाएको कर गाउँमा नै विकास निर्माणलगायतका कार्यमा प्रयोग गरियोस् ।

**मिना गुरुङ** : महिला सधैं पछाडि छन् त्यसैले जुनसुकै काममा पनि महिलाको अधिकार बढी होस्, महिलाको पहुँच अगाडि बढोस् । अहिले भनेको जस्तो ३३ प्रतिशत मात्र होइन कि ५० प्रतिशत हुने व्यवस्था हुनुपर्दछ ।

**पद्मबहादुर गुरुङ** : महिलालाई चाहिँ अधिकार दिइनुपर्छ । जुनसुकै काममा पनि महिलालाई सहभागी बनाउनुपर्छ । यसरी हरेक क्षेत्रमा अवसर दिइएमा एक दिन अवश्य

उनीहरू सक्षम हुन्छन जस्तो मलाई लाग्छ।

**प्रेमबहादुर गुरुङ** : अहिले महिलाको चहलपहल बढी छ। अब सरासर हेर्दा पुरुषले अधिकार खोज्ने अवस्था आएको हो कि जस्तो छ ?

**देवराज गुरुङ** : हामी गुरुङ जातिको आफ्नै भाषा छ, त्यसको संरक्षणका निम्ति सरकारले केही व्यवस्था गर्नुपर्‍यो नत्र यो हराउँदै जानेछ। जस्तो, हाम्रा बाजे बोल्नुहुन्थ्यो हामीले त्यति राम्रो जान्दैनौं अनि हाम्रा छोराछोरी केही पनि जान्दैनन्। यसरी जाँदा भोलि गुरुङ भाषा थियो भन्ने इतिहासमा रहन्छ।

◆◆◆





# ओखलढुङ्गा : क्षेत्रीय छलफल



*क्षेत्रीय छलफलमा स्थानीय जनमत राख्दै सिद्धिविनोद अधिकारी*

**स्थान** : *ओखलढुङ्गा सदरमुकाम*

**मिति** : *२०६६ मंसिर १७*

**विषय** : *संविधान निर्माण, राज्य पुनर्संरचना तथा संघीयतासम्बन्धी क्षेत्रीय (ओखलढुंगा-१) स्तरमा छलफल कार्यक्रम*

**कार्यक्रमको उद्देश्य प्रष्ट्याउँदै हेमराज लामिछाने (कार्यकारी महासचिव, जिविस राष्ट्रिय महासंघ)**ः स्थानीय स्वायत्तता, विकेन्द्रीकरण, सुशासनका पक्षमा वकालत गर्ने संस्थाहरू हुन्नन, त्यसैले गा.वि.स. राष्ट्रिय महासंघ, जिल्ला विकास समिति महासंघ र फ्रिडम फोरमले संयुक्त रूपमा साझा उद्देश्य लिएर काम गरिरहेका छौं। यसै सन्दर्भमा हामी अहिले ओखलढुङ्गा जिल्लाको सदमुकाम आइपुगेका छौं।

२०६२/२०६३ को आन्दोलनपछि संविधानसभाको निर्वाचन भएपछि नयाँ संविधान

बन्ने काम अगाडि बढिरहेको छ। यो सन्दर्भमा हामीले धेरै तहमा धेरै चरणमा छलफल चलाउन हामीले फ्रिडम फोरमसँग पहिलो सहकार्य गरेका छौं। जिल्ला विकास समिति महासंघ र गाउँ विकास राष्ट्रिय महासंघले धेरै जिल्लामा तल्लो तहमा पुगेर काम गरेका छन्। हामीले अन्तर्राष्ट्रिय तहमा समेत पैरवी र वकालतको काम गर्दै आएका छौं।

अब बन्ने संविधानमा स्थानीय सरकारहरू कस्ता बन्लान्, कति आधकार प्राप्त गर्लान् ? हामीलाई थाहा छ, अहिलेका स्थानीय सरकार गा.वि.स., नगरपालिका र जिल्ला विकास समितिहरू नजिकका हुन्। यिनीहरू अधिकारसम्पन्न हुनसके मात्रै जनताले सेवा प्राप्त गर्न सक्छन् भन्ने हाम्रो अनुभव हो। नयाँ संविधानमा यी कुरा कसरी राख्न सकिन्छ भन्ने सन्दर्भमा हामीले केही काम गर्न सकिन्छ कि भनेर यो कार्यक्रम भएको हो। यो कार्यक्रममा सहयोग गर्ने स्विस सरकारलाई धन्यवाद दिन चाहन्छु।

हामीले यस्तो किसिमको छलफल गर्नुपर्छ भनेका छौं। गाउँ-गाउँ तहमा, बस्ती-बस्तीमा गएर वास्तवमा संविधान भनेको के हो ? संविधानमा के कुरा लेख्न सकिन्छ ? हामीले चाहेका कुरा प्राप्त हुन सक्छन् कि सक्दैनन् भन्नेबारेमा जनता कति सु-सूचीत हुन्छन् बुझ्न भाको छ अथवा उहाँहरूले के कुराचाहिँ यहाँ माथि लेखिदिए हुन्थ्यो जस्तो लाग्छ भन्ने कुरा आउनुपर्छ। नेताहरू यहाँ आइपुग्नुभएको छ कि छैन भन्ने लाग्थ्यो तसर्थ हामी छलफल चलाउन चाहन्थ्यौ।

त्यहीँ सन्दर्भमा २ वटा जिल्ला छानेका थियौँ- रामेछाप र ओखलढुंगाको १०-१० वटा समुदाय। तल्लो तहमा गएर छलफल गरिएको छ। आज हाम्रो मुख्य उद्देश्य भनेको त्यो छलफलमा समुदायले के-के भनेका छन्, के माग राखेका छन् र केन्द्रबाट के चाहेका छन्, ती कुराहरू जिल्लास्तरका नेतागण, सभासद्‌हरू, अरू प्रमुखहरूलाई जानकारी गराउने हो र, ती आवाज सम्बन्धित स्थानमा पुर्‍याउन अनुरोध गर्ने हो।

हामीले सभासद्‌हरूलाई जानकारी गराएका थियौँ। तर, व्यस्तताले गर्दा आउन सक्नुभएको छैन। कार्यक्रम राष्ट्रिय स्तरमा पनि गर्दैछौं र उहाँहरूसँग छलफल गरेर समय तोक्ने भनिएको छ। यहाँका २ जना सभासद् केन्द्रमा सहभागी हुने भन्नुभएको छ।

आजको छलफलमा आफ्ना अनुभव पनि थप्न पाइनेछ। तपाईहरूका सुझाव संकलन गरेर हामी राष्ट्रिय स्तरमा रहेका सभासद्‌हरू, राजनीतिक दलका नेतृत्वहरूलाई ओखलढुङ्गावासीको चाहना यस्तो छ, उहाँहरूले यस्तो संविधान चाहनुभएको छ भनेर राख्नेछौँ।

**परशुराम उपाध्याय** (**गा.वि.स.राष्ट्रिय महासंघ**) : यो महत्वपूर्ण उपस्थिति आज दिनभरिको कार्यक्रममा हुनुपर्छ भनेर निवेदन गरिसकेका छौं।

संविधान निर्माण कहाँ पुग्यो भन्ने अपडेट यहाँ राख्न चाहन्छु। अर्को कुरा आज हामी जे कुरा व्यक्त वा अभिव्यक्त गर्छौं त्यसको सम्बन्ध हामी यहाँ भएका कुरा नीति-निर्णायक





तहमा पनि सुनाउँछौं।

हामी २०६७ साल जेठ १४ गते संविधानसभाबाट नयाँ संविधान दिन्छौ भन्ने प्रतिबद्धता अनुसार काम गरिरहेका छौं। कहिलेकाहीं हामीलाई लाग्छ, यसअनुसार राजनीतिक कुराहरू अगाडि बढिरहेका छैनन्। कतै समयमा नै संविधान नबन्ला कि भन्ने चिन्ता पनि सँगसँगै जाहेर भएको पाउँछौं। तर, के विश्वासका साथ तपाईंहरूसँग छलफल गर्दछौं भने जेठ १४ गते हामी नयाँ संविधान बनाउँछौं, जुन संविधानमा हाम्रा कुरा र विचार प्रतिनिधित्व हुनेछ। लोकतान्त्रिक संविधान बन्नेछ।

हामी कहाँ पुगिरहेका छौं र के गरिरहेका छौं, संविधान कसरी बनाइँदैछन् ? यहाँहरू पनि जानकार हुनुहुन्छ। विषयगत समितिहरू हामीले बनाएका छौं। १० वटा विषयगत समिति संविधानसभामा छन्। ६०१ सदस्य कुनै न कुनै समितिमा छन्। उनीहरूले संविधान बनाइराख्नुभएको छ, तपाईंहरूलाई थाहा छ, कतिवटा समितिले प्रस्ताव दियो, पहिलो प्रस्ताव बुझाउने समिति कति वटा भए ? कसैले भनिदिनुहुन्छ। (**फ्लोरबाट आवाज आएपछि**) ५ वटा भन्नुभयो, उहाँले ६ वटा भन्नुभयो, तर अहिलेसम्म ७ वटा समितिले आफ्ना सुझाव, प्रारम्भिक प्रस्तावहरू र मस्यौदा पेस गरिसकेको अवस्था छ।

३ वटामा मूलतः तपाईं-हामी सबैभन्दा बढी छलफल गर्छौं। ती समितिहरूले नै आफ्नो प्रस्ताव बुझाइसकेको अवस्था छैन। ती समितिको नाम लिएर भन्नुपर्दा एक राज्य पुनर्संरचना समिति, जसको क्षेत्राधिकार राज्यलाई संघीय रूपमा जाने भन्ने अन्तरिम संविधानको प्रस्तावनाका व्यवस्था अनुसार त्यो संघीय स्वरूप कस्तो बनाउने, कतिवटा संघ बनाउने, संघको नामाकरण के गर्ने, ती संघहरूले के-के अधिकार राख्छन्, तिनका के-के काम हुन्छन्, कति तहको सरकार बनाउँछन्, केन्द्र बलियो कि प्रान्त वा स्थानीय भन्ने आदि विषय महत्वपूर्ण विषय टुंगो लगाउने हो। यीमध्ये कुनैमा सहमति भएको अवस्था छैन। छलफलकै अवस्था छ। आज समितिले सुझाव दिने अन्तिम दिन हो।

हाम्रो संविधानसभाले ७औं पटक आफ्नो कार्यसूची परिवर्तन गरिसक्यो। आज अन्तिम दिन भए पनि समितिहरूले पहिलो मस्यौदा संविधानसभामा पेस नगरे आठौँपटक कार्यसूची नफेरी सुखै छैन। जतिपटक संशोधन गर्‍यो, त्यति समय छोटिँदैछ। पहिलो प्रस्ताव आएपछि राजपत्रमा सूचना प्रकाशित गर्छु र जनतालाई सोध्छु भन्या थिए। कार्यसूची फेरिरहँदा जनतालाई सोध्ने समय कटिने खतरा बढ्दै गएको छ।

पहिलो प्रस्ताव बन्यो। पहिलो मस्यौदा हामीले देख्न नपाउँदै संविधान पास गरिदिने हो कि भन्ने चिन्ता नागरिकको हिसाबले सबैभन्दा जटिल कुरा हो। हामीले जतिसुकै राम्रा जनप्रतिनिधि चुने पनि काठमाडौंको माहौलमा स्थानीय सरकारलाई सबैले विश्वास दिँदारहेनछन्। हाम्रो विगतदेखिको परम्परा हो, त्यसैले स्थानीय सरकार जुन हाम्रा लागि गाउँमा बस्ने मान्छेका लागि, सहरमा बस्ने मान्छेका लागि नजिकको सरकार कस्तो पाउँछौं त्यसको

अधिकार के हुन्छ, कस्तो स्वरूपको हुन्छ भन्ने विषयमा निकै कम मात्र बहस केन्द्रमा हुने गर्छन् । निकै कम मात्र स्थानीय सरकारका कुरा उठाउने मान्छे सिंहदरबारमा हामीले देख्ने गरेका छौँ । यो कामका लागि स्थानीय तहका महासंघहरू महत्वपूर्ण हुन् गरेको देखिन्छ ।

सन्दर्भ यिनै हुन् । फ्रिडम फोरमसहित ३ वटै संस्था मिलेर किन यो बहसलाई तल नलग्ने भन्ने कुराको सन्दर्भमा आज यो छलफल सम्भव भएको हो ।

जब विषयगत समितिहरूले आफ्नो प्रस्ताव आज बुझाउँछन भने संवैधानिक समितिले १० वटा विषयगत समितिले दिएका सुझावलाई साझा रूप दिनुपर्छ ।

संवैधानिक समितिले पुस महिनाभित्र संविधानको साझा मस्यौदा तयार गर्नु पर्छ भन्ने कुरा छ । माघ १६ गतेदेखि फागुन १५ गतेसम्म जसरी पहिलो चरणमा संविधानसभा सदस्यहरू हाम्रामाझ आउनुभयो, नागरिक समाज हाम्रोमाझ आयो र उहाँहरू हाम्रा विचार संकलन गरेर माथि जानुभयो- त्यो प्रक्रिया फेरि हुनेछ जुन हाम्रा लागि एकदम महत्वपूर्ण अवसर हुनेछ ।

यस अवसरमा हाम्रा के-कति कुरा समेटिएका छन् भन्ने हामीलाई हेर्ने अवसर प्राप्त हुनेछ । तर, विडम्बना के भयो भने अघिल्लोपटक गाउँ जानुभयो ३८ लाख प्रश्नावली लिएर । उहाँहरू फर्किनुभयो लगभग ४ लाख उत्तर लिएर । सहभागिता किन कम भयो भने यो प्रक्रिया आफैँमा जटिल थियो । हाम्रा मुद्दा जसरी राख्न सक्थ्यौं त्योअनुसारका प्रश्नावली थिएनन् र राज्य, समाज भनौं वा नागरिक समाजको तहबाट पर्याप्त सचेतना कार्य हुन सकेन । त्यसैले हामीले चाहिरहेका आफ्नो नजिकको सरकार, लोकतान्त्रिक अधिकारको विषयमा हामी हाम्रा प्रश्न राख्न चुक्यौ, तर राखेका कुरा संविधान बनाउँदा आएन भने त्यो दिगो हुँदैन । त्यो चिन्ता दूर गर्नुपर्छ ।

अहिले कस्तो संविधान बनाउने भन्नेबारे म संक्षेपमा निवेदन गरौँ । हाम्रो अधिकारका कुरा छन्, लोकतान्त्रिक संविधानका केही आधारभूत मान्यता हुन्छन्- आवधिक निर्वाचन, राजनीतिक दल, प्रेस स्वतन्त्रता, समानताको हक आदि । यसका अलावा अहिलेको संविधानले विभिन्न वर्गीय मुद्दालाई मौलिक अधिकारसँग लिएर आएको स्थिति छ ।

त्यस्तै, हामीले केन्द्र र विकेन्द्रित राज्य बनाउनुपर्छ भन्ने मान्यतामा आवाज उठायौं र हामी कसरी प्रभावकारी सेवा उपलब्ध हुनसक्छ भन्ने मान्यता राख्छौं । त्यसैका लागि संवैधानिक अंगको कुरा आएको थियो । त्यसको स्वरूप हेर्दा हामीलाई के लाग्छ भने कतिपय संवैधानिक अंग-अख्तियार दुरुपयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग के र कस्तो संरचनामा रहन्छन् ? प्रदेशसम्म मात्रै यी इकाइहरू राख्न सक्छन् भन्ने मान्यतामा संविधान आउँदैछ । तर, स्थानीय सरकार गाउँतह-सहरमा भएको अभ्यास हो । त्यहाँ कसरी काम गर्ने भन्ने कुरा अझै पनि विचार पुऱ्याउन सक्ने स्थिति छैन ।

राज्यको स्वरूप निर्धारण गर्न समिति बनेको थियो । त्यो समितिले ३ तहका सरकार





हुन्छन् भन्ने किसिमका बुझाइ र मान्यता अगाडि सारेको हामी पाउँछौं । केन्द्र सरकार, प्रदेश सरकार अथवा राज्य सरकारपछि स्थानीय सरकारहरू । तर, स्थानीय सरकारमा कस्ता परिषद् हुन्छन्, तिनले के-के अधिकार उपयोग गर्न पाउँछन् ? कानुन बनाउन पाउने हुन् कि होइनन् ? आफ्ना विषयमा निर्णय गर्न पाउने हुन् कि होइनन् ? आदि कुरामा मौन रहेको संविधानसभा समितिको पहिलो प्रस्तावमा हामीले पाएका छौं । यस्ता तमाम विषय छन् जुन विषयमा पनि यहाँहरूको जिज्ञासा, सुझावलाई लिएर अघि बढ्नुपर्ने । संविधानसभा सदस्यहरूलाई



*क्षेत्रीय छलफलमा बोल्दै परशुराम उपाध्याय*

यहाँहरूलै नै निर्वाचित गरेर पठाउनुभएको हो । हामी संविधानसभामा पनि यहाँहरूको आवाजलाई जस्ताको तस्तै राख्छौं । यही महत्वपूर्ण सन्दर्भमा हाम्रो अन्तरक्रिया यहाँहरूसँग हुनेछ । यही जिल्लामा १० ठाउँमा गाउँस्तरसम्म गएर केही जनबोली संकलन गरेका छौं । त्यसमा पनि आवाज समेटिएका छन् । त्यसका आधारमा पनि यहाँहरूले हामीलाई सुझाव दिनुभई आफ्नो संविधान निर्माणका क्रममा महत्वपूर्ण भूमिका र सहभागिता जनाउनुहुनेछ भन्ने अपेक्षाका साथ म आफ्नो भनाइ सक्छु ।

**सिद्धिविनोद अधिकारी** : हामीले यो जिल्लाका १० गा.वि.स.मा कार्यक्रम सञ्चालन गरेका थियौ । त्यसमध्ये यो क्षेत्रको बिगुटार, प्राप्चा, ठूलाछाप, अँधेरीनारायणस्थान र रुम्जाटार गाविस हामीले छानेका थियौं ।

बिगुटारमा हामीले २०६६ मंसिर ५ गते भुजेल र शेर्पा जातिलाई लक्षित गरेर कार्यक्रम गरेका थियौं । भौगोलिक आधारमा हिमाल, पहाड, तराईलाई जोडेर राज्य पुनर्संरचना

हुनुपर्छ भन्ने आवाज बढी मात्रामा आएको थियो। केहीले जातीय आधारमा राज्यलाई दिँदा पनि फरक पर्दैन भन्नुभो। त्यसैगरी जिल्लामा रहेका अधिकार गाउँस्तरसम्म ल्याउनुपर्छ र गाउँस्तरबाट जिल्लामा रहेका पूर्ण कार्यक्रम सञ्चालन गर्नुपर्छ, जुन सेवामुखी रहोस् भन्ने थियो। स्थानीय प्राकृतिक स्रोत-साधनलाई केन्द्रको रेखदेखमा गाउँलेले नै उपयोग गर्न पाऊन् भन्ने उहाँहरूको आवाज थियो। त्यसैगरी खानेपानी, कृषि, बाटोमा सुधार गरिनुपर्ने कुरा आयो। खानेपानी, सडक नभएको गाउँ हो त्यो।

अर्को कार्यक्रमचाहिँ प्राप्चा गा.वि.स.को भन्ज्याङको चौरमा २०६६ मंसिर ६ गते गरेका थियौं, सुनुवार जातिलाई लक्षित गरेर। त्यहाँ पनि राज्य पुनर्संरचना गर्दा भौगोलिक आधार लिनुपर्ने अधिकांश सहभागीको मत रह्यो। उहाँहरूले अहिलेको संरचनामा यताउति नगर्न पाए हुन्थ्यो भन्नुभयो। गर्ने नै हो भने भौगोलिक आधारमा हिमाल, पहाड र तराई हेरेर गरौं भन्नुभो।

त्यसैगरी स्थानीय स्तरबाट नै सेवा-सुविधा प्राप्त गर्न सक्यौं भने हामीलाई राम्रो हुन्थ्यो, अहिले सुविधा टाढा छ भन्ने कुरा आयो। प्राकृतिक स्रोत-साधन गाउँस्तरमा नै दिनुपर्छ भन्ने कुरा आयो।

त्यसैगरी ठूलाछाप गा.वि.स. मा हामीले २०६६ मंसिर १५ गते कार्यक्रम गऱ्यौं, दलित समूहलाई लक्षित गरेर। अधिकांश जनतालाई संविधानबारे राम्रो जानकारी भएको पाइयो, संविधान निर्माण प्रक्रियामा पनि ज्ञान रहेनछ। राज्य पुनर्संरचना दलितको आधारमा गरिनुपर्ने उहाँहरूको आवाज थियो। उहाँहरू भन्दै हुनुहुन्थ्यो- पुनर्संरचनाचाहिँ भौगोलिक आधारमा नै गरिनुपर्छ।

स्थानीय स्तरमा स्कूल, क्याम्पस, स्वास्थ्यचौकी भए हामीले सेवा-सुविधा प्राप्त गर्न सक्थ्यौं, टाढा हुँदा समस्या छ भन्ने कुरा आयो। बिजुलीको पोल लगिएको छ, हामीलाई बत्ती बाल्न दिँदैनन् भन्ने गुनासो सुनियो। स्थानीय प्राकृतिक स्रोत- साधन हामीले नै उपयोग गर्न पाऊँ भन्ने आवाज आयो। त्यसैगरी हामीले २०६६ मंसिर १६ गते अधेरीनारानस्थान गा.वि.स.मा कार्यक्रम गरेका थियौं, मिश्रित समुदायलाई लक्षित गरेर। त्यहाँ पनि राज्य पुनर्संरचना हिमाल, पहाड, तराईलाई आधार बनाएर गर्नुपर्छ भन्ने आवाज आयो। त्यसैगरी उहाँहरकै शब्दमा बाटो छ, गाडी छैन, धारो छ पानी छैन, बिजुलीको तार छ, लाइन छैन।

त्यस्तै सेवा-सुविधा केही मात्रामा जिल्लाको केन्द्रमा राखेर अरू स्थानीय स्तरमा नै ल्याउनुपर्छ भन्ने कुरा आयो। गाविसमा अहिले भएकोमा भन्दा सेवा र अधिकार थपिनुपर्छ भन्ने उहाँहरूको आवाज रह्यो। अनि प्राकृतिक स्रोत गाउँस्तरमै हुनुपर्ने भन्ने अरू गा.वि.स.को जस्तै आवाज आयो।

त्यस्तैगरी २०६६ मंसिर १८ गते अन्तिम कार्यक्रम गरेका थियौं, नगरोन्मुख गाउँ रुम्जाटारमा। जहाँ महिलाको उपस्थिति ९५ प्रतिशत थियो। हामीले त्यो कार्यक्रम गा.वि.स.





भवन अगाडि चौरमा गरेका थियौं, जुन एयरपोर्टबाट नजिक थियो। त्यहाँ हामीले गुरुङ समुदायलाई लक्षित गरेका थियौं। त्यो कार्यक्रममा उहाँहरूले स्पष्ट रूपमा राज्य पुनर्संरचना गर्नु नै परेको छैन भन्नुभयो। अहिले जुन अवस्थामा छ, जसरी राज्य चलिरहेको छ, त्यसरी नै विकेन्द्रीकरणको माध्यमबाट अधिकारसम्पन्न बनाएर सञ्चालन गर्नुपर्छ भन्ने आवाज सुनियो।

उहाँहरूको ठूलो समस्या कृषि गर्न केही सुविधा छैन भन्ने रहेछ। खोला बगिरहेको छ, तर सिंचाइ सुविधा रहेनछ। एयरपोर्टमा प्लेन उड्दा र बस्दा धेरै नै धुलो उडेर हैरान भइयो भन्ने गुनासो आयो।

गाउँमै सेवा-सुविधा हुनुपर्ने उहाँहरूको पनि आवाज थियो। त्यसैगरी प्राकृतिक स्रोत-साधनको उपयोग गाउँस्तरमा नै हुनुपर्छ भन्ने उहाँहरूको मत छ।

महिलालाई यतिउति प्रतिशत दिने भनी छुट्याउने होइन, अधिकार महिलालाई पनि पुरुषसरह दिएर अगाडि बढ्नुपर्छ भन्ने कुरा संविधानमै राखियोस् भन्ने माग सहभागीको रह्यो। हामी पुरुष भन्दा केही कम छैनौं भन्ने आवाज आयो।

हामीले ५ वटै गाविस स्तरमा छलफल चलायौं। हामीले भिजुअल पनि बनाएका छौं। सहभागीले के-कस्ता, कसरी बोल्नु भयो भनेर म यहाँहरूको अगाडि देखाउने अनुमति माग्छु। यो आवाजचाहिँ रेडियो ओखलढुङ्गाबाट बजिसकेको छ। सायद यहाँहरूले सुन्नुभयो होला।

*१. ठूलाछाप गा.वि.स. समन्वय समितिका अध्यक्ष पदम तामाङ :* देशलाई हिमाल, पहाड, तराईका आधारमा पनर्संरचना गर्नुपर्छ, अल्पसंख्यकको पनि अधिकार सुनिश्चित हुनुपर्छ।

*२. रुम्जाटारकी राधा गुरुङ :* राज्यलाई विभाजन गर्दा विखण्डन नहुने गरी तलदेखि माथिसम्म अधिकार बाँडफाँड होस् यो कुराचाहिँ नेताको कानमा पुऱ्याउनुपर्छ र आफू पनि तयार हुनुपर्छ।

*३. अँधेरीनारायनस्थान गा.वि.स.बाट लालबहादु सार्की :* समानुपातिक रूपमा भाषाको आधारमा राज्य पुनर्संरचना हुनुपर्छ र, यसमा दलितको पनि अधिकार हुनुपर्छ। हिजोको जस्तो तलको तल नहोस्।

*४. बिगुटार गा.वि.स.उच्च मा.वि.का प्रधानाध्यापक तुमबहादुर कार्की :* जातीयताको आधारमा संघीयतामा गयो भने राज्य विखण्डन हुनसक्छ। जल, जमिन, जनजातिको आधारमा राज्य पुनर्संरचना गरिएमा युद्ध हुनसक्छ । स्थानीय अधिकारसम्पन्न संविधान बन्नुपर्छ। महत्वपूर्ण अधिकार केन्द्रमा रहे पनि आधारभूत अधिकार (शिक्षा, स्वास्थ्य,) गाउँमा नै होस्। गा.वि.स.लाई बढी सक्रिय र सशक्त बनाइनुपर्छ, त्यसपछि मात्र संघीयतामा जानुपर्छ। सेवायुक्त र अधिकारसम्पन्न सरकार गाउँमा होस्।

**सुर्स दर्जी** : हामी दलित पिछडिएका छौँ । यस भूमिमा सबै जातजाति समेटिएर जानुपर्छ । दलितको बच्चा ठूलो स्कूलमा पढ्न सक्दैन । आर्थिक अभाव, अवसर अभाव, दलित वहिष्कार आदि हुने भएकाले गर्दा पछि पर्ने गरेको छ । शिक्षा, रोजगारीमा विशेष सुरक्षा हुनुपर्छ । अब बन्ने संविधानमा छुवाछूत हटाउनुपर्छ ।

**वैद्यनाथ श्रेष्ठ, गै.स.स.सदस्य** : संविधान बन्छ जस्तो लाग्दैन, संविधान बनाउनतिर नेता लागेका छैनन् । राज्य पुनर्संरचना जातीयताको आधारमा हुनुहुँदैन । भौगोलिक आधारमा सगरमाथा प्रान्त हुनुपर्छ । ५ वटाभन्दा बढी प्रान्त हुनुहुँदैन । सरकारले धेरै सुविधा दिन नसक्ने



*क्षेत्रीय छलफलमा भाग लिँदै स्थानीय बासिन्दा*

कारणले धेरै प्रान्त हुनुहुँदैन ।

खोटाङ र सोलुको केही भाग मिलाउनुपर्छ र गाउँलाई बढी स्वायत्तता दिनुपर्छ । सबै अधिकार प्रान्तीय रूपमा दिनुहुँदैन । विदेशी हस्तक्षेप हुनसक्छ, छाडातन्त्र आउन सक्छ र प्रान्तमा जातीयताको आधारमा केही पनि हुनुहुँदैन ।

**खिला दाहाल** : कार्यक्रम असाध्यै मन पर्‍यो । अहिलेको परिप्रेक्ष्यमा जनजातिको पहुँच, प्रतिनिधि र पहिचान आदिलाई हेरेर राष्ट्रिय वा केन्द्रीय रूपमा बहस भइरहेको छ । केन्द्रको अधिकार प्रान्तमा नहुने र स्थानीय स्तरको जनताको पहुँच, स्थानीय स्तरको कुरा गर्दा संघीय मुलुक एउटा रह्यो । राज्य पुनर्संरचना जातीय रूपमा हुनुहुँदैन, दलितको प्रतिनिधि छ, तर पहुँचवाला जनजाति छ, धनीको मात्र छ । मधेसीमा पनि मजदुर, श्रमजीवीको प्रतिनिधित्व कसरी गर्छ ? दलितमध्ये ५ प्रतिशत धनीलाई होइन, ९५ प्रतिशतलाई लक्षित गरी कार्यक्रम लानुपर्छ ।

अब अभिमुखी संरचना हुनु आवश्यक छ । राष्ट्रिय स्तरमा संघको रूपमा रहनुपर्छ, भौगोलिक आधारमा, प्राकृतिक स्रोत-साधनको आधारमा राज्य पुनर्संरचना हुनुपर्छ । सुनकोशीको





पानीको प्रयोग मधेस र पहाडको बीचमा हुनुपर्छ ।

स्थानीय स्तरमा अधिकार दिइने व्यवस्था छैन, भौगोलिक बाँडफाँड अहिले पनि समस्या छ । स्थानीय बनावट कति आवश्यक हुन्छ भने इलाकाको हिसावमा जाँदा ठीक हुन्छ, इलाका केन्द्र-गाविसको आधारमा र इकाइ वडाको आधारमा हुनुपर्छ ।

कुनै पनि सेवा-सुविधा इकाइबाट भए राम्रो हुन्थ्यो । इकाइ बनाउँदा ३-४ वटाको केन्द्र बनाइदिने र नगरपालिकाको रूपमा अधिकार दिइनुपर्ने । जिल्ला रहँदा चुनाव क्षेत्रको आधारमा रहनुपर्छ, जनता कहाँ बस्न चाहन्छन्, त्यही आधारमा इकाइ छुट्याउनुपर्छ । राजनीतिक स्वार्थको आधारमा होइन, जनताको इच्छाअनुसार संविधान बनिनुपर्छ ।

**यज्ञराज सुनुवार, एकीकृत माओवादी जिल्ला पार्टी प्रमुख** : हामी संविधान निर्माणको प्रक्रियामा भएकाले जनताले हेरिरहेका छन् । गणतन्त्र गनाउने तन्त्र त हुँदैन ? सुझाव संकलनका लागि हामी गाउँमा गइरहेका छैनौँ । राज्य पुनर्संरचना हुने आश्वासन मात्र दिने गरेका छौ । यो संविधान मेरो हो भन्ने भावना हुनुपर्‍यो । भौगोलिक, आर्थिक, जातीय, सांस्कृतिक आधारमा छलफल गरेर संविधान बनाउनुपर्छ । जातीय आधारमा गर्दा गम्भीर समस्या वा फाइदा विभिन्न धारणा आउँछ, त्यसैकारण राष्ट्रियता कुनै पनि हालतमा खतरामा पर्नुहुँदैन । धनी र गरिबबीचको वर्गीय खाडल पुर्नुपर्छ । जातीय शोषण, अतिक्रमण भएको महसुस भएको छ । गलत राजनीतिले निम्त्याएको समस्या आज सामाजिक सद्भाव, भावनात्मक सम्बन्ध जातीय मेलमिलापमा खलल भएकाले हामीले यसमा बोल्नुपर्छ ।

अब बन्ने निकायमा केन्द्र, प्रदेश र स्थानीय हुनुपर्छ । वैदेशिक, मौद्रिक, सुरक्षा र राष्ट्रियताको अधिकार केन्द्रमा हुनुपर्छ । स्थानीय निकायहरूबीच समन्वय गर्ने संयन्त्र चाहिन्छ । स्थानीय सतरमा सिंहदरबारको सबै अधिकार ल्याउनुपर्छ । खानेभन्ज्याङको २-३ वटा गा.वि.स. मिलाएर १ ब्लक बनाउनुपर्छ । ५६ लाई १३ वटा ब्लकमा विभाजन गरी सम्पूर्ण अधिकार स्थानीय ब्लकको सरकारले छलफल गरी निर्णण लिनुपर्छ ।

**मेघहरि आचार्य, गै.स.स.अध्यक्ष** : नेपालीका मर्म र भावना संविधानमा समेटिन्छन् कि समेटिँदैनन् ? संघीयता भनेको जनतालाई दिइने सेवा सजिलो बनाउन हो । तल्लो स्तर को जनतामा अधिकार पुग्नुपर्‍यो । नागरिकता बनाउनदेखि लिएर अरू काम गाउँमै हुनुपर्छ ।

भौगोलिक र प्राकृतिक स्रोत-साधनको आधारमा संघीयता निर्माण हुनुपर्छ । संघको नाममा राष्ट्र विखण्डन हुँदैछ । परराष्ट्र, अर्थ, सुरक्षा केन्द्रले, अन्य सेवा-सुविधा स्थानीय स्तरमै हुनुपर्छ । केन्द्रले पनि राष्ट्रिय स्रोत प्रयोग गर्न पाउनुपर्छ ।

**विजय, प्र.रा.यु संघ** : सगरमाथा प्रदेश हुनुपर्छ । राज्यको संरचना प्राकृतिक स्रोत, साँस्कृतिक, भाषा, धर्म, जाति-भूगोललाई समायोजन गरेर समावेशी ढंगबाट गर्नुपर्छ । अल्पसंख्यकको अधिकार सुनिश्चित हुनुपर्छ । सगरमाथा प्रदेशलाई ६ वटा जिल्ला समेटेर लैजानुपर्छ । स्रोत-साधनको अधिकार गाउँलाई दिइयोस् । अहिलेको संरचना के गर्ने,

कसलाई दिने ?

**दानबहादुर बानियाँ, नेपाली कांग्रेस** : गणराज्य घोषणा गरिनु आवश्यक छैन । स्रोत-साधनको समानुपातिक वितरण होस् सबैलाई ।

गाउँमा कर उठाउने अधिकार दिइयोस्, धनी र गरिबको प्रतिनिधित्व समान रूपमा होस् । आर्थिक अवसर, शिक्षा, स्वास्थ्यलगायत सबै क्षेत्रमा लगानी गरोस् सरकारले । यस्ता अधिकार केही केन्द्र, केही प्रान्त र केही स्थानीय सरकारलाई दिनुपर्छ ।

राज्यहरू जातीय र धार्मिक आधारमा नहोस्, मानव अधिकार पूर्णरूपमा पाइयोस् । गाविसको संख्या घटाइयोस्, तर अधिकारसम्पन्न बनाइयोस् । स्थानीय सरकारको संरचना व्लक सिस्टमको होस्, जसमा जनताको लिड गर्ने सरकार बनाउनुपर्छ । स्थानीय सरकारले काम गर्न सकेन भने त्यसलाई परिवर्तन गरी अर्को सरकार बनाउनुपर्ने कुरा संविधानमा लेखिनुपर्छ ।

**तोयानाथ काफ्ले** : जाति, भाषा, धर्मका आधारमा राज्य पुनर्संरचना गर्दा राज्य टुक्रिने सम्भावना भएकाले भौगोलिक आधारमा पूर्व पश्चिम गरी पुनर्संरचना गर्नुपर्छ । ओखलढुंगाको सदरमुकाम सही ठाउँमा छैन । जिल्लाहरू बनाउँदा जनताले सुविधा पाउने गरी बनाउनुपर्छ । केन्द्रीय सरकारले गर्ने काम राज्य सरकार, स्थानीय स्तरको सरकारले पनि गर्नुपर्दछ । नागरिकताको कुरा सबै एकै ठाउँमा एकै खालको हुनुपर्छ । केन्द्रले नीति नियम बनाउने र कार्यान्वयन स्थानीय स्तरले गर्नुपर्छ ।



*छलफलमा विचार राख्दै स्थानीय युवा*

**नारायण प्रधान, नेपाली कांग्रेस** : इलाका, ब्लक, जातजाति, धर्म चाहिँदैन । जातजाति र भाषाभाषीका आधारमा हामी संघीयतामा जाँदैनौं । अधिकृतमूलक गा.वि.स हुनुपर्छ र संरचना पनि अधिकृतमूलक हुनुपर्छ ।

**जनककुमार के.सी.** : यहाँबाट चुनेर जनप्रतिनिधि पठाएका छौं, संविधान बन्ने हो कि





होइन ? संविधान तय होस् ।

राज्य पुनर्संरचना जातीय रूपमा गऱ्यो भने विखण्डन हुनसक्छ त्यसैकारण भौगोलिक, प्राकृतिक स्रोतको आधारमा हुनुपर्छ । कसैको पनि द्वन्द्व नहोस् । क्षेत्री, बाहुनले हिजो यति खाए अब हाम्रो पालो भन्ने नहोस् । यदि जातीयताको आधारमा भयो भने पनि अल्पसंख्यकको पनि अधिकार सुनिश्चित होस् । हामी फेरि बन्दुक, झन्डा बोकेर नारा लगाएर हिँड्नु नपरोस् ।

**मनोज बानियाँ, गैसस सदस्य** : राज्य पुनर्संरचना तीन किसिमबाट हुनुपर्दछ, जसमा स्थानीय, क्षेत्रीय र केन्द्रीय रूपबाट गरिनुपर्छ । सम्पूर्ण अधिकार स्थानीयमा नदिइयोस् । अधिकार दियो भने अल्पसंख्यक थिचोमिचोमा पर्न सक्छन् । विकासको अधिकार र सेवासुविधा गाउँस्तरमा दिनुपर्छ ।

किराँत राज्यले किराँतलाई के दिने ? कम्तीमा संविधान बनाउन जाने प्रतिनिधि बि.ए. पास गरेको हुनुपर्छ, योग्य पनि हुनुपर्छ र योग्य व्यक्तिको चयन केन्द्रले गर्नुपर्छ ।

**आङदाङ शेर्पा** : जातीय राज्य माग गर्नेलाई सहमतिमा ल्याउनुका साथै प्रतिनिधि पनि समानुपातिक रूपमा आउनुपऱ्यो ।

**सुनिता कार्की** : डेढ वर्ष बित्दा पनि संविधान बनेको छैन । संविधानको नाम लेख्ने क्रममा १ सयभन्दा बढी नामचाहिँ लेखिन्छ- संघीय, गणतन्त्रात्मक, लोकतान्त्रिक । जातिगत रूपमा भन्दा प्राकृतिक स्रोत र सम्पदाको आधारमा प्रान्त विभाजन हुनुपर्छ । हामीले त कम बुझेका छौं । अशिक्षित जनताले के बुझेका होलान् ? ८५ प्रतिशत जनता अनभिज्ञ जस्तो लाग्छ । गा.वि.स. र जि.वि.स.को नाम नै परिवर्तन गर्नुपर्छ भन्नेचाहिँ होइन । सेवाप्रदायक क्षेत्रमा अधिकृतस्तरको व्यक्ति हुनुपर्छ ।

प्राकृतिक स्रोतमा केन्द्रको पनि केही अधिकार हुनुपर्छ । समावेशी सिद्धान्तको आधारमा मिश्रित हुनुपर्छ । स्तरवृद्धि गर्ने हो भने शिक्षा, स्वास्थ्य, रोजगारी, अधिकार स्थानीय स्तरमा सुविधा हुनुपर्छ । सेवा सहज र सुलभ गरिनुपर्छ ।

स्थानीय सरकारको संरचना संविधानमा कोरिनुपर्छ । बजेट परिचालन गर्दा त हाम्रो अवस्था यस्तो छ । प्रान्तलाई केन्द्रले दिनु पऱ्यो र कुन ठाउँमा प्रयोग गर्ने थाहा हुनुपर्दछ । पछि पारिएको क्षेत्रलाई फोकस गर्नुपऱ्यो ।

**निशान्त शर्मा, माओवादी नेता** : आफ्नो पहिचान, अस्तित्व, राज्यको पुनर्संरचना मात्र हेरेर हुँदैन, शासकीय स्वरूप पनि हेरिनुपर्छ । जनतालाई राज्यको सेवा-सुविधा कसरी पुऱ्याउन सकिन्छ ?। शक्तिशाली केन्द्र, प्रान्त वा प्रदेश ? अधिकारसम्पन्न स्थानीय सरकार गरिनुपर्छ ।

जातीयता हुँदा विखण्डन हुन्छ भने केन्द्रमा शक्ति हुनुपर्छ । भौगोलिक, क्षेत्र र जातीयताको आधारमा संघीयतामा जानुपर्छ । संघीयताबारे हामीले अझ बुझ्नुपर्छ । जातविशेषले अन्य जातजातिलाई दमन नगरोस्, त्यसलाई नयाँ संविधानमा उल्लेख गरियोस् ।

सम्पूर्ण नेपालीको भावनाअनुसार पहिचान दिनुपर्छ । केन्द्रले सुरक्षा, मुद्रा र परराष्ट्र हेर्नुपर्छ । नेपालको विशिष्टताको आधारमा केन्द्रमा अन्य अधिकार दिनुपर्ने हुन्छ । स्थानीय स्तरमा सेवा-सुविधा दिन छुट्टै निकाय आवश्यक छ । ५०/५० प्रतिशतको आधारमा अधिकार बाँडफाँड हुनुपर्छ । राष्ट्रिय स्तरको पहिचान वा विशेषतामा ५०/५० प्रतिशत हुनुपर्छ । यदि नभएमा जनतामा निराशा हुन्छ । केन्द्रको मातहतमा प्रान्त राखिनुपर्छ । केन्द्रले दिने सुविधामा निश्चित मापदण्ड राखिनुपर्छ । पछि आउने समस्यालाई संविधानमा अहिले नै उल्लेख गर्नुपर्छ । किराँत गणराज्यमा अन्य जातिको पनि सही किसिमको पहिचान हुनुपर्‍यो । समानुपातिक रूपमा निर्वाचन प्रणाली अपनाउनुपर्छ । सानो स्वरूपको गाविस छन् त्यसमा ५/७ वटा गाविसको इकाइ बनाएर कार्य गरिनुपर्छ ।

**प्रदीप सुनुवार** : संरचना जेसुकै नाममा गरे पनि हुन्छ, प्राविधिक र वैज्ञानिक रूपमा हुनुपर्छ ।

**लक्ष्मी बाँस्कोटा** : पिछडिएका महिलाको अधिकारका कुरालाई महिला अधिकारकर्मीले नै अघि बढाउनुपर्‍यो । लोकतन्त्रको सर्वमान्य सिद्धान्तप्रति हाम्रा राजनीतिक दलका नेताहरू नै लागेका छैनन् । संविधान बन्छ भन्ने विश्वास छैन । संविधान बन्दा पूर्व पश्चिम छुट्टिने गरी संघको संरचना हुनुपर्छ । प्रत्येक आठ दस मिटरको नजिक अधिकार हुनुपर्छ । राज्य संरचना गर्दा सम्पूर्ण निकायबाट अधिकार दिइनुपर्छ । एउटा प्रान्तमा कुनै विकासका काम भए त्यसमा केन्द्रीय सरकारले निगरानी राख्नुपर्छ ।

**महिन लिम्बू** : संविधान निर्माणका निम्ति यहाँहरूको सल्लाह र सुझावले ठूलो भूमिका खेल्छ । अन्तरिम संविधानमा नेपाल संघीय संरचनामा जाने भन्ने विषयलाई उठाएको छ । स्थानीय सरकारलाई स्वायत्त स्थानीय सरकार निर्माण गर्न सकिन्छ भनेर हामी हिँडेका छौँ । २०४७ सालको संविधानमा पनि स्थानीय सरकारको व्यवस्थालाई समेट्न सकिएको थिएन । त्यसकारण हामीले अहिले स्थानीय अधिकार पाउन नसकेका हौँ । संविधान बलियो भएन भने जनता बलिया हुँदैनन् ।

**कृष्ण जैसी** : संविधानमा अन्य कुराका अलावा राष्ट्रिय एकता मजबुत हुने, दण्डहीनता अन्त्य हुने व्यवस्था आवश्यक छ ?

**मोहन श्रेष्ठ** : गाउँका गरिब, अशिक्षितले भनेका कुराले संविधान निर्माणमा ठूलो सहयोग पुग्छ । राम्रो नाना र खाना जनताले पाउनुपर्‍यो । सरकारले गिठा र भ्याकुर खानुपरोस् भन्ने कुरा एउटी महिलाले भन्नुभएको थियो । राज्य तीन तहमा हुनुपर्छ, केन्द्रीय सरकारबाट वर्गीकृत समाजमा निर्माण भएको छ । स्थानीय स्तरका जनताले गाँस, वास र कपास सही ढंगबाट प्रयोग गर्न पाऊन् भन्ने हो । जातीय भड्काउ भयो भने नेपाल गृहयुद्धतिर धकेलिन सक्दैन भन्न सकिँदैन । यसमा फ्रिडम फोरमको भूमिका बढी भएको देख्छु ।

◆◆◆







# बलखु

*ओखलढुंगा सदरमुकामबाट दक्षिण पश्चिममा अवस्थित बलखु गाविस वडा नम्बर ४ मा २०६६ साल मंसिर ८ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** कार्यक्रम आयोजना गरियो । यो वडामा तामाङ समुदायको बाहुल्य छ । कालिका प्राथमिक विद्यालय, माटे, बल्खुमा भएको छलफलमा ५१ जनाको सहभागिता थियो ।*

*देउराली लेक र देवुवाघाटदेखि लुक्का अँधेरीखोलासम्म फैलिएको यस गाविसमा ब्राह्मण, क्षेत्री, तामाङ, विश्वकर्मा, दमाई, गिरी, माझी, मगर, राई र गुरुङ जातिको बसोबास छ ।*

*समुद्री सतहबाट करिब १७ सय मिटरको उचाइँमा रहेको यस गाविसमा खाद्यबालीमा मकै, जुनेलो धान, गहुँ, कोदो आदि उत्पादन हुन्छ । फलफूलमा मेवा, अम्बा, आँप, काँक्रो, केरा, कटहर, भुइँकटहर, अंगुर, लिची, अमला आदि मौसमअनुसार पाइन्छ । तरकारीमा रहर, मास, मस्याङ, भुसेतिल, बोडी, केराउ, प्याज, लसुन, सिमी, कटेला, मुला, पिँडालु, लौका, गाजर, फर्सी, चिचिन्डो आदि पाइन्छ । यहाँका स्थानीयवासी उधौँलीउँभौली, साउनेसंक्रान्ति र ल्होसार मनाउँछन् । तामाङ, राई र मगर जातिको आफ्नै मातृभाषा छ भने अरू जातिले नेपाली भाषा प्रयोग गर्छन् ।*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई** : करिब दुई वर्ष भइसक्यो हामीले भोट दिएर संविधानसभामा

हाम्रा प्रतिनिधि पठाएको । उनीहरू संविधान लेख्न लाग्यौं भन्दैछन् । अब बन्ने संविधानमा के-कस्ता कुरा लेखिनुपर्ला भनेर राय लिन यो तामाङ बस्तीमा आएका छौं । सहभागीले आफ्नो कुरा नडराई भनिदिनुहुन्छ भन्ने आश राख्दै म यो कार्यक्रलाई सहजीकरण गर्न प्रमोद कटुवाललाई अनुरोध गर्दछु ।

**सहजकर्ता प्रमोद कटुवाल** : आज हामी यहाँ आउनुको कारण स्थानीय जनताका आवाज अब बन्ने संविधानमा कसरी प्रतिनिधित्व गराउन सकिन्छ भनेर हो ? अब बन्ने संविधानमा के-कस्ता कुरा लेखिनुपर्दछ, यो तामाङ बस्तीको राय के छ ? कसरी राज्य पुनर्संरचना हुँदा यस क्षेत्रलाई सहज हुन्छ र कुन निकायमा अधिकार दिइनुपर्दछ जस्ता कुरा यहाँ छलफल गर्नेछौं । हाम्रो मुख्य उद्देश्य तपाईंहरूको यो आवाज संविधानसभासम्म पुऱ्याउनु हो, त्यसैले तपाईंहरूले आफ्ना कुरा निर्धक्कसँग भन्नुहुन्छ भन्ने आश राख्छु । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिजनालाई थाहा छ, संविधान भनेको के होला ?

**दुर्गाबहादुर तामाङ** : मेरो विचारमा संविधान भनेको देशको मूल कानुन हो ।

**प्यारा तामाङ** : संविधान भनेको देशको मूल कानुन हो । यसले देशलाई कसरी चलाउने भन्ने कुरा गर्दछ जस्तो लाग्छ ।

**कुमार तामाङ** : संविधान भनेको देशको मूल कानुन हो ।

**मानबहादुर तामाङ** : संविधान भनेको देशको मूल कानुन हो । यसैअन्तर्गत बनाइएका ऐन-नियमले देश चल्छ ।

**सहजीकरण गर्दै** : यहाँहरूले भन्नुभएजस्तै संविधान भनेको देशको मूल कानुन नै हो । अहिले संविधान निर्माणको क्रममा छौं । अब बन्ने संविधानमा के व्यवस्था गरियो भने यहाँको जीवनस्तर सहज हुन्थ्यो होला भन्ने कुरा संविधान बन्ने ठाउँमा पुऱ्याउछौं ।

अहिले राज्य पुनर्संरचना गर्ने कुरा चलिरहेको छ । यहाँ उपलब्ध सेवा-सुविधा अब राज्य पुनर्संरचना हुँदा कुन ठाउँमा राख्ने भन्ने विषयमा छलफल चलिरहेको छ । अबको राज्य पुनर्संरचना कस्तो हुनुपर्ने ? सेवा-सुविधा दिने ठाउँ कहाँ रहनुपर्नेजस्ता विषयमा हामी यहाँ तपाईहरूसँग छलफल गर्दैछौ । राज्य विभाजन गर्दा स्थानीय सरकारलाई कहाँ कुन निकायमा राख्ने, यहाँ भएका स्रोत-साधनको प्रयोग कसले गर्ने, गाविसबाट प्राप्त हुने सेवा-सुविधा अब कहाँ हुने भन्ने कुरा छन्, यी कुरामा तपाईंहरूको विचार के छ ?

**मालसिंह तामाङ** : अबको राज्य पुनर्संरचना गर्दा राज्यलाई विभिन्न क्षेत्रमा लानुपर्छ । यसले गर्दा विकास सहज हुन्छ जस्तो लाग्छ ।

**दुर्गा तामाङ** : देशको तीव्र विकास गर्न राज्यलाई विभिन्न प्रदेशमा लानुपर्छ । अनिमात्र हामी अगाडि बढ्न सक्छौं जस्तो लाग्छ ।

**कुमार तामाङ** : देशलाई समग्र रूपमा तीव्र विकासको गतिबाट अगाडि बढाउन विभिन्न प्रदेशमा लानुपर्छ ।





**मालसिंह तामाङ** : जातजातिको अग्राधिकार हुने गरी विभिन्न प्रदेशमा लानुपर्छ ।

**सहजीकरण गर्दै** : यहाँहरूले देश विभिन्न प्रदेशमा जानुपर्दछ भन्नुभयो । के को आधारमा राज्यलाई विभिन्न प्रदेशमा लानुपर्दछ । जस्तो, हिमाल, पहाड र तराई हो कि अहिले आइरहेको लिम्बुवान, तमुवान आदिमा हो कि ?

**कन्ता मगर** : देशको पुनर्संरचना गर्नु त पर्छ नै किनकि हामीजस्ता पिछडिएका सधैं राज्यको सेवा-सुविधामा पछाडि नै छौं । यसले गर्दा जानु त पर्छ र, जातजातिको आधारमा विभिन्न प्रदेशमा लानुपर्छ भन्ने मलाई लाग्छ ।

**शिवमाया मगर** : राज्यलाई विभिन्न प्रदेश बनाउँदा जातजातिलाई प्रमुख आधार मानिनुपर्दछ ।

**मानबहादुर तामाङ** : जातीय र धार्मिक आधारलाई मुख्य आधार बनाउनुपर्दछ ।

**लीलामाया मगर** : राज्यलाई विभिन्न प्रदेशमा लाँदा कोही-कसैलाई मर्का नपर्ने गरी सबै जातजाति, भाषाभाषी, पाखा, पर्वत, हिमाल, पहाड र तराई सबै एकजुट हुने गरी विभाजन गरेर लानुपर्छ ।

**डिल्लीबहादुर कार्की** : स्थानीय स्तरमा सबै किसिमको अधिकार हुने खालको प्रदेशमा जानुपर्दछ ।

**कुमार तामाङ** : नेपाल विभिन्न जातजाति, भाषाभाषी र धर्मसंस्कृतिले भरिएको देश हो । यहाँ एकथरी मात्र जात छैन, यहाँका मानिस एउटा मात्र भाषा बोल्दैनन्, एउटा मात्र धर्म मान्दैनन् त्यसैले मेरो विचारमा भोलि नयाँ राज्यको विभाजन हुँदा जात, भाषा, धर्मको आधारमा गरियो भने देश टुक्रिन्छ । विभिन्न जातजातिबीचमा द्वन्द्व हुन्छ, त्यो हुनुहुँदैन । त्यसैले नेपाल हिमाली, पहाडी र तराई प्रदेशमा भौगोलिक स्वरूप मिलाएर विभाजन हुनुपर्दछ ।

**सहजीकरण गर्दै** : अब हामी यहाँ के-कस्ता सेवा- सुविधा उपलब्ध छन् भन्ने कुरामा छलफल गर्नेछौं । यहाँ अहिले खानेपानी, स्वास्थ्य, विद्यालय, सञ्चारलगायतका सुविधा छन् कि छैनन् ?

**प्यारा तामाङ** : यहाँ धेरै असुविधा छन् । विद्युत् छैन, सधैं अन्धकारमा बस्नुपरेको छ, विद्यालयहरू थोरै छन् त्यसैले शिक्षाको सुविधा पनि राम्रो छैन ।

**पदम तामाङ** : यो बल्खु गा.वि.स अरू गा.वि.स.को तुलनामा विकासमा पछाडि छ । खानेपानी, विद्युत् र शिक्षामा पछाडि छ ।

**टेकबहादुर तामाङ** : यहाँका मानिस गरिब छन् । गाउँ विकट छ, पञ्चायतकालमा भन्दा भिन्न व्यवस्था छैन खानेपानीको । खानेपानी, विद्युत् र शिक्षाको असुविधा छ ।

**टेकबहादुर वि.क.** : गाउँ अलि विकट छ, बाटोघाटोको असुविधा छ । खोइ खन्न नसकेर हो कि ? आउँदैछ कि थाहा छैन ।

**मनबहादु वि.क.** : भौगोलिक रूपमा विकट भएकाले होला कोही बिरामी पर्दा सदरमुकाम पुग्नुपर्छ। दुई/तीन दिन बोकेर बिरामीलाई उपचार गर्न लानुपर्छ। नजिकै स्वास्थ्यचौकी छैन, मोटरबाटो भएमा अलि सजिलो हुन्थ्यो कि ?

**पृथ्वीबहादुर तामाङ** : हाम्रो ठाउँमा केही छैन। कसरी विकासका कार्य माग्न जाने भन्ने नजानेर नै होला यस्तो भएको।

**मिश्रीमाया मगर** : यस ठाउँमा बाटो छैन, दैनिक जीवन चलाउन धेरै नै समस्या छ।

**इन्द्रमाया मगर** : बत्ती छैन, बाटो छैन, हामीले धेरै दुःख पाएका छौं।



**दीर्घकुमार तामाङ** : सिंचाइ सुविधा आवश्यक छ। खेत छ, खाली आकाशेपानीको भरमा मात्र कति दिन बस्ने ? पानी परेको वर्षमा त उत्पादन होला, नपरे खेतीपाती गर्न नपाएर भोकै बस्नुपर्छ।

**लीलामाया मगर** : अब बन्ने नयाँ नेपालमा सबै जनतालाई नछुट्याई समान पार्नुपर्छ।

**डिल्लीबहादुर तामाङ** : कुनाकाप्चामा रहेका स्वास्थ्य संस्थाहरूले पूर्णरूपमा औषधी पाएका छैनन्। स्थानीय रूपमा नै स्थानीय वासिन्दा जवाफदेही हुनुपर्ने देखिन्छ।

**कुमार तामाङ** : पहाडी बस्ती हो। विद्युत छैन, बाटो छैन, पढ्नका लागि २-३ घन्टा हिँड्नुपर्छ। एकदमै पछाडि परेको छ, गरिबी छ।

**टेकबहादुर तामाङ** : बाटो, स्वास्थ्यचौकी, स्कुल, पानीको समस्या छ। सरकारले सुविधा दिए राम्रो हुन्थ्यो।





**खेमबहादुर वि.क.** : हामी यस क्षेत्रमा जनजातिको बसोबास धेरै छ। यहाँका बच्चा पढ्न जाँदैनन्। एक त घरको आर्थिक अवस्था कमजोर छ, पढाउन सकिँदैन। त्यसैले यस्ता ठाउँमा विशेष व्यवस्था गर्नुपर्‍यो ।

**लीलामाया मगर** : हामीले केही पनि जानेका छैनौं। बाटोघाटो, बिजुलीको समस्या छ।

**मिश्रीमाया मगर** : सधैं अन्धकारमा बस्नुपरेको छ, त्यसैले बिजुली व्यवस्था हुनुपर्‍यो।

**मानसिंह राई** : धेरै अशान्ति भो, अब शान्तिमा रुपान्तरण गर्नुपर्छ।

**सहजीकरण गर्दै** : हामीले ओखलढुंगाको यो गाविस पिछडिएको छ भन्ने कुरा थाहा पायौं। तपाईंहरूको दैनिक जीवनमा आइपर्ने प्रशासनिक कामकाज जस्तै, नागरिकता बनाउने, जग्गा पास गर्ने, पासपोर्ट बनाउने आदि कामका लागि कुन निकायमा गर्दा सहज हुन्छ ? जस्तो, अबको राज्य बन्दा विभिन्न निकाय- जस्तै, क्षेत्रीय, केन्द्रीय र स्थानीय निकाय हुनेछन् भन्ने कुरा तपाईंहरूले सुन्नु नै भएको छ। स्थानीय निकायमा वा केन्द्रीय निकाय वा अन्य कुनै निकायमा कहाँ होस् ?

**दीर्घ तामाङ** : यहाँका जनता पढे-लेखेका र जानेका छैनन्। कुनै काम गर्न सदरमुकामसम्म जानुपर्छ। त्यहाँ जाँदा कर्मचारीले साक्षी खोज्नेलगायत विभिन्न दुःख दिने गरेका छन्। यो आज हुँदैन, भोलि आउनुस् भन्छन्। धाएर गयो सदरमुकाममा बस्यो काम हुँदैन, खर्चमात्र। फेरि फर्क्यो यसले गर्दा धेरै दुःख भयो। यसकारण अबको राज्यमा नागरिकता, पासपोर्ट बनाउनेजस्ता काम गर्नका लागि गा.वि.स. वा नजिकै भइदिए राम्रो हुन्थ्यो। यसले गर्दा हामी जस्तालाई दुःख कम हुन्थ्यो होला।

**लीलामाया मगर** : हाम्रो यो गाविसलाई सरकारले केही पनि सुविधा दिएन। दुःख मात्र पायौं।

**मानबहादुर तामाङ** : बि.ए.सम्म निःशुल्क पढ्ने व्यवस्था होस्। नागरिकता बनाउनेलगायतका अन्य काम गा.वि.स.मै भइदिए राम्रो हुन्थ्यो।

**डिल्लीबहादुर कार्की** : स्थानीय स्तरमा नै सुविधा भएमा मान्छे पलायन हुँदैनन्, बसाइँ सर्दैनन्।

**कुमार तामाङ** : नागरिकता बनाउने, पासपोर्ट बनाउने लगायतका प्रशासनिक काम स्थानीय स्तरमा भए जनताले अनावश्यक दुःख भोग्नुपर्दैन। यसो गरे यहाँको जीवनस्तर अलि सहज हुने थियो।

**बुद्धिमाया तामाङ** : सेवा-सुविधा गाविसमा वा नजिकै स्थानीय ठाउँमा उपलब्ध भयो भने जिल्ला जाने खर्च जोगिन्छ। समय पनि बचत हुन्छ। चिनेका मानिस हुन्छन्, सहज हुन्छ त्यसैले यस्ता कार्य स्थानीयस्तरमै हुनुपर्दछ।

**कमलीमाया मगर** : दैनिक खाद्यान्न लिन सदरमुकाम पुग्नुपर्छ । बूढाबूढी, केटाकेटी हिँड्न सक्ने बाटो छैन । खोला तर्न सकिँदैन, पुल र मोटरबाटोको व्यवस्था भएमा हुन्थ्यो ।

**सहजीकरण गर्दै** : देश अब विभिन्न प्रदेशमा विभाजन हुँदैछ । अब बन्ने संघीय राज्यमा कुन भाषाको प्रयोग होस् जस्तो लाग्छ ? जस्तो, यो ठाउँमा धेरै तामाङ बस्ती छ, तामाङ भाषा सबैले बुझ्छन्, त्यसैले यहीको भाषा बोल्ने हो कि ? त्यो होइन नेपाली नै ठीक छ भन्ने हो कि ?

**बुद्धिमाया तामाङ** : हामी जनजातिको भाषा कमजोर हुँदै गएको छ । हाम्रा बच्चाहरूले नै यो भाषा बिर्सिन लागेका छन् त्यसैले स्थानीय निकायमा चाहिँ यही भाषालाई केही प्राथमिकता दिनुपर्छ जस्तो लाग्छ । जस्तो, यहाँका विद्यालयहरूमा तामाङ भाषामै पठनपाठन गराइनुपर्छ । यसो गरिएमा सबै भाषाको संरक्षण हुन्छ । प्रा.वि.सम्म मातृभाषाका साथसाथै नेपाली भाषामा पनि पढाइ हुनुपर्‍यो । यसले गर्दा सिकाएका कुरा विद्यार्थीले सजिलै जान्दछन् कि जस्तो लाग्छ ।

**लीलामाया मगर** : विद्यालयमा सधैँ नेपाली भाषामा मात्र पढाइ हुन्छ । नेपाली भाषामा प्रश्नपत्र आउँछ, त्यति राम्रोसँग नेपाली भाषा बुझेको हुँदैन त्यही कारण परीक्षामा धेरैजसो विद्यार्थी फेल हुने गर्दछन् । यसले गर्दा स्थानीय स्तरमा स्थानीय भाषालाई प्रमुखता दिनुपर्ने देखिन्छ ।

**दुर्गा तामाङ** : विद्यार्थीहरू मातृभाषामा बोल्ने भएकाले प्रा.वि.सम्म मातृभाषामा पठनपाठन हुनुपर्छ । यसो गरे बुझ्न पनि सजिलो हुन्छ ।

**सहजीकरण गर्दै** : अब हामी स्थानीय स्रोत-साधनको कसरी बाँडफाँड हुनुपर्दछ भन्ने विषयमा छलफल गर्दछौं । यहाँ खोला छ, वन, खनिज पदार्थलगायतका धेरै स्रोत-साधन छन्, त्यसको उपयोग स्थानीय सरकारले वा केन्द्रले वा अन्य कुनै निकायले गरोस् जस्तो लाग्छ ?

**प्यारा तामाङ** : यो क्षेत्रको प्रमुख स्रोत भनेको पानी हो । यहाँको पानीलाई उपयोग गरी विद्युत् सञ्चालन भएमा पहिला यस गाविसलाई दिएर बाँकी विद्युत जिल्ला वा क्षेत्र हुँदै अन्यत्र बाँडफाँड होस् । यसले गर्दा यो गाविसको विकास हुन्छ जस्तो लाग्छ ।

**पृथ्वीबहादुर तामाङ** : स्थानीय स्रोत-साधनमा पहिलो अधिकार स्थानीय जनताको हुनुपर्दछ । कर उठाउनेलगायत उठेको पैसा कहाँ लगानी गर्ने भन्ने अधिकारसम्म स्थानीय निकायमा हुनुपर्दछ । त्यसपछि मात्र अरूलाई यसको अधिकार दिइनुपर्दछ ।

**मिश्रीमाया तामाङ** : अबको राज्यमा स्रोत साधनको प्रयोग स्थानीयको होस् । स्थानीय स्रोत-साधनको प्रयोगबाट हाम्रो जीवनस्तर माथि उठथ्यो कि ? आजसम्म केन्द्रमा सबै जाने गर्थ्यो त्यसले गर्दा त्यहाँ पहुँच नहुने- सधैं पछाडि परिरहने । अब त्यस्तो नहुनका लागि स्थानीय स्रोत-साधनमा स्थानीयको पहिलो अधिकार हुनुपर्दछ ।

**कुमार तामाङ** : स्थानीय स्तरमा भएका विभिन्न खानी, विद्युत् स्थानीयस्तरमै उपभोग





गर्न पाओस् र यहाँबाट बढी भएका मात्र अन्यत्र वितरण गरियोस् ।

**डिल्लीबहादुर कार्की** : स्थानीय स्तरमा भएका प्राकृतिक स्रोत-साधनको अधिकार केन्द्रमा पनि होस् र स्थानीय निकायहरूलाई विखण्डन नहुने गरी अधिकार दिइयोस् । यसले गर्दा देश सधैं एक हुन्छ नत्र स्रोत-साधन नभएका क्षेत्रहरू मर्कामा पर्छन् ।



*छलफलमा भाग लिँदै बलखुका स्थानीय बासिन्दा*

**दुर्गा तामाङ** : पहिलो अधिकार स्थानीय स्तरमा दिनुपर्‍यो त्यसपछि मात्र प्राकृतिक स्रोत-साधनको प्रयोगमा केन्द्रको अधिकार हुनुपर्‍यो । किनकि, प्राकृतिक स्रोत-साधन भनेको सबैको साझा हो अनि राज्यको पनि आम्दानीको स्रोत हो । त्यसैले सबै स्थानीय निकायमा लगाएमा केन्द्रमा केही पनि हुँदैन । यो पनि राम्रो हुँदैन त्यसैले यी सबै कुराको विचार गरेर उचित बाँडफाँड होस् ।

**कुमार तामाङ** : वनजंगल र खानीमा स्थानीयको पहिलो अधिकार हुनुपर्छ र केही मात्रामा केन्द्रको पनि अधीन हुनुपर्छ । यसले गर्दा सबैको समुचित विकास हुन्छ जस्तो लाग्छ ।

◆◆◆



# मोली

*ओखलढुङ्गा सदरमुकामबाट पूर्वी दक्षिणतिर अवस्थित निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गतको मोली गाविसको वडा नम्बर ३ मा २०६६ मंसिरमा **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** सम्पन्न भयो । छलफलमा ५० जना स्थानीय जनताको सहभागिता रह्यो ।*

*ब्राह्मण, क्षेत्री, राई, मगर, नेवार, कामी, परियार, भुजेल जातिको बसोबास रहेको यो गाविसलाई पहिला खाडी बुन्ने गाविस भनेर पनि चिनिन्थ्यो । बीचमा खाडी बुन्ने काम लोप भए पनि हाल आएर केही युवाको सक्रियतामा पुनः यो पेसा मौलाएको छ ।*

*समुद्री सतहबाट करिब १४ सय मिटर उचाइँमा रहेको यस गाविसमा मकै, कोदो, धान, गहत, मास, फापर, गहुँलगायतका खाद्यान्नबाली उत्पादन हुन्छ । फलफूलमा आँप, केरा, सुन्तला, नास्पाति, भुइँकटर, निबुवा, जुनार, लिची मौसमअनुसार फल्छन् । तरकारीमा आलु, बन्दाकोबी, सिमी, काउली, मुला, प्याज, लसुन, टमाटर आदि उत्पादन हुन्छ ।*

*चाडवाडमा यहाँका बासिन्दा दसैं-तिहार, न्वागी (पितृविशेष), धान्यपूर्णिमा, वैशाखेपूर्णिमा, साउनेसंक्रान्ति, चैतेदशैं मनाउँछन् । रामई र मगर जातिको आफ्नै भाषा छ भने अन्य जातिले नेपाली भाषा प्रयोग गर्छन् ।*

**कार्यक्रम सुरु गर्दै प्रमोद कटुवाल** : यहाँका आवश्यकता के-कस्ता छन्, कसरी सेवा-सुविधा यहाँसम्म ल्याउन सकिन्छ, दैनिक जीवन कसरी सहज गराउन सकिन्छ ? अब बन्ने संविधानमा के-कस्ता कुरा समावेश गर्न सकिन्छ । अब बन्ने संघीय राज्यको विभाजन कसरी





गर्दा यस क्षेत्रलाई राम्रो हुन्छ ? यहाँका जनतालाई कसरी माथि उठाउन सकिन्छ भनेर यो गाविसमा छलफल गर्न आएका छौं । यहाँहरूले अब बन्ने संविधानमा राज्य पुनर्संरचना हुँदा के-कस्तो हुनुपर्दछ भन्ने कुरा राख्नुहुनेछ र हामी तपाईंहरूले बोलेका कुरा संविधानसभासम्म पुऱ्याउँछौं । हाम्रो मुख्य उद्देश्य भनेको यहाँका जनताको चाहना अब बन्ने संविधानमा के-कस्ता कुरा उल्लेख हुनुपर्दछ भन्ने छ भनेर रेकर्ड गराउने नै हो । सर्वप्रथम हामी परिचयको कार्यक्रम गर्नेछौं, त्यसपछि यहाँ के-कस्ता सेवा-सुविधा छन् ? स्वास्थ्यचौकी, विद्यालयको व्यवस्था, यातायात, सिंचाइलगायतका अन्य व्यवस्था के-कस्ता सेवा-सुविधा छन् ? आदि विषयमा यहाँहरूसँग छलफल गर्नेछौं । म यो कार्यक्रम अगाडि बढाउन साथी सिद्धिविनोद अधिकारीलाई आग्रह गर्दछु ।

**सहजीकरण गर्दै सिद्धिविनोद अधिकारी** : यहाँ उपस्थित तपाईंहरूको विचारमा अब बन्ने नयाँ राज्यको संरचना कसरी हुनुपर्दछ ? कहाँ र कुन स्तरमा सेवा-सुविधाहरू हुनुपर्दछ जस्ता विषयमा हामी छलफल गर्दैछौं । हामीले सोधेका कुरामा यहाँहरूको स्पष्ट जवाफ आउँछ भन्ने हामी आश गर्दछौं । अब कार्यक्रम सुरु गर्दैछौं । संविधानसभाको चुनाव भइसकेको छ, यहाँहरूले भोट हालेर आफ्ना प्रतिनिधिहरू चुनेर पठाइसक्नुभएको छ । काठमाडौंमा उहाँहरू संविधान लेख्दै हुनुहुन्छ । तपाईंहरूको विचारमा संविधान भनेको के होला ?

**राजकुमार रुम्दाली** : संविधान भनेको देशको मूल कानुन हो ।

**भरत कटुवाल** : देशको मूल कानुन हो ।

**दिलीपकुमार रुम्दाली** : देशको एउटा लिखित रूपमा लेखिएको कागज नै संविधान हो ।

**दीपा राई** : संविधान भनेको देशको मूल कानुन हो ।

**बलराम राई** : देशलाई हाँक्ने कानुन नै संविधान हो ।

**पुष्पराज राई** : संविधान भनेको देशको मूल कानुन हो ।

**सन्त राई** : देशको मूल कानुन हो ।

**रुविना राई** : मूल कानुन हो ।

**गीतबहादुर आले** : जनतालाई डोऱ्याउने शासन नै संविधान हो ।

**प्रमोद कटुवाल** : यहाँ उपलब्ध सेवा विभिन्न किसिमका जस्तै, हुलाक, विद्यालय, स्वास्थ्य सेवा, यातायातलगायतका सुविधाको अवस्था के-कस्तो छ ? के कसरी पाइरहेका छौं होला ?

**सूर्यबहादुर थापा** : स्वास्थ्यमा आधारभूत स्वास्थ्यबाट ३२ प्रकारका औषधी निःशुल्क दिन्छौं । प्रतिकारात्मक र रोकथाम गर्ने खालको खोप, पोषण, माइक्रो सूक्ष्म, महामारीका

रोगका लागि बाल स्वास्थ्य खोप आदि सेवा पुऱ्याएको छ ।

**शरणजीत राई** : शिक्षा, स्वास्थ्य, मालपोत स्थानीय स्तरबाट हुनुपर्दछ ।

**राजकुमार रुम्दाली** : प्रत्येक गाउँ विकास समितिका विद्यालयमा विषयअनुसारको शिक्षक दरबन्दी हुनुपर्छ ।

**सुजन रुम्दाली** : सञ्चारमा अप्ठ्यारो छ, टावर बनेको छैन, सडक भर्खर निर्माण हुँदैछन्, खानेपानी छैन ।

**भरतकुमार कटुवाल** : विद्यालयहरू राम्रैसँग खुलेका छन् । विद्यालयमा १-५ सम्म पढाई हुन्छ । त्यसमा ३ जना शिक्षक छन्, कम्तीमा ६ जना र विषय शिक्षक हुनुपर्ने देखिन्छ ।

**हितमान रुम्दाली** : सरकारबाट पाउने जम्मै सुविधा पाइएको छैन ।

**बालकुमार राई** : आँखा दुखेको ५ दिनपछि मात्र औषधी पाउँछ, भनेको बेलामा औषधी पाउँदैन ।

**बलराम दियाली** : जिविस, गाविस वा सरकारबाट लगानी भए पनि त्यति चित्तबुझ्दो सेवा छैन । त्यति सुविधा पाइएको छैन । भर्खर गाविसको सहयोगबाट बाटो बन्दैछ । शिक्षा, स्वास्थ्यमा पनि बजेटको कमीले गर्दा अगाडि बढ्न सकिएको छैन । समानुपातिक रूपमा दलित, पिछडिएका, विपन्नबारे समावेशी रूपमा संविधान लेखिनुपर्छ ।

**हितमान रुम्दाली** : गाविस सचिवहरू गाउँमै बसेदेखि पासपोर्ट, नागरिकता बनाउन सजिलो हुने थियो ।

**खोपबहादुर थापा** : सानो-ठूला सबै जनताले आफ्नो योग्यताअनुसार रोजगार पाउनुपर्ने ।

**लोकबहादुर थापा** : सानो सिफारिस लिन पनि सदरमुकाम धाउनुपर्ने स्थिति छ, त्यसैकारण सचिवहरू गाउँमा नै बस्नुपर्छ ।

**दशरथा राई** : नियम बनाउने कार्य गाउँमै हुनुपर्छ ।

**मीनबहादुर श्रेष्ठ** : जंगलका जडीबुटी गाउँमा उत्पादन गर्नुपर्छ ।

**दिलीपकुमार रुम्दाली** : वनलाई एउटा समुदायमा जिम्मा दिएर जनतालाई नै जिम्मेवार बनाइयो भने त्यो स्रोत-साधन बचावट हुन्छ । स्रोत-साधन स्थानीय स्तरमा हस्तान्तरण हुनुपर्दछ ।

**भरत कटुवाल** : पहाडमा बस्ने मान्छेको आम्दानी भनेको खेती हो त्यसैकारण यहाँका जनताले साथ दिन सक्छन्, तर ठूला कामका लागि सरकारले नै निर्णय लिनुपर्दछ ।

**सुजन रुम्दाली** : पहाडी भेगमा सबैभन्दा पिछडिएका मानिस छन् । जुन काम पनि केन्द्रबाट नै गर्नुपर्छ, स्थानीयबाट काम गर्न सकिँदैन । यहाँका मानिसलाई आफ्नो उत्पादनबाट ३ महिनासम्म पनि खान पुग्दैन । यस क्षेत्रका जनता श्रमदान गर्न सक्छन् तर पुँजी दिन सक्दैनन् ।

**टीका रुम्दाली** : स्थानीय रूपमा उठने कर स्थानीय स्तरमा प्रयोग गर्नुपर्छ ।





**विनिता रुम्दाली** : जुन ठाउँबाट कर उठाए पनि विकास निर्माणमा सबैतिर खर्च गर्नुपर्छ ।

**शरदजीत राई** : स्थानीय स्तरमा उठाएको कर स्थानीय स्तरमा प्रयोग हुनुपर्दछ त्यसका लागि सरकारले व्यवस्था गर्नुपर्दछ ।

**सूर्यबहादुर थापा** : कर सरकारको आम्दानी हो । स्थानीय स्तरमा विकास निर्माणमा लगाउनुपर्छ । यो नीति सरकारले लेखिदिनुपर्छ । जलस्रोतको कर भने राज्यमा पुग्नुपर्छ ।

**गीतबहादुर राई** : आफ्नो जातीय परिवेशअनुसार आफ्नो भाषाको पठनपाठन सुरु गरेमा पठनपाठन गर्न सजिलो हुन्छ किनभने विशेष गरेर जनजाति पछि परेको मातृभाषा

*छलफलमा*
*आफ्नो विचार राख्दै*
*मोलीका स्थानीय बासिन्दा*



प्राविसम्म नभएर हो । यो कुरा संविधानमा लेखिनुपर्छ ।

**पुष्पराज राई** : मातृभाषामा शिक्षा लागू गर्नुपर्छ । त्यसका लागि अब बन्ने संविधानमा स्पष्ट उल्लेख गर्नुपर्छ ।

**दीपा राई** : मातृभाषामा नै पठनपाठन हुनुपर्छ । मातृभाषामा भयो भने परम्परा र संस्कृति बिर्सिंदैन ।

**भगिमाया आले** : मातृभाषामा पठनपाठन हुनु आवश्यक छ ।

**विनिता रुम्दाली** : मातृभाषा र नेपाली भाषा दुवैमा हुनुपर्छ ।

**शरणजित राई** : मातृभाषामा पठनपाठन गर्न सजिलो छ तर त्योसम्बन्धी शिक्षक कतिको हुन्छ ? तसर्थ, नेपाली भाषामा नै पढाइ हुनुपर्छ ।

**सूर्यबहादुर थापा** : राष्ट्रभाषा र मातृभाषालाई सँगसँगै लानु जरुरी छ ।

**सुजनकुमार रुम्दाली** : ऐच्छिक हिसाबमा मातृभाषा र राष्ट्रियभाषा दुवै आवश्यक छ ।

**भरत कटुवाल** : संघीय राज्य सञ्चालन गर्नका लागि साझा भाषा चाहिन्छ ।

**दिलीपकुमार रुम्दाली** : मातृभाषा कक्षा सञ्चालनका लागि सरकारले प्रत्येक गाविसमा

बजेट छुट्याउनुपर्छ र पाठ्यक्रम तयार गरी लागू गर्ने सरकारी नीति चाहिन्छ ।

**सहजीकरण गर्दै** : यहाँ भएका सेवा- सुविधा हामीले थाहा पायौँ र जति जीवनलाई सजिलो बनाउन हुनुपर्ने त्यो नभएको हामीले थाहा पायौँ । यस्ता किसिमका सेवा-सुविधा, कुनै पनि किसिमको पूर्वाधार विकासका लागि यिनीहरूको उपयोग गर्ने क्रममा कुन ठाउँमा गर्दा हामीलाई सजिलो होला ?

**टीका रुम्दाली** : जुन भएका योजना पनि पुनः मर्मत भएमा राम्रो हुने थियो । जस्तै, धारा, कुलो आदि ।

**राजकुमार रुम्दाली** : गा.वि.स.मा विद्यालय थप गरेमा यहाँका जनताको रोजगारीमा वृद्धि हुन्थ्यो ।

**डुकराज श्रेष्ठ** : खानेपानी प्रत्येक टोलटोलमा भएदेखि अझ राम्रो हुन्थ्यो । नागरिकता बनाउने काम, विवाह दर्ता, जन्म दर्ता, बसाइँसराइँ गर्न सदरमुकाम जानुपर्ने भएकाले गाविस सचिव गाउँमा नै बसिदिए राम्रो हुन्थ्यो ।

**सराजीत राई** : स्थानीय निकाय गठन हुनुपर्छ जसले गर्दा नागरिकता, पासपोर्ट बनाउने काम गाविसमा नै गर्न सकिन्छ ।

**सूर्यबहादुर थापा** : स्थानीय स्तरमा पशु, बैंकिङ, कृषि सेवा हुनु जरुरी छ ।

**बलराम दियाली** : स्थानीय स्तरमा प्राविधिकको व्यवस्था, रोजगारका लागि साना उद्योगहरू खोलिनु जरुरी छ ।

**हितमान राई** : स्थानीय स्तरमै सिंचाइ सुविधा आवश्यक छ ।

**सहजीकरण गर्दै** : यहाँ विभिन्न किसिमका प्राकृतिक स्रोत छन्, जस्तो, वन, पानी, खनिजलगायतका चिज यहाँ छन् । अब देश संघीय बन्दैछ त्यसैले अब बन्ने संघीय राज्यमा त्यस्ता कुराको अधिकार कुन निकायमा भए राम्रो हुन्थ्यो ? त्यहाँको कर कुन निकाय केन्द्र वा स्थानीय सरकार वा अन्य कुनै निकाय कसले उठाए हुन्थ्यो जस्तो लाग्छ ?

**भरत कटुवाल** : पानी त्यसै खेर गइरहेको छ । जडीबुटीको उचित प्रयोग हुनसकेको छैन । त्यस्ता कुराको अधिकार स्थानीय निकायमा दिइएमा खोजी गरेर स्थानीय स्तरको विकास गर्दछ त्यसैले यस्ता अधिकार स्थानीय निकायमै हुनुपर्दछ ।

**बलराम दियाली** : यस्ता कुरा गाउँमै रहिदिए राम्रो किनकि दुई दिन धाएर जिल्लामा जानुपर्छ । भोलि यस्ता कुराहरूको अधिकार केन्द्रमा भएमा केन्द्रसम्म धाउनुपर्ने हुन्छ, जसले गर्दा हामीलाई झन् समस्या हुन्छ । त्यसैले यस्ता कुराको अधिकार स्थानीय निकायमा दिनुपर्दछ ।

**सुजन रुम्दाली** : हिमालमा बस्नेलाई मात्र हिमालमा के छ भन्ने थाहा हुन्छ । पहाडमा बस्नेलाई हिमालका बारेमा केही थाहा हुँदैन । त्यसैले स्थानीयलाई नै यस्ता कुरा गर्ने





अधिकार दिएमा त्यसलाई उसले आफ्नो सम्झेर संरक्षण गर्छ । अब राज्य पुनर्संरचना हुँदा केन्द्रीकृत होइन कि स्थानीयकृत गरिनुपर्दछ । त्यसैले कर उठाउने, त्यसको प्रयोग गर्नेलगायतका सबै अधिकार स्थानीय निकायलाई दिइनुपर्दछ । यसले गर्दा स्थानीय स्रोत-साधनको सदुपयोग हुन्छ जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : तपाईंहरूले भन्नुभयो कि यहाँको स्थानीय स्रोत-साधनको प्रयोग गर्ने अधिकार स्थानीयलाई नै होस् । यहाँबाट उठ्ने कर यहीको विकासका लागि मात्र होस् कि केन्द्रलाई पनि केही अंश दिन उपयुक्त हुन्छ ?

**शरणजीत राई** : विशेषतः त्यही ठाउँमा प्रयोग होस् । त्यहाँका वस्तीको जीवनस्तर उकास्न त्यसले मद्दत नै गर्छ जस्तो लाग्छ । यदि धेरै मात्रमा उठ्ने छ भने त केन्द्रलाई पनि केही दिनुपर्छ ।

**रुविना राई** : एक ठाउँमा उठाएका कर त्यहाँमात्र प्रयोग नभएर स्थिति हेरेर विभिन्न ठाउँमा प्रयोग गरिनुपर्दछ । किनकि, सबै ठाउँमा उत्तिकै मात्रमा स्रोत-साधन नहुन सक्छन् । नभएका ठाउँमा के गर्ने भन्ने हुन्छ ।

**सूर्यबहादुर थापा** : भोलि राज्य पुनर्संरचना हुँदैछ । कुन तरिकाले कसरी गरिन्छ, त्यहीअनुसारको करको नियम बनाउनुपर्दछ ।

**सहजीकरण गर्दै** : अबको राज्य विभाजन गर्दा कसरी गर्दा राम्रो हुन्छ होला ? कुन आधारमा संघीयतामा जानुपर्ला ?

**सूर्यबहादुर थापा** : राज्यव्यवस्थाको प्रणालीअनुसार विभिन्न किसिममा बाँडिएका हुन्छन् । धेरै राज्यलाई विभाजन गरेर चलाउने या भौगोलिक, जातजाति, भाषाअनुसार राज्य पुनर्संरचना हुनुलाई संघीयता भनिन्छ । राज्यको विभाजन हुँदाखेरी धेरै कुराको ख्याल गर्नुपर्ने हुन्छ । किनकि, नेपाल भनेको सय वटाभन्दा बढी जातजाति भएको देश हो । त्यसैले सबैलाई जातीय राज्य दिने हो भने के सयवटा नेपाल बनाउने ? यो अहम् प्रश्न हो । तर, यसरी हुँदैन भोलि किराँत राज्यमा अल्पसंख्यकलगायत दलितको अधिकारको स्थान कहाँ हुने भन्ने कुरा हुन्छ । यो आवाज कसले सुन्ने भन्ने कुरा हुन्छ ? अहिले केन्द्रीय राज्यमा केही जातको बाहुल्य भए पनि अब राज्य पुनर्संरचना हुँदा आन्दोलन या रक्तपात हुन नदिन अल्पसंख्यक जातलाई पनि राज्यको स्रोतको समुचित विकास हुने गरी त्यो राज्यमा ती अल्पसंख्यकको पनि अधिकार हुने गरी भौगोलिक, स्रोतको उचित बाँडफाँड, जातीय पहिचानको आधारमा केही राज्यको विभाजन गर्न सकिन्छ । भोलि उच्च हिमालका मानिसलाई पायक पर्ने गरी एउटा राज्य बनाउन सकिन्छ । भोलि विखण्डन नहुने गरी हिमाल, पहाड र तराईलाई मिलाएर विभाजन हुनुपर्दछ ।

**शरणजीत राई** : मधेसी र लिम्बुवानले उठाएको मुद्दालाई अध्ययन गरी राज्य दिन जरुरी छ । त्यसरी दियो विकास हुनसक्छ ।

**राजकुमार रुम्दाली** : संघीयता दिँदा, राज्यको पुनर्संरचना जातीय आधारमै हुनुपर्दछ ।

त्यसपछि मात्र भौगोलिक आधारमा जानुपर्दछ । यसरी राज्य पुनर्संरचना गरिए राम्रो हुन्छ ।

**सुजन रुम्दाली** : संघीय राज्यको विभाजन हुँदा पहिला जातीय आधारमा त्यसपछि त्यहाँ बसोबास गर्ने मानिसको जनसंख्याको बाहुल्यताको आधारलाई महत्व दिनुपर्दछ । त्यसो भए मात्र बहुसंख्यक र अल्पसंख्यकको हकअधिकार सुनिश्चित हुन्छ नत्र केही हुँदैन । स्थानीय स्तरमा विकास गर्नका लागि केन्द्रीकृत नीतिभन्दा स्थानीय निकायलाई बढी अधिकार हुनु जरुरी छ ।

**भरत कटुवाल** : अहिलेसम्म हाम्रो शासन व्यवस्था केन्द्रीय नीतिमा थियो । तर, अबको राज्य पुनर्संरचना हुँदा विकेन्द्रीकृत हुनुपर्दछ । यही केन्द्रीकृत राज्यलाई विकेन्द्रीकृत गराउनु नै संघीयता हो । अबको राज्य बन्दा स्थानीय स्तरलाई माथि उठाउन स्थानीय निकायमा सबै अधिकार दिइनुपर्दछ । यसो गर्दा त्यो राज्यको विकास हुनसक्छ ।

**भगीय आले** : पुरानो शासन व्यवस्थामा ग्रामीण जनता र पिछडिएको वर्गको आवाज नपुगेको हुनाले संघीयताको कुरा आएको हो जस्तो लाग्छ । त्यसैले अबको राज्य पुनर्संरचना गर्दा कसरी स्थानीय निकायमा सबै सेवा-सुविधा पुऱ्याउन सकिन्छ, त्यसतर्फ ध्यान दिइनुपर्छ जस्तो लाग्छ ।

**पुष्प राई** : जातीयता, धर्म र भौगोलिक कुरालाई आधार मानेर संघको संरचना गर्नुपर्छ । यसरी मात्र पछाडि परेका वर्गले पनि माथि उठ्ने मौका पाउँछन् नत्र पछाडि परेकाहरू सधैं पछाडि नै रहन्छन् ।

**शरणजीत राई** : संघीयताको विभाजन भौगोलिक आधारमा हुनुपर्दछ किनकि नेपाल भनेको धेरै जात, भाषा र धर्म भएको देश हो । यहाँ कुनै क्षेत्रमा पनि कसैको बाहुल्य छैन त्यसैले जातीय, भाषा, धर्ममा जान सकिँदैन । यसले गर्दा भोलि झगडा हुन पनि सक्छ त्यसैले भूगोललाई आधार मानेर विभाजन गरिएमा त्यस्तो केही आउँदैन जस्तो लाग्छ ।

**राजकुमार राई** : जातीय राज्य नभई यो देशमा विकास हुँदैन ।

**बलराम दियाली** : नेपाल भनेको विभिन्न जातजाति, भाषाभाषी, धर्मलगायतका चिजले मिश्रित भएर बनेको देश हो । त्यसैले भौगोलिक अनि मिश्रित आधारमा संघीयतामा जानुपर्ने हुन्छ ।

**सहजीकरण गर्दै** : भोलि राज्यको पुनर्संरचना हुँदा केन्द्रीय, प्रान्तीय र स्थानीय तह वा अन्य अरू धेरै होलान् । त्यसबेलामा तपाईंहरूलाई कुन निकायमा आफ्ना काम जस्तै, नागरिकता बनाउने, जग्गा पास गर्ने, पासपोर्ट बनाउनेलगायत अनि सेवा-सुविधा माग गर्ने कार्यहरू कुन निकायमा गर्न पाए हुन्थ्यो जस्तो लाग्छ ?

**भरत कटुवाल** : यस्ता अधिकार स्थानीय निकायमा हुनुपर्दछ किनकि संघीयताको अवधारणा भनेको जनताको घरआँगनमा सेवा-सुविधा पुऱ्याउनु हो । स्थानीय निकायबाट नहुने अवस्थाका काम मात्र प्रान्त र केन्द्रमा लैजानुपर्दछ ।





**गीतबहादुर राई** : स्थानीय स्रोत-साधनमा स्थानीयको पहिलो हक हुनुपर्दछ अनिमात्र अरू राज्यको । सबै प्रशासनिकलगायतका कार्य स्थानीय स्तरमै हुनुपर्दछ । सेवा-सुविधा लिन धाएर धेरै दिनसम्म बस्नुपर्ने प्रथा अन्त्य गरिनुपर्दछ ।

**दीपा राई** : संघीयता हुनु नै देश विखण्डन हुनु हो ।

**सूर्यबहादुर थापा** : अबको राज्यमा सबै अधिकार स्थानीय निकायमा हुनुपर्दछ जसले गर्दा जनताले दुःख नपाऊन् । स्थानीय स्रोत-साधनबाट उठाएका कर स्थानीय स्तरको विकासमा नै प्रयोग गरियोस् ।

**दिलीप रुम्दाली** : प्रशासनिकलगायतका कार्य स्थानीय स्तरबाट गरियो भने समय र पैसाको बचत हुन्छ । क्षेत्र वा प्रान्तमा जाँदा आफूले चिनेको मान्छे हुँदैन । काम हुन्छ कि भन्यो, दुई दिन बस्यो, काम हुँदैन । फेरि फर्कियो, अर्को दिन फेरि दुःख पाउनुपर्छ । त्यसैले यस्ता कुराको अन्त्य गर्नका लागि स्थानीय स्तरमै यस्ता काम गर्ने व्यवस्था हुनुपर्दछ । केन्द्र वा प्रान्तमा लापरवाही हुने भएकाले स्थानीय तरमा यस्ता काम भएमा त्यस्तो लापरवाही हुन पाउँदैन । त्यसैले स्थानीय निकायलाई सबै कार्य गर्ने अधिकार दिइनुपर्दछ ।

**बलराम दियाली** : अहिले सदरमुकामले लिएको सुविधा अब बन्ने नयाँ राज्यमा स्थानीय स्तरमा नै हुनुपर्दछ । यसले गर्दा जनताले सेवा-सुविधा छिटो-छरितो रूपमा उपलब्ध हुन्छ र राज्यबाट सेवा पाएको महसुस गर्ने वातावरण बन्छ जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : हामी कार्यक्रमको अन्तिम चरणमा आइपुगेका छौं । तपाईंहरूलाई यहाँका के कुरा अब बन्ने संविधानमा उल्लेख भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

**डुकराज श्रेष्ठ** : अब बन्ने संविधानमा जातीय तथा छुवाछूत प्रणाली अन्त्यको व्यवस्था हुनुपर्छ ।

**दिलीप रुम्दाली** : पछाडि परेका वर्ग, लिंग, जातजातिलाई प्रतिनिधित्व गराउने कुराको सुनिश्चितता हुने व्यवस्था हुनुपर्दछ । यसरी प्रतिनिधित्व गराउँदा जातीय, भौगोलिक, लैंगिक आधारमा प्रतिनिधि गराइने व्यवस्था हुनुपर्दछ ।

**राजकुमार राई** : स्थानीय स्तरका जनताको, समुदाय, जातजाति, भाषाभाषीको आवाज सुनिनुपर्छ ।

बहुजाति, बहुभाषिक जनता भएको कारण एउटा स्थानीय जातको र अर्को स्थानीय जातबीचमा प्रत्यक्ष सम्बन्ध रहेन भने जातीय विखण्डन आउलाजस्तो लाग्छ । त्यस्तो नआउने खालको संविधान बन्नुपऱ्यो ।

**सूर्यबहादुर थापा** : जनताले नरुचाएका मानिस फेरि संविधान, नीति-नियम बनाउन गएका छन्, यो गलत कुरा हो । अब बन्ने संविधानमा यस्ता मानिसले भाग लिन नपाउने व्यवस्था हुनुपऱ्यो ।

◆◆◆



# टोक्सेल

*ओखलढुङ्गा सदरमुकामबाट दक्षिणतिर अवस्थित निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गतको टोक्सेल गाविसमा २०६६ मंसिर ११ गते **स्थानीय स्तरमा संघीय/राज्य पुनर्संरचनासम्बन्धी छलफल** सम्पन्न भयो। छलफलमा ४६ जनाको सहभागिता थियो।*

*ब्राह्मण, क्षेत्री, माझी, मगर राई, भुजेल, दमाई, कामी, सार्की जातिको बसोबास रहेको यो गाविसमा गौतम ब्राह्मणको बाहुल्य छ।*

*समुद्री सतहबाट करिब ९ सय मिटरदेखि ११ सय मिटरसम्म फैलिएको यस गाविसमा मकै, धान, गहुँ, जुनेलो आदि खाद्यबाली उत्पादन हुन्छ। फलफूलमा आँप, केरा, कटहर, अम्बा आदि उत्पादन हुन्छ। तरकारीमा बोडी, मस्याङ, मास, भन्टा, रायो, फर्सी, स्कुस काउली, बन्दाकोबी, मूला, आलु, भिन्डी आदि फल्छन्। चाडवाडमा दसैं-तिहार, तीज, साउनेसंक्रान्ति, जनैपूर्णिमा, नागपञ्चमी, माघेसंक्रान्ति, भदौपूर्णिमा, वैशाखेपूर्णिमा मान्छन्। त्यस्तै, माझीले सोह्रश्राद्धलाई माझी श्राद्ध मानी रमाइलो गरी मनाउँछन्। जसले आफ्ना वर्षभरिको पितृकार्य भएको मान्छन्। मगर जाति र राई जातिको आफ्नै भाषा छ भने अन्य जातिले नेपाली भाषाकै प्रयोग गर्छन्।*

**सहजकर्ता प्रमोद कटुवाल** : यहाँका आवश्यकता के-कस्ता छन्, कसरी सेवा-सुविधा यहाँसम्म ल्याउन सकिन्छ ? दैनिक जीवन कसरी सहज गराउन सकिन्छ ? अब बन्ने





संविधानमा के-कस्ता कुरा समावेश गर्न सकिन्छ ? अब बन्ने संघीय राज्यको विभाजन कसरी गर्दा यस क्षेत्रलाई राम्रो हुन्छ, यहाँका जनतालाई कसरी माथि उठाउन सकिन्छ भनेर छलफल गर्न आएका छौं। यहाँहरूले अब बन्ने संविधानमा राज्य पुनर्संरचना हुँदा के-कस्तो हुनुपर्दछ भन्ने कुरा राख्नुहुनेछ र हामी तपाईंहरूले बोलेका कुराहरू संविधानसभासम्म पुऱ्याउँछौं। हाम्रो मुख्य उद्देश्य भनेको यहाँका जनताको अब बन्ने संविधानमा के-कस्ता कुरा उल्लेख हुनुपर्दछ भनेर लेखाउने नै हो। सर्वप्रथम हामी परिचयको कार्यक्रम गर्नेछौं। आदि विषयमा छलफल गर्नेछौं। यहाँ उपस्थित तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के होला ?

**वीरबहादुर माझी** : केही थाहा छैन

**बुकुनी माझी** : हिजो संविधान भनेको केही थाहा थिएन आज त बल्ल सुनिएको छ, संविधान भन्ने केही थाहा भएन।

**हिरे माझी** : हामीले केही जानेका छैनौं, यहाँले सिकाइदिनुपऱ्यो।

**सरिता माझी** : हामीलाई यसबारेमा केही थाहा भएन।

**हर्कबहादुर माझी** : संविधान भनेको त्यति थाहा छैन तर सबै जाति एकजुट हुनुपर्दछ।

**चतुरमान माझी** : संविधान भनेको त्यति थाहा छैन तर हामी माझी जाति हराउन नपरोस्, त्यति नै हो।

**सहजीकरण गर्दै** : यहाँ संविधान भनेको त्यति थाहा भएको पाइएन। संविधान भनेको देशको मूल कानुन हो जसमा हाम्रा अधिकार, सेवा-सुविधा कसरी हामीले प्राप्त गर्दछौं भनेर लेखिएको हुन्छ। जसरी हामी घर चलाउँछौ जसमा घरका सदस्यले के-कस्तो कसरी काम गर्छन् भनी नियम जस्तो हुन्छ त्यस्तै देशलाई कसरी चलाउने भनेर लेखिएको चिजलाई नै संविधान भनिन्छ। नयाँ संविधान बन्दैछ भन्ने कुरा तपाईंहरू कतिलाई थाहा छ ?

**प्रेमबहादुर** : नयाँ सरकार आयो, देश फेरिन्छ कि, हामी जस्तालाई केही हुन्छ कि त्यसैले अब बन्न लागेको संविधान राम्रै हुन्छ जस्तो लाग्छ।

**जीवनाथ खतिवडा** : कानुन-नियम बन्न लागेको कुरा अलि-अलि थाहा छ।

**नवराज माझी** : सबैलाई राम्रो होस्। पानी र बिजुलीको असुविधा छ, त्यसका लागि केही भइदिए राम्रो हुन्थ्यो ?

**सहजीकरण गर्दै** : अहिले देशमा संविधान बन्न लागिरहेको छ। के-कस्ता अधिकार गाउँमा दिने, के-कस्ता अधिकार केन्द्र वा स्थानीय निकायमा हुने भन्ने कुरा छ ? नागरिकताको कुरा, पासपोर्ट बनाउने कुरा बिजुली विकास निर्माणकार्य आदि के-कस्ता कुरा आवश्यक छ ?

**रहलमान माझी** : हामीलाई बत्तीको आवश्यकता धेरै छ।

**सपने माझी** : खानेपानीको समस्या छ।

**कल्पना माझी** : आवश्यकता धेरै छन्, सिँचाइको राम्रो व्यवस्था छैन।

**मीठुमाया माझी** : खानेपानी, बत्तीलगायतका धेरै कुराको समस्या छन् ।

**सहजीकरण गर्दै** : के-कस्ता कुरा आवश्यक छ, त्यो भनिदिनुभयो । अनि हामी केन्द्रमा लगेर यहाँका कुराहरू सुनाउन पाउँछौँ ।

**जयकुमार माझी** : गाडी अलिअलि गुडेको छ । तर, हामी पिछडिएका जाति रोजगारीका कुरामा पछाडि नै छौँ । कहीँ-कतै जागिर खान पाएका छैनौँ ।

**दिलमाया माझी** : हामीलाई त सुविधा सबै नजिकै भइदिए राम्रो हुन्थ्यो ।

**मीना माझी** : खानेपानी र बिजुलीको सुविधा हुनुपर्‍यो ।

**चन्द्रकुमार माझी** : खानेपानीको पाइप बीचैमा बिग्रिएको छ । त्यसको मर्मत भए हुन्थ्यो ?

**सहजीकरण गर्दै** : हामीलाई खानेपानीलगायतका सुविधा भएमा जीवनयापन गर्न सहज हुन्छ भन्नुभयो । अब बन्ने राज्यमा यस्ता सेवा-सुविधा कहाँबाट लिन पाए हुन्थ्यो होला, स्थानीय स्तरबाट वा काठमाडौँ वा सदरमुकाम या अन्य नजिकै जिल्लाबाट ?

**शिरे माझी** : यस्ता सेवा-सुविधा लिन पाए राम्रो हुन्छ किनकि हामीजस्ता केही नजानेकालाई टाढा जाँदा मार पर्छ ।

**तिलकबहादुर माझी** : यस्ता कुराहरू नजिकै भइदिएमा राम्रो र सजिलो हुन्थ्यो ?

**भक्तबहादुर माझी** : हाम्रो वडामै आएर सेवा-सुविधा दिएमा राम्रो हुन्थ्यो । किनकि नागरिकता लिन अरू प्रशासनिक कार्य गर्न ओखलढुङ्गा (सदरमुकाम) पुग्नुपर्छ । यसले गर्दा हामीलाई धेरै समस्या भइरहेको छ ।

**शारदा माझी** : धेरै टाढा जान गाह्रो छ, नजिकै केन्द्र बनाएर काम गरिदिए राम्रो हुन्थ्यो । जस्तो, धुर्मीमा या अन्य नजिकै सबैलाई पायक पर्ने ठाउँमा यस्ता कार्य भइदिए राम्रो हुन्थ्यो ।

**पर्मलक्ष्मी माझी** : यस्तै हो सबै कुरा नजिकै भइदिए राम्रो हुन्थ्यो ।

**सहजीकरण गर्दै** : हामी विभिन्न किसिमका कर सरकारलाई तिर्छौं जस्तोः मालपोत, विभिन्न स्रोत साधनको करलगायतका अन्य कर । यहाँहरूको विचारमा यस्तो कर नउठाइदिए हुन्थ्यो होला कि उठाउनुपर्छ ?

**वीरबहादुर माझी** : यस्ता कर हामीजस्ता गरिबलाई सहुलियत दिएपछि मात्र उठाइयोस् । अझ सकिन्छ भने नउठाइदिए हुन्थ्यो ।

**सहजीकरण गर्दै** : यहाँको पानीबाट बिजुली उत्पादन हुन्छ । त्यस्ता अन्य धेरै कुराहरू यहाँ छन । ती कुराहरूचाहिँ यहाँहरूले नै सबै प्रयोग गर्न पाउनुपर्ने हो कि अरूलाई पनि दिएमा हुन्छ ?

**तिलकबहादुर माझी** : यहाँको पानीले बिजुली निकालेपछि पहिला यो जिल्लालाई





प्राथमिकता दिइयोस् अनि अरू जिल्ला वा गा.वि.स.लाई पनि दिइयोस् । यसले गर्दा यहाँका जनतालाई राम्रो हुन्छ जस्तो लाग्छ ।

**रामकुमारी माझी** : सुविधा भनेको सबैलाई बाँडियोस् त्यो नै राम्रो हो । किनकि, सबैलाई बाँडियो भने त्यहाँबाट आएको पैसाले यस ठाउँको विकास गर्न मद्दत मिल्छ जस्तो लाग्छ ।

**जसमाया माझी** : क्षमता पुग्छ भने अरू जिल्लामा पनि दिए राम्रो हुन्छ ।

**सहजीकरण गर्दै** : यहाँ ढुङ्गाखानी रहेछ । यसको कर अहिले कसले प्रयोग गर्दछ ? यहाँको वनलगायतका अन्य स्रोत-साधनको कर उठिरहेको छ, त्यो जिल्लाले उठाएर लगोस् कि यहाँकै स्थानीय विकासमा प्रयोग गर्नुपर्छ ?

**जनकुमारी माझी** : भरसक गाउँमै प्रयोग भए राम्रो हो नि । त्यसले गर्दा हाम्रो जीवनस्तर केही माथि जान्थ्यो कि ?

**देशबहादुर माझी** : दिएमा त राम्रो हो नि खोइ दिने हुन् कि होइनन् ?

**सहजीकरण गर्दै** : यहाँको वन, पानी, ढुङ्गाखानी, बालुवालगायतका चिजको प्रयोगबापत तिर्ने कर कहाँ र कसले उठाओस् जस्तो लाग्छ ?

**प्रेमबहादुर माझी** : त्यो हाम्रै विकास हो । त्यो आखिर एक दिन तिर्नैपर्छ त्यसैले हाम्रो विकास गर्ने हो । त्यो स्थानीय निकायले नै उठाउनुपर्छ जस्तो लाग्छ ।

**गंगाबहादुर खतिवडा** : गाउँमै उठाएर गाउँकै विकासमा लगाउनुपर्दछ । यसले गर्दा गाउँको विकास हुन्छ ।

**हरिप्रसाद पौड्याल** : बाहिरका मानिसले उठाएर बाहिर जान्छ, जसले गर्दा यो गाउँलाई केही हुँदैन । अब त्यस्तो नहोस् ।

**चन्द्रकुमार माझी** : गाउँबाट उठाए पो गाउँमा हुन्छ, बाहिरका मानिसले उठाएपछि गाउँलेले कहाँ पाउँछन् र ? जिल्लामा गए जिल्लामै खर्च हुन्छ ।

**लेखबहादुर माझी** : गाउँबाट उठाइएमा राम्रो हुन्छ । जिविसबाट ठेकेदारहरूले टेन्डरमा ल्याउँछन् । ढुङ्गामाटो, बालुवा आदि यहाँका मानिसलाई उपभोग गर्न पनि बन्देज लागिरहेको अवस्था छ । त्यसैले यस्ता चिजहरू स्थानीय स्तरमै उठाउने व्यवस्था भएमा त्यसले गाउँकै विकास हुन्थ्यो होला जस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : केन्द्र र स्थानीय स्तरको सम्बन्ध कस्तो होस् भन्ने चाहनुहुन्छ ? संघीयता भनेको के बुझ्नुभएको छ ? के-कस्ता अधिकार कहाँ हुनुपर्दछ जस्तो लाग्छ । के-कस्ता कुरा स्थानीय निकायमा रहनुपर्ला, कुन केन्द्रमा रहनुपर्ला ?

**सोममाया माझी** : मलाई त केही थाहा छैन तर नजिकै सबै भइदिए हुन्थ्यो जस्तो लाग्छ ।

**रामकुमारी माझी** : सबै मानिसले गरिखान पाऊन्, हामीजस्ता मजदुरले उचित काम गर्न पाऊँ र स्थानीयले नजिकै सेवा-सुविधा पाए राम्रो हुन्छ होला ।

**पहलमान माझी** : हामी गरिब दुःखीलाई सुविधा हुने गरी दिएमा राम्रो हुन्थ्यो होला ।

**शिरे माझी** : वन छ, त्यो हाम्रै अधिकारमै बसोस्, गा.वि.स.ले उठाओस् । अथवा वडाले उठाहोस् । त्यो यहीको विकासमा लगाइयोस्, यही नै हो ।

**सहजीकरण गर्दै** : देश विभिन्न प्रदेशमा छुट्टिन लागेको छ, कसैले हिमाल, पहाड, तराई गरेर कसैले जातीय आधारमा, कसैले भाषाको आधारमा भनिरहेका छन्, तपाईंहरूलाई के लाग्छ ? कसरी संघीयतामा जानुपर्छ होला ?



*छलफलमा भाग लिएका टोक्सेलका स्थानीय बासिन्दा*

**नवराज माझी** : यहाँ अहिले संघीय हिसाबले राज्य छुट्याइँदैछ । संघलाई विभाजन गर्दा जातीय हिसाबले, भाषाको हिसाबले, धर्मको हिसाबले छुट्याइनुहुँदैन । भूगोलको आधारमा हुनुपर्दछ । भूगोलका आधारमा छुट्याउनुपर्दछ- त्यसमा पनि उत्तर दक्षिण हुने गरी ।

**मीनबहादुर माझी** : संघीयताको आधारचाहिँ भूगोल नै हुनुपर्दछ किनकि नेपाल भनेको धेरै जातजातिको बसोबास भएको मुलुक हो । यसैले गर्दा भोलि आपसमा झगडा नहोस्, त्यही नै प्रमुख हो ।

**सहजीकरण गर्दै** : यहाँ हामी माझी समुदायका मानिस छौं । यहाँका माझी समुदायको अब बन्ने संविधानमा के-कस्ता कुराहरू उल्लेख भइदिए हुन्थ्यो जस्तो लाग्छ ? देशलाई विभिन्न प्रदेशमा विभाजन गर्ने भन्ने कुरा यहाँहरूलाई कस्तो लाग्छ ? केको आधारमा छुट्याउनुपर्दछ जस्तो लाग्छ ?

**सोममाया माझी** : देश विभिन्न प्रदेशमा विभाजन भइदिए भोलि हामीलाई अलि सजिलो हुन्थ्यो कि ?





**मीना माझी** : कसरी शान्ति हुन्छ त्यही गर्नुपर्दछ ? विभाजन गरेर राम्रो हुन्छ भने छुट्याउनुपर्दछ यदि हुँदैन भने छुट्याउनु राम्रो होइन ।

**सरिता माझी** : विभिन्न प्रदेश बनाउनुपर्छ जस्तो लाग्छ । अरू जानेकी छैन ।

**सहजीकरण गर्दै** : अब बन्ने संविधानमा के गर्दा चाहिँ यहाँका विभिन्न किसिमका समस्याको सम्बोधन होला जस्तो लाग्छ ?

**जीवनाथ खतिवडा** : यहाँ अलिकति चेतनाको कमी छ । यसको विकास हुन केही व्यवस्था भए हुन्थ्यो । संविधान भनेको देशको मूल कानुन हो । यसैले अरू शाखा कानुन बनाइन्छ भन्ने कुरा यहाँका जनताले बुझेका छैनन् । त्यसैले यहाँको चेतनाको विकासका लागि अब बन्ने संविधानमा केही व्यवस्था हुनुपर्दछ ।

**सहजीकरण गर्दै** : तपाईंहरूको आफ्नै भाषा छ । त्यसमा तपाईंका बालबच्चाले विद्यालयमा त्यही भाषामा पढ्न पाऊन् ? अनि नागरिकतालगायतका सरकारी कामकाज गर्नका लागि अरू भाषा जस्तै, नेपाली नबुझिने हुनाले आफ्नो मातृभाषामा गर्न पाए सजिलो हुन्थ्यो कि के लाग्छ तपाईंहरूलाई ?

**रहलमान माझी** : पहिला-पहिला बोल्थे तर हामीले जानेका छैनौं । कोही-कोही त बोल्छौं तर हामीले बिर्सिसक्यौं ।

**हर्कबहादुर माझी** : आफ्नै भाषामा कामकाज गर्न पाए त राम्रो हुन्थ्यो नि तर के गर्नु हाम्रो भाषा हामीबाहेक अरू जातिले जान्दैनन् । सबैलाई हुने गरी बनाउनुपर्ला त्यसैले हाम्रो मात्रभन्दा पनि अप्ठ्यारो हुन्छ ।

**सरिता माझी** : के गर्नु हामीले नेपाली त्यति जानेका छैनौं, नेपाली नबोली हुँदैन ।

**शिरे माझी** : नेपाली पनि ठीकै छ तर मातृभाषामा भए हाम्रो भाषा पनि संरक्षण हुन्थ्यो होला ।

◆◆◆




# उँबु

*ओखलढुङ्गा सदरमुकामबाट दक्षिणतिर अवस्थित निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गतको उँबु गाविसमा २०६६ मंसिर १० गते **स्थानीय स्तरमा संघीय राज्य पुनर्संरचनासम्बन्धी छलफल** गरियो । छलफलमा ५० जनाको सहभागिता रह्यो ।*

*राई (बाहिङ राई, बाम्बुले राई, जेरो राई, थुलुङ राई र दुमी राई), क्षेत्री, सार्की, कामी, तामाङ, दमाई, भुजेल जातिको बसोबास रहेको यो गाविसमा राई जातिको बाहुल्य छ ।*

*समुद्री सतहबाट करिब १५ सय मिटरको उचाइँमा रहेको यो गाविसमा मकै, कोदो, धान, फापर आदि खाद्यबाली उत्पादन हुन्छ । फलफूलमा सुन्तला, जुनार, निबुवा, नासपाती, आरु, आल्चा, आँप, रुख कटहर, अम्बा, केरा, भुइँकटर आदि मौसमअनुसार फल्छ । तरकारीमा काउली, आलु, मास, मस्याङ, अदुवा, लसुन, प्याज, भटमास, बन्दाकोबी, मूला, भिन्डी, फर्सी, स्कुस, काँक्रा, सिमी आदि उत्पादन हुन्छ ।*

*चाडवाडमा यहाँका वासिन्दा दसैं-तिहार, चैतेदसैं, उघौली (मंसिर पूर्णिमा), उभौली (वैशाखेपूर्णिमा), ढंकुनपूर्णिमा (जनैपूर्णिमा), साउनेसंक्रान्ति, स्वस्थानी पूर्णिमा आदि मान्छन् । राई र तामाङ जातिको आफ्नै भाषा छ भने अन्य जातिले नेपाली भाषाकै प्रयोग गर्छन् ।*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई :** हामी यो उँबु गाविसमा राज्य पुनर्संरचनाबारेमा छलफल





गर्न आएका छौं । अब बन्ने राज्य कस्तो हुनुपर्दछ ? राज्यको पुनर्संरचना गर्दा कसरी गरिनुपर्दछ, के गर्दा यहाँका बस्तीका मानिसलाई सेवा-सुविधामा पहुँच पुऱ्याउन सकिन्छ भन्ने हो । हामी आज तपाईंहरूका विचारमा मात्र केन्द्रित हुनेछौं । अरू बाँकी कुरा बोल्नका लागि र यो कार्यक्रमको सहजीकरण गर्न म साथी प्रमोद कटुवाललाई आग्रह गर्दछु ।

**सहजकर्ता प्रमोद कटुवाल :** राज्य पुनर्संरचनाबारेमा छलफल गर्न आएका हौं । हाम्रो मुख्य उद्देश्य भनेको यहाँको आवाजलाई जस्ताको तस्तै संविधान लेखिने ठाउँ अर्थात् संविधानसभासम्म पुऱ्याउने हो । तपाईंहरूले बोल्नुभएका कुरा हामी संविधानसभामा देखाएर यो वस्तीको आवश्यकता अब बन्ने संविधानमा लेखाउने कोसिस गर्नेछौं । त्यसैले यहाँ उपस्थित हुनुभएका सबैले आफ्ना कुरा राख्नुहोला । यहाँहरूले भन्नुभयो भने मात्र हामी बुझ्छौं त्यसैले सबैले भनौं भन्ने आग्रह गर्दछु । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के हो ?

**जयबहादुर राई :** संविधान भनेको देशको मूल कानुन हो ।

**राजन राई :** देशको मूल कानुन हो ।

**श्याममाया राई :** पुरानो कानुन अन्त्य गरेर नयाँ कानुन बनाउनु नै संविधान हो । अहिले नेपालमा नयाँ संविधान बन्दैछ । संविधान भनेको देशलाई चलाउने कानुन हो ।

**लक्ष्मी राई :** देशको मूल कानुन हो ।

**शर्मिला राई :** देशको मूल कानुन हो ।

**अशोक राई :** देशको मूल कानुन हो ।

**जीतबहादुर राई :** देशको मूल कानुन हो ।

**सहजीकरण गर्दै :** तपाईंहरूको विचारमा संघीयता भनेको के हो ? संघको विभाजन कुन आधारमा गर्नुपर्ला जस्तो लाग्छ ?

**लक्ष्मण राई :** नयाँ संविधान बनाउनका लागि ६०१ गएका छन् । राज्य पुनर्संरचना हुँदा यस उँबु गाविस किराँत राज्यको सीमाभित्र हुनुपर्दछ । गणतन्त्रतात्मक संघीय राज्य हुनु जरुरी छ ।

**हर्कराज राई :** नयाँ संविधानमा संघीय राज्य हुनु जरुरी छ ।

**शर्मिला राई :** यो यटेखा किराँतको बसोबास भएको क्षेत्र हो त्यसैले राज्यको पुनर्संरचना हुँदा किराँत राज्य राख्नुपर्छ ।

**श्यामकुमार राई :** किराँत स्वायत्त राज्य हुनुपर्छ, त्योभित्र विभिन्न किसिमका उपराज्यहरू वा उपसमिति बनाउनुपर्छ । किनकि, हामी किराँतभित्र उपथरभित्र पनि र अरू जातिका बीचमा पनि झैंझगडा हुनसक्छ । त्यसैले मुख्य रूपमा किराँत अनि त्यसभित्र अरू जस्तो, खालिङ कुलाङ, चामलिङलगायतलाई उपराज्यको व्यवस्था हुनुपर्दछ ।

**जयबहादुर राई** : उँबुमा एक घरमा राई होला तर अर्को घरमा क्षेत्री होला अनि अर्कोमा दमाई होला । सबैलाई समेट्ने समानुपातिक सहभागिता प्रणालीबाट राज्य निर्माण हुनुपर्दछ ।

**शेरबहादुर राई** : किराँतको मात्र नभएर समानुपातिक रूपमा जातित्वको रूपबाट निर्माण हुनुपर्दछ ।

**राजकुमार राई** : ऐतिहासिक रूपमा जातीय, धर्म, भाषाको रूपमा हुनुपर्ने । आत्मनिर्णय हुनुपर्छ । किराँत स्वायत्त हुनुपर्छ ।

**सहजीकरण गर्दै** : अर्को चरणको कुरा गर्दा संघीय राज्य भएपछि एउटा केन्द्रीय सरकार हुन्छ होला, प्रादेशिक सरकार हुन्छ होला र स्थानीय सरकार हुन्छ होला ? त्यसमा कसले कुन अधिकार राख्ने भन्ने कुरा आउँछ ? शक्तिको बाँडफाँड केको आधारमा गर्ने भन्ने कुरा आउँछ । अहिलेसम्मको हाम्रो नीति के छ भने सैनिक, मुद्रा र परराष्ट्रलगायतका विषयहरू केन्द्रमा रहने विश्वको उदाहरण छ ? त्यसैले यस्ता अधिकार वा शक्तिको बाँडफाँडमा तपाईंहरूको विचार के छ ?

**शेरबहादुर राई** : मुद्रा र सेना परिचालन गर्ने अधिकार केन्द्रमा हुनुपर्दछ । राज्यले केन्द्रमा मात्र नभई कुनाकाप्चा, खोलाखाली जहाँ असुविधा हुन्छ त्यहाँ सुविधा ल्याउनुपर्छ । काठमाडौं मात्र विकासको शक्ति होइन कि सबै क्षेत्रमा जहाँ सञ्चालन गर्न मिल्छ त्यहाँ गरियोस् । स्थानीय निकायदेखि लिएर जिल्ला जुन ठाउँमा केन्द्रबिन्दु पर्छ त्यहाँ नै हुनुपर्दछ ।

**लक्ष्मण राई** : स्थानीय निकायमा नै कर उठाउने र त्यसको परिचालन गर्ने अधिकार होस् ।

**राजकुमार राई** : संघीय राज्य हुनुपर्दछ त्यो पनि आत्मनिर्णयको अधिकारसहितको । अहिले आत्मनिर्णयको अधिकार हुँदाखेरी देश टुक्रा हुन्छ भन्ने जुन भनाइ आएको छ, त्यो ठीक होइन । आत्मनिर्णयको अधिकारले त स्थानीय निकाय झन् बलियो हुन्छ जस्तो लाग्छ । अधिकार बाँडफाँडको कुरामा केन्द्रमा मुद्रा, सेना र राष्ट्रपतिको अधिकार र अरू विकास निर्माणलगायतका सम्पूर्ण अधिकार स्थानीय स्तरमै हुनुपर्दछ ।

**शर्मिला राई** : सैनिक सुविधाचाहिँ केन्द्रले नै गरोस् । अरू विकासका कार्य गर्ने, प्रशासनको कार्य गर्ने अधिकार स्थानीय निकायमा होस् ।

**भलामान राई** : मुद्रा, सैनिक सेवा र परराष्ट्रलगायतका विषय केन्द्रीय स्तरमा नै होस् । स्थानीय स्रोत-साधनका कर उठाउने, त्यसको परिचालन गर्ने र विकास निर्माणको कार्य गर्ने अधिकार स्थानीय निकायमा हुनुपर्दछ ।

**श्यामकुमार राई** : राज्यको नीति नियम विकेन्द्रीकरण हुनुपर्दछ । कर उठाउने र प्रशासनिक कार्यहरू गर्ने अधिकारचाहिँ स्थानीयस्तरमै हुनुपर्छ ।

**जयबहादुर राई** : आयस्रोत स्थानीयस्तरमै प्रयोग हुनुपर्छ ।





**सहजीकरण गर्दै** : अब हामी सेवाको कुरामा के-कस्तो पाएमा यहाँको जनजीवन सहज हुन्छ ? त्यो कहाँ उपलब्ध हुनुपर्ला ? अहिले नागरिकता बनाउन, पासपोर्ट बनाउन, विकास निर्माण कार्यको माग गर्न सदरमुकाम जानुपर्छ । शिक्षाको कुरा, भाषाको कुराको अनि पठनपाठन स्थानीय भाषामा हुनुपर्दछ कि अरू नै केही व्यवस्था हुनुपर्दछ ?

**जीतबहादुर राई** : राहदानी, नागरिकता पाउन जिल्ला जानुपरेको छ, पश्चिम भेगका


*छलफलमा भाग लिँदै उँबुका स्थानीय बासिन्दा*

मानिसलाई जिल्ला धाउन गाऱ्हो छ । दुई दिन लगाएर सदरमुकाम आउनुपर्दछ । कामकाज गर्न साह्रै गाह्रो भइरहेको छ । त्यसैले गर्दा भौगोलिक क्षेत्रअनुसार ठाउँ सार्नुपर्छ । पठनपाठनका लागि मातृभाषाका पुस्तक हुनु जरुरी छ । हामी राई वान्तवा आदि भाषाको कुनै पाठ्यपुस्तक छैन त्यसैले अब बन्ने राज्यले त्यसको व्यवस्था गर्नुपर्दछ ।

**हर्कबहादुर राई** : नागरिकता, पासपोर्ट आदि बनाउन सदरमुकाम जानुपर्ने हुन्छ । धाएर गयो काम ढिला गरिदिने भएका कारण यस्ता काम गाविसमा नै हुनुपर्ने देखिन्छ । प्रा.वि.सम्म मातृभाषाको पठनपाठन हुनुपर्दछ ।

**राजकुमार राई** : स्थानीय निकायमा मातृभाषामा स्नातक तहसम्म नै पढाइ र हरेक गाविसमा हस्पिटल हुनु आवश्यक छ । जनताले पाउने सुविधा त्यति राम्रोसँग पाएको छैन । अब बन्ने राज्यमा सबैले समान हुने व्यवस्था होस् ।

**शेरबहादुर राई** : जिल्ला प्रशासनमा नागरिकता, राहदानी बनाउन जाँदा भरेभोलि

भनेर टार्ने गरिएकाले स्थानीयस्तरमै सेवा-सुविधा दिनुपर्छ। संघीय राज्य आत्मनिर्णयको अधिकारसहितको हुनुपर्दछ।

**शर्मिला राई** : यही गाविसमा त सबैको भाषा मिल्दैन, एउटा भाषाले मात्र सबैलाई समेट्न सक्दैन त्यसैले सबैलाई स्वेच्छाले भाषा छान्ने अधिकार दिनुपर्दछ। मातृभाषामा विद्यालय सञ्चालन गर्ने हो भने प्राविसम्म हुनुपर्दछ। सेवा-सुविधा सबै स्थानीयस्तरमै हुनु जरुरी छ।

**लीला राई** : सर्वप्रथम शिक्षामा स्थानीय भाषाको विश्वविद्यालय हुनुपर्दछ। तत्काल सम्भव नहोला तर हिजोको सरकार केन्द्रीकृत भएकाले विभेद छ। जस्तो, संस्कृत पढ्न जानुभयो भने पैसा तिर्नुपर्दैनन् खान दिन्छन् तर हामीले नचाहेर पनि नेपालीभाषा पढ्नुपरेको छ। हाम्रो पनि भाषा छ, त्यसले मान्यता पाएमा हाम्रो भाषाको संरक्षण हुन्छ नि। म एउटा कुनै विषय बारेमा जानका लागि ती चरण पार गर्नुपर्छ। जस्तो, मेरो मातृभाषा अम्बुले हो। म विद्यालय गएर भैँसीलाई बफेलो भनेर अंग्रेजीमा पढ्छु त्यहाँ बफेलो भनेको भैँसी भनिन्छ तर म घरमा आएर सोधेर भैँसी भनेको बेइसो हो भनेर पहिले बुझाइएमा मजस्ताले सजिलै बुझ्ने थियौँ। त्यसैले उच्चशिक्षासम्म सकिँदैन तर प्राविस्तरसम्म भए पनि मातृभाषामा पठनपाठन हुनुपर्दछ।

**अन्जु राई** : अहिले भन्नुभएको जस्तै सेवा-सुविधा दिने कर्मचारीले हामी जनतालाई चिन्दैनन्। भरेभोलि भनेर हामीलाई त्यसै अलमल्याउने र काम नगरी दिने गरेका छन्। यसले गर्दा पनि त्यस्तो अधिकार स्थानीय निकायमा हुनुपर्दछ। जहाँ, जसको घनत्व छ त्यही जातको आत्मनिर्णयको अधिकारसहितको संघीय राज्य हुनुपर्दछ। यहाँ कुनै स्वास्थ्य, शिक्षाको व्यवस्था छैन त्यसले गर्दा यहाँका जनता स्वास्थ्य, शिक्षाको व्यवस्था भएको स्थानमा बसाइँ सर्ने गरेका छन्। यदि सेवा-सुविधा यहाँसम्म आएमा त्यो रोकिन्थ्यो।

**मैयासरी राई** : स्वास्थ्य र प्रशासनमा जनसंख्या हेरेर हुनुपर्दछ र शिक्षामा उच्चशिक्षासम्म मातृभाषामा हुनुपर्छ जस्तो लाग्छ।

◆◆◆







# सिस्नेरी

*ओखलढुंगा सदरमुकामदेखि पश्चिम-दक्षिणमा अवस्थित निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत रहेको सिस्नेरी गाविसमा २०६६ मंसिर १३ गते* ***स्थानीय स्तरमा संघीय/राज्यपुनर्संरचनासम्बन्धी छलफल*** *भयो। छलफलमा ९३ जनाले भाग लिएका थिए।*

*नेवार, राई, मगर, तामाङ, दमाई, ब्राह्मण, क्षेत्री, कामी जातिको बसोबास रहेको यो गाविसमा नेवार जातिको बाहुल्य छ।*

*समुद्री सतहबाट करिब १६०० मिटरमा अवस्थित यो गाविसमा धान, गहुँ, मकै, कोदो, फापर, भटमास आदि अन्नबाली उत्पादन हुन्छ भने सुन्तला, जुनार, कागती, केरा, निबुवा, अम्बा, आँप आदि मौसमअनुसार फलफूल फल्छ। तरकारीमा स्कुस, साग, फर्सी, करेला, बोडी, मुला, कोपी, बन्दाकोपी, भान्टा, सिमी आदि उत्पादन हुन्छ।*

*चाडवाडमा दसैं-तिहार, कात्तिकपूर्णिमा, भदौपूर्णिमा, आमाको मुख हेर्ने, तीज, माघेसंक्रान्ति, देवाली, चैतेदसै, चुले, उधौली, उभौली, ल्होसार उल्लासका साथ मनाइन्छन्। तामाङ, राई, मगर जातिको आफ्नै भाषा छ भने अन्य जातिले नेपाली भाषा प्रयोग गर्छन्।*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई** : हामी यो गाविसमा राज्य पुनर्संरचनाबारे छलफल गर्न आएका छौँ। अब बन्ने राज्य कस्तो हुनुपर्दछ ? राज्यको पुनर्संरचना गर्दा कसरी गरिनुपर्दछ,

के गर्दा यहाँका बस्तीका मानिसलाई सेवा र सुविधाको पहुँचसम्म पुऱ्याउन सकिन्छ भन्ने छलफल गर्नेछौं । हामी आज तपाईंहरूका विचारमा मात्र केन्द्रित हुनेछौं । अरू बाँकी कुरा बोल्नका लागि र यो कार्यक्रमको सहजीकरणका लागि म साथी प्रमोद कटुवाललाई आग्रह गर्दछु ।

**सहजकर्ता प्रमोद कटुवाल :** हामी आज यस बस्तीमा राज्यको पुनर्संरचनाबारे छलफल गर्न आएका हौं । हाम्रो मुख्य उद्देश्य भनेको यहाँको आवाजलाई जस्ताको तस्तै संविधान लेखिने ठाउँ अर्थात संविधानसभासम्म पुऱ्याउने हो । त्यसैले यहाँ उपस्थित हुनुभएका सबैले आफ्ना कुरा राख्नुहोला, यहाँहरूले भन्नुभयो भने मात्र हामी बुझ्दछौं, त्यसैले सबैले भनौं भन्ने आग्रह गर्दछु । यहाँ उपस्थित हुनुभएका तपाईंहरू कतिलाई थाहा छ, संविधान भनेको के हो ?

**कर्णबहादुर श्रेष्ठ :** संविधान भनेको ऐनकानुन बनाउने, लागू गराउने एउटा नियमकानुन हो ।

**मनबहादुर श्रेष्ठ :** संविधान भनेको देशको मूल कानुन हो, जसका आधारमा देश चल्छ र जनतालाई सुरक्षा, सेवा दिने काम गर्दछ ।

**चित्रकुमार राई :** संविधान भनेको लिखित मूल कानुन हो । यसबाट राज्य सञ्चालन हुन्छ ।

**दलसरी श्रेष्ठ :** संविधान भनेको एउटा कानुन हो ।

**बटुमाया श्रेष्ठ :** हामी गरिबगुरुवालाई के थाहा- संविधान भनेको के हो ? केही पनि थाहा छैन ।

**छत्रनारायण श्रेष्ठ :** संविधान बन्न लागेको थाहा छ । अरू थाहा भएन ।

**बुदमाया श्रेष्ठ :** नयाँ कानुन बन्दै छ भन्ने थाहा छ । हामीले भोट पनि दिएका थियौं, त्यति थाहा छ, अरू त थाहा छैन ।

**सहजीकरण गर्दै :** संविधान भनेको देशको मूल कानुन हो ? देशलाई कसरी सञ्चालन गर्ने भन्ने कुरा त्यसमा लेखिएको हुन्छ, यो अहिले निर्माणको क्रममा छ भन्ने बारेमा केही थाहा छ कि छैन ? यहाँको यस ठाउँमा के-कस्ता सेवा-सुविधा उपलब्ध छन् ?

**तिलमाया श्रेष्ठ :** सेवा-सुविधा गाउँमा के हुनु ? खानेपानीको अभाव छ, स्कुल, स्वास्थ्यचौकी भवन छ, तर औषधिलगायतका आवश्यक वस्तु छैन ।

**छममाया श्रेष्ठ :** खानेपानी, दाउरा, वस्तुभाउलाई घाँस, हुलाक, स्वास्थ्यचौकी आवश्यक छ ।

**मेघनाथ खतिवडा :** शिक्षक दरबन्दी छैन, स्वास्थ्यकर्मी छैनन् ।

**बुदमाया श्रेष्ठ :** खानेपानीको आवश्यकता छ ।





**गंगाबहादुर श्रेष्ठ :** गरिबका लागि गरिखाने र बस्ने ठाउँ छैन, यस्ता कुरा सरकारले केही हेरिदिनुपऱ्यो ।

**कर्णबहादुर श्रेष्ठ :** यहाँ स्वास्थ्यचौकी छ, कर्मचारी र औषधी छैन । विद्यालय छ, तर आवश्यक दरबन्दी सरकारले दिन सकेको छैन । जुन किसिमबाट हाम्रा सभासद्हरूले यहाँको विकासको अवस्थामा सुधार ल्याउने प्रण गर्नुभएको थियो, त्यो पूरा हुनसकेको छैन ।

**भीममाया श्रेष्ठ :** पानीको आवश्यकता, त्यो तपाईंहरूले दिने होइन, के गर्नु ? समस्या त धेरै छन् नि ।

**सहजीकरण गर्दै :** अरू के भएमा यहाँ बस्न सहज हुन्छ होला ?

**डिल्ली कार्की :** नागरिकतालगायत स्थानीय निकायमै हुनुपर्दछ । अहिले सदरमुकाममा भएर धेरै दुःख भएको छ । हाम्रो यस ठाउँका महिलाले रहरले हैन, करले बच्चा पाउनुपर्ने स्थिति छ किनकि चेतनाको कमी छ, केही जाने-बुझेका छैनन् । यसकारण यो ठाउँमा



*छलफलमा भाग लिएका सिस्नेरीका स्थानीय बासिन्दा*

शिक्षादीक्षाको राम्रो व्यवस्था र चेतनामूलक कार्यक्रम आउनुपऱ्यो । र, यहाँबाट बिरामी बोकेर जान मुस्किल भएकाले यहीँ वरिपरि अरू गाविसलाई पनि केन्द्र पर्ने गरी बच्चा जन्माउने सेन्टर खोलिनुपर्ने अवस्था छ । यसले गर्दा महिलाको अकालमै ज्यान जाने थिएन, बच्चाको मृत्युदरमा कमी आउँथ्यो ।

**माधव राई :** हाम्रो यस ठाउँमा मुख्यगरी स्वास्थ्यचौकी, सडक, बत्ती र खानेपानीको

आवश्यकता छ ।

**बिसमाया श्रेष्ठ** : खानेपानी नहुनाले यहाँ बस्न एकदम मुस्किल भएको छ ।

**मेघनाथ खतिवडा** : हरेक गाविसलाई छुने गरी रोडको व्यवस्था चाहिन्छ । त्यसपछि स्वास्थ्य, सुरक्षा, शिक्षा- मानिसले पाउने मौलिक अधिकार हुन्, यसको उपयोग गर्ने व्यवस्था सरकारले मिलाउन आवश्यक छ ।

**विस्तुव विक** : यहाँ खानेपानी र हुलाक आवश्यक छ ।

**कर्ण श्रेष्ठ** : जनताबाट निर्वाचित भएर गएका सभासद्ले जनतालाई दिएको आश्वासन व्यवहारमा लागू गरेनन् । वाचाअनुसार काम गरिनुपर्दछ ।

**सहजीकरण गर्दै** : हामीसँग विभिन्न किसिमका स्रोत छन् । अब यसको प्रयोग गर्ने सिलसिलामा केन्द्रको अधीनमा रोस् कि आफैँले गर्नुपर्छ जस्तो लाग्छ ?

**चित्रकुमार श्रेष्ठ** : विकासका काम हामी आफैँले गर्नुपर्छ, तर केन्द्रको सहयोग पनि आवश्यक पर्छ । त्यसैले अधिकार स्थानीय निकायलाई दिने र केन्द्रले सहयोग गर्ने गर्नुपर्दछ जस्तो लाग्दछ ।

**लोकबहादुर श्रेष्ठ** : सक्ने भएका भए हामी उहिल्यै गर्ने थियौँ । त्यसैले यस्ता कार्यहरू केन्द्र वा सरकारले गरिदिनुपर्छ ।

**दिलीप राई** : सरकारको मद्दत भएमा गाउँलाई विकास गर्न सजिलो पर्छ ।

**शर्मिला श्रेष्ठ** : यो सरकारले यहाँ भएका स्रोतसाधनको कर उठाएर केन्द्रमा लाने गरेको छ, त्यसो नगरोस् । यहाँका जनताले आफ्नो हातको कुरो आफैँले प्रयोग गर्न पाएमा राम्रो हुन्थ्यो । स्थानीय स्रोत-साधनको प्रयोग केन्द्रको अधीनमा भएमा स्थानीय निकायले केन्द्रसँग मागिरहने अवस्था आउँछ, यसो गरिनुहुँदैन ।

**सहजीकरण गर्दै** : अहिले हामीले जुन गाविसबाट सेवा प्राप्त गरिरहेका छौँ, त्यो अब अझ नजिकबाट प्राप्त होस्जस्तो लाग्छ छ कि गाविसमै ठीक छ ?

**गंगाबहादुर श्रेष्ठ** : होइन, सेवा-सुविधा गाउँगाउँमै चाहिन्छ, गाविसको भन्दा नजिकै भए सहज हुन्छ ।

**मेनुका श्रेष्ठ** : स्थानीय स्रोतसाधनको प्रयोग स्थानीय जनताले नै गर्न पाउनुपर्छ । सेवा-सुविधा दिने कुरामा जति नजिक सम्भव हुन्छ, त्यति नै नजिक लानुपर्छ जस्तो लाग्दछ ।

**कर्णबहादुर श्रेष्ठ** : अधिकार खोज्नेले कर्तव्य पालना गर्नुपर्दछ । अधिकार मात्र खोजेर हुँदैन, त्यसैले सबै गाउँगाउँमा सरकारी सेवा-सुविधा दिन त सम्भव हुन नसक्ला किनकि सेवा-सुविधा उपलब्ध गराउन कर्मचारी आवश्यक पर्छ । त्यो पूरा गर्न सरकारलाई कठिनाइँ पर्छ । हरेक गाविसमा सम्पूर्ण सेवा-सुविधा पुऱ्याउनुपर्छ ।

**सहजीकरण गर्दै** : अहिले राज्यको पुनर्संरचना गर्ने कुरा आइरहेको छ । त्यसैले केका





आधारमा यो राज्य विभाजन होस्- धर्म, जाति, भाषाका आधारमा या हिमाल, पहाड, तराई गरेर वा अहिले भनिएको जस्तो लिम्बुवान, खुम्बुवान, तमुवान, तराई ?

**जयराम श्रेष्ठ** : भौगोलिक आधारमा संघीयताको विभाजन हुनुपर्दछ जस्तो लाग्छ । जातीय आधारमा हुँदा जातजातिलाई फुटाउने, लडाउने पो हो कि जस्तो लाग्छ, यस्तो नहोस् ।

**भीमबहादुर श्रेष्ठ** : यहाँ विभिन्न जाति, पेसा र धर्मका मानिस यस ठाउँमा बसोबास गरिरहेका छौँ यीबीचमा द्वन्द्व आउनुभएन । त्यसैले सबैलाई मिलाएर मध्यमार्गी रूपमा संघीय राज्य निर्माण हुनुपर्दछ, जसमा भूगोल एउटा आधार हुन सक्छ, हिमाल, पहाड र तराईलाई मिलाएर लानुपर्दछ । जातीय र धार्मिक रूपमा राज्य भएमा देश विखण्डन हुन्छ । त्यसैले भौगोलिक बनोटका आधारमा प्रान्तहरूको विभाजन होस् भन्ने मेरो चाहना छ ।

**लालबहादुर मगर** : यो राज्यको पुनर्संरचना हुँदा धार्मिक, लैंगिक जातीय भेदभाव नराखी गएमा मात्र राम्रो होलाजस्तो लाग्छ ।

**सहजीकरण गर्दै** : यहाँ भएका स्रोतसाधन जस्तै- नदीनाला, खनिज, वनलगायतका विभिन्न स्रोतमा कसको अधिकार होस् जस्तो लाग्छ ? केन्द्रको हुने हो कि स्थानीय निकायको हुने हो कि वा अन्य कुनै निकायको ?

**मेघनाथ खतिवडा** : स्थानीयस्तरका स्रोत-साधन केन्द्रको निगरानीमा रहेर स्थानीय स्तरमा प्रयोग गर्न पाइयोस् ।

**छत्रनारायण श्रेष्ठ** : यहाँ भएका स्रोत-साधनको उपयोग गाउँको विकासमा स्थानीयस्तरमै होस् भन्ने चाहन्छु ।

**लोकबहादुर श्रेष्ठ** : केन्द्रको अधीनमा बस्नुपर्छ र सुविधाचाहिँ स्थानीयस्तरमै दिइनुपर्छ । बेलाबेलामा केन्द्रले निरीक्षण गर्ने गरेर सबै अधिकार स्थानीय निकायमा हुनुपर्दछ ।

**शर्मिला श्रेष्ठ** : स्थानीयस्तरमा उठाएका विषय स्थानीयस्तरमै प्रयोग गरियोस् । यहाँको वनको प्रयोग गरेपछि उठ्ने कर यहीँको विकासमा लगाउनुपर्दछ ।

**मेघनाथ खतिवडा** : जनताले पाउने हरेक सुविधा गविसमै हुनुपर्दछ ।

**छत्रनारायण श्रेष्ठ** : जातीय, लैंगिक, धार्मिक सबैलाई समावेश गरेर संविधान लेखियोस् । स्थानीय निकाय बलियो बनाउनुपर्दछ । यहाँका स्रोत-साधनको उपयोग गर्ने पहिलो अधिकार स्थानीय निकायलाई हुनुपर्दछ अनि अरू केही प्रतिशत अन्य निकायलाई पनि दिइनुपर्दछ जस्तो लाग्दछ । नत्र प्रान्त र केन्द्र चल्न नसक्ने अवस्था आउन सक्छ ।

**शर्मिला श्रेष्ठ** : स्थानीय निकायमा भएको प्राकृतिक स्रोत-साधन जस्तै, जडीबुटी, पानी आदि स्थानीय निकायमै प्रयोग होस्, बाहिर नजाओस् ।

◆◆◆

# क्षेत्रीय छलफल : ओखलढुङ्गाको मानेभन्ज्याङ



**स्थान** : *ओखलढुङ्गाको मानेभन्ज्याङ*

**मिति** : *२०६६ मंसिर १६*

**विषय** : *संविधान निर्माण, राज्य पुनर्संरचना तथा संघीयतासम्बन्धी क्षेत्रीय (ओखलढुंगा-२) स्तरमा छलफल कार्यक्रम*

**कार्यक्रम सुरु गर्दै जुद्ध राई** : अब आसन ग्रहण गर्दै आ-आफ्नो परिचय दिन अनुरोध गर्दछु। परिचय आदानप्रदान सम्पन्न भएकाले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्न जिल्ला विकास समिति महासंघका सदस्य-सचिव हेमराज लामिछानेलाई अनुरोध गर्दछु।

**हेमराज लामिछाने** : खास गरेर मुलुकमा राजनीतिक परिवर्तन भइसकेपछि एकात्मक राज्यव्यवस्थाबाट संघीयतामा जाने र अधिकार तल जनताको माझमा पुऱ्याएर छिटोछरितो

पारदर्शी सेवा तल्लो निकायमा पुऱ्याउने मूल मर्मका साथ संविधान कोरिँदैछ । यही परिवेशमा हामी गाविस राष्ट्रिय महासंघ, जिविस महासंघ धेरै पहिलेदेखि भन्दै आएका छौँ कि स्थानीय सरकार (गाउँ/नगर) बलियो हुनुपर्छ, यी निकायहरूलाई बढी अधिकार दिइनुपर्छ, साधन र स्रोत बढी दिइनुपर्छ, निर्वाचित जनप्रतिनिधिबाट जनतासँग बसेर योजना तर्जुमा गर्नुपर्छ र उनीहरूकै सहभागितामा हामीले सेवा प्रदान गर्नुपर्दछ, यसो गरियो भने छिटोछरितो, पारदर्शी र जनताले चाहेको कुरा हुन्छ ।

बीचमा धेरै समस्या भए, २०५६ सालपछि स्थानीय निकायमा जनप्रतिनिधि भए पनि गाविसमा सचिव नै नहुने अवस्था रह्यो । राजनीतिक रूपले स्थानीय निकायलाई बेकम्मा बनाउन खोजियो । कतिपय गाउँ विकास समितिहरूका भवन नै भएनन् । यो परिवेशमा अब बन्ने संविधानमा कस्तो किसिमका विषयवस्तु समेट्न सक्यौँ भने सोचेजस्तो, चाहेजस्तो गाउँ बन्छ, नगर बन्छ र जिल्ला बन्छ भन्ने विषयमा हामीले बहस चलाउँदै आएका छौँ ।

५/५ वटा भिन्नभिन्न समुदायमा गई कार्यक्रम, केही छलफल र बहसलाई स्थानीय एफएमबाट र राष्ट्रिय टेलिभिजनहरूबाट पनि प्रसारण गरेर नीति निर्माता र संविधानसभाका सदस्यहरू, राजनीतिक दलका नेताहरूलाई जनताले वास्तवमा के चाहेका छन् र, के खोजेका छन् भन्ने कुरा पुऱ्याउने यो कार्यक्रमको उद्देश्य हो । आजको कार्यक्रमको उद्देश्य भनेको चाहिँ सभासद्हरूलाई पनि कार्यक्रमबारे जानकारी गराउने हो । अनि, जिल्लास्तरका राजनीतिक दलका नेताहरू, नागरिक समाजका व्यक्तिलाई बोलाएर यो कार्यक्रम गरिएको छ । गाविसस्तरमा भएका छलफलमा के भयो भन्ने कुरा अहिले यहाँ भिडियो देखाएर जानकारी गराइनेछ । तल्लो तहबाट जनताले के बोले भन्ने कुरा हामी सुनाउँछौ, देखाउँछौँ ।

पहिलेको छलफल/बहसमा सहभागी हुन पाउनुभएन । क्षेत्रीय स्तरका नेतालाई पनि भनेका थियौँ आउन पाउनुभएन । केही मात्र उपस्थित हुनुभयो । सबै आउन सक्नुभएन । आज हाम्रो सौभाग्य भन्नुपर्छ, नजिक उच्चमाध्यमिक विद्यालय भएको कारण थुप्रै शिक्षक साथीहरू आइदिएर यो कार्यक्रमको शोभा बढाइदिनुभएको छ । ठूलो अवसर हामीलाई प्राप्त भएको छ । त्यसका लागि अत्यन्त आभार व्यक्त गर्दछौँ । यो सन्देशलाई शिक्षक साथीहरूले तल्लो तहसम्म पुऱ्याउन मद्दत गर्नुहुनेछ भन्ने मलाई लागेको छ । यस कार्यक्रममा विद्यार्थी सहभागिता भएको भए उहाँहरूले पनि केही कुरा सिक्न पाउनुहुन्थ्यो । त्यही सन्दर्भमा हामीले सन्दर्भसूचीको रूपमा केही हुन्छ भनेर ह्यान्ड आउट दिने बन्दोबस्त गरेका छौँ । उक्त सन्दर्भ सामग्री हजुरहरूले केही समय पढेर, केही बुझेर, बुझाएर त्यसबाट केही कुरा अरूलाई बुझाउनुहुनेछ भन्ने हामीले अपेक्षा राखेका छौँ । आजको हाम्रो खास उद्देश्य भनेको सांसदहरू, राजनीतिक दलका नेताहरू आउनुहुन्छ, अनि उहाँहरूलाई तल्लो निकायले के भने, के गऱ्यो भने हाम्रो संविधान बन्छ र कस्तो संविधान लेखिनुपर्छ भन्ने कुरा सुनाउने हो ।

यहाँ उपस्थितबाट पनि केही सुझाव लिएर केन्द्रमा लाने र केन्द्रीय स्तरका राजनीतिक





दलका नेताहरू, संविधानसभाका सदस्यहरूलाई सुनाउने हाम्रो ध्येय हो ।

यहाँहरूले जाने-बुझेका र आवश्यक कुरा भन्न २/३ घन्टा यस कार्यक्रममा बसिदिएर सहयोग गरिदिनुहुन आग्रह गर्दछु । पुनः आयोजकका तर्फबाट यहाँहरूलाई स्वागत गर्छु, धन्यवाद दिन्छु ।

**संविधान निर्माण प्रक्रिया पद्धतिबारे प्रस्तुति गर्दै परशुराम उपाध्याय (गाविस राष्ट्रिय महासंघ)** : संविधान निर्माण प्रक्रिया कहाँ पुग्दैछ भन्ने कुराको छोटकरीमा जानकारी गराउन् चाहन्छु । हामी त गफै गर्ने हो । तर जे गर्ने हो, विकास गर्ने, गाउँलाई कहाँ पुऱ्याउने हो त्यो तपाईंहरूले नै हो । आफ्नो समुदायका लागि जिम्मा लिने, राम्रो गर्ने, नराम्रो गर्ने सम्पूर्ण हकदार तपाईंहरू नै हो भन्ने प्रष्ट छ । सन्दर्भ यिनै हुन् । अहिले यहाँ गाउँ चलाइरहनुभएका, विकास निर्माणसँग संलग्न हुनुभएका गाउँका जनप्रतिनिधिहरू अनि गाविस स्तरमा बसेर काम गरिरहनुभएका शिक्षकहरू अनि त्यस्तै हामीले देखिरहेका छौँ सुरक्षा निकायका प्रमुखहरू, त्यस्तै विषयगत कार्यालयका प्रतिनिधिहरू हुनुहुन्छ । तपाईंका विचार संविधान निर्माणका आधार हुन् भन्ने हामीलाई लाग्छ ।

हामी तपाईंका विचार संविधान निर्माणका आधार हुन् भन्ने हामीलाई लाग्छ आफ्नो संविधान आफै कोर्ने अवसरमा छौं । हामी जेठ १४, २०६७ सम्ममा संविधान जारी गर्दैछौं । संविधान प्रतिनिधिहरूले लेखिरहनुभएको छ । यो संविधान लेख्ने क्रममा हाम्रो भूमिका पनि छ हामी त्यो प्रक्रियामा सामेल भइरहेको एउटा चरण हो, मिलीजुली शान्ति स्थापना गर, संविधान पनि समयमा लेख भनेर हामीले प्रतिनिधि चुनेका हौं । तर, जति सजिलो सोचेका थियौं त्यति सजिलो गरी र समयसीमाभित्र काम भइरहेको छैन । अलि ढिलो भएको महसुस तपाईंले पनि गर्नुभएको होला, हामीले पनि गरेका छौं । तर, एउटा रमाइलो पक्ष के छ भने जति गरे पनि हाम्रा नेताहरू सहमति गर्न सिपालु छन् भन्ने कुरा देखाएका छन् । विगतमा त्यस्तै भएका कारणले अझै हामी आशावादी छौं । राम्रै गर्छन् नेतृत्वले भन्ने लाग्छ ।

कसरी संविधान लेख्दै हुनुहुन्छ ? कहाँ पुग्नुभयो भन्दाखेरी सबभन्दा बढी उहाँहरूले हाम्रो कुरा सुन्नुपऱ्यो, नागरिक कहाँ जानुपऱ्यो भन्ने हाम्रो मान्यता हो । उहाँहरूले संविधान त लेखिरहनुभएको छ तर कोठामा छलफल गरी लेख्नका लागि बढी समय खर्च गरिरहनुभएको छ । जेठ ९ गते उहाँहरूले भदौको अन्तिमसम्ममा हामीचाहिँ संविधानको पहिलो अवधारण बनाउँछौं, पेस गर्छौं भन्नुभएको थियो तर त्यो म्याद सराउँदासराउँदा उहाँहरूले त्यो मस्यौदा दिने १० वटा समितिको अन्तिम मिति फेरिरहनु भएको छ । सातौंपटक संशोधन गरिसक्नुभयो । हाम्रो संविधानसभाका १० वटा समितिमध्ये ७ वटाले आ-आफ्नो प्रतिवेदन बुझाइसकेका छन्, संविधानसभा, राज्यको पुनर्संरचना समिति र राज्यको शासकीय स्वरूप निर्धारण समितिले छिट्टै बुझाउने प्रतिज्ञा गरेका छन्, अब के गर्छन्, सबैभन्दा जटिल कुरै त्यहीँ अड्केको छ ।

राज्य पुनर्संरचना र अधिकार बाँडफाँड समितिले यो राज्य कस्तो बनाउने, संघीय संरचनामा जाने हो भने कतिवटा प्रदेश बनाउने, ती प्रदेशमा के-के अधिकार राख्ने, त्योभन्दा तल स्थानीय सरकारहरूलाई के-के अधिकार दिने भन्ने कुराको बाँडफाँड गर्नुपर्ने क्षेत्राधिकार पाएको छ । राज्यको शासकीय स्वरूप निर्धारण समितिले अब गाउँ सरकार कसरी बन्छन् ? निर्वाचन गरेर सरकार बनाउने कि मनोनीत गरेर सरकार बनाउने कि अथवा निर्वाचन गर्ने हो भने पछि परेका वर्ग समुदाय क्षेत्रको प्रतिनिधित्व कसरी सुनिश्चित गराउने, यहाँदेखि लिएर प्रदेश विधायिका कसरी बनाउने, प्रदेश सरकार बनाउने हो भने गाउँ सरकारहरूले, जिल्ला सरकारहरूले आफ्ना प्रतिनिधि कसरी तोकेर पठाउन पाउँछन्/पाउँदैनन्, केन्द्रीय विधायिका बनाउने हो कि, दुई सदन बनाउने हो भने माथिल्लो सदन कस्तो बनाउने, तल्लो सदन बनाउने हो भने कस्तो बनाउने, राष्ट्रप्रमुखको अधिकार राष्ट्रपतिमा बढी राख्ने कि प्रधानमन्त्रीमा बढी राख्ने, राष्ट्रपतिको निर्वाचन कसरी गर्ने, यो सम्पूर्ण जटिल विषय टुंग्याउनुपर्नेछ ।

हाम्रा राजनीतिक दलहरूले फरक मत राखिरहेका विषय पनि छन् । अब आशा गरौ भोलिसममा यी समितिले प्रतिवेदन दिनेछन् । आठौंपटक संशोधनमा जानुहुने छैन, उहाँहरूले बनाएको तालिकाअनुसार हामी जनताका कुरा सुन्ने भनेर भन्नुभएको छ। विषयगत समितिको प्रस्ताव आएपछि संविधानसभा समिति (६३ जनाको समिति) ले एउटा प्रारम्भिक मस्यौदा बनाउँछ। संविधानको विषयगत समितिले के दियो, कस्तो तस्बिर देख्छु भनेर केलाउनुपर्छ । १० वटा समितिका प्रतिवेदन एक ठाउँमा राख्दा दुईटा समितिले एउटै कुरा बोलेको होला कसैले फरक कुरा बोलेको होला, मुख मिलेका कुरा कति छन्, नमिलेका कति छन्, त्यो छानबिन गरेर संविधानसभा मस्यौदा समितिले चाहिँ पुस मसान्तभरमा बनाउने भन्ने समयावधि हो । त्यो गरेपछि के गर्नुहुन्छ त उहाँहरू भन्दा माघ दोस्रो सातासम्ममा उहाँहरू जुन संविधानको पहिलो मस्यौदा बनाउनुहुन्छ, त्यो मस्यौदा यस्तो संविधान बनाउँदैछौं भन्ने कुरा राजपत्रमा प्रकाशित गरेर हामीसँग यसमा तपाईंको राय प्रतिक्रिया के छ भनेर पठाउने कार्यक्रम रहेको छ ।

पहिले हाम्रा माननीय सभासद्हरू हामीकहाँ आउनुभएको थियो । संविधानसभाका सदस्यसमेत आएर मत संकलन गर्नुभएको थियो । मानेभन्ज्याङमा मत संकलन भएको थियो ? यहाँहरू सहभागी हुनुभएको थियो ? त्यो कति रमाइलो भएको थियो म एउटा मात्र उदाहरण दिऊँ ३८ लाख प्रश्नावली छपाइ र वितरण गरिएको थियो तर लभगभ ४ लाख मात्र भरिएर जवाफ आयो । त्यसको विवरण संविधानसभासँग छ र ती प्रश्नावली कसरी भरिएर गए भन्ने कुरा नागरिकले बुझ्न सकेनन् । फेरि त्यो मौका आउँदैछ हाम्रो लागि, मैले यो किन निवेदन गरेको भने पहिलोचोटि जब सार्वजनिक गर्छन् त्यसपछि त हामीकहाँ आउँछ । फेरि पनि हामीले सुझाव दिनुपर्दछ । एउटा त्यतिबेला हामीले के सुझाव दिएका





थियौं, पऱ्यो कि परेन, हाम्रो चाहना त्यहाँ प्रस्तुत भए कि भएनन्, ती कुरामा पनि त्यहीअनुसार तयार गरेर नै हामीले सुझाव दिन सक्नेछौं । त्यसका लागि तपाईंहरूले जिज्ञासा राखिदिनुस् भन्ने हाम्रो आग्रह हो । जुन कुराहरू यहाँहरूले राख्नुहुन्छ, त्यसलाई २ वटा तवरले हामीहरू प्रतिनिधित्व गर्छौं । एउटा त हामी स्थानीय स्वायत्त शासन, लोकतन्त्र, विकेन्द्रित राज्यव्यवस्था, संघीय राज्यव्यवस्थाकै पनि सफल संघीयताका पक्षमा वकालत गरिरहेका संस्थाहरू छौं । यहाँहरूको आवाजको प्रतिनिधित्व गर्छौं । अर्को उद्देश्य यहाँहरूको आवाजलाई संविधानसभाका सदस्यहरू कहाँ पुऱ्याउँछौं ।



ओखलढुङ्गा मानेभन्ज्याङको क्षेत्रीय छलफलमा सहभागी

अर्को तपाईंहरू आफ्नै लागि माघ १६ गतेदखि फागुन १५ भित्रमा माननीय आउने अवस्था छ, त्यसबेला हामी कुनै माध्यमबाट पत्राचार गरेर, लेखेर, अगुवा संस्थाहरूलाई अथवा गाविस स्तरीय कार्यालयमा जानकारी गराएर पनि हाम्रा कुराहरू राख्नसक्ने अवस्था छ। विगतमा संविधानको अपहेलना गर्ने स्थिति नआओस्, हामी हाम्रो संविधान भनेर युगौंयुगसम्म गर्व गर्न सकौं । त्यस्तो संविधान बनाउने क्रममा किन सहभागी नहुने ? माघ १६ देखि फागुन १५ गतेसम्म तालिका संशोधन भएन भने जुन हाम्रा लागि अवसर आउँदैछ त्यो अवसरका लागि अहिले हामीले किन तयारी नगर्ने, के हुन् त हाम्रा मुद्दाहरू, के गर्दा राम्रो हुन्छ, हामीले जानेका कुरा पनि भनौं- यो मौकाका लागि यहाँहरूसँग हामी बस्दैछौं ।

हाम्रो संविधानसभामा हाम्रा कुरा कसरी लेखिन्छ भन्ने कुरा छोटोमा निवेदन गरौं ।

हाम्रा पनि सुझाव गइसकेपछि लगभग १५ दिनभित्र जनताका सुझावबाट के राख्ने, के-के संशोधन गर्ने भन्ने कुरा पहिलो मस्यौदामा पारेर संविधानसभाले फेरि हेरफेर गर्छ । हाम्रा कुरा राख्ने प्रयास अनि हाम्रा कुरा पनि समावेश गरेर त्यो ड्राफ्टचाहिँ संविधानसभामा सामान्य छलफलका लागि प्रस्तुत गर्छ, त्यसपछि अन्तिम मस्यौदा संविधानसभाले दफाबार छलफल गर्छ । जस्तो धारा १ मा संविधान भनेको देशको मूल कानुन हो भन्ने विषयमा छलफल गर्लान्, दोस्रोमा, राज्य भनेको कुन हो त अब ? स्थानीय सरकार, प्रदेश सरकारसहितको नेपाल राज्य हो भनेर लेख्ने हुन् कि अथवा नेपाल राज्य भनेको स्वतन्त्र, धर्मनिरपेक्ष, अविभाज्य हो भन्ने हुन् कि ? त्यो धारामा छलफल गरेर संविधान पास गर्ने चरणमा जान्छ र हामी २०६७ जेठ १४ गते लोकतान्त्रिक संविधान, गणतन्त्रमा आधारित संविधान, युगौंयुगसम्म रहने संविधान प्राप्त गर्छौं भन्ने मान्यतामा रहेर काम गरिरहेको स्थिति छ ।

केही ढिला भएको छ तर निराश हुनुपर्ने अवस्था भने छैन । राजनितिक दलहरूलाइ जिम्मेवार बनाउन पनि यहाँहरूले दिने सुझावले बल पुग्नेछ । राज्य पुनर्संरचनाका लागि जुन विचार दिनुहुनेछ त्यो कुराहरू हामी जस्ताको तस्तै अगाडि राख्न सफल हुनेछौं भन्ने विश्वास लिएका छौं । मूलभूत कुरा हामीलाई चाहिएको राम्रो शासन, सेवा दिने शासन, के गर्दा सम्भव हुन्छ, के गर्दा राम्रो हुन्छ, के गर्दा बलियो बनाउन सकिन्छ, प्रष्ट रूपमा यहाँहरूले राखिदिनुहुन्छ भन्ने अपेक्षा हामीले लिएका छौं । पछि आउने छलफलमा आदरणीय जिविस महासंघका प्रवक्ता कृष्णबहादुर जोशी हुनुहुन्छ, गाविस महासंघका अध्यक्ष हुनुहुन्छ, पत्रकार महासंघका पूर्व सभापति र फ्रिडम फोरमका अध्यक्ष हुनुहुन्छ, यहाँहरूको प्रत्येक जिज्ञासामा हामीले बुझेका कुराहरू, भइरहेका चरणलाई पनि राख्नुहुनेछ र यहाँहरूले राख्नुभएका जिज्ञासालाई पनि संविधान निर्माणका क्रममा हुने सहभागितामा सहयोग हुन्छ भन्ने हामीले विश्वास लिएका छौं ।

**सहजकर्ता तारानाथ दाहाल** : परशुरामजीले यहाँहरूलाई संविधानसभा के हो, यसले के गर्दैछ, कहिलेसम्म त्यसले काम सक्नुपर्ने हो, के-के विषयवस्तुमा कुराकानी भइरहेको छ, खासगरी राज्यको पुनर्संरचनाबारेमा कसरी छलफल चलिरहेको छ अनि तपाईं-हामीले निरन्तर सल्लाह सुझाव दिनका लागि के गर्नुपर्छ भन्ने विषयमा आफ्ना कुरा राख्नुभयो ।

अघिदेखि नै हामीले तपाईंहरूलाई जानकारी गराएका छौं । हामीले ओखलढुङ्गा जिल्लाको निर्वाचन क्षेत्र नं. २ को ५ वटा गाविसमा छलफल गरेका थियौं । स्थानीय तहमै छलफल किन गर्नुपर्‍यो भन्दाखेरी यतिबेला राज्यका प्रदेश कस्तो बनाउने, जातका आधारमा बनाउने कि, धर्मको आधारमा बनाउने कि, भूगोलको आधारमा बनाउने कि, आफूलाई सजिलो हुने गरी प्रशासन सञ्चालन गर्न बनाउने कि, त्यसपछि प्रदेश बनाउने हो भने जिविसलाई कति अधिकार दिने हो वा जिविस रहने हो कि होइन ? त्योभन्दा पनि हामी जनतालाई सेवा प्राप्त गर्नका लागि हामीले आफ्ना विकास कार्य अगाडि बढाउनका लागि





प्रभावकारी स्थानीय सरकार चाहिन्छ । गाविसमा बढी अधिकार चाहिने हो कि तिनीहरूले गरिरहेका काम-कारबाहीलाई अझ बढी सशक्त बनाउन तिनलाई कस्तो स्वरूप दिनुपर्ने हो, यी विषयमा माथिल्लो निकायमा नेताहरूको तहमा छलफल चलिरहेको छ । जनताले मत दिएका संविधानसभाका सदस्यहरूबीच मात्र छलफल चलिरहेको छ । यसबाहेक अलिअलि कार्यक्रमको आयोजना सदरमुकाममा टाठाबाठासम्म छलफलका लागि भइराखेको छ । तर, यो जनताको भविष्यको फैसला गर्ने बेला हो, तपाईंले हिजोदेखि जे भोग्दै आउनुभएको थियो, नयाँ नेपालमा हाम्रो कुरा गर्दैछौं भने हामीलाई हाम्रो विकास चाँडो गर्न सरकार चाहियो, हाम्रो अधिकार बलियो भएको सरकार चाहियो । हामीले सहज ढंगले सेवा प्राप्त हुन सक्ने वातावरण हुनुपर्‍यो, संवैधानिक प्रत्याभूति हुनुपर्‍यो भन्नेबारेमा तल्लो तहका जनताले के सोचिरहेका छन् भने आवाज कहीं पनि देखापरिरहेको छैन भन्ने लागेर हामीले ५ वटा गाविसमा छलफल गर्‍यौं ।

हुन त सबै गाविसमा चलाउने इच्छा थियो तर साधन-स्रोतको अभावले हामीले सकेनौं । विविधतापूर्ण दृष्टिकोण र सोच आउन सकोस् भनेर विभिन्न समुदायलाई प्रतिनिधित्व गर्ने गरी ५ वटा गाउँमा छलफल चलायौं । जस्तो, त्यस्तो छलफल चलाउँदाखेरी यो हामीले टोक्सेल गाविसमा चलायौं जहाँ सीमान्तीकृत माझी समुदाय छ, जसको आवाज माथि आउन सक्दैन । अनि उसको आवाज के छ त्यो बुझ्ने कोसिस गर्‍यौं । त्यसैगरी सिस्नेरीमा चलायौं । सिस्नेरीमा सबै किसिमका दाजुभाइ, दिदीबहिनीको बसोबास भए पनि नेवार समुदायको बाहुल्य छ, अहिले यसलाई धेरैले खुम्बुवान भने, धेरैले किराँत प्रदेश पनि भनिरहेका छन् । कतिले पूर्वाञ्चल भनिरहेका होलान्- विभिन्न राज्यका मोडलका कुरा छन् । त्यहाँचाहिँ नेवारहरूको बसोबास छ । र, नेवारको नेवारमण्डल माग भइरहेको छ भने ओखलढुङ्गामा बसिरहेका नेवारले के सोचिरहेका छन् भन्ने कुरा सिस्नेरीमा खोज्यौं ।

त्यसैगरी हामीले राई बहुसंख्यक समुदाय भएको ठाउँमा छलफल चलायौं । यो भूगोलको बहुसंख्यक जाति, क्षेत्रका त्यो जातिले के सोचिरहेको छ, त्यहाँका मानिस के भन्छन्, आफ्नो स्रोत-साधनमाथिको अधिकार, शासकीय अधिकार, आफ्नो गाविस, जिल्ला तह प्रान्तहरूका बारेमा कस्तो हुनुपर्ला भन्ने ठान्लान्, त्यसको पहिचान कस्तो होस्, संरचना कस्तो होस् भन्ने ठान्छन् भन्ने हामीले छलफल गर्‍यौं ।

यसैगरी बल्खुमा हामीले तामाङ समुदायलाई लियौं । यो समुदाय तामसालिङमा पर्दैन । ताम्सालिङ प्रदेशको नाम आएका छन्, जुन तामाङ क्षेत्र छन् । विशेषगरी दोलखादेखि उता काठमाडौं वरिपरि तर यो ओखलढुङ्गाको एउटा गाउँ छ जहाँचाहिँ तामाङ बाहुल्य छ । भनेपछि उनीहरू के सोच्छन् त उनीहरूका नाममा जातीय राज्यको परिकल्पना गरिएको छ तर उनीहरू अर्को ठाउँमा बसिरहेका छन् र के चाहिरहेका छन् भनेर तामाङको आवाजलाई हामीले जम्मा गर्‍यौं ।

यसैगरी हामीले विभिन्न समुदायका आवाज समेट्ने प्रयास गऱ्यौं । वन क्षेत्रमा पनि हामीले गाउँहरू छानेका छौं । यसबाट हामीलाई के विश्वास छ भने यो ५ वटै गाउँबाट आएका भनाइले यो क्षेत्रको सामान्य मानिसको मानसिकता के रहेछ भन्ने बुझ्नलाई मद्दत गर्दछ । एउटा समुदायमा २-३ घन्टा छलफल भएको थियो । त्यो समुदायको छलफलमा हाम्रा साथीहरू जानुभएको थियो । अब त्यो छलफल कसरी भयो म पछि प्रस्तुत गर्न सिद्धिजीलाई भन्छु । त्यो प्रस्तुतिपछि ओखलढुङ्गाको रेडियोबाट पनि प्रसारण भएको थियो, तपाईंहरूले सुन्नुभयो होला । अझ कुनै गाउँको त २ चोटि पनि प्रसारण भयो । फेरि यो साताबाट त्यो गाउँमा भएको छलफलको आवाज रेडियो कार्यक्रम बनाएर ल्याएका छौं । ओखलढुङ्गाको रेडियोबाट फेरि प्रसारण हुन्छ । रामेछापको रेडियोबाट पनि प्रसारण हुन्छ, खोटाङको रेडियोबाट प्रसारण हुन्छ । तपाईंहरूले सुन्न सक्नुहुन्छ, यहाँका जनताको आवाज सुनाउनलाई काठमाडौँको रेडियोबाट पनि प्रसारण गर्दैछौं । त्यस्तैगरी हामीले दृष्य पनि खिचेका छौं । दृष्य चाहिँ यहाँ एउटा सामान्य प्रस्तुतिपछि देखाउनेछौं । हामीसँग ५ घन्टाको दृष्य छ, तर हामी १५ मिनेट मात्र देखाएर जनताले के सोचिरहेका छन् भन्ने कुरा हेर्छौं ।

**गाविसस्तरीय छलफलको प्रस्तुति गर्दै सिद्धिविनोद अधिकारी** : ओखलढुङ्गा जिल्लामा मंसिर ५ देखि १८ गतेसम्ममा १० वटा गाविस पुगेर स्थानीयस्तरमै छलफल कार्यक्रम चलायौं । टोक्सेल, उभु, सिस्नेरी, बल्खुलगायतका गाविसमा हामी गएर स्थानीयस्तरको छलफल चलायौं । कतिपय साथीहरूलाई म यहाँ देखिरहेको छु । हामी गएको ठाउँको जस्तो उभुमा हामीले २०६६ साल मंसिर १० गते गाविस भवनमा कार्यक्रम सञ्चालन गरेका थियौ । राई जातिलाई लक्षित गरिएको थियो । त्यहाँ उहाँहरूको माग धर्म, जातिको आधारमा राज्य पुनर्संरचना गर्नुपर्छ भन्ने थियो । त्यसैगरी जातीय आधारमा सेवा-सुविधा र भौतिक पूर्वाधार कम भएको मान्नुभएको छ । उहाँहरूले आफ्नो समुदायमा स्थानीय स्तरमा प्राकृतिक स्रोत-साधनको उपयोग गर्न पाउनुपर्ने राय दिनुभयो ।

त्यसैगरी उहाँहरूले विकेन्द्रीकरणको माध्यमबाट नागरिकता बनाउने लगायतका जति पनि प्रक्रिया गाउँमा नै उपलब्ध गराउनुपर्ने माग राख्नुभयो ।

यसैगरी हामीले पञ्चकन्या बहुउद्देश्य भवनमा कार्यक्रम सञ्चालन गरेका थियौं, मंसिर ८ गते । त्यसमा मिश्रित समुदायको प्रतिनिधित्व रह्यो । त्यहाँ उहाँहरूले के भन्नुभएको छ भने पुनर्संरचना गर्ने सिलसिलमा भू-गोललाई पहिलो आधार बनाउनुपर्छ । जस्तो, हिमाल, पहाड र तराई जोडेर राज्य पुनर्संरचित गरिनुपर्छ अन्यथा राज्यमा विखण्डन मच्याउने विषम गतिविधि हुन सक्छ । अर्कोथरीको राय चाहिँ धर्म र जातिको आधारमा राज्य पुनर्संरचना गरिनुपर्छ भन्ने थियो ।

अहिले कृषि, बिजुली, पानी र सिँचाइमा कार्य भएको छैन । हाम्रो गाउँमा थप कार्यक्रम गरेर औद्योगिकीकरण र थप विकासका गतिविधि गर्नुपर्छ भन्ने सहभागीको राय





थियो । उहाँहरूको भावना के थियो भने हामी जिल्लामा, केन्द्रमा कहीं पनि पुग्न नपरोस्, गाविस तहबाट नै हामीलाई चाहिएका सबै काम गरियोस् र, गर्न पाइयोस्, जस्तो- नागरिकता, सिफारिस र राहदानी पनि गाविसमा बनोस् ।

प्राकृतिक स्रोत-साधनमा चाहिँ केन्द्रले अनुगमन गरोस् भन्ने चाहनु भएको छ । प्राकृतिक स्रोत-साधनचाहिँ हामीहरूले नै उपयोग गर्न पाऊँ, सञ्चालन गर्न पाऊँ, नीति निर्देशन होस् भन्ने कुरा आयो ।

टोक्सेलमा पनि छलफल गरियो । त्यो सुनकोसीको बाँसपुल हजुरहरूले देख्नुहुन्छ । त्यसकै छेउमा हामीले कार्यक्रम गरेका थियौं । जहाँ हामीलाई सहयोग गर्ने गौरी सरलाई यहाँ देख्दैछु । त्यहाँ अधिकांश सहभागीहरूले संविधान भनेको के हो भन्ने हामीलाई थाहा छैन, भन्नुभयो । संविधान कसरी बन्दैछ भन्ने जानकारी पनि रहेनछ । उनीहरूको भनाइ थियो- हामीलाई के थाहा छ भने यो माथिबाट कुलो गइरहेको छ । त्यहाँको ढिस्को पहिरो गएर हाम्रो घर नपुरोस्, बाटोमा पुल चाहियो, सुनकोसीमा पुल तुरुन्त चाहियो । सुनकोसी अगाडि बगिरहँदा पनि सिँचाइ र पिउनेपानी नभएको हुनाले सिँचाइ र खानेपानी पाउनुपऱ्यो, सुनकोसीबाट बिजुली निकाल्नासाथ ओखलढुङ्गामा बत्ती बाल्न पाइयोस् ।

राज्य टुक्रिनुहुँदैन, हामी जातजाति, जनजाति सबै एक हौं, हामीलाई केही चाहिँदैन, राज्य जस्ताको तस्तै हुनुपऱ्यो भन्ने आवाज पनि उहाँहरूको थियो । स्कुल र अस्पताल माथि गाउँमा छ, यो गाउँमा पनि चाहियो भन्ने आवाज थियो ।

त्यसैगरी बल्खु गा.वि.स. वडा नं. ४ मार्ता भन्ने ठाउँको कालिका प्रा.वि को प्रांगणमा कार्यक्रम गरेका थियौं । तामाङ समुदायमा लक्षित कार्यक्रमका सहभागीले हिमाल, पहाड र तराईको आधारमा नै राज्य संरचना गर्नुपर्छ, अन्य कुनै पनि आधारबाट गरिनुहुन्न भन्नुभयो । त्यसरी गर्दा बुद्ध, हिमाला, लुम्बिनी, नदीनालाका नामबाट त्यो राज्यका नाम राखिनुपर्छ । प्राकृतिक स्रोत-साधनको उपयोग, अन्य गाउँका मानिस जस्तै स्थानीय निकायबाटै हुनुपर्ने कुरा थियो । सेवा-सुविधा जतिसक्दो धेरै गा.वि.स.मा आउनुपर्छ । जिल्लाले स्थानीय स्तरबाट गर्न नस्कने अधिकार मात्र राख्नुपऱ्यो भन्ने आवाज आएको थियो ।

सिस्नेरी गा.वि.स.मा नेवार समुदायलाई लक्षित गरी आयोजित कार्यक्रममा चाहिँ राज्य पुनर्संरचना हिमाल, पहाड, तराईको आधारमा गरेर जे नाम राखे पनि हुन्छ भनेका थिए । खानेपानीको अत्यधिक समस्या भएकाले तत्काल समाधान होस् भन्ने आवाज बुलन्दका साथ आयो । प्राकृतिक स्रोत-साधनको गाउँमै प्रयोग गर्न पाइयोस् तर त्यसको दुरूपयोग गर्ने गरी केही नबनोस् । जिल्लामा भएको जति पनि अधिकार विकेन्द्रीकरण गरी गाउँतहसम्म ल्याउनुपर्छ भन्ने राय पनि आयो ।

हामीले यस क्षेत्रको ५ वटा गाविस र अर्को क्षेत्रको ५ वटा गाविस गरेर १० वटा गाविसमा कार्यक्रम गरेका थियौं ।

**सहजीकरण गर्दै** : केन्द्रमा सरकार हुन्थ्यो, ७५ जिल्लामा हुन्थ्यो अनि हामीसँग ४००० गाविस थिए । सहर भएको ठाउँमा नगरपालिका थिए । हाम्रा केही विश्वासका काम, सेवाका काम हाम्रा प्रतिनिधित्वका कुराहरू गाविसले गर्थे भने त्यसभन्दा माथि जिल्ला विकास समितिहरूले गर्थे । हामी सांसदहरू चुनेर पठाउँथ्यौं, सांसदहरूले सरकार निर्माण गर्दथे । सरकारले विभिन्न नीति निर्माण गर्दथ्यो । यो राज्यव्यवस्था केन्द्रीकृत भयो, गाउँ र जिल्लामा अधिकार कम भयो अथवा गाउँ र जिल्ला प्रभावकारी हुन पाएनन् भनेर धेरै मानिसले समावेशी हुनुपर्‍यो, प्रतिनिधित्व सबै समुदायको हुनुपर्‍यो भन्ने माग गरे । जनआन्दोलनले एउटा राज्य हुन्न, राज्यलाई विभिन्न प्रान्तमा विभाजन गरौं भन्नुभयो । जिल्ला, केन्द्र वा राज्यबाट पाउने आधारभूत सेवा प्रशासनिक, शिक्षा, स्वास्थ्य, कृषि सेवा, विकास, अधिकारका कुरा जनताले नजिकभन्दा नजिकबाट प्राप्त गर्न सकोस् र उसले आफ्नो सरकार नजिकै देख्न पाओस् भन्ने प्रजातन्त्रको, लोकतन्त्रको सिद्धान्त हो । त्यही आधारमा जब हामी राज्यको संरचना खडा गर्दैछौं भने त्यस्ता संरचना कस्तो हुनुपर्ला अनि कुन निकायले कति अधिकार लिने ? कुन निकायले सेवा दिने ? जनताले अधिकतम सेवा कहाँबाट प्राप्त गर्ने होला ? र उसले भित्रबाट के अनुभूति गर्ला भन्ने मेरो सरकार मैसँग छ, मेरो प्रतिनिधि मैसँग छ जसले मेरा विकासको काम पनि अगाडि बढाउँछ, मैले प्राप्त गर्ने सेवा-सुविधा पनि मेरो घरआँगनमा पाउँछु, जसले गर्दा जनता र राज्यका बीचमा दूरी नहोस् । म यस देशको सार्वभौम नागरिक हुँ, मैले चुनेका मानिसले सरकार चलाएका छन् र सरकार मप्रति जिम्मेवार छ, उत्तरदायी छ, मप्रति सजग छ भन्ने कुरा प्रत्येक व्यक्तिले जबसम्म अनुभूति गर्न सक्दैन तबसम्म हामीले लोकतान्त्रिक प्रणालीअनुसार गर्न सक्दैनौं । हो यो प्रणाली स्थापना गर्नका लागि तलैदेखि राज्यका विभिन्न संरचना कस्तो हुने जनताले भन्नुपर्‍यो । क-कस्ले, के-के अधिकार पाउने त्यो पनि जनताले छान्नुपर्‍यो । निश्चय पनि जनताले गर्नुपर्‍यो । अब म टोक्सेलका साथीहरूमध्ये एकजनालाई त्यहाँ भएको छलफल र आजको दृष्टिकोण राखिदिनुहुन अनुरोध गर्दछु ।

**महिन लिम्बू (अध्यक्ष गा.वि.स.राष्ट्रिय महासंघ)** : गाउँ विकास समिति राष्ट्रिय महासंघ ३९१५ बाट मुलुकभर छरिएर रहेका गा.वि.स.हरूको छाता संगठन हो । महासंघले मुलुकभरका गा.वि.स.का हकहित र अधिकारका निम्ति केन्द्रीय स्तरमा वकालत गर्दै आएको छ । कसरी गा.वि.स.हरूलाई एउटा स्थानीय सरकारको रूपमा स्थापित गर्ने भन्नेबारेमा पनि पहल गरिरहेको छ । गा.वि.स.हरूको क्षमता अभिवृद्धि गर्दै जनताप्रति उत्तरदायित्व, जवाफदेही बनाउने काम गरिरहेको छ । यति हुदाँहुँदै पनि जुन गति हासिल गर्नुपर्ने हो त्योचाहिँ गर्न सकेका छैनौं ।

हामीले आज विभिन्न संघ-संस्थाहरूसँग मिलेर संयुक्त भएर अब बन्ने संविधानमा स्थानीय निकायलाई अझ बलियो र अधिकारसम्पन्न बनाउन सकिन्छ भन्ने काममा लागिरहेका छौं ।





विधिवत् रूपमा आज नेपाल राज्य संघीय राज्यप्रणालीमा गइरहेको अवस्थामा विभिन्न कोणबाट, एउटा केन्द्र र प्रदेशको मात्र परिचर्चा हुने गरेको छ । यहाँनेर दुःखका साथ भन्नुपर्दा कुनै नागरिक समाज वा बुद्धिजीवी अथवा कुनै राजनीतिक दलले स्थानीय सरकारबारेमा प्रष्ट धारणा अगाडि सारेका छैनन् । स्थानीय सरकारलाई राज्य पुनर्संरचना गर्दाखेरी यो अधिकार दिनुपर्छ, यो जिम्मेवारी दिनुपर्छ भन्ने कुरा कहींकतैबाट आएको छैन र, जुन ढंगले संघ-महासंघले यो कुरा, यो मुद्दालाई उठाउनुपर्ने हो त्यति आवाज सम्बन्धित तहमा पुर्‍याउन नसकेको हो कि भन्ने लागेको छ । गर्न त यस्ता छलफल र गोष्ठी गर्‍यौं । काठमाडौँमा पनि पटक-पटक गर्‍यौं । फेरि पनि गर्ने हाम्रो योजना छ, तर पनि गाउँस्तरसम्म पुगेर हामीले जनताको सुझाव लिने कामचाहिँ गरेको थिएनौ । आज हामी गाउँस्तरसम्म आयौं । वास्तवमा गाउँका जनता के चाहन्छन्, के भन्छन् भन्ने कुरा लिएर आउँदा यहाँहरूले राज्यको पुनर्संरचनामा आफ्नो अमूल्य सुझाव दिनुभयो । त्यो विचार सुन्दा हाम्रो पनि मन छोयो । हामीले पनि त्यही ठाउँमा त्यही निकायमा आजभन्दा ६-७ वर्ष आगाडि काम गरेका थियौं । तर, यत्रो ६-७ वर्ष भयो प्रतिनिधिविहीन अवस्थामा छन्, स्थानीय निकाय । एउटा गा.वि.स. सचिवले ३-४ वटा गा.वि.स. हेर्नुपर्ने स्थिति छ । आज यत्रो कार्यक्रम भइरहेको छ, तर यो मानेभन्ज्याङ गा.वि.स.को सचिव यहाँ हुनुहुन्न । यस्ता धेरै समस्या छन यत्रो पैसा आइरहेको छ, हिजो ५ लाख रूपैयाँ आउँदा खेरी पनि त्यस्तै थियो, आज बढी आउँदा पनि यस्तै छ ।

००७ सालको संविधानमा ग्रामपञ्चायत भनेर बोलिएको थियो । स्थानीय निकायका बारेमा त्यो संविधानले बोलेको थियो । १९ सालको संविधानले पनि बोलेको थियो । तर, दुःखसाथ भन्नुपर्छ, २०४७ सालमा रगतको खोला बगाएर एउटा प्रजातान्त्रिक संविधान बनायौं भनेर गर्व गरेका थियौं, त्यसमा स्थानीय निकायका बारेमा केही बोलिएको थिएन । २०४७ सालको संविधान बन्दाखेरी हामीले आफ्ना कुरा राख्न नसकेकैले त्यस्तो भएको हो । त्यति बेलाको संविधान संविधानसभामार्फत बनेको थिएन । सीमित मान्छेको आयोगबाट बनेको कारणले यस्तो भयो ।

संविधानसभाको निर्वाचन सम्पन्न भएर संविधान बनाउने प्रक्रियामा हामीहरू छौं । यो समय भनेको पटक-पटक आउने होइन । यो एउटा ठूलो अवसर तपाईं-हाम्रो माझमा छ । विगतमा भएका कमी-कमजोरीलाई हामीहरूले हटाएर कसरी स्थानीय सरकारलाई बलियो बनाउन सक्छौं त्यसबारेमा ध्यान केन्द्रित हुनुपर्छ । स्थानीय सरकार भनेको नजिकको सरकार हो । हामीलाई काम पर्दा झट्ट भेट्न सकिने, आफ्ना कुरा सुनाउन सक्ने सरकार हो । स्थानीय सरकार बलियो भयो भने मात्र हाम्रो उन्नति हुन्छ, हाम्रो विकास हुन्छ, जनता बलियो हुन्छ ।

त्यो सिंहदरबारमा अधिकार राखेर त्यहाँ पस्ने हाम्रो पहुँच छ ? हामीलाई नै त्यहाँ भित्र छिर्न समस्या छ भनेपछि गाउँका सर्वसाधारण जनता त छिर्न सक्दैनन्, छिरिहाले पनि

त्यहाँ गएर आफ्ना कुरा राख्न सक्दैनन् । राखिहाले पनि त्यो कुराको सुनुवाइ हुँदैन । त्यसैले आज हामीले यो अवसर पाउँदाखेरी कसरी हुन्छ गाउँ सरकार बलियो बनाउनुपर्छ । हाम्रो प्रयास हरदम त्यही हुनेछ तर हाम्रो मात्र प्रयासले भएन, तपाईंहरूले पनि साथ दिनुपर्दछ ।

**कृष्णप्रसाद जैसी (जिविस महासंघका प्रवक्ता तथा अछाम जिल्लाका पूर्वसभापति)** : आजको बहस जनता केही बुझ्दैनन्, हामी मात्र बुझ्छौँ भन्ने केन्द्रका मान्छे, पढेलेखेकाहरूलाई गजबको चुनौती हो जस्तो लाग्छ । एकजना बहिनीले कुरा राखिरहँदा म शिक्षित त होइन तर पनि म यस्तो कुरा राख्छु भन्दा किताब पढेर सर्टिफिकेट लिएको मान्छे मात्र शिक्षित होइन भन्ने लाग्यो । हामीले जीवन बिताएका छौँ । दुःख-सुख बुझेका छौं, हाम्रो बुझाइबाट कुरा अभिव्यक्त गऱ्यौं ।

नयाँ राज्य पुनर्संरचना गर्दा कमीकमजोरी होला भन्ने हिसाबमा छलफल गरिरहँदाचाहिँ हामी जनताले भनेका कुरा केन्द्रका नेताहरूले, सभासद्हरू, राज्य सञ्चालन गर्ने विज्ञहरू, प्रशासन संयन्त्रको उपल्लो ओहदामा बसेका मान्छेहरूले सुनिदिए भने साँच्चिकै नेपाल राम्रो बन्ला जस्तो लाग्छ मलाई । यस्तो बहसमा हामी अरू ठाउँहरूमा पनि सहभागी भएका छौँ । जिविस महासंघले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा ठूला विज्ञहरूसँग पनि छलफल गर्छ र, यो लेख्ने पत्रकार तेस्रो आँखा भन्छन्, अहिले उहाँहरूसँग पनि सहकार्य गर्ने मौका मिलेको छ ।

जिविस सभापति हुँदाखेरी मैले एउटा अनुभूति गरेको छु । तपाईं लोकतन्त्रवादी र प्रजातन्त्रवादी हो भने अरूका कुरा सुन्न सक्नुहुन्छ, अरूलाई राम्रो मान्नुहुन्छ भने विवाद धेरै कम हुन्छन् । स्वाभाविक छ नेपालमा बाहुन र क्षेत्रीको बोलवाला बढ्ता छ, असमानता छ । नेपालमा यसलाई व्यवस्थित गर्न शिक्षामा महिला सहभागिता, अरू विभिन्न भाषाभाषीलाई प्रशासन संयन्त्रमा, अनि शैक्षिक रोजगारी, छात्रवृत्तिमा धेरै ठाउँमा केही समयका लागि आरक्षण गर्नुपर्छ । तर, हामीले के अनुभूति गऱ्यौं भने चुनावका बेलामा हामी जसरी लडीबुडी गरेर झगडा गरे पनि विकास प्रक्रियामा सबैको कुरा सुनेर यसपालि यो इलाकामा यो गाविसमा यति-यति आएको छ, साझा सहमति बनाएर यसरी जाऊँ भन्दैनौ । त्यसो गरे जिविसमा योजना बनाउँदाखेरी विकासबारेमा झगडा हुँदैनथ्यो ।

हाम्रो पार्टी (म एमालेसँग आबद्ध छु) माले र एमालेमा छुट्टियो । जिविसमा हामी अल्पमतमा पऱ्यौं । अरू पार्टी कांग्रेस, राप्रपा र माले मिलेर बहुमत हुन्थ्यो । कहिलेकाहीँ परिषद्मा पनि अध्यक्ष चुन्दा अलिअलि झगडाजस्तो हुन्थ्यो । माओवादी जनयुद्ध थियो, उहाँहरू यो पुल हाल्दाखेरी बाबुरामजी भोलि प्रधानमन्त्री, राष्ट्रपति प्रचण्ड भए त्यस्तै हुन्छ, जलविद्युत् आयोजना बिजुली निकाल्दा त्यस्तै हुन्छ अनि सडक राम्रो बनाएर पिच गरे त्यस्तै हुन्छ भन्नुहुन्थ्यो । तर, पूरै भ्रष्टाचार गर्नेलाई कारबाही गरौँ, काम गरौँ र हामीले त्यस्तो नगरौँ है भन्थ्यौँ । हामी गाउँबस्तीमा गएर छलफल गर्थ्यौं, मारे पनि मार तर यो कुरा हुन दिनुपऱ्यो है भन्थ्यौँ । जलविद्युत् आयोजना बनाउन दिनुपऱ्यो, ऋण लाउन पाइँदैन है





भन्नुहुन्थ्यो । गाउँ विकासमा आएको पैसा ऋण तिरिदिऊ भन्थे म । हामीले १५-२० वटा गाविसमा गरेका छौँ ।

ओखलढुंगामा पनि नवजलविद्युत् आयोजना सुरु गरेका थियौँ । केही ढिलो भएछ । सडक नबनेका कारणले कोसीमा पुल छैन, हिजो हामी बाँसको पुल तरेर आयौँ । त्यस्तो देख्दा यहाँका मान्छेले किन गरेनन् होला ? साँच्चिकै यी मान्छेले त्यो दुःखपीडा नबुझेका होलान् कि या नसकेका होलान् कि- यो तपाईं-हामीले बुझ्ने कुरा छ । अनि त्यहाँ हाम्रो झगडा हुँदैनथ्यो । पार्टी फुटेको थियो हामी अल्पमतमा हुन्थ्यौँ तर पनि जनतासँग सल्लाह गर्न र यो वर्ष यति-यति भयो अर्को वर्षमा यो योजना गरौँ भन्दाखेरी मजाले झगडा नगरी गर्न सक्थ्यौँ । पहिले पहिलेका बुढापाकाले त खै गाउँघरमा ५००० कसरी आउला भन्थे । अहिले १५-२० लाख रुपैयाँ आएको छ । अब गाउँ विकास समितिमा १-२ करोड आउने खालको हुन्छ । त्यस बेला गा.वि.स.मा सक्षम मान्छे हुनुपऱ्यो । अहिलेको जस्तो एउटा सचिवले ३-४ वटा गा.वि.स. हेर्ने भयो भने खाली नाटक मात्र हुन्छ । हाम्रा नेताहरूले हामीलाई चाहिँ त्यो तल बनाएर भोट हाल्न मात्र लगाएको हो । केही नजान्ने लाटोजस्तो बनाएका छन् । माथि सरकार छ, टाउको छ, तल टेक्ने ठाउँ छैन । आधारविनाको सरकार हो । अहिले केही पनि छैन अनि हामीले गा.वि.स., नगरपालिकामा प्रशस्त कुरा उठाएका छौँ । प्रधानमन्त्रीसँग भन्या छ, सभासद्सँग भन्या छ, अदालतमा मुद्दा हाल्यौँ, चुनाव गर्नुपऱ्यो भनेर । अहिलेको संरचनामा चुनाव गरिदेऊँ अनि को-को, कहाँ-कहाँ मिल्नुपर्छ मिलौं, अघि नै तपाईंहरूले भन्याजस्तै यहाँ तीनवटा गा.वि.स.मा हामी मिल्नुपऱ्यो । यो बनाउनुपऱ्यो कि हामीलाई २ वडामा अप्ठ्यारो पऱ्या छ, पल्लोगाउँ मिलाइदेऊ भने तिनलाई चाहिँ ल हुन्छ भनेर त्यसरी सहमति गर्नुपऱ्यो । त्यस्तो अधिकार पनि परिषद्लाई दिऊँ र ३ वर्षपछि अर्को चुनाव गर्ने हो भने अहिले भनिदिऊँ । ३ वर्षपछि अर्को चुनाव गरिदिऊँ त्यस्तो भयो भने माथिबाट जान्नेहरू त हामी ठूलामान्छे हामीले जे जे भन्या छ, त्यही त्यो-त्यो राज्यमा मिल्नुपऱ्यो भन्ने प्रथा अन्त्य हुन्छ । सभासद्ले लेखेको ठाउँमा हामीले ल्याप्चे लगाउनुपर्ने हुँदैन ।

हामी केन्द्रमा सभासद्लाई रेडियोको आवाज अनि भिज्युअल देखाउँछौँ । यो नेपाल बनाउँदा अहिलेको संविधान बनेपछि मात्र गर्ने त हैन नि । ७५ वटा जिल्लामा १४ अञ्चल भएको, सानासाना गाविस भएको स्थिति छ, नेपालजस्ता धेरै साना देशमा पनि संघीय राज्य छन्, त्यहाँ प्रान्त छन् २-४ बाट ५-७ वटा कति हुन्छ देशका आधारमा बनेका छन् । संघीय राज्य छडी होइन । त्यहाँ मान्छेले इमानदारपूर्ण काम गर्नैपर्छ । सबैभन्दा मुख्य गाउँतहको सरकार, नगर तहको सरकार, नजिकको सरकार हो । नजिकको सरकारको कुरा गर्दा जिल्ला तहको धेरै ठूलो काम छैन, नजिकको सरकारलाई बढी स्रोत चाहिन्छ । अहिले कुनै प्रान्त तराईमा बनाओस् कि हिमालमा बनाओस्- कस्तो बनाउने हो कुन्नि थाहा छैन । छलफलमा छौँ, राम्रो बनोस् तर त्यो बन्दाखेरी गाउँ तहको सरकारलाई बढी अधिकार दिइयोस् । सक्षम

कर्मचारी दिइयोस् अनि राम्रो काम नगर्नेलाई दण्ड गर्ने कानुन संघीयतामा बनाइयोस् । अदालतमा भ्रष्टाचार गरी ३५-४० वर्षसम्म फैसला नगर्ने लामो प्रक्रिया घटाइयोस् । सक्षम नागरिकका रूपमा यो देशमा स्वाभिमान हुनुपर्दछ । अघि नै भन्नुभयो, स्रोत भएको कोसी बगिरहेको छ । बिजुली निकाल्यो भने तपाईंको ओखलढुंगा वरिपरिका जिल्लामा वर्षमा १-१ करोड जम्मा हुन्छ । स्रोत नभएको त होइन तर भोलि यो बनाउन नै सकेनौँ, पुल बनाउन सकेनौँ भने के हुन्छ ? राम्रो गरे सुन्दर देश बन्ने सम्भावना छ । तपाईंहरूले जे सुझाव दिनुभयो त्यो असाध्यै राम्रो छ । यो गाउँका मान्छेले भनेजस्तो गरेको भए हाम्रो देश राम्रो हुन्थ्यो । पहिले नै सोधेको भए समय नै चाहिँदैनथ्यो । अहिले के लेख्ने भन्ने अन्तरिम संविधानमा लेखिसकेको छ, माओवादी, कांग्रेस, एमाले नेताहरूले सहमति गरेर नेपालमा संघीय राज्य हुनेछ । त्यो विचार गर है, त्यो बन्दैमा पनि राम्रो हुने हैन भन्ने हाम्रा सुझाव सुनिदिनुपर्छ । बिग्रियो भने भोलि त्यसको दोषी पनि बनाउने नै हुन्छन् । जनताले त भोलि यसलाई पनि उल्टाइदिन्छन्, संविधान संशोधन गरिदिन्छन् । कुनै-कुनै देशमा पहिले संघ भएको अनि एकात्मक राज्यमा गएर पुनः संघ भएका उदाहरण पनि छन् । त्यसकारण तपाईंहरूले सुझाव दिनुहोला आफ्ना सभासद्लाई, सरकारका मान्छेलाई, विज्ञलाई जसरी हामीले भेट्यौं त्यस्तालाई भनिरहनुहोला । तपाईंहरूले बोलेको सुन्दा असाध्यै खुसी भयौं ।

**रहरमान माझी (टोक्सेल)** : हाम्रो ठाउँका जनजाति समस्यामा परेकाले माथिल्लो स्तरसम्म जान सकिरहेका छैनौं । साथै, निर्णय प्रक्रियामा सामेल हुन सकिएको छैन । सुविधा गाविसबाट पाए हुन्थ्यो । माथि जानका लागि खर्च जुटाउन गरिबलाई समस्या छ । सेवा-सुविधा गाउँ वा नजिकको निकायबाट प्राप्त होस् । अधिकार धेरै गाउँमै होस् । विशेषगरी स्रोत-साधन परिचालनमा आउनुपर्‍यो ।

**गैरीनारायण बास्कोटा** : चुनेर केन्द्रमा पठाएका प्रतिनिधिले सही रिपोर्ट लगेका छन् कि छैनन् भन्ने कुरा यकिन हुनुपर्‍यो । नेताहरूले स्थानीय स्तरमा बसेर काम गर्नुपर्‍यो । गणराज्य घोषणा संविधानसम्मत हो/ होइन ? यसले राज्यमा विखण्डन त ल्याउँदैन ? संविधान नलेखुन्जेलसम्म अतः के किसिमका द्विविधा भइरहेका छन् । त्यसैले भूगोलको आधारमा राज्य संरचना होस् । सगरमाथा प्रदेशमा हाम्रो ठाउँ परोस् ।

**सहजीकरण गर्दै** : सगरमाथा प्रदेशको सदरमुकाम कहाँ होस् ? ओखलढुंगा होस् या अन्य कुनै स्थानमा ?

**माया राई (गृहिणी)** : संविधानबारे महिलालाई ज्ञान हुँदैन । राज्य प्रान्तमा विभाजन गरे राज्य कति समय रहन्छ ? राज्यको अस्तित्व नै नरहने त होइन भन्ने शंका प्रश्नमार्फत व्यक्त गर्नुभयो । जन्मभूमि भाग लगाउने संघीयता आवश्यक छैन । नाम फेरिँदा देश के हुनसक्छ ? अहिलेको व्यवस्था ठीक छ तर प्रभावकारी बनाउनुपर्‍यो ।

गाविस सचिव सदरमुकाममा बस्ने भएका कारणले जनताले सचिवलाई चिन्न





सक्दैनन् । हाम्रो आवाज सुनियोस्, बोलिदिने संस्था होस् जसले जीवनयापन सहज पारोस्, समस्या पर्दा महिलालाई गाउँमै सेवा दिने व्यवस्था होस् ।

**सहजीकरण गर्दै** : पूर्वाधारका कुरामा गाउँले के-के, जिल्लाले के-के अधिकार राखोस् ?

**माया राई (गृहिणी)** : राहदानी लिन जिल्ला जान समस्या छैन, तर अन्य आधारभूत अधिकार गाउँमै होस् । महिलाले आवाज निकाल्दा घरमा आएर च्यापिने समस्या छ, त्यसैले यस्तो नहोस् । जनताले खुलस्त बोल्दा न्याय होस् ।

**कृष्णप्रसाद जैशी** : गा.वि.स. संरचनामा महिला सिट कति होस् ?

**महिन लिम्बू** : महिलाको ३३ प्रतिशत आरक्षण होस् कि नहोस् ?

**माया** : ३३ प्रतिशत होइन कि ५० प्रतिशत दिने कुरा होस् । पुरुषप्रधान देश भएकाले महिला पछाडि परेका छन् ।

**सहजीकरण गर्दै** : प्राकृतिक स्रोतमाथि कसको अधीन हुने ?

**माया** : वन, पानी, माटो, सडक आदिमा प्रत्यक्ष रूपमा स्थानीय स्तरको एकाधिकार होस् तर राष्ट्र वा राज्यमा पनि अधिकार हुनुपर्छ, जसले गर्दा अधिकारको दुरुपयोग नहोस् । जसलाई प्रत्यक्ष मर्का पर्छ उसलाई अधिकार दिइनुपर्छ । यहाँका स्रोत अन्य ठाउँमा नजाओस्, जिल्लाको स्रोतमाथि सम्पूर्ण अधिकार जिल्लामै होस् ।

**रणबहादुर राई (मानेभन्ज्याङ, युवा समूह अध्यक्ष)** : मलाई त संविधान थाहा छैन (घाँसदाउरा गर्ने मान्छे) । पुँजी र पढाइ नभएर केही उपलब्धिमूलक काम गर्न सकिएन । जिल्ला जाँदा काम नहुने, लगेको खर्चले पनि नपुग्ने र जानलाई गाडी नपाइने हुन्छ । यहाँको बाटो पिच हुनुपर्‍यो, खानेपानी पूरा हुनुपर्‍यो, यस्ता विभिन्न किसिमका सुविधा भए सजिलो हुने थियो । अस्ति चुनावका बेला मतदानमा जबर्जस्ती भयो, जनताको स्वतन्त्रतापूर्वक मतदान गर्ने अधिकार खोसियो ।

देश पुनर्संरचना हुँदा हिमाल, पहाड, तराई नछुट्याइओस्, सीमा मिचिएको कुरामा सबैले आवाज उठाउनुपर्‍यो । हाम्रो देश जलस्रोतमा धनी भए पनि जेनेरेटर चलाउनुपर्ने अवस्थाले गर्दा गरिबलाई धेरै समस्या परेको छ । यहाँका जनता विदेश जान नपरोस् । यही देशमै काम गरेर खान पाइयोस् । देशमा प्रान्त चाहिँदैन, यसले देशमा विखण्डन ल्याउन सक्छ । धेरै अधिकार गाउँलाई नै दिनुपर्छ ।

**जन्तराम राई (सनराइज बोर्डिङ स्कुलका प्र.अ)** : प्रान्तीय राज्यलाई सपोर्ट गर्छु । बाबालाई बढी कि काकालाई भन्दा बाबालाई बढी- त्यसैले राईले राई समुदायलाई माया बढी गर्छन्, तराईलाई तराईवासीले नै बढी माया गर्छन् ।

गाविसको विकास निर्माण कार्य गर्न आर्थिक स्रोतको अभाव साथै केन्द्रले छुट्याउने

बजेटको पनि कमी भएको छ । केन्द्रले निर्देशन गर्छ ठीकै छ तर गा.वि.स.लाई बढी अधिकार दिनुपर्‍यो ।

**कृष्णप्रसाद जैशी** : प्रान्त टाढा भयो भने त्यसले के दिने ? प्रान्तले आवाज सुन्ला ?

**जन्तराम** : प्रान्तको केन्द्र हेरेर सबैलाई पायक पर्ने ठाउँमा हुनुपर्छ । प्रान्तभित्र पनि उपप्रान्त बन्नुपर्‍यो ।

**सहजीकरण गर्दै** : स्वशासन र स्वायत्तताका आधारमा स्रोत परिचालन गर्न पाउनुपर्‍यो भनियो । हाम्रो स्रोत कसरी परिचालन गर्नुपर्‍यो ? अधिक रूपमा बलियो बनाउन केन्द्रले समर्थन गरी अधिकार गाउँमा दिइयोस् कि ? पुनर्संरचना हुँदा तीन तह केन्द्र, प्रान्त र गाउँको अधिकार केन्द्रले नचलाउनुपर्‍यो, प्रान्तले प्रान्त सोच्नुपर्‍यो, स्थानीयलाई विकास गर्नुपर्‍यो । माझीले राईको राज्यमा प्रधान हुन पाउने कि नपाउने ?

**शंखनारायण श्रेष्ठ (व्यापारी)** : राज्यमा प्रान्त हुनुहुँदैन भनेर एकजनाले भनेर हुँदैन । सेवा-सुविधा गाविसभन्दा नजिकबाट उपयोग गर्न पाइयोस् । कर तिर्ने सुविधा गाउँमै हुनुपर्‍यो, जनताको निर्णयबाट नै जाओस् । सबैले समान किसिमले कर तिर्नुपर्ने कुरा संविधानमा लेखियोस् । समयमा कर नतिरे दोब्बर नहोस् ।

**सहजीकरण गर्दै** : राज्य पुनर्संरचनामा जिल्ला, प्रान्त कसरी होस् ?

**शंखनारायण** : सबै जाति मिलेर बसेका छन्, जातीय दंगा नहोस् ।

**कृष्णप्रसाद जैशी** : कर गाउँमा रहोस् वा अन्य ठाउँमा पनि प्रयोग होस् ?

**शंखनारायण** : सबै हामीले मात्र प्रयोग होइन छिमेकीले पनि गर्न पाइयोस् । प्रान्त छुट्टिँदा अधिकार नहुने नहोस्, तराईमा मात्रै कलकारखाना हुने अवस्था नआओस् ।

**सहजीकरण गर्दै** : तपाईंको जिल्ला कुन प्रान्त होस् र सदरमुकाम कहाँ होस् ?

**चन्द्र दाहाल** : सगरमाथा प्रान्त होस्, ओखलढुंगा सदरमुकाम होस् । प्रान्तले खासै परिर्वतन ल्याउँदैन । राज्य पुनर्संरचनाको नाममा राज्य टुक्र्याउनुहुँदैन । स्वायत्त राज्यका नाममा जातजाति र भाषासंस्कृतिमा फुट ल्याउनुहुँदैन, गाविसमा जातजाति, भाषाभाषीका आधारमा पदाधिकारी छानिनुपर्छ । कुनै राज्यका स्रोतसाधनलाई अर्को राज्यलाई दिएन भने त्यहाँ विकास हुँदैन । संघीयता अपनाउनुपर्छ जसमा जातजाति, भाषा, धर्म, समुदाय, मूल्य-मान्यतालाई लुप्त हैन संरक्षण र सम्वर्द्धन हुने गरी राज्य पुनर्संरचना हुनुपर्छ ।

नेपाललाई धेरै प्रान्तमा विभाजन गरेर हामी अधिकारसम्पन्न हुँदैनौं । करिब ८-१० वटा प्रान्त हुनुपर्छ । पहाडी क्षेत्रलाई समेटेर पुनर्संरचना बनोस् । स्थानीय स्तरबाट जिल्लासहितको सक्रियतामा चुस्त र दुरुस्त तरिकाले अनुगमन गर्नुपर्छ । स्थानीय स्तरमा सहमति र सहकार्य गरेर अघि बढ्नुपर्छ ।

**टीकाराम कटुवाल** : गा.वि.स.ले अहिले गरिरहेका काम निरन्तर होस् ।





**सहजीकरण गर्दै तारानाथ दाहाल** : प्रान्त बनाउँदैछ, थाहा छ ?

**टीकाराम कटुवाल** : छैन ।

**सहजीकरण गर्दै** : संविधान बनाउन लागेको छ थाहा छ ?

**टीकाराम** : थाहा छ, रेडियोबाट सुनेको । बाटोमाथि गाउँको अधिकार भएन । समयमा गाडी आउँदैन, आए पनि सिट पाइँदैन । गाविसलाई योभन्दा अलि बढी सुविधा दिनुपर्‍यो । जस्तै, नागरिकता बनाउन, मालपोत , रजिष्ट्रेसन, पशुसेवा, स्वास्थ्यचौकी, हुलाक सञ्चालन आदि हुनुपर्‍यो ।

**सहजीकरण गर्दै** : साना कार्यक्रम ल्याउन विभिन्न ठाउँमा घटाउनुपर्ने कुरामा प्रान्तीयमा पनि त्यस्तै हो ? माननीयहरूको काम के हो- संविधान बनाउने वा विकास निर्माण ? सभापति ठूलो कि सि.डि.ओ. ?

**टीकाराम** : बाटोमाथि गाउँको अधिकार भएन । समयमा गाडी आउँदैन, आए पनि सिट पाइँदैन । गाविसलाई योभन्दा अलि बढी सुविधा दिनुपर्‍यो । जस्तै, नागरिकता बनाउन, मालपोत, रजिष्ट्रेसन, पशुसेवा, स्वास्थ्य चौकी, हुलाक सञ्चालन आदि हुनुपर्‍यो ।

**दलबहादुर आलेमगर** : गरिबको पनि आवाज र विचार सुनिदिनुर्‍यो- संविधानमा लेखिनुपर्‍यो । जसको शक्ति उसकै भक्ति छ, जि.वि.स.र गा.वि.स.मा यस्तो नहोस् । अपाङ्ग आदि सबै समावेश होऊन् । गरिबलाई कार्यक्रम आउँछ तर, बजेट नदिने भइरहेको छ । सबै आउँछ, उपभोक्ता समिति गठन हुन्छ, तर लागू हुँदैन । निमुखा आवाजको पनि सुनुवाइ होस् ।

**पद्मबहादुर राई** : संविधान एउटाले बनाएर हुँदैन, पहिला पनि टोली आएका थिए । हाम्रो कुरा पुग्यो कि पुगेन थाहा छैन । जनताले पाउने सुविधा, नियम कानुन गाउँमै होस् । संविधान केन्द्रमा भए पनि त्यहाँ पाउने सुविधा गाउँमा हुनुपर्छ । विकासको स्रोत गाउँमा छ । हामीले प्रयोग गर्न सकेका छैनौं, स्रोतमा हकअधिकार दिनुपर्‍यो । जनताले के गरी राखेको छ, सरकारलाई केही वास्ता छैन । हामी गरिब छौं, स्रोत र साधनमा हामीलाई हेर्नुपर्‍यो, जातजाति, धर्म आदि भेदभाव हुनुहुँदैन । संविधान निर्माणमा टुटफुट नहोस्, सबैलाई मान्य हुने नियम हुनुपर्‍यो, पक्षपात हुनुभएन ।

पुलिस र आर्मीमा भर्ना गर्न मन्त्रीको सिफारिस चाहिन्छ, जनताको क्षमताअनुसार ठाउँमा पुग्ने व्यवस्था होस्, सक्षम मानिस माथि आउने व्यवस्था होस् ।

**सहजीकरण गर्दै** : पुनर्संरचना कस्तो रहोस् ?

**पद्मबहादुर** : प्रान्त चाहिएको छैन, जनतालाई सुविधा होस् ।

**नारायण बास्तोला** : राज्यको पुनर्संरचना कसरी गर्ने भन्ने सवालमा पहिले पनि सासंद आउनुभएको थियो । सार्वभौम जनतामा चाहिन्छ, साथै संघीयता पनि जरुरी छ । केन्द्रले अर्थ, परराष्ट्र, रक्षा, प्राकृतिक स्रोत आदि हेरोस् र बाँकी अधिकार गाउँलाई दिइयोस् । हिमाल,

पहाड, तराईलाई आधार मानियोस् । जातिमा गइयो भने अल्पसंख्यकको मागलाई कसले सम्बोधन गर्ने ? पुनः विखण्डन र रक्तपात नहोस्, जनताको अधिकार (शासन प्रणाली) सेवा र अधिकार गाउँमै हुनुपर्छ । राज्यले सुशासनको प्रत्याभूति दिनुपर्छ, अल्पमतको पनि कदर हुनुपर्छ ।

**सहजीकरण गर्दै** : समग्र नेपालको संरचना कस्तो होस् ? भौगोलिक आधारमा कि ?

**नारायण** : आर्थिक आधारमा पछाडि छौँ । जनताका प्रतिनिधि स्थानीय तहमा हुनुपर्छ । प्रान्तको केन्द्र जहाँ भए पनि सुविधा जनस्तरबाट होस् ।

**सहजीकरण गर्दै** : प्रारम्भिक प्रतिवेदन आउन सकेको छैन । राज्य पुनर्संरचना हुँदा जिल्ला र गा.वि.स.को विभाजन हुनुपर्ला कि नपर्ला ?



**मोतीराम राई, गा.वि.स. पूर्वअध्यक्ष** : अहिले सबै कुरा परिवर्तन भयो । १ वर्षभित्र संविधान बन्नुपर्नेमा बन्छ कि बन्दैन थाहा छैन । अन्तरिम संविधान सुनेका मात्र छौँ, राज्य पुनर्संरचनाको समस्याले संविधान समयमै लेखिने हो कि होइन ? संविधान कस्तो बनिनुपर्छ भन्ने कुरामा भन्दा नेताहरूलाई अर्को वास्ता छ ।

संघ ५ देखि ७ सम्म वा ९ वटा भन्दा बढी नबनोस् । अहिलेको विकास क्षेत्र नै प्रान्त बनोस् । प्रान्त जिल्ला वा अन्य गाविस जे भए पनि पासपोर्ट, कर, दर्ता आदि सुविधा गाउँमै होस् । प्रान्त बन्दा हिमाल, पहाड र तराईलाई समेटेर बनोस् । नाम जे राखे पनि केही फरक पर्दैन । ५ देखि ७ वटा हुदाँ सीमांकनको समस्या हुँदैन । २ अञ्चलको १ प्रान्त भए सजिलो





र राम्रो हुन्छ ।

**सहजीकरण गर्दै** : संरचनामा तीनवटा आवश्यक छ कि छैन ? के अधिकार गाउँलेले लिने ?

**मोतीराम** : अधिकार चाहिन्छ, तल्लो निकाय शक्तिशाली भई जनताको अधिकार सुनिश्चित होस् । भाषा, धर्म, परम्परा पनि संविधानमा लेखिनुका साथै सबैको अधिकार सुनिश्चित हुनुपर्छ ।

**सहजीकरण गर्दै** : बहुमतको नै सरकारमा प्रतिनिधित्व हुनुपर्छ कि के राई बढी छ भने राई नै कि ? जो लोकप्रिय छ उही ?

**मोतीराम** : सीमांकनमा काटाकाट हुने स्थिति देखापर्न सक्छ ।

**सीताराम श्रेष्ठ** : जनताले चाहेको संविधान आउन सक्छ कि सक्दैन ? अहिले गरिएको गणराज्य घोषणा अवैधानिक छ । हाम्रा प्रतिनिधि अन्योलमा परेका हुन् कि ?

**सहजीकरण गर्दै** : संरचना फेरबदल गर्नुपर्ने भयो भने जनमत गर्न सक्छौं ?

**सीताराम** : सार्वभौम अधिकार जनतामा सुनिश्चित हुनुपर्‍यो, स्थानीय निकायदेखि केन्द्रसम्म फेरबदल गर्नुपर्ने हुन्छ । संरचना हुँदा ५ वटा प्रान्त भए हुन्छ । स्थानीय तहमा सबै अधिकार दिनुका साथै आधारभूत अधिकार लिखित रूपमा नै हुनुपर्छ । केन्द्र दुई सदनात्मक हुनुपर्छ । जिल्लालाई स्थानीय तहमा गाभिँदा ठीक हुन्छ । प्रशासनिक संयन्त्र बलियो बनाउनुपर्छ । जसरी हुन्छ जनतालाई सजिलो र सरल सुविधा हुने कुरा संविधानमा सुनिश्चित हुनुपर्छ ।

**टंकनाथ पौडेल** (**प्र.अ, मानेभन्ज्याङ उ.मा.वि.**) : प्रान्त वा संघ धेरै भएमा कामदार अनुत्पादक हुन्छन्, व्यवस्थापिका पनि सानो आकारको हुनुका साथै अधिकांश मानिस राजनीतिमा लाग्छन् । स्थानीय इकाइ सञ्चालन गर्न नसक्ने हुन्छ । विशेषगरी कम उत्पादन पहाडमा हुन्छ । धर्म, भाषा, क्षेत्रीयता संस्कृतिका स्वरूपले दीर्घकालीन असर पर्छ । धरानमा अहिले नै नाक हेरेर कुरा गरिन्छ भन्ने आवाज आएको छ ।

गा.वि.स. सचिव खरिदार भए पनि बजेट उनकै हातमा हुन्छ, सचिव योग्य हो कि होइन ? कर्मचारी संयन्त्र कसले चलाउने, केन्द्रले चलाउने हो भने उपयुक्त हुँदैन होला । अधिकृतको निगरानीमा सचिव बस्नुपर्छ । प्रान्तीय सरकारमा शिक्षा फरक-फरक हुनसक्छ । नेशनल बोर्ड हुनुपर्छ ।

**मायाजी** : प्रान्त छुट्याउँदा सेवा-सुविधा पाइँदैन कि ? अञ्चलको मान्छेले माग्न नसके प्रान्त वा अञ्चल हुनसक्छ , प्रान्त छुट्याउँदा देशलाई १९औं शताब्दीतिर घचेटिदिन्छ । एक-एक व्यक्तिको विचार लिएर कहिले संविधान बन्ने ? भेदभावविहीन समाज सिर्जना गर्नुपर्छ ।

◆◆◆

# जनताका सुझाव संविधानसभालाई



**स्थान** : *संवैधानिक संवाद केन्द्र*

**मिति** : २०६६

**विषय** : *राष्ट्रिय बहस कार्यक्रम (कार्यक्रमको अध्यक्षता जिविस अध्यक्ष ऋषिराज लुम्सालीले गर्नुभएको थियो । यस कार्यक्रमको प्रमुख आतिथ्य माननीय सभापति प्रमोद गुप्ता (संविधानसभा जनमत संकलन समिति) ले गर्नुभएको थियो । यस कार्यक्रममा राजनीतिक दलका नेताहरू, संविधानसभा सदस्य, नागरिक समाज र बौद्धिक व्यक्तित्वको सहभागिता रहेको थियो ।*

**कार्यक्रम सुरु गर्दै हेमराज लामिछाने** : संविधान बन्ने क्रममा रहेको बेला तीनवटा संस्था मिलेर दुई जिल्लामा जनमत संकलन गर्ने प्रयास गरेका थियौं । संकलित जनमत यस कार्यक्रममा प्रस्तुत गर्न चाहन्छु । जनमत संकलनका लागि हामीलाई स्विस विकास नियोगले सहयोग गरेको हो ।

संविधानबारे स्थानीय जनताको मत के छ भनेर जान्नु नै यो कार्यक्रमको उद्देश्य थियो । यसमा हामी कति सफल भयौं त्यो भोलिका दिनमा थाहा होला । यहाँ जनताले बोलेका कुराको भिडियो र टिपोट प्रस्तुत गरिनेछ । हामीले रामेछापका १० र ओखलढुङ्गाका १० वटा गाविसको छलफलपछि दुवै जिल्लाका दुई-दुई निर्वाचन क्षेत्रमा क्षेत्रीय छलफल गरी

मत संकलन गरेका थियौं । त्यहाँ आएका आवाज यहाँ प्रस्तुत गरिनेछ ।

ती आवाजलाई हामी किताबका रूपमा प्रकाशन गरी सभासद्‌हरूको हातमा पुऱ्याउने प्रयास गर्नेछौं । जसमा आज यहाँहरूले दिने सुझावसमेत समेटिनेछ, जुन संविधानसभासम्म पुग्नेछ भन्ने विश्वास लिएका छौं ।

**सहजीकरण गर्दै तारानाथ दाहाल** : संविधान निर्माण प्रक्रियामा राज्य पुनर्संरचनामा केन्द्रित भएर हामीले गाउँमा भएका छलफलबाट प्राप्त सुझाव यहाँ ल्याएका छौं, जसलाई बुँदाको रूपमा प्रस्तुत गरिनेछ ।

विस्तृत रूपमा चाहिँ मनोग्राफका रूपमा एउटा पुस्तक नै आउनेछ, जुन सभासद्‌हरूको हातमा पुऱ्याउने नै छौं । आज भने जनताका आवाज जस्ताको तस्तै भिडियोमार्फत देखाउनेछौं । र, यहाँहरूका हातमा हामीले दिएका बुदाँहरू छन् । यहाँ हामी त्यही विषयमा केही थप सुझाव हुने गरी छलफलमा जानेछौं । यी आवाज विभिन्न रेडियोहरूमा पनि बजिरहेका छन् । जनताका आवाजहरू जनमत संकलन समितिमार्फत संविधानसभासम्म पुग्नेछ भन्ने आशा राखेका छौं ।

**जनताको आवाज राख्दै परशुराम उपाध्याय** : हामी मत संकलनका लागि दुई जिल्लाका गाउँमा पुग्दा संविधान सभाको विषयगत समिति सबैले आफ्नो प्रारम्भिक मस्यौदा बुझाइसकेको अवस्था थिएन ।

हामीसँग स्थानीय जनताले संविधानको पहिलो मस्यौदा लिएर हामीकहाँ सुझाव लिन आउँछन् भन्ने चिन्ता व्यक्त गरेका थिए । संविधानमा हाम्रा आवाजहरू समेटिने छैनन्, त्यसैले तपाईंहरूले हाम्रा आवाज संविधानसभासम्म पुऱ्याइदिनुपऱ्यो भन्नुभएको थियो । हामीसँग अधिकांश जनताले जेठ १४ गते नै संविधान जारी हुन्छ भन्ने आशंका गर्नुभएको थियो । र, समयमै बनोस् भन्ने सम्पूर्णको अभिमत थियो ।

जनताको चाहनाअनुसार हामीले पनि स्थानीय आवाज संविधानसभासमक्ष पुऱ्याउने विश्वास दिएका थियौं ।

हामीले संविधानबारे स्थानीय जनताको बुझाइ के छ भनेर सोधेका थियौं, जसमा संविधान भनेको थाहा छ/छैन भन्ने मिश्रित स्वर आए ।

उदाहरणको रूपमा एक सहभागीको भनाइ यहाँ राखौं : म बिहानै उठ्छु , दाउरा-घाँस, घरधन्दा गर्छु । यही नै हाम्रो संविधान हो ।

**सहजीकरण गर्दै** : यहाँ जनताका आवाज राख्यौं । अब हाम्रो छलफल राज्य पुनर्संरचनामा तल्लो तहका सीमान्तकृत जनताको आवाज के छ भन्नेमा केन्द्रित हुनेछ । मुलुक एकात्मक राज्यबाट संघीय संरचनामा जाँदैछ । अहिले यही विषयमा छलफल चलिरहे पनि त्यो कुरा स्थानीय तहमा पुग्न सकेको छ कि छैन भनेर हेर्नु जरुरी छ । राज्यको संरचना भनेको प्रान्तको





निर्माण मात्र हो भन्ने जस्तो कुरा गरिएको छ । कति वटा संघ हुने, कस्तो हुने, कति अधिकार हुने, के नाम राख्ने भन्ने कुराको मात्र छलफल भइरहेको छ कि त्यो कुरा स्थानीय स्तरसम्म के कति पुगेको छ भन्ने विषयमा केन्द्रित भएर हामीले छलफल चलाएका थियौं । जनताको चाहना सेवा-सुविधा आफ्नै घरआँगनमा हुनुपर्दछ भन्ने छ । जस्तोसुकै संरचना बने पनि त्यो लोकतान्त्रिक प्रक्रियाअनुरूप होस् भन्ने जनअपेक्षा देखियो । त्यस्ता संरचना जति वटा बनून्, चाहे त्यो गाउँ सरकार, चाहे जिल्ला सरकार, चाहे नगर सरकार होस्- त्यहाँ मानवअधिकारको प्रत्याभूति र न्यायको सुनिश्चितता होस् भन्ने अपेक्षा प्रकट भएको छ । अहिले केन्द्रमा जस्तै स्थानीयस्तरमा पनि हाम्रो राष्ट्रिय एकता, सद्‌भाव, सहिष्णुता आदिमा खलल पुग्ने हो कि भन्ने ठूलो चिन्ता छ ।

राज्य पुनर्संरचना जातीयभन्दा मिश्रित रूपमा हुनुपर्छ भन्ने मत बढी छ । हामीले मत संकलन गरेका रामेछाप र ओखलढुंगा हिमालसँग सीमा जोडिएका जिल्ला हुन् । रामेछाप भित्री मधेससँग जोडिएको जिल्ला हो । ओखलढुंगा किराँत जातिको बाहुल्य भएको जिल्ला हो । यहाँ राई, लिम्बू, बाहुन, क्षेत्री सबै जातिको बसोबास भएको पाइएको छ । जस्तो, रुम्जाटारमा गुरुङको बाहुल्य छ । भोलि पुनर्संरचना गर्दा ती गुरुङलगायत अन्य जातिको स्थान के हुने भन्ने चिन्ता आएको छ । जातीय पहिचान हुनुपर्दछ भन्ने विचार पनि आएको छ । किराँत राज्यको पहिचान दिँदा गुरुङलगायतका अन्यको के हुने भन्ने चिन्ता छ । जे भए पनि हामीबीचको सद्‌भाव खल्बलिने काम नहोस् । हामी सबैलाई भोलि जतिसुकै राज्य बने पनि समानुपातिक सहभागिता चाहियो भन्ने मत हामीले पायौं ।

समाजमा कोही पनि पहिचान र अवसरका कुरामा पछाडि नपरून् भन्ने चिन्ता सबैमा देखियो । राजनीतिक प्रतिनिधित्व पहिचानको आधारमा (बहुधार्मिक, भाषिकलगायत) हुनुपर्छ भन्ने कुरा आएको छ । जस्तो सुनुवार जाति, दुवै जिल्लामा छन् । उनीहरूले हाम्रै आफ्नै पहिचान चाहिन्छ भन्ने माग गरेका छन् । तर, रामेछापको साँघुटार गाउँका जनताले




केन्द्रीय छलफलमा बोल्दै गाविस राष्ट्रिय महासंघका लक्ष्मण पाण्डे

आफूलाई कुमाल भनेर हेपिएकाले त्यो जाति भनेर नचिनाउने गरेको पाइयो । हाम्रो जात कुमाल होइन, पेसा हो भनेको पाइयो । यसले जातीय जनगणना पहिचान गर्दा जनताको पर्याप्त जानकारी नलिएको पाइयो ।

रामेछापको कुरा गर्दा हायु, पहरी, थामी, माझीलगायतका अल्पसंख्यकको पहिचान, प्रतिनिधित्व, स्वायत्तता कहाँ, कसरी हुने भन्ने चिन्ता गरेको पाइयो । उनीहरूले हामीलाई कसरी र कहाँ प्रतिनिधित्व गराइन्छ भन्ने जिज्ञासा राखेका थिए । अल्पसंख्यकमा पनि सीमान्त छरिएर बसेका छन्, जसलाई एउटा क्षेत्र भनेर घोषणा गर्न सम्भव छैन । त्यसैले तिनीहरूको सही र समान सहभागिता कसरी हुन्छ भन्ने प्रश्न आएको थियो । खासगरी ओखलढुङ्गाका राई, लिम्बू, सुनुवार र रामेछापको शेर्पा, सुनुवार, माझीलगायत जातिमा यस्तो चिन्ता देखियो ।

जिल्लाको पुनर्संरचनाको कुरा पनि आएको छ । रामेछाप हलो आकारको हिमाल, पहाड र भित्री मधेससम्म जोडिएको छ । यो जिल्ला एकदम अव्यावहारिक छ । कसरी जिल्लाको विभाजन हुने, विभाजन गर्दा केको आधारमा गर्ने, कुन क्षेत्र कता पर्नेजस्ता कुरामा कुनै छलफल नै भएको पाइएन । यदि भोलि पनि अहिलेकै जस्तो अव्यावहारिक विभाजन भए अहिलेजस्तै दुःख हुने हो कि भन्ने चिन्ता देखिन्छ । यसको मतलब यस्तो विषयका छलफल वडा अर्थात् स्थानीय तहसम्म जानुपर्दछ भन्ने हो । यसो नगरी होलसेलमा प्रान्त वा अन्य कुनै निकाय बनाइए त्यो न्यायोचित हुन सक्दैन र, भोलि झन् समस्या आउँछ भन्ने कुरा आएको छ ।

अहिले तामसालिङ, किराँत, शेर्पा आदि विभिन्न नाम राखेर सीमा काटिँदैछ । कसले के आधारमा यसो गऱ्यो, हामीलाई नसोधी सीमाङ्कन गर्ने को हो, यसमा हाम्रो पहिलो अधिकार हुन्छ कि हुँदैन भन्ने गुनासा आए । आमजनताको खोजी समावेशी राज्य जहाँ सबै धर्म, भाषाभाषीको संरक्षण, दलित र महिलाको प्रतिनिधित्व होस् भन्ने छ । जन्मकै आधारमा कसैलाई विशेष अधिकार दिइनुहुँदैन भन्ने आवाज तल्लो तहबाट आएको छ । राज्यको संरचनामा वर्गीय चिन्तन आओस्, गरिब र पछाडि परेका वर्गलाई माथि उठाउन विशेष व्यवस्था होस् भन्ने आवाज आएको छ । रामेछापको भलुवाजोरको सेलेघाट भन्ने ठाउँको माझी बस्तीका माझी दाजुभाइले कोशी किनाराको एउटा क्षेत्रको माग गरेका थिए । त्यस्तै ओखलढुंगाका राजनीतिक पार्टीबीच जिल्लाको गाविसहरूको पुनर्संरचना गरी जम्मा १३ वटा गाविस बनाउने सहमति भएको रहेछ । अबको पुनर्संरचना माथिबाट नभई स्थानीय स्तरबाट हुनुपर्ने सहमति भएको रहेछ । तर, यस्तो मोडल रामेछापमा बनेको रहेनछ । यसबाट के बुझिन्छ भने राज्य पुनर्संरचना स्थानीय तहबाट गरिनु आवश्यक छ ।

**नगेन्द्र राई (नेकपा, एकीकृत)** : अहिले नेपालको राज्य पुनर्संरचना किन आवश्यक छ, यसको औचित्य के हो भन्ने प्रमुख कुरा हो । नेपाली समाज विविधतापूर्ण समाज हो, यहाँका





शासकहरूले उचित व्यवहार नगरेका कारणले पछाडि परेका जाति, वर्ग र क्षेत्रका लागि राज्य पुनर्संरचना आवश्यक छ । आफूलाई माथि उठाउन, आर्थिक, सामाजिक र अन्य रूपमा अगाडि बढ्न पुनर्संरचना आवश्यक पर्छ जस्तो लाग्दछ ।

तपाईंहरूले दुई जिल्लामा गएर मत संकलन गरी तयार पारेको कार्यपत्र पूर्ण छैन । दुइटै जिल्लाको आवाजले मात्रै देशको प्रतिनिधित्व गर्न सक्छ जस्तो मलाई लाग्दैन । तराईका अन्य जिल्ला, विकट कर्णाली जस्ता ठाउँका जनताको चाहना के हो भनेर पनि जान्न आवश्यक छ ।

राज्यको पुनर्संरचना जातीय, क्षेत्रीय र भौगोलिक आधारमा नै हुनुपर्छ भन्ने लाग्छ, जस्तो कि लिम्बुवानमा जाऔँ, के त्यहाँका अन्य जातिले पनि लिम्बुवानको माग गरेका छन् ? निर्णायक तहमा बाहुन नै हुनुहुन्छ, त्यसैले सुनकोसी प्रदेश नै ठीक छ भन्ने कुरा आएको हो कि जस्तो लाग्छ, त्यस्तो गर्नुहुन्न ।

अल्पसंख्यक जातिको स्वशासनको कुरा गर्दा समानुपातिक हिसाबले समावेशी र सहभागीमूलक राज्यव्यवस्था हुनुपर्दछ भन्ने हाम्रो माग हो । अल्पसंख्यक जातका लागि स्वशासनभित्रको राज्यव्यवस्था भए मात्र सबैको प्रतिनिधित्व गराउन सक्छौँ । यो देशमा कुनै पनि जातिको बहुमत नभएकोले तीनवटा तहको राज्य पुनर्संरचना गर्न सकिन्छ- एकल, संयुक्त र बहुल ।

ऐतिहासिक तथ्यका आधारमा जातीय राज्य बनाउन सकिन्छ, कथित राज्यको एकीकरणको नाममा गोर्खा राज्यले जनताको आत्मसम्मान नगरेकाले यसलाई मान्न सकिन्न । अबको एकीकरण भ्रातृत्व र समानताको आधारमा गरिएन भने फेरि पनि विद्रोह निश्चित छ । हिजो आदिवासी-जनजातिको भाषा, संस्कृतिको ख्याल नगरी राज्य एकीकरण गरिएकाले समस्या आएको थियो ।

**मोहन श्रेष्ठ** : भर्खरै जातीय आधारमा राज्य हुनुपर्छ भन्ने कुरा आयो । तर, यसो गर्दा कस्तो प्रभाव पर्छ भन्ने कुराको अध्ययन हुनुपर्दछ । जातीय आधारमा राज्य बनाउँदा तत्काल कुनै जातिलाई फाइदा होला, तर मुख्य सवाल हाम्रो पहिचानको हो । यदि म नेपाली भइनँ भने मेरो जातिको राज्यको पहिचान कहाँ हुन्छ भन्ने मुख्य कुरा हो । राष्ट्रिय पहिचानको राष्ट्रिय एकता र अखण्डताको विषयमा सबै चुप लागेको अवस्था छ । नेपाल बहुजाति, बहुभाषी देश भएकाले यसको जगेर्ना कसरी गर्ने भन्ने कुरा मुख्य भएकाले जातीयताको नारा लिएर भन्दा पनि राष्ट्रिय एकताको सवालमा जाने हो कि ?

अहिले पनि सेवा-सुविधा भएका ठाउँमा मात्र जनमत संकलन टोली पुग्ने गरेको छ । रुम्जाटार जाने टोली ठुलाछाप जान्छ, सिस्नेरी जान्छ तर कुइरीभीर, रावादलु किन पुगेन ? त्यहाँका जनताको गुम्सिएको आवाज आउनुपऱ्यो । यहाँ मैले ओखलढुङ्गा किराँत बाहुल्य भएको भन्ने सुनें, जुन गलत हो । हामी राज्यको पुनर्संरचना गर्दा एउटै फूलबारी बनाउन

चाहन्छौँ भने जातीयता प्रधान हो कि ? हामीले पाउने स्वायत्तता प्रमुख ? यसको सीमा निर्धारण गरेर मात्र राज्यको पुनर्संरचना हुनुपर्दछ । समानुपातिक र समावेशिताको कुरा प्राथमिक हो जस्तो मलाई लाग्दछ, यसरी संघीयतामा गए राम्रो हुन्छ ।

**दीननाथ घिमिरे** (**नेकपा, माले**) : मरिचलाई तेल लाउँदैमा हुन्न । सेवा र न्याय, जनताको हक भनेको आधारभूत गाउँ सरकार नै हो । अहिलेको प्रमुख समस्या भनेको राज्य पुनर्संरचनाका सबालमा आ-आफ्ना अडान हुनु हो । राज्यको पुनर्संरचना वा राज्यको स्वरूप निर्धारण तल्लो स्तरबाट नै भएर आउनुपर्ने प्रक्रिया हो । जस्तो, वडा, गाविस, जिल्ला गरी आएमा दिगो हुन्छ नत्र यो सधैँ अस्थायी हुन्छ । यो अभ्यास हुनसकेको छैन । यसो गरेको भए अलि जिम्मेवारीबोध हुने थियो ।

अहिले विवादमा आएका कुराहरूलाई फुकाउनै नसकिने होइन। यसका लागि पनि केही प्रक्रिया अपनाउन सकिन्छ । जस्तो, Pre-Participate Rural Techniques ले अनिर्णित विषयमा समाधान दिन सक्छ वा राजनीतिक दलहरू सहमति र सहकार्यमा लागे संविधान समयमै जारी हुन्छ र, राज्यको संरचनामा देखिएको विवाद पनि अन्त्य हुन्छ ।

नेताजीहरूलाई मुख्य विषयको प्रक्रियागत कुरामा प्रतिबद्ध गराउन सक्नुपर्दछ, यसले उनीहरूलाई बाध्य पनि बनाउँछ, आफ्ना कुरा नभए पनि एउटा बिन्दुमा आउनुपर्ने स्थिति बन्छ । उनीहरू यो कुरामा प्रतिबद्ध भएनन् भने भोलि जनतामाझमा जाँदा नाङ्गिनुपर्ने अवस्था आउँछ ।

अहिलेको माहोल हामी यथास्थितिमै रहने हो कि भन्ने देखिन्छ । दलितले अग्राधिकार नखोज्नु, पिछडिएकालाई प्राथमिकतामा नराख्नु भनेको हिजैको सामन्ती शासन कायमै रहने अवस्था आउनु हो जस्तो लाग्छ । नेपालीको चेतना पहिलेको जस्तो छैन किनकि बाहुन-क्षेत्री, जनजाति, पिछडिएकाहरूमा चेतना विकास भइसकेको अवस्था छ । हिजोदेखि शासन गरिआएका वर्गले छोड्नुपऱ्यो ।

**हेमराज लामिछाने** (**जिविस महासंघ**) : म यहाँ केही कुरा राख्नेछु । केही थपघट कुरा भए म पछि राखिदिन जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैसी र गाविस राष्ट्रिय महासंघका अध्यक्ष महिन लिम्बूलाई आग्रह गर्दछु किनकि उहाँहरू पनि हामीसँगै बहस कार्यक्रममा गाउँ जानुभएको थियो ।

स्थानीय स्वायत्त शासनको कुरामा त्यहाँका जनताले दुईवटा कुरामा ध्यान दिएको पाइयो । पहिलो, आर्थिक पक्ष र दोश्रो, जनताले के-कसरी सेवा-सुविधा पाउने भन्ने व्यवस्था कसरी सुनिश्चित हुन्छ भन्ने ।

कतिपय जनताले अहिलेको गाउँ विकास समितिभन्दा पनि अझै सानो संरचनाको र जनताको नजिकमा सेवा सुविधा दिने खालको होस्, कतिपयले चाहिँ अहिलेका ५ वटा गाविसलाई जोडेर एउटा बनाइयो भने आर्थिक रूपले पनि सक्षम हुन्छ र जनताको हितमा





हुन्छ भन्नुभयो ।

संरचनाको सन्दर्भमा गाउँ, जिल्ला, नगरपालिकाजस्ता विषय जोडिएर आउनु स्वभाविकै हो । अहिले जिल्ला विकास समितिले गरिरहेका कामचाहिँ गाउँ विकास र नगरको कार्यलाई समन्वय गरी नगर-गाउँ विकास समितिबीच समन्यकारी भूमिका खेल्नुपर्ने कुरा आयो । उनीहरूको क्षमता विकासका लागि कार्य गर्ने कुरा पनि आयो । भोलि नाम फरक भए पनि प्रान्तभन्दा तल्लो निकायको रूपमा गाउँ र नगरको बीचमा पनि तह हुनुपर्दछ, यसले मात्रै गाउँ र नगर मिलेर कार्य गर्न सक्छन् । जनताले प्रान्तसम्म पुगेर लिने सेवा-सुविधा लिन नसक्ने हुदाँ बीचको तह आवश्यक छ भन्ने माग जनताबाट आएको छ ।

तल्लो तहबाट आएको अर्को महत्वपूर्ण कुरा भनेको प्रान्तीय कानुनअन्तर्गत स्थानीय सरकार गठन गरियो भने स्थानीय स्वायत्तता हनन् हुन्छ, त्यसैले स्थानीय स्वायत्ततालाई बलियो बनाउन संविधानमै स्थानीय सरकारको स्पष्ट धारणा राखिनुपर्दछ भन्ने हो ।

अघि नै ओखलढुंगाको १३ वटा प्रान्त र ७ वटा स्थानीय सरकारको अवधारणा आएको भनियो । यो प्राविधिक कुरा हो । आयोगबाट यी कुराको निर्क्योल गरियोस् र आयोगमा जनताको भावना प्रतिविम्बित होस् भन्ने चाहना देखियो । यसले गर्दा जनताले चाहेको संरचना बन्न सक्छ भन्ने कुरा आयो ।

सेवाको कुरा छ । अघि काभ्रेको सभासद्ले स्वाथ्यको कुरा उठाउनु भएको थियो । वास्तवमा स्वास्थ्यको कुरा छुटेको छैन, मुख्यतः तीनवटा कुरा उहाँहरूले उठाउनुभएको थियो । पहिलो, शिक्षा भन्नुभएको छ, स्वास्थ्य भन्नुभएको छ- यी कुरा जनताका नैसर्गिक आवश्यकता हुन् । यी सेवा जनताले पाउनुपर्दछ, नजिकभन्दा नजिकबाट । जनताले उच्चशिक्षासम्म निःशुल्क प्राप्त गर्नुपर्ने हुन्छ । स्वास्थ्य पनि निःशुल्क गरिनुपर्दछ । रोजगारीको ग्यारेन्टी गरिनुपर्दछ । अहिले यी अत्यावश्यक वस्तु नहुँदा हामी पछाडि परेको हौं भन्ने महसुस गरेको पाइयो । अब पनि राज्यले शिक्षा र रोजगारीको ग्यारेन्टी गर्न सकेन भने नयाँ संविधान र राज्य पुनर्संरचनाले केही हुन सक्दैन भन्ने उनीहरूको सोचाइ छ ।

प्राकृतिक स्रोतमा- जल, जमिन र जंगल जनताको नैसर्गिक अधिकार हो । जहाँ जोसँग, जसको क्षमताभित्र छ, उनीहरूले नै त्यसको निर्णय गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्दछ । आर्थिक रूपमा बाँडफाँड गर्ने कुरामा चाहिँ तलबाट माथि लाने र माथिबाट तल ल्याउने एउटा न्यायोचित फर्मुला बनाउन सकिन्छ । अहिले माथिबाट तल दिने छ, भोलिका दिनमा तलबाट माथि लान सक्ने व्यवस्था गरिनुपर्दछ । संकलन, वितरण र पुनः प्रयोगमा सीमान्तकृत जनताको भूमिका सुनिश्चित गरिनुपर्दछ, संविधानमै भन्ने कुरा छन् । प्राकृतिक स्रोतको बाँडफाँड स्थानीय जनता र निकायका मानिसको सहकार्यबाट हुनुपर्दछ भन्ने मत आएको थियो ।

सामाजिक विकास र न्यायमा पनि धेरै कुरा उठिरहेको छ । कानुनतः छुवाछूत अन्त्य

गरे पनि व्यवहारमा लागू हुनसकेको छैन । यो अवस्था अन्त्य गर्न राजनीतिक दल र नागरिक समाजले भूमिका खेल्नुपर्दछ भन्ने कुरा आएको छ । जात, धर्म र लिङ्गको आधारमा भेदभाव गरिनुहुँदैन । महिलाको प्रतिनिधित्व ३३ होइन, ५० प्रतिशत हुनुपर्छ भन्ने जनधारणा आएको छ ।

यहाँ प्रस्तुत विषयको विस्तृत कुरा मनोग्राफमा समेटिनेछ । डोरी जति लामो बाटे पनि गाँठो दुईवटा नै हो, मुख्य कुरा संविधानमा लेखाउने हो ।

**कृष्ण जैसी** (**प्रवक्ता, जिविस महासंघ**) : दुई जिल्लामा गरिएको छलफलका क्रममा हामीले राज्यको कुनै तहमा बस्नेको एक खालको बुझाइ र स्थानीय जनतामा चाहिँ प्रान्त बन्दैछ, बीचमा एक तह हुन्छ, यसमा मुख्यमन्त्री हुन्छ रे । उहाँहरूले मुख्यमन्त्री बस्ने कुरोको चासो छैन भन्ने पायौं ।

आफ्नो नजिकमा सेवा र सुविधा पाउने संरचनाका बारेमा छलपल हुनसकेको थिएन, तपाईंहरूले यस्तो छलफल गराउनुभयो, राम्रो हो भन्नुभयो । हामीलाई अधिकारसम्पन्न स्थानीय सरकार चाहिन्छ भन्नुभयो । राज्य पुनर्संरचना आयोग बन्न ढिलो भयो, स्थानीय सरकार कस्तो बन्ने भन्नेमा छलफल हुन सकेन, यो विषय ओझेल पऱ्यो ।

नेता, प्राज्ञिक र प्रशासनिक मानिसको बुझाइ स्थानीय सरकारको कुरो त प्रान्त विभाजनपछि पो गर्ने हो भन्ने देखियो । यो विषय पछिलाई थाती राख्ने काम हुँदैछ, जब कि जनताले नजिकको सरकार खोजिरहेका छन्, स्रोतमा स्थानीय सरकारको पहुँच होला, सबै अधिकार जनताले पाउने होला भन्ने आश गरेका छन् । प्राकृतिक स्रोतमा हिजो केन्द्रको अधिकार थियो अहिले पनि प्रान्तले सबै अधिकार राख्ने र तल केही नहुने, गाउँ सरकार अधिकारसम्पन्न नहुने हो भने फेरि जनतामा वास्तविक अधिकार आउँदैन । नजिकको सरकार अधिकारसम्पन्न साधन-स्रोतसम्पन्न, व्यवस्थित होस् भन्ने खोजेको पाइन्छ । प्रान्त बनेपछि नजिक हुने भो भन्ने उनीहरूको बुझाइ पाइयो ।

उदाहरण लिऔं, कर्णालीजस्ता विकट भेगका सदरमुकाममा सेवा केन्द्र राख्दा धेरै टाढा हुनजान्छ । यस्ता क्षेत्रमा के गर्ने भन्ने कुरा आउँछ । यातायात, सञ्चारका साधन छैनन् । यी कुरामा हामीले प्राविधिक र प्राज्ञिक रूपमा छलफल चलाएका छौं कि छैनौं ? यदि जनताका माझ यो छलफल चलाएका छैनौं भने गल्ती हुन्छ ।

प्रदेश बनेपछि त्यस मताहतका निकाय आफ्नो अनुकूल रहने हुन् कि होइनन् भन्ने कुरा संविधानमा स्पष्ट व्यवस्था हुनुपर्छ । स्रोतको अध्ययन गरेर यो कुरा टुंग्याउनुपर्छ ।

**दीपेन्द्र सिंह** (**तमलोपा**) : यो विषयको छलफल नै एकदम ढिलो भएजस्तो लाग्यो । यी विषय त जनमत संकलनको बेला आउनुपर्थ्यो । सुझाव संकलन समितिले आफ्नो प्रतिवेदन बुझाइसकेपछि यो कुरा आयो । तैपनि यसको उपयोगिता हुनसक्छ । जेठ १४ गते संविधान जारी हुन सकेन भने फेरि सुझाव लिने काम हुन्छ, त्यतिबेला यसको काम आउँछ । कुनै पनि





हालतमा जेठ १४ मा संविधान जारी हुने स्थिति छैन ।

रामेछाप र ओखलढुङ्गाको कुरा सुन्यौं । यो ऱ्यान्डम स्याम्पल मात्र हो । भिडियोमा जसरी जनताको कुरा देखियो, त्यसैगरी रुकुम, रोल्पा, हुम्ला, जुम्ला, मधेस-तराईका कुनै गाउँका जनताको पनि आउनु पर्दछ । यद्यपि मूलभूत कुरा यहाँ आयो, त्यसलाई व्यवस्थित गर्ने कुरामा कहीं-कतै कमजोरी देखिन्छ ।

परिवर्तन आत्मसात् नगर्ने तत्व पनि छन्, नेपालमा । उनीहरू विस्तारै सक्रिय हुँदै गएका छन् । यसले जनआन्दोलनको औचित्य समाप्त पार्ने त होइन भन्ने जनतामा चिन्ता पर्न थालेको छ । संघीयताको नारा सडकबाट आएको थियो, अहिले भने संघीयताविरोधी आवाज बुलन्द बन्दै गएको देखिँदैछ । ज्ञानेन्द्र शाहका विरुद्ध उत्रिएको जनसागरले २५० वर्षदेखिको पीडा अन्त्य नहुने त होइन भन्ने आशंका गर्न थालेका छन् । यो विषयमा देशका ठूला दल मौन रहनुले फेरि पनि संघीय राज्यका लागि संघर्ष गर्नुपर्ने हो कि भन्ने देखिँदैछ, यसको आरम्भ मधेस आन्दोलनबाट भएको छ ।

हामीलाई शंका छ- संविधान समयमै नआउने स्थिति बन्दै जानुमा परिवर्तन नचाहनेले गरेका प्रयासले काम गरेको त होइन ? हामी धेरै विषयमा अड्केका छैनौं, राज्य पुनर्संरचनामा अड्केका हौं । जनतालाई अधिकार दिने कुरामा कसैको दुईमत छैन, खाली परिवर्तन नचाहने तत्वको अवरोध हो ।

तपाईंहरूले लिनुभएका मत आधारभूत जनताका मत हुन् । साधारण जनताको आवाज पनि यस्तै छ । मधेसमा पनि त्यही आवाज छ, खाली फरक कहाँ हुन्छ भने राज्यको पुनर्संरचनामा मेची-महाकालीको भूगोलमा फरक-फरक धारणा छन् । तर, यी सबै ठाउँका जनताको पीडा एउटै छ ।

**सहजीकरण गर्दै** : संविधानको पहिलो मस्यौदा आएपछि जनतामा सुझाव संकलनको लागि जान्छ, त्यतिबेला हाम्रो यो कामले सहयोग गर्नेछ भन्ने सोचेका थियौं । आजबाट ५६ दिन मात्र बाँकी छ, संविधानसभा निरन्तर चलेको भए यो धेरै काम लाग्थ्यो होला । तैपनि हाम्रो प्रयास त्यसै खेर जाँदैन भन्ने विश्वास छ । त्यसैले हाम्रो जनमत संकलन समितिका सभापतिलाई साक्षी राखेर यहाँ प्रस्तुत गरेका हौं ।

अहिले संविधानसभाको मस्यौदा परिमार्जन गर्ने क्रम चलिरहेको छ । उहाँमार्फत यो त्यहाँसम्म पुग्ने आश राखेका छौं र संवैधानिक समितिका सभापतिसँग पनि यो मत राख्ने समय मागेका छौं । भिडियोसहितका सामग्री उहाँसमक्ष प्रस्तुत गर्नेछौं । हामीले गाउँका जनता संघीयताविरोधी पाएनौं । खाली भोलि संघीयतामा जातीयता, धार्मिक कुरा मिसिएर कलह होला, हामीबीचको आपसी सद्भाव खलबलिएला भन्ने चिन्ता मात्र पायौं ।

**कलानिधि देवकोटा** (**नेपाल नगरपालिका संघ**) : अहिले स्थानीय निकाय जनप्रतिनिधिविहीन रहेको अवस्था हो । यो अवस्थामा हामी संविधान बनाउँदैछौं । यो बेला स्थानीय स्वायत्तताको

कुरा जति उठ्नुपर्ने हो, त्यति हुन सक्दैन । स्थानीय जनप्रतिनिधि भएको भए जुन लहर आउँथ्यो त्यो नआएको अवस्था छ । हालै सर्वोच्च अदालतले स्थानीय निकायको चुनाव प्राथमिकतामा नभएको फैसला गरेको छ । अन्तरिम संविधानको धारा १३८ मा राज्यको पुनर्संरचना गर्ने भन्ने व्यवस्था थियो, तर काम ढिलो भएको छ । यो विषयमा विशुद्ध गैर-राजनीतिक बहस हुनुपर्थ्यो ।

नेपालका ५१ प्रतिशत निरक्षर जनताको आवाज प्रतिविम्बित हुने आवाज अहिले भिडियोमा देखियो, यसले पनि पुग्दैन । दुईछाक टन्न खान र शान्तिसँग बाँच्न पाउने स्थिति भए हुन्छ, संविधान जस्तोसुकै लेख्नूस् भनेर पनि हुँदैन । यो वैज्ञानिक हुँदैन ।

यो बहसमा भूगोलविद्, समाजशास्त्री, स्वशासनविद् आदि देखिनुपर्छ । राज्यको पुनर्संरचना एकदम जटिल विषय हो, जनताको सहभागिता/संलग्नता छ भन्ने हो भने जनमतसंग्रहमा गए हुन्छ ।

यहाँ भनिएझैँ तल्लो गाउँ-नगर सरकारको स्वायत्तताको कुरा लिएर जाँदा गम्भीर र जटिल हुनेछ, राज्य पुनर्संरचनाका क्रममा । अहिले कसरी स्थानीय स्वायत्त शासन कायम गर्ने भन्ने बहस हुनुपर्ने थियो । जिल्ला रहने वा नरहने, कस्ता किसिमका संरचना हुने, कत्रो युनिट हुने कतिवटा गाविस हुने, कति वडा हुने भन्ने विशुद्ध गैरराजनीतिक पात्र र विज्ञहरू रहेको आयोगबाटै निष्कर्ष आउनुपर्दछ ।

अहिले तीन तहको सरकारको बहस आएको छ । त्यसभित्र स्वायत्तताको कुरा आएको छ । यो कुरा स्थानीय स्वायत्त शासन ऐनको वकालत गर्नेहरूका लागि चुनौती हो । अबचाहिँ हिजोको जस्तो समस्या रहने स्थिति नरहोस्, विवादका शृंखला नचलून् ।

**विष्णुशंकर पौडेल** (**त्रिभुवन विश्वविद्यालय**) : यहाँ ओझेलमा परेको विषयलाई बहसमा ल्याइयो, जुन राज्यको संरचनाको लागि महत्वपूर्ण छ । अहिले राजनीतिक दल गम्भीर देखिँदैनन् । संघीयताको जग मधेस अन्दोलन हो । तर, स्थानीय शासनका विषयमा एकदमै कम छलफल भएको यो अध्ययनले देखाउँछ । सरकारको उपस्थिति अनिवार्य छ भन्ने पनि देखियो । लोकतान्त्रिक आन्दोलनबाट सम्प्रभु भएका जनता सेवा-सुविधा नजिकै होस् भन्ने चाहन्छन् । नागरिकता बनाउनेजस्ता कार्य घर नजिक होस् भन्ने आवाज सुनियो, यसको मतलव जनता घरनजिकको सरकार चाहन्छन् । यस कुराको प्रतिनिधित्व जनताको प्रतिनिधित्व गर्ने सभासद्ले गर्न सकेका छैनन्, खोलो तर्ने तर लौरो बिर्सने प्रवृत्ति देखियो । यो बहस संविधानसभामा देखाउनुपर्ने हो, त्यहाँ छलफल गराउनुपर्ने हो । तर, ढिलै भए पनि यो प्रयास भएको छ ।

यहाँ आएका मुद्दालाई राज्य पुनर्संरचना आयोगले हेरोस् । जनताले चुन्ने सरकार-केन्द्र, प्रान्त र स्थानीय बनोस् । यिनको अन्तरसम्बन्धको आधार संविधान बनोस् । प्रान्तले स्थानीय सरकारको नीति-नियम बनाउने होइन, व्यवस्थापिका संसद् फेरि अर्को ऐन बनाउनेतिर





नजाओस् । पुनर्संरचना भनिन्छ, त्यसका लागि त स्थानीय स्वायत्त शासन ऐन थियो, अब संविधानमै स्थानीय, प्रान्तीय र केन्द्रीय सरकारको स्पष्ट व्यवस्था होस् । काम बाँडफाँड होस् । स्थानीय सरकारको स्वरूपबारे छलफल होस् । त्यसक्रममा यहाँ प्रस्तुत नमुना एउटा राम्रो मोडल हुनेछ ।

**ऋषिराज लुम्साली** (**अध्यक्ष, जिविस महासंघ**) : जिविस महासंघ, गाविस राष्ट्रिय महासंघ र फ्रिडम फोरमले संयुक्त रूपमा गरेको यो प्रयास कसौडीमा पकाएको भातको एउटा सिता, जुन पाक्यो कि पाकेन भनेर छाम्ने कार्य मात्र हो । यसलाई सबै जनताको आवाज हो भनेर नबुझिदिन आग्रह गर्दछु ।

म अहिले राज्य पुनर्संरचनामा केन्द्रित रहेर कुरा राख्दछु । संविधानसभाका ११ वटा विषयगत समितिमध्ये न्यायिक समितिले चै तोकेर जिल्ला अदालत चाहिन्छ भनेर लेखेको रहेछ । स्थानीय तहलाई स्थानीय सरकार भन्ने कि नभन्ने भन्ने कुरामा साह्रै कन्जुस्याईं गर्ने राज्यको शासकीय स्वरूप निर्धारण समितिले चाहिँ स्थानीय सरकार भन्ने शब्दसम्म प्रयोग गरेको रहेनछ ।

सबैभन्दा ढिलो गरी प्रतिवेदन ल्याएको राज्य पुनर्संरचना समितिको प्रतिवेदनमा हामीले छलफल गर्न सकेनौं । हामीले रामेछाप र ओखलढुङ्गाको अध्ययनमा फोकस गर्न सकेनौं किनभने हामीले काम सुरु गरिसकेका थियौं ।

विशेष संरचनाअन्तर्गत राज्य पुनर्संरचना समितिले स्वायत्त भन्ने शब्द ल्याएको छ, यसबारे संवैधानिक समितिमा पनि स्पष्टसँग कुरा उठ्यो । समितिको प्रतिवेदनमा जिल्ला तह राखिएकै छैन । हामी खाली प्रान्तका बारेमा मात्र छलफल गरिरहेका छौं । गाँठी कुरा के हो भने त्यहाँ एउटा भ्रुणको हत्या भइसकेको छ । प्रदेशअन्तर्गत विशेष संरचना रहन्छ, यसभित्र अल्पसंख्यक जातिको क्षेत्र संरक्षित क्षेत्र, भाषा-जाति र समुदायको स्वायत्त क्षेत्र र त्यहाँ नअटाएका जातिको विशेष क्षेत्र भनेपछि त्यसभित्र सबै संरचना अटाउँछ । भोलि गाउँ र नगर माइक्रोस्कोप लगाएर खोज्नुपर्ने अवस्था आउँछ ।

जनता कि संरक्षित क्षेत्रमा जान्छ कि त स्वायत्त क्षेत्रमा जान चाहन्छ या त विशेष क्षेत्रमा जान चाहन्छ । यो स्थितिमा नगर-गाउँजस्ता क्षेत्रमा को बस्ने भन्ने हुन्छ । यो विषयमा राम्ररी अध्ययन र छलफल भएकै छैन । यसरी जिल्लाको तह हटाएपछि हामी पनि जनमत संग्रहमा जानु पर्‍यो भनेर जिल्लाजिल्लामा जान थाल्यौं । रुखै नभएपछि रुखमा बस्ने बाँदरको के अर्थ भनेर हामीले जनमतसंग्रहको निर्णय लियौं । कतिपय जिल्लामा भएको सर्वपक्षिय छलफलमा एउटा संघ रहने, त्यसभन्दा मुनि प्रदेश हुने, त्यसभन्दा मुनि संरक्षित क्षेत्र हुने, विशेष क्षेत्र हुने, स्वायत्त क्षेत्र हुने त्यसपछि कहीं भूगोल बाँकी रह्यो भने गाउँ राख्न पाउने, नगर पनि राख्न पाउने भन्ने व्यवस्था गरिसकेपछि यी सबैको अन्तरसम्बन्ध प्रदेशसँग हुन्छ भन्ने बुझाइ रहेछ । मधेसवादी दलका नेता, कार्यकर्तामा चाहिँ संघीयता भनेको प्रदेश

बलियो हुनु हो भन्ने रहेछ ।। हामीले यसको आवाज रेकर्ड गरेर राखेका छौँ ।

माथिबाट निर्देशन दिएर यसो भन्नु है भनेका बाहेक अन्य जनताले भने के भने एउटा संरक्षित क्षेत्र, विशेष क्षेत्रको सचिवले एउटा फाइल बोकेर मुख्यमन्त्री अथवा मुख्यसचिव कहाँ जानुपर्‍यो भने त्यो सन्धिनिकटताको सिद्धान्त कसरी भयो ? संघीयता भनेको त बहुलता हो त्यो विचार र संस्कृतिमा बहुलता मात्र होइन, कानुनमा बहुलता पनि हो ।

कानुन जम्मै प्रदेशले बनाउने भनेर लेखिएको छ, नपत्याए राज्य पुनर्संरचना समितिको प्रतिवेदन पल्टाएर हेर्नुस् । त्यो जिविस महासंघले बनाएको होइन, ६०१ जना सभासद्‌मध्ये राज्य पुनर्संरचना समितिमा रहेका सभासद्‌हरूले बनाएको हो । त्यो पास पनि भएको छ, अब कुन तहमा जान्छ, थाहा छैन ।

त्यसमा अधिकारको अनुसूची पनि बनाइएको छ- केन्द्रले यो गर्ने, प्रदेशले यो गर्ने,



*केन्द्रीय छलफलमा सहभागी संविधान सभाका सदस्य, विज्ञहरू*

दुवै मिलेर यो गर्ने, अनि संरक्षित क्षेत्र, स्वायत्त क्षेत्र र विशेष क्षेत्र अनि गाउँ र नगरपालिकाले यो गर्ने भनेर लेखिएको छ । चर्चा नभएको गाँठी कुरा के छ भने सबै साँचो प्रदेशले राखेको छ । कानुन बनाउने सबै अधिकार प्रदेशमा छ ।

अरू अधिकारको कुरा पनि ओभरल्याप छ । तपाईंहरू पनि त्यो प्रतिवेदन पल्टाएर हेर्नुहोला । प्रहरीको व्यवस्थापन कसले गर्ने ? प्रदेशले, गाउँ वा नगरले, संरक्षित क्षेत्रले । नागरिकता र राहदानी कसले दिने ? प्रदेशले, गाउँले, संरक्षित क्षेत्रले । त्यस्तै प्राकृतिक स्रोतको रोयल्टी कसले उठाउने ? प्रदेशले, गाउँले त्यसपछि संरक्षित क्षेत्रले । योभन्दा ठूलो मजाक र विडम्बना के हुन्छ ।

यदि तल्लो तहको सरकारलाई साँच्चै बलियो बनाउन खोजेको हो भने जिल्ला विकास



काठमाडौं : क्षेत्रीय छलफल

समिति महासंघलाई कुनै आपत्ति छैन । तर, कानुन बनाउने ताला साचोचाहिँ प्रदेशले आफ्नो हातमा लिने, अनि तल स्वायत्त भयौँ भनेर को स्वायत्त हुन्छ ? संघीयताभित्रको स्वायत्तता भनेको के हो भने आफ्नो समुदायको सरकार चलाउन त आफूले नियम कानुन बनाउन पाउनुपर्‍यो । तर, यस्ता विवादका कुरा आएका छन् ।

हामीले ४५ जिल्लामध्ये २४ वटामा गरेको छलफलका क्रममा जिल्लामा जिल्लापरिषद्‌ले समन्वयकारी भूमिका वहन गरेको पायौँ । योजना निर्माणको क्रममा, क्षमता अभिवृद्धिको क्रममा, मध्यस्थताको क्रममा यसले समन्वयकारी भूमिका खेलेको छ । यो कुरामा जनमत संकलन समितिका सभापतिको ध्यानाकर्षण गराउन चाहन्छु ।

पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलामा महोत्तरीमा इलाका प्रहरी कार्यालय खोल्दा विवाद भएछ । राजमार्ग छेउमा राख्ने भन्ने थाहा पाएर तलका जनता उठेर हाम्रो इलाकाको सुख-सुविधा खोसेर कहाँ लान्छौ भनेछन् । त्यस्तै, डडेलधुरा जिल्लामा अस्पताल राख्ने विषयमा केही राजनीतिक दलले विवाद गरेपछि उपक्षेत्रीय अस्पताल बनाउने अवस्था सिर्जना भयो ।

यो उदाहरण मात्र हो । अब जिल्ला तह भत्काइदिन्छौँ र त्यहाँका कार्यालयहरू प्रदेश र प्रान्तमा राखिदिन्छौँ भनेर जो-जो विज्ञ, बुद्धिजीवी जिल्लामा जानुहुन्छ तिनलाई जनताले के जवाफ दिन्छन् भन्ने कुराको भेउ हामीले पाइसकेका छौँ ।

जनतालाई अधिकार थप्नोस् तर, भएका अधिकार, सेवा-सुविधा खोस्नुहुन्छ भने त्यसविरुद्ध संघर्ष जनता गर्न तयार हुन्छन् ।

हिजो पनि जिल्ला विकास समिति महासंघको सरकार थिएन किनकि सरकार हुनका लागि तीनवटा अधिकार चाहिन्छ- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । न्यायपालिकाको अधिकार जिविसलाई थिएन । जिल्लापरिषद् पनि प्रत्येक गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षको मतअनुसार चल्थ्यो । परिषद् समन्वयकारी थियो, भोलि पनि यस्तो परिषद् चाहिन्छ भन्ने आवाज उठेको छ ।

जिल्ला विकास समिति महासंघका मानिसलाई फेरि जिल्ला सभापति हुन जाने इच्छा र चाहना छैन । तर, यो विवाद छिटो टुंगियोस् भन्ने हो । तर, अहिले जेठ १४ मा संविधान जारी नभए के हुन्छ भन्ने छ । केही हुँदैन, हामी नेपाली नेपाली नै रहन्छौँ, भारतीय हुँदैनौँ । यो कुरामा पनि छलफल सुरु भइसकेको छ ।

**वीरसिंह ठकुरी (रोल्पा, राजपा )** : संघीयताबारे धेरै कुरा उठे । संघीयताको विरोध गरिएको भन्ने कुरा आएको छ । मलाई के लाग्छ भने यो देशका सबै जात-जातिले राज्यबाट पाउने अवसर र सुविधा पाऊन्, कमी नहोस् भन्ने हो, कसैले अवसरबाट वञ्चित हुन नपरोस् भन्ने सबैको धारणा हो । केही राजनीतिक दलले संघीयतालाई जातीय मुक्तिसँग जोडेर हेरेका छन् । यहाँ जातीय शोषण छ, विभेद छ, अन्याय छ- त्यसबाट मुक्ति पाउन संघीयता चाहिन्छ

भन्ने कुरा आएको छ ।

यहाँ आएका कुराले पनि विभिन्न ठाउँको प्रतिनिधित्व गर्छ । छिरिङ लामाले हिमालको प्रतिनिधित्व गर्नुहुन्छ, डा. चौधरीले तराईको प्रतिनिधित्व गर्नुहुन्छ । संघीयता भनेको त राज्यबाट जनताले अवसर र सुविधा पाउनका लागि हो । इतिहासमा भएका शोषण र अन्यायको विरोधमा संघीयता चाहिन्छ भनेर बुझाइएएको छ । तर, संघीयता स्थानीय निकायमा, नेपालका प्रत्येक जाति-क्षेत्रहरूमा अधिकार पुऱ्याउन हो ।

**भरतबहादुर खड्का (केन्द्रीय सदस्य, जिविस महासंघ)** : आन्दोलनमा धेरैले सहादत प्राप्त गरेर यो उपलब्धि हासिल गरेका हौँ । पहिला त हामीले लोकतान्त्रिक संविधान निर्माण र राज्यको पुनर्संरचनामा गइरहेका छौँ । यो बेला व्यक्तिको स्वतन्त्रताको संवैधानिक ग्यारन्टी गरिनुपर्दछ भन्ने कुरालाई जोड दिनुपर्दछ । राज्यको पुनर्संरचना गर्ने भनेको शासकीय स्वरूप र तहगत निर्धारणमात्र होइन, दूरदराजमा रहेका ग्रामीण जनताको आर्थिक, सामाजिक रुपान्तरणलाई ध्यान दिनु हो । यसका लागि स्थानीय सरकार एउटा जिम्मेवार निकाय हो । स्थानीय सरकारको संवैधानिक व्यवस्था हुनुपर्दछ । तर, तहको रूपमा नभई संघको इकाइको रूपमा । अहिले राज्य पुनर्संरचना समितिले तहगत रूपमा राखेको छ । प्रदेशको कानुन मातहत राख्ने हो भने स्थानीय सरकार अहिलेको भन्दा कमजोर हुन्छ ।

हामी अहिले पनि स्वायत्तता र विकेन्द्रीकरणलाई व्यवहारमा लागू गर्न हिच्किचाइरहेका छौँ । नयाँ नेपालको कल्पना स्थानीय सरकारलाई मजबुत, अधिकारसम्पन्न र संवैधानिक रूपमा स्वायत्तता दिने गरी हुनुपर्दछ ।

संविधानसभाको समितिले पेस गरेको प्रतिवेदनमा उल्लेखित कतिपय कुरा प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत छन्, तिनलाई गम्भीर रूपमा लिनुपर्दछ । स्थानीय निकायलाई संवैधानिक स्वरूप दिऔं ।

संघीयताका विरुद्धमा कोही छैनन्, खाली जनमोर्चा होला । जनताको चासो र चिन्ताचाहिँ संघीयतालाई नेपालको परिवेशमा कसरी व्यवस्थापन गरिन्छ भन्नेमा रहेको छ । यो कुरामा विवेक पुऱ्याइयोस् ।

**डा.रवीन्द्र शाक्य** : नेपालीको प्रवृत्ति नै भन्ने एउटा र गर्ने अर्को हो । तर, यहाँ मैले भनाइमै विविधता पाएँ । पहिला त भनाइमा एकरूपता हुनुपर्छ । जे-जति बुँदामा सहमति हुनसकेको छैन तिनको सूची बनाऔं । संघीयता, राज्य संरचनालगायतका विषयमा स्पष्ट परिभाषा आउनुपर्दछ भनेर सम्बन्धित ठाउँमा भनौं । तपाईंहरूले गरेको काममा धेरै मेहनेत परेको छ । यहाँ आएका कुराहरू सबै स्वागतयोग्य छन्, यसलाई सबै ठाउँमा पठाऔं । संविधान निर्माणका क्रममा यसलाई समेट्नुपर्दछ ।

**सहजीकरण गर्दै** : हामीले मध्यस्थकर्ताको रूपमा यो काम गरेका हौं । संविधानसभामा जनताको कुरा पुगुन् भनेर नै यहाँ जनमत संकलन समितिका सभापतिलाई बोलाएका हौं ।





यी आवाज जस्ताको त्यस्तै उहाँलाई दिनेछौं । कुन आवाज आवश्यक छ कुन छैन भन्नेचाहिँ उहाँहरूले मनन गर्ने कुरा हो ।

**दीपबहादुर शाही (केन्द्रीय सदस्य, जिविस महासंघ)** : राज्य पुनर्संरचनासम्बन्धी छलफल हुनु राम्रो कुरा हो । केन्द्रस्तर, प्रान्त, नगरपालिका, गाविस आदिको मस्यौदा बाहिर आएको अवस्था छ । तर, जिल्ला तह राखिएन, के जिल्ला तह राख्दा जनतालाई दुःख हुन्छ ? मैले बुझिनँ ।

हाम्रा कतिपय गाविसबाट सदरमुकाममा जान ३/४ दिन लाग्छ । हुम्ला र जुम्लामा पाँच दिन लाग्छ । हिमाली जिल्लामा त कति लाग्छ कति ? नागरिकता दिने जस्ता अधिकार गाउँ, नगरपालिकामा दिने भनेर भोलि गाउँले जानेन भनेर प्रान्तमा ल्याइने हो कि ? फिर्ता हुने गरी अधिकार दिइनुहुँदैन । कतै जसले जे चाह्यो त्यही हुने त होइन भन्ने आशंका छ ।

फेरि जिल्ला तह चाहिन्छ, बरु नाम जे होस् । जिल्ला तह नराखी राज्य पुनर्संरचना गरिए जनतालाई सुख-सुविधा दिने काम पूर्ण हुँदैन । भोलि कर्णालीको सदरमुकाम जुम्ला वा सुर्खेतमा होला, के भोलि १० दिन हिँडेर जाने ? तसर्थ स्थानीय निकायलाई स्वायत्त बनाऔं । सबै कार्य गर्ने अधिकार दिऔं । केन्द्रको भूमिका आफ्नै हुन्छ, तर समन्वयका लागि जिल्ला तह चाहिन्छ । बाटोघाटो, कुलोको विवाद मिलाउन पनि जिल्ला तह चाहिन्छ ।

संघीयताको कुरा आएको छ, जातीय आधारमा जानुहुँदैन । बरु क्षेत्रीय अथवा भूगोलका आधारमा जान सकिन्छ, यसमा विवाद हुँदैन । १०३ जातिको छुट्टाछुट्टै राज्य कसरी थाम्ने र चलाउने भन्ने कुरा पनि आउँछ ।

**बिना पोखरेल (सभासद्, नेपाली कांग्रेस)** : जनमत संकलनमा हामी गाउँमा जाँदा जनताले धेरै नबुझेर सोचेजस्तो कुरा संविधानमा नआउला भन्ने सोचे । हामीले जनतालाई यहाँ लेखिएका भन्नुहोला, बाँकी केही छन् भने खाली कागजमा लेखेर दिनुहोला भनेका थियौं । ती कुरा समितिमा राख्नेछौं र फेरि तपाईंहरूसामु आउनेछौं भन्ने वाचा गरेका थियौं । जनताले भनेका कुरा समेटिएन भने हामी फेरि फर्केर जान सक्दैनौं ।

अहिले स्थानीय निकाय नहुँदा सजिलै भष्टचार हुने गरेको पाइएको छ । २/४ जना दलका मानिस मिलेर योजना बनाएर पास गर्ने अनि खाने गर्दा जति बजेट आए पनि स्थानीय निकायको हालत सधैं उस्तै । यो पहाडको मात्र समस्या होइन, तराईतिर पनि त्यस्तै भएको पाइयो । आज मात्र होइन, भोलि पनि यस्ता समस्या रहन्छन् । यसबारे केही सोच्न आग्रह गर्दछु ।

**राधा ज्ञवाली (सभासद्, नेकपा एमाले)** : विकट क्षेत्रबाट संकलन गरेका जनमत हामीलाई दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । हिजोको व्यवस्था केन्द्रीकृत थियो, त्यहाँ जनताका आवाज र पहुँच नपुगेकाले अहिले पुनर्संरचना गर्नुपरेको हो । जनताको पहुँचका लागि राज्यको अधिकार तीन तह संघीय, प्रान्त र स्थानीयमा राख्न खोजिएको हो । शासन

प्रणालीमा जनताको पहुँच पुऱ्याउने लक्ष्यका साथ संघीय राज्यमा जाने निर्णय भएको हो ।

अहिले केन्द्र र प्रान्तबारे मात्र चर्चा भएको म मान्दछु । मचाहिँ स्थानीय संरचनाको कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकार संविधानमा स्पष्ट हुनुपर्दछ भन्नेमा लाग्दछु । पार्टीगत रूपमा पनि स्थानीय निकायलाई दिने अधिकारबारे बहस गर्नेछु ।

यो प्रान्तको मात्र कुरा होइन, भोलि स्थानीय निकायलाई के कति अधिकार हुने भन्ने कुरा अहिले नै किटान गरिनुपर्दछ । यहाँ विशेष संरचनाको कुरा पनि आयो, यसलाई प्रान्तअन्तर्गत राख्नुपर्छ भन्ने हाम्रो माग हो ।

सहभागिताको सवालमा समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ । राज्यमा पहिचान, प्रतिनिधित्व, समान अवसर र अधिकार नेपाली जनताले खोजिरहेका छन् । अहिले जातीय कुरा मात्र गएको हो कि जस्तो लाग्छ । जातीय र सामर्थ्य मात्र सबै आधार होइन । राज्य व्यवस्थामा जातीय, भाषिक, क्षेत्रीय, भौगोलिकतालाई समेटिनुपर्छ ।

अहिलेसम्म तराईका जनतालाई एउटा सामाजिक भावनाले नहेरेर धोती भनेर हेला गरिएकै हो । हिजो हामीले त्यहाँका जनतालाई सम्मान दिन सकेनौं । विकट, समाजमा पिछडिएका अझ महिला त धेरै पछाडि छन् । यहाँ जन्मजात विशेषाधिकार दिनुहुँदैन भन्ने कुरा आएको छ, तर त्यो नदिँदा पनि हिजोदेखि हेपिएका महिला-दलितको भिन्नै विशेष क्षेत्र बनाउन सम्भव हुँदैन । संघीय राज्यमा विशेष अधिकार नदिए उनीहरू सधैं पछाडि रहने निश्चित छ । तसर्थ, विशेष अधिकार दिइनुपर्दछ ।

यहाँ स्थानीय संरचनाको कुरा आयो, यो अहिले ठप्प छ । जातीय पहिचानको कुरा गर्दा सबै विविधतालाई स्वीकार्नुपर्दछ, यही नै हाम्रो पहिचान हो । जातीय पहिचानलाई सम्बोधन गरिएन भने फेरि समस्या आउँछ । स्थानीय निकायले स्वायत्तताको अधिकार पाउनुपर्दछ । कर्मचारी, सुरक्षा, अन्य कुरामा स्थानीय अधिकार हुनुपर्दछ, यो कुरा संविधानमा लेख्नेछौं । यहाँ प्राप्त सुझावलाई हामी मनन गर्नेछौं ।

**सहजीकरण गर्दै** : यहाँ आएका सबै जनताका प्रतिनिधि आवाज हुन् । सभासद्हरूको कुरा सुनेपछि के लाग्यो भने कि त यहाँहरूले जनतालाई राम्रोसँग बुझाउन सक्नुभएको छैन कि जनता अन्योलमा छन् ।

**डा. विष्णुदत्त उप्रेती (द्वन्द्वविज्ञ)** : विगतमा गल्ती भयो, अब पनि त्यसैगरी जान्छौं भनियो भने जटिलता आउँछ । यो भोलिको द्वन्द्वको स्रोत हुनसक्छ । तसर्थ, जनताको भावनाको कदर हुने गरी संविधान बनाइयोस् ।

**प्रमोद गुप्ता (सभापति, जनमत संकलन समिति)** : मैले यहाँ कुनै टीकाटिप्पणी गर्न आवश्यक छैन । हामी संविधान निर्माणको चरणमा छौं, जनताको आवाज सुनिनुपर्दछ । यहाँ दुई जिल्लाको आवाज आएको छ । मलाई लाग्छ, अरू जिल्लाका जनताको पनि यही प्रकृतिका आवाज छन् । हामी जनमत संकलन गर्न जाँदा पनि यस्तै कुरा आएका थिए ।





जनताका आवाजमा प्रस्तुति र विषयवस्तु फरक होलान् । तर, बिहानदेखि बेलुकीसम्म सबै जनताको आवश्यकता एउटै हुन्छ, त्यसैले सबैका विचार र आवश्यकता एकैथरीका छन् भन्ने लाग्छ ।

यहाँ प्रस्तुत आवाज लिन गाउँगाउँ जानेहरूले जनताको कति गाली खानुभयो होला किनकि सोध्न जानेहरूलाई नै अधिकार दिने यिनै हुन् भन्ने जनताले ठान्छन् र आफ्ना कुरा राख्दछन् । संघीयता लगायतका अन्य यहाँ आएका कुरा सबै सान्दर्भिक छन् । मननयोग्य छन् । यहाँ प्रस्तुत जनमत ठीक समयमा आएको छ । प्रथम मस्यौदामाथिको जनमत संकलन गरिएकाले ढिलो भएको होइन ।

हामीले मस्यौदामाथि जनमत संकलन गरेर फर्कने बेला भए पनि प्राविधिक कारणले हुन सकेन, यसको दोषी म पनि हुँ । *संविधानसभाका समितिहरूलाई जनमत संकलनका लागि ५० दिन दिइएको छ, जब कि सबै जिल्ला र गाउँ जाने हो भने २३ महिना लाग्छ । त्यसैले यो कार्य कसरी गर्ने भन्ने चिन्ता छँदैछ । मैले एक दिन मात्रै काम गर्न पाएँ भने तपाईंहरूका आवाजलाई समेट्नेछु ।* जनताको नजिक रहने गाविस, जिविस महासंघलगायतका संघसंस्थाले संकलन गरेको यो जनमतले जनताको वास्तविक आवाज आउँछ भन्ने मेरो विश्वास हो ।



*केन्द्रीय छलफलमा बोल्दै जनमत संकलन समितिका सभापति प्रमोद गुप्ता*

हामीले आन्दोलन गरेर संघीयतामा जाने स्थिति बनायौं । अब स्थानीय निकायलाई पनि स्वायत्तता दिइनुपर्दछ भन्ने मेरो मत हो ।

**महिन लिम्बू (अध्यक्ष, गाविस राष्ट्रिय महासंघ)** : राज्य पुनर्संरचना र स्थानीय स्वायत्तताबारे हामीले संकलन गरेका जनमत पर्याप्त छैनन् भन्ने लाग्दछ । हामी कम्तीमा पाँचवटै विकास क्षेत्रमा जानुपर्दथ्यो । हामीबाट केही कमी-कमजोरी भएकै होलान् भन्ने

लाग्दछ ।

हामीले यहाँ ल्याएर जनताका भावना पोखिदिएका छौँ । यो कार्यक्रमका प्रमुख अतिथिले यहाँ जनाउनुभएको प्रतिबद्धतापछि हामी जनताको भावना कदर हुन्छ भन्ने विश्वासमा पुगेका छौँ । हामी जनताका सुझाव सम्बन्धित ठाउँमा पुऱ्याउनेछौँ । संविधान बनोस् भन्ने जनताको चाहना र अपेक्षा हो, पूरा होला भन्ने आशा राखेका छौँ ।

केन्द्रीकृत शासनबाट संघीय राज्यमा जाने कुरा छ । हामीले उठाउँदै आएको स्थानीय स्वायत्त शासनको कुरा ओझेल पर्न थालेको महसुस भएको छ । किन हामी संघीय राज्यमा जाँदैछौँ भनेर पृष्ठभूमि हेर्ने हो भने केन्द्रीकृत शासन प्रणालीले सबै जनतालाई समेट्न नसकेकाले हो । अहिले के देखिएको छ भने संघीय राज्यको चर्चा त हुन्छ, तर स्थानीय सरकारका बारेमा कहीँ-कतै चर्चा भएको हामी पाउँदैनौँ । फेरि पनि स्थानीय जनताको केन्द्रीकृत राज्यमा भए/पाएका अधिकार पनि खोसिने हुन् कि भन्ने डर छ ।

राज्य पुनर्संरचना समितिले बुझाएको प्रतिवेदनमा प्रदेशको कानुनअन्तर्गत स्थानीय निकाय राख्ने कुरा आएको छ । हामी स्थानीय सरकार भनिरहेका छौँ तर त्यहाँ त्यो कुरालाई स्वीकार गरेको पाइँदैन । अन्तरिम संविधानमा प्रष्ट व्यवस्था छ- तीनवटा तह हुनेछ । संघ, प्रदेश र स्थानीय सरकार भनेपछि किन स्थानीय सरकारलाई प्रदेशअन्तर्गत राख्ने ? यसो गरिए स्थानीय सरकार काम गर्नै नसक्ने खालको हुन्छ ।

आज गाविसमा सचिव छैनन्, खुलेआम भ्रष्टाचार हुँदा बोल्ने कोही छैन । अहिले नै संविधानमा प्रष्ट व्यवस्था गर्न नसकिए भोलि जनता झन् समस्या र अन्योलमा पर्नेछन् । तसर्थ, संविधानमा स्पष्ट रूपमा एकमा संघ, दुईमा प्रदेश, तीनमा स्थानीय सरकार भन्ने ग्यारेन्टी गरिनुपर्दछ । जनताका आवाज संविधानसभासम्म पुगोस् ।

◆◆◆